# मोहनबहादुर मल्लका उपन्यासमा प्रजाति, पर्यावरण र क्षण

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत

नेपाली विषयमा विद्यावारिधि उपाधिका निम्ति

प्रस्तुत

## शोधप्रबन्ध

**शोधकर्ता**

आनन्दराज सिलवाल

त्रिभुवन विश्वविद्याल

विद्यावारिधि द.नं. ३०९, रोल नं. ५९/०७२

त्रि.वि.द.नं. ४१६९०/सन् १९८८

२०८२

# सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयमा विद्यावारिधि उपाधि हासिल गर्ने प्रयोजनका निम्ति श्री आनन्दराज सिलवालले *मोहनबहादुर मल्लका उपन्यासमा प्रजाति, पर्यावरण र क्षण* शीर्षकको प्रस्तुत विद्यावारिधि शोधप्रबन्ध हाम्रा निर्देशनमा परिश्रमपूर्वक मौलिक रूपमा तयार गर्नु भएको हो । साहित्यको समाजशास्त्रीय सैद्धान्तिक मान्यता प्रजाति, पर्यावरण र क्षणका आधारमा मल्लका उपन्यासको विश्लेषण र मूल्याङ्कन तथ्यसम्मत ढङ्गबाट गरिएकाले प्राज्ञिक महत्त्व रहनु प्रस्तुत शोधकार्यको उल्लेखनीय प्राप्ति हो । विज्ञहरूबाट आएका सुझाबको परिश्रमपूर्वक आवश्यक परिष्कार एवम् परिमार्जन गरेर तयार गरिएको शोधकर्ता सिलवालको प्रस्तुत शोधकार्यबाट हामी सन्तुष्ट छौँ र यसको आवश्यक मूल्याङ्कनका लागि मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डीनको कार्यालय, अनुसन्धान समितिसमक्ष सिफारिस गर्दछौँ ।

प्रा.डा. देवीप्रसाद गौतम

शोधनिर्देशक

सहप्रा.डा. दुर्गाबहादुर घर्ती

सहशोधनिर्देशक

मिति २०८२/०२/०८

# प्रतिबद्धतापत्र

*मोहनबहादुर मल्लका उपन्यासमा प्रजाति, पर्यावरण र क्षण* शीर्षकको प्रस्तुत शोधप्रबन्ध मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय डीनको कार्यालय अनुसन्धान समितिअन्तर्गत नेपाली विषयमा विद्यावारिधि तहको उपाधि प्राप्त गर्ने सन्दर्भमा तयार पारेको छु । मैले प्रस्तुत शोधकार्य शोधनिर्देशक आदरणीय गुरु प्रा.डा. देवीप्रसाद गौतमज्यू तथा सहशोधनिर्देक आदरणीय गुरु सहप्रा.डा. दुर्गाबहादुर घर्तीज्यूको कुशल निर्देशनमा सम्पन्न गरेको छु । प्रस्तुत शोधकार्य सम्पन्न गर्ने सिलसिलामा मैले धेरै स्रोतबाट आवश्यक सामग्री सङ्कलन, अध्ययन र विश्लेषण गरेको छु । मैले अनुसन्धानसम्बन्धी प्रचलित मान्यता, प्राज्ञिक नीति, मर्यादा र नैतिकताको ख्याल गरी अनुसन्धान पद्धतिभित्र रही प्रस्तुत शोधकार्य सम्पन्न गरेको छु । मैले आगामी दिनमा पनि यस्ता प्राज्ञिक कार्य सम्पादन गर्दा अनुसन्धानसम्बन्धी उचित मर्यादाको पूर्ण रूपमा पालना गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

आनन्दराज सिलवाल

शोधकर्ता

मिति २०८२/०२/०८

# कृतज्ञताज्ञापन

*मोहनबहादुर मल्लका उपन्यासमा प्रजाति, पर्यावरण र क्षण* शीर्षकको विद्यावारिधि शोधप्रबन्धमा शोधनिर्देशकको भूमिकामा रहनुभएका आदरणीय गुरु प्रा.डा. देवीप्रसाद गौतमज्यूको कुशल निर्देशनमा तयार पारिएको हो । प्रस्तुत शोधकार्य तयार पार्नका लागि विद्वान् गुरुको उचित पथप्रदर्शन एवम् दिग्दर्शन महत्त्वपूर्ण रहेको छ । उहाँको सुझावबाट प्रस्तुत शोधकार्य यस चरणमा प्रवेश गरेको हो । उहाँले आफ्नो अमूल्य समय मलाई उपलब्ध गराएर प्रस्तुत शोधकार्यलाई पूर्णता दिन सम्भव तुल्याइदिनु भएकामा हृदयदेखि नै आभार प्रकट गर्दै उहाँप्रति म हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

प्रस्तुत शोधकार्यमा सहशोधनिर्देशकको भूमिकामा रहनुभएका आदरणीय गुरु सहप्रा.डा. दुर्गाबहादुर घर्तीज्यूको कुशल निर्देशनको महत्त्वपूर्ण योगदान रहेको छ । प्रस्तुत शोधप्रबन्ध तयार पार्ने सन्दर्भमा उहाँले मलाई आधुनिक चिन्तन र प्रविधिसहितको मार्गनिर्देशन प्रदान गर्नु भएको छ । उहाँले आफ्नो अमूल्य समय मलाई दिएर प्रस्तुत शोधकार्यलाई पूर्णताको चरणमा ल्याइदिनु भएकाले उहाँप्रति म हार्दिक आभार एवम् कृतज्ञताज्ञापन गर्दछु ।

प्रस्तुत शोधप्रबन्ध तयार गर्ने सन्दर्भमा आफ्नो अमूल्य सल्लाह दिई उत्प्रेरित गर्नुहुने त्रिभुवन विश्वविद्यालयका शिक्षाध्यक्ष प्रा.डा. खड्ग के.सी., मानविकी तथा सामाजिक शास्त्र सङ्कायका डीन प्रा.डा. दुवीनन्द ढकाल, सहायक डीन खोमराज खरेल, नेपाली केन्द्रीय विभाग प्रमुख प्रा.डा. कृष्णप्रसाद न्यौपाने, प्रा.डा. दयाराम श्रेष्ठ, प्रा.डा. कृष्णहरि बराल, प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल, प्रा.डा. लक्ष्मणप्रसाद गौतम, राजकुमार पोखरेल, प्रा.डा. रामप्रसाद उपाध्याय, प्रा.डा. दिनबहादुर थापा, प्रा.डा. षडानन्द पौड्याल, सहप्रा.डा. गोविन्दप्रसाद शर्मा, क्याम्पस प्रमुख सहप्रा.डा. सुदर्शन सिलवाल, उपप्रा. उदयचन्द्र चपाईं, उपप्रा. गणेशप्रसाद शर्मा, उपप्रा. गोविन्दराज गौतम, उपप्रा. शारदा खनाल, उपप्रा. हरिप्रसाद पाण्डेयलगायतमा म हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

प्रस्तुत अध्ययनमार्गमा मलाई मायाभावका साथ प्रोत्साहन गर्नुहुने पूजनीय पिता स्व. छत्रराज सिलवाल तथा माता दुर्गाकुमारी सिलवालप्रति म कृतज्ञता व्यक्त गर्दछु । मैले

विद्यावारिधि थालनीदेखि हालसम्म सम्पूर्ण घरायसी जिम्मेवारी लिएर सहयोग गर्ने श्रीमती सुनिता सिलवालप्रति हृदयदेखि नै धन्यवाद प्रकट गर्दछु । प्रस्तुत अध्ययन कार्यमा महत्त्वपूर्ण सहयोग गर्नुहुने भाइहरू नेत्रराज सिलवाल, हरिप्रसाद सिलवाल, मदनराज सिलवाल, बहिनीज्वाइँ काजी र शकुन्तला पाठक, छोरीज्वाइँ सुरेन्द्र र सम्झना रेग्मी, छोराबुहारी डा. सुनिल र डा. अस्मिता सिलवाल, सुगम सिलवाललगायत सम्पूर्ण सहयोगी मनप्रति हार्दिक आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधप्रबन्ध तयार गर्ने सन्दर्भमा मेरो प्रारम्भिक चरणका सहशोधनिर्देशक आदरणीय गुरु प्रा.डा. ताराकान्त पाण्डेयज्यूलाई स्मरण गर्न चाहन्छु । उहाँको असामयिक निधनले उत्पन्न पीडाबोधबाट आफूलाई समाल्दै म उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । यसै सन्दर्भमा सर्जक मोहनबहादुर मल्ललाई स्मरण गर्न चाहन्छु । प्रस्तुत क्षणमा स्व.मल्लप्रति हार्दिक श्रद्धासुमन अपर्ण गर्दछु । प्रस्तुत शोधकार्यका लागि प्राथमिक सामग्री उपन्यासहरू उपलब्ध गराई सहयोग गर्नु हुने मल्लका परिवारजनप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोधप्रबन्ध तयार पार्ने सन्दर्भमा आवश्यक सामग्री उपलब्ध गराइदिने त्रि.वि. केन्द्रीय पुस्तकालय, ने.सं.वि. पुस्तकालय, मदन पुस्तकालय, भृकुटी पुस्तकालय, नेपाल भारत पुस्तकालय, नेपाल प्रज्ञा प्रतिष्ठान, धवलागिरि बहुमुखी क्याम्पस पुस्तकालय, विद्यामन्दिर पुस्तकालय, धवलागिरि साहित्य प्रतिष्ठान, रत्नश्रेष्ठ पुरस्कार गुठी, मोहनबहादुर मल्ल साहित्य प्रतिष्ठान, गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालय, पर्वत साहित्य सङ्गमप्रति म हार्दिक आभार प्रकट गर्दछु ।

अन्त्यमा प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डीनको कार्यालयमा पेस गर्दछु ।

आनन्दराज सिलवाल

शोधकर्ता

मिति : २०८२/०२/०८

# शोधसार

साहित्यको समाजशास्त्रीय सैद्धान्तिक मान्यता प्रजाति, पर्यावरण र क्षणलाई आधार बनाएर मोहनबहादुर मल्ल (१९६८-२०३५) का उपन्यासको अध्ययन गर्नु यस शोधप्रबन्धको मुख्य विषय क्षेत्र हो । मल्ल साहित्य र साहित्यइतर बहुविधाका सर्जक भए पनि उनको सर्वाधिक सफलता उपन्यास विधामा रहेको छ । उपन्यास सौन्दर्ययुक्त र मनोरञ्जनपूर्ण आख्यानात्मक साहित्यिक विधा हो । यसमा अन्तर्निहित शिल्पपक्षको कलात्मक अनुभवबाट पाठकले जीवनमार्ग प्राप्त गर्दछ । यही विधामा मल्लका *उजेली छायामा* (२००८), *मायारानी* (२००९), *पञ्चायत* (२०१०), *समयको हुरी* (२०१५), *भुमरी* (२०१६), *बहादुर नजर* (२०३६), *जेली* (२०३९) र *रामछायाँ* (२०६२) गरी आठओटा सामाजिक तथा ऐतिहासिक यथार्थमा आधारित उपन्यासहरू प्रकाशित भएका छन् । तिनमा नेपाली समाजको सजीव चित्रण गरिएको छ । मल्लका उपन्यासमा समाजका सबै जातजातिले भोगेका शोषण, दमन, उत्पीडनजस्ता सामाजिक समस्यालाई प्रस्तुत गरिएको छ । तिनमा राष्ट्रप्रतिको माया, नारीवेदना र सामाजिक सुधारको चेतना प्रकट भएको पाइन्छ । मल्लका उपन्यासमा नेपाली समाजमा विद्यमान जातीय, लैङ्गिक र वर्गीय विभेद आएका छन् । उनका उपन्यासमा प्रजाति, पर्यावरण र क्षणअन्तर्गतका मान्यता घटित भएका छन् । मल्लका उपन्यासको यिनै मान्यतामा केन्द्रित भई शोधकार्य भएको छैन । उनका उपन्यास प्रजाति, पर्यावरण र क्षणका दृष्टिले यो क्षेत्र रिक्त रहेको छ । यसर्थ निर्दिष्ट रिक्तताको परिपूर्ति गर्नका लागि प्रस्तुत शोधकार्य गरिएको छ ।

प्रस्तुत शोधकार्यमा सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यद्वारा गरिएको छ । यस शोधकार्यका लागि प्राथमिक सामग्रीका रूपमा मल्लका प्रकाशित आठओटै उपन्यासलाई लिइएको छ । प्रजाति, पर्यावरण र क्षणसँग सम्बन्धित सैद्धान्तिक सामग्री र प्रायोगिक पूर्वकार्यका सामग्री तथा मल्लका बारेमा गरिएका समालोचनालाई यस शोधकार्यका लागि द्वितीयक सामग्रीका रूपमा प्रयोग गरिएको छ । प्रस्तुत शोधकार्य गुणात्मक पद्धतिमा आधारित छ । यसमा सामग्रीको विश्लेषण पाठमा आधारित विषयवस्तु विश्लेषणविधिमा केन्द्रित गरिएको छ । हिप्पोलाइट एडल्फ तेन (सन् १८२८-१८९३) ले *हिस्ट्री अफ इङ्गलिस लिटरेचर* कृतिको भूमिकामा प्रजाति, पर्यावरण र क्षणसम्बन्धी सैद्धान्तिक मान्यता प्रस्तुत गरेका छन् । प्रस्तुत सैद्धान्तिक मान्यतामा प्रजातिलाई वंशानुगत गुण, पर्यावरणलाई प्रजातिमा प्रभावित पार्ने तत्त्व र क्षणलाई युगचेतनाका रुपमा लिइएको छ । यिनै मान्यताका

आधारमा प्रजातिगत वैशिष्ट्य र मानसिकता, प्राकृतिक र सामाजिक पर्यावरण, क्षणगत युगसन्दर्भ र युगचेतना, प्रजाति र पर्यावरण तथा प्रजाति र क्षणगत अन्तःसम्बन्धलाई सूचकका रूपमा लिइएको छ ।

मल्लका उपन्यासमा प्रजातिगत पात्रका वंशाणुगत गुण, शारीरिक बनावट र स्वभाव प्रकट भएका छन् । उनका उपन्यासमा प्रजातिगत पात्रका बाह्य र आन्तरिक मनोभावगत सामूहिक वैशिष्ट्य र मानसिकता व्यक्त भएका छन् । उनका उपन्यासमा सृष्टिजगत्का प्रकृतिप्रदत्त भूगोल र जलवायु आएका छन् । मल्लका उपन्यासमा आएका यस्ता स्थान, खोला, नदीआदिको चित्रणमा प्राकृतिक पर्यावरण प्रकट भएका छन् । उनका उपन्यासमा ग्रामीण तथा सहरिया स्थानगत तराई, पहाड र हिमाली चित्रणमा प्राकृतिक पर्यावरण प्रकट भएका छन् । मल्लका उपन्यासमा आएका प्रजातिगत पात्रका रहनसहन, व्यवहार र कार्यशैलीमा सामाजिक पर्यावरण प्रकट भएका छन् । उनका उपन्यासमा मानवनिर्मित संरचना र संस्कृतिलाई सामाजिक पर्यावरणका रूपका उपयोग गरिएको छ । समय, स्थान र समाजका मुद्दा उनका उपन्यासमा सशक्त रूपमा उठाइएको छ । उपन्यासमा मानवनिर्मित संरचनाले पात्रको व्यवहारमा गहिरो प्रभाव पारेको छ । मल्लका उपन्यासमा राणा, पञ्चायत र प्रजातन्त्र कालखण्डका घटना युगसन्दर्भ र युगचेतनाका रूपमा आएका छन् । उनका उपन्यासमा नेपाली वीरता, राणाशासन अन्त्य, निशस्त्रक्रान्ति र नेपाल एकीकरणका घटना युगसन्दर्भ र युगचेतनाका रूपमा प्रकट भएका छन् ।

मल्लका उपन्यासमा प्रजातिगत पात्रमा मायाभाव, जीवनशैली, मातृत्व, सामूहिक एकता, बाह्य रूपाकृति र आन्तरिक मनोभावगत सामूहिक मानसिकतामा अन्तःसम्बन्ध प्रस्तुत भएको छ । उनका उपन्यासमा साम्राज्यवादी चेतनाका बिरुद्ध वीरताको चेतना र विकृतिप्रति सामूहिक प्रतिकारको चेतना प्रकट गरिएको छ । उनका उपन्यासमा नेपाली समाजमा विद्यमान भेदभावपूर्ण सामन्तवादी शासनको अन्त्य र जनमुखी शासनको स्थापना अपरिहार्य रहेको चेतना प्रखर बनेका छन् । उनका उपन्यासमा वस्तुअनुरूपका आर्य र अनार्य प्रजातिका पात्र, मिल्दो पर्यावरण र समय सान्दर्भिक क्षण तथा तिनमा अन्तःसम्बन्ध देखिन्छ । उनका उपन्यासमा आर्य र अनार्य प्रजातिका पात्रगत वैशिष्ट्य र मानसिकता, प्राकृतिक र सामाजिक पर्यावरण तथा युगसन्दर्भ र युगचेतना राणा, पञ्चायत र प्रजातन्त्र कालखण्डसँग सम्बद्ध रहेका छन् । यसर्थ प्रजाति, पर्यावरण र क्षणगत मान्यता र तिनका बिचको अन्तःसम्बन्धका दृष्टिले मल्लका उपन्यास प्रभावकारी छन् । प्रस्तुत शोधकार्य

मल्लका उपन्यासमा केन्द्रित भए पनि यही ढाँचामा आधारित भई अन्य साहित्यिक कृतिको अध्ययनमा उपयोगी हुने देखिन्छ । यही नै प्रस्तुत शोधकार्यको नवीन महत्त्वपूर्ण प्राप्ति र योगदान हो ।

मल्लका प्रकाशित आठओटै उपन्यास प्रजाति, पर्यावरण र क्षणका दृष्टिले सशक्त छन् । यी सैद्धान्तिक मान्यता घटित हुनेगरी उपयोग गर्नु उनको औपन्यासिक योगदान हो । उनका उपन्यासमा मानवजातिभित्रका विविध प्रजाति र तिनका परिवर्तनशील विशेषता प्रकट भएका छन् । उपन्यासमा प्रकृतिप्रदत्त र मानवनिर्मित पर्यावरणले प्रजातिगत पात्रमा प्रभाव पार्नुका साथै राणा, पञ्चायत र प्रजातन्त्र कालखण्डविशेष क्षणका रूपमा आएका छन् । मल्लका उपन्यासमा कौतूहलता र औपन्यासिक कलासौन्दर्य सिर्जना गर्न प्रजाति, पर्यावरण र क्षणको यथोचित प्रयोग गरिएको छ । निष्कर्षतः विश्लेष्य उपन्यासमध्ये सामाजिक यथार्थमा आधारित *उजेली छाया, पञ्चायत, समयको हुरी, भुमरी* र *जेली* गरी पाँचओटा उपन्यास प्रजाति र पर्यावरणका दृष्टिले बढी प्रभावकारी छन् भने ऐतिहासिक यथार्थमा आधारित *मायारानी, बहादुर नजर* र *रामछायाँ* गरी तीनओटा उपन्यास क्षणका दृष्टिले बढी प्रभावकारी छन् । प्रजाति, पर्यावरण र क्षणगत अन्तःसम्बन्धका दृष्टिले सामाजिक तथा ऐतिहासिक यथार्थमा आधारित शोध्य आठओटै उपन्यास प्रभावकारी छन् । यसर्थ प्रजाति, पर्यावरण र क्षणको सफल प्रयोगका साथै तिनका बिचमा देखिएको अन्तःसम्बन्धका दृष्टिले मल्लका समग्र उपन्यास महत्त्वपूर्ण र उपलब्धिमूलक छन् ।

# विषयसूची


| | | |
|---|---|---|
| सिफारिसपत्र | | (क) |
| स्वीकृतिपत्र | | (ख) |
| प्रतिबद्धतापत्र | | (ग) |
| कृतज्ञताज्ञापन | | (घ-ङ) |
| शोधसार | | (च-ज) |
| **पहिलो परिच्छेद : शोधपरिचय** | | **१-३३** |
| १.१ | विषयपरिचय | १ |
| १.२ | समस्याकथन | ३ |
| १.३ | शोधको उद्देश्य | ४ |
| १.४ | पूर्वकार्यको समीक्षा | ४ |
| १.५ | शोधको औचित्य र महत्त्व | ३० |
| १.६ | शोधको सीमाङ्कन | ३१ |
| १.७ | शोधविधि | ३१ |
| | १.७.१ सामग्री सङ्कलनविधि | ३२ |
| | १.७.२ सामग्री विश्लेषणविधि | ३२ |
| १.८ | शोधप्रबन्धको रूपरेखा | ३३ |
| **दोस्रो परिच्छेद : मोहनबहादुर मल्लका उपन्यासमा प्रजाति** | | **३४-८३** |
| २.१ | विषयप्रवेश | ३४ |
| २.२ | प्रजातिको सैद्धान्तिक परिचय | ३४ |
| | २.२.१ प्रजातिगत वैशिष्ट्य | ४० |
| | २.२.२ प्रजातिगत मानसिकता | ४२ |
| २.३ | मल्लका उपन्यासमा प्रजातिगत वैशिष्ट्य | ४४ |
| | २.३.१ *उजेली छायामा* उपन्यासमा प्रजातिगत वैशिष्ट्य | ४४ |
| | २.३.२ *मायारानी* उपन्यासमा प्रजातिगत वैशिष्ट्य | ४७ |

२.३.३ *पञ्चायत* उपन्यासमा प्रजातिगत वैशिष्ट्य ४९
२.३.४ *समयको हुरी* उपन्यासमा प्रजातिगत वैशिष्ट्य ५२
२.३.५ *भुमरी* उपन्यासमा प्रजातिगत वैशिष्ट्य ५५
२.३.६ *बहादुर नजर* उपन्यासमा प्रजातिगत वैशिष्ट्य ५८
२.३.७ *जेली* उपन्यासमा प्रजातिगत वैशिष्ट्य ६१
२.३.८ *रामछायाँ* उपन्यासमा प्रजातिगत वैशिष्ट्य ६३
२.४ मल्लका उपन्यासमा प्रजातिगत मानसिकता ६५
२.४.१ *उजेली छाामा* उपन्यासमा प्रजातिगत मानसिकता ६५
२.४.२ *मायारानी* उपन्यासमा प्रजातिगत मानसिकता ६८
२.४.३ *पञ्चायत* उपन्यासमा प्रजातिगत मानसिकता ७०
२.४.४ *समयको हुरी* उपन्यासमा प्रजातिगत मानसिकता ७३
२.४.५ *भुमरी* उपन्यासमा प्रजातिगत मानसिकता ७६
२.४.६ *बहादुर नजर* उपन्यासमा प्रजातिगत मानसिकता ७८
२.४.७ *जेली* उपन्यासमा प्रजातिगत मानसिकता ७९
२.४.८ *रामछायाँ* उपन्यासमा प्रजातिगत मानसिकता ८१
२.५ निष्कर्ष ८३

**तेस्रो परिच्छेद : मोहनबहादुर मल्लका उपन्यासमा पर्यावरण ८४-१३९**
३.१ विषयप्रवेश ८४
३.२ पर्यावरणको सैद्धान्तिक परिचय ८४
३.२.१ प्राकृतिक पर्यावरण ८९
३.२.२ सामाजिक पर्यावरण ९१
३.३ मल्लका उपन्यासमा प्राकृतिक पर्यावरण ९३
३.३.१ *उजेली छाामा* उपन्यासमा प्राकृतिक पर्यावरण ९३
३.३.२ *मायारानी* उपन्यासमा प्राकृतिक पर्यावरण ९६
३.३.३ *पञ्चायत* उपन्यासमा प्राकृतिक पर्यावरण ९८
३.३.४ *समयको हुरी* उपन्यासमा प्राकृतिक पर्यावरण १०१
३.३.५ *भुमरी* उपन्यासमा प्राकृतिक पर्यावरण १०४

३.३.६ *बहादुर नजर* उपन्यासमा प्राकृतिक पर्यावरण १०८
३.३.७ *जेली* उपन्यासमा प्राकृतिक पर्यावरण १०९
३.३.८ *रामछायाँ* उपन्यासमा प्राकृतिक पर्यावरण ११३
३.४ मल्लका उपन्यासमा सामाजिक पर्यावरण ११६
३.४.१ *उजेली छ्यामा* उपन्यासमा सामाजिक पर्यावरण ११६
३.४.२ *मायारानी* उपन्यासमा सामाजिक पर्यावरण १२०
३.४.३ *पञ्चायत* उपन्यासमा सामाजिक पर्यावरण १२२
३.४.४ *समयको हुरी* उपन्यासमा सामाजिक पर्यावरण १२५
३.४.५ *भुमरी* उपन्यासमा सामाजिक पर्यावरण १२८
३.४.६ *बहादुर नजर* उपन्यासमा सामाजिक पर्यावरण १३१
३.४.७ *जेली* उपन्यासमा सामाजिक पर्यावरण १३३
३.४.८ *रामछायाँ* उपन्यासमा सामाजिक पर्यावरण १३५
३.५ निष्कर्ष १३७

**चौथो परिच्छेद : मोहनबहादुर मल्लका उपन्यासमा क्षण १४०-१९५**

४.१ विषयप्रवेश १४०
४.२ क्षणको सैद्धान्तिक परिचय १४०
४.२.१ क्षणगत युगसन्दर्भ १४४
४.२.२ क्षणगत युगचेतना १४५
४.३ मल्लका उपन्यासमा क्षणगत युगसन्दर्भ १४८
४.३.१ *उजेली छ्यामा* उपन्यासमा युगसन्दर्भ १४८
४.३.२ *मायारानी* उपन्यासमा युगसन्दर्भ १५१
४.३.३ *पञ्चायत* उपन्यासमा युगसन्दर्भ १५३
४.३.४ *समयको हुरी* उपन्यासमा युगसन्दर्भ १५६
४.३.५ *भुमरी* उपन्यासमा युगसन्दर्भ १६१
४.३.६ *बहादुर नजर* उपन्यासमा युगसन्दर्भ १६४
४.३.७ *जेली* उपन्यासमा युगसन्दर्भ १६६

४.३.८ *रामछायाँ* उपन्यासमा युगसन्दर्भ १६९
४.४ मल्लका उपन्यासमा क्षणगत युगचेतना १७२
४.४.१ *उजेली छामा* उपन्यासमा युगचेतना १७२
४.४.२ *मायारानी* उपन्यासमा युगचेतना १७४
४.४.३ *पञ्चायत* उपन्यासमा युगचेतना १७७
४.४.४ *समयको हुरी* उपन्यासमा युगचेतना १८०
४.४.५ *भुमरी* उपन्यासमा युगचेतना १८४
४.४.६ *बहादुर नजर* उपन्यासमा युगचेतना १८७
४.४.७ *जेली* उपन्यासमा युगचेतना १८९
४.४.८ *रामछायाँ* उपन्यासमा युगचेतना १९१
४.५ निष्कर्ष १९४
**पाँचौं परिच्छेद : मोहनबहादुर मल्लका उपन्यासमा प्रजाति, पर्यावरण र क्षणगत अन्तःसम्बन्ध १९६-२४१**
५.१ विषयप्रवेश १९६
५.२ प्रजाति, पर्यावरण र क्षणगत अन्तःसम्बन्धको सैद्धान्तिक परिचय १९६
५.२.१ प्रजाति र पर्यावरणत अन्तःसम्बन्ध १९९
५.२.२ प्रजाति र क्षणगत अन्तःसम्बन्ध २०९
५.३ मल्लका उपन्यासमा प्रजाति र प्रर्यावरणगत अन्तःसम्बन्ध २०१
५.३.१ *उजेली छामा* उपन्यासमा प्रजाति र प्रर्यावरणगत अन्तःसम्बन्ध २०२
५.३.२ *मायारानी* उपन्यासमा प्रजाति र प्रर्यावरणगत अन्तःसम्बन्ध २०४
५.३.३ *पञ्चायत* उपन्यासमा प्रजाति र प्रर्यावरणगत अन्तःसम्बन्ध २०६
५.३.४ *समयको हुरी* उपन्यासमा प्रजाति र प्रर्यावरणगत अन्तःसम्बन्ध २०८
५.३.५ *भुमरी* उपन्यासमा प्रजाति र प्रर्यावरण अन्तःसम्बन्ध २१२
५.३.६ *बहादुर नजर* उपन्यासमा प्रजाति र प्रर्यावरणगत अन्तःसम्बन्ध २१५
५.३.७ *जेली* उपन्यासमा प्रजाति र प्रर्यावरणगत अन्तःसम्बन्ध २१७
५.३.८ *रामछायाँ* उपन्यासमा प्रजाति र प्रर्यावरणगत अन्तःसम्बन्ध २१९
५.४ मल्लका उपन्यासमा प्रजाति र क्षणगत अन्तःसम्बन्ध २२१

५.४.१ *उजेली छाया* उपन्यासमा प्रजाति र क्षणगत अन्तःसम्बन्ध २२२
५.४.२ *मायारानी* उपन्यासमा प्रजाति र क्षणगत अन्तःसम्बन्ध २२४
५.४.३ *पञ्चायत* उपन्यासमा प्रजाति र क्षणगत अन्तःसम्बन्ध २२५
५.४.४ *समयको हुरी* उपन्यासमा प्रजाति र क्षणगत अन्तःसम्बन्ध २२८
५.४.५ *भुमरी* उपन्यासमा प्रजाति र क्षणगत अन्तःसम्बन्ध २३०
५.४.६ *बहादुर नजर* उपन्यासमा प्रजाति र क्षणगत अन्तःसम्बन्ध २३२
५.४.७ *जेली* उपन्यासमा प्रजाति र क्षणगत अन्तःसम्बन्ध २३५
५.४.८ *रामछायाँ* उपन्यासमा प्रजाति र क्षणगत अन्तःसम्बन्ध २३७
५.५ निष्कर्ष २३९

**छैटौँ परिच्छेद : सारांश तथा निष्कर्ष २४२-२६०**
६.१ सारांश २४२
६.२ प्राप्ति २४९
६.३ निष्कर्ष २५७
**परिशिष्ट २६१**
**सन्दर्भ सामग्रीसूची २६२-२६८**

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

साहित्यको समाजशास्त्रीय सैद्धान्तिक मान्यता प्रजाति, पर्यावरण र क्षणलाई आधार बनाएर मोहनबहादुर मल्ल (१९६८-२०३५) का उपन्यासको अध्ययन गर्नु यस शोधप्रबन्धको मुख्य विषय रहेको छ । मल्लले उपन्यास, कथा, कविता, नाटक, निबन्ध, इतिहासजस्ता साहित्य र साहित्यइतर विधामा कलम चलाएका छन् । उनी नेपाली वाङ्मय क्षेत्रका बहुमुखी प्रतिभा हुन् । मल्ल बहुविधाका सर्जक भए पनि उनको सर्वाधिक सफलता उपन्यास विधामा रहेको छ । उपन्यास गद्यभाषामा लेखिने आख्यानात्मक सौन्दर्ययुक्त साहित्यिक विधा हो । यसको अध्ययन गर्न अलिसमय लाग्ने र मनोरञ्जनपूर्ण पनि हुन्छ । यसलाई बहुपात्रको माध्यमबाट जीवनजगत्को विशिष्ट पक्ष चित्रित हुने श्रव्यपाठ्य विधा मानिन्छ । यसमा मानवजीवनको व्यापकता अङ्कन भएको हुन्छ । यसले सीमित आयतनमा समाजको फराकिलो बिम्ब समेटेको हुन्छ । यो सीमित परिवेशमा एउटा लघु ब्रह्माण्डको रूपमा सिर्जित भएको हुन्छ । यसले मानवीय मर्मको अविस्मरणीय कलात्मकतालाई प्रकट गरेको हुन्छ । यसमा अन्तर्निहित शिल्पपक्षको कलात्मक अनुभवको उज्यालोबाट पाठकले असहज परिस्थितिमा बाटो पहिल्याउँछ । यसले मानवसमाजका सत्यलाई कलात्मक रूपमा प्रकट गरेको हुन्छ । मल्ल यही विधामा कलम चलाएर नेपाली साहित्यमा विशिष्ट स्थान बनाउन सफल भएका छन् ।

मल्ल २००८ सालमा *उजेली छामा* उपन्यासका माध्यमबाट नेपाली साहित्यमा प्रवेश गरेका हुन् । उनका आजसम्म *उजेली छामा* (२००८), *मायारानी* (२००९), *पञ्चायत* (२०१०), *समयको हुरी* (२०१५), *भुमरी* (२०१६), *बहादुर नजर* (२०३६), *जेली* (२०३९), *रामछायाँ* (२०६२) गरी आठओटा उपन्यास प्रकाशित भएका छन् । मल्लका उपन्यास सामाजिक तथा ऐतिहासिक यथार्थमा आधारित रहेका छन् । तिनमा सामाजिक तथा ऐतिहासिक विषयलाई केन्द्रभागमा राखेर ग्रामीण तथा सहरिया नेपाली समाजको सजीव चित्रण गरिएको पाइन्छ । मल्लका उपन्यासमध्ये *उजेली छामा* उपन्यासमा उजेलीको विवाहका सन्दर्भबाट उत्पन्न यातना, *मायारानी* उपन्यासमा मायारानीको अनमेल विवाहबाट उत्पन्न पीडा, *पञ्चायत* उपन्यासमा समाजले सान्नानीलाई अंशभाग दिलाउन नसक्दाको

पीडा, *समयको हुरी* उपन्यासमा जाति र लिङ्गभेदबाट उत्पन्न पीडा, *भुमरी* उपन्यासमा नारी, विधवा नारीका पीडा तथा अविवाहित नारी आमा बन्दाको पीडा, *बहादुर नजर* उपन्यासमा देशप्रेमी अन्यायमा पर्दाको पीडा, *जेली* उपन्यासमा सांसारिक बन्धनबाट उत्पन्न पीडा तथा *रामछायाँ* उपन्यासमा राउटे र कुसुण्डाका जीवनशैलीगत पीडा तथा राजकुमारको आत्मीय प्रेमबाट उत्पन्न पीडाका सन्दर्भ प्रस्तुत भएका छन् । समाजका सबै जातजातिले भोगेका शोषण, दमन, उत्पीडनजस्ता सामाजिक समस्यालाई यथार्थ रूपमा प्रस्तुत गर्नु मल्लको औपन्यासिक विशेषता हो । तिनमा राष्ट्रप्रतिको माया, नारीवेदना र सामाजिक सुधारको चेतना प्रकट भएको पाइन्छ । मल्लका उपन्यासमा नेपाली समाजमा विद्यमान जातीय, लैङ्गिक र वर्गीय विभेद आएका छन् । साहित्यको समाजशास्त्रअन्तर्गतका यस्ता पर्याप्त सन्दर्भको समुचित उपयोग गरी उपन्यासलेखन गर्नु उनको औपन्यासिक योगदान हो । त्यसैले मल्लका उपन्यासमा प्रजाति, पर्यावरण र क्षणका आधारमा अध्ययन गर्नु आवश्यक छ ।

मानवजातिभित्रको विविधता प्रजाति, प्रकृतिप्रदत्त तथा मानवनिर्मित वस्तु पर्यावरण र युगको विशेषखण्ड क्षण हो । पूर्वीय वैदिक परम्पराका वेद, पुराण, उपनिषद्, रामायण, माहाभारत, बुद्धदर्शन, चरकसंहितालगायतका ग्रन्थहरूमा मानवजातिभित्र देखिने भिन्न समूहलाई प्रजाति, प्रकृतिप्रदत्त पर्यावरणलाई प्रजातिको अभिन्न अङ्ग र ब्रमाण्डको चलायमान एकाइलाई क्षण मानिएको छ । पाश्चात्य परम्परामा हिप्पोलाइट एडल्फ तेनपूर्व पर्यावरण र समाजको प्रभावका बारेमा सोचाइ सुरु भएको थियो तर प्रजाति र क्षणको समन्वय गरिएको थिएन । तेनले प्रजाति, पर्यावरण र क्षणलाई एकैसाथ जोडेर इतिहास, कला र साहित्यको व्याख्या गरको पाइन्छ । तेनपछि प्रजाति, पर्यावरण र क्षणसम्बन्धी सैद्धान्तिक मान्यतालाई एकैसाथ जोडेर स्पेन्सर, जोलाआदि विचारकले अगाडि बढाए भने बोआसआदि विचारकले प्रजातिलाई भिन्न राख्नुपर्ने आलोचनात्मक टिप्पणी गरेका छन् । तेनको पाश्चात्य परम्परामा स्थापित सैद्धान्तिक मान्यता प्रजाति, पर्यावरण र क्षणलाई नै प्रस्तुत शोधकार्यमा मूल सैद्धान्तिक आधार बनाइएको छ ।

साहित्यको समाजशास्त्रीय अध्ययन परम्पराको आरम्भ हिप्पोलाइट एडल्फ तेन (सन् १८२८-१८९३) बाट भएको हो । उनले *हिस्ट्री अफ इङ्गलिस लिटरेचर* (सन् १८६३) कृतिको भूमिकाअन्तर्गत प्रजाति, पर्यावरण र क्षणगत सैद्धान्तिक मान्यता प्रस्तुत गरेका

छन् । साहित्यिक कृति मानसिक चेतनाको उपज हो । मानसिक चेतना निर्धारण गर्नमा प्रजाति, पर्यावरण र क्षणको भूमिका रहन्छ । यसलाई समुदायको सामूहिक विचारका लिइन्छ । प्रजातिलाई वंशानुगत विशेषता मानिन्छ । प्रजातिगत विशेषता र मानसिकतालाई साहित्यको कारण र यसलाई प्रभावित पार्ने तत्त्वका रूपमा पर्यावरणलाई लिइन्छ । साहित्यिक कृतिमा प्राकृतिक र सामाजिक पर्यावरण आएका हुन्छन् । क्षणलाई कृतिको सिर्जना समय मानिन्छ । साहित्यिक कृतिमा युगसन्दर्भ र युगचेतना आएका हुन्छन् । क्षणले कृतिकारलाई उत्प्रेरणा जगाइदिन्छ र कृति सामाजिक विचारका रूपमा प्रकट हुन्छ । कृतिरचनाको प्रेरकक्षणलाई कारण अनि कृतिसिर्जनालाई कार्य मानिन्छ । त्यसैले कृतिभित्र आएका प्रजातिगत वैशिष्ट्य र मानसिकता, प्राकृतिक र सामाजिक पर्यावरण तथा क्षणगत युगसन्दर्भ र युगचेतनाका साथै तिनका बिचको अन्तःसम्बन्धगत विश्लेषणढाँचाका आधारमा अध्ययन गर्नु आवश्यक छ । यसर्थ प्रस्तुत शोधप्रबन्धमा पाश्चात्य परम्परामा स्थापित सैद्धान्तिक मान्यतालाई अध्ययनको आधार बनाएर मल्लका उपन्यासमा प्रजाति, पर्यावरण र क्षणको खोजी गरिएको छ ।

मोहनबहादुर मल्लका उपन्यासमा सामाजिक यथार्थवाद, समाजभाषिक अध्ययन, कृतिपरक अध्ययनका साथै जीवनी, व्यक्तित्व र कृतित्वपरक अध्ययन भए पनि प्रजाति, पर्यावरण र क्षणगत मान्यतामा केन्द्रित भई शोधकार्य भएको छैन । साहित्यको समाजशास्त्रीय प्रजाति, पर्यावरण र क्षणगत मान्यतामा केन्द्रित भई मल्लका उपन्यासको अध्ययन नभएको सन्दर्भ पत्ता लगाउनु नै प्रस्तुत शोधकार्यको शोधअन्तराल हो । यही शोधअन्तरालको अभावपूर्तिका लागि प्रस्तुत शोधकार्य गरिएको छ ।

## १.२ समस्याकथन

मोहनबहादुर मल्लका उपन्यासमा प्रजाति, पर्यावरण र क्षणको अध्ययन गर्नु प्रस्तुत शोधकार्यको मुख्य समस्या हो । मल्लका उपन्यासमा सामाजिक यथार्थवाद, उपन्यासगत आलेख, साहित्यिक योगदान, जीवनी, व्यक्तित्त्व र कृतित्त्व, ऐतिहासिक कृतिगत समीक्षाजस्ता अध्ययन भए पनि प्रजाति, पर्यावरण र क्षणगत सैद्धान्तिक मान्यताका आधारमा उनका उपन्यासमा शोधकार्य भएको पाइँदैन । साहित्यको समाजशास्त्रीय अध्ययनका दृष्टिले यो क्षेत्र रिक्त रहेको छ । अतः त्यसै रिक्तताको परिपूर्ति गर्नका लागि प्रस्तुत शोधकार्य गरिएको छ । यिनै मुख्य समस्याको समाधानार्थ निम्नलिखित शोधप्रश्नहरूको निर्माण गरिएको छ :

(१) मोहनबहादुर मल्लका उपन्यासमा केकस्तो प्रजाति पाइन्छ ?

(२) मोहनबहादुर मल्लका उपन्यासमा पर्यावरण कसरी आएको छ ?

(३) मोहनबहादुर मल्लका उपन्यासमा क्षण कसरी आएको छ ?

(४) मोहनबहादुर मल्लका उपन्यासमा प्रजाति, पर्यावरण र क्षणका बिचको अन्तःसम्बन्ध कस्तो छ ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधकार्यमा उल्लिखित प्राज्ञिक शोधप्रश्नहरूको समाधानार्थ निम्नलिखित उद्देश्य निर्धारण गरिएका छन् :

(१) मोहनबहादुर मल्लका उपन्यासमा पाइने प्रजातिको विवेचना गर्नु,

(२) मोहनबहादुर मल्लका उपन्यासमा पाइने पर्यावरणको विश्लेषण गर्नु,

(३) मोहनबहादुर मल्लका उपन्यासमा पाइने क्षणको विश्लेषण गर्नु,

(४) मोहनबहादुर मल्लका उपन्यासमा प्रजाति, पर्यावरण र क्षणका बिचको अन्तःसम्बन्धको मूल्याङ्कन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

मोहनबहादुर मल्ल उपन्यास, कथा, कविता, नाटक, निबन्ध, इतिहासजस्ता बहुविधाका सर्जक भए पनि उनको सर्वाधिक सफलता उपन्यास विधामा रहेको छ । उनका आठओटा प्रकाशित उपन्यास औपन्यासिक प्रवृत्ति रचनाविधानका दृष्टिले मौलिक र कलात्मक रहेका छन् । मल्लका उपन्यासमा सामाजिक यथार्थवाद, जीवनी, व्यक्तित्त्व र कृतित्त्व, कृतिगत समीक्षाजस्ता सामाजिक पक्षका आधारमा अध्ययन भए पनि साहित्यको समाजशास्त्रीय प्रजाति, पर्यावरण र क्षणगत मान्यताका आधारमा उनका उपन्यासको आजसम्म अध्ययन भएको छैन । प्रजाति, पर्यावरण र क्षणगत मान्यताका आधारमा मल्लका उपन्यासको अध्ययन नभएको सन्दर्भमा प्रस्तुत अध्ययन आफैमा महत्त्वपूर्ण रहन गएको छ । यसै सन्दर्भको रिक्तता पत्ता लगाउने उद्देश्यले साहित्यको समाजशास्त्रीय मान्यतामा प्रत्यक्षपरोक्ष रूपमा सम्बद्ध रहेका पूर्वकार्यको साथै उनका उपन्यासको बारेमा भएका पूर्वकार्यको समीक्षालाई कालक्रमिक रूपमा तल प्रस्तुत गरिएको छ :

ईश्वर बरालद्वारा लिखित "नेपाली उपन्यास: मङ्गली र समयको हुरी" (२०१९) शीर्षकको आलेखमा मल्लको *समयको हुरी* उपन्याससँग *मङ्गली* र *मन* उपन्यासको

परिवेशगत तुलना गरिएको छ । प्रस्तुत आलेखमा सामाजिक परिवेशगत तुलनाका दृष्टिले *मङ्गली* उपन्यास भन्दा *समयको हुरी* उपन्यास कमजोर रहेको र *मन* उपन्यास भन्दा उत्कृष्ट रहेको निचोड प्रस्तुत गरिएको छ । प्रस्तुत आलेखमा उक्त उपन्यासको गहिराइमा प्रवेश नगरी नेपालमा सर्जकलाई पुरस्कृत गर्ने सन्दर्भमा भएका सामाजिक परिवेशगत बेथितिका विषयमा तुलनात्मक अध्ययन गरिएको छ । प्रस्तुत उपन्यासमा परिवेशको प्रयोग भएको सामान्य जानकारी प्राप्त भए पनि यसको थप अध्ययन आवश्यक देखिन्छ । यसर्थ प्रस्तुत आलेख यस शोधकार्यको पर्यावरणगत समस्यासँग नजिक रहेको हुँदा सामान्य रूपमा सहयोग पुगेको छ ।

कृष्णचन्द्रसिंह प्रधानद्वारा सम्पादित *साझा समालोचना* (२०२५) शीर्षकको कृतिमा नेपाली उपन्यास शीर्षकअन्तर्गत मल्ल सामाजिक यथार्थवादी उपन्यासकार भएको र उनका उपन्यासमा सामाजिक परिवेशको प्रयोग भएको प्रस्तुति पाइन्छ । उनका उपन्यासमा जनजागृति, राणाशासन बिरूद्ध सङ्घर्ष, विद्रोही भावना, अन्याय र रूढिवादको विरोध, कृषकका दुर्दशाप्रति सहानुभूति, अनमेलविवाहको विरोध र विधवाविवाहको समर्थनजस्ता सामाजिक सचेतनाका सन्दर्भको प्रयोग भएको कुरा व्यक्त गरिएको छ । यसमा मल्ललाई राणाकाल तथा पञ्चायतकालका विकृति बिरूद्ध प्रवृत्त उपन्यास रचना गर्ने उपन्यासकारका रूपमा चिनाइएको छ । प्रस्तुत ग्रन्थमा उनलाई नेपाली समाजको प्रतिबिम्ब उतार्ने सामाजिक यथार्थवादी उपन्यासकारको रूपमा लिइएको छ । यसले उनका उपन्यासमा युगचेतनाको प्रयोग भएको सामान्य जानकारी दिएको छ । मल्लका उपन्यासमा क्षणको प्रयोग भएको सूचना प्राप्त भए पनि यसमा थप अध्ययनको आवश्यकता देखिन्छ । यसर्थ प्रस्तुत टिप्पणी यस शोधकार्यको क्षणगत समस्यासँग नजिक रहेको हुँदा सामान्य सहयोगी सामग्री बन्न पुगेको छ ।

ठाकुरप्रसाद पराजुलीद्वारा लिखित "मोहनबहादुर मल्लका उपन्यासको सङ्क्षिप्त विवेचना" (२०२६) शीर्षकको आलेखमा मल्लका उपन्यासमा नेपाली समाजको यथार्थ प्रतिबिम्ब आएको सन्दर्भ व्यक्त भएको छ । प्रस्तुत आलेखमा उनका उपन्यासमध्ये *उजेली छामा* उपन्यासमा सामाजिक जालझेल र शिक्षाको सन्दर्भ, *पञ्चायत* उपन्यासमा विभेदपूर्ण समाज, *मायारानी* उपन्यासमा विवाहका सामाजिक चिन्तन र ऐतिहासिक सन्दर्भ, *समयको हुरी* उपन्यासमा जातीय विभेद र शैक्षिक चेतना, *भुमरी* उपन्यासमा बालविधवा र कुमारी

आमाका पीडा आएको बताइएको छ । यस आलेख मल्लका उपन्यासमा प्रयोग भएका यस्ता सन्दर्भले स्थान र समयगत परिवेशलाई प्रस्तुत गरेका छन् । यसले मल्लका उपन्यासमा सामाजिक चेतना र परिवेशको सामान्य सङ्केत मात्र गरेकाले यसका बारेमा थप अध्ययन गर्नु आवश्यक छ । प्रस्तुत अध्ययन युगचेतना र परिवेशगत समस्यासँग नजिक रहेकाले यस शोधकार्यका लागि सामान्य सहयोग गरेको छ ।

नरेन्द्र चापागाईंद्वारा लेखिएको *केही कृति : केही प्रतिकृति* (२०२८) शीर्षकको कृतिमा मल्लको *समयको हुरी* उपन्यासमा परिवेश र सचेतनाका सन्दर्भ प्रस्तुत गरिएको छ । प्रस्तुत उपन्यासमा आधारित भई तयार पारिएको यस आलेखमा नेपाली समाज निदाएको, उठेको र हिंडेको देखाइएको छ । यसले विश्वपरिवेशलाई पनि सङ्केत गरेको छ । उपन्यासगत विश्लेषणमा आएका यस्ता सामाजिक जागरण एवम् समाजचेतनाका सन्दर्भले समाजको परिवर्तन आवश्यक रहेको भाव प्रकट भएको छ । प्रस्तुत कृतिमा *समयको हुरी* उपन्यासलाई समाजमा चेतना जागृत गराउने महत्त्वपूर्ण कृति मानिएको पाइन्छ । यसले मल्लका उपन्यासको थप अध्ययनलाई सङ्केत गरेको देखिन्छ । यसले परिवेशगत न्यून चर्चा मात्र गरेको हुँदा यसका बारेमा थप अध्ययन हुनु आवश्यक छ । प्रस्तुत अध्ययन युगचेतना र परिवेशगत समस्यासँग सम्बद्ध रहेको हुँदा यस शोधकार्यका लागि सामान्य सहयोगी सामग्री बन्न पुगेको छ ।

तारानाथ शर्माद्वारा लिखित *नेपाली साहित्यको इतिहास* (२०३९) शीर्षकको कृतिमा मल्ललाई उपन्यास, कथा र नाटक लेख्न रूचाउने साहित्यकारका रूपमा चिनाइएको छ । प्रस्तुत साहित्यिक इतिहास सम्बद्ध कृतिमा नेपाली साहित्यको प्रगतिमा सामाजिक परिवेशमा आधारित भएर उपन्यास रचना गर्ने मल्लको योगदान महत्त्वपूर्ण रहेको बताइएको छ । प्रस्तुत कृतिमा प्रसङ्गवश मल्ल र उनका कृतिका बारेमा सामाजिक परिवेश जोड्दै सामान्य चर्चा गरिएको छ । यसमा मल्लका सिर्जनागत समग्र कृतिका बारेमा गरिएको समाजिक परिवेशगत छोटो टप्पणीले थप खोजका लागि सङ्केत गरेको पाइन्छ । प्रस्तुत कृतिमा परिवेशगत समस्यासँग सम्बद्ध छोटो चर्चाले यस शोधकार्यका लागि सामान्य सहयोग पुऱ्याएको छ ।

रत्नध्वज जोशीद्वारा लेखिएको *आधुनिक नेपाली साहित्यको झलक* (२०३९) शीर्षकको कृतिमा मोहनबहादुर मल्लका औपन्यासिक प्रवृत्ति र कृतिको छोटो चर्चा गरेका

छन् । प्रस्तुत कृतिमा जोशीले *समयको हुरी* उपन्यास तत्कालीन परिवेशसँग सम्बद्ध रहेको टिप्पणी गरेका छन् । प्रस्तुत उपन्यासले नेपाली भाषाको प्रचार, अन्तर्जातीय संस्कृति र नारीशिक्षाको वकालत गरी समाजमा चेतना जागृत गरेको बताइएको छ । यस उपन्यासले समुदायमा सामाजिक चेतना जगाउने र सामाजिक विकृति हटाएर परिवर्तन ल्याउने कार्यमा महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । यसले युगचेतनालाई छोटो सङ्केत मात्र गरेको हुँदा यसका बारेमा थप अध्ययन आवश्यक छ । यसर्थ प्रस्तुत अध्ययनले यस शोधकार्यका लागि सामान्य सहयोग पु¥याएको छ ।

घटराज भट्टराईद्वारा लिखित *प्रतिभै प्रतिभा र नेपाली साहित्य* (२०४०) शीर्षकको कृतिमा मोहनबहादुर मल्ललाई सामाजिक तथा ऐतिहासिक यथार्थवादी उपन्यासकारका रूपमा चिनाइएको छ । मल्लका उपन्यासमा नारीजागरण, शैक्षिकजागरण, समाजसुधार, राष्ट्रभाषाको विकास, छुवाछुत र षडयन्त्रको विरोधका सामाजिक सन्दर्भ परिवेशका रूपमा आएको जनाइएको छ । तत्कालीन सामाजिक जनजीवनमा देखिएका यस्ता समाज विरोधी गतिविधिका बिरूद्ध सचेतनाको परिवेश सिर्जना गर्ने कार्य उपन्यासमा भएको छ । यसले युगचेतनाको बारेमा छोटो चर्चा गरेको हुँदा यसका बारेमा थप अध्ययन आवश्यक देखिन्छ । प्रस्तुत अध्ययनले परिचयमूलक जानकारी मात्र दिएको हुँदा यस शोधकार्यका लागि सामान्य सहयोग पुगेको छ ।

कृष्णचन्द्रसिंह प्रधानद्वारा लेखिएको *नेपाली उपन्यास र उपन्यासकार* (२०४३) शीर्षकको कृतिमा मल्लले सामाजिक, आर्थिक, जातीय भेदभाव, अन्याय र अत्याचार, शोषण र दमनजस्ता कुरालाई आफ्ना उपन्यासमा स्थान दिएको बताएका छन् । प्रस्तुत कृतिमा मल्ललाई सामाजिक विकृतिबाट मुक्तिको परिवेश सिर्जना गर्ने सामाजिक उपन्यासकारका रूपमा चिनाइएको छ । यसमा मल्लका उपन्यासको बारेमा गरिएको समाजिक परिवेशगत छोटो टप्पणीले थप खोजका लागि सङ्केत गरेको देखिन्छ । प्रस्तुत कृतिमा परिवेशगत समस्यासँग सम्बद्ध छोटो चर्चाले यस शोधकार्यका लागि सामान्य सहयोग पु¥याएको छ ।

यदुनाथ पौडेलद्वारा गरिएको *मोहनबहादुर मल्ल र उनका प्रतिनिधि उपन्यासहरूको अध्ययन* (२०४८) शीर्षकको शोधकार्यमा मल्ललाई सिर्जनाबाट समाजमा सुधार ल्याउने उपन्यासकारका रूपमा चिनाइएको छ । प्रस्तुत शोधकार्यमा सचेत समाज निर्माणका लागि विद्यालय खोल्नु, जातीय भेदभाव हटाउनु, सीप प्रदान गरी काम दिनु, नारीलाई पीडाबाट

मुक्ति दिलाउनुजस्ता परिवेशगत सामाजिक सन्दर्भ उनका उपन्यासमा आएको बताइएको छ । प्रस्तुत शोधमा मल्लका प्रतिनिधि उपन्यासको समाजिक परिवेशको छोटो चर्चा मात्र गरिएको हुँदा उनका समग्र उपन्यासको बारेमा थप अध्ययनको आवश्यकता रहेको देखिन्छ । यसमा परिवेशगत समस्यासँग सम्बद्ध छोटो चर्चा मात्र गरिएको हुँदा प्रस्तुत शोधकार्यका लागि सामान्य सहयोग पुऱ्याएको छ ।

ऋषिराज बरालद्वारा लेखिएको *उपन्यासको सौन्दर्यशास्त्र* (२०५६) शीर्षकको कृतिमा साहित्यको समाजशास्त्रीय मान्यताका बारेमा आलोचनात्मक टिप्पणी प्रस्तुत गरिएको छ । प्रस्तुत कृतिमा साहित्यको समाजशास्त्रीय चिन्तक तेनको महत्त्वपूर्ण योगदान रहेको समीक्षात्मक टिप्पणी गरिएको छ । यस कृतिमा समाजशास्त्रको मूल आधार अगस्त कोम्तेले दिए पनि साहित्यको समाजशास्त्रीय सैद्धान्तिक आधार तेनले दिएको महत्त्वपूर्ण विचार प्रस्तुत गरिएको छ । प्रस्तुत कृतिमा तेनका प्रजाति, पर्यावरण र क्षणगत मान्यताका बारेमा छोटो चर्चा मात्र गरिएकाले यसका बारेमा थप अध्ययनको आवश्यकता देखिन्छ । यसमा तेनका बारेमा मात्र छोटो चर्चा गरिएकाले प्रस्तुत शोधकार्यका लागि सैद्धान्तिक पक्ष प्राप्त गर्ने सन्दर्भमा सामान्य सहयोग पुगेको छ ।

कृष्णहरि बराल र नेत्र एटमद्वारा लिखित *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* (२०५६/२०५८) शीर्षकको कृतिमा मल्ल र उनको *समयको हुरी* उपन्यासको बारेमा छोटो समीक्षात्मक टिप्पणी गरिएको छ । प्रस्तुत उपन्यासमा मल्ल प्रभाकर, न्यूजी, धन र विद्याजस्ता पात्रका माध्यमबाट नेपाली समाजमा शिक्षाको प्रचार गरी समाजमा चेतना जागृत गर्न सफल रहेको देखाइएको छ । यसमा पात्रका प्रजातिगत चेतनाको प्रस्तुति भएको देखिन्छ । प्रस्तुत कृतिको दोस्रो संस्करण (२०५८) मा मल्ल र उनको *उजेली छ्यामा* उपन्यासको बारेमा छोटो समीक्षा गरिएको छ । प्रस्तुत उपन्यास प्रेमको स्वच्छन्द रूप र सांस्कृतिक उत्थानका दृष्टिले महत्त्वपूर्ण रहेको भाव व्यक्त गरिएको छ । यस कृतिमा मल्लका उक्त दुईओटा उपन्यासको पात्रका विशेषता र चेतनाको बारेमा छोटो समीक्षा मात्र गरिएकाले उनका समग्र उपन्यासको बारेमा थप अध्ययनको आवश्यकता देखिन्छ । यसमा पात्रका प्रजातिगत चेतनाको समस्यासँग सम्बद्ध छोटो समीक्षा मात्र आएकाले प्रस्तुत शोधकार्यका लागि सामान्य सहयोग पुगेको छ ।

राधा शर्माद्वारा गरिएको *रूपनारायण सिंहका कथा र उपन्यासको समाजशास्त्रीय अध्ययन* (सन् १९९९) शीर्षकको शोधप्रबन्धमा जाति, समाज, प्रभाव र इतिहासजस्ता प्रतिमानको चर्चा गरिएको पाइन्छ । प्रस्तुत शोधमा यिनै प्रतिमानका आधारमा सिंहका कथा र उपन्यासको विश्लेषण गरिएको छ । यसमा उनका कथा र उपन्यासमा सामाजिक पक्ष सशक्त रूपमा आएको निचोत प्रस्तुत गरिएको छ । यसमा पुस्तकालयीय टिपोटकार्यबाट सङ्कलित सामग्रीको समष्टिगत गुणात्मक पद्धतिका आधारमा विश्लेषण गरिएको प्रस्तुति आएको छ । प्रस्तुत शोधकार्य साहित्यको समाजशास्त्रीय समग्र मान्यतामा आधारित भएकाले सामान्य खोजमा सम्बद्ध रहेको अनि फरक सर्जकका कृतिमा प्रयोग गरिएकाले यिनै सिद्धान्तको थप खोज गरी मल्लका समग्र उपन्यासको अध्ययन गर्नु आवश्यक देखिन्छ । यस अध्ययन प्रजाति, पर्यावरण र क्षणगत समस्यासँग पनि सम्बद्ध रहेकाले प्रस्तुत शोधकार्यमा सिद्धान्त निर्माणका सन्दर्भमा महत्त्वपूर्ण सहयोगी सामग्री बन्न पुगेको छ ।

इन्द्रबहादुर राईद्वारा लेखिएको *नेपाली उपन्यासका आधारहरू* (२०५८) शीर्षकको कृतिमा साहित्यको समाजशास्त्रका बारेमा चर्चा गर्ने सन्दर्भमा उपन्यास विधाले युगचेतनाको सङ्केत गरेको कुरा व्यक्त गरिएको छ । यसमा मल्ललाई ऐतिहासिक, सामाजिक, मनोवैज्ञानिक र समाजशास्त्रीय क्षेत्रलाई स्वतन्त्र विचारबाट दिग्दर्शित गर्नसक्ने उपन्यासकारको रूपमा प्रस्तुत गरिएको छ । प्रस्तुत कृतिमा उपन्यासकारले सामाजिक तथ्य घटनाको संयोजनबाट इतिहासको पुनर्निर्माणका विषय जोड्नसक्ने अभिव्यक्ति दिइएको छ । यस कृतिमा साहित्यको समाजशास्त्रका बारेमा साङ्केतिक अवधारणा आएको पाइन्छ । प्रस्तुत टिप्पणीले क्षणगत शोधसमस्यालाई छोटो सङ्केत मात्र गरेको हुँदा यसमा थप अध्ययनको आवश्यकता देखिन्छ । यसले प्रस्तुत शोधकार्यमा सिद्धान्त निर्माणका तहमा सामान्य सहयोग पुगेको छ ।

मुकुन्द घिमिरेद्वारा लिखित "साहित्यको समाजशास्त्र : सिद्धान्त र मान्यता" (२०५८) शीर्षकको आलेखमा साहित्यको समाजशास्त्रीय सैद्धान्तिक मान्यताका विषयमा छोटो टिप्पणी गरिएको छ । यसमा विधेयवादी धारले समाजलाई दर्पणका रूपमा हेर्ने र मीमांसावादी धारले समाजको मानव मनोवृत्ति, आचरण, सामाजिक मूल्य र मान्यता निर्माणका तहमा हेर्ने कुरा व्यक्त गरिएको छ । प्रस्तुत आलेखमा साहित्यको समाजशास्त्रको उत्पत्ति, उद्देश्य र समाजसँग साहित्यको सम्बन्धका विषयमा छोटो चर्चा गरिएको छ । यसमा साहित्यको

समाजशास्त्रीय प्रत्यक्षवादी धारका पक्षपोषक तेन भएको अभिव्यक्ति दिइएको छ । प्रस्तुत आलेखमा तेनका मान्यताका बारेमा छोटो चर्चा मात्र आएको हुँदा यसको थप खोज गर्नु आवश्यक देखिन्छ । प्रस्तुत अध्ययनले यस शोधकार्यमा सिद्धान्त निर्माणका तहमा सामान्य उपयोगी छ ।

वासुदेव त्रिपाठीद्वारा लेखिएको *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग २* (२०५८) शीर्षकको कृतिमा साहित्यको समाजशास्त्रीय मान्यताका बारेमा समीक्षात्मक टिप्पणी प्रस्तुत गरिएको छ । प्रस्तुत कृतिमा साहित्यको समाजपरक समालोचना मार्क्सवादी र गैरमार्क्सवादी धारामा विकास भएको अभिव्यक्ति दिइएको छ । यसमा साहित्यको समाजशास्त्रीय धाराको विकास तेन आदिका मान्यताबाट भएको कुरा व्यक्त गरिएको छ । प्रस्तुत कृतिमा समाजको अतीत र वर्तमानका साथै साहित्यकारको सामाजिक सन्दर्भगत विषयका आधारमा कृतिको विश्लेषण गर्नुपर्ने मान्यता आएको छ । यसमा सामाजिक सन्दर्भका विषयमा समीक्षात्मक टिप्पणी गर्दै त्यसले लेखकमा पारेको प्रभाव, कृतिमा व्यक्त समाज र कृतिले समाजमा पारेको प्रभावको विश्लेषण साहित्यको समाजशास्त्रमा गरिने कुरा व्यक्त गरिएको छ । उल्लिखित कृतिमा मार्क्सवादी समाजशास्त्र नेपालमा प्रगतिवादका रूपमा अघिबढेको कुरा व्यक्त गरिएको छ । प्रस्तुत कृतिमा साहित्यको समाजशास्त्रीय मान्यताको बारेमा सङ्क्षिप्त समीक्षा आएको हुँदा यसको थप अध्ययन आवश्यक देखिन्छ । यस समीक्षा प्रस्तुत शोधकार्यमा सिद्धान्त निर्माणका सन्दर्भमा महत्त्वपूर्ण सहयोगी सामग्री बन्न पुगेको छ ।

खेम दाहालद्वारा गरिएको *आधुनिक नेपाली उपन्यासको समाजशास्त्र* (२०५९) शीर्षकको शोधप्रबन्धमा प्रतिनिधिमूलक उपन्यासगत अध्ययनका सन्दर्भमा मल्लका उपन्यासमाथि छाटो समीक्षा गरिएको छ । यसमा *मायारानी* उपन्यासमा नेपालको ऐतिहासिक घटना, सतिप्रथा, बालविवाह, बहुविवाहका सन्दर्भ, *समयको हुरी* उपन्यासमा सामाजिक जागरण, शिक्षाको प्रचार, छुवाछुत, सामन्ती प्रथाका सन्दर्भ, *उजेली छाया, पञ्चायत, भुमरी, बहादुर नजर* र *जेली* उपन्यासमा सामाजिक, आर्थिक, धार्मिक, नैतिकजस्ता सन्दर्भ आएको देखाउँदै त्यसमाथि छोटो टिप्पणी गरिएको छ । यसमा मल्लका समग्र उपन्यासमा सामाजिक परिवर्तनको वकालत भएको बताइएको छ । प्रस्तुत अध्ययनमा *समयको हुरी* उपन्यासको समाजशास्त्रीय मान्यताका आधारमा विश्लेषण गरिएको छ ।

यसमा *समयको हुरी* उपन्यासभित्र प्रजाति, क्षण र पर्यावरणको प्रभाव रहेको बताइएको छ । प्रस्तुत अध्ययनमा *समयको हुरी* उपन्यासलाई प्रजाति, क्षण, पर्यावरण, सामाजिक संस्कृति, पराजितको आवाज, कार्यकारणको तालमेल आदिका आधारमा विश्लेषण गरिएको छ । प्रस्तुत शोधकार्य साहित्यको समाजशास्त्रीय समग्र मान्यतामा आधारित भएकाले सामान्य खोजमा सम्बद्ध रहेको अनि प्रतिनिधिमूलक सर्जकका उपन्यासमा प्रयोग गरिएकाले यिनै सिद्धान्तको थप खोज गरी मल्लका समग्र उपन्यासको अध्ययन गर्नु आवश्यक देखिन्छ । यस अध्ययन समाजशास्त्रीय समस्यासँग नजिक रहेको हुँदा प्रस्तुत शोधकार्यका लागि सिद्धान्त निर्माणका साथै विश्लेषणका तहमा केही सहयोग पुगेको छ ।

कृष्णचन्द्रसिंह प्रधानद्वारा लेखिएको "साहित्यको समाजशास्त्र, सामकालिक बोध र नेपाली उपन्यास" (२०६०) शीर्षकको अवधारणापत्रमा साहित्यको समाजशास्त्रीय मान्यताका आधारमा विश्लेषण गर्ने सन्दर्भमा प्रासङ्गिक रूपमा मोहनबहादुर मल्ल आदि विविध धारका उपन्यासकार र तिनका प्रवृत्ति केलाउँदै समकालीन साहित्यिक समाजशास्त्रको बोध गराइएको छ । प्रस्तुत अवधारणापत्रमा साहित्यको समाजशास्त्रको परिचय, विकासक्रम, प्रमुख चिन्तकका विषयमा चर्चा गरिएको छ । यसमा प्रधानले साहित्यको समाजशास्त्रको पृष्ठभूमि तयार पार्ने क्रममा विविध चिन्तकको नाम लिंदै यसको प्रारम्भकर्ताको रूपमा तेनलाई लिएको पाइन्छ । प्रस्तुत अवधारणापत्रमा उनले बी.डी. गुप्ताको साहित्यको समाजशास्त्रीय निचोडका दसओटा बुँदा प्रस्तुत गरी सैद्धान्तिक चिनारी दिएका छन् । यसमा साहित्यको समाजशास्त्रीय समग्र मान्यताका बारेमा छेटो चर्चा गरिएको हुँदा यसका बारेमा थप अध्ययनको आवश्यकता देखिन्छ । यसले प्रस्तुत शोधकार्यका लागि सिद्धान्त निर्माणका साथै प्रायोगिक तहमा केही सहयोग गरेको छ ।

खेम दाहालद्वारा लिखित "साहित्यको समाजशास्त्रः एक अवधारणा" (२०६०) शीर्षकको आलेखमा साहित्यको समाजशास्त्रको पृष्ठभूमि निर्माण गर्ने चिन्तकका मान्यता र सैद्धान्तिक उपलब्धिलाई प्रस्तुत गरिएको छ । प्रस्तुत आलेखमा तेनआदि चिन्तकका योगदानको समीक्षात्मक टिप्पणी दिइएको छ । यसमा साहित्यको समाजशास्त्रीय प्रत्यक्षवादी धारगत मान्यताका आधारमा गुरुप्रसाद मैनालीका कथा, भीमनिधिका नाटक र रूद्रराज पाण्डेका उपन्यास प्रवृत्त रचना विश्लेषण गर्न सहज हुने कुरा व्यक्त गरिएको छ । यसमा मीमांसवादी धारगत मान्यतामा विश्वप्रसिद्ध रचनाका साथै प्रमुख नेपाली औपन्यासिक कृति

प्रवृत्त रचना विश्लेषणका लागि अनुकूल हुने दृष्टिकोण अगाडि सारिएको छ । प्रस्तुत आलेखले साहित्यको समाजशास्त्रीय समग्र मान्यतामा आधारित रहेको हुँदा छोटो समीक्षा मात्र आएकाले यसको थप अध्ययन गर्नु आवश्यक देखिन्छ । यसले प्रस्तुत शोधकार्यमा सिद्धान्त निर्माणका साथै विश्लेषणका प्रतिमान तय गर्ने सन्दर्भमा केही सहयोग पुऱ्याएको छ ।

दयाराम श्रेष्ठद्वारा लेखिएको "केही प्रमुख नेपाली उपन्यासहरूको समाजशास्त्र" (२०६०) शीर्षकको अवधारणापत्रमा साहित्यको समाजशास्त्रीय मान्यताका केही सन्दर्भ प्रस्तुत गरिएको छ । यसमा केही प्रमुख नेपाली उपन्यासमा बौद्धिकता, शिक्षामा चुनौती र विद्रोहका साथै प्रभावकारी तथा सम्प्रेषणीय भाषाशैलीको प्रयोग गर्ने प्रवृत्ति बढेको टिप्पणी आएको छ । प्रस्तुत अवधारणापत्रमा १९९१-२०२० सम्मका केही उपन्यासको समाजशास्त्रीय विश्लेषण गरिएको छ । श्रेष्ठले यसमा साहित्यलाई सामाजिक जीवनको चित्रण गर्ने एउटा सामाजिक संस्था मानेका छन् । यसमा साहित्यकार आफूमात्र समाजबाट प्रभावित नभई उसले समाजलाई पनि प्रभावित तुल्याउने विचार प्रस्तुत गरिएको छ । यसमा लेखकको दायित्व विद्यमान सामाजिक मूल्यमान्यतालाई उजागर गर्ने मात्र नभई समाजका लागि नयाँ मूल्यमान्यताको सिर्जना गरी समाजिक परिवर्तन ल्याउनुपर्ने धारणा प्रस्तुत गरिएको छ । यसले साहित्यको समाजशास्त्रीय प्रजाति, पर्यावरण र क्षणको भन्दा पनि समग्र मान्यताका बारेमा बोलेको हुँदा छोटो समीक्षा मात्र आएकाले यसको थप खोज गर्नु आवश्यक देखिन्छ । यसले प्रस्तुत शोधकार्यमा सिद्धान्त निर्माणका साथै प्रयोगका तहमा महत्त्वपूर्ण सहयोग पुऱ्याएको छ ।

शिवराज अधिकारीद्वारा गरिएको *समयको हुरी उपन्यासको कृतिपरक अध्ययन* (२०६०) शीर्षकको शोधकार्यमा मल्ल र उनको *समयको हुरी* उपन्यासको बारेमा चर्चा गरिएको छ । यसमा उक्त उपन्यासमा प्रयुक्त शैक्षिक परिवेशका बारेमा चर्चा गरिएको छ । सामाजिक चेतना जागृत गरी परिष्कृत समाजनिर्माण गर्न सकिने अभिव्यक्ति प्रस्तुत अध्ययनले दिएको छ । प्रस्तुत उपन्यासमा शिक्षालाई नै समाजविकासको मुख्य आधार मानिएको प्रकट गरिएको छ । प्रस्तुत अध्ययनमा उक्त उपन्यासको औपन्यासिक तत्त्वका आधारमा विश्लेषण गर्दा परिवेशको सामान्य चर्चा मात्र गरिएकाले यसको थप खोज

आवश्यक देखिन्छ । यसले सामान्य रूपमा प्रस्तुत शोधकार्यलाई सूचनामूलक जानकारी प्रदान गरेको छ ।

षडानन्द पौड्यालद्वारा लिखित "बहादुर नजरभित्र आलोडित हुँदा" (२०६१) शीर्षकको आलेखमा मल्लको *बहादुर नजर* उपन्यासको समीक्षा आएको छ । यसमा उपन्यासको रचनासन्दर्भ प्रस्तुत गरिएको छ । यसले प्रस्तुत उपन्यासमा ऐतिकासिक घटना र पात्रको प्रयोग गरिएको प्रस्तुति दिएको छ । प्रस्तुत आलेखमा नेपाल निमार्णमा पृथ्वीनारायण शाहले कोरेको गोरेटोमा बहादुर शाह समर्पित भएको निष्कर्ष दिइएको छ । यस लेखमा मल्लले भावना र इतिहासको यथार्थपरक समन्वय गरेको कुरा व्यक्त गरिएको छ । प्रस्तुत आलेखले उपन्यासमा प्रयुक्त पात्रका चेतना र इतिहासका घटनासन्दर्भ प्रस्तुत गर्दा सामान्य रूपमा यस शोधसमस्यालाई सङ्केत गरेकाले यसको थप अध्ययन आवश्यक देखिन्छ । यसले सामान्य रूपमा प्रस्तुत शोधकार्यलाई सूचनामूलक जानकारी प्रदान गरेको छ ।

इन्द्रमान खत्रीद्वारा लेखिएको "पढ्नैपर्ने, मनन गर्नै पर्ने जेलीको मर्म" (२०६२) शीर्षकको आलेखमा मल्लको *जेली* उपन्यासमा सामाजिक संस्कार र नारीसमस्या प्रस्तुत भएको देखाइएको छ । प्रस्तुत आलेखमा नेपाली समाज अशिक्षा र अज्ञानताबाट ग्रसित बने कुरा व्यक्त गरिएको छ । उपन्यासमा नेपाली समाज सांसारिक मोहमा लिप्त रहेको देखाइएको छ यसमा पात्रगत चेतनास्तर निम्न रहनुको मुख्य कारण सामाजिक प्रचलन दोषी रहेको व्यङ्ग्यात्मक निष्कर्ष प्रस्तुत गरिएको छ । यसमा पात्रगत निम्न चेतनास्तर भएको सङ्केत हुँदा यसको थप अध्ययन हुनु आवश्यक देखिन्छ । यसले सामान्य रूपमा प्रस्तुत शोधकार्यलाई सघाएको छ ।

गङ्गाधर अधिकारीद्वारा लिखित "ओभेलमा परेका स्रष्टा र उनको भुमरी उपन्यास" (२०६२) शीर्षकको आलेखमा *भुमरी* उपन्यासका पात्र प्रेम र कर्तव्यको जालमा परेको सजीव चित्रण प्रस्तुत गरिएको छ । प्रस्तुत आलेखमा बिधवा विवाहलाई मान्यता दिनुपर्ने सुधारवादी चेतना उक्त उपन्यासमा प्रकट भएको अभिव्यक्ति दिइएको छ । यस आलेखले उपन्यासमा उदघोष गरिएको सामाजिक चिन्तन र चेतनालाई व्यक्त गरिएको छ । प्रस्तुत आलेखले युगचेतनालाई सामान्य रूपमा सङ्केत गरेकाले यसको थप अध्ययन आवश्यक

देखिन्छ । यसमा आएका पात्रगत चेतनास्तरले सामान्य रूपमा प्रस्तुत शोधकार्यका लागि सहयोग गरेको छ ।

दामोदर घतानेद्वारा लेखिएको “समयको हुरी उपन्यासको अनुशीलनः बितेका पाँच दशकको पृष्ठभूमिमा” (२०६२) शीर्षकको आलेखमा *समयको हुरी* उपन्यासले समाजचेतना जागृत गरेको अभिव्यक्ति दिइएको छ । प्रस्तुत आलेखमा उपन्यासभित्र समाजमा विद्याश्रम सञ्चालन गर्नु, नारीलाई शिक्षा लिन आकर्षित गर्नु, समतामूलक समाजनिर्माणमा अग्रसर हुनु, व्यवस्थाप्रतिका विकृतिमाथि व्यङ्ग्य गर्नु र समाजहितमा समर्पित हुनुजस्ता सन्दर्भ समाहित भएको देखाइएको छ । आलेखले सामाजिक विषयवस्तुमा आधारित उपन्यास भएको निष्कर्ष दिएको छ । प्रस्तुत आलेखमा सामाजिक चेतना जागृतिको सङ्केत आएकाले यसको थप अध्ययन आवश्यक देखिन्छ । यसले सामान्य सूचनामूलक जानकारी दिने सन्दर्भमा प्रस्तुत शोधकार्यलाई सघाएको छ ।

धनराज सापकोटाद्वारा लिखित “उपन्यासकार मोहनबहादुर मल्लको समयको हुरी उपन्यासः एक अध्ययन” (२०६२) शीर्षकको आलेखमा *समयको हुरी* उपन्यास प्रगतिशील रहेको व्यक्त गरिएको छ । प्रस्तुत उपन्यासमा मानवतावादी, राष्ट्रवादी, समतामूलकजस्ता चिन्तन समाहित भएको अभिव्यक्ति आएको छ । यसमा पात्रगत चेतनाको सन्दर्भलाई पनि उठान गरेको देखिन्छ । त्यसैले यसको थप अध्ययन आवश्यक देखिन्छ । प्रस्तुत आलेखमा प्रभावपरक समालोचनाका आधारित भएर उपन्यासको सामान्य समीक्षा गरिएको छ । यसले चेतना जागृतिको सङ्केत दिएकाले यसको थप खोज आवश्यक देखिन्छ । यसले सूचनात्मक जानकारी दिएकाले प्रस्तुत शोधकार्यका सन्दर्भमा सामान्य सहयोग गरेको छ ।

नारायणप्रसाद रेग्मीद्वारा लेखिएको “मोहनबहादुर मल्लको उजेली छामा : एक विश्लेषणात्मक अध्ययन” (२०६२) शीर्षकको आलेखमा मल्लको *उजेली छामा* उपन्यासमा सामाजिक, सांस्कृतिकजस्ता विषय उठान भएको बताइएको छ । उपन्यासमा समाजका विकृति, विसङ्गति, कुसंस्कारजस्ता पक्षको उन्मूलनका लागि समाजमा शैक्षिक जागरण आवश्यक रहेको उल्लेख भएको छ । यसमा मल्लको *उजेली छामा* पहिलो नारी प्रधान उपन्यास भएको कुरा व्यक्त गरिएको छ । प्रस्तुत आलेखमा शैक्षिक जागरण र नारीचेतनाका सन्दर्भ आएकाले थप अध्ययनको आवश्यकता महसुस भएको देखिन्छ । यसले प्रस्तुत शोधकार्यका सन्दर्भमा सूचनात्मक सामान्य जानकारी मात्र दिएको छ ।

विष्णु ज्ञवालीद्वारा लिखित "मोहनबहादुर मल्लको पञ्चायतलाई हेर्दा" (२०६२) शीर्षकको आलेखमा मल्लको *पञ्चायत* उपन्यासमा सामाजिक दमन र उत्पीडनबाट पिल्सिएका नारीका समस्या प्रकट भएको छ । यसमा पञ्चायतले न्यायलाई आफ्नो हातमा लिएर सन्दर्भ आएको छ । यसमा पञ्चायतका नाममा गास, बास, कपासबाट बञ्चित, गरिब, असहाय र निमुखा जनतालाई दुःख दिने प्रवृत्ति समाजका रहेको बताइएको छ । यसमा समाजका दमन, उत्पीडनको विरोध र स्वस्थ, आत्मनिर्भर, स्वतन्त्र समाज निर्माणमा प्रवृत्त बन्ने सन्देश दिइएको छ । यस्ता सन्दर्भले युगचेतनालाई सामान्य सङ्केत गरेको हुँदा यसको थप अध्ययन आवश्यक छ । प्रस्तुत आलेखले शोधकार्यका लागि सामान्य जानकारी प्राप्त गर्ने सन्दर्भमा सघाएको छ ।

खुमराज पाण्डेद्वारा गरिएको *लीलबहादुर क्षत्रीका रचनामा यथार्थवादको स्वरूप* (सन् २००६) शीर्षकको शोधप्रबन्धमा मल्लको *उजेली छामा* उपन्यासलाई सामाजिक यथार्थवादी उपन्यासको स्वरूपमा विश्लेषण गरिएको छ । यस अध्ययनमा *उजेली छामा* उपन्यासलाई शीर्षस्थान दिइएको पाइन्छ । यसमा प्रस्तुत उपन्यासमा प्रयुक्त पात्रमा देखिएका चेतना र समाजमा भएका परिवर्तनलाई देखाइएको छ । उपन्यासमा परम्परागत चिन्तन र आधुनिक चेतनाका बिच भएको सङ्घर्षलाई यसमा प्रस्तुत गरिएको छ । यसमा परम्परागत विवाह पद्धतिले उजेलीजस्ता अनेकौं नारीका जीवनमा समस्या उत्पन्न हुनुमा सामाजिक परिवेश र सचेतनाको अभाव रहेको निष्कर्ष प्रस्तुत गरिएको छ । प्रस्तुत अध्ययनले परिवेश र पात्रका मानसिक चेतनालाई सामान्य सङ्केत गरेकाले यसको बारेमा थप खोजको आवश्यकता देखिन्छ । यसले प्रस्तुत शोधकार्यका लागि सामान्य जानकरी लिने सन्दर्भमा सहयोग पुगेको छ ।

षडानन्द पौड्यालद्वारा लिखित "ऐतिहासिक आधारभूमिमा समाहित रामछायाँ उपन्यासलाई विहङ्गावलोकन गर्दा" (२०६३) शीर्षकको आलेखमा मल्लको *रामछायाँ* उपन्यासमा तत्कालीन नेपाली समाको यथार्थ निरीक्षण भएको बताएका छन् । यसमा जाति र संस्कृतिको चिनारी दिइएको छ । यसले उपन्यासमा प्रयुक्त पात्रका खानपान, भाषा, संस्कृति, बसाइ र व्यवहारलाई देखाएको छ । यसमा फरकफरक परिवेश र जीवनशैली भए पनि समाजको अधीनमा रहनुपर्ने सामाजिक चेतनालाई सङ्केत गरिएको छ । यसमा यस्ता सामाजिक सन्दर्भ कलात्मक रूपमा समेटिएको बताइएको छ । प्रस्तुत आलेखले उपन्यासमा

प्रयुक्त सामाजिक परिवेश र चेतनालाई सामान्य रूपमा सङ्केत गरेको हुँदा यसको थप अध्ययन हुनु आवश्यक छ । यसले सामान्य रूपमा प्रस्तुत शोधकार्यलाई सघाएको छ ।

उदय क्षत्रीद्वारा गरिएको *समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका आख्यानको अध्ययन* (२०६४) शीर्षकको शोधप्रबन्धमा साहित्यको समाजशास्त्रीय समग्र मान्यताका बारेमा समीक्षा गरिएको छ । यसमा प्रजाति, क्षण, वातारवरण लगायतका अन्य मान्यताका बारेमा पनि अध्ययन गरिएको छ । यिनै मान्यताका आधारमा राईका कथा र उपन्यासको विश्लेषण गरिएको छ । यसमा पात्रका चेतन र अचेतन मनको गतिशील प्रक्रिया र जीवनविशेषको अनुभवको अभिव्यक्ति दिइएको छ । यसले लेखकलाई समाजसँग जोड्न सघाउ पुऱ्याउने कुरा व्यक्त गरिएको छ । प्रजाति, क्षण, वातारवरणका आधारमा राईका आख्यानको अध्ययन गर्ने सन्दर्भमा कृतिभित्र प्रवेश पाएका सामाजिक, आर्थिक, राजनीतिक, ऐतिहासिकजस्ता पक्षसँग जोडिन पुगेका छन् । यसमा समाजशास्त्रीय मूल्यका दृष्टिले राईका आख्यानात्मक प्रभावकारी रहेको निष्कर्ष आएको छ । प्रस्तुत अध्ययन समग्रता आधारित रहेको हुँदा विस्तृत समीक्षाको अभाव छ । यसर्थ मल्लका उपन्यास प्रजाति, पर्यावरण र क्षणको प्रयोग गर्नु आवश्यक देखिन्छ । यसले प्रस्तुत शोधकार्यलाई सिद्धान्त निर्माणका साथै विश्लेषणका सन्दर्भमा सहयोग पुगेको छ ।

ऋषिराज बरालद्वारा लेखिएको *साहित्य र समाज* (२०६४) शीर्षकको कृतिमा नेपाली उपन्यासमा सामाजिक चिन्तनअन्तर्गत मल्लका उपन्यासमा सामाजिक चिन्तन आएको प्रस्तुति दिइएको छ । यसमा उनका उपन्यासको सामाजिक चिन्तनको स्वरूप र पक्ष समान नभएको सङ्केत गरिएको छ । मल्लका उपन्यासमा समाज जस्तो छ त्यस्तै देखाइएको प्रस्तुति आएको छ । उनका उपन्यासमा समाजसुधारको चाहना र आमूल परिवर्तनको दृष्टिकोण आएका छन् । प्रस्तुत कृतिमा मल्लका उपन्यासमा सामाजिक पक्ष र प्रगतिवादी दृष्टि झल्किएको कुरा बताइएको छ । बरालको प्रस्तुत कृतिमा समाजशास्त्रीय प्रजाति, पर्यावरण र क्षणगत मान्यताका चर्चा गरिएको छैन । यसमा मल्लका उपन्यासमा सामाजिक चिन्तन र आमूल परिवर्तनको दृष्टिकोणका बारेमा छोटो चर्चा गरिएको हुँदा यसमा थप अध्ययन आवश्यक देखिन्छ । प्रस्तुत समीक्षाले सामान्य जानकारी दिने सन्दर्भमा यस शोधकार्यलाई सघाएको छ ।

राजेन्द्र सुवेदीद्वारा लिखित *नेपाली उपन्यास : परम्परा र प्रवृत्ति* (२०६४) शीर्षकको कृतिमा मल्लका उपन्यासमा शिक्षाप्रचार, प्रेमवरण, संस्कार, संस्कृतिजस्ता जागरणमुखी सन्देश प्रवाह भएको बताइएको छ । यसमा आदर्श र क्रियाशील समाजनिर्माणको उद्‌घोष उनका उपन्यासमा भएको कुरा व्यक्त गरिएको छ । प्रस्तुत कृतिमा मल्लका *उजेली छाया, मायारानी, पञ्चायत, समयको हुरी, बहादुर नजर, जेली*जस्ता आधा दर्जनभन्दा बढी उपन्यासमा भावुकता, स्वतन्त्रता, चरित्रगत संवेद्यताजस्ता पक्ष रहेको प्रस्तुति दिइएको छ । मल्लका उपन्यासमा आएका पात्रमा जागरणमुखी चेतना र क्रियाशील विचार आएको सामान्य सङ्केत गरिएको हुँदा यसको थप खोज हुनु आवश्यक देखिन्छ । प्रस्तुत समीक्षाले यस शोधकार्यलाई सामान्य सहयोग गरेको छ ।

कमलनयन आचार्यद्वारा गरिएको *समयको हुरी उपन्यासको कृतिपरक अध्ययन* (२०६६) शीर्षकको शोधकार्यमा मल्लको उक्त उपन्यासमा शैक्षिक जागरणको चेतना सशक्त रूपमा आएको बताइएको छ । यसमा समाजमा विद्यमान कुरीति र कुसंस्कारको अन्त्यका लागि सामाजिक चेतना बाहक बन्ने कुरा व्यक्त गरिएको छ । प्रस्तुत अध्ययनमा उक्त उपन्यासमा वस्तु, स्थान र समयलाई समाहित गर्नसक्ने पात्रको प्रयोग भएको बताइएको छ । यसमा सामाजिक जनजीवनका यथार्थ घटना, परिवेश र पात्रको संयोजन भएको प्रस्तुति आएको छ । प्रस्तुत उपन्यासमा प्रयोग भएका यस्ता सन्दर्भको छोटो चर्चाले यसको थप अध्ययन आवश्यक रहेको देखिन्छ । यसले प्रस्तुत शोधकार्यमा सामान्य सहयोग गरेको छ ।

जनकलाल शर्माद्वारा लिखित *हाम्रो समाज: एक अध्ययन* (२०६७) शीर्षकको कृतिमा जाति, प्रजाति, वंशानुक्रम, पर्यावरणजस्ता विषयमा चार्च गरिएको छ । प्रस्तुत कृतिमा शर्माले जातिलाई वर्णव्यवस्थाका अर्थमा र प्रजातिलाई मानवउपशाखाको अर्थमा लिएका छन् । यसमा अङ्ग्रेजी भाषाको ‘कास्ट’ शब्द जातिका रूपमा र ‘रेस’ शब्द प्रजातिका रूपमा प्रयोग गरिएको छ । प्रस्तुत कृतिमा भिन्न प्रजातिको रक्तबाट जन्मेको सन्ततिलाई मिश्रित प्रजाति मानिएको छ । प्रस्तुत कृतिमा वाहकाणुका कारणले गर्दा प्राणीमा गोरो, कालो, पहेंलो र केश पनि विविध पाइने बताइएको छ । यस कृतिमा कुनै प्रजातिमा कुनै विशेष गुण देखिन्छन् भने त्यो यसै वाहकाणुका कारणले गर्दा नै देखिनु र जोडीमा मोटो, पातलो, गोरो, कालो आदि गुण छिपेर रहेने कुरा व्यक्त गरिएको छ । यसमा वाहकाणुले वंशपरम्पराद्वारा

प्राणीको शारीरिक रचना हुने र कालो पनि यसैका कारणले र गोरो पनि यसैका कारणले हुने तथा यसले शरीररचनाको यावत् कुरामा प्रभाव पार्ने बताइएको छ । प्रस्तुत कृतिमा प्रजातिलाई बनाउने यसै वाहकाणुको काम हो र जसको वाहकाणु एक प्रकारको हुन्छ त्यो एक प्रकारको प्रजाति र अर्को प्रकारको वाहकाणु हुने अर्को प्रकारको प्रजाति हुने कुरा व्यक्त गरिएको छ । यसमा पर्यावरणले पनि प्राणीको शारीरिक रचनामा प्रभाव पर्ने तथा सुजनन भावनाको मुख्य आधार वंशानुक्रम हो र सन्ततिमा आफ्ना आमाबाबु तथा पुर्खाका गुण सङ्क्रमित हुने कुरा व्यक्त भएको छ । यसमा प्रजाति जन्मको कारणले बन्ने र अनेक प्रजातिको समूह मिलेर राष्ट्र बन्ने कुरा आएको छ । प्रस्तुत कृतिमा प्रजातिले आपसी भेदभाव बिर्सेर एउटै समूहमा आबद्ध भएर राष्ट्रको रूप खडा हुने र त्यसैबाट राष्ट्रियता बढ्ने कुरा व्यक्त भएको छ । प्रस्तुत कृतिमा जाति, प्रजाति र पर्यावरणका बारेमा महत्त्वपूर्ण तर सङ्क्षिप्त रूपमा समीक्षा गरिएको हुँदा थप अध्ययन हुनु आवश्यक देखिन्छ । प्रस्तुत अध्ययनले यस शोधकार्यका लागि प्रजाति र पर्यावरणका तहमा महत्त्वपूर्ण सामग्री प्राप्त भई सहयोग पुगेको छ ।

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त* (२०६७) शीर्षकको कृतिमा साहित्यको समाजशास्त्रीय मान्यताका बारेमा महत्त्वपूर्ण विचार प्रस्तुत गरिएको छ । प्रस्तुत कृतिमा समाजपरक समालोचनाअन्तर्गत परिचय, पृष्ठभूमि र विकासका सन्दर्भमा साहित्यको समाजशास्त्रमा तेनआदि विचारकको महत्त्वपूर्ण योगदान रहेको कुरा व्यक्त गरिएको छ । यसमा तेनको जाति, पर्यावरण र क्षणसम्बन्धी समाजशास्त्रीय मान्यताका बारेमा महत्त्वपूर्ण चर्चा गरिएको छ । यसमा संसारका हरेक जातिको आफ्नै सांस्कृति, ऐतिहासिक परम्परा, कलागत मूल्य र जीवनको आदर्श हुनेकुरा बताइएको छ । यसमा साहित्यकार बाँचेको युगको समस्या, मान्यता र विश्वासको समग्रतालाई पर्यावरण मानिएको छ । प्रस्तुत कृतिमा साहित्यिक रचनाको लागि प्रेरित विशिष्ट स्थितिलाई क्षण मानिएको छ । साहित्यको समाजशास्त्रसम्बन्धी विविध मान्यताका बारेमा चर्चा गर्ने सन्दर्भमा सङ्क्षिप्त रूपमा तेनको प्रजाति, पर्यावरण र क्षणसम्बन्धी मान्यताको समीक्षा गरिएको हुँदा यसको बारेमा थप अध्ययन हुनु आवश्यक देखिन्छ । प्रस्तुत अध्ययनले यस शोधकार्यका लागि सिद्धान्त निर्माणका तहमा महत्त्वपूर्ण सामग्री प्राप्त भई सहयोग पुगेको छ ।

दुर्गाबहादुर घर्तीद्वारा लेखिएको "साहित्यको समाजशास्त्रका प्रमुख मान्यता" (२०६८) शीर्षकको आलेखमा साहित्यको समाजशास्त्र महत्त्वपूर्ण वैज्ञानिक विषय भएको अभिव्यक्ति आएको छ । यसमा साहित्यको समाजशास्त्रीय चिन्तक र तिनका मान्यताका बारेमा विश्लेषण गरिएको छ । प्रस्तुत आलेखमा साहित्यको समाजशास्त्रको आरम्भक गर्ने पहिलो चिन्तक तेनलाई मानिएको छ । उनले प्रत्यक्ष्यवादी दृष्टिकोणलाई अवलम्बन गरी जाति, क्षण र पर्यावरणको मान्यता प्रतिपादन गरेको बताइएको छ । यसमा यिनै मान्यता सम्बद्ध सामाजिक सन्दर्भका आधारमा साहित्य र समाजलाई जोड्ने काम तेनले गरेको प्रस्तुति आएको छ । प्रस्तुत आलेखमा तेनका प्रस्तुत मान्यताले समाज, साहित्य, साहित्यकार तथा पाठकको अध्ययन गर्ने कुरा व्यक्त गरिएको छ । यसमा समुदायको सामूहिक मानसिकता, भावना, चेतना, विचारजस्ता पक्ष तेनका मान्यताअन्तर्गत पर्ने छोटो समीक्षा आएको हुँदा यसका बारेमा थप अध्ययन आवश्यक देखिन्छ । यस समीक्षाले प्रस्तुत शोधकार्यका लागि सिद्धान्त निर्माणका तहमा सहयोग पुऱ्याएको छ ।

हरिप्रसाद शर्माद्वारा गरिएको *मोहनबहादुर मल्लको उजेली छामा उपन्यासको कृतिपरक अध्ययन* (२०६८) शीर्षकको शोधकार्यमा मल्लको *उजेली छामा* उपन्यासमा नेपाली समाजको यथार्थ प्रतिबिम्ब प्रस्तुत बताइएको छ । प्रस्तुत उपन्यासमा सामाजिक व्यवहारको छायाँचित्र आएको देखाइएको छ । यसमा *उजेली छामा* उपन्यासको सामाजिक सन्दर्भका बारेमा विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनमा विश्लेषणका सन्दर्भमा उपन्यासमा प्रयुक्त पात्रका मनोभावना, चिन्तन, विचार, परिवेशजस्ता पक्षमा केन्द्रित भएको देखिन्छ । यसमा मल्लको उक्त उपन्यासमा प्रवेश पाएका यस्ता सन्दर्भको सङ्क्षिप्त परिचयमूलक समीक्षा मात्र भएकाले यसका बारेमा थप अध्ययन हुनु आवश्यक देखिन्छ । प्रस्तुत अध्ययनले शोधकार्यका लागि सामान्य जानकारी मात्र लिने सन्दर्भमा सघाउन पुगेको छ ।

खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित *नेपाली उपन्यासको इतिहास* (२०६९) शीर्षकको कृतिमा मल्लका उपन्यासमा नेपाली समाजमा शैक्षिक, आर्थिकजस्ता समस्याबाट पिल्सिएका विपन्न वर्गका शोषण एवम् उत्पीडन आएको र त्यसका विरूद्ध पात्रका माध्यमबाट आवाज उठाइएको प्रस्तुति दिइएको छ । मल्लका उपन्यासमा प्रयुक्त केही पात्र यथास्थितिमा रमाउँदै नवीन मूल्यमान्यताको खोजीमा लागेको बताइएको छ । यसमा मल्लका *उजेली छामा,*

*मायारानी, पञ्चायत, समयको हुरी, भुमरी, बहादुर नजर* र *जेली*जस्ता लघु र मझौला आयामका परम्परित ढाँचामा संरचित उपन्यास मानिएको छ । उनका उपन्यासमध्ये *मायारानी* र *बहादुर नजर* ऐतिहासिक-सामाजिक, *भुमरी* राजनैतिक-सामाजिक र अन्य उपन्यास सामाजिक विषयवस्तुमा आधारित रहेको सन्दर्भगत प्रस्तुति दिइएको छ । यसमा *समयको हुरी* र *भुमरी* उपन्यासको सङ्गठन र भाषाशिल्प परिष्कृत र अन्य उपन्यासमा कमजोर रहेको प्रस्तुति दिइएको छ । उनका उपन्यास सामाजिक परिवेश र नवीन मूल्यमान्यताको खोजीमा अगाडि बढेको सामान्य चर्चा यसमा भएकाले यसको थप अध्ययनको आवश्यकता देखिन्छ । प्रस्तुत अध्ययन यस शोधकार्यका लागि सामान्य सहयोगी रहेको छ ।

बाबुराम लम्सालद्वारा गरिएको *प्रेतकल्प उपन्यासको समाजशास्त्र* (२०६९) शीर्षकको शोधप्रबन्धमा समाजशास्त्रीय समग्र मान्यताको सिद्धान्तको समीक्षा गरिएको छ । यसमा तेनको मान्यता क्षण, प्रजाति र वातावरणका आधारमा प्रस्तुत उपन्यासमा प्रयुक्त पात्रका विशेषता, मानसिकता, चेतना, तत्कालीन परिवेशजस्ता पक्षका बारेमा विश्लेषण गरिएको छ । प्रस्तुत विश्लेषणमा उक्त उपन्यास सफल रहेको निष्कर्ष दिइएको छ । पुस्तकालयीय अध्ययनकार्यबाट सङ्कलित सामग्रीको समष्टिगत गुणत्मक पद्धतिका आधारमा विश्लेषण गरिएको छ । यसमा उक्त उपन्यासमा प्रयुक्त पात्रका विशेषता, मानसिकता, चेतना, परिवेशको सामान्य समीक्षा गरिएको हुँदा यसको थप अध्ययन आवश्यक रहेको देखिन्छ । यसले सामान्य रूपमा प्रस्तुत शोधकार्यलाई सघाउन पुगेको छ ।

राजेन्द्र सुवेदीद्वारा लेखिएको "पहिरो कथामा प्रयुक्त क्षण, जाति र पर्यावरण" (२०६९) शीर्षकको आलेखमा समाजशास्त्रीय क्षण, जाति र पर्यावरणगत मान्यताका बारेमा चर्चा गरिएको छ । प्रस्तुत आलेखमा क्षण, पर्यावरण र प्रजातिको पहिचान गरी *पहिरो* कथाभित्र आएका सामाजिक, आर्थिक र सांस्कृतिक पक्षको विश्लेषण गरिएको छ । यसमा देशभित्र र बाहिर रहेका नेपालीको स्थितिलाई प्रजाति, क्षण र पर्यावरणसँग जोडेर अध्ययन गरिएको छ । प्रस्तुत आलेखमा नेपालबाहिर रहेका नेपाली कुल्ली, दरवानजस्ता तल्लोतहको काम गर्न बाध्य भएको र देशभित्रका नेपाली अनावृष्टि, अतिवृष्टि, अनिकाल, पहिरोजस्ता प्राकृतिक प्रकोपबाट प्रताडित जीवन भोग्न बाध्य भएको निष्कर्ष दिइएको छ । यसमा पात्रको मासिकता, तत्कालीन समय र परिवेशको छोटो चर्चा गरिएकाले यसका बारेमा थप

अध्ययन आवश्यक देखिन्छ । प्रस्तुत अध्ययनले यस शोधकार्यलाई सामान्य रूपमा सघाएको छ ।

राजेन्द्र सुवेदीद्वारा लिखित "एलेन स्विङ्गउडका मान्यता र साहित्यको समाजशास्त्र" (२०६९) शीर्षकको आलेखमा स्विङ्गउडका मान्यताको समीक्षा गरिएको छ । प्रस्तुत आलेखमा साहित्य र समाजको सम्बन्ध देखाउन महत्त्वपूर्ण समाजपरक समालोचना साहित्यको समाजशास्त्र भएको बताइएको छ । यसमा तेन र उडले उठाएको विषयलाई मार्क्सले पूरा गरेको टिप्पणी दिइएको छ । प्रस्तुत आलेखमा तेनको मान्यताका बारेमा स्विङ्गउडले थप चर्चा गरेको कुरामा बताइएको छ । यसमा साहित्यको समाजशास्त्रीय मान्यताको सामान्य समीक्षा गरिएको हुँदा यसको थप अध्ययन हुनु आवश्यक देखिन्छ । प्रस्तुत आलेख साहित्यको समाजशास्त्रीय मान्यतामा आधारित रहेको हुँदा सिद्धान्त निर्माणका तहमा यस शोधकार्यलाई सामान्य सहयोग पुऱ्याएको छ ।

दीपकप्रसाद गौतमद्वारा गरिएको *लीलबहादुर क्षत्रीका उपन्यासको समाजशास्त्र* (२०७०) शीर्षकको शोधप्रबन्धमा साहित्यको समाजशास्त्रीय समग्र मान्यताका बारेमा समीक्षा गरिएको छ । गौतमले समीक्षा गर्ने सन्दर्भमा प्रजाति, क्षण र वातावरणका आधारमा पनि क्षत्रीका उपन्यासको विश्लेषण गरेका छन् । प्रस्तुत अध्ययनमा जात र धर्मले प्रजातिको स्वभाव र विशेषता निरक्यौंल गर्ने कुरा बताइएको छ । क्षत्रीका उपन्यासमा बाहुन, क्षेत्री, गुरूङ, मगर, नेवार, कामी, दमाईजस्ता प्रजातिको प्रयोग भएको देखाइएको छ । यसमा राणाकालीन, प्रजातन्त्रकालीन तथा दोस्रो विश्वयुद्धकालीन क्षण युगविशेषको रूपमा आएको बताइएको छ । यसमा नेपाल तथा भारतका विविध स्थान, गाउँबस्ती, सहर, भीडजस्ता कुरा वातावरणका रूपमा आएको देखाइएको छ । प्रस्तुत अध्ययन समग्र समाजशास्त्रीय मान्यताको समीक्षामा आधारित रहेकाले यसको बारेमा छुट्टै थप अध्ययन आवश्यक देखिन्छ । यसले प्रस्तुत शोधकार्यका लागि सिद्धान्त निर्माणका साथै विश्लेषणका तहमा महत्त्वपूर्ण सहयोग पुगेको छ ।

बाबुराम अधिकारीद्वारा गरिएको *अलि मियाँका गीतको गीतितात्त्विक एवम् समाजशास्त्रीय अध्ययन* (२०७०) शीर्षकको शोधप्रबन्धमा समाजशास्त्रीय मान्यताका आधारमा अलि मियाँका गीतको विश्लेषण गरिएको छ । प्रस्तुत शोधकार्यमा मियाँका नेपाली समाजका गतिविधिमा आधारित गीतमा पर्याप्त समाजशास्त्रीय मूल्य रहेको बताइएको छ ।

यसमा मियाँका गीति सिर्जनामा सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, सांकृतिक र ऐतिहासिक क्षेत्रको प्रभाव रहेको बताइएको छ । उनका गीति सिर्जनामा युगीन आवाज आएको देखाइएको छ । मियाँका गीतमा २००७ साल वरपरका मानिसका मनोभावना, प्राकृतिक तथा सामाजिक परिवेश र युगसन्दर्भ र युगचेतना आएको देखाइएको छ । प्रस्तुत अध्ययन समग्र समाजशास्त्रीय मान्यतामा आधारित भई गरिएकाले प्रजाति, प्रर्यावरण र क्षणका बारेमा छुट्टै थप अध्ययन गर्नु आवश्यक देखिन्छ । यस अध्ययनले प्रस्तुत शोधकार्यमा सिद्धान्त निर्माणका तहमा सामान्य सहयोग पुगेको छ ।

चन्द्रमान श्रेष्ठद्वारा गरिएको *पारिजातका उपन्यासको समाजशास्त्र* (२०७१) शीर्षकको शोधप्रबन्धमा साहित्यको समाजशास्त्रीय समग्र मान्यताको समीक्षा गरिएको छ । यसमा प्रजाति, क्षण र परिवेशका आधारमा पारिजातका उपन्यासको विश्लेषणबाट प्राप्त निष्कर्षात्मक टिप्पणीसमेत प्रस्तुत गरिएको छ । प्रस्तुत उपन्यासमा प्रजातिगत चरित्रभन्दा वर्गीय चरित्र बढी आएको बताइएको छ । यसमा क्षण र परिवेशमा समाजशास्त्रीय मूल्य बढी रहेको तथा पञ्चायतकालीन दमन र जनआवाजका सङ्घर्ष क्षण तथा परिवेशसँग मिश्रित भएर आएको देखाइएको छ । प्रस्तुत अध्ययन समग्र समाजशास्त्रीय मान्यतामा आधारित भई गरिएकाले प्रजाति, पर्यावरण र क्षणको छुट्टै अध्ययन हुनु आवश्यक देखिन्छ । यस अध्ययनले प्रस्तुत शोधकार्यलाई सिद्धान्त निर्माणका साथै विश्लेषणका तहमा महत्त्वपूर्ण सहयोग पुऱ्याएको छ ।

षडानन्द पौड्यालद्वारा गरिएको *मोहनबहादुर मल्लका उपन्यासमा सामाजिक यथार्थवाद* (२०७१) शीर्षकको शोधप्रबन्धमा मल्लका उपन्यासको विश्लेषण गरिएको छ । मल्लका उपन्यासमा सामाजिक, आर्थिक, भौगोलिक, शैक्षिक, ऐतिहासिकजस्ता पक्ष आएको प्रस्तुत अध्ययनमा बताइएको छ । उनका उपन्यासमा ग्रामीण परिवेश, स्थानीय रहनसहन, गतिशीलसमाजको चिन्तन, नारीचेतना, नारीजागरण, छुवाछुतविरोधी चिन्तन, राष्ट्रहितको चिन्तनजस्ता पक्ष आएको यस अध्ययनले देखाएको छ । प्रस्तुत अध्ययनमा आएका उक्त पक्षको सामाजिक यथार्थवादमा आधारित भई विश्लेषण गरिएको छ । प्रस्तुत विश्लेषणका एकाध सन्दर्भ यस शोधकार्यका लागि केही मात्रामा नजिक रहेजस्तो लागे पनि यसको साहित्यको समाजशास्त्रीय प्रजाति, पर्यावरण र क्षणगत मान्यताका आधारमा छुट्टै अध्ययन

गर्नुपर्ने आवश्यकता देखिन्छ । यसले केही मात्रामा प्रस्तुत शोधकार्यका लागि सहयोग पुगेको छ ।

गोविन्दप्रसाद दुलालद्वारा गरिएको *दमिनी भीर उपन्यासको समाजशास्त्र* (२०७२) शीर्षकको शोधप्रबन्धमा साहित्यको समाजशास्त्रीय क्षण, जाति र पर्यावरणआदि मान्यताका आधारमा उक्त उपन्यासको विश्लेषण गरिएको छ । दुलालले उपन्यासभित्र आर्य र मङ्गोलियन जातिका बाहुन, क्षेत्री, गुरूङ, मगर, कामी, दमाईजस्ता मानवजाति प्रजातिका रूपमा आएको बताएका छन् । यसमा राणाकालदेखि भएका राजनीतिक परिवर्तनका साथै दसवर्षिय जनयुद्ध र त्यसले नेपाली समाजमा ल्याएको परिवर्तन क्षणका रूपमा र भोजपुर, काठमाडौँजस्ता स्थान ग्रामीण तथा सहरिया परिवेशका रूपमा आएको बताइएको छ । यसमा उक्त उपन्यासभित्र प्रयुक्त पात्रका मासिकता, भावना, चेतना, विचार, सांस्कृतिक, सामाजिक, आर्थिक, राजनीतिक, ऐतिहासिकजस्ता सन्दर्भ परिवेशका रूपमा आएको देखाइएको छ । प्रस्तुत अध्ययन गुणात्मक पद्धतिमा आधारित भई गरिएको छ । यस अध्ययन समग्र समाजशास्त्रीय मान्यतामा आधारित रहेकाले प्रजाति, पर्यावरण र क्षणको बारेमा थप खोज हुनु आवश्यक छ । यसले प्रस्तुत शोधकार्यलाई सिद्धान्त निर्माण तथा विश्लेषणका तहमा थप सहयोग पुऱ्याएको छ ।

युवराज पौडेलद्वारा गरिएको *लैनसिंह बाङ्देलका उपन्यासमा प्रजाति, परिवेश र युग* (२०७२) शीर्षकको शोधप्रबन्धमा बाङ्देलका उपन्यासमा प्रजाति, परिवेश र युगका आधारमा अध्ययन गरिएको छ । यसमा प्रवासी नेपालीमा रहेको राष्ट्रियताको भावना, शक्तिशालीमा भन्दा गरिबमा रहेको मानवता, पवित्र प्रेमलाई सामाजिक बन्धनले दबाउन नहुने भावनाजस्ता सन्दर्भलाई प्रजाति, परिवेश र युगका रूपमा लिइएको छ । प्रस्तुत अध्ययनमा महान् कला भविष्यकेन्द्रित हुने निष्कर्षात्मक प्रस्तुति दिइएको छ । यस अध्ययनमा गुणात्मक पद्धतिको अवलम्बन गरिएको छ । प्रस्तुत अध्ययन समाजशास्त्रीय मान्यताअन्तर्गतको भए पनि कतिपय सन्दर्भ छुटेकाले यसको थप अध्ययन गर्नु आवश्यक देखिन्छ । यसले प्रस्तुत शोधकार्यमा सिद्धान्त निर्माण तथा विश्लेषणका तहमा केही सहयोग पुऱ्याएको छ ।

षडानन्द पौड्यालद्वारा लेखिएको *मोहनबहादुर मल्लका उपन्यासमा सामाजिक यथार्थवाद* (२०७२) शीर्षकको कृतिमा मल्लका समग्र उपन्यासको सामाजिक यथार्थवादमा आधारित भई विश्लेषण गरेका छन् । मल्लका उपन्यासमा विधवाविवाह, छुवाछुतअन्त्य,

मातृभाषाशिक्षाजस्ता महत्त्वपूर्ण पक्ष सशक्त रूपमा आएको अभिव्यक्ति दिइएको छ । उनका उपन्यासमा ग्रामीण परिवेश, स्थानीय रहनसहन, नारीजागरणजस्ता पक्ष आएको बताएका छन् । मल्लका उपन्यासको महत्त्वपूर्ण पक्ष समतामूलक समाजनिर्माण भएको औँल्याइएको छ । प्रस्तुत कृतिमा आएका केही सन्दर्भ यस अध्ययनसँग नजिक रहेजस्तो भए पनि सामाजिक यथार्थवादको ढाँचामा भएकाले साहित्यको समाजशास्त्रीय प्रजाति, पर्यावरण र क्षणका दृष्टिले छुट्टै थप अध्ययन गर्नुपर्ने देखिन्छ । यसले प्रस्तुत शोधकार्यमा पर्यावरणको अध्ययनमा केही मात्रामा सहयोग पुऱ्याएको छ ।

आनन्दराज सिलवालद्वारा लिखित "चिन्तन र चेतनाका दृष्टिमा समयको हुरी उपन्यास" (२०७४) शीर्षकको आलेखमा *समयको हुरी* उपन्यासमा प्रयुक्त पात्रका चेतनाको विश्लेषण गरिएको छ । प्रस्तुत उपन्यासमा राणाशासनको अन्त्य र प्रजातन्त्रको उदयबिचको सङ्क्रमणकालीन समाजका मानिसको युगचेतनालाई प्रस्तुत गरिएको छ । यस उपन्यासमा आएका पात्रमध्ये लक्ष्मीधर, ज्ञानी, उसकी आमा, धनकी आमाजस्ता पात्रले सामन्ती चिन्तनलाई अङ्गीकार गरेका छन् भने न्यूजी, प्रभाकर, विद्या र उनका बाबुजस्ता पात्रले शिक्षाको प्रचार एवम् समतामूलक समाजनिर्माणको चिन्तन प्रकट गरेको देखाइएको छ । प्रस्तुत उपन्यासमा पद्मीलाई सालनालसहित सार्की जातिले भेटेका कारण उसले सर्किनीको संज्ञा पाउनुले तत्कालीन समाजको चेतना प्रकट भएको छ । प्रस्तुत आलेखले यस शोधकार्यमा युगचेतनाको अध्ययनमा केही मात्रामा सहयोग गरेको छ ।

आनन्दराज सिलवालद्वारा लेखिएको "शैलीशिल्पगत दृष्टिमा समयको हुरी उपन्यास" (२०७४) शीर्षकको आलेखमा प्रस्तुत उपन्यासमा प्रयुक्त शैलीशिल्पको बारेमा चर्चा गरिएको छ । यसमा साहित्य र समाज अर्न्तसम्बन्धित विषय भएको बताइएको छ । साहित्यिक अर्न्तवस्तु, संरचना, भाषा, शैलीशिल्पजस्ता पक्षमा समाज व्यक्त हुने कुराको प्रस्तुति यसमा दिइएको छ । कृतिमा प्रयोग भएका उक्त पक्षले त्यस कृतिको स्तर निर्धारण गर्ने कुरा यसमा व्यक्त भएको पाइन्छ । प्रस्तुत उपन्यासमा सरल वाक्यमा आधारित लेखक भाषा, स्थानीय भाषा र व्यक्ति भाषाको प्रयोग भएको प्रस्तुति आएको छ । प्रासङ्गिक रूपमा प्रयोग भएका उखानटुक्का र थेगोले प्रस्तुत उपन्यासमा रोचकता र यथार्थता प्रदान गरेको बताइएको छ । यसमा तृतीय पुरूष दृष्टिविन्दु, सर्वद्रष्टा दृष्टिविन्दु, संवादात्मकशैली, पत्रात्मकशैली र सङ्क्षेपीकृत शिल्पपद्धतिको प्रयोग गरिएको कुरा व्यक्त भएको छ । प्रस्तुत उपन्यासमा

स्वाभाविक भाषिक विन्यास र आख्यानात्मक मिठासपूर्ण शैलीशिल्पको यथोचित प्रयोग भएको देखाइएको छ । उपन्यासमा प्रयुक्त यस्तो शैलीशिल्प निर्माणमा स्थानीय परिवेशको प्रभाव परेको निष्कर्ष यसमा प्रस्तुत गरिएको छ । यसले उपन्यासलाई वस्तुपरक एवम् सौन्दर्यमूलक बनाएको कुरा आएको छ । यसमा परिवेशगत प्रभावको कुरा सङ्क्षिप्त रूपमा आएको हुँदा यसको थप अध्ययन आवश्यक देखिन्छ । प्रस्तुत आलेखले यस शोधकार्यका लागि केही मात्रामा सघाएको छ ।

आनन्दराज सिलवालद्वारो लिखित "युगीन सन्दर्भका दृष्टिमा समयको हुरी उपन्यास" (२०७४) शीर्षकको आलेखमा युगसन्दर्भका मान्यताका आधारमा *समयको हुरी* उपन्यासको विश्लेषण गरिएको छ । यसमा तत्कालीन नेपाली समाज गुणस्तरीय शैक्षिक प्रतिष्ठानको अभावका कारण चेतनास्तर माथि उठ्न नसकेको देखाइएको छ । यसमा जातभात, छुवाछुत र समानता विरोधी गतिविधिका कारण समाज पछिपरेको देखाइएको छ । अध्यात्मवादी र भौतिकवादी दर्शनले मानिसमा पारेको प्रभाव, जनतालाई सेवादिने कर्मचारीको कार्यशैली, प्रणयले मानिसमा पार्ने प्रभाव, व्यवस्थित बजारको अभाव, सामाजिक समस्याग्रस्त स्थिति आदिका बारेमा चर्चा गरिएको छ । प्रस्तुत उपन्यासमा असलकार्यको समर्थन र खरावकार्यप्रति विरोध गरी समुन्नत समाजनिर्माणको अपेक्षा गरिएको छ । यसमा युगीन सन्दर्भको छोटो समीक्षा आएकाले यसको थप अध्ययन आवश्यक देखिन्छ । प्रस्तुत आलेखले यस शोधकार्यमा युगसन्दर्भ पहिचानमा केही सहयोग पुगेको छ ।

ईश्वर चौहानद्वारा गरिएको *हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा जाति, क्षण र पर्यावरण* (२०७४) शीर्षकको शोधप्रबन्धमा साहित्यको समाजशास्त्रीय सैद्धान्तिक मान्यता जाति, क्षण र पर्यावरण तथा यसका अवयवको बारेमा चर्चा गरिएको छ । यसमा जातिअन्तर्गत सहज आनुवंशिक गुण, समान सांस्कृतिक विशेषता, भूगोल र जलवायु, खानपान र शारीरिक संरचना पर्ने कुरा बताइएको छ । क्षणअन्तर्गत कृति रचनाको प्रेरक क्षण, समग्र कालखण्ड, विचारधारा र जीवनपद्धति पर्ने कुरा गरिएको छ । यसमा पर्यावरणअन्तर्गत प्रकृति र प्राकृतिक, सामाजिक, सांस्कतिक, आर्थिक, राजनैतिकजस्ता परिवेश पर्ने कुरा व्यक्त गरिएको छ । यिनै आधारमा हृदयचन्द्रसिंह प्रधानका उपन्यासको विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनमा प्रधानका *एकचिहान* र *स्वास्नीमान्छे* उपन्यासमा काठमाडौं उपत्यका आसपासअन्तर्गतको परिवेशमा आधारित सान्दर्भिक कथानक, वर्गीय

विषमताले निर्धारण गरेको कुरा आएको छ । यसमा जातीय संरचना, सहभागी पात्रमा नेवार, पर्वते, मङ्गोल र मधेसी समुदायको उपस्थिति, फरक जाति र सम्प्रदायका मौलिक संस्कृतिको चर्चा भएको प्रस्तुति पाइन्छ । उच्चवर्गीय अमानवीय व्यवहारका कारण स्वास्नीमान्छे रन्डी बन्न बाध्य, देश र नारी जातिको रक्षार्थ युवावर्गको प्रतिकार, जातीय, लैङ्गिक, सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिकजस्ता क्षेत्रका सन्दर्भ आएको कुरा यसमा व्यक्त भएको छ । यिनै सन्दर्भबाट यसमा जाति, क्षण र पर्यावरणको निरूपण गरिएको कुरा आएको छ । प्रस्तुत अध्ययनमा उक्त मान्यताको सङ्क्षिप्त समीक्षा आएको हुँदा यसको थप अध्ययन हुनु आवश्यक छ । यसले प्रस्तुत शोधकार्यमा सिद्धान्तका साथै विश्लेषणका तहमा केही मात्रामा सहयोग पुगेको छ ।

नारायणप्रसाद गडतौलाद्वारा लेखिएको *समकालीन नेपाली कविताको समाजशास्त्र* (२०७४) शीर्षकको कृतिमा हिप्पोलाइट एडल्फ तेनलाई साहित्यको समाजशास्त्रीय चिन्तन परम्परालाई व्यवस्थित गर्ने पहिलो चिन्तक मानिएको छ । प्रस्तुत कृतिमा तेनले जाति, पर्यावरण र युगसम्बन्धी मान्यताबाट साहित्यसँग अन्तःसम्बन्ध राखेको प्रस्तुति दिइएको छ । यसमा उनले तेनको जातिसम्बन्धी मान्यतालाई आनुवंशिक गुणका रूपमा लिएका छन् । यसै गुणले गर्दा एक मानिस अर्को मानिसभन्दा भिन्न हुने तेनको मतलाई गडतौलाले उल्लेख गरेका छन् । प्रस्तुत कृतिमा एउटै जाति भिन्नभिन्न जलवायुमा बसे पनि र बाहिरी वातावरणले प्रभाव पारे पनि त्यस जातिको आफ्नो भिन्न पहिचान हुने कुरा बताइएको छ । यसमा वातावरणले मानिसका व्यवहार, चिन्तन, संस्कार, संस्कृति आदिलाई प्रभाव पार्ने कुरा व्यक्त गरिएको छ । समाजमा मानिस एक्लो नहुने र उसका साथमा कुनै न कुनै वातावरण रहने कुरा यसमा बताइएको छ । प्रस्तुत कृतिमा जातिका आनुवंशिक संस्कार, तिनले आत्मसात गरेका संस्कृति एवम व्यवहारको अभिव्यक्ति सिर्जनामा हुने तेनको मतलाई बताइएको छ । साहित्यमा जाति र वातावरण जस्तै एउटा विशेष समय वा युगको स्वर आउने कुरा यसमा गरिएको छ । कुनै पनि युग एक विचारविशेषको केन्द्रीयतामा निर्मित हुने र त्यही विचारले तत्कालीन साहित्यमा पनि प्रभाव पार्ने तेनको दृष्टिकोणलाई यसमा प्रस्तुत गरिएको छ । प्रस्तुत अध्ययनले तेनका साहित्यको समाजशास्त्रीय मान्यताका बारेमा बोध गर्न सहजीकरण गरेको छ । यसमा तेनका उक्त मान्यताको सङ्क्षिप्त समीक्षा आएको हुँदा यसको थप अध्ययन आवश्यक देखिन्छ । यसले प्रस्तुत शोधकार्यमा सिद्धान्त पहिचानका तहमा केही मात्रामा योगदान गरेको छ ।

हरिप्रसाद सिलवालद्वारा गरिएको *मदनमणि दीक्षितका उपन्यासको समाजशास्त्र* (२०७४) शीर्षकको शोधप्रबन्धमा क्षण, प्रजाति, परिवेशआदि समाजशास्त्रीय मान्यताका आधारमा दीक्षितका उपन्यासको विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनमा तेनआदि चिन्तकका साहित्यको समाजशास्त्रीय समग्र मान्यताका प्रतिमान निर्धारण गरिएको छ। तिनै प्रतिमानका आधारमा दीक्षितका प्रकाशित उपन्यासको विश्लेषण यसमा प्रस्तुत गरिएको छ। यसमा उपन्यासभित्र प्रयुक्त समाजको सामूहिक भावना र सांस्कृतिक विशेषता भएका पात्र, प्रकृतिप्रदत्त तथा सामाजिक परिवेश र युगविशेषको मानसिक चेतना सान्दर्भिक रूपमा आएको निचोड प्रस्तुत गरिएको छ । प्रस्तुत अध्ययन गुणात्मक पद्धतिमा आधारित भई गरिएको छ । यस अध्ययन साहित्यको समाजशास्त्रीय समग्र मान्यतामा आधारित रहेकाले प्रजाति, पर्यावरण र क्षणको बारेमा सङ्क्षिप्त समीक्षा आएको छ र यसको थप अध्ययन आवश्यक देखिन्छ । यसले सिद्धान्त र विश्लेषणढाँचा निर्माणका साथै विश्लेषणका तहमा प्रस्तुत शोधकार्यमा केही योगदान पुगेको छ ।

आनन्दराज सिलवालद्वारा लिखित “समयको हुरी उपन्यासमा प्रयुक्त कार्यकारण अन्तःसम्बन्ध” (२०७५) शीर्षकको आलेखमा साहित्यमा घटना र तिनको कारण र प्रभावका बिच सम्बन्ध रहने कुरा व्यक्त गरिएको छ । यसमा प्रस्तुत उपन्यासमा वस्तु, घटना र प्रक्रियाका बिच कारण र प्रभावको सम्बन्ध रहेको देखाइएको छ । प्रस्तुत उपन्यासमा शिक्षा प्रचारमा भएका अड्चन, छुवाछुत  झुठ्ठा मुद्दा र गलत समाचार प्रकाशन, समतामूलक समाज निर्माणजस्ता घटनामा कार्यकारण सम्बन्ध रहेको कुरा व्यक्त भएको छ । यसमा शिक्षित प्रभाकरलाई आवश्यकता भन्दाबढी सोझो देखाउनु तथा विद्याकी आमालाई दोषयुक्त र बाबालाई दोषमुक्त देखाउनुजस्ता घटनामा कार्यकारण सम्बन्धको अभाव रहेको कुरा बताइएको छ। प्रस्तुत उपन्यासका एकाध घटनाबाहेक अधिकांश घटनामा कार्यकारण अन्तः सम्बन्ध भेट्न सकिने निष्कर्ष प्रस्तुत गरिएको छ । प्रस्तुत आलेखमा कार्यकारण अन्तःसम्बन्धका बारेमा सङ्क्षिप्त समीक्षा आएकाले यसको थप अध्ययन आवश्यक देखिन्छ । यसले प्रस्तुत शोधकार्यमा सिद्धान्तका साथै विश्लेषणका सन्दर्भमा केही मात्रामा सघाएको छ ।

सावित्री वाग्लेद्वारा गरिएको *ध्रुव सापकोटाका सामाजिक कथामा प्रजाति, पर्यावरण र क्षण* (२०७६) शीर्षकको शोधप्रबन्धमा प्रजाति, पर्यावरण र क्षणका आधारमा ध्रुव

सापकोटाका सामाजिक कथाको विश्लेषण गरिएको छ । यसमा सापकोटाका सामाजिक विषयवस्तु भएका पाँचओटा कथासङ्ग्रहभित्रका प्रतिनिधि नमूना छनोटका आधारमा छानिएका छओटा कथाको प्रजाति, पर्यावरण र क्षणगत मान्यताका आधारमा विश्लेषण गरिएको छ । विश्लेषणढाँचा निर्माण गर्ने सन्दर्भमा प्रजातिअन्तर्गत प्रजातिगत विशेषता र मानसिकता, पर्यावरणअन्तर्गत प्राकृतिक र सामाजिक पर्यावरण तथा क्षणअन्तर्गत युगीन वैचारिक सन्दर्भ र कार्यकारण अन्तःसम्बन्धजस्ता प्रतिमान तय गरी सोहीअनुरूप विश्लेषण गरिएको छ । प्रस्तुत शोधकार्यमा विश्लेष्य कथाभित्र प्रयुक्त समाजमा बसोबास गर्ने विविध जातिका प्रजातिगत विशेषता र तिनका मानसिकता तथा प्राकृतिक र सामाजिक परिवेशले निमा पारेको प्रभावका साथै प्रयुक्त घटनाका युगीन सन्दर्भ र तिनको कार्यकारण अन्तःसम्बन्धको अध्ययन गरिएको पाइन्छ । यसमा यिनै आधारबाट गरिएको अध्ययनले उक्त कथा सफल रहेको निष्कर्ष दिइएको छ । प्रस्तुत अध्ययनमा सङ्क्षिप्त समीक्षा आएकाले यसको थप अध्ययन आवश्यक देखिन्छ । यसले प्रस्तुत शोधकार्यमा सिद्धान्त र विश्लेषणका सन्दर्भमा केही अंशमा सघाउन पुगेको छ ।

दुर्गाबहादुर घर्तीद्वारा लेखिएको *केही दृष्टिकोण केही विश्लेषण* (२०७९) शीर्षकको कृतिमा हिप्पोलाइट एडल्फ तेनलाई साहित्यको समाजशास्त्रका प्रवर्तक मानिएको छ । यस कृतिमा तेनले जाति, पर्यावरण र युगलाई साहित्यको मुख्य निर्धारक तत्त्व मानेको कुरा बताइएको छ । प्रस्तुत कृतिमा घर्तीले जातिअनुसार मान्छेको स्वभाव हुने र त्यसमा पर्यावरणले प्रभाव पार्ने तेनको दृष्टिकोणलाई प्रकट गरेका छन् । यस कृतिमा उनले प्रजातिअन्तर्गत व्यक्तिको वंशानुगत विशेषताहरू, मानसिक बनावट तथा शारीरिक संरचना हुने तेनको मतका बारेमा चर्चा गरेका छन् । घर्तीले यस कृतिमा पर्यावरणले जलवायु र भूगोलका साथै साहित्यको कार्यकारण सम्बन्धको विश्लेषण गर्ने तेनको दृष्टिकोणलाई प्रस्तुत गरेका छन् । यस कृतिमा उनले क्षणलाई काल, युगविशेष तथा युगचेतनाका अर्थमा तेनले प्रयोग गरेको कुरा व्यक्त गरेका छन् । प्रस्तुत कृतिमा तेनको साहित्यको समाजशास्त्रलाई साहित्यको भौतिक र सामाजिक मूलाधारको खोज गर्ने प्रस्थानबिन्दु मानिएको छ । यसमा साहित्यलाई सामाजिक तथ्य तथा घटनाका रूपमा हेर्ने र उत्पत्तिको कारण खोज्ने तेनको दृष्टिकोणलाई व्यक्त गरिएको छ । प्रस्तुत कृतिमा साहित्य, सङ्गीत, चित्रकला, दर्शन, विज्ञानजस्ता मानवीय उत्पादनका प्रत्यक्ष कारण हुने तेनको मत प्रकट गरिएको छ । यस कृतिमा तेनको दृष्टिकोणमाथि घर्तीले आफ्नो विचार पनि प्रस्तुत गरेका छन् । यसले तेनका

समाजशास्त्रीय मान्यतालाई बोध गर्न सहजीकरण गरेको छ । प्रस्तुत अध्ययनमा सङ्क्षिप्त रूपमा साहित्यको समाजशास्त्रीय समग्र मान्यता आएकाले यसको बारेमा थप अध्ययन आवश्यक देखिन्छ । यसर्थ यस अध्यनले प्रस्तुत शोधकार्यमा सिद्धान्त निर्माणका तहमा केही सहयोग पुगेको छ ।

मोहनबहादुर मल्लका उपन्यासको बारेमा कृतिमूलक, आलेखमूलक र शोधमूलक अध्ययन भएका छन् । प्रस्तुत अध्ययनमध्ये कुनै गहन विश्लेषणमा आधारित छन् भने कुनैमा सतही अध्ययन गरिएको छ । माथि समीक्षा गरिएका कृतिकेन्द्रित अध्ययनमध्ये अधिकांश मल्लका उपन्यासको विषयमा सामान्य सूचनामूलक जानकारी दिनुबाहेक प्रस्तुत शोधसमस्या निराकरण गर्न सकेका छैनन् । यसैगरी वासुदेव त्रिपाठी, कृष्णचन्द्रसिंह प्रधान, राजेन्द्र सुवेदी, मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, नारायणप्रसाद गडतौला, दुर्गाबहादुर घर्ती, षडानन्द पौड्यालआदिका समीक्षा प्रस्तुत शोधसमस्यालाई निराकरण गर्ने सन्दर्भमा केही उपयोगी रहेका छन् । त्यसमा पनि वासुदेव त्रिपाठी, दयाराम श्रेष्ठ, मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, नारायणप्रसाद गडतौला, दुर्गाबहादुर घर्तीआदिका अध्ययन प्रस्तुत शोधकार्यमा सिद्धान्त निर्माणका तहमा उपयोगी रहेका छन् । यसैगरी आलेखकेन्द्रित समीक्षामध्ये कृष्णचन्द्रसिंह प्रधान, दयाराम श्रेष्ठ, राजेन्द्र सुवेदी, खेम दाहाल, दुर्गबहादुर घर्ती र आनन्दराज सिलवालका अध्ययन प्रस्तुत शोधकार्यमा सिद्धान्त निर्माण र विश्लेषणका तहमा उपयोगी रहेका छन् । माथि समीक्षा गरिएका अधिकांश शोधकेन्द्रित अध्ययन सतही रहेकाले छन्भने राधा शर्मा, खेम दाहाल, उदय क्षेत्री, दीपकप्रसाद गौतम, षडानन्द पौड्याल, बाबुराम अधिकारी, चन्द्रमान श्रेष्ठ, हरिप्रसाद सिलवालद्वारा गरिएका विद्यावारिधि तहका अध्ययन प्रस्तुत शोधकार्यमा सहयोगी रहेका छन् ।

माथि गरिएका पूर्वकार्यको समीक्षामा मल्लका उपन्यासमा प्रजाति, पर्यावरण र क्षणलाई प्रत्यक्षपरोक्ष रूपमा सङ्केत गरिएको छ । ती पूर्वकार्यहरू लेखक, समालोचक एवम् शोधकर्ताहरूका फरकफरक उद्देश्यअनुरूप अध्ययन गरिएकाले तिनले लिएका उद्देश्यअनुरूप आआफ्नो स्थानमा उपयोगी भए पनि यस शोधकार्यको उद्देश्यका दृष्टिले हेर्दा तिनले मूल समस्याको समाधान गरेका छैनन् । माथिका एकाध पूर्वकार्यहरू समाजशास्त्रीय मान्यतामा केन्द्रित भएर अध्ययन गरिएको देखिए पनि तिनमा मल्लका उपन्यासमा प्रजाति, पर्यावरण र क्षण तथा तिनका बिच अन्तःसम्बन्धका बारेमा गहन शोधमूलक अध्ययन हुन सकेको छैन ।

यही नै यस शोधकार्यको शोधअन्तराल हो । त्यसैको अभावपूर्तिका लागि प्रस्तुत शोधकार्यमा प्रजातिअन्तर्गत प्रजातिगत वैशिष्ट्य र मानसिकता, पर्यावरणअन्तर्गत प्राकृतिक र सामाजिक पर्यावरण र क्षणअन्तर्गत क्षणगत युगसन्दर्भ र युगचेतनाका साथै तिनका बिचमा पाइने अन्तःसम्बन्धको अध्ययन गरिएको छ । यस किसिमको अध्ययनद्वारा निर्धारित उद्देश्य र सीमामा रही पूर्वकार्यको समीक्षाबाट प्राप्त रिक्तताको अभावपरिपूर्ति गर्ने काम प्रस्तुत शोधकार्यमा गरिएको छ ।

## १.५ शोधको औचित्य र महत्त्व

मोहनबहादुर मल्लका उपन्यासमा साहित्यको समाजशास्त्रकेन्द्रित भएर गरिएको प्रस्तुत शोधकार्य आफैमा एउटा महत्त्वपूर्ण अध्ययनको विषय हो । उपन्यासमा प्रयुक्त सामाजिक तथा ऐतिहासिक यथार्थलाई स्वाभाविक एवम् जीवन्त बनाउन प्रजाति, पर्यावरण र क्षणको प्रभावकारी प्रयोग भएको हुन्छ । प्रजातिमा विद्यमान सामूहिक भावनालाई पर्यावरणले प्रभावित तुल्याएर युगचेतनाको उत्पत्ति भएपछि उपन्यास सिर्जना हुनपुग्छ । यसर्थ उपन्यासभित्र प्रयुक्त प्रजाति, पर्यावरण र क्षणको प्रभावकारी रूपमा शोधमूलक अध्ययन हुनु आवश्यक छ । मल्लका उपन्यासको विभिन्न दृष्टिबाट अध्ययन भए पनि प्रजाति, पर्यावरण र क्षणका साथै तिनका बिचमा पाइने अन्तःसम्बन्धका बारेमा अध्ययन भएको छैन । यही परिप्रेक्ष्यमा उनका उपन्यासमा केन्द्रित भई वस्तुगत र व्यवस्थित रूपमा प्रजाति, पर्यावरण र क्षणगत अध्ययन गर्नुका साथै तिनका बिचमा पाइने अन्तःसम्बन्धको अध्ययन गरिनु यस शोधकार्यको वैशिष्ट्य हो । प्रस्तुत शोधकार्यमा हिप्पोलाइट एडल्फ तेनका सैद्धान्तिक मान्यता प्रजातिअन्तर्गत प्रजातिगत वैशिष्ट्य र मानसिकता, पर्यावरणअन्तर्गत प्राकृतिक र सामाजिक पर्यावरण, क्षणअन्तर्गत क्षणगत युगसन्दर्भ र युगचेतनाजस्ता सूचक तथा तिनका बिचमा पाइने अन्तःसम्बन्धका आधारमा मल्लका उपन्यासको विश्लेषण गरिएको छ । यसका आधारमा उनका उपन्यासकको अध्ययन नभएको सन्दर्भमा प्रस्तुत शोधकार्य शोधक्षेत्रको नवीन प्राप्ति हो । प्रस्तुत शोधकार्य मल्लका उपन्यासमा केन्द्रित भए पनि यही ढाँचामा आधारित भई अन्य साहित्यिक कृतिको अध्ययन गर्न उपयोगी हुने देखिन्छ । यही नै प्रस्तुत शोधकार्यको औचित्य र महत्त्व हो । यसले नवीनतम ज्ञानका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउने छ ।

## १.६ शोधको सीमाङ्कन

मोहनबहादुर मल्लका उपन्यासमा प्रजाति, पर्यावरण र क्षणको खोजी तथा तिनको विश्लेषणमा प्रस्तुत शोधकार्यलाई सीमित गरिएको छ । मल्लका सामाजिक तथा ऐतिहासिक यथार्थमा आधारित *उजेली छायामा, मायारानी, पञ्चायत, समयको हुरी, भुमरी, बहादुर नजर, जेली, रामछायाँ* गरी आठओटा उपन्यासलाई प्रजाति, पर्यावरण र क्षणका आधारमा अध्ययन गर्नका लागि लिइएको छ । माथि गरिएको पूर्वकार्यको समीक्षाबाट देखिएका रिक्ततालाई मध्यनजर गरी प्रजाति, पर्यावरण र क्षणका आधारमा अध्ययन गर्न उपयुक्त देखिएकाले सोद्देश्मूलक रूपमा प्रस्तुत उपन्यासलाई लिइएको हो । प्रस्तुत शोधकार्यको समस्याकथनमा निर्माण गरिएको 'मोहनबहादुर मल्लका उपन्यासमा केकस्तो प्रजाति पाइन्छ ?' भन्ने पहिलो शोध्यप्रश्नको समाधानका लागि तेनको प्रजातिसम्बन्धी मान्यतामा आधारित प्रजातिगत वैशिष्ट्य र मानसिकतामा सीमित भई उनका उपन्यासको अध्ययन गरिएको छ । त्यसैगरी 'मोहनबहादुर मल्लका उपन्यासमा पर्यावरण कसरी आएको छ ?' भन्ने दोस्रो शोध्यप्रश्नको समाधानका लागि तेनकै पर्यावरणसम्बन्धी मान्यतामा आधारित प्राकृतिक र सामाजिक पर्यावरणमा सीमित भई उनका उपन्यासको अध्ययन गरिएको छ । यसरी नै 'मोहनबहादुर मल्लका उपन्यासमा क्षण कसरी आएको छ ?' भन्ने तेस्रो शोध्यप्रश्नको समाधानका लागि तेनकै क्षणसम्बन्धी मान्यतामा आधारित रही क्षणगत युगसन्दर्भ र युगचेतनामा सीमित भई उनका उपन्यासको अध्ययन गरिएको छ । त्यसैगरी 'मोहनबहादुर मल्लका उपन्यासमा प्रजाति, पर्यावरण र क्षणका बिचको अन्तःसम्बन्ध कस्तो छ ?' भन्ने चौथो शोध्यप्रश्नको समाधानका लागि प्रजाति र पर्यावरण तथा प्रजाति र क्षणका बिचको अन्तःसम्बन्धमा सीमित भई मल्लका उपन्यासको अध्ययन गरिएको छ । यिनै अवधारणात्मक ढाँचामा सीमित भएर मल्लका उपन्यासमा प्रजाति, पर्यावरण र क्षणका साथै तिनका बिचमा पाइने अन्तःसम्बन्धलाई समष्टिगत गुणात्मक पद्धतिमा रही शोधमूलक अध्ययन गर्नु नै प्रस्तुत शोधकार्यको सीमाङ्कन हो । यही नै प्रस्तुत शोधकार्यको मुख्य सीमाक्षेत्र रहेको छ ।

## १.७ शोधविधि

प्रस्तुत शोधकार्यमा शोधविधिअन्तर्गत सामग्री सङ्कलनविधि र विश्लेषणविधिको उपयोग गरिएको छ । तिनलाई तल प्रस्तुत गरिएको छ :

### १.७.१ सामग्री सङ्कलनविधि

प्रस्तुत शोधकार्यका लागि आवश्यक सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यद्वारा गरिएको छ । मोहनबहादुर मल्लका प्रकाशित आठओटै उपन्यासलाई समष्टिविधिद्वारा सङ्कलन गरी यस शोधकार्यमा विश्लेषणको लागि प्राथमिक सामग्री बनाइएको छ । त्यसैगरी प्रजाति, पर्यावरण र क्षणसँग सम्बन्धित सैद्धान्तिक सामग्री र प्रायोगिक पूर्वकार्यका सामग्री तथा मल्लका उपन्यासका बारेमा गरिएका समालोचनाहरूलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ ।

### १.७.२ सामग्री विश्लेषणविधि

प्रस्तुत शोधकार्य गुणात्मक पद्धतिमा आधारित छ । यसमा सङ्कलित सामग्रीको व्याख्या-विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । प्रस्तुत शोधकार्यमा पुस्तकालयीय कार्यद्वारा सङ्कलित सामग्रीको पाठमा आधारित विषयवस्तु विश्लेषणविधिको उपयोग गरिएको छ ।

मोहनबहादुर मल्लका उपन्यासमा प्रजाति, पर्यावरण र क्षणको अध्ययनमा प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ । प्रस्तुत शोधकार्य हिप्पोलाइट एडल्फ तेनको प्रजाति, पर्यावरण र क्षणसम्बन्धी सैद्धान्तिक मान्यतामा आधारित छ । साहित्यिक कृति मानसिक चेतनाको उपज हो र मानसिक चेतना निर्धारण गर्नमा प्रजाति, पर्यावरण र क्षणको मुख्य भूमिका रहन्छ । प्रजातिलाई वंशानुगत विशेषता, परिवेशलाई प्रजातिमा पर्ने प्रभाव र क्षणलाई युगचेतना तथा तिनको एकअर्कामा रहने सम्बन्धलाई कार्यकारण अन्तःसम्बन्धको रूपमा लिइन्छ । प्रजातिमा सामूहिक भावना हुन्छ, त्यसलाई पर्यावरणले प्रभावित पार्छ र विशेष युगचेतनाले कृतिरचना गराउँछ । प्रजातिको सहज आनुवंशिक गुणलाई पर्यावरणले प्रभाव पार्दछ र प्रेरकक्षणले कृतिसिर्जना गराउँछ । प्रजातिमा विद्यमान सामूहिक भावनालाई पर्यावरणले प्रभावित तुल्याएर युगचेतनाको उत्पत्ति भएपछि कृतिसिर्जना हुनपुग्छ । मल्लका उपन्यासमा प्रजाति, पर्यावरण र क्षणका साथै तिनका बिचको अन्तःसम्बन्धले औपन्यासिक सौन्दर्य सिर्जना गर्नमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । यसर्थ यिनै मान्यतालाई प्रस्तुत अध्ययनमा सामग्री विश्लेषणको आधार बनाइएको छ ।

प्रस्तुत शोधकार्यका लागि साहित्यको समाजशास्त्रीय प्रजाति, पर्यावरण र क्षणसम्बन्धी मान्यताका साथै विश्लेष्य सामग्रीका आधारमा अवधारणात्मक ढाँचाको निर्माण

गरिएको छ । यसका लागि शोध्यप्रश्नअनुसार निर्माण गरिएका अवधारणात्मक ढाँचा र तिनका सूचकलाई तल उल्लेख गरिएको छ :

| **शोधप्रश्न** | **अवधारणा** | **सूचक** |
|---|---|---|
| १.मोहनबहादुर मल्लका उपन्यासमा केकस्तो प्रजाति पाइन्छ ? | १.मोहनबहादुर मल्लका उपन्यासमा प्रजाति | १.प्रजातिगत वैशिष्ट्य<br>२.प्रजातिगत मानसिकता |
| २.मोहनबहादुर मल्लका उपन्यासमा पर्यावरण कसरी आएको छ ? | २.मोहनबहादुर मल्लका उपन्यासमा पर्यावरण | १.प्राकृतिक पर्यावरण<br>२.सामाजिक पर्यावरण |
| ३.मोहनबहादुर मल्लका उपन्यासमा क्षण कसरी आएको छ ? | ३.मोहनबहादुर मल्लका उपन्यासमा क्षण | १.क्षणगत युगसन्दर्भ<br>२.क्षणगत युगचेतना |
| ४.मल्लका उपन्यासमा प्रजाति, पर्यावरण र क्षणगत अन्तःसम्बन्ध कस्तो छ ? | ४.मल्लका उपन्यासमा प्रजाति, पर्यावरण र क्षणगत अन्तःसम्बन्ध | १.प्रजाति र पर्यावरणगत अन्तःसम्बन्ध<br>२.प्रजाति र क्षणगत अन्तःसम्बन्ध |

### १.८ शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधकार्यलाई छओटा परिच्छेदमा विभक्त गरिएको छ । यसमा आवश्यकताका आधारमा उपशीर्षक पनि दिइएको छ । प्रस्तुत शोधप्रबन्धको सङ्गठनात्मक रूपरेखालाई निम्नलिखित परिच्छेदमा विभक्त गरिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : मोहनबहादुर मल्लका उपन्यासमा प्रजाति

तेस्रो परिच्छेद : मोहनबहादुर मल्लका उपन्यासमा पर्यावरण

चौथो परिच्छेद : मोहनबहादुर मल्लका उपन्यासमा क्षण

पाँचौं परिच्छेद : मोहनबहादुर मल्लका उपन्यासमा प्रजाति, पर्यावरण र क्षणगत अन्तःसम्बन्ध

छैटौं परिच्छेद : सारांश तथा निष्कर्ष

परिशिष्ट

सन्दर्भ सामग्रीसूची

# दोस्रो परिच्छेद

# मोहनबहादुर मल्लका उपन्यासमा प्रजाति

## २.१ विषयप्रवेश

मोहनबहादुर मल्लका उपन्यासमा समुदायको सामूहिक सोच र भावना भएका प्रजातिगत पात्रको प्रयोग गरिएको पाइन्छ । उनका उपन्यासमा आर्य र अनार्य प्रजातिका पात्र आएका छन् । उपन्यासमा प्रयुक्त प्रजातिगत पात्रका बाह्य रूपाकृतिगत र आन्तरिक मनोभावनागत पक्ष सशक्त रूपमा आएका छन् । उपन्यासमा प्रयुक्त सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, राजनीतिक, ऐतिहासिकजस्ता पक्षले प्रजातिगत पात्रको विशेषता र मानसिकतामा प्रभाव पारेको हुन्छ । प्रजातिगत विशेषता र मानसिकता निर्माण गर्नमा पर्यावरण र क्षणले भूमिका खेलेको हुन्छ । प्रस्तुत शोधकार्यमा उपन्यासमा प्रयुक्त पात्रका प्रजातिगत वैशिष्ट्य र मानसिकतालाई केलाउने काम गरिएको छ । उनका उपन्यासमा प्रयुक्त पात्रका प्रजातिगत आनुवंशिक गुण र त्यसबाट सिर्जित मानसिकताको खोजीमा प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ । प्रस्तुत शोधकार्यमा हिप्पोलाइट एडल्फ तेनको साहित्यको समाजशास्त्रीय प्रजातिसम्बन्धी सैद्धान्तिक मान्यतालाई आधार बनाएर मल्लका उपन्यासमा प्रजातिगत वैशिष्ट्य र मानसिकताको अध्ययन गरिएको छ ।

## २.२ प्रजातिको सैद्धान्तिक परिचय

साहित्यको समाजशास्त्रीय अध्ययनअन्तर्गत हिप्पोलाइट एडल्फ तेन (सन् १८२८-१८९३) का प्रजाति, पर्यावरण र क्षणसम्बन्धी सैद्धान्तिक अवधारणा उपन्यास विश्लेषणका सन्दर्भमा महत्त्वपूर्ण रहेका छन् । उनले *द हिस्ट्री अफ इङ्लिस लिटरेचर* (सन् १८६३) कृतिको भूमिकामार्फत प्रजाति, पर्यावरण र क्षणसम्बन्धी सैद्धान्तिक मान्यता प्रस्तुत गरेका छन् । उनलाई प्रजाति, पर्यावरण र क्षणका सूत्रद्वारा समाजपरक सिद्धान्त प्रस्तुत गर्ने सामाजिक समालोचना क्षेत्रका प्रथम उल्लेख्य सैद्धान्तिक प्रवक्ता मानिन्छ (त्रिपाठी १४९) । तेनले कृतिको विश्लेषणमा प्रजातिलाई महत्त्वपूर्ण स्थान दिएका छन् । उनले प्रजातिसम्बन्धी दृष्टिकोणसँगै अन्योन्याश्रित भएर आउने पर्यावरण र क्षणलाई पनि कृतिभित्र खोज्नु जरूरी ठानेका छन् । उनले प्रजातिलाई सम्बोधन गर्न 'रेस' शब्दको प्रयोग गरेका छन् । उनको कृतिलाई सन् १८७१ मा हेनरी भान लउनले अङ्ग्रेजी भाषामा अनुवाद गर्ने क्रममा पनि

'रेस' शब्दबाट नै सम्बोधन गरेको पाइन्छ । यसर्थ 'रेस' शब्दलाई नेपाली समानार्थी प्रजाति शब्दबाट सम्बोधन गर्नु उचित हुन्छ ।

साहित्यिक कृतिअध्ययनमा प्रजातिको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । तेनले आर्यन प्रजातिका मानिसहरू जस्तै गरी अन्य प्रजातिका मानिसहरू पनि एक स्थानबाट अर्को स्थानमा बसाइ सर्दै जाने कुरा बताएका छन् । उनले यसबाट मानिसमा विद्यमान बौद्धिकता, सामाजिक संरचना र अर्थव्यवस्थामा पनि परिवर्तन आउने कुरा व्यक्त गरेका छन् । उनले यसको प्रभावका कारण राजनीतिक, सामाजिक, नैतिक रूपमा समेत परिवर्तन आउने कुरा प्रस्तुत गरेका छन् । यसरी बसाइ सर्दै जाँदा नयाँ स्थानको पर्यावरणगत प्रभावले प्रजातिमा परिवर्तन आउँछ (तेन ९) । उनले मानवसभ्यता निर्माणमा प्रजातिलाई महत्त्वपूर्ण स्थान दिएका छन् । प्रजातिका गुणहरू त्यस्ता प्राकृतिक नियमहरू हुन् जसले मानवको आनिबानी, व्यवहार र शारीरिक संरचना निर्माणमा भूमिका निर्वाह गर्दछन् । वंशाणुगत गुणहरू फरक फरक व्यक्तिमा फरक फरक हुन्छन् । समान शारीरिक लक्षण, छाला, कपाल, ओठ, कदका आधारमा मानव समूहले प्रजाति बोध गराउँछ (मधुसूदन पाण्डेय ५) । यसबाट शारीरिक र मानसिक स्वरूपको भिन्नताले प्रजातिमा भिन्नता ल्याउने कुरा स्पष्ट हुन्छ । गुणअनुसार कोही मानिस जोसिला, बौद्धिक, आत्मनिर्भर, उच्च विचार र सिर्जनाका धनी हुन्छन् भने कोही परनिर्भर हुन्छन् । यसर्थ मान्छेमा यस्ता विशिष्ट तत्त्वहरू निहित हुन्छन् जसका कारण मान्छे अरूभन्दा फरक हुन्छन् । मान्छेमा समयको जतिसुकै अन्तराल भए पनि बोली, दर्शन, साहित्य, रगत र चिन्तनमा समानता पाइन्छ । यस्तो हुनुमा मानिसमा वंशाणुगत गुण अन्तर्निहित रहेका कारणले हुन्छ (तेन १०) । यसबाट मान्छेमा समयको जतिसुकै अन्तराल भए पनि बोली, रगत र चिन्तनमा समानता हुने कुरा स्पष्ट हुन्छ । उनले प्रजातिअन्तर्गत सहज तथा वंशाणुगत विशेषता, मानसिक बनावट र शारीरिक संरचनामा जोड दिएका छन् । प्रजाति देशकालका दृष्टिले ठाउँठाउँमा फैलिँदै जान्छ र फैलिँदा पनि उसमा समान विशेषता पाइन्छ ।

प्रजातिको चरित्रगत विशेषता जलवायु, माटो, इतिहासका महान् घटनाको उपज हो । चरित्रमा प्रजातिगत विशिष्ट चेतना र सौन्दर्यानुभूति प्रकट हुन्छ । प्रजातिमा प्रतिभाको विकास देशकालअनुसार सहज रूपमा भएको हुन्छ । प्रजातिमा प्रतिभाको विकास गराउन प्रभाव पार्ने शिक्षा, इतिहास, जातीय चरित्रजस्ता कुरा मिलेका हुन्छन् । प्रजातिले एउटै

पुर्खाबाट विकसित संसारका मानव समूहको जाति विभाजन र विकाससम्बन्धी दृष्टिकोण राख्दछ (मधुसूदन पाण्डेय ३) । तेनका मतमा दस्तावेजको अध्ययन मान्छेलाई जान्नका लागि गरिन्छ, शास्त्रज्ञान र कविताबोध गर्नुको उद्देश्य तिनमा निहित मनुष्यको खोज गर्नु हुन्छ (मैनेजर पाण्डेय १२३) । साहित्यिक कृति प्राचीन जीवावशेषजस्तै हुन्छ । जीवावशेषमा जीवको रूपाकार अङ्कित भएजस्तै साहित्यिक कृतिमा कृतिकार र मनुष्यतर्फ लक्षित हुन्छ । प्रजातिको पहिचानमा निर्देश गरिएका वातावरण, वंशज र समयको संयोजन साहित्यिक रचनामा उपस्थित भएको हुन्छ । तेनले वंशानुगत र वातावरणीय रूपमा वंश विकासको स्थिरता र परिवर्तन कारक हुने उल्लेख गरेका छन् (स्विङगउड २२) । प्रत्येक व्यक्तिको छालाको रङ, शरीरको रौँ, कपालको बनोटमा प्रजातिगत भिन्नता हुनुमा पनि पर्यावरणगत भूमिका रहेको हुन्छ । तेन प्रतिभाले शिक्षाबाट पोषण पाउने, आफ्नो जातिको गौरवमय दृष्टान्तबाट शक्ति आर्जित गर्ने र जातीय चरित्रबाट सुदृढ बन्ने कुरा गर्दछन् (मैनेजर पाण्डेय १२४) । तेनले प्रजातिअन्तर्गत व्यक्तिको सहज तथा वंशानुगत विशेषता, मानसिक बनावट र शारीरिक संरचना पर्ने कुरा बताएका छन् । उनका मतमा एक प्रजाति देशकालको दृष्टिले टाढाटाढा फैलन जाँदा पनि फेरि उसमा केही समान विशेषता अवश्य रहन्छन् । प्रजातिको चरित्रगत विशेषतामा जलवायु, माटो तथा इतिहासका महान्‌घटनाको प्रभाव रहन्छ । प्रजातिको विशिष्ट चेतनागत सौन्दर्यानुभूति चरित्रमा देखापर्दछ र प्रजातिगत चरित्रअनुसार नै सौन्दर्यको आदर्श स्वरूपको विकास हुन्छ (मैनेजर पाण्डेय १२४) । यसबाट जलवायु, माटो तथा इतिहासका महान् घटनाका प्रभावबाट निर्मित प्रजातिगत चरित्रको सौन्दर्यबाट आदर्शको विकास हुने कुरा स्पष्ट हुन्छ । तेनले आफ्ना समकालीन चिन्तक डार्विनबाट प्रजातिगत चिन्तनको अवधारणा विकास गरेका हुन् । प्रकृतिकै कारणले एउटै प्रजातिभित्र पनि समानता र भिन्नताका लक्षण देखा पर्दछन् (डार्विन ५३८) । यसबाट परिवेश र प्रजातिको परस्पर सम्बन्ध रहने कुरा स्पष्ट हुन्छ । प्रस्तुत तथ्यबाट तेनको प्रजातिसम्बन्धी मान्यता र डार्विनको विकासवादी मान्यताका बिचमा परस्पर सामञ्जस्यता रहेको स्पष्ट हुन्छ । प्रजातिगत चेतना चरित्रको विशेषता, उसको इतिहास, कला र दर्शनबाट निर्मित भएको हुन्छ । सहज वंशाणुगत विशेषता, मानसिक बनावट र शारीरिक संरचना प्रजातिगत अध्ययनका महत्त्वपूर्ण अवयव मानिएको छ । यसबाट वंशाणुगत विशेषता, मानसिकता र शारीरिक संरचना प्रजातिका अवयव भएको स्पष्ट हुन्छ ।

साहित्यको समाजशास्त्रमा लेखकीय पहिचानको विशेष महत्त्व रहेको हुन्छ । साहित्यभित्र लुकेको मान्छेलाई लेखक मानिन्छ । तेन कलाकारको मनोविज्ञान, उसको आत्मा, प्रतिभा आदिको कुरा गर्दा लेखकलाई सर्जक मान्न अग्रसर देखिन्छन् । उनले लेखकको चिन्तन, उसको आस्था, जीवनी र सामाजिक सन्दर्भलाई औल्याउँदै उसको रचनाकार व्यक्तित्व, लेखकीय सम्वेदनशीलता, विचार शक्ति र सामाजिक अन्तर्दृष्टिलाई पनि उच्च महत्त्व दिएका छन् । अझ उनले आफ्नो रचनाका माध्यमबाट समाज, राष्ट्र र युगको जीवनसत्यको बोध गराउने लेखक सर्जकलाई अधिक महत्त्वपूर्ण मानेका छन् । तेनले युग र राष्ट्रको पहिचान गर्न लेखकको सिर्जनाको अध्ययन आवश्यक रहेको बताएका छन् । उनले दार्शनिक र चित्रकारआदिको चर्चा गर्ने क्रममा कार्यकारण सिद्धान्तलाई व्यक्तिको प्रतिभासँग संयोजन गर्ने प्रयत्न गरेका छन् (मैनेजर पाण्डेय १२७) । तेनले साहित्यको ज्ञानात्मक मूल्यमा जोड दिएका छन् । उनले साहित्यमा समाज प्रतिबिम्बित हुने कुरा बताएका छन् । उनले साहित्यलाई सामाजिक दस्तावेजका साथै समाजको दर्पणका रूपमा लिएका छन् । साहित्यको अध्ययनले रचनाकालको मान्छेको भावना, विचार र जीवनदशाको बोध हुन्छ ।

साहित्यमा भावगत अभिव्यक्ति महत्त्वपूर्ण हुन्छ । कुनै पनि रचनाको श्रेष्ठता त्यसको भावको व्यञ्जनामा निर्भर हुन्छ । साहित्यको मुख्य कार्य भावलाई मूर्त रूपमा प्रस्तुत गर्नु हो । साहित्यमा युगीन राजनीति जीवन्त रूपमा प्रकट हुने भन्दै त्यसको अनुशीलनबाट समाजको नैतिक इतिहास बोध हुनुका साथै आम मानिसको मनोविज्ञानलाई पनि पहिचान गर्न सकिने विचार तेनले प्रस्तुत गरेका छन् (मैनेजर पाण्डेय १२७-१२८) । तेनले स्तरीय रचनाको समुचित व्याख्याबाट समाजको राम्रो ज्ञान हासिल गर्न सकिने विचार अघि सारेका छन् । उनले एउटा महान् कविता र उपन्यासको समुचित अध्ययनबाट इतिहासबाट भन्दा पनि धेरै मात्रामा समाजको बारेमा जानकारी लिन सकिने कुरा बताएका छन् । तेनका मान्यतामा साहित्यअध्ययनको एक सशक्त आधार सामाजिक वातावरणका साथै प्रजाति पनि रहेको र पछि यो मान्यता मार्क्सवादी सौन्दर्यशास्त्रीले पनि समीक्षाविधिको रूपमा स्वीकार गरेको जनाएका छन् (एडम्स ६०८) । साहित्य समाजको दस्तावेज बन्नुको कारण त्यसमा अन्तर्निहित सौन्दर्यता, कलात्मकता र ज्ञानबर्द्धक गुण नै हो भन्ने उनको विचार देखिन्छ । यसबाट साहित्यमा प्रवेश पाएको सामाजिकताले नै कृतिको श्रेष्ठता स्पष्ट हुने तेनको विचार देखिन्छ (मैनेजर पाण्डेय १२८) । तेनले साहित्यको सम्बन्ध पाठकसँग जोडिएको हुन्छ भन्ने विचार पनि प्रस्तुत गरेका छन् । उनका अनुसार साहित्य रचनालाई मन पराउने र त्यसको

मूल्यबोध गर्न सक्ने व्यक्तिको रूचिअनुसार साहित्यको रचना र विकास हुने गर्छ । पाठक समुदायको रूचि र मानसिकताको भिन्नताको कारणले साहित्य सिर्जनामा पनि भिन्नता देखिने गर्छ भन्ने विचार तेनको रहेको छ । सिर्जना विषयको छनोट, कथ्य र शिल्पमा पाठकको रूचिको प्रभाव पर्ने कुरामा पनि उनले जोड दिएका छन् (मैनेजर पाण्डेय १२९) । तेनले कलालाई मान्छेको मानसिकताको उपज ठान्दै मानसिकता परिस्थितिबाट प्रभावित हुने कुरा बताएका छन् । उनले कलात्मक रूचि प्रभावी हुने स्थानमा नै साहित्यमर्मको महत्त्व स्थापित हुने कुरामा जोड दिएको देखिन्छ (मैनेजर पाण्डेय १२९-१३०) । यसबाट कलाले मान्छेको मानसिकता प्रभावित हुने कुरा स्पष्ट हुन्छ ।

प्रजातिमा सामूहिक भावना रहेको हुन्छ । तेनका प्रजातिगत मतमा शर्माको विचार जाति तथा जनजातिको सन्दर्भमा दुबै आत्मपरक र वस्तुपरक पक्षलाई प्रकृतिले निर्धारण गरेका हुन् (जनकलाल शर्मा १५) । यसबाट संसारका थुप्रै जीवमध्ये मानव एउटा सिङ्गो प्रजाति भएको स्पष्ट हुन्छ । मानव प्रजातिका तीनओटा मूल विभाजित स्वरूप आर्य, मङ्गोल र नेग्रो रहेका छन् । यसै सन्दर्भमा विश्वमा प्रजाति विभाजनमा मङ्गोल, नेग्रो, आर्यजस्ता मानव प्रजातिगत समूह रहेका छन् (टाइलर ४४५) । यसलाई हेर्दा वर्तमानमा प्रजातिगत उपविभाजन पनि देखापरेका छन् । यस्तो हुनुमा वंशज विस्तार, भौगोलिक तथा सांस्कृतिक भिन्नता, वातावरण र युगीन जीवनगत भिन्नता मुख्य कारण हुन् । मानव प्रजातिगत विभाजनपूर्व मानिसमा आदिमतापरक एउटै स्वरूप रहेको पाइन्छ । युङ्गका मतमा आदिमतासित मिथक र जातीय अवधारणाको समन्वयात्मकता रहेको हुन्छ । अतीत, वर्तमान र भविष्यलाई व्याख्या गर्ने काम मिथक अर्थात् पुराकथाले गर्दछ (लुइटेल २८) । यसबाट आदिमताबोधमा मिथकको भूमिका रहेको हुन्छ र पुराकथाबाट मानव प्रजातिको विभाजनलाई बुझ्न सकिन्छ । तेनले प्रजातिगत व्याख्यामा मूलवंशसम्बन्धी मान्यता ल्याएका र प्राचीन प्रजातिको आवेग, बानी-व्यवहारजस्ता पक्षको भिन्नतालाई प्रजातीय रूपमा देखाएको उल्लेख गरेका छन् (स्विङगउड २२) । मानवसमाजमा जाति, प्रजाति तथा आनुवंशिक पहिचान मानिसले बोकेका हुन्छन् । तेनका मतमा प्रजातिगत चरित्रबाट मानवप्रवृत्ति, व्यवहार र प्रतिभाको निर्धारण हुन्छ (लम्साल ६२) । यसबाट कृतिकारमा निहित प्रजातिगत स्वरूपले लेखकीय व्यक्तित्वमा प्रभाव पार्ने कुरा स्पष्ट हुन्छ ।

वैदिक सभ्यतामा आर्य र अनार्यलाई कसैले जाति र कसैले प्रजातिको रूपमा हेरेको पाइन्छ । वास्तवमा वेदको रचना आर्यले गरेको र आर्य शब्द जातिवाचक नभएको बोध हुन्छ (मदुसूदन पाण्डेय १२) । साहित्यकारको प्रजातिगत संस्कार एवम् चिन्तनका कारण साहित्यमा प्रजातिगत छाप प्रकट हुन्छ । प्रजातिको आफ्नै सांस्कृतिक र ऐतिहासिक परम्परा, कलागत मूल्य र जीवनको आदर्श हुन्छ (शर्मा र लुइटेल १२८) । यसबाट आनुवंशिकताको भिन्नता, मिश्रण र संस्कार पनि आउने कुरा स्पष्ट हुन्छ । साहित्यकार कुनै जातिको सदस्य भएका नाताले जातिगत विशेषता हरेक साहित्यकारमा कमबेसी मात्रामा हुन्छन् । यसले गर्दा नै एक जातिको साहित्य अर्को जातिको साहित्यभन्दा भिन्न खालको हुन्छ (शर्मा र लुइटेल १२९) । यसबाट एक जातिको सम्बन्ध कुनै न कुनै रूपमा अर्को जातिसँग हुने र जातिका पृष्ठभूमिमा सामाजिक, सांस्कृतिक, ऐतिहासिक तथा धार्मिक कुराले प्रभाव पार्ने कुरा स्पष्ट हुन्छ । प्रजातिको वर्गीकरणलाई रङ्ग, रूप, स्वभाव र विशेषताले प्रभाव पार्दछ । यसले गर्दा प्रजातिगत सम्बन्ध आफ्नै खालको जातिसँग हुने गर्दछ (राव २८९) । यसबाट प्रजातिका विशेषता समाजका व्यक्तिमा रहेको वंशाणुगत गुणमा आधारित हुन्छन् । मातापिताजस्ता खाले हुन्छन् उनका सन्तानमा पनि त्यस्तै गुण वा स्वभाव सर्दछन् । तेन प्रजातिको व्याख्या सहज वंशानुगत विशेषता, स्वभाव, शरीरसंरचनाका रूपमा गर्दछन् । उनका मतमा मानव प्रजातिको विश्वमा फरकपन देखिनुमा आवास स्थानगत भिन्नता, खानपान तथा महान् घटना मुख्य कारण बन्न सक्छन् (स्विङगउड २३-२४) । यसबाट मातापिताका गुण र स्वभाव सहज वंशानुगत रूपमा प्रजातिमा सर्ने तथा आवासगत भिन्नता, खानपान र महान् घटनाका प्रभावमा केही फरकपन पनि आउन सक्ने कुरा स्पष्ट हुन्छ ।

साहित्यमा प्रजातिको उपस्थितिलाई सहज वंशानुगत गुणका रूपमा लिएको पाइन्छ । प्रजातिगत गुणलाई आनुवंशिक रूपमा आउने सापेक्ष तत्त्व मानिन्छ । प्रजातिको निर्माण समान सांस्कृतिक विशेषताबाट हुन्छ । प्रजातिमा पाइने भिन्न वंशानुगत विशेषता निर्माणमा फरक जलवायु, भूगोल र खानपानले प्रभाव पारेको हुन्छ । यसबाट प्रजातिको निर्माणमा पर्यावरण र क्षणको पनि प्रभाव रहने कुरा स्पष्ट हुन्छ । साहित्यको अध्ययनमा प्रजातिगत मान्यता महत्त्पूर्ण देखिन्छ ।

### २.२.१ प्रजातिगत वैशिष्ट्य

साहित्यिक कृतिअध्ययनमा प्रजातिगत वैशिष्ट्यको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । तेनले मानिसमा देखिने शारीरिक संरचना, रङ र स्वभावलाई प्रजाति मानेका छन् । उनका विचारमा लेखकमा प्रजातिगत विशेषता हुन्छ र साहित्य सिर्जनाका सन्दर्भमा त्यसको प्रभाव पर्दछ । प्रजाति एक युगबाट अर्को युगसम्ममा रूपान्तरण भइसकेको हुन्छ र कालान्तरमा आफ्नो स्थानीयपनमा लोपको अवस्थामा पुग्दै विश्वव्यापी ठूलो धारणाको अवयवमा समाविष्ट हुन्छ (तेन १०) । यसबाट प्रजातिको निर्धारण र परिवर्तनमा लामो युगीन अन्तरालको भूमिका हुने कुरा स्पष्ट हुन्छ । तेनका मतमा प्रजाति समयक्रममा बसाइँसराइ गरी अनुकूल स्थानमा बसोबास गर्न पुग्दछन् । प्रजातिगत बसाइँसराइका कारण अर्न्तघुलन, फरकफरक प्रजातिको संयोजन, तिनमा रहेको अर्थतन्त्र, ज्ञान, सामाजिक संरचनामा पनि समयानुकूल परिवर्तन हुन्छ । मानवनिर्माणको लागि वंशाणुगत गुण र वातावरण दुबैको योग हुन्छ । वंशपहिचान जिन अध्ययनको विज्ञान हो (फ्रोलोभ ७३) । मानवको व्यक्तिगत विकासमा वंशाणुगत गुण र वातावरणको अनुभवलाई आधारजन्य वस्तु मानिएको छ ( राव १६३) । समान सांस्कृतिक विशेषताले पनि जातिको निर्माण गर्छ । फरक जलवायु, भूगोल र खानपानबाट समान र भिन्न वंशानुगत विशेषता निर्माण हुन्छ । विविध समयका राजनीतिक तथा सामाजिक स्वरूपमा पनि भिन्नता आउनुका साथै प्रजातिगत विभिन्न प्रभावमा रहेर भिन्न स्वरूप प्रदर्शन गर्दछन् (तेन १०) । यसबाट प्राकृतिक र सामाजिक जनजीवनमा आएको फेरबदलले प्रजातिमा पनि परिवर्तन आउने कुरा स्पष्ट हुन्छ । प्रजातिलाई मानवको आन्तरिक तथा वंशानुगत स्वरूपको उपस्थितिका रूपमा बुझ्नुपर्छ, जसले मानवलाई पहिचान, बुद्धि, नियम, कानुन, स्वभाव र शारीरिक बनोट निर्धारण गर्दछ । मान्छेजस्तो हुन्छ त्यस्तै गरी सभ्यताको स्वरूप र विकास पनि समयानुकूल परिवर्तन भइरहन्छ (तेन १०) । यसबाट साहित्यलाई प्रजातिगत पात्रसँग समन्वय, सर्जकको चिन्तन र प्रभावसँग सम्बन्धित भएर अध्ययन गर्नुपर्ने कुरा स्पष्ट हुन्छ । कुनै समाजमा रहेका प्रजातिमा आ-आफ्नै किसिमका प्रवृत्ति रहेका हुन्छन् ।

प्रजातिमा एक पुस्ताबाट अर्को पुस्तामा सर्ने आनुवंशिक गुण हुन्छन् । वंशाणुक्रमबाट मानवीय जीवन चलेको हुन्छ र सन्ततिमा पनि त्यसले प्रभाव पार्दछ (माथुर ४७) । राम्रो वंशाणुक्रम र वातावरणमा जन्मिएको सन्तान दुषित वातावरणमा पर्‍यो भने बिग्रन्छ ।

मानिसमा हुने छालाको रङ, शरीरमा देखापर्ने रौं एवम् कपालको बनोट तथा शारीरिक आकारप्रकारले गर्दा प्रत्येक प्रजातिको गुण तथा स्वभावमा भिन्नता ल्याउने गर्दछ । शारीरिक बनावटका अतिरिक्त विभिन्न खाले प्रजातिमा भूगोल, संस्कृति र धर्मजस्ता कुराले पनि भिन्नता ल्याएको हुन्छ (तेन १७) । प्रजातिमा आर्थिक, सामाजिक, राजनीतिक तथा ऐतिहासिक क्रियाकलाप एवम् वातावरणीय पक्षजस्ता कुराले भिन्नता ल्याउनुका साथै एकआपसमा प्रभाव पार्ने गर्दछन् । प्रजातिमा वंशाणुगत गुण, शारीरिक बनावट तथा प्रतिभा, स्वभाव र विशेषता रहेका हुन्छन् । तेनले प्रजातिको व्याख्या सहज वंशानुगत विशेषता, स्वभाव, शरीरसंरचनाका रूपमा गर्दछन् । उनले मानव जातिको विश्वमा फरकपन देखिनुमा आवास स्थानमा भिन्नता हुनुलाई मानेका छन् । कुनै प्रजातिले खानपान वा कुनै महान् घटनाको कारणले फरक विशेषता आर्जन गर्न सक्छन् (स्विडगउड २३-२४) । यसबाट आवास स्थान, खानपान र महान् घटनाका कारण प्रजातिमा फरकपन आउने कुरा स्पष्ट हुन्छ ।

प्रजातिका आफ्नै वंशानुगत विशेषता, शारीरिक संरचना र मानसिकता हुन्छन् । एक प्रजाति देशकालका दृष्टिले टाढाटाढा फैलन जाँदा पनि उसमा केही समान विशेषता अवश्य रहन्छन् । प्रजातिमा जलवायु, माटो तथा इतिहासको महान् घटनाको विशिष्ट चेतनागत सौन्दर्यानुभूति चरित्रमा देखापर्दछ र यसबाट प्रजातिमा सौन्दर्यगत आदर्श विकास हुन्छ (मैनेजर पाण्डेय १२४) । तेनले लेखकमा आफ्नो प्रजातिगत विशेषता विद्यमान रहेको हुन्छ र साहित्य सिर्जनाका सन्दर्भमा त्यसको प्रभाव पर्ने कुरा व्यक्त गरेका छन् । लेखकले आफ्ना रचनाको सामग्री आफ्नो प्रजातिबाट नै ग्रहण गर्दछ । प्रजातिगत गुणमा फरक भूगोल, हावापानी र खानपानको प्रभावका कारण केही परिवर्तन आउन सक्छन् । यस्तो अवस्थामा पनि तिनीहरूमा आफ्नो प्रजातिको मौलिक विशेषता र चिह्नगत आधार कायम नै रहन्छन् (चन्द्रमान श्रेष्ठ ७३) । यसबाट कुनै एक प्रजातिको मानिस जहाँ गए पनि उसमा निश्चित प्रजातिगत गुण विद्यमान रहने कुरा स्पष्ट हुन्छ । प्रजातिगत वैशिष्ट्यलाई पात्रको बाह्य रूपाकृतिगत पक्ष मानिन्छ । यसले पात्रमानिहित बाह्य व्यक्तित्त्वलाई प्रकट गरेको हुन्छ ।

### २.२.२ प्रजातिगत मानसिकता

साहित्यिक कृतिअध्ययनमा प्रजातिगत मानसिकताको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । मान्छेमा समयअनुसार जुन क्षणमा जस्तो मनोभाव सिर्जना भएको हुन्छ सोहीअनुसारको मानसिक प्रभाव प्रजातिमा निहित हुन्छ । यसका कारणले कार्यको जन्म हुन्छ । यही कार्यको जन्मबाट सिर्जना समाजसमक्ष आएको हुन्छ (तेन १३) । प्रजातिको सही मापन र टङ्कन गर्न सकेमा हिजो, आज र भोलिको मानव सभ्यताको उद्घोष गर्न सक्नुका साथै सम्भावित सभ्यताको गति निर्धारण गर्न सकिने कुरा तेनले बताएका छन् । उनले महान् रचनाको सिर्जनामा कलाकारको आत्मा, प्रतिभा र मानसिकताको निर्णायक भूमिका रहने कुरा बताएका छन् । यसैले गर्दा मनोवैज्ञानिक स्थिति नै सामाजिक स्थितिको कारण हन्छ भन्ने उनको अवधारणा देखिन्छ । मान्छेको मानसिकता प्राकृतिक सामाजिक पर्यावरणले निर्धारण गर्दछ र भौतिक र सामाजिक परिस्थितिहरू मानसिकताले निर्धारण (मैनेजर पाण्डेय १२६) । यसबाट महान् रचनाको अध्ययन तथा प्राकृतिक र सामाजिक पर्यावरणले प्रजातिगत मानसिकता निर्माण हुने कुरा स्पष्ट हुन्छ । महान् रचनाले मान्छेको मानसिकतामा प्रभाव पार्दछ र उसले सिर्जना गर्दछ (तेन १४) । प्रत्येक प्रजातिमा सामान्य विचार भएजस्तै धर्म, कला, साहित्य र दर्शन पनि फरक फरक हुँदै जान्छन् । प्रत्येक प्रजाति केकस्तो पर्यावरणमा हुर्केको छ त्यस्तै किसिमको मानसिकता उसमा निर्माण भएको हुन्छ (तेन १६) । यसबाट सभ्यताको गति, धर्म, कला, साहित्य र दर्शनबाट प्रजातिगत मानसिकता निर्माण हुने कुरा स्पष्ट हुन्छ ।

साहित्यिक कृतिभित्र वर्णित प्रजातिका अभिलक्षणबाट मानसिकताको पहिचान गर्न सकिन्छ । प्रजातिका सम्बन्धमा सहज र वंशानुगत गुण सापेक्ष तत्त्वका रहेको हुन्छ । मानव समूहमा विविध जाति छन् र प्रत्येक साहित्यकार कुनै न कुनै जातिको सदस्य हुन्छ । संसारका प्रत्येक जातिको आफ्नै सांस्कृतिक र ऐतिहासिक परम्परा हुन्छ । आफ्नै कलागत मूल्य हुन्छ र आफ्नै जीवनको आदर्श हुन्छ । यी सबै विशेषता त्यस  जातिको जीवनमा घुलमिल भएर अविभाज्य रूपमा रहेका हुन्छन् । यस्ता जातिगत विशेषता त्यस जातिका सबै साहित्यकारमा घटी वा बढी मात्रामा हुन्छन् । यसले गर्दा नै एक जातिको साहित्य अर्को जातिको साहित्यभन्दा भिन्न खालको हुन्छ (शर्मा र लुइटेल १२८-१२९) । यसबाट

प्रजातिमा आफ्नै सांस्कृतिक तथा ऐतिहासिक परम्परा र आफ्नै कलागत मूल्यमान्यता तथा जीवनगत आदर्श रहने कुरा स्पष्ट हुन्छ ।

साहित्यिक कलाको उद्भव मानसिकताबाट हुन्छ । कलाको उद्भव मानवको मानसिकता र त्यसको मूल आधार सामाजिक इतिहास, परिवेश र प्रजातिगत तत्त्वबाट हुन्छ (बच्चन सिंह १४) । यसबाट सामाजिक इतिहास र परिवेशले मानिसलाई साहित्यरचनामा प्रभाव पार्ने कुरा स्पष्ट हुन्छ । प्रजातिका वंशगत लक्षण दीर्घकालीन रहे पनि परिवेशको उपस्थितिले गर्दा संस्कृति र परिवेशको रूपमा, अनुवंश र परिवेशका बिचमा एक अर्कालाई प्रभाव पार्ने सम्बन्ध रहेको हुन्छ (जोनसन १००) । यसबाट प्रजातिसँगै जोडिएको शारीरिक संरचना पनि वंशज, हावापानी, खानपान, भूबनोटअनुसार नै निर्माण हुने कुरा स्पष्ट हुन्छ । प्रजाति निर्माणमा परिवेशको पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । मानिसका भ्रामक आवेगमा प्राचीन पुराकथा एवम् मिथकको भूमिका, सिकारी जीवन, पाषाणकालीन स्मृतिबाट मान्छे नयाँ परिवेशतिर उन्मुख भइसकेको हुन्छ (कडवेल ३१) । यसबाट मासिस रूपान्तरण हुँदा केही नयाँ र केही पुराना विश्वा लिएर आउने कुरा स्पष्ट हुन्छ । प्रजातिकै सन्दर्भमा वातावरण र वंशजको संयोजनले मानव प्रजातिको निर्धारण गर्दछ (गिन्सवर्ग ४५) । यसबाट प्रजातिको निर्माणमा वातावरण र वंशजको भूमिका रहने कुरा स्पष्ट हुन्छ । प्रजातिगत मानसिकताले पात्रको आन्तरिक मनोभावलाई बुझाउँछ । यसले पात्रको मनोभावगत व्यक्तित्त्वलाई प्रकट गरेको हुन्छ ।

साहित्यको समाजशास्त्रीय अध्ययनमा प्रजातिगत वैशिष्ट्य र मानसिकतालाई विश्लेषणको आधार बनाउनु आवश्यक छ । समुदायको सामूहिकतालाई समेटेको समूह प्रजाति हो । यसमा जैविक, शारीरिक र आनुवंशिक विशेषता रहेका हुन्छन् । प्रजातिका शारीरिक विशेषता आकृति, आकार र संरचनालाई लिन सकिन्छ । प्रजातिले ऐतिहासिक, अनुवांशिकता र पुस्तान्तरणलाई बुझाउँछ । उपन्यासमा प्रयुक्त पात्रका बाह्य विशेषताको अध्ययन हुनु आवश्यक मानिन्छ । प्रजातिले कुनै समाजको लामो ऐतिहासिक पुस्तान्तरण र विकासलाई झल्काउँछ । यसले नैतिक मान्यता र जीवनमूल्य विकास गरेको हुन्छ । प्रजातिमा सामाजिक सम्बन्ध र संरचनाले कृतिमा देखापर्ने पात्रको क्रियाकलाप र भूमिकामा प्रभाव पार्दछ । प्रजातिको भावनात्मक प्रतिक्रियाबाट कृतिमा प्रयुक्त पात्रको स्वभाव र मानसिकता बुझ्न सकिन्छ । उपन्यासमा प्रयुक्त पात्रका विचार, भावना र मानसिकताजस्ता

आन्तरिक पक्षको अध्ययन हुनु आवश्यक छ । यसर्थ प्रजातिगत वैशिष्ट्य र मानसिकतालाई उपन्यास विश्लेषणको ढाँचा बनाइएको छ ।

## २.३ मल्लका उपन्यासमा प्रजातिगत वैशिष्ट्य

मोहनबहादुर मल्लका *उजेली छामा, मायारानी, पञ्चायत, समयको हुरी, भुमरी, बहादुर नजर, जेली, रामछायाँ* गरी आठओटा उपन्यास प्रकाशित छन् । उनका *उजेली छामा, पञ्चायत, समयको हुरी, भुमरी* र *जेली* गरी पाँचओटा उपन्यास सामाजिक यथार्थमा आधारित छन् भने *मायारानी, बहादुर नजर* र *रामछायाँ* गरी तीनओटा उपन्यास ऐतिहासिक यथार्थमा आधारित रहेका छन् । प्रस्तुत उपन्यासमा प्रयुक्त पात्रका बाह्य रूपाकृतिगत सामूकिह जैविक, शारीरिक र आनुवंशिक विशेषता प्रकट भएका छन् । मल्लका उपन्यासमा पात्रका बाह्य शारीरिक विशेषता आकृति, आकार र संरचनाका रूपमा प्रस्तुत भएका छन् । प्रजातिमा देखिने यिनै वैशिष्ट्यको सजीव चित्रण उनका उपन्यासमा गरिएको पाइन्छ । यसर्थ प्रजातिगत वैशिष्ट्यका आधारमा मल्लका उपन्यासको अध्ययन गरिएको छ ।

### २.३.१ *उजेली छामा* उपन्यासमा प्रजातिगत वैशिष्ट्य

मोहनबहादुर मल्लको *उजेली छामा* (२००८) उपन्यास छब्बीस परिच्छेद र एकसय एकतीस पृष्ठमा संरचित सामाजिक यथार्थमा आधारित छ । प्रस्तुत उपन्यासमा पात्रका बाह्य रूपाकृतिगत पक्ष प्रकट भएका छन् । यसमा नेपाली समाजका उजेलीजस्ता पात्रले झेल्नुपरेका दुःख, पीडा, जालझेल, शोषण, दमनका विषय प्रस्तुत गरिएको छ । उपन्यासमा मुखिया तथा सौतेनी आमाले उजेलीलाई विवाहका लागि मञ्जुर गराउन गरेको कठोर व्यवहार र आफ्नै दिदीले पनि कामका लागि बहिनीलाई प्रयोग गरेको सन्दर्भले तत्कालीन समाजको प्रजातीय अवस्थालाई स्पष्ट गरेको छ । प्रस्तुत उपन्यासमा सुवर्णध्वजलाई आँधीखोलाको किनारमा खेती गर्ने र भौगोलिक विशेषता वहन गर्ने पात्रका रूपमा प्रस्तुत गरिएको छ । उपन्यासका सर्जक र प्रयुक्त पात्रका व्यवहारले नेपाली समाजको प्रजातिगत चेतनास्तरलाई प्रस्तुत गरेको पाइन्छ । उपन्यासमा आएका पात्रले व्यक्तिगत स्थिति भन्दा पनि तत्कालीन समाजका मूल्यमान्यताका साथै सामाजिक विशेषताको प्रतिनिधित्व गर्ने खालका प्रजातिगत उपस्थिति भएको पाइन्छ । प्रस्तुत उपन्यासमा प्रजातिगत विशेषतालाई उजेली र केसरीका बिचमा भएको सम्वादले प्रस्ट पारेको छ । उपन्यासमा तत्कालीन समयको सामाजिक अवस्थालाई देखाइएको छ । यसमा केसरीले उजेलीलाई दिएको अभिव्यक्ति यस्तो

रूपमा आएको छ- "तपाईंको लोग्ने पनि खान दिंदा केही नखाइ धुमधुम्ती ध्यान गर्ने, राती त्यसरी ढुटो घुसर्ने गरेको भए तपाई कसो गर्नु हुन्थ्यो" (२) । यस उद्धृतांशले त्यस समयका मानिसको प्रवृत्तिगत विशेषतालाई व्यक्त गरेको छ । प्रस्तुत उपन्यासमा च्याखुरेसँग उजेलीले विवाह गर्न नमानेको विषयमा सौतेनी आमाले रामपुरे पण्डितसँग गरेको कटाक्षपूर्ण अभिव्यक्ति "देख्नुभयो नजरैले बल्ल, उ नमानेकी कहाँ छ र ...सब अरूको वीरसिक्का मात्र हो" (१३) आएको छ । यस उद्धृतांशले सौतेनी आमाले उजेलीप्रति गरेको व्यवहार प्रस्तुत गरेको छ । उपन्यासमा सौतेनी आमा र रामपुरे पण्डितका स्वार्थमा उजेलीलाई दिइएको मानसिक यातना यसरी प्रकट "बल्ल नानीलाई आज दनक भएको छ, मलाई हुनसम्मका दुःख दिएका पो हुन् त" (१५) भएको छ । यस उद्धृतांशमा सौतेनी आमा स्वार्थवश अरूसँग मिलेर उजेलीलाई दिएको दुःख व्यक्त गरिएको छ । यसले त्यस समयको समाजका मानिसको सामाजिक प्रवृत्तिलाई उजागर गरेको छ । त्यस समयको समाजका आर्य प्रजातिका केही मानिसमा विद्यमान रहेका यस्ता क्रियाकलापबाट प्रजातिगत वैशिष्ट्य व्यक्त भएको पाइन्छ ।

*उजेली छामा* उपन्यासमा सुवर्णध्वज र उजेलीको सम्बन्धको बारेमा चर्चा भएको छ । यसै प्रसङ्गमा पातलीले दिएको अभिव्यक्ति उपन्यासमा यसरी प्रकट भएको छ- "छिः छिः म त ऐले पो दङ् परें ... म लाटीलाई त यिनीहरूले थाङ्नामा पो सुताएका रहेछन्" (१८) । यस उद्धृतांशमा सुवर्णध्वज साली उजेलीप्रति आकर्षित हुँदा दिदी पातलीका मनमा उब्जेको शङ्का प्रकट भएको छ । उपन्यासमा उजेलीको विवाहसम्बन्धी विषयमा उत्पन्न समस्या टुङ्गो लगाउन सुवर्णध्वज कुटीमा पुग्दा स्वामीले दिएको अभिव्यक्ति यस्तो रूपमा आएको छ- "के गर्नु शिव शिव मलाई आज अर्कै कामको लर्तरी परेको छ शिव शिव त्यसैमा नगै नहुने परेको छ" (२४) । यस उद्धृतांशले तत्कालीन समाजका केही ठूलाबडा मानिसले अन्य मानिसप्रति देखाउने व्यवहार उजागर भएको छ । उपन्यासमा सौतेनी आमा र रामपुरे पण्डितका स्वार्थमा उजेलीलाई दिइएको मानसिक यातनालाई यसरी प्रस्तुत गरिएको छ- "म विहा गर्छु भन्दै स्वास्नी मानिस को बक्छ ? बोलिनन् स्वीकार गरिन् बेसै भयो ...जब कौरबी सभामा...उनका ती बाह्य नयनले काम दिनछाड्यो, उनले एक कृष्ण भगवान् सिबाय दोस्रो देखिनन्, त्यही ठीक उजेलीको भयो" (२६) । यस उद्धृतांशमा तत्कालीन समाजका नारीप्रति परिवार तथा समाजका भद्र मानिसले अनेक सन्दर्भमा दिएको यातना प्रस्तुत भएको छ । उपन्यासमा गलत क्रियाकलापका पछि लाग्दा उत्पन्न

सामाजिक समस्यामा ल्वामेको विचार यसरी प्रकट भएको छ- "कसो गरौं पण्डित बाजे, जहाँ जान्छ अभागी कर्कलाको आरी, बाबै राजै त्यसै त भो" (२८) । यस उद्धृतांशमा गलत कामको परिणाम अन्ततोगत्वा गलत नै हुने भाव व्यक्त भएको छ । प्रस्तुत उपन्यासमा अदालतको लेखनदासले ल्वामे विचलित हुँदा सम्झाएको अभिव्यक्ति यसरी प्रकट "यसरी नआत्तेऊ, यसमा म कोशिस गरूँला तर तिमीले एक कुरो गर्नपऱ्यो" (४०) भएको छ । यस उद्धृतांशमा त्यस समयका मानिसमा विद्यमान रहेको स्वार्थी प्रवृत्ति उजागर भएको छ । उपन्यासमा मानिसको स्वरूपको बारेमा बिन्दाले दिएको अभिव्यक्ति "अँ का अँ दिदी मुख झन् कालो मोसो पोतेको होकि जस्तो रे" (४४) आएको छ । यस उद्धृतांशमा मानसिक तनावका कारण मानिसका अनुहारमा आउने परिवर्तनलाई देखाइएको छ । प्रस्तुत उपन्यासमा त्यस समयको समाजका मानिसमा विद्यमान रहेका यस्ता प्रवृत्तिमा प्रजातिगत वैशिष्ट्य व्यक्त भएको देखिन्छ ।

*उजेली छाया* उपन्यासमा पात्रका परम्परित विशेषता प्रस्तुत भएको पाइन्छ । उपन्यासमा पात्रका वंशाणुगत विशेषता र जनसामान्य विषयको अभिव्यक्ति यसरी गरिएको छ- "जब उनीहरूलाई थाहा भयो सुवर्णध्वजको त्यो हविगत उनीहरूको सहिछापको कारणबाट नै भयो, तब उनीहरूले आफूलाई धिक्कार्न र आफ्नो बेकूफी माथि खेद प्रकट गर्न लागे" (८९) । प्रस्तुत उद्धृतांशमा गाउँका फटाहा मानिस गलत कामका पछि लागेका र सज्जन मानिस पनि उनीहरूको डरत्रासका कारण सुवर्णध्वजको पारिवारिक संरचना पूरै ध्वस्त हुन पुगेको देखाइएको छ । यस घटनाले समाजका सज्जन मानिसमा चेतना सिर्जित भई पछि मात्र पश्चातापमा परेको भाव दिएको छ । उपन्यासमा छोरीका सन्दर्भमा आमाले दिएको अभिव्यक्ति यस्तो छ- "साहुनी पठाउन भनेको घरको काम साह्रै कर्रो गर्न पर्ने, सानी मान्दिन, गैराकी गर्न त पर्छ घरमा जे परे पनि माइत बसेर कल्लाई पुगेको छ भन्नुहोस्" (११३) । यस उद्धृतांशमा नारीले घर खाँदा आउने पीडा र माइतमा बस्दा हेर्ने सामाजिक चिन्तन व्यक्त भएको छ । प्रस्तुत उपन्यासमा तत्कालीन समाजमा बुहारीका श्रमका विषयमा दिइएको अभिव्यक्ति यसरी आएको छ- "राती सुत्ने बेलामा जाँतो बज्दछ हेऱ्यो उजेलीले, बेहान उज्यालो नहुँदै ढिकीको शब्द हुन्छ हेऱ्यो उ एकलैले" (११४) । यस उद्धृतांशमा नारीका गृहस्थी जीवनका बाध्यता र विवशता उजागर भएको छ । त्यस समयको समाजका मानिसमा विद्यमान रहेका यस्ता क्रियाकलापबाट प्रजातिगत वैशिष्ट्य झल्किएको छ ।

*उजेली छामा* उपन्यासमा उजेलीको विशेषता र सौतेनी आमाको व्यवहार, स्वामीको स्वार्थी भावना, गलत कामको परिणाम, अदालती प्रक्रिया, बेरोजगारी अवस्था, पहाडिया जीवनमा महिलाको दायित्वजस्ता पात्रका गुणगत तथ्य प्रजातिगत वैशिष्ट्यका रूपमा प्रकट भएका छन् । यसर्थ प्रजातिगत वैशिष्ट्यका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

## २.३.२ *मायारानी* उपन्यासमा प्रजातिगत वैशिष्ट्य

मोहनबहादुर मल्लको *मायारानी* (२००९) उपन्यास बाइस परिच्छेद र एकसय सत्तरी पृष्ठमा संरचित ऐतिहासिक यथार्थमा आधारित छ । प्रस्तुत उपन्यास मायारानी र ललितको बाह्य रूपाकृतिगत विशेषताको वर्णन गरिएको छ । उपन्यासमा इतिहासमा आधारित भएर तत्कालीन समयका मानिसको जीवनशैली र शिक्षामूलक चिन्तन प्रस्तुत गरिएको छ । प्रस्तुत उपन्यासमा नारीशिक्षामा ध्यानकेन्द्रित गरी समाजका सबै तहका मानिसलाई समान शिक्षा दिनुपर्ने दृष्टिकोण प्रस्तुत भएको छ । उपन्यासमा रूपलावण्यले परिपूर्ण नारीपात्र मायारानीको विवाह पैंसट्ठी वर्षीय बृद्ध चौतरियासँग हुँदाको दुःखमय जीवन प्रकट भएको छ । उपन्यासमा ऐतिहासिक विषयमा आधारित रही पात्रका क्रियाकलापगत आपसी अभिव्यक्ति आएका छन् । उपन्यासमा ललितसँग बगैँचामा भेट भएको समयमा मायारानीले दिएको अभिव्यक्ति यस्तो छ- “त्यस्तै हुन्छ ढिलो गर्नेलाई अब त सजाय पुग्यो कि ? भोलिदेखि पनि यस्तै अबेर गर्नेलाई के के सजाय हुन्छ कुन्नी !” (४) । यस उद्धृतांशमा मायारानी र ललितका बिचमा अङ्कुरित माया र मायाकै कारणले एकले अर्कालाई घुर्काएको भाव प्रकट भएको छ । यसले समाजमा पहिलादेखि नै चल्दै आएका सन्दर्भलाई उजागर गरेको स्पष्ट हुन्छ । प्रस्तुत उपन्यासमा ललितसँग मायारानीको विवाहको विषयमा कमलाले शान्तीलाई दिएको सुझाव यसरी प्रकट भएको छ- “त्यसो होइन अहिलेदेखि नै जो भएको जोडजाम पार्दै गरे पछि एकै चोटिलाई भीड पर्दैन” (१४) । यस उद्धृतांशमा मायारानी र ललितको विवाहको सन्दर्भमा दुबै पक्षका अभिभावकले एकअर्काको हितमा गरेका कुरा व्यक्त भएको छ । उपन्यासमा त्यस समयको समाजका आर्यन मानिसमा विद्यमान रहेका यस्ता क्रियाकलापले प्रजातिगत वैशिष्ट्यलाई दर्साएका छन् ।

*मायारानी* उपन्यासमा चौतरियाले ब्राह्मणप्रति गरेको अपमानलाई देखाइएको छ । पण्डितलाई चौतरियाले गरेको अपमान उपन्यासमा यसरी प्रकट भएको छ- “यो काठोसँग कुरै

गर्न सकिन्न, जे गरेपनि आफ्नै कुरा माथि पार्छ" (१७) । यस उद्धृतांशमा एउटै आर्यन प्रजातिको मानिसले अर्को मानिसप्रति दर्साएको अमानवीय व्यवहार व्यक्त भएको छ । प्रस्तुत उपन्यासमा विवाहको विषयमा मायारानीलाई माग्न चौतरियाले पण्डितलाई देखाएको लोभ यसरी व्यक्त भएको छ- "बुझ्यौ पण्डितजी ! आज मैले तिमीलाई बोलाएकै मुख्य कारण यही हो, तिम्रो हातमा यौटी हुर्केकी कन्या छन् भन्ने सुनेको छु, त्यो कन्या मलाई दिलाउन सक्यौ भने तिमीलाई म पुरस्कार दिनेहुँ" (२२) । यस उद्धृतांशले त्यस समाजका मानिसमा स्वार्थी प्रवृत्ति रहेको कुरालाई औँल्याएको छ । यसमा समाजका सोझा मानिस उपर खेलेर बहुनारी जम्मा गर्ने र उसमाथि शोषण गर्ने ठालुवर्गका चरित्रगत प्रवृत्ति उजागर भएको पाइन्छ । प्रस्तुत उपन्यासमा मायारानी र ललितको भेट हुँदा भएको व्यवहारगत विषयबाट आश्चर्य मान्दै चामेले दिएको अभिव्यक्ति यस्तो छ- "जोकेरे जोकेरे मैले तिम्लाई कतिका माया गर्दछु, जोकेरे जोकेरे तौल्ने चीज भए मैले कत्रो गर्दो रैछु तिम्ले पनि देख्न सक्ने थियौ, जोकेरे जोकेरे अरूको तिम्ले चिन्तै नल्यौन म छँदैछु" (६३) । यस उद्धृतांशमा एक पात्रले अर्को पात्रप्रति देखाएको सद्भाव व्यक्त भएको छ । उपन्यासमा त्यस समाजका मानिसमा विद्यमान परम्परागत मान्यतालाई उजागर गर्दै शिक्षामूलक चेतनाबिना गतिशील समाजनिर्माण हुन नसक्ने धारणा यस्तो रूपमा आएको छ- "जापानी राज-खलकमा मृतक मालिकको नजीकैमा उसको नोकर र घोडा ज्यूँदै टाउको मात्र देखाएर गाड्नु पर्दथ्यो, नत्र उनीहरूको इज्जत जान्थ्यो, यस्तै अनौठाको इज्जतराख्ने चलन संसारमा कैयौं चले, चलेका छन् पनि" (८७) । यस उद्धृतांशमा खानपिन र मोजमस्तीमा व्यस्त चिन्तन प्रकट भएको छ । उपन्यासमा त्यस समयका मानिसमा विद्यमान रहेका यस्ता चिन्तनमा प्रजातिगत वैशिष्ट्य झल्किएको देखिन्छ ।

*मायारानी* उपन्यासमा चामेले दोस्रो विवाहको विषयले समस्या उत्पन्न गरेको छ । यसै प्रसङ्गमा चामेल र चिम्सीको भनाभन उपन्यासमा यसरी प्रकट भएको छ- "काटे भने काटे, मर्दकी सातवटी, सकैको जारी होइन सारी होइन, खुर्लुप्प न चपाओस् त, भोनि भोलि बेहानै देखाउँला नि नानीको गत, गलो लाग्लाका गलो, हामीले भनेको, मलाई त फुर्तिको मखुण्डा जस्तो मुख देख्दा नै आङ रन्केर आउँछ, कुन दिन जगल्टा केलाएर खुइलै पार्दिने हुँ" (१०६-१०७) । यस उद्धृतांशमा चेतना र मानसिकता माथि उठ्न नसकेका मानिसको अवस्था उजागर भएको छ । उपन्यासमा मायारानीको विषयमा चिन्तित बनेकी कमलाले शान्तीदेवीलाई दिएको अभिव्यक्ति यस्तो छ- "हे अभागिनी हो, रोओ रोओ सकेसम्म रोओ, हृदयको घाउ निचोरेर एक छिनको निमित्त भए पनि सुबिस्ता लेओ, तिमीहरूको निमित्त यो

संसारमा रूनुसिबाय अरू कुरो बाँकी रहेको छैन" (११२) । यस उद्धृतांशमा एक नारीले अर्को नारीपप्रति दर्साएको व्यवहारलाई देखाइएको छ । यसले एउटी नारीले अर्की नारीप्रति देखाउने गलत व्यवहार तत्कालीन समाजमा विद्यमान रहेको स्पष्ट हुन्छ । उपन्यासमा त्यस समयका मानिसमा विद्यमान रहेका यस्ता चिन्तनमा प्रजातिगत वैशिष्ट्य झल्किएको पाइन्छ ।

*मायारानी* उपन्यासमा मायारानी र ललितका जीवनशैलीमा बाह्य रूपाकृतिगत विशेषता प्रकट भएका छन् । उपन्यासमा बगैँचामा भेट हुने निर्धारित समय भन्दा ढिलो ललित उपस्थित भएर उल्टै दोषारोपण तथा बगैँचामा भेट्ने समयमा परिवर्तन आउँदा मायारानीको मानसिकतामा प्रभाव परेको देखिन्छ । प्रस्तुत उपन्यासमा मायारानीबाट चौतरियाको चाहनाअनुरूप काम हुन नसक्दा खिन्नता प्रकट भएको छ । उपन्यासमा घरमा चिम्सी हुँदाहुँदै चामेले अर्की स्वास्नी ल्याउँदा आपसमा भनाभन भएको छ । प्रस्तुत उपन्यासमा आएका पात्रका क्रियाकलापले चरित्रगत विशेषतालाई औँल्याएका छन् । उपन्यसमा कमजोर मानसिकता कारण मायारानी र ललित दुबैको जीवन अप्ठेरोमा परेको छ । उपन्यासमा मायारानी र ललितमा यस्तो स्थिति सिर्जना हुनुमा अभिभावकीय भूमिका प्रमुख बनेको छ । यसर्थ प्रजातिगत वैशिष्ट्यका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

### २.३.३ *पञ्चायत* उपन्यासमा प्रजातिगत वैशिष्ट्य

मोहनबहादुर मल्लको *पञ्चायत* (२०१०) उपन्यास पन्ध्र परिच्छेद र चौरासी पृष्ठमा संरचित सामाजिक यथार्थमा आधारित छ । प्रस्तुत उपन्यासमा सान्नानी, मधु, रघु, चञ्चलजस्ता पात्रका बाह्य रूपाकृतिगत विशेषता प्रस्तुत भएका छन् । उपन्यासमा सान्नानीको पतिको मृत्यपछि जेठाजुले अंशभाग नदिई घरबाट निकाल्दा पञ्चायतमा उजुरी गर्नु र पञ्चभलादमीमा बलेको आगो ताप्ने प्रवृत्तिले न्याय दिन नसक्नुजस्ता क्रियाकलापमा प्रजातिगत आचरण र व्यवहार प्रस्तुत भएका छन् । उपन्यासमा गाउँको प्रधानपञ्च बन्नका लागि मानिसमा भएका जालझेल नयाँ साहुका क्रियाकलापबाट स्पष्ट भएको छ । प्रस्तुत उपन्यासमा नयाँ साहुले घरमा श्रीमती थुपारेर समाजमा वर्चस्व कायम गरेको क्रियाकलात्मक चित्रणमा प्रजातिगत प्रस्तुति आएको छ । उपन्यासमा कास्कीमा अवस्थित हात्तीसुँडे डाँडा र आसपासको भूगोलगत समाजमा बस्ने मानिसका प्रजातिगत अवस्थाको चित्रण आएको छ । प्रस्तुत उपन्यासमा नयाँ साहुले गाउँको प्रधान बन्न सघाउन आग्रह गर्दा खगनाथ उप्रेतको

विचार यसरी प्रकट भएको छ- "तालको माछा होइन, ढडियामा परिसकेको सम्झनुहोस् न, रकमी काममा मेरो टक्कर मार्न सक्ने यो गाउँमा को छ ? मेरो जत्तिको इस्ट मित्र यो गाउँमा अरू कस्को छ ? म पनि लाटो छैन हात परेको गुमाएर सान गरेर माग्ने" (९) । यस उद्धृतांशमा खगनाथ उप्रेत आर्थिक प्रलोभनमा परी नयाँ साहुलाई प्रधानपञ्च बनाएको देखाइएको छ । त्यस समयको समाजमा स्थापित व्यक्तिको आशीर्वाद लिएर अर्को व्यक्ति माथि उठ्ने पद्दति विद्यमान रहेको सन्दर्भ आएको छ । यहाँ नयाँ साहुले खगनाथ उप्रेतलाई आर्थिक प्रलोभनमा पारी गाउँको प्रमुख बनेर सोझासाझा मानिसलाई दुःख दिएको सन्दर्भ आएको छ । उपन्यासमा त्यस समयको समाजका आर्यन मूलका केही मानिसमा विद्यमान रहेका यस्ता तथ्यहरूले प्रजातिगत वैशिष्ट्यलाई औँल्याएका छन् ।

*पञ्चायत* उपन्यासमा गाउँको प्रधान बनेपछि नयाँ साहुलले देखाएको समाजिक प्रभुत्वको वर्णन आएको छ । यसै प्रसङ्गमा साहुलले घरमा श्रीमती जम्मा गरेको वर्णन उपन्यासमा यसरी प्रस्तुत गरिएको छ- "जारी बुजेको साता दश दिन नहुँदै उनले दोस्रो बिहा गरे, जोतिषिले तेस्रो बिहाको समेत् दर्कार देखाएकाले सो पनि गरे, आफन्तले कर लगाएको हुनाले अर्की एउटी पनि गरे, वर्ष दिन नपुग्दै उनले तीन बिहा गरे" (२१) । यस उद्धृतांशमा अरूको भरमा पैसा खर्च गरेर गाउँको प्रमुख बनेको नयाँ साहुले श्रीमतीमाथि श्रीमती थप्ने र गाउँका सिधा मानिसलाई झुक्याएर अकुत सम्पत्ति जम्मा गर्ने कार्य गरेको छ । यसले नयाँ साहु र खगनाथ उप्रेतका चारित्रिक व्यवहारलाई झल्काएको देखिन्छ । उपन्यासमा साहुको आचरण र व्यवहारलाई यसरी प्रकट गरिएको छ- "वर्षको एक दुइ स्वास्नी पोइल गएकै हुन्थे, तापनि नयाँ साहूको घरमा चारपाँच वटी स्वास्नी खालि हुँदैनथे, ...चोलो फाट्छ भनेर घरमा बस्दा लाउन पाउँदैनथे, खालि गुन्यू र मुजेत्रोको भरमा बस्न पर्दथ्यो, खाने बेलामा आफै साहूको सामुन्नेमा अड्कलेको भाग लगाइन्थ्यो र पेट भर्नु पर्थ्यो मही र पानीले" (२२) । यस उद्धृतांशमा तत्कालीन समाजका मानिसले नारीलाई खेलौनाका रूपमा हेरेको पाइन्छ । प्रस्तुत उपन्यासमा आधुनिक शिक्षाआर्जन गरेकी चन्द्रीको परम्परागत रीतिरिवाज सम्बद्ध अभिव्यक्ति यसरी प्रकट "अंग्रेसी हो कि भरेसी हो पढ्नाले सासतर धरम क्यै रन्न, हाम्ले भन्या मिल्यो मिल्यान" (३३) भएको छ । यस उद्धृतांशमा तत्कालीन समाजका पुरानो पुस्ताका मानिसले नयाँ पुस्ताका मानिसलाई सहजै स्वीकार गर्न नसकेको सन्दर्भ प्रकट भएको देखिन्छ । उपन्यासमा रघुले आमासँग विवाहका प्रसङ्गमा गरेका कुराकानीको सन्दर्भलाई लिएर नारीपात्र चन्द्रीको विचार यस्तो छ- "तँ कस्तो नकचरो मातारीसँग

आफ्नो व्याको कुरा गर्न धक नमान्ने ! कलीजुग बढ्यो" (३४) । यस उद्धृतांशमा पुरानो चिन्तनले ग्रसित र नयाँ चिन्तनमा आधारित पात्रको विचार प्रस्तुत भएको छ । उपन्यासमा प्रयुक्त पात्रका यस्ता विचारले प्रजातिगत वैशिष्ट्यलाई औँल्याएका छन् ।

*पञ्चायत* उपन्यासमा पञ्चायतका आडमा नयाँसाहुले समाजमा गरेको क्रियाकलापलाई देखाइएको छ । यसै प्रसङ्गसँग जोडिएको औपन्यासिक अभिव्यक्ति यसरी प्रकट भएको छ- "कसैले देशबाट गाँउमा रूपैया ल्याएको पत्तो भयो भने नयाँ साहूकहाँ गुप्त बैठक बसिहाल्दथ्यो, गाउँमा लोग्ने नभएकी आइमाई गर्भ धारण गरी भने उसलाई ठूलो सम्मानसाथ नयाँ साहूको मानिसको घर राखिन्थ्यो र उसका नाठा भित्रितवरले निचरीसकेपछि आफूलाई मन लागेको मान्छेलाई पोल्न लगाइन्थ्यो" (४०-४१) । यस उद्धृतांशमा समाजका नीतिनियम तथा मर्यादालाई हातमा लिएर आफ्नो स्वार्थमा प्रयोग गरेको सन्दर्भ प्रस्तुत गरिएको छ । उपन्यासमा सान्नानीकी छोरी मधु र रघु हराउँदा भएका खोजीकार्यलाई यसरी देखाइएको छ- "उनले सबेरैदेखि छोरी खोज्न गाउँभरि चाहार्न लगाइन्, बुढाघरे मुखिया कहाँबाट पनि उनको छोरालाई खोज्न जतातततै मानिस रग्रगाए, कतै केही चिनखूर भेटिएन" (४५) । यस उद्धृतांशमा हुर्केका छोराछोरी अभिभावकको अधीनमा नरहने भाव प्रस्तुत गरिएको पाइन्छ । प्रस्तुत उपन्यासमा उमेर पुगेका सन्ततिका विषयमा दीननाथको अभिव्यक्ति यसरी प्रकट भएको छ- "गधापच्चिसे, यौवनको भूमरीमा परेर जता मनलाग्यो उतै हुर्रिन पो के बेर" (४७) । यस उद्धृतांशमा तत्कालीन समाजका रघु र मधुका व्यवहारमा गरिएको टिप्पणी आएको छ । उपन्यासमा रधु र मधुलाई खोज्न निस्केका मानिसको अभिव्यक्ति यस्तो रूपमा प्रकट भएको छ- "सातमुहानेसम्म पुगेका सरलहरूले उता गएको चिनखुर लगाउन सकेनन्, देवी आदि पढ्ने केटाकेटीहरूको मुखबाट रधुसँग पुस्तकहरू उनीहरूको गुरूआमाले नै मागेको भन्ने खबर मिल्यो" (४९) । यस उद्धृतांशमा अन्तर्मनदेखि नै कसैले कसैलाई स्वीकार गरेमा अभिभावक तथा समाजले त्यसलाई रोक्न नसक्ने भाव व्यक्त गरिएको छ । उपन्यासमा पञ्चायतका सदस्यको गलत कार्यका बिरूद्ध सान्नानीको प्रतिकारमूलक अभिव्यक्ति यस्तो रूपमा प्रकट भएको छ- "इन्साफ भनेको यस्तै हुन्छ ? मनपरी गर्न र गाउँ खकालेर पञ्चायतका मेम्बर ढाडिन मात्र यो पञ्चायत बसेको हो ?" (६१) । यस उद्धृतांशमा तत्कालीन समाजको नेतृत्व पङ्क्तिमा रहेका कमजोरीलाई देखाइएको छ । उपन्यासमा प्रयुक्त आर्यन मूलका पात्रमा देखिएका प्रवृत्तिले प्रजातिगत वैशिष्ट्यलाई औँल्याएका छन् ।

*पञ्चायत* उपन्यासमा आर्थिक प्रलोभन, विश्वास जित्ने प्रयत्न, चुनाब खर्चालु बनाउने प्रवृत्ति, सत्यवादी स्थापित बन्ने प्रयत्न, विधवा नारीका पीडा, घरबास विहीन नारीका छटपटी, वरवधुको विवाहमा अभिभावकको आत्मनिर्णय, कठोर मनस्थिति, मिहिनेतको फल प्राप्त नहुँदाको छटपटी, युवायुवतीका यौवनावस्थाका चाहना, घरको अंशभाग नपाउँदाको पीडा, असल मान्छे चिन्न नसक्दाको पश्चतापजस्ता कुराले प्रजातिगत विशेषतालाई औँल्याएको पाइन्छ । यसर्थ प्रजातिगत वैशिष्ट्यका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

## २.३.४ *समयको हुरी* उपन्यासमा प्रजातिगत वैशिष्ट्य

मोहनबहादुर मल्लको *समयको हुरी* (२०१५) उपन्यास तेत्तीस परिच्छेद र दुईसय छ पृष्ठमा संरचित सामाजिक यथार्थमा आधारित छ । प्रस्तुत उपन्यासमा प्रभाकर, न्यूजी, लक्ष्मीधर, धनमती, विद्यामती, पद्मीजस्ता पात्रका बाह्य रूपाकृतिगत विशेषता प्रकट भएका छन् । उपन्यासमा नारीसमस्या, नारीशिक्षा, समतामूलक समाजनिर्माण र जातीय विभेदअन्त्यका विषय सशक्त रूपमा आएका छन् । उपन्यासमा तत्कालीन समाजमा व्याप्त अत्याचारबाट तड्पिएका मानिसको प्रजातिगत अवस्था प्रकट भएका छन् । प्रस्तुत उपन्यासमा पाल्पा जिल्ला र आसपासको भौगोलिक समाजमा बसोबास गर्ने मानिसका प्रजातिगत वैशिष्ट्य प्रस्तु भएका छन् । उपन्यासमा धनमती र विद्यालाई पढाउन नहुने विषयमा आमाले दिएको अभिव्यक्ति यसरी प्रस्तुत भएको छ- "घरभित्रको कामकाज धान्नु पर्नेहरूलाई लेखपढको के काम ! आज मेरो वचन साँचो निस्क्यो कि निस्केन ? यी जगरसाँडा बनेकाहरूको डरले घरमा कुटुम्बहरू न च्याउन सक्छन् न पस्न, आजित परें म त यी दुई बहिनीको रंगढंग देखेर" (३) । यस उद्धृतांशमा शिक्षाको अभावमा रूमलिएकी आमा पात्रको विचार प्रस्तुत गरिएको छ । यसमा दुई बहिनी छोरीमा देखिएको शैक्षिक चेतना र आमामा विद्यमान रहेको अन्धविश्वासलाई प्रस्तुत गरिएको छ । उपन्यासमा पद्मीलाई विद्याश्रम प्रवेशमा रोक लगाउँदा लक्ष्मीधरप्रति लक्षित न्यूजीको अभिव्यक्ति यसरी प्रकट "औं यिनी मान्छे होइनन् ?" (९) भएको छ । यस उद्धृतांशमा न्यूजीले लक्ष्मीधरको गलत विचार मन नपरेर उनलाई मान्छेको श्रेणीबाट बाहिर राखेको सन्दर्भ आएको छ । यसै सन्दर्भमा न्यूजीको थप अभिव्यक्ति यसरी "ओ एस तपाईं उपर नेपाल सरकारको विधान लागू हुँदैन ?" (१०) आएको छ । प्रस्तुत उद्धृतांशमा आधुनिक शिक्षा लिएका न्यूजी पात्रले अध्यात्मवादी

चिन्तनबाट ग्रस्त लक्ष्मीधर पात्रलाई जातभात र छुवाछुतका बारेको विचार व्यक्ति भएको छ । उपन्यासमा उपेक्षाको दृष्टिपात लगाउँदा न्यूजीप्रति लक्ष्मीधरको अभिव्यक्ति यसरी प्रकट भएको छ- "हुने भए पार हुन्छ, नहुने भए पार हुँदैन, निस्फिक्रीसँग यो कुरो मुखबाट निकालेर उपेक्षाको दृष्टिपात न्यूजीतिर दिँदै लक्ष्मीधर बसे" (१०) । यस उद्धृतांशमा लक्ष्मीधरले न्यूजीको आधुनिक चिन्तनको विरोध गरिएको छ । उपन्यासमा त्यस समयको समाजका आर्यन मूलका केही मानिसमा विद्यमान रहेका यस्ता क्रियाकलापमा प्रजातिगत वैशिष्ट्य झल्किएको पाइन्छ ।

*समयको हुरी* उपन्यासमा नेपाली विद्याश्रम सञ्चालनको प्रयोजनार्थ चन्दा सङ्कलन कार्यमा लक्ष्मीधरको अस्वीकृतिलाई देखाइएको छ । यसै प्रसङ्गमा लक्ष्मीधरले दिएको विचार यसरी प्रकट भएको छ- "हाम्रा देशमा हुकुमी शासन पर हटेपछि यो चन्दाको बाहाना निकालेर बसी बसी खाने पारवृत्ति ज्यादै बढेर गएको छ, देख्यौ आज ? अब पार मान्छेले होश पाइसकेछ नि होश" (१२-१३) । यस उद्धृतांशमा राम्रो काम गर्नेका विरूद्धमा लक्ष्मीधरजस्ता त्यस समाजका पात्रले गरेको विरोधलाई देखाइएको छ । उपन्यासमा नेपाली विद्याश्रममा चन्दाको विषयमा पद्मीको अभिव्यक्ति यसरी आएको छ- "मैले कसैको चोरी ल्याएकी हुँ र ? बेला बेलामा मालिकले बकस भाको, धरोमा राख्दा चिसो लाग्ने, अन्त राख्दा मनमा झुटो झुटो हुने" (१४) । यस उद्धृतांशमा त्यस समाजले सर्किनी ठानिएकी पद्मी पात्रले आफूलाई सहयोगस्वरूप आएको रकम विद्याश्रमलाई चन्दा दिएको देखाइएको छ । उपन्यासमा भैरहवाको मौजा समालेर बसेका पिताको बारेमा विद्याले दिएको अभिव्यक्ति यसरी प्रकट "यौटा वृद्ध पितालाई गर्मीमा कुहाएर हामी दह्रा बलियाहरूले बसी खानु" (२३) भएको छ । यस उद्धृतांशमा उपन्यासकी पात्र विद्याका दिदीबहिनीले आफ्नो पिताप्रति देखाएको सद्भावलाई प्रस्तुत गरिएको छ । प्रस्तुत उपन्यासमा विद्याका दिदीबहिनीको सिर्जनशीलता र नारीस्वतन्त्रताको विषयमा न्यूजीको अभिव्यक्ति यसरी प्रकट भएको छ- "हाम्रो सोसाइटीमा परेदेखि ओ, साँच्चिकै मान्छे बन्ने नलेज छ, ... तपाईं जस्ता केही जानकारहरू घरबाहिर निस्किदिए ओ, समाजलाई अगि बढाउन सुगम भैजाने छ, हामी दार्जलिङ्गमा मेल और फिमेललाई ओ, कुनै भेदभाव राख्दैनौं" (३०) । यस उद्धृतांशमा न्यूजी पात्रले त्यस समाजमा आधुनिक शिक्षाको ज्योति फैलाउन सबैलाई उत्प्रेरित गरेको भाव व्यक्त भएको छ । उपन्यासमा त्यस समयको समाजमा विद्यमान रहेका यस्ता क्रियाकलापले प्रजातिगत वैशिष्ट्यलाई औँल्याएका छन् ।

*समयको हुरी* उपन्यासमा समतामूलक समाजनिर्माणको सन्दर्भ प्रकट भएको छ । यसै प्रसङ्गको दार्शनिक विचार यसरी आएको पाइन्छ- “असक्तहरूको रक्षार्थ गरिएका सबै प्रबन्ध बिफल बनेको देखेर जर्मनीका मार्क्स नामक एक सज्जनले यो धनी-गरीब, ठूलो सानोको पर्खाल नलगाइएको समाजको कल्पना गरे” (४८) । यस उद्धृतांशमा न्यूजी पात्रले दार्शनिक मार्क्सको सम्झना गर्दै विभेदलाई अन्त्य गरेपछि मात्र समतामूलक समाजको निर्माण सम्भव रहेको धारणा व्यक्त गरिएको छ । प्रस्तुत उपन्यासमा समाजका खराव पक्षको अन्त्यको सन्दर्भमा आएको अभिव्यक्ति यस्तो छ- “सती जलाउने, नाक चुल्ठो गर्ने, जार काट्ने, भाउज्यू राख्ने, दासदासी बनाउने इत्यादि पुराना धर्ममा गनिएका चलनहरू हराएको उपमा दिँदै अब पनि समाजमा धर्मको रूपबाट लुकेका ओखनपाङ्ग्रो बनेका चलनहरू छाँटछुँट पार्नाले नै सबको भलाइ छ भन्ने कुरो झल्काए” (९०) । यस उद्धृतांशमा न्यूजी, विद्या तथा उनका पिता र प्रभाकरजस्ता पात्रको धर्म, संस्कार र संस्कृतिका गलत ओखनपाङ्ग्रे चलनमा काँटछाँट गर्नुपर्ने विचारलाई देखाइएको छ । प्रस्तुत उपन्यासमा ज्ञानीकी आमाले लक्ष्मीधरप्रति लक्षित गरी दिएको अभिव्यक्ति यस्तो छ- “ज्वाइँ क्या ज्वाइँ, हाम्रा ज्वाइँ लक्ष्मीधर, हरि हरि, कुन हो आँखा फुटेको त्यस्तो नाम राख्ने ! शिलाधर ! महीधर ! हरि हरि, नाम राखेको भा ठीक हुने” (१२९) । यस उद्धृतांशमा लक्ष्मीधरका क्रियाकलापबाट असन्तुष्ट ज्ञानीकी आमाले उनलाई ज्वाई स्वीकार नगरेको देखाइएको छ । उपन्यासमा ज्ञानीको घरमा अड्डाका मान्छे जम्मा भएर गरेका क्रियाकलापका सन्दर्भमा प्युरीले दिएको अभिव्यक्ति यस्तो छ- “सत्य हजुर, अड्डाका मान्छेहरू बेलुका जम्मा भएर कहिले चिया पिउँछन्, कहिले मिठाई, रोटी खान्छन्, केको सभा हो बुझौं भनेर यसो कान दियो सत्य हजुर, केही कुरा बुझ्न सके मरिजाऊँ” (१५३) । यस उद्धृतांशमा त्यस समयका अड्डाअदालतमा कार्यसम्पादन गर्ने कर्मचारीलाई घरमा बोलाएर खानपिन गराउने तथा आफ्नो पक्षमा मुद्दाको निर्णय गराउने ज्ञानीका आमाछोरीको प्रयत्नलाई देखाइएको छ । उपन्यासमा प्रस्तुत यिनै क्रियाकलापमा प्रजातिगत वैशिष्ट्य झल्किएको पाइन्छ ।

*समयको हुरी* उपन्यासमा ज्ञानीका आमाछोरीले प्रभाकरमाथि देखाएको गलत क्रियाकलापलाई देखाइएको छ । यसै प्रसङ्गमा प्युरीको अभिव्यक्ति यस्तो छ- “सत्य सत्य हजुर, उनीहरूको हजुरमाथिको खियो, अझ गएको रैनछ, हिजोको कचरीमा आमाचाहिंले हजुरको नाम लिएर दाह्रा बुकाइन्” (१५४) । यस उद्धृतांशमा ज्ञानीका आमाछोरीले प्रभाकरलाई दुःख दिन गरेको अनेक जालझेल प्रकट भएको छ । उपन्यासमा घरमा सघाउन

बसेकी नारीको अभिव्यक्ति यसरी आएको छ- "अन्नपानीको शरीर सधैँ एकनास काँ हुन्छ ? सत्य सत्य हजुर, बसेपछि कन्तुर खोलेर सग्लै बट्टा चुरोट मलाई बक्स्यो र ठाउँ, ठाउँको खबर सोधिबक्स्यो" (१५६) । यस उद्धृतांशमा त्यस समयका नारीजातिलाई लोभमा पारेर अरूको कुरा पहिचान गर्ने प्रचलनलाई देखाइएको छ । प्रस्तुत उपन्यासमा अदालतका कर्मचारीले समयमा काम सम्पादन नगर्दाको सन्दर्भमा न्यूजीले दिएको अभिव्यक्ति यसरी प्रस्तुत भएको छ- "के को बहस ! कलर्कहरू कहिले चुरोट, कहिले गफ गरेर समय चोर्छ ! जज अर्थ न बर्थका बात छाँटेर आफ्नो पांडित्य दर्शाउँछ" (१८७) । यस उद्धृतांशमा त्यस समयका अड्डाअदालतमा काम गर्ने कर्मचारीको खानपान, प्रवृत्ति र मानसिकतालाई देखाइएको छ । उपन्यासमा प्रकट यिनै क्रियाकलापले प्रजातिगत वैशिष्ट्यलाई दर्साएको पाइन्छ ।

*समयको हुरी* उपन्यासमा लक्ष्मीधरप्रति विद्याको नकरात्मक चिन्तन, अभिभावकले सन्तानलाई अपरिपक्व देख्नु, लक्ष्मीधरले धनका आमाछोरीलाई आधुनिक आभूषणको लोभ देखाउनु तथा विद्याश्रमका न्यूजी, विद्या र पद्मीका बारेमा अनर्गल प्रचार गरी इज्जत धान्न गाह्रो हुनु, विद्याश्रमलाई चन्दाका विषयमा विपन्नको सहज स्वीकृति र सम्पन्नको अस्वीकृति देखिनुजस्ता पात्रका बाह्य र आन्तरिक विशेषता प्रस्तुत भएका छन् । यसर्थ प्रजातिगत वैशिष्ट्यका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

### २.३.५ *भुमरी* उपन्यासमा प्रजातिगत वैशिष्ट्य

मोहनबहादुर मल्लको *भुमरी* (२०१६) उपन्यास सोह्र परिच्छेद र सतासी पृष्ठमा संरचित सामाजिक यथार्थमा आधारित छ । प्रस्तुत उपन्यासमा किरण, कुमारी आमा, गङ्गा, जमुना, ठुल्नानी, झ्यापी, चिपिरेजस्ता पात्रका बाह्य रूपाकृतिगत विशेषता प्रकट भएका छन् । उपन्यासमा सामाजिक तथा राजनीति विषयका प्रस्तुत गरिएको छ । उपन्यासमा अविवाहित आमाका विचार र विधवाका चिन्तन नवीनतम रूपमा प्रस्तुत भएका छन् । प्रस्तुत उपन्यासमा त्यस समाजका मानिसमा रहेका प्रजातिगत आचरण र व्यवहारलाई देखाइएको छ । उपन्यासमा कुमारी आमाका व्यथा र बालविधवा गङ्गा अनि जमुनाका विभेदलाई सशक्त रूपमा प्रस्तुत गरिएको छ । प्रस्तुत उपन्यासमा नारीमनोदशागत प्रजातीय चित्रणमा आधारित रहेको छ । उपन्यासमा गङ्गा र जमुनाले किरण र उसका मानिसका बारेमा आपसमा गरेका कुराकानी यसरी आएको पाइन्छ- "त्यो तपाइँले देखाउनु भएको मान्छेको

यौटा नोकर र यौटी नोकर्नी पनि उसंगै आएका छन् रे, नोकरको नाम चिपिरे, उसको अनुहार अति हाँसउठ्दो, बिरालोको जस्तो सानो मुख झुसैझुसले भरिएको छ रे, नोकर्नीको नाम झ्यापी" (२) । यस उद्धृतांशमा किरणको नोकर चिपिरेको शारीरिक संरचनाका साथै नोकर्नी झ्यापीको बाह्य तथा आन्तरिक स्वरूपलाई औँल्याइएको छ । उपन्यासमा झ्यापीले गङ्गासँग आफ्नो लत र परिवारको बारेमा आपसमा दिएको अभिव्यक्ति यस्तो छ- "यो जुनीमा मरेर लानु के छ ? हाम्रा ह्याँ यौटा चिपिरे छ चिपिरे, जिउँदै खाल्टोमा हाल्ने जस्तो ! कस्तो स्वाँङ पार्न जानेको नि मालिकको अगाडि ! घरको काम सबै मेरै थाप्लोमाथि, चिपिरे बजिया भने मालिकको पछि पछि सञ्चै हल्लिने" (मल्ल ३) । यस उद्धृतांशमा चिपिरेको आनिबानी तथा व्यवहार आफ्नो मालिकलाई रिझाउने तर घरका काममा पटक्कै ध्यान नदिने खालको भएको देखाइएको छ । यसले झ्यापी अफिमको नसामा फसेको स्पष्ट पारेको छ । उपन्यासमा वर्णित यस्ता सन्दर्भले प्रजातिगत वैशिष्ट्यलाई दर्साएको पाइन्छ ।

*भुमरी* उपन्यासमा नारीमा रहेको सामर्थ्य तथा आशावादी जीवनदर्शन प्रकट गरिएको छ । यसै प्रसङ्गमा आएको झ्यापीको अभिव्यक्ति उपन्यासमा यसरी प्रकट "उठ्छन् जोगी फट्कन छाला, जहाँ जाला भातै खाला ...नाभीमा पानी हातमा बल" (१०) भएको छ । यस उद्धृतांशमा झ्यापी पात्र कर्मशील रहेको र समाजका महिलाको जीवन आशावादी रहेको देखाइएको छ । उपन्यासमा चिपिरेले झ्यापीलाई बूढी भएको कुरो सुनाउँदा उमेरको चिन्ता पर्नु र गङ्गाले झ्यापीलाई सान्त्वनास्वरूप दिएको अभिव्यक्ति यस्तो छ- "गंगा बोलिन् तिम्रो उमेर कहाँ ढल्केको छ र बूढी देखिने ? घामपानीमा खेलेको र दुब्लाएकोले मात्र पो तिमी खिर्लिंग परेको देखिएको, तिमी कति वर्षकी भयौ दी ?" (१२) । यस उद्धृतांशमा झ्यापी दुब्लाउँदै गएको सन्दर्भमा गङ्गाले काममा बढी खटिनुपर्दा यस्तो भएको सान्त्वना दिइएको छ । उपन्यासमा गङ्गा र जमुनाको प्रश्नमा किरणले आफ्नो पारिवारिक संरचनाका बारेमा दिएको अभिव्यक्ति यसरी प्रस्तुत "को छ र मसँग, म जत्ति त हो नि" (३०) भएको छ । यस उद्धृतांशमा किरणले गङ्गा र जमुनालाई आफू एक्लै रहेको बताइएको छ । यसले भेटघाटको प्रेमभावलाई झल्काएको छ । उपन्यासमा सुन्दरता र उपहारको बारेमा झ्यापीको मनोभाव यस्तो छ- "ले बाऽ ले, को हो त्यो मलाई यसरी संझने ?, के भन्छ बाऽ उसले मलाई, भन् बाऽ म अचेल कत्तिकी राम्री देखिन्छु ?" (३५) । यस उद्धृतांशमा कुनै व्यक्तिले झ्यापीलाई पठाएको उपहारको सन्दर्भ आएको छ । उपन्यासमा गङ्गा र जमुनाको विवाहको विषयमा ठुल्नानीले बूढीलाई दिएको अभिव्यक्ति

यसरी प्रकट भएको छ- "मेरी कान्छी छोरीको बिहा गर्न नसक्नाले मनमा भुटो भएको छ, त्यस्तो कुनै घर वर तपाईंलाई थाहा थियो कि ?" (४०) । यस उद्‌धृतांशमा अभिभावकले आफ्ना सन्तानको कर्म चलाउने दायित्वबोधलाई देखाइएको छ । यसले प्रजातिगत वैशिष्ट्यलाई झल्काएको पाइन्छ ।

*भुमरी* उपन्यासमा गङ्गा र जमुनाको शृङ्गारका बारेमा चर्चा गरिएको छ । यसै प्रसङ्गमा जमुनाको शृङ्गारको बारेमा गङ्गाले दिएको अभिव्यक्ति यसरी आएको छ- "हगाइद्यौ, मुताइद्यौ, गुइलगौंडो कटाइद्यौ, लाज पनि नलाग्ने ! मलाई फुर्सद हुन्छ सबै कुरा गर्न ?" (४३) । यस उद्‌धृतांशमा त्यस समाजका नारीले आफ्ना श्रृङ्गारका सामान पहिरिँदा अरूको सहारा लिने गरेको देखिन्छ । यसमा बहिनी जमुनाको श्रृङ्गारमा खटिनु पर्दा दिक्क मानेर दिदी गङ्गाले दिएको अभिव्यक्ति प्रकट भएको छ । प्रस्तुत उपन्यासमा वाचा गरेको काम समयमा नै सम्पादन गर्नुपर्ने बालविधवा गङ्गा र बलात्कृत जमुनाजस्ता दिदीबहिनीका बारेमा किरणको विचार यस्तो रूपमा "गरीपलाई दिउँला नभन्नु राँडीलाई लैजाउँला नभन्नु" (५४) प्रकट भएको छ । यस उद्‌धृतांशमा गङ्गा र जमुना किरणसँग आकर्षित हुँदाको सन्दर्भ प्रस्तुत भएको छ । प्रस्तुत उपन्यासमा जीवनका समग्र विषयमा किरणकी आमाले किरणलाई लेखेको पत्रको व्यहोरा यसरी आएको छ- "मेरो पूर्ण जवानीमा पुग्दा पनि बिहा हुनसकेको थिएन, विवाहा के कुरोबाट हुन नसकेको हो यो कुराको पत्तो मलाई एकजात छैन, हामीहरू बेलाबेलामा घोट्टाको नशा लिएर झुले बन्न खूब मन पार्दथ्यौं, यसरी घोट्टा लिएर रमाइलो गर्ने दिन छरछिमेकका साथीहरू डोलिन आउँथे" (५७) । यस उद्‌धृतांशमा किरणकी आमाको विवाह हुन नसक्नु तथा उनी अफिमको नसामा लिप्त हुँदा छरछिमेकका साथीभाइ आकर्षित भएको सन्दर्भ प्रस्तुत भएको छ । उपन्यासमा जमुना किरणसँग जाने सन्दर्भ चल्दा अभिभावकका रूपमा गङ्गाले बहिनीको सुखद् जीवनको कामना यसरी प्रकट "मारे पाप पाले पुण्य" (६६) भएको पाइन्छ । प्रस्तुत उद्‌धृतांशमा त्यस समयको समाजमा आफ्ना चेलीलाई बिदाइ गर्दा अभिभावकले निभाउने भूमिका प्रकट भएको छ । उपन्यासमा किरण र जमुना नेपाल छाडेर दार्जलिङतर्फ लाग्ने समयमा किरणले गङ्गालाई पनि सँगै हिँड्न गरेको आग्रहको अभिव्यक्ति यसरी व्यक्त भएको छ- "गंगादेवी उठ्नोस् ! बाँचे यौटै घर मरे यौटै खाल्टो ! रोए पनि संगसंगै, हाँसे पनि संगसंगै हाम्रो बाटो अँधेरो छ, भाग्यले जहाँ लैजाला लैजाला ! उठ्नोस् हाम्रो कुरा खानोस्" (८७) । यस उद्‌धृतांशमा तत्कालीन राजनैतिक अवस्थाले सिर्जना गरेको कठोर स्थितिले किरण दार्जलिङ प्रस्थान गर्न लाग्दाको समयमा सँगसँगै बाँच्नेमर्ने गङ्गा र

जमुनाप्रतिको गहिरो प्रेमभाव प्रकट भएको छ । प्रस्तुत उपन्यासका पात्रमा परेको राजनीतिक प्रभाव र प्रेमप्रणयका विषयमा प्रजातिगत वैशिष्ट्य देखिन्छ ।

*भुमरी* उपन्यासमा सामाजिक तथा राजनीति दाउपेच र नारीका वेदना प्रस्तुत गरिएको छ । उपन्यासमा अविवाहित आमा र विधवा नारीका नवीनतम चिन्तन प्रकट भएका छन् । प्रस्तुत उपन्यासमा मानवीय आचरण, कुमारी आमा, बालविधवा गङ्गा अनि बलात्कारमा परेकी जमुनाका मनोदशामा प्रजातीय बाह्य रूपाकृतिगत वैशिष्ट्य झल्किएका छन् । यसर्थ प्रजातिगत वैशिष्ट्यका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

## २.३.६ *बहादुर नजर* उपन्यासमा प्रजातिगत वैशिष्ट्य

मोहनबहादुर मल्लको *बहादुर नजर* (२०३६) उपन्यास एक्काइस परिच्छेद र एकसय सत्ताइस पृष्ठमा संरचित ऐतिहासिक यथार्थमा आधारित छ । प्रस्तुत उपन्यासमा बहादुर शाह, नजर, चतुर, रूपाजस्ता पात्रको बाह्य रूपाकृतिगत विशेषता प्रकट गरिएको छ । उपन्यासमा बहादुर शाहको एकीकरण कार्यकौशलता, राज्यबाट अन्याय, नजरको प्रेमभाव, प्रेमका नवीनतम स्वरूप, चतुरको चातुर्यताजस्ता प्रजातिगत वैशिष्ट्य प्रस्तुत भएका छन् । उपन्यासमा प्रयुक्त पात्रका विविध सामाजिक क्रियाकलाप प्रकट भएका छन् । उपन्यासमा पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियानपछि राज्यमा जम्मा भएको ढुकुटीमा ढलीमली गर्ने र राज्य विस्तारमा सहयोगी भूमिका निर्वाह नगरेको अभिव्यक्ति यसरी प्रकट “माछा भने मीठो, काँढा भने तीतो” (४) भएको छ । यसमा उद्धृतांशमा नेपालएकीकरण अभियानमा खानपानमा लिप्त दरबारिया मानिसको प्रवृत्ति प्रकट भएको छ । उपन्यासमा रूपालाई चतुरले प्रेममा विश्वास दिलाउन गरेको प्रयत्न र तनहुँ आक्रमणमा रूपालाई नभाग्न गरेको आग्रहलाई नमान्दा उसले भोग्नु परेको दुःखजस्ता सन्दर्भमा प्रजातिगत वैशिष्ट्य झल्किएको पाइन्छ ।

*बहादुर नजर* उपन्यासमा प्रयुक्त पात्रका क्रियाकलापगत विशेषता स्थानविशेषसँग जोडिएर आएका छन् । उपन्यासमा प्रयुक्त पात्र बहादुर शाह र चतुर लमजुङबाट पाल्पातर्फ लाग्दा कोटाघाटमा लमजुङका मानिस समाउन आउँदा झटपट डुङ्गा चढेर पाल्पाको भूमिमा पुगेको सन्दर्भमा चतुरले दिएको अभिव्यक्ति यस्तो छ- “डुङ्गा ख्याइरहेको माझीले यसो मुन्टो फर्काएर पछि हेरेको मात्र थियो, चतुर उठेर गुलेलीको खोरीमा मट्याङ्ग्रा राख्दै

बोल्यो, खबरदार डुङ्गाको चाल बिग्र्यो भने मट्यांग्राको वर्षा चल्नेछ टाउको माथि !" (१९) । यस उद्धृतांशमा नेपालएकीकरणका सन्दर्भ बहादुर शाह र नजर पाल्पातर्फ लाग्दा कोटाघाटमा लमजुङका मानिसले आक्रमण गरेको सन्दर्भ प्रकट भएको छ । यसमा चतुरले गुलेली देखाउँदै खबरदारी गर्नुमा वीरता प्रस्तुत भएको छ । प्रस्तुत उपन्यासमा पाल्पाको जङ्गलमा बहादुर शाहसँग चतुरले दिएको अभिव्यक्ति यसरी प्रकट भएको छ- “मालिक जन्मदेखि नोकरी गरेका कमाराले पनि चटक्क छोड्न कसरी सकेका ! दरबारबाट कान्छा चौतरियाको घरमा पाउलाग्ने दिनमा नेप्टे र चेप्टे केटालाई मैले बलैसँग लतारेर ल्याएको थिएँ" (२४) । यस उद्धृतांशमा असहज परिस्थितिमा नजिकका भन्नेले पनि साथ छोड्ने प्रवृत्तिलाई देखाइएको छ । उपन्यासमा भएका यस्ता कार्यले प्रजातिगत वैशिष्ट्यलाई झल्काएको देखिन्छ ।

*बहादुर नजर* उपन्यासमा पाल्पा दरबारमा बहादुर शाह बसेको समयमा नजरले प्रकृति, पशुपङ्क्षी र मानवका विशेषता अन्तर्सम्बन्धित हुने गरी दिएको स्थानविषेशको वर्णन आएको पाइन्छ । यसै प्रसङ्गसँग जाडिएको औपन्यासिक प्रस्तुति यस्तो रूपमा प्रकट भएको छ- “पश्चिमको सेती गाईझैं गरेर बसेको धवलागिरि हो, त्यसदेखि पूर्वको अरू सबै सेतो मुखमात्र कालो गरेको, बसेको लाखु जस्तो अन्नपूर्ण हो, त्यसदेखि पूर्वको काखमा नानी लिएको जस्तो भाइ अन्नपूर्ण हो, त्यसको पनि पूर्वका लस्करै डाला, माना र पाथी हुन्, तीदेखि पूर्व माछाको पुच्छर जस्तो कापे माछापुच्छ्रे हो" (३१) । यस उद्धृतांशमा चतुरले प्रकृति, पशुपङ्क्षी र मानवका विशेषता अन्तर्सम्बन्धित हुने गरी त्यहाँको विविध भौगोलिक चित्रण गरेको पाइन्छ । यसमा मानिसको विशेषता निर्माणमा प्रकृति तथा प्राणीजगत्को अहम भूमिका रहने कुरा व्यक्त गरिएको छ । उपन्यासमा चतुरले रूपालाई योगीको भेषमा छकाएर आगोको भिक्षा मागेको वर्णन आएको छ । यसै प्रसङ्गको अभिव्यक्ति उपन्यासमा यस्तो रूपमा “फुस्रे मलाई यति पटक त छलेन" (४१) आएको छ । यस उद्धृतांशमा चतुरले रूपालाई योगीको भेषमा आगोको भिक्षा मागेर छक्काएको सन्दर्भ व्यक्त भएको पाइन्छ । यसमा चतुर र रूपाको मायाप्रेमको सन्दर्भ गाँसिएको छ । उपन्यासमा प्रयुक्त पात्र चतुरमा चातुर्यता र रूपामा सोझोपन हुनुमा प्रजातिगत वैशिष्ट्य प्रकट भएको देखिन्छ ।

*बहादुर नजर* उपन्यासमा सुखभोगमा लिप्त भारदार उच्चमनोबलका साथ रणभूमिमा प्रस्तुत नहुँदा बहादुर शाहबाट प्रकट विचार प्रस्तुत भएको छ । यसै प्रसङ्गमा उपन्यासमा

आएको अभिव्यक्ति यसरी प्रकट "सधाएको कुकुरले ऐरो खेल्छ, पुल्पुल्याएको कुकुरले मुख चाट्छ" (५८) भएको छ । यस उद्‌धृतांशमा भारदारले रणभूमिमा कुशलता देखाउन नसकेको सन्दर्भ व्यक्त भएको छ । उपन्यासमा नेपाल एकीकरण अभियानका सिलसिलामा दरबारबाट सहयोग नभएको विषयमा बहादुर शाहले दिएको अभिव्यक्ति यसरी आएको छ- "सधाएको कुकुरले ऐरो खेल्छ, पुल्पुल्याएको कुकुरले मुखचाट्छ, आज माहिली आमाको छोरो रणसिंहले शाहवंशमा कालो दाग लगाइदियो" (५८) । यस उद्‌धृतांशमा बहादुर शाहलाई एकीकरण अभियानमा दरबारबाट सहयोग नभएको देखिन्छ । यसमा एकीकरण अभियान कार्यमा अवरोध सिर्जना गर्ने दरबारिया मानिसको प्रवृत्तिलाई देखाइएको छ । प्रस्तुत उपन्यासमा एकीकरण अभियानका कारण जीवन अस्तव्यस्त हुँदा सन्ततिको संरक्षणको विषयमा बहादुर शाहले नजरलाई र नजरले बहादुर शाहलाई दिएको अभिव्यक्ति यसरी आएको छ- "नजर मैले भनेको माने छोराका निमित्त तिमी माइत जाऊ, मन पर्दैन, नजरले शून्य नजरले शून्य गगनमा हेरिन्" (१२४) । यस उद्‌धृतांशमा सन्तानप्रतिको मायाभाव प्रस्तुत भएको छ । यसले पारिवारिक जिम्मेवारीलाई वहन गरेको देखिन्छ । प्रस्तुत उपन्यासमा प्रयुक्त पात्रका यस्ता कार्यले प्रजातिगत विशेषतालाई प्रकट गरेको स्पष्ट हुन्छ ।

*बहादुर नजर* उपन्यासमा बहादुर शाहमा पाइने कार्यकौशलता, दरबारबाट भएको अन्याय, नजरमा देखिएको धैर्यता, चतुरमा देखिएको चातुर्यता, रूपामा देखिएको सोझोपन र प्रेमका नवीनतम स्वरूप मर्मस्पर्शी ढङ्गमा व्यक्त भएको पाइन्छ । उपन्यासमा प्रयुक्त पात्रका यिनै बाह्य रूपाकृतिगत तथ्यमा प्रजातिगत वैशिष्ट्य प्रस्तुत भएका छन् । यसर्थ प्रजातिगत वैशिष्ट्यका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

### २.३.७ *जेली* उपन्यासमा प्रजातिगत वैशिष्ट्य

मोहनबहादुर मल्लको *जेली* (२०३९) उपन्यास चौवीस परिच्छेद र एकसय अठ्ठाइस पृष्ठमा संरचित सामाजिक यथार्थमा आधारित छ । प्रस्तुत उपन्यासमा धनराज, मानराज, देवदास, दीनदास, ललिता, लता, गीताजस्ता पात्रका बाह्य रूपाकृतिगत विशेषता प्रकट भएका छन् । उपन्यासमा धनराज साहु र ठगका क्रियाकलाप, सामाजिक, आर्थिक तथा धार्मिक प्रकृतिका सांसारिक तृष्णामा जेलिएको र तोड्न सङ्घर्ष गर्नुपर्ने विषयगत वर्णनमा प्रजातिगत वैशिष्ट्य प्रस्तुत भएको छ । उपन्यासमा परिवर्तनका खातिर जनता आन्दोलनमा होमिनु तर मुलुकमा भएका परिवर्तनले जनतामा कुनै सामाजिक परिवर्तन नल्याएको

विषयमा दीनदासको अभिव्यक्ति यसरी आएको छ- "हिजो पूजा गरेकोलाई आज निन्दा गर्नु, आज निन्दा गरेकोलाई भोलि काँधमा चढाएर हिँड्नु यो त दूध-भात भयो नेपालेलाई" (४) । यस उद्धृतांशमा हिजो नजिकका मान्छे गलत व्यवहारका कारण आज टाढा हुनु तथा हिजो टाढा रहेको मान्छे असल व्यवहारका कारण आज नजिक हुनुजस्तो मानवीय प्रवृत्तिलाई देखाइएको छ । यसमा धनराज र दीनदासका स्वभावगत प्रवृत्ति आएका छन् । उपन्यासमा मानराजले सालीलाई पासा सिक्न बोलाएको भकभके अभिव्यक्ति यस्तो रूपमा प्रकट भएको छ- "सा साली ब ब बस ब बस भो भोलि म मले सा सा साली बो बोला ...आ आ आउ भि भित्र पा पा पासा सि सिक्न" (१३-१५) । प्रस्तुत उद्धृतांशमा भकभके पात्र मानराजले श्रीमतीसँग ससुरालीको सम्पत्ति कुम्ल्याउन सालीप्रति आकर्षित भएको बहाना गरी बहिनीलाई पासा खेल्न बोलाउन आग्रह गरेको सन्दर्भ प्रकट भएको छ । उपन्यासमा भएका यस्ता कार्यले प्रजातिगत वैशिष्ट्यलाई दर्साएको पाइन्छ ।

*जेली* उपन्यासमा काठमाडौँको समाजमा विपन्न वर्गले जीवनशैली चलाउन नयाँ पद्धतिअनुरूप चोरी गरेको वर्णन आएको छ । यसै प्रसङ्गमा उपन्यासमा रिठ्ठे पात्रको अभिव्यक्ति यस्तो रूपमा आएको छ- "बेस्याको दलाली गर्ने, मान्छेलाई मीत लगाएर टक्टकाउने, सर्पो बनेर पस्ने बाघ बनेर निस्कने जस्तो त हो कि ?" (३३) । प्रस्तुत उद्धृतांशमा त्यस समयका मानिसका गलत आचरणलाई देखाइएको छ । यसमा तत्कालीन समाजका मानिसको सियो बनेर पस्ने मुसल बनेर निस्कने प्रवृत्ति उजागर भएको छ । प्रस्तुत उपन्यासमा लुटेको रकम बाँड्ने विषयमा रिठ्ठेले दिएको अभिव्यक्ति यसरी "अय्यू ! बाठो भएको लुठे, आम्माको पोइ भए दिम्ला ! मैले दिए तिमीहरूले नि दिनपर्छ" (३३) आएको छ । यस उद्धृतांशमा रिठ्ठेको समूहले समाजमा लुटेको भागबिलो लगाउँदाको स्थितिको चित्रण गरिएको छ । उपन्यासमा मानराजकी साली ललिताले गीतालाई आफ्ना सामान दिँदाको अभिव्यक्ति यसरी आएको छ- "लौ दिदी यो बाँध, मेरा अरू छन् घरमा, लुगा दिउँभने तिमी मसिनो लाउँदिन्यौ मसँग मसिनो मात्र छ" (४२) । यस उद्धृतांशमा उच्चवर्गीय नारी जातिले लगाउने भेषभूषा निम्नवर्गीय नारी जातिका लागि उपयुक्त नहुने सन्दर्भ प्रकट भएको छ । उपन्यासमा बजारमा दिनहुँ चोरी बढेकाले देवदासको समूहका मानिसलाई प्रहरीले शङ्का गरेर पक्रन पशुपति परिसरमा पुगेको अभिव्यक्ति यस्तो रूपमा आएको छ- "दीनदासकहाँ जस्तो गरेर अरू तीन चार ठाउँमा पनि आएका पुलिसहरूले खानतलासी लिए तर सब व्यर्थ भयो, उनीहरूको शिकार पत्तो लागेन, पुलिस आए गए

देवपाटन खल्लो बल्लो पारेर किन्तु उनीहरू के कामले आए के काम गरेर गए, यो थाहा पत्तो लाउने कोही भएन" (४९) । यस उद्धृतांशमा पशुपति परिसर देवपाटनमा बस्ने मानिसले धर्मका नाममा गरेका कुकृत्यलाई पुलिस प्रशासनले खानतलासी लिएको सन्दर्भ आएको छ। उपन्यासमा भएका यस्ता कार्यले प्रजातिगत वैशिष्ट्यलाई दर्साएको पाइन्छ ।

*जेली* उपन्यासमा देवदासको प्रेमबाट तिरस्कार भोगेकी गीताको वेदनालाई प्रस्तुत गरिएको छ । यसै प्रसङ्गको अभिव्यक्ति उपन्यासमा यसरी आएको छ- "सुत्केरीको वेदना सुत्केरी भएकालाई नै ज्ञान हुन्छ, गीताको वेदना पत्तो लाग्न दीनदासलाई क्षणभर लागेन, उनलाई यही कुराको चिन्ता हुन लाग्यो गीताको प्राण जोगाउने कसरी ? उनी कुनै बालख या अज्ञानी त थिइनन्" (६२) । प्रस्तुत उद्धृतांशमा गीताका मनोभावलाई उसका पतिले ग्रहण गर्न नसक्दा उसको जीवनशैली खस्कँदै गएको कुरा व्यक्त गरिएको छ । उपन्यासमा जीवनले उमेरावस्थामा पारेको प्रभावको सन्दर्भमा ललिताले गीतालाई लेखेको पत्रात्मक व्यहोरा यस्तो रूपमा प्रकट भएको छ- "अब यो संसारको धेरै दिनको पाहुना हुँला जस्तो लाग्दैन, आफ्ना हितैषीहरूलाई आफ्नो जीवनमरणको समस्या नबताए कसलाई बताउने ? मलाई लाज लाग्छ, ग्लानि उठ्छ, दिग्दारी उठ्छ तर ...मैले देखेका सुन्दर चीजमध्ये सबैभन्दा उत्तम एकदिन नयाँ सडकको दोकानमा देखें" (९४) । यस उद्धृतांशमा गीताका उमेरावस्थाका मनोकाङ्क्षा परिपूर्ण हुन नसक्दा ऊ जीवनमरणको सङ्घारमा पुगेको सन्दर्भ व्यक्त गरिएको छ । उपन्यासमा जेलीपत्र हराएको मानराजले साली ललितालाई आफ्नो बनाउन असमर्थ भएको अभिव्यक्ति यसरी आएको छ- "मानराज पनि पत्नीसँगै घर जाने इच्छा प्रकट गरे किनभने उनलाई सालीको व्यवहार देखेर डम्म पेट अगाएको छ, उनले लतालाई दोजिया भएको खबर अरूलाई नदिने उहिलेका गुरूले उनका चेलालाई पाठ कंठ बनाउन घोकाए झैं घोकाएका थिए" (१०९) । यस उद्धृतांशमा मानराजले उसकी सालीलाई चाहनु तर श्रीमती दोजिया हुन पुगेको विषय प्रस्तुत भएको छ । प्रस्तुत उपन्यासमा प्रयुक्त पात्रका यिनै क्रियाकलापमा प्रजातिगत वैशिष्ट्य प्रकट भएको देखिन्छ ।

*जेली* उपन्यासमा पात्र एकअर्काका पर्याय हुनु, पात्रको दुरावस्था प्रकट हुनु, सालीलाई हकभोग ठान्नु, पीडा महसुस हुनु तर बाहिर प्रकट नहुनुजस्ता तथ्यमा प्रजातिगत वैशिष्ट्य अभिव्यक्त भएका छन् । यसर्थ प्रजातिगत वैशिष्ट्यका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

## २.३.८ *रामछायाँ* उपन्यासमा प्रजातिगत वैशिष्ट्य

मोहनबहादुर मल्लको *रामछायाँ* (२०६२) उपन्यास पन्ध्र परिच्छेद र एकासी पृष्ठमा संरचित ऐतिहासिक यथार्थमा आधारित छ । प्रस्तुत उपन्यासमा राजकुमार, राउटे र कुसुण्डाका मुखिया, रती र लटी अनि उनका आमा, रामेजस्ता पात्रका बाह्य रूपाकृतिगत विशेषता प्रस्तुत भएका छन् । प्रस्तुत उपन्यासमा सिञ्जा राज्यको शक्ति, राजकुमारको वीरता र आत्मीय प्रेम, राउटे र कुसुण्डाको जीवनशैलीमा प्रजातिगत वैशिष्ट्य प्रकट भएको पाइन्छ । उपन्यासमा युवराजको साथमा कामका लागि यथास्थानमा खटिएको मानिसले कुशलतापूर्वक काम नगर्दा मुलीले दिएको अभिव्यक्ति यसरी प्रकट "निदाएको कुकुरले सिकार खेल्दैन" (८) भएको छ । प्रस्तुत उद्धृतांशमा सक्रियताका साथ काम नगर्दा समस्या उत्पन्न हुने कुरा प्रकट भएको छ । उपन्यासमा जङ्गलमा सिकारका लागि गएका मानिसको थकानलाई यसरी प्रस्तुत "सिकार खेलेको थकाई बाबुले जान्दछ, लुगा धोएको थकाई आमाले जान्दछे" (९) गरिएको छ । यस उद्धृतांशमा घरका बाह्य क्रियाकलाप पुरूषलाई बोध हुने र आन्तरिक क्रियाकलाप नारीजातिलाई बोध हुने अभिव्यक्ति आएको पाइन्छ । उपन्यासमा राउटीमा बस्ने मानिसको जीवनशैलीलाई प्रस्तुत गर्ने सन्दर्भमा सिकारमा गएको मानिसले अञ्जानमा दुईफाले विष प्रयोग भएको वाण हान्दा मानुषलाई लागेको स्थितिजन्य घटनालाई यसरी व्यक्त "खौला परेकी गाई र कुना परेकी सुत्केरी" (१०) गरिएको छ । प्रस्तुत उद्धृतांशमा सिकारका सन्दर्भमा बाण प्रहार गर्दा मानुषको मृत्यु हुनु र घरमा उसकी श्रीमती सुत्केरी अवस्थामा रहेको दुखदायी अवस्थालाई उजागर गरिएको पाइन्छ । उपन्यासमा दरबारको नियम सबैले पालना गर्नुपर्नेमा द्वारेको अभिव्यक्ति यसरी प्रकट "खतीको बेलामा मति आउँदैन" (१२) भएको छ । प्रस्तुत उद्धृतांशमा काम बिग्रने समयमा मान्छेमा होस नपुग्ने सन्दर्भ प्रस्तुत भएको छ । यसले प्रजातिगत वैशिष्ट्यलाई झल्काएको देखिन्छ ।

*रामछायाँ* उपन्यासमा सुर्खेतको जङ्गलको राउटीमा बसोवास गर्ने मानिसको प्रजातिगत पहिचानलाई प्रकट गरिएको छ । प्रस्तुत उपन्यासमा जङ्गलमा सिकारका लागि कुसुण्डाको मुखियाको बासमा मूली पुग्दा उसले फुर्कीको बारेमा दिएको अभिव्यक्ति यस्तो छ- "अन्न खाने त्यही फुर्की, लुगा लाउने त्यही फुर्की, कोथो गर्ने त्यही फुर्की, फुर्किरहन पाउँडछ हामीसँग ?" (१५) । प्रस्तुत उद्धृतांशमा त्यस समयको समाजको सिकार

गरी जीवनयापन गर्ने सम्पूर्ण वस्तु फुर्की रहेको भाव प्रस्तुत गरिएको छ । प्रस्तुत उपन्यासमा राउटे प्रजातिको नाचगान र सांस्कृतिक परम्परा यसरी प्रस्तुत भएको छ- “महादेव नाच्छ, पार्वती हेर्छ, पार्वती पनि कहिँ नाच्छ ? महादेवले नचाउँछ ? नचाउँदैन, हामी महादेवको भक्त हो, हामी पनि आइमाईलाई नचाउँदैन, अरूले नचाए पनि हेर्दैन, पाप लाग्छ” (२८) । प्रस्तुत उद्धृतांशमा राउटे प्रजातिका मानिसको धर्म, संस्कार र संस्कृतिमा नारीजातिलाई नचाउन नहुने अरू नारीजाति नाचेको हेरेमा पनि पाप लाग्ने अभिव्यक्ति आएको छ । उपन्यासमा जङ्गलमा पानी लिन जाँदा हतियारसहित जाने राउटे र कुसुण्डा प्रजातिको अवस्थालाई यसरी प्रस्तुत गरिएको छ- “पानी लिन जाँदा सिञ्जाली नोकरहरू धनुवाण लिएर जान्छन्,...सिकारमा गएको या युद्धभूमिमा गएको झैं गरेर, रती र लटी भने यौटा हातमा भाला, यौटा हातमा माटाका गाग्री समातेर एक्लै पानी लिन गएका हुन्छन्” (३२) । प्रस्तुत उद्धृतांशमा त्यस समयको समाजमा पिउने पानीको व्यवस्था राम्रोसँग हुन नसकेको सन्दर्भ आएको छ । उपन्यासमा रतीकी आमाले छोरीलाई विवाहका लागि स्वीकृति नदिँदा उसले आमालाई दिएको अभिव्यक्ति यसरी प्रकट “झुटी ! दुइजिब्रे, कुरा फेर्छेस्, अहिले फालहाल्छु म तैंले मञ्जुरी दिइनस् भने, भीरबाट” (७८) भएको छ । यस उद्धृतांशमा रतीकी आमाले उसलाई विवाहको स्वीकृति नदिँदा अभिभावकसँग घुर्काएको भाव व्यक्त भएको छ । प्रस्तुत उपन्यासमा प्रयुक्त पात्रका यिनै बाह्य रूपाकृतिगत चित्रणमा प्रजातिगत विशेषता प्रकट भएका छन् ।

*रामछायाँ* उपन्यासमा प्रयुक्त पात्र रती र लटीका बाह्य रूपाकृति निकै आकर्षक देखिन्छ । उनीहरूमा रहेको रूपलावण्यबाट राजकुमार आकर्षित भएका छन् । सिञ्जा राज्यको सौर्यशक्ति, राजकुमारको वीरता, आत्मीय प्रेम, राउटे र कुसुण्डाका जीवनशैलीजस्ता तथ्यमा प्रजातिगत वैशिष्ट्य झल्किएका छन् । यसर्थ प्रजातिगत वैशिष्ट्यका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

मोहनबहादुर मल्लका माथि विश्लेष्य उपन्यासमा प्रजातिगत वैशिष्ट्य सशक्त रूपमा आएका छन् । उनका उपन्यासमा प्रयुक्त पात्रमा जैविक, शारीरिक र आनुवंशिक विशेषता आएका छन् । मल्लका उपन्यासमा प्रयोग गरिएका पात्रमा बाह्य रूपमा देखिने आकृति, आकार र संरचनागत शारीरिक विशेषता प्रकट भएका छन् । उनका उपन्यासमा बालक, तरूण र बृद्ध उमेरावस्थाका विशेषता भएका पात्रको प्रयोग गरिएको पाइन्छ ।

उपन्यासमा प्रयुक्त पात्रले आआफ्नो चारित्रिक भूमिका निर्वाह गरेको देखिन्छ । उनका उपन्यासमा नाम र थर कतै नाम र कतै थर मात्र उल्लेख भएका पात्रको प्रयोग गरिएको छ । उनका उपन्यासमा प्रयुक्त पात्रले आवश्यकताअनुरूप बाल्य, तरूण, बृद्ध बोली र कतै भकभके अभिव्यक्ति दिएको पाइन्छ । उपन्यासमा प्रयुक्त पात्रका हरेक क्रियाकलापमा सामूहिक विशेषता प्रकट भएका छन् । यसर्थ मल्लका उपन्यास प्रजातिगत वैशिष्ट्यका दृष्टिले महत्त्वपूर्ण देखिन्छन् ।

### २.४ मल्लका उपन्यासमा प्रजातिगत मानसिकता

मोहनबहादुर मल्लका *उजेली छामा, मायारानी, पञ्चायत, समयको हुरी, भुमरी, बहादुर नजर, जेली* र *रामछायाँ* सामाजिक तथा ऐतिहासिक यथार्थमा आधारित उपन्यासमा प्रयुक्त पात्रमा सामूहिक सोच, मनोभावना र मानसिकता पाइन्छ । उपन्यासमा प्रयुक्त प्रजातिगत पात्रले समाजको ऐतिहासिक विकासलाई झल्काएका छन् । उपन्यासमा आएका पात्रको आफ्नै नैतिकमूल्य र मान्यता रहेको पाइन्छ । मल्लका उपन्यासमा आएका पात्रका पारिवारिक सम्बन्ध, सामुदायिक एकता, वर्गीय विभाजन र सामाजिक भूमिका प्रकट भएका छन् । उपन्यासमा प्रयुक्त प्रजातिगत पात्रका क्रियाकलाप र भूमिकामा सामाजिक सम्बन्ध र संरचनाले प्रभाव पारेको देखिन्छ । उनका उपन्यासमा पात्रका विचार, भावना र मानसिक विशेषता प्रस्तुत भएका छन् । मल्लका उपन्यासमा आएका प्रजातिगत पात्रमा समाजको सामूहिक सोच, धारणा र मूल्य प्रकट गरेको पाइन्छ । प्रजातिगत मानसिकताको अध्ययनबाट उपन्यासमा प्रयुक्त सामाजिक जीवनशैली, सोच र मूल्यको पहिचान गर्न सकिन्छ । यसर्थ प्रजातिगत मानसिकताका आधारमा मल्लका उपन्यासको अध्ययन गरिएको छ ।

### २.४.१ *उजेली छामा* उपन्यासमा प्रजातिगत मानसिकता

मोहनबहादुर मल्लको *उजेली छामा* (२००८) उपन्यासमा उजेली, सुवर्णध्वज, पातली, सौतेनी आमा, पण्डित, स्वामी, मुखिया, ल्वामेजस्ता प्रजातिगत पात्रका आन्तरिक मनोभावगत सामूहिक मानसिकता प्रकट भएको पाइन्छ । प्रस्तुत उपन्यासमा उजेली, पातली, मुखिया, ल्वामेजस्ता पात्रले झेल्नुपरेका दुःख, पीडा, जालझेल, शोषण र दमन प्रस्तुत गरिएको छ । उपन्यासमा पण्डित तथा सौतेनी आमाका गलत चिन्तनबाट उजेली, सुवर्णध्वजजस्ता

पात्रले कठोर जीवनशैली व्यतित गर्न बाध्य रहेका छन् । प्रस्तुत उपन्यासमा सुवर्णध्वजलाई आँधीखोलाको किनारमा खेती गर्ने कर्मठ पात्रका रूपमा प्रस्तुत गरिएको छ । उपन्यासका सर्जक र प्रयुक्त पात्रका व्यवहारले नेपाली समाजको प्रजातिगत चेतनास्तरलाई प्रस्तुत गरेको छ । उपन्यासमा सौतेनी आमाको गलत व्यवहारको कारण दिदीकहाँ कष्टसाथ उजेलीको जीवनशैली चलेको छ । उपन्यासमा समाजका फटाहको प्रभावमा परेकी सौतेनी आमाका कारणबाट उजेलीले सुवर्णध्वजको माया पाएको आभाष गरेको पाइन्छ । प्रस्तुत उपन्यासमा उजेलीले पातलीलाई विविध क्रियाकलापमा सघाएर गाउँले जीवनशैली भोगेको देखिन्छ । उपन्यासमा समाजका एक मानिसले अर्को मानिसप्रति गरेको शोषणयुक्त व्यवहार आएको छ । प्रस्तुत उपन्यासमा रामपुरे पण्डितले साहिंलो मुखियालाई जालमा फसाउनु र ल्वामेजस्तो सोझो मानिसलाई उपयोग गरी च्याखुरेलाई घरको आँटिमा लुकाएर सुवर्णध्वजले मारेको वाहना गरी जालमा फसाउने प्रयत्न गरेको पाइन्छ । त्यस समाजका मानिसमा विद्यमान रहेका यस्ता क्रियाकलापमा प्रजातिगत मानसिकता झल्किएको पाइन्छ ।

*उजेली छाया* उपन्यासमा उजेलीको विवाहको विषयबाट समस्या उत्पन्न भएको देखाइएको छ । यसै विषयबाट उत्पन्न समस्याको समाधानमा आर्थिक लाभको आकांक्षामा स्वामीको लिप्तता उपन्यासमा यसरी व्यक्त भएको छ- “शिव शिव पहिले सबले आफ्नै काम मिलाउने भन्दछन्, लोकको चाला नै यै छ, दातामाताको नै भरमा बाँचेको म शिव शिव तिमीलाई लुकाउनु पर्ने कुरो के छ, जसको खायो सिता, उसैको गायो गीता” (२४) । यस उद्धृतांशमा समाजका ठालु मानिस आर्थिक प्रलोभनको मानसिकताबाट ग्रस्त भएकाले समस्याको समाधानभन्दा समस्या झन् बल्झिँदै गएको देखाइएको छ । उपन्यासमा उजेली, पातली, केसरी, सुवर्णध्वज, ल्वामे, च्याखुरे, साहिँलो मुखिया, रैमटेजस्ता पात्रलाई ज्ञान, धन र प्रतिष्ठाका आधारमा रामपुरे पण्डित, स्वामीजस्ता पात्रले विविध प्रसङ्गमा गरेको शोषण र अपमानमा प्रजातिगत मानसिकता प्रकट भएको देखिन्छ । प्रस्तुत उपन्यासमा रामपुरे पण्डित र स्वामीजस्ता पात्रको मिलेमतोमा निर्दोष साहिँलो मुखियाको घरमा धनु लगाएर चोरीको आरोप लगाउनु तथा च्याखुरेलाई आँटिमा लुकाएर सुवर्णध्वजले मारेको सावित गराएर जेलमा पुऱ्याउनुजस्ता निकृष्ट क्रियाकलाप भएका छन् । उपन्यासमा समाजका स्वार्थी मानिसका गलत क्रियाकलापले सुवर्णध्वजको परिवारिका सदस्यको मानसपटलमा ल्याएको परिवर्तनमा प्रजातिगत मानसिकता झल्किन्छ । उपन्यासमा कामको सिलसिलामा भारत गएको समयमा विवाह भएको वर्ष दिन नपुग्दै लोग्ने मरेको पीडा भोगेकी केसरीलाई

परिवारका सदस्यले अलच्छिनी र पोइटोकुवाको संज्ञा दिनुमा प्रजातिगत मानसिकता प्रकट भएको छ । उपन्यासमा धामीझाँक्री तथा झारफुक काम गरेर जीवनशैली व्यतीत गरेको ल्वामेलाई रामपुरे पण्डित, स्वामीजस्ता फटाह व्यक्तिले गलत कार्य गर्न लगाएर मानसिक परिवर्तन गराइएको छ । प्रस्तुत उपन्यासमा सुवर्णध्वज र ल्वामेको मुद्दाको मुचुल्कामा गाउँका मानिसले लेखिएको व्यहोरा नसुनीकन उपस्थित समुदायले बूढिऔँलाको छाप लगाउनुमा प्रजातिगत कमजोर मानसिकता प्रकट भएको पाइन्छ ।

*उजेली छामा* उपन्यासमा आमाले उजेलीलाई चिनोका रूपमा दिएको गहना, ल्वामेको ढ्याङ्ग्रो र ल्वामेले तान्त्रिक विधिबाट समाजमा उपचार गर्ने, बोक्सी बकाउने, उपचारका सिलसिलामा लगाउने माला र अन्य सामग्रीका साथै रैमटेको घरबाट चोरी भएको कसौंडी पत्ता लगाउने प्रक्रियामा प्रजातिगत मानसिकता प्रकट भएको छ । उपन्यासमा रामपुरे पण्डितले अदालतमा नालिस लेखाउन ल्वामेलाई चिठी लेखेर पठाउँदा अड्डाको लेखनदासको अभिव्यक्ति यस्तो रूपमा “हिड दाइ घरमा जाऔं आज अबेर भयो, भोलि सबेरै गरेर काम सक्नु पर्ला” (३१) आएको छ । यस उद्धृतांशमा त्यस समयमा ठूलाठालुहरूले  झुट्टा मुद्दा लेखाउने र समाजका सोझा मानिसलाई अनाहकमा दुःख दिने अनि आफ्नो स्वार्थपूर्ति गर्ने गरेको कुरा देखाइएको छ । प्रस्तुत उपन्यासमा त्यस समयको समाजमा विद्यमान जालझेल, शोषण र दमनका कारणबाट उजेली, पातली, सुवर्णध्वज, ल्वामे र साहिँलो मुखियाले झेल्नुपरेका दुःख-पीडा प्रस्तुत भएका छन् । उपन्यासमा पण्डित तथा सौतेनी आमाले उजेलीलाई विवाहका लागि मन्जुर गराउन गरेको कठोर व्यवहारले तत्कालीन समाजका मानिसमा विद्यमान प्रजातीय मानसिकतालाई स्पष्ट पारेको छ ।

*उजेली छामा* उपन्यासमा सुवर्णध्वज, उजेली, पातली, मुखियालाई सकारात्मक मानसिकता भएका सिधा पात्रको रूपमा प्रस्तुत गरिएको छ । उपन्यासमा सौतेनी आमा, पण्डित, स्वामीजस्ता कतिपय पात्रलाई रूग्ण मानसिकताबाट ग्रसित भएर सज्जन पात्रलाई दुःख दिने नकरात्मक मानसिकता भएका पात्रको रूपमा प्रस्तुत गरिएको छ । प्रस्तुत उपन्यासमा प्रवृत्तिगत रूपमा देखिएका स्वपीडक र परपीडक प्रजातिगत पात्रका मानसिकता प्रकट भएको पाइन्छ । यसर्थ प्रजातिगत मानसिकताका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

## २.४.२ *मायारानी* उपन्यासमा प्रजातिगत मानसिकता

मोहनबहादुर मल्लको *मायारानी* (२००९) उपन्यासमा मायारानी, ललित, कमला, शान्ती, चौतरिया, पण्डितजस्ता प्रजातिगत पात्रका आन्तरिक मनोभावगत सामूहिक मानसिकता प्रकट भएका छन् । प्रस्तुत उपन्यासमा तत्कालीन समयको समाज अशिक्षित रहेकाले मानिसमा शिक्षामूलक चिन्तन भर्नको लागि समान शिक्षा दिनुपर्ने दृष्टिकोण प्रस्तुत गरिएको छ । उपन्यासमा शिक्षामूलक चिन्तन अभिभावकमा नभएका कारण मायारानीको मनोभावनामा चोटपुग्ने गरी विवाह बृद्ध चौतरियासँग सम्पन्न गराउँदा प्रायः सम्बद्ध पात्रका जीवनशैली दुःखदायी बन्न पुगेको पाइन्छ । प्रस्तुत उपन्यासमा ललितसँग बगैंचामा भेट भएको समयमा मायारानीको अभिव्यक्ति यसरी प्रकट "त्यस्तै हुन्छ ढिलो गर्नेलाई अब त सजाय पुग्यो कि ? भोलिदेखि पनि यस्तै अबेर गर्नेलाई के के सजाय हुन्छ कुन्नी" (४) भएको छ । यस उद्धृतांशमा ललित र मायारानीका बिचको प्रेमप्रणयगत सन्दर्भ आएका छन् । प्रस्तुत उपन्यासमा ललितसँग मायारानीको विवाहको विषयमा कमलाले शान्तिसँग गरेको अभिव्यक्ति यसरी आएको छ- "त्यसो होइन अहिलेदेखि नै जो भएको जोडजाम पार्दै गरे पछि एकै चोटिलाई भीड पर्दैन" (१४) । यस उद्धृतांशमा ललित र मायारानीका बिचको विवाहको सन्दर्भ आएको छ । उपन्यासमा मायारानीको विवाहको सन्दर्भमा चौतरियाले पण्डितलाई गरेको अपमानलाई देखाउने क्रममा "यो काठोसँग कुरै गर्न सकिन्न, जे गरेपनि आफ्नै कुरा माथि पार्छ" (१७) भनिएको छ । यस उद्धृतांशमा ललित र मायारानीका बिचको प्रेमप्रणयमा घात गर्ने प्रयत्न गरेको देखिन्छ । प्रस्तुत उपन्यासमा विवाहको विषयमा मायारानीलाई माग्न चौतरियाले पण्डितसँग गरेको अभिव्यक्ति यसरी प्रकट भएको छ- "बुझ्यौ पण्डितजी ! आज मैले तिमीलाई बोलाएकै मुख्य कारण यही हो, तिम्रो हातमा यौटी हुर्केकी कन्या छन् भन्ने सुनेको छु, त्यो कन्या मलाई दिलाउन सक्यौ भने तिमीलाई म पुरस्कार दिनेहुँ" (२२) । यस उद्धृतांशमा चौतरियाले ब्राह्मणलाई प्रलोभनमा पारेर ललित र मायारानीको प्रेमप्रणयमा आघात गरेको सन्दर्भ आएको छ । उपन्यासमा मायारानी र ललितको भेट हुँदा भएको व्यवहारगत विषयबाट आश्चर्य मान्दै चामेले दिएको अभिव्यक्ति यस्तो छ- "जोकेरे जोकेरे मैले तिम्लाई कतिका माया गर्दछु, जोकेरे जोकेरे तौल्ने चीज भए मैले कत्रो गर्दो रैछु तिम्ले पनि देख्न सक्ने थियौ, जोकेरे जोकेरे अरूको तिम्ले चिन्तै नल्यौन म छदैछु" (६३) । यस उद्धृतांशमा ललित र मायारानीका बिचको प्रेमप्रणयको सन्दर्भ आएको देखिन्छ । उपन्यासमा प्रयुक्त पात्रका यिनै क्रियाकलापमा प्रजातिगत मानसिकता प्रकट भएको पाइन्छ ।

*मायारानी* उपन्यासमा त्यस समाजका मानिसमा विद्यमान परम्परागत मान्यताको वर्णन गरिएको छ । यसमा शिक्षामूलक सामाजिक भावनाबिना गतिशील समाजनिर्माण हुननसक्ने चिन्तन प्रकट गरिएको पाइन्छ । यसै प्रसङ्गमा परम्परागत मान्यतालाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ- "जापानी राज-खलकमा मृतक मालिकको नजीकैमा उसको नोकर र घोडा ज्यूँदै टाउको मात्र देखाएर गाड्नु पर्दथ्यो, नत्र उनीहरूको इज्जत जान्थ्यो, यस्तै अनौठाको इज्जतराख्ने चलन संसारमा कैयौं चले, चलेका छन् पनि" (८७) । यस उद्धृतांशमा जापानी राजखलकमा हुने गरेका पुरातन मानसिकतालाई देखाइएको छ । उपन्यासमा चामेले दोस्रो विवाह गर्दा भनाभनमा चिम्सीप्रति लक्षित अभिव्यक्ति यसरी प्रकट भएको छ- "काटे भने काटे, मर्दकी सातवटी, सकैको जारी होइन सारी होइन, खुर्लुप्प न चपाओस् त, भोनि भोलि बेहानै देखाउँला नि नानीको गत, गलो लाग्लाका गलो, हामीले भनेको, मलाई त फुर्तिको मखुण्डा जस्तो मुख देख्दा नै आङ रन्केर आउँछ, कुन दिन जगल्टा केलाएर खुइलै पार्दिने हुँ" (१०६-१०७) । यस उद्धृतांशमा त्यस समयका पुरूषमा विद्यमान रहेको मानसिकता उजागर भएको छ । उपन्यासमा त्यस समयका मानिसमा विद्यमान रहेका यिनै निम्नस्तरिय चिन्तनमा प्रजातिगत मानसिकता झल्किएको पाइन्छ । यसैगरी उपन्यासमा मायारानीको विषयमा चिन्तित बनेकी कमलाले शान्तीदेवीलाई लक्षित गरी दिएको अभिव्यक्ति यसरी प्रकट भएको छ- "हे अभागिनी हो, रोओ रोओ सकेसम्म रोओ, हृदयको घाउ निचोरेर एक छिनको निमित्त भए पनि सुबिस्ता लेओ, तिमीहरूको निमित्त यो संसारमा रूनुसिबाय अरू कुरो बाँकी रहेको छैन" (११२) । यस उद्धृतांशमा एक नारीले अर्की नारीलाई हेर्ने हेयको दृष्टिकोण व्यक्त भएको छ । उपन्यासमा त्यस समयका मानिसमा विद्यमान रहेका यस्ता चिन्तनमा प्रजातिगत मानसिकता झल्किएको पाइन्छ । प्रस्तुत उपन्यासमा बूढीले जीवनशैलीगत सन्दर्भमा ललित र मायारानीलाई दिएको अभिव्यक्ति यसरी प्रस्तुत भएको छ- "मेडो र बूढाको पनि भडखड भडखडमा यस्तै भएको ठियो, ससुडाले हामी दुबैलाई एक दिन आँटीमा ठुन्नु भयो टब पो ट डुबैको लाज मेटियो" (१५०-१५१) । यस उद्धृतांशका माध्यमबाट त्यस समाजका मानिसहरूको भेषभूषा, भाषा तथा मानसिकता प्रस्तुत भएको छ । उपन्यासमा त्यस समयका मानिसमा शिक्षाको अभाव रहेको प्रस्तुत अभिव्यक्तिबाट स्पष्ट हुन्छ । उपन्यासमा आएका यिनै अभिव्यक्तिका माध्यमबाट प्रजातिगत मानसिकतालाई देखाइएको पाइन्छ ।

*मायारानी* उपन्यासमा उखापोखरीका चौतरियाको जीवनशैली, दरबारिया रीतिरिवाज, चालचलन तथा क्रियाकलाप प्रस्तुत भएका छन् । प्रस्तुत उपन्यासमा चौतरियाको दरबारमा कार्यसम्पादनमा खटिएका रूपकली, गुनकली, भामाजस्ता सुसारेका जीवनशैलीमा प्रजातिगत मानसिकता आएको छ । उपन्यासमा चौतरियाले दिएको अभिव्यक्ति जीवनमा एकसय आठ महिला हुनुपर्ने भोगवादी चिन्तनमा प्रजातिगत मानसिकता प्रस्तुत भएको छ । यस उपन्यासमा भोगवादी मानसिकता र अरूको इसारामा चल्ने अस्थिर मानसिकता पाइन्छ । उपन्यासमा चौध वर्षीय मायारानीको करिब पैंसट्ठी वर्षीय उखापोखरीका चौतरियासँग विवाह हुँदा दुबैको जीवनशैली दुःखद्मा परिणत हुनुमा प्रजातिगत मानसिकताको प्रभाव परेको छ । उपन्यासमा तत्कालीन समाजमा उमेर र औकात नमिलाई सानो उमेरका कन्याको पाको औकात नमिल्ने वरसँग विवाह हुनुमा प्रजातिगत मानसिकता प्रस्तुत भएको पाइन्छ । प्रस्तुत उपन्यासमा चौतरियाको मृत्यु हुँदा सुसारेसहित सती जानु तर मायारानी नदिमा हामफालेर जोगिनुले अन्तर्मनदेखि पति स्वीकार नगरेको मनोभाव प्रकट भएको छ । उपन्यासमा प्रयुक्त पात्रका यिनै क्रियाकलापमा प्रजातिगत मानसिकता प्रस्तुत भएको देखिन्छ ।

*मायारानी* उपन्यासमा दरबारको काममा संलग्न सुसारे, द्वारेजस्ता पात्रको जीवनशैली, पण्डित र चैतारियाजस्ता पात्रको भोगवादी जीवनशैली र क्रियाकलापमा प्रजातिगत मानसिकता प्रकट भएको पाइन्छ । उपन्यासमा मायारानी, ललित, शान्ती, कमला, सैनिक, चामे, चिम्सीजस्ता पात्रका जीवनशैली र क्रियाकलापमा प्रजातिगत मानसिकता प्रस्तुत भएको छ । प्रस्तुत उपन्यासमा प्रयुक्त पात्रका आन्तरिक स्वरूप, मनोभाव र गुणमा प्रजातिगत मानसिकता प्रकट भएको पाइन्छ । यसर्थ प्रजातिगत मानसिकताका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

### २.४.३ *पञ्चायत* उपन्यासमा प्रजातिगत मानसिकता

मोहनबहादुर मल्लको *पञ्चायत* (२०१०) उपन्यासमा नयाँ साहु, खगनाथ, सान्नानी, हरिहर, रघु, मधु, चैती, चञ्चलजस्ता पात्रका आन्तरिक मनोभावगत सामूहिक सोच र चिन्तनगत मानसिकता प्रकट भएका छन् । प्रस्तुत उपन्यासमा सान्नानीका पतिको मृत्यपछि जेठाजुले अंशभाग नदिई घरबाट निकाल्नु, पञ्चभलादमीले न्याय दिन नसक्नु, गाउँको प्रधानपञ्च बन्न र बनेपछि पनि समाजमा जालझेल गर्नुजस्ता पात्रगत सामाजिक

क्रियाकलापमा प्रजातिगत मानसिकता प्रस्तुत भएको पाइन्छ । उपन्यासमा कास्की आसपासको भूगोलगत त्यस समयको समाजका मानिसमा देखिएका प्रवृत्तिको चित्रणमा प्रजातिगत मानसिकता प्रकट भएको छ । उपन्यासमा ग्रामीण नेपाली समाजमा पञ्चायतका नाममा हुनेगरेका कुकृत्यका क्रियाकलापमा प्रजातिगत मानसिकता आएको छ । उपन्यासमा नयाँ साहुले पञ्चायतको चुनाब जित्नका लागि खगनाथ उप्रेतलाई आफूले चढ्ने गरेको घोडा दिनु र चुनाब गराउन आउने मानिसलाई पैसाको बन्दोबस्त मिलाउनुजस्ता क्रियाकलापमा प्रजातिगत मानसिकता व्यक्त भएको छ । प्रस्तुत उपन्यासमा नयाँ साहुका चिन्तन, क्रियाकलाप र आचरणप्रति समाजका मानिसले बनाएको अपमानका सन्दर्भमा प्रजातिगत मानसिकता आएको छ । उपन्यासमा समाजका साहुजस्ता मानिस गाउँको प्रमुख बनेर असहाय मानिसप्रति जालझेल गरेर दुःख दिएको प्रवृत्तिमा प्रजातिगत मानसिकता प्रस्तुत भएको छ ।

*पञ्चायत* उपन्यासमा गाउँको प्रमुख बन्दा समाजमा इज्जत, मर्यादाका साथै आर्थिक लाभ हुने हुने सन्दर्भ प्रस्तुत गरिएको छ । यसै प्रसङ्गमा उप्रेत खगनाथले दिएको अभिव्यक्ति उपन्यासमा यसरी प्रकट "यो पञ्चायत हो पञ्चायत, यसमा कत्रो आम्दानी हुन्छन्" (९) भएको छ । यस उद्धृतांशमा अनेक जालझेल गरेर पदमा पुग्ने अनि त्यसैका आधारमा अरूलाई दुःख दिएर आफ्नो स्वार्थपूर्ति गर्ने खगनाथ र नयाँ साहुजस्ता तत्कालीन समाजका मानिसको दृष्टिकोण व्यक्त भएको छ । उपन्यासमा तत्कालीन समयका मानिस समाजसेवाका भावनाबाट अभिप्रेरित नभई पञ्चायतलाई कमाउने माध्यम बनाएर प्रमुख बन्ने गरेको सन्दर्भमा आएको उप्रेत खगनाथको अभिव्यक्तिमा प्रजातिगत मानसिकता प्रस्तुत भएको छ । प्रस्तुत उपन्यासमा नयाँ साहुले पञ्चायत हातमा पार्नका लागि चुनावमा समाजका मानिसलाई आर्थिक प्रलोभन, पदको आशा तथा गाउँका सामान्य मानिसलाई डर, त्रास र धम्की दिएर आफूअनुकूल बनाएको सन्दर्भमा प्रजातिगत मानसिकता देखिन्छ ।

*पञ्चायत* उपन्यासमा नयाँ साहुले अर्काको श्रीमती ल्याउँदा सामान्य जारी बुझाउने र अन्य व्यक्तिले आफ्नी श्रीमती लगेमा जोरजुलुम गरेर जारी स्वरूप अकुत सम्पत्ति लिने सन्दर्भमा प्रजातिगत मानसिकता आएको छ । उपन्यासमा समाजका यस्ता मानिसको सामाजिक आचरणका क्रियाकलापमा प्रजातिगत मानसिकता प्रस्तुत भएको छ । प्रस्तुत उपन्यासमा समाजको कुनै युवक विदेशबाट आएपछि नयाँ साहुलाई भेट्न घरमा पुग्नुपर्ने र

कमाएर ल्याएको सम्पूर्ण धन उसको हातमा दिनुपर्ने तथा साहुले काम परेका समयमा निर्व्याजे पैसा दिने तर साहुको पैसा कसैले चलाएमा व्याज तिर्नुपर्ने सामाजिक परिपाटीमा प्रजातिगत मानसिकता आएको छ । उपन्यासमा नयाँ साहुले तत्कालीन समाजका असहाय मानिसको पाखो, बारी, खरबारीजस्ता जग्गा सस्तोमा बिक्री गराएर धन असुल गर्ने परिपाटीमा प्रजातिगत मानसिकता झल्किएको पाइन्छ ।

*पञ्चायत* उपन्यासमा सान्नानी पतिसँगै भारतमा कामको सिलसिलामा गएको समयमा पतिको मृत्यु हुँदा आर्थिक अभाव उत्पन्न भई घर फर्कन समस्या पर्नु तथा सान्नानीलाई पुर्ख्यौली सम्पत्ति नदिन जेठाजु हरिहरले भाइले जागिरमा कमाएको सम्पत्ति लुकाएको निहुँमा घरबाट निकाल्दा पञ्चायतमा अंशमुद्दा पर्नु र समाजका मानिसले हरिहरलाई साथ दिएर पञ्चायतका आडमा सान्नानीलाई हराउनु एवम् दीननाथले सान्नानीको पक्ष लिँदा सुनुवाइ नभएकोमा सदस्य पदबाट राजीनामा दिँदा नयाँ साहुले नजिकको मानिस नियुक्ति गर्नुजस्ता पीडादायक क्रियाकलापमा प्रजातिगत मानसिकता आएको छ । उपन्यासमा नयाँ साहु गाउँको प्रमुख भएपछि समाजमा अन्याय बढेको कुरालाई यसरी देखाइएको छ- “त्यो समयमा जागिर बिक्रीमा चलेको थियो, इन्साफले पैसा हेर्दथ्यो, लुटेराको भाग्योदयको बेला थियो, अड्डामा दुई चार वर्ष टिक्न पाए मानिसले जन्मभरको बन्दोबस्त गर्थ्यो” (२३) । यस उद्धृतांशमा तत्कालीन समयका पदीय जिम्मामा रहेका मानिसले अनेक बहाना गरी सोझासाझा मानिसलाई दुःख दिनुका साथै उनीहरूमाथि शोषण गरेको देखाइएको छ । यस किसिमको प्रवृत्तिका माध्यमबाट प्रजातिगत मानसिकता झल्किएको पाइन्छ ।

*पञ्चायत* उपन्यासमा उप्रेत खगनाथले गाउँभरको ताजा खबर नयाँ साहुकहाँ सम्प्रेषण गर्ने गरेको देखाइएको छ । यसै प्रसङ्गमा दुबैजना मिलेर समाजबाट आर्थिक लाभ उठाएको अभिव्यक्ति उपन्यासमा यसरी प्रस्तुत भएको छ- “उप्रेतजीले गाउँभरको ताजा ताजा खबर दिनहौं दिन्थे, फलानोले दूध खाने भैंसी बेचेर रूपियाँ समात्यो भन्ने खबर पाउनासाथ नयाँ साहू कहाँ गुप्त बैठक हुन्थ्यों” (४०) । यस उद्धृतांशमा समाजका मानिसले अरूलाई दुःख दिन घृणित कार्य गर्ने गरेको देखाइएको छ । यसबाट पञ्चायतका मानिसको मानिसिकता प्रस्तुत भएको छ । यसै प्रसङ्गमा उप्रेत खगनाथको विचार उपन्यासमा यसरी प्रकट भएको छ- “गोरू, गाई जग्गा जमिन बेचबिखन पारेर कसैले रूपियाँ समात्यो भने उसको ... कसैले देशबाट गाउँमा रूपियाँ ल्याएको पत्तो भयो भने

नयाँ साहूकहाँ गुप्त बैठक बसिहाल्दथ्यो, गाउँमा लोग्ने नभएकी आइमाई गर्भ धारण गरी भने ... साहूको मानिसको घर राखिन्थ्यो" (४०) । यस उद्धृतांशमा टाँठा मानिसले सोझा मानिसलाई अनेक जालझेल गरी आफ्नो पञ्जामा पार्ने र शोषण गर्ने सन्दर्भ प्रस्तुत भएको छ । प्रस्तुत उपन्यासमा प्रयुक्त पात्रका यिनै क्रियाकलापमा प्रजातिगत मानसिकता प्रकट भएको देखिन्छ ।

*पञ्चायत* उपन्यासमा हरिहरले सान्नानीका आमा-छोरीप्रति अन्याय गर्नु, अन्य मानिसको पाखोपखेरोमा छाप्रो बनाएर बस्नु, समाजका मानिसले सान्नानीलाई पूर्ण सहयोग नगर्नु, दीननाथले पञ्चायतको अन्याय देखेर सदस्य पदबाट राजीनामा दिनु, सान्नानी र मधु जटिल जीवन जिउन बाध्य हुनुजस्ता पात्रका सामाजिक क्रियाकलापमा प्रजातिगत मानसिकता प्रकट भएका छन् । प्रस्तुत उपन्यासमा टाँठा मानिसले सोझालाई हेयको दृष्टिबाट हेर्ने तथा समस्यामाथि समस्या थुपारेर माथि उठ्न नदिने क्रियाकलापमा प्रजातिगत मानसिकता प्रस्तुत भएको पाइन्छ । यसर्थ प्रजातिगत मानसिकताका दृष्टिले प्रस्तुत उपन्यास सशक्त देखिन्छ ।

### २.४.४ *समयको हुरी* उपन्यासमा प्रजातिगत मानसिकता

मोहनबहादुर मल्लको *समयको हुरी* (२०१५) उपन्यासमा प्रभाकर, न्यूजी, लक्ष्मीधर, धनमती, विद्यामती, पद्मीजस्ता पात्रका आन्तरिक मनोभावगत सामूहिक सोच प्रजातिगत मानसिकताका रूपमा प्रकट भएका छन् । उपन्यासमा प्रयुक्त प्रभाकर, न्यूजी, विद्यामतीजस्ता पात्रका क्रियाकलापमा नारीसमस्या, नारीशिक्षा, समतामूलक समाजनिर्माण र जातीय विभेदको अन्त्यसम्बन्धी मानसिक चेतना सशक्त रूपमा आएका छन् । प्रस्तुत उपन्यासमा पाल्पा आसपासमा बसोबास गर्ने मानिसका सामूहिक मनोभावगत चिन्तन प्रजातिगत मानसिकताका रूपमा प्रकट भएको पाइन्छ । उपन्यासमा प्रयुक्त पात्र धनमती र विद्याको जीवनशैलीगत क्रियाकलापमा समतामूलक प्रजातिगत मानसिकता आएको छ । उपन्यासमा लक्ष्मीधरको पुरातन चिन्तनमा आधारित मनोभावना र न्यूजीको स्वतन्त्रता तथा समानताका तर्कमा आधारित मनोभावमा प्रजातिगत मानसिकता प्रस्तुत भएको छ । प्रस्तुत उपन्यासमा लक्ष्मीधरको पहिलो विवाह ज्ञानीसँग र दोस्रो विवाह धनमतीसँग भएको देखाएर तत्कालीन समाजका मानिसको सामाजिक क्रियाकलापका चिन्तनमा प्रजातिगत मानसिकता आएको छ । लक्ष्मीधरले उपन्यासमा पद्मीका सम्बन्धमा सामन्ती चिन्तन प्रकट यसरी प्रकट

"मास्टरजी ! यो दार्जलिङ होइन दार्जलिङ" (९) गरिएको छ । यस उद्धृतांशमा अध्यात्मवादको खोल ओढेर त्यस समाजलाई धमिल्याउने लक्ष्मीधरको मानसिकता व्यक्त भएको छ । उसले व्यक्त गरेको यस किसिमको सामाजिक अन्धविश्वासपूर्ण अभिव्यक्तिले समतामूलक समाज निर्माण हुन नसक्ने देखिन्छ । उपन्यासमा न्यूजी, धनमती र विद्याले समतामूलक समाजनिर्माणमा देखाएको सक्रियतामा प्रजातिगत मानसिकता प्रकट भएको छ । उपन्यासमा ज्ञानीका आमाछोरीले सम्पत्तिको लोभमा प्रभाकरलाई दिएको दुःख, तिरष्कार र अन्यायले पनि उसको जीवन अस्तव्यस्त हुनुमा प्रजातिगत मानसिकता व्यक्त भएको पाइन्छ ।

*समयको हुरी* उपन्यासमा प्रभाकर भोकै भएको अवस्थामा बतासे डाँडाको चौतारीमा खाजा खान दिनु, छोरीहरूलाई घर चलाउनका लागि सामान पठाउनु अनि तराइको खेती आफै व्यवस्थापन मिलाउनुजस्ता क्रियाकलापबाट धनमतीका बाबुको असल चिन्तनमा प्रजातिगत मानसिकता पाइन्छ । उपन्यासमा धनकी आमामा अहम् भावना भए पनि पितामा रहेको असल गुणका कारण परिवारमा सामान्य गाउँले जीवनको छाप पर्नुमा प्रजातिगत मानसिकता प्रस्तुत भएको छ । प्रस्तुत उपन्यासमा लक्ष्मीधरको प्रभावमा परी धनका आमाछोरीले निर्धक्कका साथ चुरोट लिँदाको चित्रण यसरी आएको छ- "अनि मीठो चुरोटले भरिएको चाँदीको सिगरेटकेस खोलेर धनको अगाडि सारिदिए, मीठो चुरोटको सुवासनाले धनको मन चलायमान पारिदियो, एक छिनको नाइँनास्तिपछि उनले सिगरेटकेसबाट यौटा चुरोट झिकिन् र त्यहाँबाट एकातिर पन्छिन्" (१३) । यस उद्धृतांशमा त्यस समयका नारीजाति धनका आमाछोरीले निर्धक्कका साथ लक्ष्मीधरले दिएको चुरोट पिउनुमा उनीहरूको मानसिकता झल्किएको पाइन्छ । यसमा परपुरूषले दिएको चुरोटलाई सहजै ग्रहण गर्नुले त्यस समयका नारीजातिको आकर्षणजन्य मानसिकतालाई दर्साएको देखिन्छ ।

*समयको हुरी* उपन्यासमा समाजका केही मानिसको सहयोगमा नेपाली विद्याश्रमका माध्यमबाट प्रभाकरले चलाएको शिक्षामूलक क्रियाकलापमा प्रजातिगत मानसिकता आएको छ । उपन्यासमा कान्छो बुबाको घरमा सयौं तिरस्कार एवम् लाञ्छना खेप्दै जीवनयापन गरेको प्रभाकरको उत्तरार्द्ध जीवन आदर्शपूर्ण देखिनुमा प्रजातिगत मानसिकता झल्किएको छ । प्रस्तुत उपन्यासमा पद्मीले दिएको चन्दा विद्याश्रमको लागि उपयोगी तर सभाहलमा प्रवेश गर्न अनुपयोगी लक्ष्मीधरका मानवताहीन चिन्तनमा प्रजातिगत मानसिकता देखिन्छ । उपन्यासमा

पद्मी अछुत मानिएका कारणबाट नेपाली विद्याश्रममा पढ्न नपाउने तत्कालीन समाजको विभेदकारी अवस्थालाई सुधार्न विद्याका पिताको धारणा यसरी प्रकट "समयअनुसारको चलन चल्नमा सबैको निमित्त श्रेयस्कर छ र चल्न बाध्य पनि हुनु पर्ने छ" (२५) भएको छ । यस उद्धृतांशले विद्याका पितामा प्रगतिशील मानसिकता रहेको कुरालाई स्पष्ट पारेको छ । उनको यस किसिमको चिन्तन र व्यवहारमा प्रजातिगत मानसिकता पाइन्छ । प्रस्तुत उपन्यासमा धनमतीका बाबुको सम्पत्ति पाल्पा र तराई दुबैतिर भए पनि भैरहवाको मौजामा रहेर सामान्य जीवन निर्वाहका असल क्रियाकलाप सञ्चालन गर्नुमा प्रजातिगत मानसिकता झल्किएको देखिन्छ ।

*समयको हुरी* उपन्यासमा दार्जलिङ निवासी न्यूजीले नेपाली समाजमा युगानुकूल शिक्षा र समतामूलक समाजनिर्माणको आदर्शपूर्ण क्रियाकलाप सञ्चालन गर्नुमा प्रजातिगत मानसिकता व्यक्त भएको छ । उपन्यासमा न्यूजीको प्रभाकरतर्फ लक्षित सामान्य जीवनशैली सञ्चालनमा न्यूनतम आधारको खोजीमा दिएको भनाइ यस्तो छ- "भैहाल्यो, आजसम्म तपाईंको मुख हेरेर बसियो, अब मलाई नरोक्नोस्, खानसम्म पनि पुग्दैन भने केको ट्यूसन चलाउनु" (२९) । यस उद्धृतांशमा शैक्षिक क्षेत्रमा लागेका त्यस समाजका न्यूजीजस्ता पात्रको आर्थिक दुरावस्थाका साथै अनेक जालझेल गरेर समाजका कुप्रवृत्तिका मानिसले दुःख दिएको सन्दर्भगत चित्रण आएको छ । यसबाट उपन्यासमा प्रजातिगत मानसिकता झल्किएको देखिन्छ । प्रस्तुत उपन्यासमा प्युरी र सेतुको भूमिका मालिकको सेवामूलक निम्नवर्गीय चिन्तनमा आधारित रहनुमा प्रजातिगत मानसिकता व्यक्त भएको छ । उपन्यासमा ज्ञानीले सेतुमार्फत विष झिकाएर प्रभाकरलाई खुवाउने योजनामा सहयोगीमार्फत दूधको कचौरा ज्ञानीलाई पर्न गएकाले छटपटिनु र बाँकी अंश आमाले सेवन गरी जीवनलीला समाप्त गर्नुमा प्रजातिगत मानसिकता झल्किएको पाइन्छ ।

*समयको हुरी* उपन्यासमा अध्यात्मवादी र भौतिकवादी चिन्तनका बारेमा गरिएको वर्णनमा पात्रका आन्तरिक मनोभावना सामूहिक सोचका रूपमा प्रकट भएका छन् । उपन्यासमा आधुनिक शिक्षा ग्रहण गरेका पात्र र परम्परागत मान्यतामा अडिक पात्रमा विचारगत विभेद देखिन्छ । उपन्यासमा एकथरी पात्र समतामूलक शिक्षित समाज निर्माणको कार्यमा जुटेका छन् भने अर्कोथरी परम्परागत मान्यताका आधारमा जातभात, छुवाछुत र नारीपुरूषमा विभेदपूर्ण विचार प्रकट गर्न अग्रसर भएका देखिन्छन् । यसले गर्दा उपन्यासमा

प्रयुक्त पात्रमा आन्तरिक मनोभावगत आधुनिक सामूहिक मानसिकता र परम्पराबाट ग्रस्त मानसिकता प्रस्तुत भएको पाइन्छ । यसर्थ प्रजातिगत मानसिकताका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण रहेको छ ।

### २.४.५ *भुमरी* उपन्यासमा प्रजातिगत मानसिकता

मोहनबहादुर मल्लको *भुमरी* (२०१६) उपन्यासमा किरण, गङ्गा, जमुना, अविवाहित आमा, विक्रमसिंह, ठुल्नानी, झ्यापी, चिपिरेजस्ता पात्रका आन्तरिक मनोभावगत सामूहिक भावना प्रकट भएका छन् । यस उपन्यासमा सामाजिक, राजनीति दाउपेच र नारीका वेदनालाई सामूहिक भावनाका रूपमा प्रस्तुत गरिएको छ । उपन्यासमा अविवाहित आमा र विधवाका चिन्तन नवीन रूपमा प्रकट भएको पाइन्छ । प्रस्तुत उपन्यासमा पात्रगत मनोदशा प्रकट गरिएको छ । उपन्यासमा जमुनाले विधवा दिदी गङ्गालाई परपुरूषतर्फ नजर लगाउन नहुने प्रसङ्ग उठाउनु तथा गङ्गाकी आमाले एकजना छोरीले विवाह भएको केही समयमा पोइ टोकी र अर्कीलाई पोइ नपाएको प्रसङ्ग उठाउनुमा प्रजातिगत मानसिकता देखिन्छ । उपन्यासमा चिपिरे र झ्यापीलाई साथमा लिएर काठमाडौँ लगनटोलमा डेरा बस्न गएको किरणको पारिवारिक अवस्थाका सम्बन्धमा सात वर्षमा विवाह भएर लोग्ने गुमाएकी विधवा गङ्गाले झ्यापीबाट समग्र जीवनको जानकारी लिनुमा प्रजातिगत मानसिकता प्रकट भएको छ । प्रस्तुत उपन्यासमा सानो उमेरमा छोरीको विवाह गरेर पति पनि नचिन्दै विधवा बनेकी नारी गङ्गा, अविवाहित नारी जमुना, पत्नीबिना नोकरका साथमा जीवन बिताएको किरण, नोकरका रूपमा रहेका झ्यापी र चिपिरेजस्ता पात्रका जीवनशैलीमा प्रजातिगत मानसिकता झल्किएको पाइन्छ । उपन्यासमा प्रयुक्त विविध प्रजातिका पात्रले सामाजिक, राजनीतिक र आर्थिक जीवनका पीडामा प्रजातिगत मानसिकता देखिन्छ । उपन्यासमा समाजमा विद्यमान दासप्रथा र विधवा नारीको जीवनशैलीको चित्रणमा किरणकी नोकर्नी झ्यापीसँग विधवा गङ्गाको स्वभाव मिलेको सन्दर्भ प्रस्तुत हुनुमा प्रजातिगत मानसिकता आएको छ । यस उपन्यासमा समाजका खराब आचरणका मानिसले दरबारमा डोला हेर्न बग्गीमा चढाई जमुनालाई लगेर रातको समयमा बलात्कार गर्दा उत्पन्न पीडा र विधवा गङ्गाले झेल्नुपरेको एकल नारीको जीवनशैलीगत पीडामा प्रजातिगत मानसिकता व्यक्त भएको छ ।

*भुमरी* उपन्यासमा जमुनाको जीवनशैली समस्याग्रस्त बनेको देखाइएको छ । उपन्यासमा जमुनाप्रति सामाजिक जालझेल गरी सामूहिक बलात्कार गरिएको छ ।

जमुनालाई घृणित सामाजिक जीवन जिउन विवश तुल्याइएको अभिव्यक्ति उपन्यासमा यसरी प्रकट भएको छ- "एक दिन साँझको समयमा जमुनालाई दर्बारमा डोला हेर्न खोजेका छन् भन्ने छल गरेर बदमासहरूले बग्गीद्वारा कुनै गुप्त ठाउँमा लगेर बलात्कार गरेछन्" (५२) । यस उद्धृतांशमा तत्कालीन समाजका खराब मानिसले नसाको उन्मादमा जमुनालाई छल गरेको देखाइएको छ । यस क्रममा दरबारमा डोला हेर्ने निहुँमा बग्गीमा चढाएर एकान्त स्थानमा लगी अभद्र व्यवहार गरी जीवन मर्नु न बाँच्नुको दोसाँधमा पुऱ्याइएको छ । यसबाट तत्कालीन समाजका पुरूष पात्रमा देखिएको छलकपटपूर्ण मानसिकता प्रकट भएको देखिन्छ । यसैगरी उपन्यासमा विक्रमसिंहले किरणकी आमालाई बलात्कार गरी अनिच्छित गर्भ रहँदा किरणको जन्म भएको प्रसङ्गलाई समाजका अगाडि लुकाएर राखिएको सन्दर्भमा प्रजातिगत मानसिकता झल्किएको छ । उपन्यासमा मुलुकमा राजनीतिक परिवर्तनका लागि समाजमा सङ्गठन गर्दै हिँडेको किरणको आमा विक्रमसिंहबाट बलात्कारमा परेको कुकृत्यलाई समाजका अगाडि नल्याएको सन्दर्भ तथा मानिसले दासदासी राखेको सन्दर्भमा आएको अभिव्यक्ति यस्तो रूपमा प्रकट "युवती नारीहरू उपर बलजफत गरिन्थ्यो तर यो कुरो समाजमा ढाकछोप पारेर राखिन्थ्यो" (७०) भएको छ । यस उद्धृतांशमा त्यस समयका मानिस अफिमको नसामा लिप्त रहने गरेका र त्यही लिप्तताका कारण कुमारी कन्या बलत्कारमा परी गर्भिणी हुने गरेका देखाइएको छ । यसमा इज्जतका खातिर गर्भिणी कुमारी कन्याले त्यस्तो कुकृत्यलाई समाजसमक्ष ल्याउन नसकेको सन्दर्भ व्यक्त भएको छ । यसमा त्यस समयको समाजका मानिसमा विद्यमान रहेको मानसिक कमजोरीलाई देखाइएको छ ।

*भुमरी* उपन्यासमा किरण, गङ्गा, जमुना, किरणकी आमा, विक्रमसिंह, ठुल्नानी, चिपिरे, झ्यापीजस्ता पात्रका आन्तरिक मनोभावगत सामूहिक भावना प्रजातिगत मानसिकताका रूपमा प्रकट भएका छन् । उपन्यासमा प्रयुक्त कतिपय पात्रमा आफूमा रहेको सिधा प्रवृत्तिका कारण सहजै अरूलाई विश्वास गर्दा गलत परिणाम भोग्न बाध्य देखिन्छ । उपन्यासमा सामाजिक विकृतिको बिरोधमा लागेका किरणसिंहजस्ता कतिपय पात्रले राजद्रोहको आरोपमा प्रदेसिन परेको छ । उपन्यासमा प्रयुक्त यिनै सामाजिक क्रियाकलाप र पात्रका गतिविधिमा सामूहिक भावना प्रकट हुनुमा प्रजातिगत मानसिकता झल्किएको पाइन्छ । यसर्थ प्रजातिगत मानसिकताका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

### २.४.६ *बहादुर नजर* उपन्यासमा प्रजातिगत मानसिकता

मोहनबहादुर मल्लको *बहादुर नजर* (२०३६) उपन्यासमा बहादुर शाह, नजर, चतुर, रूपाजस्ता पात्रका आन्तरिक मनोभावगत सामूहिक भावना प्रजातिगत मानसिकताका रूपमा प्रकट भएका छन् । प्रस्तुत उपन्यासमा बहादुर शाहमा रहेको कार्यकौशलता र दुरदर्शी विचार, नजरमा रहेको धैर्यता र सहनशीलता, चतुरमा रहेको चातुर्यता र रूपामा रहेको सोझोपन पात्रका आन्तरिक मनोभावगत सामूहिक भावना प्रजातिगत मानसिकताका रूपमा प्रस्तुत भएको पाइन्छ । प्रस्तुत उपन्यासमा दरबारले बहादुर शाहप्रति गरेको अन्याय र प्रेमको नवीनतम स्वरूप मर्मस्पर्शी रूपमा प्रकट भएका छन् । उपन्यासमा प्रयुक्त पात्रका दुरदर्शी विचार र दरबारिया षडयन्त्र प्रजातिगत सामूहिक मानसिकताका रूपमा प्रस्तुत गरिएको देखिन्छ । उपन्यासमा इतिहासमा वर्णित पात्र बहादुर शाहको जीवनमा पूर्खाको प्रजातिगत मानसिकता झल्किएको छ । उपन्यासमा इतिहासले सम्मान गरेका पात्रलाई सोहीअनुरूप सजाउने कार्यगत सन्दर्भ आएको छ । प्रस्तुत उपन्यासमा बहादुर शाह गोरखा दरबारको सदस्य भएको, राजकीय सम्मान ग्रहण गरेको, समाज र राज्यबाट सम्मान प्राप्त भएको जीवनवृत्त आएको देखिन्छ । प्रस्तुत उपन्यासमा बहादुर शाह तनहुँ र लमजुङमा रहेको समयमा त्रिगुटको बैठकले उनलाई दरबारबाट तिरस्कार भएको निष्कर्ष निकाल्दा उनले त्रिगुटका सदस्यलाई अपरिपक्व रूपमा हेर्दै दिएको अभिव्यक्ति यसरी "केटाकेटी आए गुलेली खेलाए गऐ" (१३) आएको छ । यस उद्धृतांशमा बहादुर शाहले त्रिगुटका सदस्यलाई केटाकेटीका रूपमा लिँदै अपरिपक्वताको संज्ञा दिएको पाइन्छ । यसले बहादुर शाहका मानसिकतामा पितापूर्खाका आन्तरिक मनोभावगत सामूहिक भावनाको छाप परेको देखिन्छ । उपन्यासमा प्रयुक्त यिनै सामूहिक भावनामा प्रजातिगत मानसिकता प्रकट भएको पाइन्छ ।

*बहादुर नजर* उपन्यासमा बहादुर शाहले राजसी सुखभोग त्यागेर साधारण खाना, एकसरो कपडा र काम्लोमा सुत्नेजस्ता सामान्य जीवनशैलीगत क्रियाकलाप आएका छन् । प्रस्तुत उपन्यासमा बहादुर शाहले राजसी ठाँटबाँटलाई परित्याग गरी सामान्य जीवनशैली अपनाएको सन्दर्भलाई यसरी देखाइएको छ- "बहादुर पाल्पाबाट नांगै आएका छन्, साथमा यौटा चतुर बाहेक दोस्रो मान्छे छैन, उनले बेतियाको नजीक पर्ने गाउँमा यौटा खरको कुटी बनाएर केही समय बस्ने विचार गरेका छन्, ... बाटो खर्च भनेर पच्चीस थान असर्फी कागतमा पुरिया पारेर नजरले बहादुरतिर बढाएकी थिइन्" (३५) । यस उद्धृतांशमा बहादुर

शाहले राजसी ठाँटबाँटलाई परित्याग गरी सामान्य जीवनशैली अपनाएको देखाइएको छ । उनले बेतिया नजीक एउटा गाउँमा खरको कुटी बनाएर केही समय बस्ने मानसिकता बनाएको देखिन्छ । यस उपन्यासमा बहादुर शाहमा देखिएको आर्थिक अभाव र सामान्य जीवनशैलीबाट एकीकरण अभियानको लक्ष्यमा पुग्न खोज्नुमा प्रजातिगत मानसिकता प्रकट भएको छ । यसले मानिसलाई आफ्नो परिवेशअनुकूल चल्न सिक्नुपर्ने मानसिकताको विकासलाई औँल्याएको छ ।

*बहादुर नजर* उपन्यासमा बहादुर शाह बेतियामा रहँदा आर्थिक अभावका साथै विशेष अवसरमा राजपरम्पराअनुरूप कार्यसम्पादन नभएको जीवनवृत्तलाई देखाइएको पाइन्छ । उपन्यासमा नजरले बहादुर शाहलाई असर्फी सहयोग गर्नुले त्यस समयका मानिसमा विद्यमान रहेको सहयोगी मानसिकतालाई झल्काएको देखिन्छ । यस उपन्यासमा चतुर, रूपा, माझीजस्ता पात्रको अभावग्रस्त जीवनशैली प्रस्तुत गरिएको छ । उपन्यासमा प्रयुक्त बहादुर शाह, नजर, चतुर, रूपाजस्ता पात्रका क्रियाकलाप र सामूहिक भावनागत तथ्यमा प्रजातिगत मानसिकता झल्किएका छन् । यसर्थ प्रजातिगत मानसिकताका दृष्टिले प्रस्तुत उपन्यास उपयुक्त देखिन्छ ।

### २.४.७ *जेली* उपन्यासमा प्रजातिगत मानसिकता

मोहनबहादुर मल्लको *जेली* (२०३९) उपन्यासमा धनराज, मानराज, देवदास, दीनदास, ललिता, लता, गीता, लुठेजस्ता पात्रका आन्तरिक मनोभावनागत सामूहिक भावना प्रजातिगत मानसिकताका रूपमा प्रकट भएका छन् । प्रस्तुत उपन्यासमा सामाजिक असमानता, साहु र ठगका क्रियाकलापमा मानवीय मानसिकता प्रकट भएको देखिन्छ । उपन्यासमा तत्कालीन नेपाली समाज सामाजिक, आर्थिक तथा धार्मिक प्रकृतिका तृष्णागत सांसारिक बन्धनमा जेलिएको र त्यसलाई तोड्न सामूहिक सङ्घर्ष आवश्यक रहेको देखाउनुमा प्रजातिगत मानसिकता प्रस्तुत गरिएको छ । उपन्यासमा आर्थिक स्थिति सबल भएको पात्र धनराजले दीनदासबाट भलो नदेखेर कामबाट निकालेको विकृतिमूलक क्रियाकलाप आएको छ । उपन्यासमा मानराज र धनराजजस्ता पात्रले समाजमा मानिसलाई जुवा, तास, पासा, कौडा, मदिरा र महिलाजस्ता गलत बाटोमा मस्त गराएर अकूत सम्पत्ति आर्जनमा लिप्त रहेको अभिव्यक्ति यसरी प्रकट "खाल थाप्ने ठाउँ रोक्न साहूहरूका मान्छेको दौडा दौड पर्थ्यो, एक साहूले दश बाह्रसम्म खाल थाप्दथ्यो" (२७) भएको छ । यस उद्धृतांशमा त्यस

समयका व्यापारीले जुवाको खाल थापेर समाजका मानिसलाई लुट्ने गरेको देखाइएको छ । यस्ता क्रियाकलापले समाजका मानिसलाई गलत मार्गप्रति आकर्षित गरेको सन्दर्भ उपन्यासमा देखिन्छ । यस उपन्यासमा धनराज मात्र नभएर काठमाडौँ सहरका साहुले मानिसलाई जुवा, तास, पासा, कौडाजस्ता पेसामा संलग्न गराएर कमाउने धन्दा चलाएको अभिव्यक्ति यसरी प्रस्तुत "खेल्ने खेल्थे घरको पैसा लगेर पोल्थे खाल बसेको ठाउँमा, आखिर पैसा थुप्रिन आउँथ्यो खाल थाप्ने साहूको हातमा" (२७-२८) भएको छ । प्रस्तुत उद्धृतांशमा काठमाडौँको तत्कालीन समाजका मानिसलाई जुवातासमा आकर्षित गरेको देखाइएको छ । यस्ता क्रियाकलापले गर्दा निम्नवर्गीय मानिसको घरबास नै उठ्ठा भएको देखिन्छ । उपन्यासमा प्रयुक्त तत्कालीन समाजका मानिसमा विद्यमान रहेका यस्ता क्रियाकलापगत सन्दर्भले प्रजातिगत मानसिकतालाई  देखाएका छन् ।

*जेली* उपन्यासमा लुठे र उसका साथीहरूको अवस्था दयनीय रहेको छ । यसले गर्दा उनीहरू जुवा खेलमा लागेका मानिसहरूको धन लुटेर जीवन बिताएउन बाध्य देखिएका छन् । उपन्यासमा देवदासले पशुपति परिसरको वनकालीमा बाहिरी रूपमा जीवन जिउने आधार भजनकीर्तन अनि भित्री आधार जुवा र नशालु पदार्थको ओसारपसारलाई बनाएको देखिन्छ । प्रस्तुत उपन्यासमा धनराजले कामबाट निकालेपछि पशुपतिमा बसेर दीनदुःखीको सेवामा तल्लीन दीनदासले मित्र देवदासलाई समाजमा असर पर्ने क्रियाकलाप नगर्न सुझाव दिएको छ । उपन्यासमा समाजका कमजोर मानिसलाई चलायमान गराउँदा अशान्ति मच्चिने सन्दर्भलाई यसरी "गरीबलाई यसरी उकेरा लगाइदिनु शान्ति भङ्ग पार्नु हो" (४९) देखाइएको छ । यस उद्धृतांशमा कमजोर मानिसलाई उकेरा लगाउँदा समाजमा शान्ति भङ्ग हुने भाव प्रकट भएको छ । उपन्यासमा प्रयुक्त पात्रको उक्त संवादमा सामूहिक भावना प्रकट भएको देखिन्छ । उपन्यासमा गीतालाई देवदासले विवाह गरेर साना-तिना विवादमा घरनिकाला गरी अलपत्र पारेको सामाजिक क्रियाकलापमा प्रस्तुत अभिव्यक्ति यसरी आएको छ- "संसारमा सबैभन्दा दुःख आफ्ना बन्धुहरूदेखि तिरस्कृत हुनुहुन्छ, त्यो भन्दा पनि बढी दुःख आफ्ना प्रेमीहरूबाट तिरस्कार पाउनु छ" (६१) । यस उद्धृतांशमा मानिसलाई सबैभन्दा दुःख आफ्ना बन्धुबान्धवको तिरस्कार र प्रेमीबाट बहिर्गमन हुँदा हुने सन्दर्भलाई देखाइएको छ । उपन्यासमा देवदासबाट अपमानित भएकी गीताको दुःखदायी जीवनशैलीका कारण सानो रोगबाट बिरामी भएर कसैलाई नभनी मृत्युवरण गर्न खोजेको सन्दर्भ आएको छ । यसले प्रजातिगत मानसिकतालाई दर्साएको देखिन्छ ।

*जेली* उपन्यासमा लुठेका साथीप्रति समाजका मानिसमा घृणा र तिरस्कारको भावना उत्पन्न हुनु, कमजोर मानिसलाई गर्ने व्यवहार असह्य प्रकृतिको हुनु, सामान्य परिवारको मानिस भएकाले थापाथलीको घाटमा बसेर गुजारा चलाउँदा समाजबाट तिरस्कृत हुनु, प्रहरीको दमन खेप्नुजस्ता सन्दर्भहरू आएका छन् । उपन्यासमा जुवा खेलाउने साहुको घरमा पुगेर जुवा खेल्ने अनि सबैलाई लुटेर भाग्ने योजनामा लुठेका कतिपय साथी झ्यालखानामा परेको र बाहिर रहेकाले पेसा चलाएको देखिन्छ । उपन्यासमा छोरो नजन्मेको निहुँमा सालीलाई घरमा ल्याउन पाए दोहोरो काम हुने भएकाले मानराजले अन्यत्र विवाह हुन नसकोस् भनेर सालीसँग जेलीपत्र गरेको छ । उपन्यासमा छोरो नभएका मानिसले दुई-तीनओटी श्रीमती जम्मा गर्ने अनि जसरी भए पनि छोरो जन्माउने धार्मिक र सामाजिक मान्यता तथा छोरीको विवाह उमेर ढल्केपछि गर्ने मानसिकता प्रकट भएको छ । उपन्यासमा प्रयुक्त पात्रका हरेक क्रियाकलाप र व्यवहारगत तथ्यमा प्रजातिगत मानसिकता झल्किएका छन् । यसर्थ प्रजातिगत मानसिकताका दृष्टिले प्रस्तुत उपन्यास प्रभावकारी देखिन्छ ।

### २.४.८ *रामछायाँ* उपन्यासमा प्रजातिगत मानसिकता

मोहनबहादुर मल्लको *रामछायाँ* (२०६२) उपन्यासमा राजकुमार, रामे, द्वारे, राउटे र कुसुण्डाका मुखिया, मुखिनी, रती, लटीजस्ता पात्रका आन्तरिक मनोभावगत सामूहिक सोच र भावना प्रजातिगत मानसिकताका रूपमा प्रकट भएका छन् । यस उपन्यासमा सिञ्जा राज्यको सौर्यशक्ति, राज्यव्यवस्था सञ्चालनका प्रक्रिया, राजकुमारको वीरता र आत्मीय प्रेम, राउटे र कुसुण्डा जीवनशैली, सामाजिक, सांस्कृतिकजस्ता पक्ष पात्रका आन्तरिक मनोभावगत सामूहिक मानसिकताका रूपमा देखाइएको छ । उपन्यासमा सामान्य मानिसका साथै राजपरम्पराका मानिसको जीवनशैली पनि प्रस्तुत गरिएको छ । सिञ्जाली युवराज सङ्ग्राम मल्लले उपन्यासमा आएका रती र लटीलाई राजपरम्पराअनुरूप उपहार उपलब्ध गराएका छन् । उपन्यासमा सिञ्जाली राजकुमार युवराजले रती र लटीलाई पोसाक उपहार दिँदा रतीले लटीसँग गरेको अभिव्यक्ति यसरी प्रकट भएको पाइन्छ- "सुन् लटी, तैंले पोशाक भनेको के हो ? भनेर भनेकी थिइस्, लाउने लुगालाई पोशाक भन्दछन्, ... अब म गादो पार्दिनँ, घलेक र गुन्यू चाहिन्छ, तैंले घरबुना ठानेकी होलिस् नेपाले कपडा, मसिनो केराको पातजस्तो, कोइली, रानीचरीका भालेपोथी, न्याउली, सुगा, धनेसका रंगजस्ता गरेका लुगा" (२८) । यस उद्धृतांशमा सिञ्जाली राजकुमार युवराजले रती र लटीलाई पोषाक उपहार दिँदा उनीहरू

खुशी बनेको देखाइएको छ । उपन्यासमा आएका यस्ता पात्रगत क्रियाकलापमा प्रजातिगत मानसिकता झल्किएको देखिन्छ ।

*रामछायाँ* उपन्यासमा आएका मानुष, राउटे र कुसुण्डा प्रजातिका मानिसले जङ्गलमा बिताएको जीवनशैलीमा प्रजातिगत मानसिकता पाइन्छ । उपन्यासमा राउटे र कुसुण्डा प्रजातिका मानिसको गास, बास र कपासको व्यवस्था नभएको सन्दर्भलाई यसरी "बोकेर दुबैथरिका मान्छे आइपुग्छन् आ-आफ्नो वासस्थानमा" (४४) देखाइएको छ । यस उद्धृतांशमा जङ्गलमा बस्ने राउटे र ओडारमा बस्ने कुसुण्डा प्रजातिका मानिसको गास, बास र कपासको स्थायी व्यवस्था नभएको स्थिति प्रकट भएको छ । उपन्यासमा प्रयुक्त मानुष, राउटे र कुसुण्डा प्रजातिका मानिसले जङ्गलमा बिताएको जीवनशैलीमा प्रजातिगत मानसिकता प्रकट गरेको देखिन्छ । उपन्यासमा जङ्गलमा बस्न रूचाउने राउटे र कुसुण्डा प्रजातिको भन्दा ओढारमा बस्ने मानुष प्रजातिको जीवनशैली दयनीय हुनुमा प्रजातिगत मानसिकता देखिन्छ । उपन्यासमा प्रयुक्त मानुष प्रजातिका पात्र ओढारमा बस्न रूचाउने र जङ्गलमा प्राप्त हुने सामानको मात्र प्रयोग गर्ने परम्परागत मानसिकता रहेको पाइन्छ । प्रस्तुत उपन्यासमा आएका मानुष प्रजातिका पात्रमा आफ्नो प्रजातिबाहेक अन्यसँग घुलमिल पनि हुन नचाहने मानसिकता रहेको पाइन्छ ।

*रामछायाँ* उपन्यासमा सिन्जाली राजकुमारमा रहेको वीरता, रती र लटीप्रतिको प्रेमको नवीनतम स्वरूप, राउटे, कुसुण्डा, मानुषजस्ता पात्रका जीवनशैलीमा सामूहिक मानसिकता रहेको देखिन्छ । उपन्यासमा प्रयुक्त पात्रका उल्लिखित जीवनशैलीगत क्रियाकलापमा प्रजातिगत मानसिकता आएका छन् । यसर्थ प्रजातिगत मानसिकताका दृष्टिले प्रस्तुत उपन्यास उपयुक्त देखिन्छ ।

मोहनबहादुर मल्लका माथि विश्लेष्य उपन्यासमा प्रजातिगत मानसिकता सशक्त रूपमा आएका छन् । उनका समग्र उपन्यासमा प्रयुक्त पात्रमा आन्तरिक मनोभावगत सामूहिक भावना देखिन्छ । उपन्यासमा आएका पात्रले ऐतिहासिक पुस्तान्तरण र विकासलाई झल्काएका छन् । मल्लका उपन्यासमा प्रयुक्त पात्रले आफ्नो जीवनमूल्य र मान्यतालाई प्रकट गरेका छन् । उनका उपन्यासमा पात्रका पारिवारिक सम्बन्ध, सामुदायिक एकता, वर्गीय स्वरूप र सामाजिक भूमिका रहेको देखिन्छ । उपन्यासमा आएका प्रजातिगत पात्रका क्रियाकलाप र भूमिकामा सामाजिक सम्बन्ध र संरचनाले प्रभाव पारेको पाइन्छ । मल्लका

उपन्यासमा प्रयुक्त प्रजातिगत पात्रका प्रतिक्रियाले उनीहरूको स्वभाव र मानसिकता बुझ्न सहयोग पुगेको छ । उनका उपन्यासमा आएका पात्रका जीवनशैली, मान्यता, जीवनमूल्यजस्ता पक्षको चित्रणमा प्रजातिगत मानसिकता प्रकट भएका छन् । यसर्थ प्रजातिगत मानसिकताका दृष्टिले मल्लका समग्र उपन्यास महत्त्वपूर्ण देखिन्छन् ।

## २.५ निष्कर्ष

मोहनबहादुर मल्लका समग्र उपन्यास प्रजातिगत वैशिष्ट्यका दृष्टिले सशक्त रहेका छन् । उनका उपन्यासमा प्रयुक्त प्रजातिगत पात्रमा जैविक, शारीरिक र आनुवंशिकजस्ता बाह्य रूपाकृतिगत सामूहिक विशेषता आएका छन् । उपन्यासमा प्रयुक्त पात्रले ऐतिहासिक अनुवांशिकता र पुस्तान्तरणलाई प्रकट गरेका छन् । यसले उपन्यासमा ऐतिहासिक पुस्तान्तरण र विकासलाई झल्काएका छन् । उपन्यासमा पात्रका स्वभाव र मानसिकता सशक्त रूपमा प्रस्तुत भएको देखिन्छ । मल्लका उपन्यासमा पात्रका विचार, भावना र मानसिक विशेषता प्रकट भएको पाइनछ । उनका सामाजिक तथा ऐतिहासिक यथार्थमा आधारित उपन्यासमा सुदुर ग्रामीण, ग्रामीण र सहरिया समाजका प्रजातिगत पात्रको पहिचान प्रस्तुत भएको छ । उनका उपन्यासमा केही थर खुलेका केही थर नखुलेका सशक्त रूपमा तथा अनार्य प्रजातिका पात्रको प्रयोग गरिएको छ । मल्लका उपन्यासमा पात्रगत वंशज पहिचानका साथै नायक नायिकालाई आर्य प्रजातिका रूपमा चिनाइएको पाइन्छ । उनका उपन्यासमा हिमाल, तराई, पहाड र आसपासको मानव समाजबाट लिइएका पात्रका क्रियाकलापमा प्रजातिगत पहिचान प्रकट भएको छ । उनका उपन्यासमा समाजमा गतिमान् बन्न नसकेका मानिसका विविध प्रजातिमा सचेतना जागृत गरिएको छ ।

मल्लका माथि विश्लेष्य उपन्यास प्रजातिगत मानसिकताका दृष्टिले सशक्त छन् । उनका उपन्यासमा प्रयुक्त प्रजातिगत पात्रका ऐतिहासिक अनुवांशिक मानसिकता पुस्तान्तरण भएका छन् । उपन्यासमा आएका प्रजातिगत पात्रले ऐतिहासिक पुस्तान्तरण र विकासलाई प्रस्तुत गरेको पाइन्छ । मल्लका उपन्यासमा प्रयुक्त प्रजातिगत पात्रले आफ्नो मान्यता र जीवनमूल्य प्रकट गरेका छन् । उनका उपन्यासमा आएका पात्रको पारिवारिक सम्बन्ध, सामुदायिक एकता, वर्गीय स्वरूप र सामाजिक भूमिका प्रस्तुत भएको पाइन्छ । मल्लका उपन्यासमा आएका सामाजिक सम्बन्ध र संरचनाले प्रयुक्त पात्रको क्रियाकलाप र भूमिकामा प्रभाव पारेको देखिन्छ । यसबाट प्रजातिगत पात्रको स्वभाव र मानसिकता सजिलै

पहिचान गर्न सहयोग पुगेको छ । उपन्यासमा विचार, भावना र मानसिक विशेषता प्रकट भएको पाइन्छ । उपन्यासमा प्रजातिगत पात्रका विशेषता, जीवनशैली, सोच र मूल्य प्रस्तुत भएको देखिन्छ । उनका उपन्यासमा राणाकालीन समाजका मानिसमा व्याप्त अन्याय, अत्याचार, शोषण र दमनले कष्टकर बनेको जीवनपद्धति सुधारमा समतामूलक चिन्तनगत मानसिकता आएका छन् । उपन्यासमा समाजमा रहने आपसी सम्बन्ध र आन्तरिक रूपमा रहने प्रजातिगत सम्बन्धमा समता रहेको छ । उनका उपन्यासमा प्रयुक्त पात्रीय जीवनमा महिला पात्रलाई विशेष प्राथमिकता दिइएको छ । मल्लका उपन्यासमा समाजले अपहेलित मानिएका विधवा महिला र समाजले अछुत मानेको जनजीवनलाई चित्रण गरिएको छ । उनका उपन्यासमा समाजका फटाहाका अन्यायपूर्ण क्रियाकलाप र व्यवहारका कारण समाजका सोझा अनि विपन्न मानिसले पाएका दुःख र वेदनाप्रति सहानुभूति प्रस्तुत गरिएको छ । मल्लका उपन्यासमा प्रयुक्त विषयवस्तु, अभिव्यक्ति, पोसाक र पात्रीय चिन्तनका सन्दर्भले प्रजातिगत पहिचान प्रस्तुत गरेका छन् । उपन्यासमा मानवसमाजका आर्थिक विभेद र राज्य तहबाट बनेका विभेदकारी विधान तथा त्यसले मानवजातिमा पारेको प्रभावलाई देखाइएको छ । उनका उपन्यासमा यस्ता विभेदकारी विषयबाट निर्माण हुन गएका चिन्तन र व्यवहारमा प्रजातिगत मानसिकता आएको पाइन्छ । मल्लका उपन्यासमा प्रयोग भएका पात्रले नेपाली समाजअनुरूपको प्रजातिगत प्रतिनिधित्व गरेका छन् ।

मल्लका माथि विश्लेष्य उपन्यासमा सामाजिक, राजनीतिक तथा ऐतिहासिक पक्षका विषयवस्तु त्यस समयको समाजबाट ग्रहण गर्नु तथा त्यसलाई बहन गर्न सक्ने वस्तुअनुरूपका प्रजातिगत पात्रको अङ्कन गरिएको पाइन्छ । उनका सामाजिक, राजनीतिक तथा ऐतिहासिक यथार्थका विषयवस्तुमा आधारित राणा, पञ्चायत तथा प्रजातन्त्र कालखण्ड विशेषका प्रजातिगत सान्दर्भिक पात्रको अङ्कनले समग्र उपन्यासहरू वैचारिक अभिलेख बन्न सफल रहेका छन् । प्रजातिगत वैशिष्ट्य र मानसिकताका आधारमा गरिएको विश्लेषणलाई एक ठाउँमा राखेर हेर्दा मल्लका सामाजिक तथा ऐतिहासिक यथार्थमा आधारित उपन्यासमा त्यस समयको समाजमा विद्यमान रहेका मानिसका प्रजातिगत अवस्थाको पर्याप्त प्रयोग भएको पाइन्छ । मल्लका ऐतिहासिक यथार्थमा आधारित उपन्यासका तुलनामा सामाजिक यथार्थमा आधारित उपन्यास प्रजातिका दृष्टिले बढी प्रभावकारी देखिन्छन् । यसर्थ प्रजातिगत वैशिष्ट्ग र मानसिकताका दृष्टिले मल्लका उपन्यास महत्त्वपूर्ण रहेका छन् ।

## तेस्रो परिच्छेद

# मोहनबहादुर मल्लका उपन्यासमा पर्यावरण

### ३.१. विषयप्रवेश

मोहनबहादुर मल्ल उपन्यासमा प्रकृति र यससँग सम्बद्ध प्राकृतिक अवस्थाले मानवजीवनमा ल्याएको परिवर्तनको चित्रण गरिएको छ । प्राकृतिक पर्यावरणमा भूगोल, हावापानी, माटो, उच्च हिमश्रृङ्खला, पहाडी भूभाग, समथर भूभागजस्ता पक्षहरू पर्दछन् । त्यस्तैगरी सामाजिक पर्यावरणअन्तर्गत सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक र राजनीतिक पक्षहरू पर्दछन् । यिनै पक्षहरूको संयोजन मल्लका उपन्यासमा गरिएको छ । प्राकृतिक अवस्थाले सामाजिक अवस्थामा समेत परिवर्तन ल्याएको मल्लका उपन्यासमा देखिन्छ । मानवसमुदायमा देखिने प्राकृतिक अवस्थाले मानसिकतामा त्यहीअनुसारको अवस्था सिर्जना हुने भएअनुसार मल्लका उपन्यासमा पनि समाज र प्रकृतिका बिच अनन्य सम्बन्ध रहेको देखाइएको छ । यिनै पक्षहरूमा केन्द्रित भई मल्लका उपन्यासको अध्ययन गरिएको छ । यसका लागि हिप्पोलाइट एडल्फ तेनको पर्यावरणगत मान्यतालाई आधार बनाइएको छ । प्रस्तुत शोधकार्यमा प्राकृतिक र सामाजिक पर्यावरणगत सूचकलाई आधार बनाएर मल्लका उपन्यासको विश्लेषण गरिएको छ ।

### ३.२ पर्यावरणको सैद्धान्तिक परिचय

साहित्यको समाजशास्त्रीय अध्ययनमा हिप्पोलाइट एडल्फ तेनको पर्यावरणसम्बन्धी सैद्धान्तिक मान्यता महत्त्वपूर्ण रहेको छ । उनले *द हिस्ट्री अफ इङ्लिस लिटरेचर* कृतिको भूमिकामा पर्यावरणसम्बन्धी सैद्धान्तिक मान्यता प्रस्तुत गरेका छन् । उनले कृति विश्लेषणका सन्दर्भमा पर्यावरणलाई महत्त्वपूर्ण स्थान दिएका छन् । पर्यावरणलाई सम्बोधन गर्न तेनले 'मिल्यु' शब्दको प्रयोग गरेका छन् । उनको कृतिलाई अङ्ग्रेजी भाषामा अनुवाद गर्ने क्रममा 'मिल्यु' तथा 'इन्भाइरोमेन्ट' का रूपमा पनि लिइएको पाइन्छ । यसलाई नेपाली समानार्थी पर्यावरण शब्दबाट सम्बोधन गर्नु उचित हुन्छ ।

साहित्यिक कृतिअध्ययनमा पर्यावरणको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । साहित्यकारले जन्मेदेखि नै आफ्ना वरपरको पर्यावरणबाट प्रभाव ग्रहण गर्दछ । तिनै प्रभाव क्रियाशील

भएर साहित्यिक कृति सिर्जना हुन्छ । आर्यन प्रजातिका मानिसहरूजस्तै गरी अन्य प्रजातिका मानिसहरू पनि एक स्थानबाट अर्को स्थानमा बसाइ सर्दै जाने र यसका कारणले मानिसमा विद्यमान बौद्धिकता, सामाजिक, आर्थिक, राजनीतिक, नैतिक रूपमा परिवर्तन आउने तथा नयाँ स्थानको पर्यावरणगत प्रभावले प्रजातिमा परिवर्तन आउने कुरा व्यक्त गरेका छन् (तेन ९) । तेनले संसारमा मान्छे एकल छैन । उसलाई प्रकृति र समाजले चारैतिरबाट घेरेको हुन्छ । मान्छेलाई प्राकृतिक र सामाजिक पर्यावरणले चरित्र निर्माणमा प्रभाव पार्दछ । मान्छे आफ्नो वरिपरिको प्रकृति र सामाजिक पर्यावरणमा घुलन हुँदा पर्यावरणअनुसार कोही खन्चुवा, पिअक्कड, ह्रिंसक र लडाकु हुन्छ भने अनुकूल वातावरणमा रहेको मान्छे सामुन्द्रिक यात्रा, वाणिज्यमा लालयित, सामाजिक संस्थामा आबद्ध, भावनात्मक मृदुभाषी, मनोरञ्जनमा निपूर्ण, वैज्ञानिक चमत्कार र कलासाहित्यको प्रवर्द्धनमा संलग्न हुन्छ । तेनले प्रजातिको चरित्रगत विशेषता जलवायु, माटो, इतिहासका महान् घटनाको उपज मानेका छन् (मैनेजर पाण्डेय १२४-१२५) । प्राकृतिक पर्यावरणअन्तर्गत सामाजिक पर्यावरण पनि सँगै घुलित भएर आएका हुन्छन् । मान्छेका प्रजातिमा राज्यको नीति, सामाजिक संरचनाजस्ता कुराले प्रभाव पार्दछ । यस्ता प्रक्रिया निरन्तर रूपमा पुस्तापुस्तासम्म चल्दै जाने कुरा हुन् (तेन ११-१२) । पर्यावरणले कृतिमा सही मापन र टङ्कन गर्न सकेमा हिजो, आज र भोलिको मानव सभ्यताको उद्घोष गर्न सक्नुका साथै सम्भावित सभ्यताको गति निर्धारण गर्न सकिन्छ (तेन १४) । तेनले प्रत्येक प्रजातिमा सामान्य विचार भएजस्तै गरी ऊ केकस्तो पर्यावरणमा हुर्केको छ त्यस्तै किसिमको मानसिकता उसमा निर्माण भएको हुन्छ (तेन १६) । यसबाट प्रजातिको वरपर रहेको पर्यावरणले उसको मानसिकता निर्माण हुने कुरा स्पष्ट हुन्छ ।

प्रजातिगत विशेषताको निर्माणमा भौतिक सामाजिक परिस्थिति र घटनाले प्रभाव पारेको हुन्छ । प्राकृतिक पर्यावरणका बिचमा कार्यकारण सम्बन्ध रहेको हुन्छ । प्राकृतिक विशेषताबाट नै मान्छेको स्वभाव निर्माण हुन्छ र त्यसैबाट संस्कृति, कला तथा साहित्य जन्मन्छ भन्ने तेनको विचार रहेको देखिन्छ । उनले कार्यकारण सम्बन्धलाई स्थापित गर्न प्राणी विज्ञान र जीव विज्ञानको मद्दत लिएका छन् । मानवीय समाज र वनस्पतिका बिचमा समानता हुन्छ । एउटै माटो, गर्मी र तापमानबाट वनस्पतिको उत्पत्ति हुन्छ । यसको विकासमा एउटै क्रम, व्यवस्था र पूर्वापर सम्बन्ध रहेको हुन्छ । तेनले प्राकृतिक पर्यावरण र साहित्यिक विशेषताका बिचमा कार्यकारण सम्बन्ध हुने कुरा बताएका छन् । पर्यावरणअन्तर्गत प्राकृतिक र सामाजिक पर्यावरण पर्दछ । पर्यावरणले प्रजातिको

मनोवैज्ञानिक पक्षमा पनि प्रभाव पारेको हुन्छ (मैनेजर पाण्डेय १२५) । तेनले राष्ट्रिय प्रतिभा र समकालीन पर्यावरणको योगबाट नयाँ चिन्तन र सिर्जनाको प्रादुर्भाव हुन्ने कुरा बताएका छन् (मैनेजर पाण्डेय १२६) । तेन प्रकृतिविज्ञान र मनोविज्ञानको प्रणालीमा जोडिन पुगेका देखिन्छन् । कुनै पनि प्राणीको खोलको अध्ययनले त्यस जीवलाई सङ्केत गरेको हुन्छ । त्यसैगरी प्राचीन ग्रन्थहरूको अध्ययनले मान्छेको पहिचान गर्न सकिने कुरा तेनले औँल्याएका छन् । उनले महान् रचनाको सिर्जनामा कलाकारको आत्मा, प्रतिभा र मानसिकताको निर्णायक भूमिका रहने कुरा बताएका छन् । साहित्यकार बाँचेको समाजको प्राकृतिक तथा सामाजिक प्रभाव साहित्यमा पनि पर्दछ । तेनले वातावरणीय अध्ययनबाट कृतिको पहिचान गर्न सकिने दृष्टिकोणलाई औँल्याएका छन् । वायुमण्डल, माटो, वनस्पति, जीवनजगत्को समग्र प्रभावबाट सामाजिक चिन्तन, रहनसहनको निर्धारणमा प्रभाव पर्दछ (फ्रोलोभ ४५८) । उनले परिवेशलाई विश्वजगत्को मूल स्वरूप मानेका छन् । यसै सन्दर्भमा भौतिक परिवेशीय जगत्का तत्त्वहरू नै मानसिक रूपको जननी हो (राधाकृष्णन २२७) । साहित्यले पनि विश्वजगत्लाई नै बोकेको हुन्छ । जगत्का विविधतालाई स्रष्टाको चिन्तन र अनुभूतिमार्फत् साहित्यमा प्रकट हुँदा परिवेशकै प्रस्तुति साहित्यमा भएको हुन्छ । तेनले साहित्यको ज्ञानात्मक मूल्यमा जोड दिएका छन् । उनले साहित्यमा समाज प्रतिबिम्बित हुने कुरा बताएका छन् । उनले साहित्यलाई सामाजिक दस्तावेजका साथै समाजको दर्पणका रूपमा लिएका छन् (मैनजर पाण्डेय १२७-१२८) । तेनले स्तरीय रचनाको समुचित व्याख्याबाट समाजको राम्रो ज्ञान हासिल गर्न सकिने विचार अघि सारेका छन् । उनले एउटा महान् कविता र उपन्यासको समुचित अध्ययनबाट इतिहासबाट भन्दा पनि धेरै मात्रामा समाजको बारेमा जानकारी लिन सकिने कुरा बताएका छन् ।

साहित्यकारमा जन्मजात तत्त्वका साथ वातावरणीय तत्त्वको पनि सङ्लग्नता रहेको हुन्छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय वातावरणले मानिसलाई प्रभाव पारी चेतना, ज्ञान र विचारको स्तर निर्धारण गर्न कारक भूमिका खेल्दछ । परिवेशले मानवसंस्कृतिको अनेक सम्भावनालाई अगाडि सार्दछ (जोनसन १००-१०२) । यसै सन्दर्भमा वातावरणीय प्रतिविम्बका कारण साहित्य र परिवेशका बिचमा पारस्परिक सम्बन्ध रहेको हुन्छ (स्विङगउड २३) । भौगोलिक र मानसिक परिवेशको अन्तरले साहित्यको स्वरूपमा पनि परिवर्तन ल्याउँछ । साहित्यकारको लेखनमा प्राकृतिक अनि युगीन परिवेशको प्रभाव पर्दछ । प्रकृतिले साहित्यकारमा पारेको प्रभावलाई साहित्य र परिवेशको समन्वयको रूपमा लिइन्छ (गोविन्दराज भट्टराई १९७) ।

आफू बाँचेको मात्र नभई जानेको युगीन परिवेशलाई पनि साहित्यमा समावेश गरिएको हुन्छ । मानिसलाई सामाजिक वातावरणले नै मनोवैज्ञानिक अनुभूतिको जग प्रदान गर्दछ । सामाजिक परिवेशको प्रतिक्रिया मानव मस्तिष्कमा हरेक क्षण रहन्छ (रत्नध्वज जोशी १) । आम मानवजगत् बाहिरी जगत्को प्रभाव र पूरकतामा नै निर्धारित हुन्छ । यसलाई परिस्थिति र मनस्थितिको परिपूरक सम्पर्क अनि सम्बन्धको रूपमा हेर्नु सान्दर्भिक हुन्छ । मानव शरीर र मनको बोधका निम्ति भूत, वर्तमान भौतिक परिवेशीय संस्कृति र सामाजिकताको मिश्रणलाई हेर्नुपर्दछ (शुक्ल २१) । यसबाट मनको निर्धारण समग्रताबाट हुने र त्यसको प्रभाव साहित्यमा पर्ने स्पष्ट हुन्छ । यस सन्दर्भमा कहिले अनुकूल, कहिले प्रतिकूल वातावरणमा मानिसले जीवन भोग्दछ; साहित्यकार पनि त्यसकै एक सदस्य भएकाले सो प्रभाव र प्रेरणाबाट साहित्य जन्मन्छ । साहित्य व्यक्तिगत रचना रहे पनि कृतिकारको सामाजिक प्रभावका साथै परिवेश आएको हुन्छ (बच्चन सिंह ७) । यसको प्रभाव प्राणी र वनस्पतिमा पर्ने कुरा स्पष्ट हुन्छ ।

साहित्यिक कृतिमा साहित्यकार बाँचेको पर्यावरणको प्रभाव परेको हुन्छ । समाज वरिपरिका प्रकृति, जमीन, नदी, पहाड र मौसमलाई वातावरण मानिन्छ । यस्तोखाले वातावरणमा जन्म, मृत्यु, आचारविचार, रीतिरिवाज, संस्था, परम्पराजस्ता कुराले प्रभाव पार्दछ । भौतिक, जैविक, सामाजिक र उच्च सामाजिक गरी वातावरण चार प्रकारका हुन्छन् (दोषी १६२) । जनसङ्ख्या बृद्धिका साथै प्राकृतिक वातावरणगत प्रर्बद्धन कार्य पनि पर्यावरण नै प्रमुख अंश मानिन्छ । मान्छेले नै प्रमुख रूपमा वातावरणको विभिन्न स्वरूपमा प्रभाव पारेको हुन्छ (अरविन्द गुप्ता २२२) । पर्यावरणका सबै घटना घटाउने काममा मनुष्यजगत्ले प्रभाव पारेको हुन्छ । प्रकृतिका क्रियाकलापबाट घटनामा सन्तुलन ल्याउने काम पर्यावरणले नै गर्दछ । पर्यावरण विज्ञानको जीव विज्ञानसँग घनिष्ठ सम्बन्ध रहेको हुन्छ । पर्यावरणमा जीवनजगत्द्वारा पनि परिवर्तन आउन सक्छ । पर्यावरणसम्बन्धी परिवर्तन जीवनजगत्का लागि अनुकूल मानिन्छ (अरविन्द गुप्ता २४१) । त्यसै अनुकूलको वातावरणमा प्राणीहरू बाँच्न ग्राह्य हुन्छन् तर प्रतिकूल भएमा प्राणीहरू बाँच्नको लागि ग्राह्य हुँदैनन् । वातवरणका कारण वंशाणुगत गुणको विकासमा पनि सहयोग पुग्दछ । मानवको व्यक्तिगत विकासमा वंशाणुगत गुण र वातावरणीय अनुभव आधारजन्य वस्तुमा निर्भर हुन्छ (राव १६३) । सामाजिक इतिहासले विभिन्न तत्त्वको निर्माण गर्दछ र पर्यावरणका विशेषताले धेरै समूहका व्यक्तिको वंशानुलाई पनि प्रभाव पार्दछ (स्पेन्सर ६३) ।

यसमा सामाजिक इतिहासले प्रभाव पारेको हुन्छ । जुन प्राणी बाँच्नका लागि यस पृथ्वीमा सङ्घर्ष गर्न सक्षम हुन्छ त्यो प्राणीको अस्तित्व रहन्छ र बाँच्नको लागि सङ्घर्ष गर्न नसक्ने प्राणी यस पृथ्वीबाट लोप भएर जान्छ (स्पेन्सर ६४) । वातावरण बाहिरी, भित्री, भौतिक, सामाजिक, सांस्कृतिक, प्राकृतिक र भौगोलिक धेरै प्रकारका वस्तु मिलेर बनेको हुन्छ (राव १६४) । वंशाणुक्रमको सिद्धान्तअनुसार मानवीय जीवन जसरी चलेको हुन्छ त्यसका सन्ततिमा पनि वातावरणले त्यहीअनुसार प्रभाव पार्दछ (माथुर ४७) । यसले मानव व्यक्तित्व निर्माणमा योगदान पुऱ्याउँछ र त्यस्तो वस्तुका रूपमा वातावरणलाई लिइन्छ । राम्रो वंशाणुक्रम र वातावरणमा जन्मिएको सन्तान दुषित वातावरणमा पऱ्यो भने बिग्रन्छ ।

समाजको विकासक्रमलाई समाजप्रतिको दायित्व र प्राकृतिक वातावरणले प्रभाव पार्दछ । मानवनिर्माणको लागि वंशाणुगत गुण र वातावरण दुबैको योग हुनुपर्दछ । कुनै प्रकारको बालकको विकास तथा उसले सिक्ने कुरामा पनि वंशाणुगत गुण तथा वातावरणले योगदान पुऱ्याउँछ । साहित्यमा व्यक्त भएको पर्यावरणले समाजसँग प्रत्यक्ष सम्बन्ध राखेको हुन्छ ।

### ३.२.१ प्राकृतिक पर्यावरण

साहित्यिक कृतिअध्ययनमा प्राकृतिक पर्यावरणको महत्त्पूर्ण स्थान रहेको हुन्छ । प्राकृतिक पर्यावरणले व्यक्तिको आन्तरिक तथा बाह्य वातावरणमा प्रभाव पार्दछ । तेनले प्रजातिगत विकासमा समेत प्रभाव पार्ने भूगोल र जलवायुलाई प्रकृति र प्राकृतिक पर्यावरणअन्तर्गत चर्चा गरेका छन् । कुनै पनि कृतिमा कथानक अनुरूपको प्रकृति र प्राकृतिक परिवेश आएको हुन्छ । प्रकृति वा प्राकृतिक परिवेशले पनि कृतिको पर्यावरण निर्धारण गर्दछ । मानवसभ्यता निर्माणमा प्रजातिको चर्चा गर्ने सन्दर्भमा प्रजातिगत गुणहरूलाई पर्यावरणअन्तर्गतका प्राकृतिक नियमहरू मान्दै जसले मानवको आनिबानी, व्यवहार र शारीरिक संरचना निर्माणमा भूमिका निर्वाह गरेको हुन्छ (तेन १०) । कुनै उचाइबाट झरना झरेर उचाइअनुसार धारहरू गहिराइमा पुगेजस्तै पर्यावरणका लप्काहरू पनि मानव सभ्यतामा निरन्तर रूपमा आइरहन्छन् (तेन १४-१५) । मानवसभ्यताका दुई स्तम्भ परिवार र राज्य एकअर्कामा परिपूरक हुने र दुबै सङ्गठन प्रमुखको आज्ञाकारिताको मातहतमा उभिने तथा परिवार प्राकृतिक राज्य र राज्य कृत्रिम परिवारका रुपमा आएका

हुन्छन् (तेन १५) । यसबाट मानव सभ्यतामा परिवार र राज्य एकअर्कामा परिपूरक रहेको स्पष्ट हुन्छ । तेन जब प्राकृतिक परिवेश र साहित्यिक विशेषताका बिच कार्यकारण सम्बन्ध देख्छन तब त्यसलाई सरलीकरण गर्नुपर्ने धारणा व्यक्त गर्छन् (मैनेजर पाण्डेय १२५) । यसबाट साहित्यमा पर्यावरणको गहिरो सम्बन्ध रहने कुरा स्पष्ट हुन्छ ।

साहित्यिक कृतिमा प्रकृतिप्रदत्त पर्यावरणको प्रयोग भएको हुन्छ । यसै प्रसङ्गमा म्याडम डे स्तेलले साहित्यको स्वरूप र शैलीमाथि प्राकृतिक एवम् जातीय परिवेशको प्रभाव पर्ने विचार प्रकट गरेकी छन् । तेनले स्तेलका यिनै प्रयासबाट प्रभाव ग्रहण गरेर आफ्नो अध्ययन पद्धतिको विकास गरेका हुन् (मैनेजर पाण्डेय ११७-११९) । कुनै व्यक्तिलाई प्रभाव पार्ने वातावरणसम्बन्धी गुणहरू प्राकृतिक वा नैसर्गिक र अर्जित रूपमा आएका हुन्छन् (पेपर ४५२) । जन्मसिद्ध प्राकृतिक गुणहरू एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जान्छन् भने अर्जित रूपमा देखापर्ने गुणहरू पछि विकास भएर सर्जकबाट सिर्जना भएपछि मात्र देखा पर्दछन् । तेनको पर्यावरण समाजको भौगोलिक संरचना तथा हावापानीसँग सम्बन्धित छ । संसारमा मानिस एक्लै हुँदैन, उसका चारैतिर प्रकृति र समाज हुन्छ । उसका आदिम प्रवृत्ति तथा प्रजातिगत विशेषताहरू भौतिक सामाजिक परिस्थिति र घटनाहरूबाट प्रभावित हुन्छन् (मैनेजर पाण्डेय १२५) । उनी यूरोपका सन्दर्भमा भन्छन् उत्तर दुःखी छ भने दक्षिण सुखी छ । भौगोलिक संरचना तथा प्रकृति प्रतिकुल हुनाले उत्तरका साहित्यमा दुःख, पीडा, कष्ट, अभाव र भोकमरीको अभिव्यक्ति पाइन्छ भने भौगोलिक संरचना तथा प्रकृति अनुकूल हुनाले दक्षिणको साहित्यमा शान्ति, खुशी र उमङ्ग पाइन्छ । यसले साहित्यिक कृतिमा प्राकृतिक पर्यावरणको गहिरो प्रभाव रहने कुरा स्पष्ट हुन्छ ।

साहित्यकार बाँचेको समाजको प्राकृतिक पर्यावरणको प्रभाव साहित्यमा परेको हुन्छ । सिर्जनामा सर्जक बसोवास गरेको भूगोल उष्ण प्रदेश, समशीतोष्ण पहाडी प्रदेश, हिमाली प्रदेशको भू-भाग समावेश हुन्छ र समाजका चरित्रले त्यसैमा क्रियाव्यापार गरेका हुन्छन् । प्रजातिको विकासमा प्रभाव पार्ने भूगोल र जलवायु प्रकृति र प्राकृतिक पर्यावरणअन्तर्गत पर्दछन् । कुनै पनि कृतिको कथानक प्रकृति र प्राकृतिक पर्यावरणबाट निर्धारण भएको हुन्छ । सिर्जनामा प्रयोग भएको प्रकृतिको खोजी गर्नु आवश्यक हुन्छ ।

### ३.२.२ सामाजिक पर्यावरण

साहित्यिक कृतिअध्ययनमा सामाजिक पर्यावरणको महत्त्पूर्ण स्थान रहेको हुन्छ । सामाजिक पर्यावरणअन्तर्गत प्रजातिका रहनसहन, व्यवहार, कार्यशैली, जीवनपद्धति, संस्कार, संस्कृति, चालचलनगत प्रतिनिधित्व हुन्छ । यसअन्तर्गत सांस्कृतिक, आर्थिक, राजनीतिक, ऐतिहासिक पक्षहरू पर्दछन् । तेनले परिवेशलाई मानवीय चिन्तन, जीवनशैली, सामाजिक संरचना परिवर्तनको कारक मान्दै दर्शनलाई प्रकृतिको आधारभूत तत्त्व मानेका छन् । उनले परिवेशलाई दर्शनसित जोड्दै सारमा ग्रहण गर्ने र मानसिकतामा सूत्रबद्ध गर्ने कार्य मानेका छन् । कुनै समाजका धर्म तथा कलाको आधारभूत तह भनेको ती कार्यकारण शृङ्खलाहरू साहित्य वा कलामा आएझैं गरी विम्बप्रतीक र सूक्ष्मतामा अभिव्यक्त हुन्छन् (तेन १५) । मानव जीवनजगत्का विविधतालाई प्रतीकात्मक आयाममा उतार्नु कला साहित्यको कार्य हो र यसमा परिवेशको अभिव्यक्ति भएको हुन्छ । धर्म विश्वासमा आधारित हुने र यसले पर्यावरणलाई पुनर्निर्माणमा सघाएको हुन्छ (तेन १७) । साहित्यमा प्रवेश पाएको सामाजिकताले नै कृतिको श्रेष्ठता स्पष्ट हुने तेनको विचार देखिन्छ (मैनेजर पाण्डेय १२८) । यसबाट सामाजिकताले कृतिगत श्रेष्ठता स्थापित गर्ने कुरा स्पष्ट हुन्छ । समाजको विशिष्ट नैतिक अवस्थाले पर्यावरण निर्माणमा बल पुऱ्याउने तथा राष्ट्रीयता, पर्यावरण र मानवीय स्वभाव एकअर्काका पूरक हुन्छन् (तेन १८-१९) । कृतिमा वार्णित यस्ता पर्यावरणले कृतिको सामाजिक मूल्य स्थापित गर्दछ । कुनै समाजमा एउटा बच्चा जन्मिदा उसको बाल्यकालीन अवस्थादेखि बुढ्यौलीपनसम्म आइपुग्दा उसले देखेका, भोगेका र अनुभव गरेका एवम् साहित्यिक कृतिमार्फत थाहा पाएका सम्पूर्ण कुराहरूले उसलाई प्रभाव पार्दछ ।

सामाजिकले गर्दा विभिन्न प्रजातिहरूको जन्मदेखि मृत्युपर्यन्तसम्मका कुराहरू एवम् प्राचीन अवशेषजन्य वस्तुहरूबाट पनि कुनै समाजको व्यक्तिमा कुनै न कुनै रूपमा प्रभाव पार्दछ । मानिसका आदिम प्रवृत्ति तथा प्रजातिगत विशेषताहरू भौतिक सामाजिक परिस्थिति र घटनाहरूबाट प्रभावित हुन्छन् (मैनेजर पाण्डेय १२५) । यसैले गर्दा मनोवैज्ञानिक स्थिति नै सामाजिक स्थितिको कारण हन्छ भन्ने उनको अवधारणा देखिन्छ । जीवनजगत्मा सामाजिक चिन्तन र रहनसहनको निर्धारणमा प्रभाव पर्दछ (फ्रोलोभ ४५८) । उनले परिवेशलाई विश्वजगत्को मूल स्वरूप मानेका छन् । मान्छेको मानसिकता प्राकृतिक सामाजिक पर्यावरणले निर्धारण गर्दछ भन्दै भौतिक र सामाजिक परिस्थितिहरू मानसिकताले

नै निर्धारण गर्दछ (मैनेजर पाण्डेय १२६) । यसै सन्दर्भमा भौतिक परिवेशीय जगत्का तत्त्वहरू नै मानसिक रूपको जननी हो (राधाकृष्णन २२७) । साहित्यले पनि विश्वजगत्लाई नै बोकेको हुन्छ । जगत्का विविध स्रष्टाको चिन्तन र अनुभूतिमार्फत् साहित्यमा प्रकट हुँदा परिवेशकै प्रस्तुति साहित्यमा भएको हुन्छ । तेनले लेखकको चिन्तन, उसको आस्था, जीवनी र सामाजिक सन्दर्भलाई औल्याउँदै उसको रचनाकार व्यक्तित्व, लेखकीय सम्वेदनशीलता, विचारशक्ति र सामाजिक अन्तर्दृष्टिलाई पनि उच्च महत्त्व दिएका छन् (मैनेजर पाण्डेय १२७) । साहित्य समाजको दस्ताबेज बन्नुको कारण त्यसमा अन्तर्निहित सौन्दर्यता, कलात्मकता र ज्ञानबर्द्धक गुण नै हो भन्ने उनको विचार देखिन्छ । साहित्यमा नैतिक आचरणदेखि ज्ञान, विज्ञान र कलात्मक अभिव्यक्ति स्रष्टा रहेको सामाजिक परिवेशअनुरूप प्रस्तुत भएको हुन्छ । साहित्यकारले कृतिमा आफू रहेको समाजबाट भोगेको, ज्ञानबोध गरेको मानवमूल्य र अवस्थालाई कल्पना भरेर कृतिमा चित्रण गर्दछ । कृतिमा प्रयोग भएको सामाजिक अवस्थाको खोजी गर्नु आवश्यक हुन्छ ।

साहित्यको समाजशास्त्रीय अध्ययनमा प्राकृतिक र सामाजिक पर्यावरणलाई विश्लेषणको आधार बनाउनु आवश्यक छ । प्राकृतिक पर्यावरणले साहित्यमा दृश्य, ध्वनि र अनुभूति प्रदान गर्दछ । यसले मानवजीवनमा प्रत्यक्षपरोक्ष रूपमा प्रभाव पार्दछ । प्राकृतिक पर्यावरणअन्तर्गत भूगोल, जलवायु, वनस्पति र जीवजन्तु पर्दछन् । लेखकले प्राकृतिक परिप्रेक्ष्यलाई प्रभावकारी रूपमा प्रयोग गरेको हुन्छ । यसका आधारमा कृतिको मूल्याङ्कन गर्नु आवश्यक छ । सामाजिक पर्यावरणले मानव समाजका संरचना, संस्कृति र विचारधारालाई जनाउँछ । यसले लेखकको समय, स्थान र समाजका मुद्दालाई प्रकट गरेको हुन्छ । यसमा मानवका सोच, व्यवहार र सामाजिक सम्बन्ध समावेश हुन्छन् । सामाजिक पर्यावरणअन्तर्गत मानवनिर्मित संरचना र सम्बन्ध पर्दछन् र यसले व्यक्तिको सोच र व्यवहारमा प्रभाव पार्दछ । यसले साहित्यिक रचनामा व्यक्त गरिएका विचार र तिनको प्रभावलाई उजागर गर्दछ । सामाजिक पर्यावरणका आधारमा कृतिको मूल्याङ्कन गर्नु आवश्यक छ । कृतिमा वर्णित प्राकृतिक तथा सामाजिक पक्षको खोजी गर्नु सामाजशास्त्रीय अध्ययनमा अपरिहार्य हुन्छ । यसर्थ प्राकृतिक र सामाजिक पर्यावरणलाई उपन्यास विश्लेषणको ढाँचा बनाइएको छ ।

### ३.३ मल्लका उपन्यासमा प्राकृतिक पर्यावरण

मोहनबहादुर मल्लका *उजेली छायामा, मायारानी, पञ्चायत, समयको हुरी, भुमरी, बहादुर नजर, जेली* र *रामछायाँ* सामाजिक तथा ऐतिहासिक यथार्थमा आधारित उपन्यास हुन् । यी उपन्यासमा प्राकृतिक पर्यावरणअन्तर्गतका भूगोल, जलवायु, वनस्पति र जीवजन्तुको चित्रण गरिएको पाइन्छ । मल्लका उपन्यासमा स्थानगत दृश्य, ध्वनि र अनुभूतिको पनि संयोजन गरिएको छ । उनका उपन्यासमा भूगोल, जलवायु, वनस्पति र जीवजन्तुको महत्त्वपूर्ण प्रभाव रहेको देखिन्छ । मल्लका उपन्यासमा प्राकृतिक पर्यावरणको यथोचित प्रयोग गरी सामाजिक परिवर्तनको चेतना जागृत गर्न खोजिएको छ । उनका उपन्यासमा सामाजिक तथा ऐतिहासिक यथार्थको वर्णनमा समेत प्राकृतिक पर्यावरणको यथोचित प्रयोग गरिएको छ । उपन्यासमा प्राकृतिक परिप्रेक्ष्यको प्रभावलाई मूल्याङ्कन गर्नु आवश्यक हुन्छ । यसर्थ प्राकृतिक पर्यावरणका आधारमा मल्लका उपन्यासको विश्लेषण गरिएको छ ।

#### ३.३.१ *उजेली छायामा* उपन्यासमा प्राकृतिक पर्यावरण

मोहनबहादुर मल्लको *उजेली छायामा* (२००८) उपन्यासमा प्राकृतिक पर्यावरणको सजीव चित्रण गरिएको पाइन्छ । प्रस्तुत उपन्यासमा उजेलीले गाउँका भलादमीहरूको यातना भोग्न विवश भएको चित्रणमा प्राकृतिक पर्यावरण आएको छ । यस उपन्यासमा स्याङ्जा जिल्लाको आँधीखोलाको सेरोफेरोलाई प्राकृतिक पर्यावरणको रूपमा उपयोग गरिएको छ । यसमा आँधीखोलाको किनारमा अवस्थित भौगोलिक विशेषतागत चित्रणमा प्राकृतिक पर्यावरण देखिएको छ । प्रस्तुत उपन्यासमा गण्डकी प्रदेशका नुवाकोट र भिर्कोटका क्षेत्र, दायाँ र बायाँ किनारका विशेषता र आँधी खोलाको प्राकृतिक दृश्य प्रस्तुत गरिएको छ । यस उपन्यासमा नदीको किनारमा बसोबास गर्ने मानिसको जीवनशैली र परम्परालाई देखाइएको छ । उपन्यासमा वसन्तको मनोहर दिन र गृष्म ऋतुको वर्णनले मानिसमा पार्ने प्रभावगत सम्बन्धलाई प्रकट गरेको छ । उपन्यासमा उजेलीको चरित्रमा प्राकृतिक परिवेशको प्रभाव देखिन्छ । यसमा उजेली नदीकिनारमा उभिँदा मनमा शान्ति छाउनु प्रकृतिसँगको सामीप्यता हो । उपन्यासमा उजेली नदीकिनारमा उभिएर मनको पीडालाई पानीको वहावबाट शान्ति दिलाएको प्रसङ्गले मानिसको प्रकृतिसँगको सामीप्यता र प्रकृतिसँगको सम्बन्धलाई प्रकट गरेको छ । यसैगरी उपन्यासमा उजेली पहाडको सुन्दरतामा उभिदा उसको मानसिकतामा

थप आत्मिक शान्ति मिलेको देखाइनुमा प्राकृतिक पर्यावरण मानवीय जीवनको अभिन्न अङ्ग बनेको स्पष्ट हुन्छ ।

*उजेली छामा* उपन्यासमा प्रकृतिले मानवजीवनमा पार्ने प्रभाव प्रस्तुत भएको छ । यसै प्रसङ्गको प्राकृतिक चित्रण उपन्यासमा यसरी गरिएको छ- “गण्डकी प्रदेशको जिल्लाहरू मध्य नुवाकोट र भिर्कोटको धेरैजसो भाग बायाँ किनारमा र गरूँकोट र पैयूँकोटहरूको मुख्य भाग दायाँतर्फ विभक्त गरेर बगेको आँदी खोलो मोदिको किनारैदेखि उठ्दै-उठ्दै गएको कार्कीनेटाको अग्लो धुरीबाट उत्पन्न भएर आँदिघाट कृष्ण गण्डकीको जलमा मिसिन जान्छ” (१०) । यस उद्धृतांशमा गण्डकी प्रदेशअन्तर्गतका विविध रमणीय एवम् पवित्र स्थलको चित्रण गरिएको छ । उपन्यासमा आँधीखोलाको किनारमा बसोवास गर्ने मानिसको जीवनशैलीको चित्रण यसरी “यो पुस्तकमा वर्णन भएको जो मुख्य घटना भएको ठाउँ यसै खोलाको दायाँ किनार पश्चिम दिशामा पर्दछ” (११) गरिएको छ । यस उद्धृतांशमा स्याङ्जा जिल्लाअन्तर्गत पर्ने आँधिखोलाको किनार र त्यसका आसपासका स्थानको पर्यावरणगत चित्रण आएको छ । यसमा त्यहाँको प्रकृतिले त्यस समाजका मानिसकको जीवनशैलीमा पारेको प्रभावलाई देखाइएको छ । प्रस्तुत उपन्यासमा उजेली प्रकृति जस्तै शान्त स्वभावकी छ । उसको विवाहको विषयले निष्कपट सुवर्णध्वजलाई समाजका फटाहाले ज्यान कसुरमा जेल पुराएका छन् । उपन्यासमा मुद्दाको विषयमा गाउँमा सर्जमिन मुचुल्का हुँदा गाउँका मानिस अनाहकमा विभाजित हुँदै लाश देखेपछि सुवर्णध्वजको कसुर स्वीकार गरी बूढीऔंलाको छाप लगाएर तर साहिँलो मुखियाले मिसिलबाट नाम हटाउन आग्रह गर्नुमा प्राकृतिक पर्यावरण आएको छ । प्रस्तुत उपन्यासमा उजेलीको विवाहको सन्दर्भमा भएको झगडामा सुवर्णध्वजको अभिव्यक्ति यसरी प्रकट भएको छ- “प्रतेवादी लगाउने म्याद तीन दिन मात्र बाँकी रहेछ... प्रतेवादी दिंदा अर्काको हिल्ला लाईसकेको छु भन्ने बोली पारे टण्टो हराउँछ रे” (३६-३७) । यस उद्धृतांशमा उजेलीको विवाहको सन्दर्भले उत्पन्न गरेको खिचलो अन्त्यमा गएर ज्यान मुद्दामा रूपान्तरित हुन पुग्छ । अनाहकमा सुवर्णध्वजलाई ज्यान मुद्दा लगाउने काम पण्डितको इसारामा ल्वामेले गर्दछ । त्यसै सन्दर्भसँग जोडिएर प्रतिवादी लगाउने क्रममा सुवर्णध्वजलाई उसका आफन्तले दिएको सुझाव प्रस्तुत भएको छ । उपन्यासमा प्रकृतिले मानवीय क्रियाकलापमा गहिरो प्रभाव पारेको देखिन्छ ।

*उजेली छामा* उपन्यासका पात्रमा प्राकृतिक परिवेशको प्रभाव परेको पाइन्छ । यसमा नेपालको पश्चिम क्षेत्रका स्थानगत वर्णन यसरी गरिएको छ- "गण्डकी प्रदेशको समतल परेको फाँटमा पोखरापछि रामपुर चापकोटको नाउँ लिन योग्य छ, कारण जत्तिको फराकसँग बसेको, नदी नाला, तालतलैया, वन उपवनले पूर्ण पोखराको फाँट छ, त्यत्तिको रामपुर चापकोटको नभए तापनि रमणीय दृश्यमा कम्ती छैन" (४६) । यस उद्धृतांशमा पोखरा, रामपुरको चापाकोटको रमणीय अवस्थाको चित्रण आएको छ । उपन्यासमा छोरी माग्दा नदिएको विषयलाई लिएर अदालतको ढोकामा पुग्नुमा प्राकृतिक पर्यावरण आएको छ । पातलीको पक्ष लिएकै कारण साहिँलो मुखियालाई समाजले दोषी ठहर गर्ने षड्यन्त्र गरेको चित्रण उपन्यासमा यसरी प्रस्तुत भएको छ- "एक बिहान साहिली मुखेनी बासी मुख देखाउन बाहिर के निस्केकी थिइन् दैलेनेर रित्तो कसौंडीको दर्शन पाइन्" (७८) । यस उद्धृतांशमा त्यस समाजका स्वार्थी मानिसले सहजै आफ्नो स्वार्थपूर्ति गर्न नपाएपछि गाउँकका सोझा मानिसप्रति अनेक जालझेल गरी दुःख दिएको देखिन्छ । प्रस्तुत उपन्यासमा साहिँलो मुखियाको गाउँ रैमटेको घरदेखि पारिपट्टि रहेको जानकारी यसरी प्रकट "आँदीपारि रैमटेको घर यसको अगिल्लो दिन राती चोरि भएको थियो" (८०) भएको छ । यस उद्धृतांशमा मानिसका एकान्त वासस्थानमा बस्दा अनेक समस्या सिर्जना हुने भाव प्रकट भएको छ । यसमा प्राकृतिक प्रभावलाई संस्कृतिसँग जोडिएको छ । उपन्यासमा चोर पत्ता लगाउन धनु लगाई धनुले साहिँलो मुखियाको घरबाट कसौंडी निकाल्दा रैमटेले एक हजार रूपियाँ बिगो कसेर साहिँलो मुखियाका परिवारलाई चोरीमा अनि पातली र पण्डितलाई मतियारका रूपमा अदालतमा मुद्दा दायर गर्नुमा प्राकृतिक पर्यावरण आएको छ । प्रस्तुत उपन्यासमा त्यस समाजका मानिसका व्यवहारलाई यसरी व्यक्त "अर्काको छिद्र खोदली खोदली हिंड्ने ती गाउँलेहरूको बानी नै बस्यो" (९६) गरिएको छ । यस उद्धृतांशमा त्यस समाजका केही मानिस आफ्ना कमजोरीलाई पैतालामुनि लुकाएर अर्काका छिद्र खोतल्दै हिँड्ने प्रवृत्ति प्राकृतिक पर्यावरणसँग जोडिएर आएको देखिन्छ । उपन्यासमा बहिनीलाई सौताका रूपमा राख्न नचाहेकी पातलीले सुवर्णध्वजको मानसिक अवस्था बुझ्न नसक्दा पारिवारिक संरचना विघटन भएको र पातलीको मृत्युपछि उजेलीले आँधीखोलामा फाल हालेर आत्महत्या गर्न लाग्दा पानीको छालले फर्काएर मिलन गराएको छ । यसै प्रसङ्गसँग जोडिएको सन्दर्भ उपन्यासमा यसरी प्रकट भएको छ- "एकछिन पछि उनी त्यतै उभिएर हातखुट्टाले छामछुम गर्दै तल खोलातिर ओरालो लागिन्, उनको कहिले अगि र कहिले पछि पुच्छर हल्लाउँदै त्यो

घरको कुकुर लर्खराउन लाग्यो, आँदीखोलो वारकापार बनेर आफ्नो वृद्धिको गौरव अलापीरहेको थियो, उनी किनारमा पुगेर उसको जलतरङ्गबाट उठेको सप्तस्वरको राग सुन्न लागिन्" (१२९) । यस उद्धृतांशमा आँधिखोला र त्यस वरपरका आकर्षक स्थानहरूको वर्णन गरिएको छ । यसबाट सामाजिक गलत क्रियाकलापबाट वाक्क भएकी उजेलीलाई प्रकृतिले बचाएकको देखिन्छ । उपन्यासमा वर्णित यस्ता सन्दर्भमा प्राकृतिक पर्यावरण आएको पाइन्छ ।

*उजेली छामा* उपन्यासमा गण्डकी प्रदेशको स्थानगत विशेषता, जीवनशैली, परम्परा र सामाजिक सम्बन्धमा प्राकृतिक पर्यावरणले सौन्दर्य मात्र प्रदान नगरी मानवीय भावनालाई पनि समेटेको पाइन्छ । उपन्यासमा पातली बिरामी हुँदा धामी बसाउनु, रैमटेको घरबाट कसौंडी साहिँलो मुखियाको घरमा राखेर धनु लगाई मुखियालाई चोर स्थपित गर्नु, विरामी हुँदा झारफुक र जडिवुटीबाट औषधी गर्नुजस्ता तथ्यले प्राकृतिक पर्यावरणलाई देखाएको पाइन्छ । यसर्थ प्राकृतिक पर्यावरणका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

### ३.३.२ *मायारानी* उपन्यासमा प्राकृतिक पर्यावरण

मोहनबहादुर मल्लको *मायारानी* (२००९) उपन्यासमा काठमाडौं, पाल्पा, पोखरा, प्युठान, रिडी, हरिद्वार, गोरखपुरजस्ता स्थानगत चित्रणमा प्राकृतिक पर्यावरण आएको पाइन्छ । प्रस्तुत उपन्यासमा शरद ऋतुको वर्णनमा आकाश र धर्तीमा निर्मलता छाएको प्रसङ्ग आएको छ । प्रस्तुत उपन्यासमा निर्मल आकाश र निर्मल वायुको सुन्दरताका साथै पात्रको मनोभावनामा प्रभाव पारेको छ । यसको प्रभावले प्राणीको हृदयमा शान्ति र खुशीको अनुभव र भावनात्मक परिवेश सिर्जना गरेको छ । उपन्यासमा बगैँचाका बोट, झ्याङ, फूलका नीला, राता, पहेँला रङ्गको दृश्यात्मक सौन्दर्यले पात्रको अवस्थामा प्रभाव पारेको छ । यसले उपन्यासमा मायारानी र ललितको भावनात्मक सम्बन्धलाई प्रकट गरेको छ । कमलाको बगैँचाको बिचमा रहेको पोखरीले सौन्दर्य मात्र नदिई पात्रको मानसिक अवस्थामा पारेको प्रभावलाई प्रकट गरेको छ । उपन्यासमा मायारानीलाई बगैँचाको सुगन्ध र सौन्दर्यले आनन्दित तुल्याएको पाइन्छ । यसले उसलाई दीर्घकालीन रूपमा विचलित र सोचमग्न पनि बनाएको छ । बगैँचामा मायाको करूण कन्दनले प्राकृतिक सुगन्ध र शान्तिको सङ्केतका साथै दुःखको समर्थनको अनुभव गराउँछ । उपन्यासमा प्रकृति मात्र दृश्यको रूपमा नआई

पात्रको जीवन, मनोविज्ञान र संघर्ष पनि जोडिएको छ । उपन्यासमा बगैँचाका फूल र चित्ताकर्षकले पात्रको प्रेमको गहिराई र तीव्रतालाई प्रकट गरेको छ । उपन्यासमा वर्षाले पात्रको नयाँ जीवनको सुरूवात र पीडाको सङ्केत दुबै गरेको छ । उपन्यासमा प्राकृतिक दृश्य, सांस्कृतिक मूल्य र परम्परालाई प्रस्तुत गरिएको छ । उपन्यासमा पात्रको मनोविज्ञान र व्यक्तिगत विकासलाई प्रकृतिका माध्यमबाट प्रस्तुत गरिएको छ । उपन्यासमा ललितले लडाईंमा देखाएको बहादुरीलाई प्रकृतिमार्फत चित्रित गरिएको छ । उपन्यासमा प्रकृतिको असंवेदनशील प्रयोगले मानवजीवन कठिनाइमा पर्ने सङ्केत गरिएको छ ।

*मायारानी* उपन्यासमा काठमाडौँमा रहेको मायारानीको आवास परिसरको बगैँचाका साथै उखापोखरीका चौतरियाको परिचयमा प्राकृतिक पर्यावरण आएको छ । प्रस्तुत उपन्यासमा पाल्पा, पोखरा, प्युठान, रिडी र मायापुरीको भौगोलिक परिसरको वर्णनमा प्राकृतिक पर्यावरण पाइन्छ । उपन्यासमा नेपाल र अङ्ग्रेज बिचको युद्धमा नेपालको भू-भाग हालको हरिद्वारसम्म पुगेको वर्णनमा प्राकृतिक पर्यावरण आएको छ । उपन्यासमा नेपालएकीकरणका समयदेखि सुगौलीसन्धिसम्म वीर नेपालीले देशको संरक्षणका निम्ति गरेका क्रियाकलापमा प्राकृतिक पर्यावरण आएको छ । ललितसँग बगैँचामा भेट हुँदा मायारानीले दिएको अभिव्यक्ति उपन्यासमा यसरी प्रस्तुत भएको छ- "त्यस्तै हुन्छ ढिलो गर्नेलाई अब त सजाय पुग्यो कि ? भोलिदेखि पनि यस्तै अबेर गर्नेलाई के के सजाय हुन्छ कुन्नी !" (४) । यस उद्धृतांशमा ललित र मायारानीका बिचको प्रेमप्रणयगत सन्दर्भ आएको छ । प्रस्तुत उपन्यासमा काठमाडौँ उखापोखरीका चौतरियाको दरबार र कमलाको बगैंचाको स्थानगत वर्णनमा प्राकृतिक पर्यावरण आएको छ । उपन्यासमा काठमाडौँमा रहेको कमलाको घर र बगैँचाको स्थानगत परिदृश्य यसरी प्रकट भएको छ- "बगैंचाको पूर्वपट्टि आडमा मायारानीको तीनतले पक्की घर छ, यो बगैंचामा जान यही घर पछाडिबाट र पश्चिमतर्फ क्याम्पाको बिचमा यौटा ढोका छ, यो बगैंचा मायारानीकी माता कमलाको हो" (६) । यस उद्धृतांशमा मायारानीको घरको तथा उनको बगैँचाको सुन्दर परिदृश्यलाई प्रस्तुत गरिएको छ । यसबाट प्रस्तुत उपन्यासमा प्राकृतिक पर्यावरणको प्रयोग मानवजीवनसँग जोडेर गरिएको स्पष्ट हुन्छ ।

*मायारानी* उपन्यासमा ललितसँग मायारानीको विवाहको विषयसँग जोडिएर प्राकृतिक पर्यावरण आएको छ । कमलाले शान्तिसँग दिएको अभिव्यक्ति उपन्यासमा यस्तो रूपमा प्रकट

"त्यसो होइन अहिलेदेखि नै जो भएको जोडजाम पार्दै गरे पछि एकै चोटिलाई भीड पर्दैन" (१४) भएको छ । यस उद्धृतांशमा ललित र मायारानीका बिचको विवाहको सन्दर्भ आएको छ । ललितको पिता प्रकृतिप्रदत्त विकट स्थानमा देश र जनताको लागि लड्दा सहादत प्राप्त गरेकाले शान्ति र ललितको आर्थिक परिवेश कमजोर बन्न पुगेको देखिन्छ । यो स्थिति उत्पन्न हुनमा प्रकृतिकै हात रहेको देखिन्छ । यसैगरी नेपाल र अङ्ग्रेज युद्धमा वीर नेपालीले गरेको योगदानको चर्चामा काशी, गोरखपुर, गढवाल, नालापानी, हरिद्वारजस्ता स्थानगत चित्रणमा प्राकृतिक पर्यावरण आएको छ । उपन्यासमा नेपालएकीकरण समयदेखि सुगौलीसन्धिसम्मका इतिहासमा वर्णित युद्ध र योद्धाको वर्णनमा प्राकृतिक पर्यावरण छ । यसमा काठमाडौँदेखि पाल्पा, प्युठान, रिडी, गोरखपुर, हरिद्वार, नालापानी, गढवालजस्ता स्थानगत वर्णन र पात्रका क्रियाकलापका तथ्य प्राकृतिक पर्यावरणसँग जोडिएका छन् ।

*मायारानी* उपन्यासमा पात्रको संघर्ष, मनोविज्ञान र भावनात्मक अवस्था प्राकृतिक पर्यावरणसँग सम्बद्ध छन् । उपन्यासमा प्राकृतिक पर्यावरणले पृष्ठभूमि निर्माण मात्र नरी पात्रको भावनात्मक यात्रा र सामाजिक सन्दर्भमा पनि प्रतिनिधित्व गरेको पाइन्छ । यसले उपन्यासमा दृश्यात्मक सौन्दर्य र मानवसंवेदना प्रकट गरेको छ । यसर्थ प्राकृतिक पर्यावरणका दृष्टिले प्रस्तुत उपन्यास उपयुक्त देखिन्छ ।

### ३.३.३ *पञ्चायत* उपन्यासमा प्राकृति पर्यावरण

मोहनबहादुर मल्लको *पञ्चायत* (२०१०) उपन्यासमा पोखरा र त्यस आसपासको जीवनशैली र हात्तीसुँडे डाँडाको प्राकृतिक पर्यावरण आएका छन् । प्रस्तुत उपन्यासमा पोखराको प्राकृतिक चित्रण निकै सुन्दर र जीवन्त रूपमा गरिएको छ । कास्कीको हात्तीसुँडे डाँडोबाट देखिने भूभाग, फेवातालको शीर र माछापुच्छे पहाडको दृश्यले प्राकृतिक सौन्दर्यको अनुभूति गराउँछन् । उपन्यासमा प्रयुक्त पोखराको पूर्वी डाडोबाट पश्चिमतिर मोहाडा लगाएर हेर्दाको सन्दर्भले पोखराको प्राकृतिक परिदृश्य र भौगोलिक विविधता प्रकट भएको छ । उपन्यासमा प्रयुक्त वर्षा ऋतुमध्ये भदौको सन्दर्भले मौसमपरिवर्तनसँगै मानवीय क्रियाकलाप चञ्चल र सरलको दौडको रमाइलो चहलपहललाई प्रस्तुत गरेको छ । उपन्यासमा पोखरा र त्यसको वरिपरिका क्षेत्रको भौगोलिक विशेषताले सान्नानीजस्ता पात्रको जीवनमा गहिरो प्रभाव पारेको छ । उपन्यासमा पोखराको सुन्दरता र शान्तिले पात्रको संघर्ष र सम्बन्धलाई चित्रित गरेको छ । उपन्यासमा मधु र रघुको भावनात्मक

अवस्थालाई पोखराको प्राकृतिक दृश्यले प्रभाव पारेको छ । प्रस्तुत उपन्यासमा प्राकृतिक घटना वर्षा, गर्मी, चिसोजस्ता मौसमपरिवर्तनले पात्रको मानसिकता र व्यवहारमा प्रभाव पारेको छ । वर्षाको समयमा पात्रको मनमा उदासी र एक्लोपनको भावना सिर्जना हुन्छ । यसले मधु र रघुको जीवनमा मनोदशाको विकास गराएको छ । प्राकृतिक पर्यावरणले उपन्यासमा गरिब र धनिबिचको असमानता, सामाजिक विसङ्गतिलाई पनि प्रस्तुत गरेको छ । उपन्यासमा रघु र मधुजस्ता पात्रको प्रेमभावनालाई प्राकृतिक सौन्दर्यले प्रेरित गर्ने कार्य गरेको छ ।

*पञ्चायत* उपन्यासमा प्राकृतिक छटाको रमणीय वर्णन पाइन्छ । कास्कीको हात्तीसुँडे डाँडोबाट देखिने पोखराका भूभागको लोभलाग्दो वर्णन उपन्यासमा यसरी गरिएको छ- “पोखराको .... पूर्व फर्केर दाहिने नजर फिरायो भने सो कोल्टामा रहेको फेवातालको शीर ... माछो तुल्य माछापुच्छ्रे पहाडको सेतो भित्तो ... हात्तीले पानी पिउन लागेको जस्तो देखिने सरांकोटको फेदी ... बजारको मन लोभ्याउने दृश्य ... तालहरूको छेउ आकासको सेतो बादल ... हात्ती सुडे डाडाको” (६-७) । प्रस्तुत उद्धृतांशमा प्राकृतिक पर्यावरणको मनोरम चित्रण गरिएको छ । यसमा पोखराको हात्तीसुढे डाँडो र त्यहाँबाट देखिने माछापुच्छ्रेलगायतका उच्च हिमश्रृङ्खला र पोखराको मनोरम समथर भूभागलाई प्रस्तुत गरिएको छ । यसले स्थानगत प्राकृतिक पर्यावरणलाई प्रकटको छ । यस्तैगरी उपन्यासमा रघु, मधु, सरल, चञ्चलजस्ता बालदौंतरी एकआपसमा दौड खेल्दा अग्रस्थानमा सरल पुग्दा चञ्चलले परिवारलाई जोडेर अपमान गरेको छ । यसमा वर्षा ऋतुमध्येको भदौ र ढिकीजाँतोको प्रसङ्ग आएको छ । यसैको सन्दर्भमा चञ्चलका क्रियाकलापका बारेमा सरलको अभिव्यक्ति यसरी “बरू मै जस्तो गरीब हुन जाति, स्वास्नीहरू बेचेर तेरो बाबु झैं साहू बन्नु भन्दा” (३) प्रकट भएको छ । यस उद्धृतांशमा समाजमा कुकृत्य गरेर साहु बन्नुभन्दा गरिब बन्नु वेश भन्ने विचार प्रकट भएको छ । उपन्यासमा चञ्चल साहुको छोरो अनि सरल र मधु निम्न आर्थिक स्थिति भएका पात्रको रूपमा चित्रण गरिएको छ । उपन्यासमा प्राकृतिक पर्यावरणको प्रभाव पात्रका क्रियाकलापमा परेको देखिन्छ ।

*पञ्चायत* उपन्यासमा ऐतिहासिक र प्राकृतिक सौन्दर्यलाई जोड्ने कार्य गरिएको छ । उपन्यासमा कास्की जिल्ला र आसपासको चित्रण यसरी प्रकट “पर्वते राजा प्रतापी मल्लले कास्की विजय गरेर सेती नदीको सिमाना ठोके र आफ्नो कान्छा छोरा कल्याण मल्ललाई

उहाँको राजा बनाए तर यस वंशलाई उहाँ सभ्य भएन, दुई पटकसम्म अपुताली पऱ्यो" (८) गरिएको छ । यस उद्धृतांशमा प्रतापी मल्लले आफ्नो राज्यको सीमाना बाँधेका कारण दरबारमा नराम्रो प्रभाव परेको देखाइएको छ । यसमा सीमाना बाँध्ने कार्यमा प्राकृतिक पर्यावरण व्यक्त भएको देखिन्छ । उपन्यासमा त्यस समयका मानिस बाटो खर्च नपाउँदा घरबाट रूपैयाँ चोरेर हिँडेको सन्दर्भ यसरी प्रकट "घरबाट रूपियाँ चोरेर लखनौतिर भाग्नु" (१३) भएको छ । यस उद्धृतांशमा त्यस समयका मानिस कामको सिलसिलामा भारत जाने बाटो खर्च नहुँदा घरबाट पैसा चोरेर निस्कने गरेको कुरा प्रस्तुत गरिएको छ । यसबाट प्राकृतिक पर्यावरण प्रस्तुत हुन गएको देखिन्छ । उपन्यासमा जेठाजु हरिहरले सान्नानीलाई घरबाट निकालेपछि अरूको घरमा ढिकी, जाँतो गरेर पाखोपखेरो कमाएर गुजारा चलाएको सन्दर्भमा प्राकृतिक पर्यावरण आएको छ । उपन्यासमा साहुको छोरो चञ्चलले घरमा श्रीमती थुपारेको अभिव्यक्ति यसरी प्रकट "यसैको जरियाबाट महिना दिन नपुग्दै चञ्चलले दुई वटी थप स्वास्नी जोडे, दुबै जारी, उनका पिताले गरिदिएका एक जोडी पत्नीहरू त घरमा छंदैथिए" (२०) भएको छ । यस उद्धृतांशमा नयाँ साहु र उसको छोरो चञ्चलका सामाजिक व्यवहार प्रस्तुत भएको छ । प्रस्तुत उपन्यासमा मुखिया दीननाथको घरमा पात गाँस्न लागेका सान्नानी र मधुलाई परपुरूषको नजिकमा बसेको सन्दर्भमा उपहास स्वरूपको प्रस्तुति आएको छ । यसमा त्यस समयका नारी जातिका उत्ताउलो प्रवृत्ति प्रकट भएको पाइन्छ । यसबाट प्राकृतिक पर्यावरण प्रकट भएको देखिन्छ । उपन्यासमा एकल आमाछोरीलाई तत्कालीन समाजले हेर्ने दृष्टिकोण प्रस्तुत भएको छ । यसमा चित्रित परिवेशले प्राकृतिक पर्यावरणलाई दर्साएको देखिन्छ ।

*पञ्चायत* उपन्यासमा पोखराको स्थानगत चित्रण यसरी आएको छ- "फेवातालको सिरानतिरबाट माथि माथिसम्म हतारसँग उडेका सुगाको नीलो बथानतिरबाट आएको चर्को स्वर स्पष्टसँग सुनिन्थ्यो, तल तल पोखराको फाँटमाथि भने कपडाले ढाक्न बाँकि राखेको दोलै तग्न ठीक्क पारेर कपास मिलाएको जस्तो कुहिराको समतल फाँट देखिन्थ्यो" (३१) प्रस्तुत उद्धृतांशमा फेवातालको शिरबाट पोखराको सुन्दर परिदृश्यको चित्रण गरिएको छ । उपन्यासमा पञ्चायतको स्वार्थसिद्धि मनसायबाट अभिप्रेरित भएर गरिएको निर्णयले गर्दा सान्नानीले अरूको पाखोपखेरो कमाएर गुजारा चलाएको सन्दर्भ यसरी व्यक्त "बरू पाखो पखेरो कोत्रेर जीवन निर्वाहा चलाउने निश्चय गरिन्" (२४) भएको छ । यस उद्धृतांशमा सान्नानीले आफ्नो पतिको मृत्युपछि घरको अंशभाग नपाउँदा अरूको पाखोपखेरो कमाएर जीवन गुजारेको

व्यक्त गरिएको छ । उपन्यासमा छोरालाई धार्मिक विषय मात्र पढाउने सन्दर्भमा चन्द्रीको अभिव्यक्ति यसरी प्रकट "अंग्रेसी हो कि भंरेसी हो पढ्नाले सासतर धरम क्यै रन्न, हाम्ले भन्या मिल्यो मिल्यान" (३३) भएको छ । प्रस्तुत उदाहरणमा आधुनिक शिक्षा लिएका मानिसलाई पुरातन विचारका मानिसले हेर्ने दृष्टिकोण प्रस्तुत भएको छ । उपन्यासमा मधु र सान्नानीको मर्ममा आघात पुग्ने गरी यस्तालाई कस्ले विवाह गर्छजस्तो हेयको भावलाई यसरी "छंदैछन् नि नयां साहू यस्ता यस्ता बटुल्ने" (३५) देखाइएको छ । यस उद्धृतांशमा नयाँ साहुको श्रीमतीमाथि श्रीमती थप्ने प्रवृत्तिप्रति सङ्केत गरिएको छ । यसमा प्राकृतिक पर्यावरणको प्रभाव परेको देखिन्छ । उपन्यासमा गाउँको प्रधान बन्नका लागि हुने गरेका होडबाजी र बनेपछि पञ्चायतमा हुने विभेदपूर्ण क्रियाकलापलाई यसरी व्यक्त गरिएको छ- "फलानोले दूध खाने भैँसी बेचेर रूपिया समात्यो भन्ने खबर पाउनासाथ नयां साहूकहां गुप्त बैठक हुन्थ्यो, बैठकले निर्णय गर्थ्यो मुद्दा पराउने पञ्चायतमा, यस्तै गोरू गाई जग्गा जमिन बेचबिखान पारेर कसैले रूपियाँ समात्यो भने उसको नाउँमा एक न एक भ्याउलो पञ्चायतमा पर्दथ्यो, कसैले देशबाट गाउँमा रूपियाँ ल्याएको पत्तो भयो भने नयां साहूकहां गुप्त बैठक बसिहाल्दथ्यो" (४०) । यस उद्धृतांशमा त्यस समयका प्रधानपञ्च लगायतका मानिसले समाजका मानिसलाई अनेक बहानामा शोषण गर्ने गरेको सन्दर्भलाई देखाइएको छ । यस्ता स्थानगत प्राकृतिक पर्यावरणले मानवजीवनमा प्रभाव पारेको देखिन्छ ।

*पञ्चायत* उपन्यासमा प्राकृतिक पर्यावरणले पात्रको भावनात्मक र मनोवैज्ञानिक अवस्थामा गहिरो प्रभाव पारेको छ । उपन्यासमा प्राकृति पर्यावरणको सुन्दर वर्णनका साथै समाजका विविध पक्षलाई पनि प्रकट गरेको छ । यसमा प्राकृतिक सौन्दर्य र मानवीय क्रियाकलापको सम्बन्धलाई प्रस्तुत गरिएको छ । हरिहरले सान्नानीलाई पञ्चायतमा लेनदेन मुद्दा हाल्नु र पञ्चभलाद्मी हात्तीसुँडे डाँडाको चौतारीमा बसेर गलत निर्णय दिंदा उनले अरूको भिरालो बारीमा खरको छाप्रो बनाएर बस्नुजस्ता तथ्यले प्राकृतिक पर्यावरणलाई प्रस्तुत गरेको पाइन्छ । यसर्थ प्राकृतिक पर्यावरणका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

### ३.३.४ *समयको हुरी* उपन्यासमा प्राकृतिक पर्यावरण

मोहनबहादुर मल्लको *समयको हुरी* (२०१५) उपन्यासमा पाल्पा जिल्ला र आसपासको स्थानगत प्राकृतिक चित्रण आएको पाइन्छ । प्रस्तुत उपन्यासमा शरद ऋतुको

पूर्णचद्रले मानवजीवनमा शान्ति र सौन्दर्य ल्याएको वर्णनमा प्राकृतिक पर्यावरण आएको छ । उपन्यासमा धनमतीको 'उज्यालो मुख लाएर हाँसेका हिमालहरू' जस्तो रचनात्मक प्रयासमा प्राकृतिक प्रभाव परेको छ । उपन्यासमा तानसेनको प्राचीन बजार र गहभरि आँसु काढेर बसेको प्रभाकरको चित्रणमा प्राकृतिक पर्यावरणको प्रभाव पाइन्छ । उपन्यासमा भैरहवाको पक्की लम्बरी जमीन र बगैँचाको वर्णनले प्राकृतिक संसाधनलाई प्रकट गरेको छ । उपन्यासमा सामाजिक विपत्तिको आगमनलाई हुरीको रूपमा चित्रण गरिएको छ । यसले नेपाली समाजमा भएका परिवर्तनलाई सङ्केत गरेको छ । उपन्यासमा पहाड र खोलाको दृश्यलाई ग्रामीण जीवनसँग नजिक राखेर चित्रण गरिएको छ । उपन्यासका पात्रको जीवनयापनलाई पहाड र खोलाका दृश्यसँग जोडिएको छ । उपन्यासमा प्रकृतिप्रदत्त फूल, वन र पानीलाई पात्रको भावनासँग जोडिएको छ । उपन्यासमा वर्षात् र बाढीलाई सामाजिक समस्याको रूपमा लिइएको छ । उपन्यासमा भोकमरी, गरिबी र रोगलाई प्राकृतिक विपत्तिसँग जोडिएको छ । उपन्यासमा मौसमी परिवर्तनलाई पात्रको जीवनमा आउने उतारचढावका रूपमा लिइएको छ ।

*समयको हुरी* उपन्यासमा पाल्पा जिल्लाको तानसेनका राजा मुकुन्दसेनको पालादेखि नै प्रसिद्धि कमाएका प्रशासनिक, व्यापारिक र शैक्षिक सन्दर्भमा प्राकृतिक पर्यावरण आएको छ । प्रस्तुत उपन्यासमा पाल्पामा स्याङ्जा, कास्की, तनहुँ, पर्वत, बागलुङ, म्याग्दी, गुल्मी, अर्घाखाँची, प्युठान, रोल्पा, रूकुम, सल्यानबाट व्यापार-व्यवसायका लागि मानिस आउने गरेको तथा भारतमा आवतजावत गर्दा पाल्पा भएर हिँड्नुपर्ने सन्दर्भमा प्राकृतिक पर्यावरण व्यक्त भएको छ । यसै प्रसङ्गमा उपन्यासमा तानसेन परिसर र ग्रामीण भूगोलको चित्रण यसरी "प्रभाकर मस्याङडाँडाको चौतारीमा बसेर गहभरि आँसु काढेर एकटकले तानसेनलाई हेर्नलागे" (२०) गरिएको छ । यस उद्धृतांशमा पाल्पाको प्राकृतिक आकर्षक परिदृश्यलाई प्रस्तुत गरिएको छ । यसैगरी प्रस्तुत उपन्यासमा गोरखपुरबाट फर्केपछि प्रभाकरले व्यहोर्नु परेको तिरस्कार एवम् अपमानलाई यसरी "हिजो बिहान खसौलीमा आएदेखि यता मुखमा केही पनि हालेका थिएनन्" (२०) देखाइएको छ । यस उद्धृतांशमा प्रभाकरले बेहोर्नुपरेको आर्थिक दुरावस्थाको चित्रण आएको छ । यसै प्रसङ्गमा उपन्यासमा नेपाली समाजको सामाजिक मान्यतागत पहिचानपछि दार्जलिङको समाजमा महिला र पुरूषमा भेद नहुने सन्दर्भमा न्यूजी पात्रको अभिव्यक्ति यस्तो रूपमा प्रकट "हामी दार्जलिङ्मा मेल और फिमेललाई-ओ, कुनै भेदभाव राख्दैनौं" (३०) भएको पाइन्छ । यस उद्धृतांशमा दार्जलिङको

समाजमा नारी र पुरूषका बिचमा भेदभाव नहुने आएको छ । उपन्यासमा नेपाली विद्याश्रममा प्रभाकर र न्यूजी दुबै आधुनिक शिक्षा लिएका शिक्षक भएको हुँदा नेपाली र अङ्ग्रेजी दुबै विषय पढाएर समाजलाई शिक्षित तुल्याउने सन्दर्भमा न्यूजीको अभिव्यक्ति यसरी आएको छ- “इंलिस साहित्यको रसपान गराउन सके- ओ, पश्चिमी देशहरूको परिचय गराउन- ओ, सकिन्थ्यो होला ... यो बखत हाम्रो देशलाई- ओ, योग्य माताहरूको ज्यादै जरूरत छ” (३०) । यस उद्धृतांशमा आधुनिक शिक्षा अहिलेको आवश्यकता भन्ने सन्दर्भ प्रस्तुत भएको छ । उपन्यासमा प्राकृतिक पर्यावरणले समाजमा पारेको प्रभाव प्रकट भएको पाइन्छ ।

*समयको हुरी* उपन्यासमा तानसेन बजारको मौलिक पहिचान प्रस्तुत गरिएको छ । प्रस्तुत उपन्यासमा पाल्पा तानसेनका सडकमा छापेका ढुङ्गा र पसलको चित्रण यसरी गरिएको छ- “उकालो-ओह्वालो ढुङ्गाले छापेको सडक भएको, रंगीचंगी घरदोकानले भरिएको यो बजारको बनावटको शैली आफ्नै निजी छ” (३२) । यस उद्धृतांशमा पाल्पाको तानसेनका सडकमा छापिएका ढुङ्गा र पसलको रङ्गीचङ्गी अवस्था प्रस्तुत भएको छ । उपन्यासमा तानसेन बजार र वरपरका स्थान तथा समाजका विशेषताको परिचय यसरी आएको छ- “पूर्व-दक्षिण दुबै दिशा फर्कन गएको अग्लो डाँडाको धुरीनेर तानसेनको प्राचीन बजार बसेको छ, यसको प्राचीनपना दर्शाउने यो बखत धेरै कमी निस्सापप्रमाण मात्र बाँकी रहेको छ, उकालो-ओह्वालो ढुङ्गाले छापेको सडक भएको” (३२) । यस उद्धृतांशमा तानसेनको प्राचीन बजारको आकर्षण प्रस्तुत गरिएको छ । प्रस्तुत उपन्यासमा भैरहवामा कृषि व्यवसाय गरेर बसेका बाबुसँग विद्यामती तथा धनमती जानेआउने गर्दा देखेको समथर जमिन, जमिनबाट पानी निकाल्ने तरिका र दाउरा बनाउने विधिको वर्णन यसरी गरिएको छ- “भैरहवा बजारदेखि एक माइल फरकमा धनहरूको बीस विगाहा पक्की लम्बरी जमीन छ” (५६) । यस उद्धृतांशमा भैरहवाको सुन्दर परिदृश्य आएको छ । उपन्यासमा न्यूजीसँग धर्मका नाममा विभेदकारी भूमिका निर्वाह गर्ने लक्ष्मीधरको अभिव्यक्ति यस्तो छ- “सनातनी धर्ममा हनन गर्ने नयाँ चलन निकाल्ने धर्मलाई मात्र होइन, देशलाई पनि धातक सिद्ध हुनेछ” (९०) । यस उद्धृतांशमा सनातनी धर्मलाई परिपालना गर्नुपर्ने चिन्तन प्रकट भएको छ । उपन्यासमा प्रयुक्त यिनै प्रसङ्गमा प्राकृतिक पर्यावरणको प्रयोग गरिएको पाइन्छ ।

*समयको हुरी* उपन्यासमा पहाड, नदी, जङ्गल, मौसमी परिवर्तनजस्ता प्राकृतिक दृश्यलाई मानवजीवनसँग जोडेर जीवन्त चित्रण गरिएको छ । उपन्यासमा प्राकृतिक

परिवेशबाट पात्रमा संघर्ष र परिवर्तन ल्याउन खोजिएको छ । उपन्यासमा प्राकृतिक पर्यावरणले पात्रको जीवनमा संघर्ष र भावनात्मक स्थितिमा गहिरो प्रभाव पारेको छ । उपन्यासका पात्रमा शैक्षिकचेतना, नारीचेतना, सामाजिक चिन्तन जागृत गर्न प्राकृतिक पर्यावरणले प्रभाव पारेको छ । उपन्यासमा पाल्पाअन्तर्गत आसपासको चित्रणका तथ्य प्राकृतिक पर्यावरणका रूपमा प्रस्तुत भएका छन् । यसर्थ प्राकृतिक पर्यावरणका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

### ३.३.५ *भुमरी* उपन्यासमा प्राकृतिक पर्यावरण

मोहनबहादुर मल्लको *भुमरी* (२०१६) उपन्यासमा काठमाडौंका लगनटोल, शोभाभगवती, वाग्मती किनार, राणाकालीन दरबारजस्ता स्थानगत दृश्य प्राकृतिक पर्यावरणका रूपमा आएका रूपमा आएका छन् । प्रस्तुत उपन्यासमा सहरिया परिवेशका मानिसको आचरण तथा कुमारी आमाका व्यथा र बालविधवा गङ्गा अनि जमुनाका व्यथा एवम दुबैका बिचमा देखिएको विभेदको वर्णनमा प्राकृतिक पर्यावरण देखिन्छ । उपन्यासमा गङ्गाले मानसिक रूपमा आफ्नो सौन्दर्य देख्नुमा प्राकृतिक पर्यावरणको प्रभाव परेको छ । प्रस्तुत उपन्यासमा किरणकी माताको मरणका कारण उत्पन्न आँसु र दुःखको समनमा प्राकृतिक शान्ति खोज्नु तथा जमुनाले दुःखमा प्रकृति रोज्नु र रातभरको बन्दुकको आवाज र सैनिकको उपस्थितिले कान्तिपुर अशान्तिपुर बन्नुमा प्राकृतिक शान्ति खोजिएको छ । उपन्यासमा पर्वत, नदी, जङ्गल, जलवायुका सौन्दर्यको दृश्यात्मक चित्रणमा प्रकृतिको भएको छ । प्रस्तुत उपन्यासका पात्र शान्तिको लागि नदीकिनारमा बसेको, जङ्गल र वनस्पतिमा विचरण गरेको चित्रणले प्राकृतिक सौन्दर्यका साथै जीवन जिउने कलालाई प्रकट गरेको छ । उपन्यासमा प्राकृतिक प्रकोप र मानवीय सम्बन्ध आएको छ । प्रस्तुत उपन्यासमा प्रयुक्त पात्रका संघर्षशील भावना र प्रकृतिलाई शक्ति ठान्ने प्रवृत्तिमा सम्बन्ध देखिन्छ । उपन्यासमा चित्रित यिनै पक्षमा प्राकृतिक पर्यावरण आएको पाइन्छ ।

*भुमरी* उपन्यासमा निरङ्कुश शासनबाट नेपाल आमालाई मुक्त गराउन हाँसी-हाँसी छातीमा गोली थाप्ने नेपाली वीर सपुत विक्रमसिंहको चित्रणमा प्राकृतिक पर्यावरण व्यक्त भएको छ । उपन्यासमा सत्तामा रहने क्रूर शासकका यातना र ज्यानसजायमा प्राकृतिक पर्यावरण आएको छ । प्रस्तुत उपन्यासमा काठमाडौँको लगनटोलमा डेरा गरेर बसेको किरण सभापति र विजय सचिव बनेर समूहको गोप्य बैठक गर्ने ठाउँ काठमाडौं र ललितपुरका

विविध स्थानको चित्रणमा प्राकृतिक पर्यावरण आएको छ । उपन्यासमा काठमाडौँको स्थानगत चित्रणमा गङ्गासँग झ्यापीको अभिव्यक्ति यसरी आएको छ- "तपाइँको लगनटोल रमाइलै रैछ, मान्छे पनि नअसल भनेको नाइँ" (२) । यस उद्‌धृतांशमा उपन्यासमा प्रयुक्त पात्रले काठमाडौँको स्थानगत चित्रण गरिएको पाइन्छ । यसले प्राकृतिक पर्यावरणलाई दर्साएको छ । प्रस्तुत उपन्यासमा किरणसिंह र विजयले मातृउद्धार सङ्घका माध्यमबाट नेपाली समाजका युवा, वृद्ध र महिलालाई सचेत गराएको चित्रणमा प्राकृतिक पर्यावरण आएको छ । उपन्यासमा काठमाडौँको समाजका मानिसमा अफिमको नसा परेको झ्यापीले गङ्गासँग अफिम मागेको सन्दर्भ यसरी आएको छ- "हिजो यो घरको बाजेले दिनुभयो र निर्बाह चल्यो, आजबिहान पनि उनैले दिएर, म बरू क्यै नखाए सक्तछु, यो अम्मल अफीम केही गरेर छोड्न सक्तिन, तपाईंसँग थियो कि अलिकती ?" (२-३) । यस उद्‌धृतांशमा समाजका मानिसमा अफिमको नसा पर्नु त्यस समयको प्रकृति बनेको देखिन्छ । यसले प्राकृतिक पर्यावरणलाई झल्काएको छ । प्रस्तुत उपन्यासमा कामदार, गङ्गाकी आमा र बहिनी जमुना अफिमको नसा लिने कुलतमा लागेको चित्रणमा प्राकृतिक पर्यावरण आएको छ । उपन्यासमा काठमाडौँको समाजका सामाजिक क्रियाकलाप र गतिशील चिन्तनमा प्राकृतिक पर्यावरण आएको छ ।

*भुमरी* उपन्यासमा समाज परिवर्तनका चिन्तन, दासजीवनका तथा महिलाका अपहरण र बलात्कार अनि बालविधवाका सामाजिक समस्यामा प्राकृतिक पर्यावरण आएको छ । उपन्यासमा झ्यापी र चिपिरेका धुर्मपान र रक्सी सेवनका सन्दर्भ प्रकट भएको पाइन्छ । प्रस्तुत उपन्यासमा झ्यापी र चिपिरेजस्ता विपन्न मानिसलाई रूपियाँमा किन्ने सन्दर्भलाई यसरी देखाइएको छ- "झ्याली पिटाउने भए पिटा, तँ नाथे कमारालाईभन्दा मलाई नै बढी रूपियाँ गन्नेछन्, जा ! तँ कति मैमत्त बनिस् एक वर्ष अगाडि खरिद भएँ भन्दैमा" (१०) । प्रस्तुत उद्‌धृतांशमा मानिसलाई रूपियाँमा किन्ने त्यस समाजको प्रकृति बनेको हुँदा यसले प्राकृतिक पर्यावरण दर्साएको छ । उपन्यासमा विपन्न पुरूषलाई कमारो र महिलालाई कमारीका रूपमा दीनदुःखीको जीवन किनबेचका सन्दर्भमा प्राकृतिक पर्यावरण व्यक्त भएको छ । उपन्यासमा अपहेलित जीवन बिताउन विवश नारी र परिवर्तनमा लाग्ने युवाको भूमिकाको सजीव चित्रणमा प्राकृतिक पर्यावरण आएको छ । उपन्यासमा काठमाडौँ उपत्यकाको सेरोफेरोमा केन्द्रित सन्दर्भ यसरी प्रकट भएको छ- "देशभक्त नेताहरू भाचाकोशी, शंखमूल आदि ठाउँमा काटिन निकालिंदा" (१७) । प्रस्तुत उद्‌धृतांशमा काठमाडौँ उपत्यकाअन्तर्गको

विविध सेरोफेरोको स्थानगत चित्रण आएको छ । यसमा प्राकृतिक पर्यावरण व्यक्त भएको पाइन्छ ।

*भुमरी* उपन्यासमा सामाजिक समानता स्थापित गर्ने बैठकमा राज्यका गुप्तचरबाट किरणलाई जोगाउन गएकी जमुनालाई बतास र मेघको गर्जनाले तर्साएको भाव प्रकट भएको छ । यसले बैठकको दृश्य र जमुना मेघको गर्जनबाट तर्सेर दिदीसँग टाँसिन पुगेको भाव दिएको छ । उपन्यासमा रातको समयमा निश्चित विचारमा बाँधिएका मानिस सेल्टरमा उपस्थित भएर सञ्चालन गरेको क्रियाकलापलाई यसरी "यो संघको फैसला देशको फैसला छ, मुठ्ठीभरका कार्यकर्ता देशको आत्मा संभ्भनु परेको छ" (४६) देखाइएको छ । प्रस्तुत उद्धृतांशमा त्यस समयको तानाशाही शासनबाट समाजलाई मुक्त गर्न युवावर्ग सक्रिय रहेको देखाइएको छ । उपन्यासमा जमुनालाई दरबारमा डोला हेराउने निहुमा समाजका खराब मानिसले बग्गी चढाएर लागेर बलात्कार गरी रातको समयमा घरको अगाडि ल्याएर छाडेको घटनालाई समाजमा सधैँ तिरस्कृत हुनुपर्ने डरले अपराध लुकाएर आफू पवित्र बनेको सन्दर्भ यसरी आएको छ- "एक दिन साँझको समयमा जमुनालाई दर्बारमा डोला हेर्न खोजेका छन् भन्ने छल गरेर बदमासहरूले बग्गीद्वारा कुनै गुप्त ठाउँमा लगेर उनमाथि बलात्कार गरेछन्" (५२) । यस उद्धृतांशमा जमुनालाई दरबारमा डोला हेराउने निहुमा समाजका खराब मानिसले बग्गी चढाएर लगेर बलात्कार गरी रातको समयमा घरको अगाडि ल्याएर छाडेको घटना प्रस्तुत भएको छ । उपन्यासमा सन्तानप्रतिको मायाभाव प्रकृतिसँग गाँसिएर आएको छ । यसै प्रसङ्गमा उपन्यासभित्र आएको अभिव्यक्ति यसरी प्रकट भएको छ- "हे मेरो आँखाको तारा, हृदयको टुक्रा । तिमीलाई म कति माया गर्दछु बरबखत मेरो मन तिमीकहाँ पुगेको हुन्छ । तिमीलाई जब म देख्छु सूर्यलाई सूर्यमुखी फूलले देखे जस्तो बन्छु, म मेरो नजीकबाट तिमीलाई हटाउन एकजात पनि चाहन्न तर लाचार छु (५६) । प्रस्तुत उद्धृतांशमा किरणकी आमाको सन्तानप्रतिको मायाभाव प्रकट भएको छ । यसमा प्राकृतिक पर्यावरणसँग जोडिएर सन्तानप्रति अभिभावकीय दायित्व निर्वाह गरेको देखाइएको छ । यसले प्राकृतिक पर्यावरणलाई देखाएको पाइन्छ ।

*भुमरी* उपन्यासमा उपन्यासमा प्राकृतिक पर्यावरणसँग राजनीतिक परिवेश जोडिएर आएको छ । यसै प्रसङ्गमा उपन्यासभित्र गरिएको अभिव्यक्ति यसरी आएको छ- "पाट पुट पिट, ठूल्ठूला पानीका थोपाहरू ... काग का का गर्दै सरसर आकासिदै कोल्टे परेर हलुगो

चालले उड्न थाल्यो, गौंथली खुशी हुँदै माथि माथि कालो बादलसम्म पुग्दै आफ्नो उडाइको चमत्कार देखाउन लाग्यो, बादलले आफ्नो कालो मुख उज्ज्वल गराउने कोशिश गर्नलाग्यो" (६३) । प्रस्तुत उद्धृतांशमा प्रकृतिले मानवजीवनमा पारेको प्रभावलाई देखाइएको छ । उपन्यासमा सडकमा अचेत अवस्थामा पल्टेकी कन्यालाई विक्रमसिंहले उद्धारको भावनाबाट सतित्व नष्ट गर्दा किरणको जन्म हुनु र समाजका अगाडि कुमारी बनेर छोरोलाई गोप्यरूपमा हुर्काउनु तथा विक्रमसिंहको अन्त्यमा बाबुको रूपमा चिनाउनुमा प्राकृतिक पर्यावरण व्यक्त भएको छ । प्रस्तुत उपन्यासमा काठमाडौँमा गोप्य रूपमा खुलेका सङ्घसंस्था र तिनमा गोप्य बैठकमा राणाकालीन समयका घटनासँग जोडिएको अभिव्यक्ति यसरी प्रकट "कान्तिपुर आज अशान्तिपुर बनेको छ" (८१) भएको छ । यस उद्धृतांशमा राजनीतिक परिवर्तनका लागि भएका गतिविधिको चित्रण आएको पाइन्छ । उपन्यासमा सामाजिक तथा राजनीतिक दाउपेचका साथै नारीवेदनाका सन्दर्भ प्राकृतिक पर्यावरणका रूपमा आएका छन् । उपन्यासमा सामाजिक तथा राजनीतिक कारणले किरण गङ्गा र जमुनालाई साथमा लिएर प्रदेशतिर लाग्दाको प्रकृतिको शान्त अवस्थाको चित्रण आएको छ । शान्त प्रकृतिको वर्णन उपन्यासमा यसरी गरिएको छ- "गंगा केही नबोलीकन कतै नहेरीकन उठ्दछिन् । जमुना र किरणले उनलाई अगाडि तान्छन्, उनी बिस्तारै हिन्दछन् । ....अन्धकार रात्री छ, चादनीको प्रकाश छैन, तारारू पिलपिल चम्केका छन्, सुनसानी समय छ, जगत् मस्त निद्रामा डुबेको छ" (८७) । प्रस्तुत उद्धृतांशमा प्रदेशतिर लाग्दाको समयमा अगिल्तिर किरण, पछिपछि गङ्गा र जमुना चुपचापसँग शान्त प्रकृतिको चालमा अगाडि बढेको कुरा व्यक्त गरिएको छ । यसै यात्रामा तिनीहरूको मनमा एक नयाँ भावना, नयाँ कामना र नयाँ रचनाको भाव प्रकट भएको छ । प्रस्तुत उपन्यासमा किरण निरङ्कुश शासनका विरूद्ध समाजका मानिसलाई सङ्गठित गरेको र अन्तमा देशद्रोहीको आरोपमा आफ्ना सहयोगी तथा गङ्गा र जमुना सहित दार्जलिङतिर लागेको राजनीतिक सन्दर्भमा प्राकृतिक पर्यावरण आएको छ ।

*भुमरी* उपन्यासमा प्राकृतिक पर्यावरणको प्रयोगले पात्रहरूको भावनात्मक गहिराइ र मानवजीवनको प्रकृतिसँगको सम्बन्धलाई प्रकट गरेको छ । प्रस्तुत उपन्यासमा नेपाली भूगोल र पात्रको अनुभव चित्रणमा प्राकृतिक पर्यावरण आएको छ । उपन्यासमा पात्रको आन्तरिक संघर्ष र सामाजिक संरचनागत समस्याको चित्रणमा प्रकृतिलाई उपयोग गरिएको छ । उपन्यासमा अविवाहित आमाको विचार, विधवाको चिन्तन अनि जमुनाको व्यथाजस्ता

तथ्यको चित्रणमा प्राकृतिक पर्यावरण आएका छन् । यसर्थ प्राकृतिक पर्यावरणका दृष्टिले प्रस्तुत उपन्यास उपयुक्त देखिन्छ ।

### ३.३.६ *बहादुर नजर* उपन्यासमा प्राकृतिक पर्यावरण

मोहनबहादुर मल्लको *बहादुर नजर* (२०३६) उपन्यासमा काठमाडौं, तनहुँ, लमजुङ, पाल्पा, बेतियाजस्ता स्थानका घाट, नदी, जङ्गल, दरबार, वन, भीर, पुल, पहाडजस्ता परिदृश्यमा प्राकृतिक पर्यावरण आएको पाइन्छ । प्रस्तुत उपन्यासमा मर्स्याङ्दी नदी, सतीघाट, चेपेघाट, लमजुङ दरबार, कोटाघाट, पाल्पाको जङ्गल, पाल्पाको दरबार, तानसेनबाट देखिने क्षेत्र, बेतिया, सिरानचोक, कान्तिपुर, गोरखाजस्ता स्थानको मनोरम दृश्य संयोजन गरिएको छ । उपन्यासमा जेष्ठ महिनाको मध्याह्नको गर्मी, पिपलको बोटको छायाँमा बसेर बहादुरले गण्डकी प्रदेशको नक्शा कोरेको चित्रण गरिएको छ । उपन्यासमा चतुरले गुलेलीबाट कालिजको सिकार जुटाएको प्रसङ्गले प्रकृतिलाई प्रकट गरेको छ । प्रस्तुत उपन्यासमा पोखराको फेवाताल र हरियाली पर्वतको सौन्दर्यले बहादुरको मनमा शान्ति प्रकट गरेको छ । उपन्यासमा वर्षाको समयलाई विशेष भावनात्मक अवस्था प्रकट गर्नका लागि प्रयोग गरिएको छ । वर्षाले बहादुरको दुःख र पिडालाई प्रकट गरेको छ । उपन्यासमा बहादुरले खेतमा काम गर्नु, जङ्गलबाट दाउरा ल्याउनु र खोलामा माछा मार्नुजस्ता कार्यले ग्रामीण जीवनप्रति मोह पाइन्छ । उपन्यासमा पात्रको यात्रा, घटना र परिवर्तित अवस्थाबाट प्राकृतिक परिवेशले तिनीलाई रूपान्तरित गरेको देखिन्छ । उपन्यासमा पोखराको फेवाताल, पहाड र हरियाली वर्णनले बहादुरजस्ता पात्रको मानसिकतामा सुख र शान्तिको भावना ल्याएको छ ।

*बहादुर नजर* उपन्यासमा बहादुर शाह बेतियामा रहँदा नेपालको एकीकरणका सिलसिलामा पाल्पादेखि पश्चिमका स्थानको विशेषता झल्किने गरी नक्सा तयार गरेको सन्दर्भमा प्राकृतिक पर्यावरण आएको पाइन्छ । उपन्यासमा नेपालको चारैतर्फ उँभो हेर्‍यो जल, उँधो हेर्‍यो जल, वारि हेर्‍यो वन, पारी हेर्‍यो वन देखिनुमा प्राकृतिक पर्यावरण आएको छ । उपन्यासमा बहादुर शाह लमजुङबाट पाल्पा जाँदा कोटाघाट पुगेको स्थानगत दृश्यसम्पादन यसरी गरिएको छ- “देवघाटदेखि पाँच छ कोस जति पश्चिममा काली गंडकीमा रहेको यो पाल्पा र रिसिङलाई जोड्ने घाट कुनै प्रख्यात घाट होइन, जंगलको बिचमा एकान्त ठाउँमा यो घाट छ, दुबैतिर ठूलो जंगल भएको पाखोको फेदीमा सम्म परेर

बनेको निर्मल जल टाढासम्म फैलिएको छ" (१७) । प्रस्तुत उद्धृतांशमा नेपालको एकीकरणका सन्दर्भमा वहादुर शासह लमजुङबाट पाल्पा जाँदा कुटाघाटको सुन्दर परिदृश्यलाई देखाइएको छ । उपन्यासमा बहादुर शाह पाल्पा पुग्दा चित्रित जङ्गल र तानसेनको परिदृश्यमा प्राकृतिक पर्यावरण आएको छ । उपन्यासमा जीवनको अन्त्य समयमा मुखमा नदीको जल राख्ने प्रचलन नेपाली समाजमा विद्यमान रहेको सन्दर्भ यसरी आएको छ- "पहिले सुकेको माला जो बेतियामा उनले बहादुरलाई लगाइदिएकी थिइन्, लगाइदिन्छिन्, ...यो गंडकी प्रदेशको प्रसाद हो ! यो कोशी प्रदेशको प्रसाद हो ! यो कर्णाली प्रदेशको प्रसाद हो ! यो कुमाऊँ प्रदेशको प्रसाद हो ! यो गढवाल प्रदेशको प्रसाद हो, ...यो गण्डकीको जल हो ! यो कोशीको जल हो ! यो कर्णालीको जल हो ! यो महाकालीको जल हो ! यो गंगाको जल हो" (१२७) । प्रस्तुत उद्धृतांशमा पाल्पाको रमणीय तथा पवित्र स्थलगत चित्रण आएको छ । उपन्यासमा आएका यस्ता तथ्यले प्राकृतिक पर्यावरणलाई व्यक्त गरेको पाइन्छ ।

*बहादुर नजर* उपन्यासमा नेपालको पश्चिम क्षेत्रका स्थानगत विशेषतासहितको नक्सा तयार गर्नु, काठमाडौँ, गोरखा, तनहुँ, लमजुङ, पाल्पा, बेतिया, पोखराजस्ता स्थानगत प्रकृतिको मनमोहक चित्रण गर्नु, प्रकृतिको सुन्दर वर्णनले पात्रको भावनामा शान्ति छाउनुजस्ता तथ्यमा प्राकृतिक पर्यावरण झल्किएको पाइन्छ । यसर्थ प्राकृतिक पर्यावरणका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

### ३.३.७ *जेली* उपन्यासमा प्राकृतिक पर्यावरण

मोहनबहादुर मल्लको *जेली* (२०३९) उपन्यासमा काठमाडौँका पशुपति, गुह्येश्वरी, थापाथली, नयाँ सडक, इन्द्रचोक, असन, वाग्मतीकिनारका घाट, विरगञ्जजस्ता स्थानगत वर्णनमा प्राकृतिक पर्यावरण आएको पाइन्छ । प्रस्तुत उपन्यासमा दीनदास महाङ्कालको पक्की सडकमा गुनगुनाउँदै हिँडेको, रानीपोखरी र देवपाटनको चित्रणमा प्राकृतिक पर्यावरण आएको छ । उपन्यासमा कान्तिपुरको कान्ति बढाउँदै बगेको विष्णुमती, भूकम्प र त्यसले मानवजीवनमा ल्याएको प्रभाव प्रकट भएको छ । उपन्यासमा नदी, मेघ, हिमालको वर्णनमा मानवजीवन र प्रकृतिका बिचको सहअस्तित्वको चित्रण आएको छ । उपन्यासमा दीनदास र उसका साथीमा सुन्दर र शान्त प्राकृतिक जीवनको आकांक्षा प्रकट हुनुमा भावनात्मक परिवर्तन देखिन्छ । उपन्यासमा मानव र प्रकृतिका बिचको सम्बन्धबाट दीनदास र अन्य पात्र प्राकृतिक सङ्कटको सामना गर्न तयार बनेको देखिन्छ ।

*जेली* उपन्यासमा धनराज साहुले धनआर्जन गर्नका लागि काठमाडौँका तीन सहरका विविध स्थानमा जुवाको व्यवसाय चलाएर अकुत सम्पत्ति आर्जन गर्नु तथा परिवारका सदस्यबाट पनि आफूले जस्तै गर्नुपर्ने अभिलाशा राख्नुमा प्राकृतिक पर्यावरण आएको छ । उपन्यासमा धनराजसँग दीनदास बाबुको पालादेखि तमसुक गरेर पुस्तौनी धनराजको सेवा गरेको र विश्वासी भएको नाताले पसलको काममा भन्दा जुवा खेलाउने काममा संलग्न गराउन खोज्दा समाजमा विकृति फैलाउने काममा लाग्न आनकानी गर्नु तथा पाउने तलबमा थप गर्ने वचन दिंदा स्वीकार नगर्नु र पसल ढिलो खोलेको निहुँबाट निकाल्नुमा प्राकृतिक पर्यावरण आएको पाइन्छ । उपन्यासमा समाजका कतिपय मानिसले पेटपाल्न चोरी गर्नु त कतिपय मानिस धनी हुन सुनका लाप्सा बनाउनुमा प्राकृतिक पर्यावरण आएको छ । उपन्यासमा काठमाडौँका विविध स्थानको चित्रण यसरी गरिएको छ- “गीत बिस्तारै गुनगुनाउँदै हिँड्दै थिए दीनदास महाङ्काल नेरको पक्की अलकत्रे सडकको किनार-किनार, त्यही बेला रानीपोखरीको घंटाघरले उसको मनोहर मधुरो शब्द निकाल्यो” (१) । प्रस्तुत उद्धृतांशमा धनराजको कामदारको रूपमा रहेको दीनदास काम छोडेपछि काठमाडौँको सडक किनारमा घुमिरहेको देखाइएको छ । उपन्यासमा काठमाडौँका नयाँ सडक, असन, इन्द्रचोक, पशुपति, गुह्येश्वरी, भद्रकाली, विष्णुमती, वागमती, मृगस्थलीजस्ता स्थानगत चित्रणमा प्राकृतिक पर्यावरण आएको छ । उपन्यासमा काठमाडौँका विविध स्थानगत विशेषता र दीनदास, देवदास, मानराज, धनराजजस्ता पात्रको क्रियाकलापमा प्राकृतिक पर्यावरण व्यक्त भएको पाइन्छ ।

*जेली* उपन्यासमा साहुले आफ्नो व्यवसाय अनुकूल काम सम्पन्न गर्ने मानिसलाई निरन्तर काममा लगाउने र प्रतिकूल भएमा कामबाट निकाल्ने प्रवृत्तिको चपेटामा परेको दीनदासले कामबाट छुटकारा पाएपछि दिएको अभिव्यक्ति यसरी आएको छ- “खोरभित्र जन्मेका हुर्केकालाई आफ्नो अवस्थाको पत्तो उहीं बसेर हुँदोरहेनछ, पत्तो पाइन्छ केही परबाट हेरेर” (३) । यस उद्धृतांशमा दीनदासले कामबाट छुटकारा पाएपछि वास्तविक जीवन भोगेको अनुभव प्रकट गरिएको छ । उपन्यासमा समाजबाट अपहेलित जीवन बिताउन विवश बनेको दीनदास र घरबाट निकाल्ने समयमा साहुले दीनदासप्रति गरेको व्यवहारलाई यसरी देखाइएको छ- “साहूले आफ्नो खल्ती छ्यामछ्युम पार्न लागे, खल्तीबाट जौ, तिल, अक्षता, यौटा तामाको पैसा र पट्याएको यौटा कागत झिकेर दीनदासतिर बढाउँदै उनी फेरि बोले बाह्र वर्ष घरमा पालें थाप् थाप् अब सक्दिन” (५) । यस उद्धृतांशमा धनराजले आफ्नो

पसलबाट दीनदासलाई अपहेलना गर्दै निकालेको देखाइएको छ । उपन्यासमा मानराजले ससुरालाई 'सालीलाई चित्त बुझाएर लैजाऊ' भन्ने विषयमा मञ्जुरी गराएको कुरा व्यक्त गरिएको छ । यसमा एक वर्षभित्र दिदीले छोरो नजन्माएमा सालीले भिनाजुको घर सम्हाल्नुपर्ने सम्झौताको जेलीपत्र मानराजले आफै तयार गरी ससुराको अकुत सम्पत्ति हात पार्ने चिन्तन राखेको छ । उपन्यासमा समयको परिवर्तनसँगै समाजका मानिसको स्वभावमा परिवर्तन देखिनुमा भौतिक पक्ष बलवान् बनेको सन्दर्भलाई यसरी व्यक्त गरिएको छ- "कान्तिपुरको कान्ति बढाउँदै बगेको विष्णुमती कहिलेदेखि यस ठाउँमा बगेको हो अझ कति बग्ने हो यसको ठेगान लगाउन मनुष्य शक्तिदेखि बाहिरको काम छ, यही नदीपार सुनिन्छ अगि अगि च्यामे पोडेहरूको मात्र बस्ती थियो रे, आजकाल त्यो ठाउँ बडा बडा घर-महलहरूले भरिभराउ छन्" (१२) । यस उद्धृतांशमा तत्कालीन समयको काठमाडौँको परिदृश्य उजागर भएको छ । उपन्यासमा प्रयुक्त पात्र गीताले काठमाडौँ वनकालीमा विद्यार्थी पढाएर जीवन चलाउनुमा प्राकृतिक पर्यावरण व्यक्त भएको छ । प्रस्तुत उपन्यासमा थापाथलीको घाटमा लुठेजस्ता मानिसले मलामी तर्साएर सामान लुट्ने क्रियाकलापमा प्राकृतिक पर्यावरण आएको पाइन्छ ।

*जेली* उपन्यासमा मानराजका पिता जुवा खेल्नमा निपुर्ण रहेको र मानराजलाई आफूसँग खाल हान्न लगाउने गरेको पारिवारिक चिन्तन र खेल्ने काममा मात्र संलग्न हुँदा बाबुले कमाएको श्रीसम्पत्ति जुवामा उडाउँदाको अभिव्यक्ति यसरी आएको छ- "सिता खाने गिठा खाने गिठा खाने सिता खाने भए ...मानराजको पिताको मनसाय थियो, उनै जस्तो खेल खेलाउनेमा होसियारी उनका छोरालाई पनि बनाउने तर उनको मनसायको बिरूद्ध काम हुन गयो, छोरो चाहिँ महा जुवाडी बनेर निस्के, बाबुले कमाएको पैसा लात्ताको पार लगाएर घचेट्न थाले" (१४) । यस उद्धृतांशमा मिहिनेतले गर्दा गिठा खाने सिता खाने भएका र सिता खाने गिठा खाने भएको विषय प्रस्तुत भएको छ । यसमा जुवाले कसैलाई माथि उठाएको छ भने कसैको घरबास नै गएर बिचल्ली भएको भन्ने देखिएको छ । उपन्यासमा मानराजले ससुरालीको सम्पत्ति हत्याउने सोचको अभिव्यक्ति यसरी आएको छ- "साली विवाह गर्न पाए उनलाई धेरै कुराको फाइदा छ, साली हात पार्न सके सबैभन्दा उनलाई आफ्नो ससुराको ठूलो श्रीसम्पत्ति हात लाग्ने आशा छ" (१४-१५) । यस उद्धृतांशमा मानराजले सालीलाई आफ्नो पञ्जामा पारेर ससुरालीको श्रीसम्पत्ति हात पार्न खोजेको सन्दर्भलाई देखाइएको छ । उपन्यासमा देवदासले पशुपति परिसरमा बाह्य रूपमा भजन र

आन्तरिक रूपमा जुवा खेलाउने ठाउँमा जुवाडे बनेर लुट्ने, व्यापार हुने ठाउँमा व्यापारी भएर लुट्ने र गाँजा, चरेसजस्तो अवैध व्यापार गरी धर्मको नाममा सम्पत्ति आर्जन गर्ने क्रियाकलापमा प्राकृतिक पर्यावरण आएको छ । उपन्यासमा धनराजले दीनदासमा राखेको अभिलाशा यसरी प्रकट भएको छ- "धनराजको मनसाय थियो दीनदासले पसलको काम छोडेर यो जुवा खेलाइदिने कामको जिम्मावारी लिइदेवस् किनकि उ ज्यादै विश्वासी र होसियार थियो" (२८) । प्रस्तुत उद्धृतांशमा दीनदासजस्तो विश्वासी र होसियार मानिसलाई धनराजले जुवा खेलाउने धन्दामा प्रयोग गरेको देखिएको छ । प्रस्तुत उपन्यासमा आएका यस्ता सन्दर्भबाट प्राकृतिक पर्यावरण झल्किएको देखिन्छ ।

*जेली* उपन्यासमा धनराज साहुलाई ठग्ने तथा बजारका अन्य व्यापारीलाई सामानदेखि मुद्रामा ठग्ने काममा लुठेको संलग्नता रहेको देखाइएको छ । यसै सन्दर्भको अभिव्यक्ति उपन्यासमा यसरी आएको छ- "हामीले चार पाँच तोला सुन खर्च गरेर सय तोला सुनका दुई लाप्साहरू तयार पारेका थियौं, साथको रूपियाँ सकिएपछि यसैलाई अघि सारेर धनराज साहूबाट रूपियाँ झिकेर खेल्न शुरू भयो ... रूपियाँ बाहिर चलाउन लागे, खेलमा पनि साथीहरूले ठटाए, आखिर मौका हेरेर साथीहरू त्यहाँबाट सुइँकुच्चा मारे" (५१) । यस उद्धृतांशमा लुठेको समूहले धनराजलगायत बजारका अन्य व्यापारीलाई लुटेको सन्दर्भ देखाइएको छ । उपन्यासमा संरक्षित लुटेराहरूको समूहले नयाँ-नयाँ तरिका अपनाएर समाजमा लुट्ने सहरिया जीवनले निम्त्याएको चिन्तनगत प्रस्तुतिमा प्राकृतिक पर्यावरण आएको देखिन्छ । उपन्यासमा रूप परिवर्तन गरी मागेर वा छलेर गरिने काठमाडौँको समाजका क्रियाकलापगत प्रस्तुति यसरी आएको छ- "टेकुघाटमा बस्ने गरेका मगन्तेहरू मसान मसान भन्दै आफ्ना थाङ्ना थरा लतार्दै दौडे पचली भैरवतिर, मलामीको पनि भागाभाग पर्‍यो, त्यहाँ कोही रहेन" (८६) । यस उद्धृतांशमा लुठेलगायतका मानिसले मसान बनेर मलामीलाई तर्साउने र लुट्ने गरेको सन्दर्भ आएको छ । उपन्यासमा भरिया बनेका मानिसको अभिव्यक्ति यसरी प्रकट भएको छ- "जय नेपाल चित्रघरमा नयाँ सडकमा झैं घचारो हुँदैनथ्यो ...रूपियाँ गारूङ्गो भायो मा त थाक्याको छ" । यस उद्धृतांशमा नक्कली भेषधारी बनेर लुठेका समूहले काठमाडौँको समाजमा लुट मच्चाएको सन्दर्भगत प्रस्तुतिमा प्राकृतिक पर्यावरण आएको छ ।

*जेली* उपन्यासमा प्राकृतिक सौन्दर्य, मौसम र प्राकृतिक घटनाले पात्रको जीवनमा परिवर्तन ल्याएको छ । प्रस्तुत उपन्यासमा पात्रको मानवीय भावना र प्राकृतिक सौन्दर्यका बिच सहअस्तित्वको भावना जागृत गर्न प्राकृतिक पर्यावरणले भूमिका निर्वाह गरेको छ । उपन्यासमा सांसारिक रूपमा आएका सामाजिक, आर्थिक तथा धार्मिक बन्धन तोड्न सङ्घर्ष आवश्यक रहेको तथ्यमा प्राकृतिक पर्यावरणले भूमिका खेलेको छ । यसर्थ प्राकृतिक पर्यावरणका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

### ३.३.८ *रामछायाँ* उपन्यासमा प्राकृति पर्यावरण

मोहनबहादुर मल्लको *रामछायाँ* (२०६२) उपन्यासमा राउटे र कुसुण्डाको बसोवास भएको सुर्खेत आसपासको जङ्गलको चित्रण गरिएको छ । प्रस्तुत उपन्यासमा सुर्खेत अवस्थित जङ्गलको राउटीमा खर र स्याउलाबाट निर्मित घरको चित्रणमा प्राकृतिक पर्यावरण आएको छ । प्रस्तुत उपन्यासमा पश्चिम सुर्खेतको जङ्गलका साथै राउटे, कुसुण्डा र मानुषका जीवनशैलीगत दृश्य, चरित्र र प्रकृतिलाई प्रभावकारी रूपमा चित्रण गरिएको छ । उपन्यासमा वर्षा र घामले मानवीय जीवनमा पारेको प्रभाव प्रस्तुत भएको छ । उपन्यासमा पात्रका क्रियाकलाप र विचार प्रकृतिसँग सम्बद्ध देखिन्छन् । प्रस्तुत उपन्यासमा रामे र मदौरूजस्ता पात्र जङ्गलका स्रोत प्रयोग गर्न प्रयासरत छन् । उपन्यासमा राउटे र कुसुण्डाको परम्परा र रीतिरिवाज प्राकृतिक परिवेशसँग जोडिएका छन् । यसमा राउटे र कुसुण्डाले महादेवको पूजा र नृत्यद्वारा प्रकृतिलाई सम्मान गरेका छन् । उपन्यासमा प्राकृतिक दृश्यमा आएको घामपानीको खेलजस्तो अभिव्यक्तिले प्रकृतिलाई मनोवैज्ञानिक र भावनात्मक दृष्टिकोणमा जोडेको छ । उपन्यासमा पहाडको हरियाली, नदीको शान्त प्रवाह र सौन्दर्यले पात्रको मनोभावमा प्रभाव पारेको छ । उपन्यासमा पहाडको हरियाली र शिखरमा परेको किरणले मानवजीवन सुनौलो बन्ने वर्णन आएको छ । उपन्यासमा आएको नदीको प्रवाहले मनलाई शान्ति दिएको अभिव्यक्तिले पात्रको मनोभावनामा गहिरो प्रभाव पारेको देखिन्छ । उपन्यासमा आएको चाडपर्वको दिन पहाड चढ्दा सामाजिक एकता देख्नुले सामूहिकताको सङ्केत गरेको छ ।

*रामछायाँ* उपन्यासमा रातको समयमा जङ्गलमा उत्पन्न समस्याको वर्णन गरिएको छ । उपन्यासमा रात्रीसमयमा जङ्गलबाट बाहिर निस्कँदा परेको समस्यालाई यसरी प्रकट गरिएको छ- “अन्धकार रातमा फाट्टेफुट्टे पानीको छिटा परेको थियो, बाहिर केही

देखिँदैनथ्यो, त्यसमा झन् जंगल झाडीभित्रको काम छ मालिकहरूले ... कुनै पर्वमा मैनबत्तीको ताँती बलेझैं त्यहाँ दियालोको ताँती बल्यो गोलाकार गरेर थर्पुहरूलाई घेर्दै" (११) । प्रस्तुत उद्धृतांशमा तत्कालीन समयको समाज प्रकृतिप्रदत्त वस्तुमा निर्भर रहेको देखाइएको छ । उपन्यासमा राउटे र कुसुण्डाको समूह जङ्गलको पूर्व, पश्चिम र दक्षिण दिशामा पुगेर सिकार गरेको अभिव्यक्तिमा प्राकृतिक पर्यावरण आएको छ । उपन्यासमा मानुषको समूहमा आघात पर्दा उनीहरूले सामूहिक रूपमा रामेलगायतका मानिसलाई आक्रमण गरेको सन्दर्भ प्रकट भएको छ । प्रस्तुत उपन्यासमा मानुष, राउटे र कुसुण्डा बस्ने ओढार, भीर, राउटी, जङ्गल, खोला, बुट्यानआदि मानिस आवतजावत गर्ने स्थानगत चित्रणमा प्राकृतिक पर्यावरण आएको पाइन्छ । उपन्यासमा राउटे र कुसुण्डा जातिको पोसाकको सन्दर्भलाई यसरी व्यक्त गरिएको छ- "यिनीहरूले अल्लो, भाँगो, सिस्नु र सनपाटको रेसा निकालेर त्यसको भांग्रा बुन्दछन् ...नारी र पुरूषको पहिरन एकै किसिमको हुन्छ, पुरूषले भांग्राको गादो, कछाड लगाउँछन् ...नारीहरूको लागि बस्ती या गाउँबाट भालुको पित्त, चितुवाको छाला ... घरबुना कपडा साटेर त्यसैको गादो र घोती बनाएका हुन्छनृ" (२५) । प्रस्तुत उद्धृतांशमा राउटे र कुसुन्डा प्रजातिका मानिसको खानपान र पोषकका विषयलाई देखाइएको छ । प्रस्तुत उपन्यासमा राउटे प्रजातिका मानिसले पत्नीको धोती फाट्यो भने पतिको फेटा बनाएको सन्दर्भमा प्राकृतिक पर्यावरण व्यक्त भएको छ ।

*रामछायाँ* उपन्यासमा सुर्खेतको आसपासको जङ्गल र सिन्जाको प्राकृतिक पर्यावरण पर्याप्त मात्रामा आएको पाइन्छ । प्रस्तुत उपन्यासमा सुर्खेत नजिकको महाभारतको डाँडोको जङ्गलमा बस्ने राउटे, कुसुण्डा, मानुषको जीवनशैलीगत प्रस्तुति यसरी आएको छ- "राउटे र कुसुण्डा यी वनका राजाले वनका जनावरलाई थर्कमान पारेका हुन्छन्" (३३) । यस उद्धृतांशमा सुर्खेतको महाभारत डाँडोको जङ्गलमा बसोबास गर्ने राउटे कुसुण्डा प्रजातिका मानिसको प्रकृति प्रस्तुत भएको छ । उपन्यासमा वर्षाको समयमा मानुषकी पत्नीले सहजै खोला तरेको चित्रणमा प्राकृतिक पर्यावरण आएको छ । प्रस्तुत उपन्यासमा जङ्गलमा सिकारका लागि गएका सिकारी दलका मानिसले जङ्गल विचरण गरेको सन्दर्भमा प्राकृतिक पर्यावरण आएको छ । उपन्यासमा युवराजले पिउने पानीको मूल जङ्गलको मध्यभागमा रहेको सन्दर्भले प्राकृतिक पर्यावरणलाई देखाएको पाइन्छ । उपन्यासमा प्रयुक्त स्थान, जाति, पोसाकजस्ता राउटे र कुसुण्डाका जीवनशैलीमा प्राकृतिक पर्यावरण व्यक्त भएको देखिन्छ । उपन्यासमा सिकार र जङ्गलमा पाइने कन्दमूलका भरमा जीवनयापन गर्ने राउटे, कुसुण्डा

र मानुष जातिको सामाजिक जीवनपद्धतिमा प्राकृतिक पर्यावरण प्रस्तुत भएको छ । उपन्यासमा राउटे र कुसुण्डा जातिको एकआपसमा भएको अभिव्यक्तिलाई यसरी देखाइएको छ- "सुनखानीको हामीलाई पत्तो छैन, हामीले जंलमा हिँड्दा सुनका टुक्रा भेटाउँछौं, किरा र मुसाले खनेका कतैकतैका प्वालको मुखमा माटोसँग मिलेका सुनको धुलो भेटाउँछौं, कतै पहराको फेदीमा ढुङ्गासँग मिलेको सुनको धाउ फेला पार्दछौं" (३५) । यस उद्धृतांशमा राउटे र कुसुन्डा प्रजातिले त्यस स्थानको प्रकृतिप्रदत्त स्रोतको चर्चा गरेको देखाइएको छ । उपन्यासमा रती र लटीका आमा सती लैजाने समयमा भागेको वर्णन यसरी गरिएको छ- "सिञ्जाखोलाको दायाँ किनारमा तीस-चालीस हात तल दुई-चार ठूलाठूला ढुङ्गाका ढाँडहरू थिए, त्यसैमा लुकेका छन् कि भनेर... तर तिनीहरूले केही पनि देख्न सकेनन्" (६०) । यस उद्धृतांशमा रती र लटीका आमाहरू सती जानबाट फुत्केर अनेक हन्डर खाँदै राउटे र कुसुण्डाको बस्तीमा पुगेको विषयलाई प्रकट गरिएको छ । प्रस्तुत उपन्यासमा आएका यस्ता तथ्यहरूले प्राकृतिक पर्यावरणलाई चित्रित गरेका छन् ।

*रामछायाँ* उपन्यासमा प्राकृतिक सौन्दर्यको चित्रण पात्रको मनोविज्ञान र सामाजिक जीवनका समस्यासँग जोडिएर आएका छन् । उपन्यासमा सिञ्जा बलियो राज्य, राजकुमारको वीरता, आत्मीयप्रेम, जङ्गलको वर्णन, राउटे, कुसुण्डा र मानुषका जीवनशैलीको चित्रणमा प्राकृतिक पर्यावरण व्यक्त भएको पाइन्छ । यसर्थ प्राकृतिक पर्यावरणका दृष्टिले प्रस्तुत उपन्यास विवेच्य देखिन्छ ।

मोहनबहादुर मल्लका सामाजिक तथा ऐतिहासिक यथार्थमा आधारित समग्र उपन्यास प्राकृतिक पर्यावरणको प्रयोग सशक्त रूपमा गरिएको पाइन्छ । उनका उपन्यासमा प्राकृतिक प्रर्यावरणभित्र भूगोल, जलवायु, वनस्पति र जीवजन्तुको वस्तुपरक चित्रण गरिएको छ । स्थानगत दृश्य, ध्वनि र अनुभूतिको संयोजनले उपन्यासलाई थप मार्मिक बनाएको छ । उपन्यासमा भूगोल, जलवायु, वनस्पति र जीवजन्तुको यथोचित प्रयोगले पात्रका बाह्य र आन्तरिक पक्षमा गहिरो प्रभाव पारेको पाइन्छ । यसै प्रभावका कारण पात्रमा सामाजिक परिवर्तनको चेतना जागृत भएको छ । यसर्थ मल्लका समग्र उपन्यासमा प्राकृतिक पर्यावरणको यथोचित प्रयोग भएको देखिन्छ ।

## ३.४ मल्लका उपन्यासमा सामाजिक पर्यावरण

मोहनबहादुर मल्लका *उजेली छामा, मायारानी, पञ्चायत, समयको हुरी, भुमरी, बहादुर नजर, जेली* र *रामछायाँ* उपन्यासहरू सामाजिक तथा ऐतिहासिक यथार्थमा आधारित रहेका छन् । उनका उपन्यासमा मानवनिर्मित संरचना, संस्कृति र विचारधारा सामाजिक पर्यावरणका रूपका आएका छन् । प्रस्तुत उपन्यासमा सामाजिक पर्यावरणले समय, स्थान र समाजका मुद्दालाई प्रकट गरेको पाइन्छ । मानवनिर्मित संरचना र सम्बन्धले पात्रको सोच र व्यवहारमा प्रभाव पार्दछ । वर्ग, जात, लिङ्ग र धर्मका आधारमा समाजको गठन हुन्छ । समाजका मूल्य, विश्वास र परम्पराले व्यक्तिको व्यवहार र विचारमा प्रभाव पार्दछ । समाजका सामाजिक, आर्थिक राजनीतिक, शैक्षिक र सञ्चारिक पक्षले व्यक्तिको सोच र चेतनामा प्रभाव पार्दछ । उनका उपन्यासमा ऐतिहासिक घटना, सांस्कृतिक परम्परा र सामाजिक सन्देश आएका हुन्छ । सामाजिक पर्यावरणले उनका उपन्यासमा प्रयुक्त पात्रका सोच र व्यवहारमा प्रभाव पारेको देखिन्छ । यसर्थ सामाजिक पर्यावरणका आधारमा मल्लका उपन्यासको विश्लेषण गरिएको छ ।

### ३.४.१ *उजेली छामा* उपन्यासमा सामाजिक पर्यावरण

मोहनबहादुर मल्लको *उजेली छामा* (२००८) उपन्यासमा ग्रामीण समाजका चालचलन, रीतिरिवाज र अशिक्षाका कारण उजेली, पातली, सुवर्णध्वजजस्ता पात्रले भोल्नुपरेका दुःख प्रकट भएका छन् । प्रस्तुत उपन्यासमा उजेली पात्रको विवाहका कारणबाट सामाजिक समस्या उत्पन्न भएको छ । उपन्यासको आरम्भनै विवाहको प्रसङ्गबाट भएको छ । उपन्यासमा केसरीले उजेलीको विवाहका सन्दर्भमा दिएको अभिव्यक्ति यसरी "छामाले दिएको ठाउँमा म नाइँ भन्ने छैन" (३) आएको छ । यस उद्धृतांशमा त्यस समयका नारी अभिभावकको आज्ञापालक रहेको देखाइएको छ । प्रस्तुत उपन्यासमा अभिभावकको गरिमालाई स्थापित गर्न पातलीको अनुमतिविना उजेली विवाहका लागि मञ्जुर नहुनुमा सामाजिक पर्यावरण पाइन्छ । उपन्यासमा विवाह हुँदा दुलहीका लागि गहना हुनुपर्ने सांस्कृतिक चिन्तनमा उजेलीकी दिदी पातलीले गहनाको विषयमा उठाएको सन्दर्भमा सामाजिक पर्यावरण आएको छ । उपन्यासमा रामपुरे पण्डितको फटाहा व्यवहारबाट ल्वामेलाई अदालत पुऱ्याउनु, रैमटेको घरमा चोरी गराएर साहिँलो मुखियालाई दोषी बनाउनु, सौतेनी आमाको छलकपटमा परी उजेलीले नचाहँदा पनि विवाह हुनु, ल्वामेले छोरोलाई घरको आँटिमा लुकाएर

आँधीखोलाले बगाएर ल्याएको लाश सुवर्णध्वजको खेतमा गाड्नुजस्ता क्रियाकलापमा सामाजिक पर्यावरण आएको छ । उपन्यासमा स्याङ्जा जिल्लाअन्तर्गत आँधीखोलाको किनारमा बस्ने मानिसको जीवनशैलीलाई यसरी देखाइएको छ- "भोक लागेर मरूँला जस्तो हुनलागेको छ केही खान दिनोस् भन्दा उल्टो छामा आग्लो मारेर भित्र बस्नुहुन्छ" (७) । यस उद्धृतांशमा आँधिखोलाको किनारमा बस्ने मानिसका जीवनशैलीको चित्रण गरिएको छ । उपन्यासमा आएका यस्ता घटनाक्रमले सामाजिक पर्यावरणलाई दर्साएको देखिन्छ ।

*उजेली छामा* उपन्यासमा छिमेकीले पत्तो नपाउने गरी रातको समयमा उजेलीलाई माग्न ल्वामेले पण्डितलाई लिएर गएको छ । यसै प्रसङ्गमा विचार लिन खोज्दा उजेली नबोली दिदीलाई देखाउँदा पण्डितको अभिव्यक्ति यसरी प्रकट "भयो-भयो त्यति भए भयो, नानी केही बोलिनन् मञ्जूर गरिन्" (१३) भएको छ । यस उद्धृतांशमा त्यस समयमा विवाहका सन्दर्भमा नारीमाथि बाध्यात्मक स्थिति सिर्जना गरेको देखाइएको छ । उपन्यासमा पातलीले छोरो जन्माउन नसक्नु र आफ्नै घरमा बसेकी साली उजेलीको चढ्दो उमेरदेखि सुवर्णध्वज लोभिनु तथा उजेलीको सहमति बिना सौतेनी आमाले ल्वामेको छोरो च्याखुरेसँग छोरीको भविष्य भन्दा पनि कामको लोभमा विवाहको मञ्जुरी दिनुमा सामाजिक पर्यावरण आएको पाइन्छ । उपन्यासमा अरूलाई दुःख दिएर रमाउने मनोवृत्ति र नारीका समस्यालाई यसरी प्रस्तुत "बल्ल नानीलाई आज दनक भएको छ, मलाई हुनसम्मका दुःख दिएका पो हुन् त" (१५) गरिएको छ । यस उद्धृतांशमा सौतेनी आमाले उजेलीप्रति कटाक्ष गरेको सन्दर्भलाई देखाइएको छ । यस्ता प्रवृतिहरू त्यस समयको समाजमा विद्यमान रहेको देखिन्छ । उपन्यासमा उजेलीको विवाहको विषयमा उत्पन्न समस्या निराकरण गर्न सुवर्णध्वज कुटीमा पुग्दा स्वामीको अभिव्यक्ति यसरी आएको छ- "दातामाताहरूको नै भरमा बाँचेको म शिव शिव तिमीलाई लुकाउनु पर्ने कुरा के छ, जसको खायो सीता, उसैको गायो गीता" (२४) । यस उद्धृतांशमा स्वामी पात्रले सुवर्णध्वजका घरमा समस्या उत्पन्न हुँदा मिलाउने सन्दर्भमा आर्थिक प्रलोभनमा परेको कुरा देखाइएको छ । उपन्यासमा समस्याको समाधान गरिदिने सन्दर्भमा स्वामीले सुवर्णध्वजसँग आर्थिक लाभ लिन खोजेको अभिव्यक्ति यसरी आएको छ- "तिम्रो गोठमा तीन चारवटा लैना भैंसी छन् अरे, शिव शिव दुधालु त हामी नाङ्गो पैसा दिन नसक्नेलाई कहाँबाट मिल्थ्यो, शिव शिव यौटा चोक्रोसम्म पाए पनि जय जय मनाउने थिएँ" (२५) । यस उद्धृतांशमा समस्याको निराकरण गर्न स्वामीले सुवर्णध्वजसँग आर्थिक लाभ

उठाउन खोजेको कुरालाई देखाइएको छ । उपन्यासमा प्रयुक्त पात्रका यस्ता क्रियाकलापले सामाजिक पर्यावरणलाई स्पष्ट पारेको पाइन्छ ।

*उजेली छाया* उपन्यासमा रामपुरे पण्डितको स्वार्थी भावनाले समस्या उत्पन्न गरेको छ । पण्डितले उजेलीको विवाहका सन्दर्भमा दिएको अभिव्यक्ति उपन्यासमा यसरी प्रकट "म विहा गर्छु भन्दै स्वास्नी मानिस को बक्छ ? बोलिनन् स्वीकार गरिन् बेसै भयो" (२६) गरिएको छ । यस उद्धृतांशमा उजेलीको विवाहका विषयमा मौनता छाउँदा पण्डितले स्वीकार गरेको बुझिनुमा सामाजिक पर्यावरण देखिएको पाइन्छ । उपन्यासमा उजेलीलाई विवाहका लागि मञ्जुर गराउने सन्दर्भमा देखिएको अवस्थाको चित्रण यसरी गरिएको छ- "जब कौरबी सभामा आफ्नो एकमात्र हर ढाकेको वस्त्र उतारिने भन्ने निर्णय रानी द्रौपदीले सुनिथिन्, उनका ती बाह्य नयनले काम दिनछाड्यो, उनले एक कृष्ण भगवान् सिबाय दोस्रो देखिनन्, त्यही ठीक उजेलीको भयो" (२६) । यस उद्धृतांशमा पण्डित र सौतेनी आमाले उजेलीका मनमा पीडा उत्पन्न गरेको देखाइएको छ । उपन्यासमा सौतेनी आमाले उजेकीको विवाह अनुकूलको मानिस ल्वामेको छोरोसँग गर्न खोज्नु, उजेलीलाई दिदी पातलीले घरमा राख्नु, पातली रोगी हुनाले सुवर्णध्वज उजेलीसँग आकर्षित हुनुजस्ता घटनाक्रममा सामाजिक पर्यावरण आएको छ । उपन्यासमा विरामी हुँदा उपचारका लागि धामी बसेर रोगको निदान गर्ने प्रचलनका साथै कसैको घरमा चोरी भएको खण्डमा धनु लगाएर कसैलाई चोर साबित गर्नुजस्ता विषयमा सामाजिक पर्यावरण आएको पाइन्छ । प्रस्तुत उपन्यासमा पातलीको उपचारका लागि प्रसिद्धि कमाएको धामी बोलाउनु र धामीले परेवा, बोका, कुखुरा, हाँसजस्ता पशुपक्षीको काटमारले समाजमा पार्ने प्रभावलाई यसरी देखाइएको छ- "घर घरमा आइमाईहरूले धामी राख्ने भनेर लोग्ने मान्छेहरूलाई दिग्दार पार्नलागे, ... यो एक विचारणीय कुरो छ कि जुन समाज मध्यकालाई नै बोक्सीको आरोप मिलेको छ उसै समाजले नै त्यसैको ज्यादा भर विश्वास मानेको छ" (३३) । यस उद्धृतांशमा घरमा धामी राख्ने अनि समाजमा रिस उठेका मान्छेलाई बोक्सीको आरोप लगाउने र रोगको उपचार गर्ने कुरा प्रस्तुत गरिएको छ । उपन्यासमा चित्रित यस्ता क्रियाकलापले सामाजिक पर्यावरणलाई दर्साएको पाइन्छ ।

*उजेली छाया* उपन्यासमा परम्परागत मान्यता र पात्रमा देखिएको सोझोपनले सामाजिक समस्या उत्पन्न गरेको छ । उपन्यासमा समाजका परम्परित प्रचलन, शोषक र

जनसामान्यमा घटेका घटनाको चित्रण यसरी गरिएको छ- "त्यो गाउँका लाटा सुधा रैतीहरूको हालत यस्तै भयो, जब उनीहरूलाई थाहा भयो सुवर्णध्वजको त्यो हविगत उनीहरूको सहिछापको कारणबाट नै भयो, तब उनीहरूले आफूलाई धिक्कार्न र आफ्नो बेकूफी माथि खेद प्रकट गर्न लागे" (८९) । यस उद्धृतांशमा त्यस समाजका परम्परित प्रचलन र शोषणको पर्दाफास गरिएको छ । उपन्यासमा तत्कालीन समयको समाजका क्रियाकलापलाई यसरी "मुद्दा चलाउन पाए भयो, कोही जित्नाले लाभ होस् या नहोस् त्यसको ख्याल थिएन" (९५) देखाइएको छ । यस उद्धृतांशमा कसैमाथि विवाद उत्पन्न हुँदा मुद्दा चलाउने त्यस समाजको विशेषता रहेको विषयलाई प्रस्तुत गरिएको छ । उपन्यासमा पातलीले घरगृहस्थीको समग्र जिम्मेवारी निभाउनु तर छोरो पाउन नसक्दा उजेलीप्रति सुवर्णध्वज लोभिनु, सेनामा जागिर खाने व्यक्तिसँग सौतेनी आमाले उजेलीको विवाह गरिदिनु र श्रीमान्को देहान्त हुनु, पातलीका श्रीमान् र श्रीमतीमा आपसी मनमुटाव हुनु र निराकरणका लागि उजेलीलाई घरमा बोलाउनुमा सामाजिक पर्यावरण आएको छ । उपन्यासमा ल्वामेले सुवर्णध्वजलाई छोरो मारेको अभियोगमा अदालतमा मुद्दा दायर गरेको विषयमा पातलीले समाजका मानिससँग हारगुहार गर्नु, रामपुरेजस्ता फटाहा मानिसले ल्वामेलाई साथ दिनु र स्वामी तथा साहिँलो मुखियाले पातलीलाई लुकेर साथ दिनुमा सामाजिक पर्यावरण आएको छ । प्रस्तुत उपन्यासमा पातलीको पक्ष लिँदा रैमटेको घरबाट कसौँडी चोरी गरी साहिँलो मुखियाको घरमा राख्नु र रैमटेले धनु लगाउँदा साहिँलो मुखियाको घरमा धनु रोकिनु तथा खानतलासी गर्दा मुखियाको घरमा कसौँडी भेटिनु, रैमटेले साहिँलो मुखियालाई रूपियाँ चोरेको आरोपमा अदालतमा मुद्दा दायर गर्नुजस्ता प्रतिशोधका भावनामा सामाजिक पर्यावरण आएको पाइन्छ । उपन्यासमा सुवर्णध्वजलाई च्याखुरे मारेको आरोपमा बयान लिनु, सर्जमिनमा जम्मा भएका मानिसले लाश भेटिएको खेत धनीले मारेको बयान दिनु र निर्दोष सुवर्णध्वज जेल जानुमा सामाजिक पर्यावरण आएको स्पष्ट हुन्छ ।

*उजेली छामा* उपन्यासमा रामपुरे पण्डित र स्वामीले जालसाजीपूर्ण क्रियाकलाप गर्नु, पातलीको उपचारमा धामीझाँक्री बसाउनु, सुवर्णध्वज र पातलीका बिचमा अन्तर्निहित गाढा प्रेम रहनु, टुहुरी बहिनीलाई दिदीले आफ्नो घरमा राख्नु, सालीको उमेरलाई देखेर भिनाजु आकर्षित हुनु, विवाहपछि पनि सानी माइतमा नै बस्नु आदि सन्दर्भमा सामाजिक पर्यावरण आएको पाइन्छ । उपन्यासमा नन्द सानीका कारण उजेलीलाई पतिको घरमा बस्न समस्या हुनु, उजेलीको विवाहसम्बन्धी विषयमा सुवर्णध्वजलाई ज्यानमारेको अभियोगमा

ल्वामेले अदालतमा मुद्दा दायर गर्नु, पातलीलाई समस्या परेको समयमा सहयोग गरेका कारण साहिँलो मुखियालाई चोरीको आरोप लगाउनु, गाउँमा धनु लगाएर मुखियाको घरबाट कसौँडी निकाल्नु, अदालतमा एक हजार रूपियाँको बिगो कसेर रैमटेले मुद्दा दायर गर्नु, विवाहपछि गहनाले सजिएर उजेली दिदीको घरमा आउनु, घरमा हुँदा केसरीले लाहुरे भेषमा उजेलीको कोठामा प्रवेश गरी सतित्व लुट्ने असहज काम गर्नु, सासू र नन्दले उजेलीलाई विविध आरोप लगाउनु, पातलीको मृत्युपछि अन्तर्निहित गाढा प्रेमबाट सुवर्णध्वजले औषधि वितरण गर्दा अशिक्षित मानिसले विरोध गर्नु, पातलीको मृत्युपश्चात् सुवर्णध्वज र उजेलीका बिच मिलन हुनुजस्ता तथ्यमा सामाजिक पर्यावरण आएका छन् । यसर्थ सामाजिक पर्यावरणका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

### ३.४.२ *मायारानी* उपन्यासमा सामाजिक पर्यावरण

मोहनबहादुर मल्लको *मायारानी* (२००९) उपन्यासमा केन्द्रीय पात्र मायारानी र ललितको जीवनशैलीको चित्रणमा सामाजिक पर्यावरण आएको पाइन्छ । प्रस्तत उपन्यासमा मायारानीको विवाहको प्रसङ्गले सामाजिक समस्या उत्पन्न गरेको छ । यसमा करिब पैंसट्ठी वर्षका उखापोखरीका चौतरियासँग मायारानीको विवाह हुँदा जीवनशैलीमा दुःखदायी हुनु र राज्यले शिक्षामा दृष्टि पुऱ्याउन नसक्दा समाजमा असहज स्थिति सिर्जना हुनमा सामाजिक पर्यावरण आएको पाइन्छ । प्रस्तुत उपन्यासमा नारीशिक्षामा जोड र विविध स्थानगत समाजचित्रणमा सामाजिक पर्यावरण आएका छन् । उपन्यासमा मायारानीको पिता सेनामा रहँदा सैनिक लडाइँमा मृत्यु भएको चित्रणमा सामाजिक पर्यावरण आएको छ । उपन्यासमा एकीकरणका सिलसिलामा पाल्पाका उग्रसेन भारतको बनारसमा गएको बेलामा मृत्यु हुँदा शान्तिदेवीले पाएको दुःखमा सामाजिक पर्यावरण आएको छ । प्रस्तुत उपन्यासमा नेपालको एकीकरणका समयमा भागेर भारतमा गएका राजा तथा रजौटाको जीवनशैलीको चित्रण यसरी गरिएको छ- "आफ्नो पति परलोक भएपछि शान्तिदेवीलाई दुःख पर्न गयो, उनको साथमा भएको धनमाल चोरी भयो, पर्देशको ठाउँ आफ्नो भनेको कोही नाइ, उनलाई साफ गोता भयो, ...शान्तिदेवीले चारखाने धागो कातेर आफ्नो जीवन निर्वाह गर्न लागिन्" (९) । यस उद्धृतांशमा शान्तिदेवीको श्रीमान्को मृत्युका कारण जीवनशैली दुखदायी बन्नाले धागो कातेर जीवननिर्वाह गरेको देखाइएको छ । यसले सामाजिक पर्यावरणलाई झल्काएको छ ।

*मायारानी* उपन्यासमा उखापोखरीको चौतरिया, पण्डित तथा दरबारमा रहेका रूपकली, धनकली, भामाजस्ता सुसारेको क्रियाकलापमा सामाजिक पर्यावरण आएको छ । प्रस्तुत उपन्यासमा चौतरियाको आचरणलाई यसरी "एक सय आठ पुग्यो भने बल्ल माला पुरा हुन्छ, तब त्यसको महिमा ज्यादै छ" (१६) देखाइको छ । यस उद्धृतांशमा चौतारियाले नारीमाथि गरेको यौनशोषणलाई देखाइएको छ । उपन्यासमा नेपाली समाजका भेषधारी योगीका क्रियाकलापमा सामाजिक पर्यावरण आएको छ । उपन्यासमा मायारानीको ललितसँग विवाह गर्ने इच्छा हुँदा पनि आमाले छोरीको चाहना पूरा गर्न नसक्नुमा सामाजिक पर्यावरण आएको छ । उपन्यासमा मायारानीको विवाहको सन्दर्भमा चौतरियाले पण्डितसँग गरेको अभिव्यक्ति यसरी प्रकट "यो काठोसँग कुरै गर्न सकिन्न, जे गरेपनि आफ्नै कुरा माथि पार्छ" (१७) भएको छ । यस उद्धृतांशमा उच्च वर्गीय चौतारियाले ब्राह्मणलाई गरेको अपमानलाई देखाइएको छ । प्रस्तुत उपन्यासमा पण्डितले नाडी परेको वाहाना गरी ललितसँग मायारानीको विवाह नगर्नु र छोरीको विवाह धनी मानिससँग गराउन खोज्नुमा सामाजिक पर्यावरण आएको छ । उपन्यासमा मुखियाले मायारानीलाई प्युठानदेखि रिडीसम्म आउन सहयोग गर्नु र मायारानीले अधिकार स्थापित गर्न नसक्नुमा सामाजिक पर्यावरण आएको छ ।

*मायारानी* उपन्यासमा मायारानीको ललितसँग अन्तर्मन जोडिदा पनि आमाको इच्छामा उखापोखरीका चौतरियासँग विवाह हुनुमा सामाजिक पर्यावरण आएको छ । उपन्यासमा विवाहको सन्दर्भसँग जोडिएको अभिव्यक्ति यसरी प्रकट भएको छ- "जापानी राज-खलकमा मृतक मालिकको नजीकैमा उसको नोकर र घोडा ज्यूँदै टाउको मात्र देखाएर गाड्नु पर्दथ्यो, नत्र उनीहरूको इज्जत जान्थ्यो, यस्तै अनौठाको इज्जत राख्ने चलन संसारमा कैयौं चले, चलेका छन् पनि" (८७) । यस उद्धृतांशमा जापानी राजदरबारमा मालिकको मृत्युपछि उसको इज्जतका खातिर नोकर र घोडालाई टाउको देखाएर जिउँदै गाड्ने गरेको सन्दर्भ व्यक्त गरिएको छ । प्रस्तुत उपन्यासमा समाजमा प्रचलित विवाह र दरबारिया मर्यादामा पतिको मृत्यु हुँदा सती जानुपर्ने सन्दर्भमा सामाजिक पर्यावरण आएको छ । उपन्यासमा मायारानीले भेष परिवर्तन गरी गोरखपुर हुँदै हरिद्वार पुगरे अदृश्य शक्तिका माध्यमबाट ज्यान जोगाउनुमा सामाजिक पर्यावरण प्रकट भएको छ ।

*मायारानी* उपन्यासमा मायारानीको विवाह करिब पैंसट्ठी वर्षका उखापोखरीका चौतरियासँग हुँदा उसको जीवनमा दुःख आउनु, राज्यले शिक्षामा दृष्टि पुऱ्याउन नसक्दा

समाजनिर्माणमा असहज स्थिति सिर्जना हुन, नारीशिक्षामा जोड दिनुका साथै काठमाडौँ, पाल्पा, पोखरा, प्युठान, रिडी, हरिद्वार र गोरखपुरको समाजचित्रणमा सामाजिक पर्यावरण आएको पाइन्छ । उपन्यासमा आएका यिनै तथ्यमा सामाजिक पर्यावरण प्रकट भएको छ । यसर्थ सामाजिक पर्यावरणका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

### ३.४.३ *पञ्चायत* उपन्यासमा सामाजिक पर्यावरण

मोहनबहादुर मल्लको *पञ्चायत* (२०१०) उपन्यासमा समाजका प्रतिनिधि मानिएका प्रधान, मुखिया, साहु, पण्डित र पञ्चभलादमीका व्यवहार प्रकट भएका छन् । प्रस्तुत उपन्यासमा सान्नानीलाई लोग्नेको मृत्यपछि जेठाजु हरिहरले अंशभाग नदिएर घरबाट निकाला गर्नु, सान्नानीले पञ्चायतमा उजुरी गर्दा न्याय दिलाउनुको सट्टा समस्या उत्पन्न गर्नु, गाउँको प्रधानपञ्च बन्न नयाँ साहुले जालझेल गर्नु, समाजका सम्पन्न मानिसले मागी वा जारी जसरी भए पनि बहुविवाह गर्नुजस्ता जीवनशैलीगत क्रियाकलापमा सामाजिक पर्यावरण आएका छन् । यसै प्रसङ्गमा जोडिएर नयाँ साहुको छोरो चञ्चलको सामाजिक क्रियाकलाप उपन्यासमा प्रकट भएको छ । उपन्यासमा पाखोपखेरोमा गाईवस्तु चराउन जाँदा सरलले दौडमा जितेर आफूलाई राजा भएको सुनाउँदा साहुको छोरो चञ्चलले दिएको अभिव्यक्ति यसरी “यी राजा हुने नाथे, उस्की आमाले ढिकीजातो नगरे मुखमा माड लाग्दैन” (३) आएको छ । यस उद्धृतांशमा चञ्चलले आफ्ना साथीहरूलाई हेयका भावबाट हेरेको देखाइएको छ । प्रस्तुत उपन्यासमा मधुले पाएको दुःख, सान्नानीले जेठाजु हरिहरबाट पाएको तिरस्कार, उप्रेत खगनाथले साहुबाट लिएको घोडा र पैसाको चर्चा, साहुको छोरोले बिचारीकी छोरी भगाएको सामाजिक प्रसङ्ग आएका छन् । उपन्यासमा नाक र कानमा गहना लगाउनु, शृङ्गार गर्नु सुन्दरताका लागि मात्र नभई शरीर, नाक र कानको सुरक्षा तथा आन्तरिक गुणलाई बोध गराउने सन्दर्भमा सामाजिक पर्यावरण व्यक्त भएको पाइन्छ । प्रस्तुत उपन्यासमा गहनाको सन्दर्भलाई यसरी देखाइएको छ- “मधूको सेतो निधारमा लाएको जडौरी टीका कालो कपाल तहलाएको झल्कने च्यापे पछाडि कपालमा स्यूरेको झिल्के किलिप, कानको हल्लने यारिङ, गोलिगांठो छुन खोजेको गउनको घांघर, छोटो गजे टाटिनको पातलो पछेउरा, बाटुलो नारीमा टम्म मिलेको रेशमी चुरा सलक्क परेको औँलामा लगाएको हावादार औँठी” (४) । प्रस्तुत उद्धृतांशमा मधुका पहिरनमा देखिएको आकर्षणलाई

देखाइएको छ । उपन्यासमा चित्रित यिनै सन्दर्भले सामाजिक पर्यावरणलाई प्रकट गरेको देखिन्छ ।

*पञ्चायत* उपन्यासमा धर्म र संस्कृतिलाई एक अर्काका पर्याय मानिएको छ । मन्दिरमा जाने, धार्मिक आस्थाको केन्द्रमा श्रद्धाले शिर निहुराउने, घरमा सत्यनारायणको पूजा लगाउनेजस्ता क्रियाकलापलाई उपन्यासमा यसरी व्यक्त गरिएको छ- “उप्रेत खगनाथ रातमा चार पाँच ठाउँमा सत्यनारायणको कथा सक्दछन्” (१७-१८) । प्रस्तुत उद्धृतांशमा ब्राह्मणले लोभका भरमा एकै रातमा धेरै ठाउँमा पूजा सम्पन्न गरेको विषय प्रस्तुत भएको छ । उपन्यासमा मानिसले अर्काको श्रीमती ल्याएको खण्डमा जारी बुझाउने, जारी गरेर श्रीमती थुपार्ने, आफ्नी श्रीमती कसैले लगेमा बल प्रयोग गरेरै भए पनि गहना र नगद असुल गर्ने, विवाहको समयमा घडी थाप्ने र घडीवालले रातको समयमा गर्ने कपटपूर्ण व्यवहारगत प्रस्तुति यसरी आएको छ- “लगनको बेला भएन ? तारका तार यो सोधाई जग्गेबाट आउँथ्यो, उसले झट् घडीको प्वाल ठूलो गराएर चाँडै डुबाउथ्यो” (२०) । यस उद्धृतांशमा तत्कालीन समयको विवाह विधिको सन्दर्भ आएको छ । यसबाट सामाजिक पर्यावरण व्यक्त भएको देखिन्छ । उपन्यासमा श्रीमान्को मृत्युपछि सान्नानीको जीवनमा उत्पन्न आर्थिक समस्यागत प्रस्तुति यसरी आएको छ- “घर आउन पऱ्यो, हाम्रो साथमा पैसा थिएन, गहना भन्नुमा मेरो एकजोर ढुंगुरी थियो सो बेचेर बाटोखर्च बनाइयो” (२७) । यस उद्धृतांशमा सान्नानीको श्रीमान्को प्रदेशमा मृत्यु हुँदा बालबच्चा लिएर आफ्नो घर फर्कने बाटो खर्च पनि नभएको विषयगत प्रस्तुति आएको छ । उपन्यासमा उमेर भएका महिलाले शरीरमा गहना झल्काउन नपाउँदा इज्जत धरापमा पर्ने सान्नानीकी आमाको प्रस्तुति यसरी आएको छ- “मधूको एकजोर यारिङ थियो, सोही मासेर पति देबको काज कृया उतार्न पऱ्यो, बिचरी तरूनी बरूनी मान्छेको नाख कान रित्तै छ” (२७-२८) । यस उद्धृतांशमा सान्नानीको पतिको मृत्युमा काजक्रिया गर्ने खर्च पनि नभएर गहना बेची अन्त्यकर्म सम्पन्न गरिएको व्यक्त भएको छ । उपन्यासमा आएका यिनै सन्दर्भमा सामाजिक पर्यावरण प्रकट भएको पाइन्छ ।

*पञ्चायत* उपन्यासमा बूढो हजुरबुबाको श्राद्धको विषय सान्नानीको मुखबाट व्यक्त भएको र रघु श्राद्धको निमन्त्रणा गर्न पुरेतको घरमा गएको वर्णनमा सामाजिक परम्परा प्रकट भएको छ । यस्तैगरी राँके सङ्क्रान्ति र माघे सङ्क्रान्तिजस्ता पर्वमा निमन्त्रणा नगरीकन ब्राह्मणले यजमानका घरमा गएर आशीर्वचन दिएको सन्दर्भ उपन्यासमा यसरी

आएको छ- “आज माघे सक्रान्ती, भलो खानु, भलो लाउनु, भलो घरमा बस्नु, हुनेखानेहरूको दैलोमा गएर बाहुन बाजेहरू पाती पढे” (३८) । यस उद्धृतांशमा तत्कालीन समयका ब्राह्मणले चाडपर्वमा घरघरमा पुगी आशीर्वचन दिएर अर्थोपार्जन गरी जीवनशैली चलाएको देखाइएको छ । उपन्यासमा गाउँले प्रमुखको निर्देशनमा गरिएको सामाजिक क्रियाकलापलाई यसरी प्रस्तुत गरिएको छ- “कसैले देशबाट गाउमा रूपैया ल्याएको पत्तो भयो भने नयाँ साहूकहाँ गुप्त बैठक बसिहाल्दथ्यो, गाउमा लोग्ने नभएकी आइमाई गर्भ धारण गरी भने उसलाई ठूलो सम्मानसाथ नयाँ साहूको मानिसको घर राखिन्थ्यो र उसका नाठाहरू भित्रितवरले निचरीसकेपछि आफूहरूलाई मनलागेको मान्छेलाई पोल्न लगाइन्थ्यो (४०-४१) । यस उद्धृतांशमा माथिल्लो वर्गका मानिसले तल्लो वर्गका मानिसलाई अनेक बहानामा शोषण गरी माथि उठ्न नदिएको विषयलाई प्रकट गरिएको छ । प्रस्तुत उपन्यासमा चैतीको कपटपूर्ण विवरणका कारण रघु र मधुका बिचमा भएको प्रेम सम्बन्ध सफल हुन नसकेको चित्रण आएको छ । यसमा चैतीबाट बिग्रेको रघु र मधुका बिचको सम्बन्धलाई सरलका माध्यमबाट स्थापित गरिदिएको देखाइनुमा सामाजिक पर्यावरण व्यक्त भएको छ ।

*पञ्चायत* उपन्यासमा नयाँ साहुले चुनाब जित्नका लागि उप्रेत खगनाथलाई चढ्ने घोडा दिएको अनि एक हजार रूपियाँ हातमा हालिदिएको सन्दर्भमा सामाजिक पर्यावरण आएको छ । उपन्यासमा सान्नानीको लोग्ने जागिरमा गएको समयमा देहान्त भएको र जेठाजु हरिहरले भाइले जागिरमा रहँदा कमाएको सम्पत्ति लुकाएर राखेको आरोपमा पञ्चायतमा मुद्दा हाल्नु र पञ्चायतले हरिहरलाई जिताएर सान्नानीलाई अरूको पाखो कमाएर जीवननिर्वाह गर्नुमा सामाजिक पर्यावरण व्यक्त भएको छ । उपन्यासमा नयाँ साहुको साख घट्दै गएपछि अन्याय विरूद्धमा अधिकारका लागि आवज उठाएको सन्दर्भमा सान्नानीको अभिव्यक्ति यसरी प्रकट भएको छ- “मेरो यो प्रतिज्ञा छ, जहाँसम्म गाउँलेले जेठाजुबाट हाम्रो अंशपात फिर्ता गरिदिन्न, म यहाँबाट हटदिन, बरू मरेर मेरो लास हटला, खरानी हटला, त्यसैमा मलाई सन्तोष छ, आनन्द छ” (७१) । प्रस्तुत उद्धृतांशमा आफ्नो श्रीमान्को मृत्युपछि जेठाजुले घरको अंशभाग नदिँदा सान्नानीमा उत्पन्न साहसलाई देखाइएको छ । उपन्यासमा आएका यिनै तथ्यहरूले सामाजिक पर्यावरणलाई प्रस्तुत गरेका छन् ।

*पञ्चायत* उपन्यासमा समाजका प्रतिनिधि प्रधान, मुखिया, साहु, पण्डित र पञ्चभलादमीका व्यवहार, सान्नानीको जेठाजु हरिहरले अंशभाग नदिएर घरबाट निकाला

गर्नु, सान्नानीलाई न्याय दिलाउनुको सट्टा समस्या उत्पन्न गर्नु, प्रधानपञ्च बन्न र बनेपछि नयाँ साहुले सामाजिक जालझेल गर्नुजस्ता तथ्यमा सामाजिक पर्यावरण प्रकट भएको पाइन्छ । यसर्थ सामाजिक पर्यावरणका दृष्टिले प्रस्तुत उपन्यास उपयुक्त देखिन्छ ।

### ३.४.४ समयको हुरी उपन्यासमा सामाजिक पर्यावरण

मोहनबहादुर मल्लको *समयको हुरी* (२०१५) उपन्यासमा धनमती, विद्यामती, पद्मीजस्ता नारीका वेदना र शैक्षिक चेतनाका विषय आएका छन् । प्रस्तुत उपन्यासमा अध्यात्मवादी तथा भौतिकवादी दर्शनले मानिसमा पारेको प्रभाव र पद्मीलाई सर्किनी मान्ने सामाजिक चिन्तनलाई देखाइएको छ । उपन्यासमा तानसेन, दार्जलिङ, रूस, चीनजस्ता स्थानको वैशिट्य झल्किने गरी चित्रण गरिएको छ । प्रस्तुत उपन्यासको भूमिकाअन्तर्गत नेपाली समाज मस्त निद्रामा रहेको, कतिपय देश बिस्तारै अगाडि बढ्दै गएको र सामाजिक जागरणको लहरले मानिसलाई जगाउँदै लगेको देखाइएको छ । एशियाली मुलुकमा जागृतिको लहर चलेको तथा निदाएका उठ्ने, उठेका उभिने, उभिएका हिँड्ने समय आएको अभिव्यक्तिमा सामाजिक पर्यावरण आएको देखिन्छ । उपन्यासमा प्रभाकर कान्छो बुबाको घरमा बस्दा ज्ञानीले सताउनु, आधुनिक शिक्षा आर्जन गर्न गोरखपुर पठाउनु, कान्छो बुबाको मृत्युमा खबर नदिनु, गोरखपुरबाट आउँदा घरमा बस्न नदिनुजस्ता घटनाक्रममा सामाजिक पर्यावरण प्रकट भएको पाइन्छ । प्रभाकरले समाजलाई शिक्षित तुल्याउन नेपाली विद्याश्रम खोलेर अशिक्षित मानिसलाई शिक्षाको उज्यालो छर्नुमा सामाजिक पर्यावरण आएको छ । उपन्यासका न्यूजी र प्रभाकरले छोरी नपढाउने, पद्मीलाई नोकर्नीको उपमा दिने, महिलाले अन्य पुरूषलाई हेर्न नहुने, एउटै आसनमा बस्दा बात लाग्ने, परपुरूषसँग रामरमितामा जान नहुनेजस्ता चिन्तनमा परिवर्तन गरी समतामूलक समाजनिर्माणमा जुटेको देखाइएको छ । प्रस्तुत सामाजिक विकृतिको अन्त्यका लागि दार्जलिङ तथा रूसका सन्दर्भसमेत प्रस्तुत गर्दै अग्रसरता देखाउनुमा सामाजिक पर्यावरण व्यक्त भएको छ । यसै प्रसङ्गमा परम्परागत मान्यतालाई आमा पात्रले आफ्ना छोरीतर्फ लक्षित गरी दिएको अभिव्यक्ति उपन्यासमा यसरी आएको छ- “मैले एक पटक होइन, दुई पटक होइन सय पटक भनेको हो ए बाबा ! छोरीलाई पढाएर के काम न देश प्रदेश गरून् न जागिर खाउन्, न अड्डाखाना धाउन्, घरभित्रको कामकाज धान्नु पर्नेहरूलाई लेखपढको के काम” (३) । यस उद्धृतांशमा नारीलाई शिक्षा आवश्यक नभएको आमा पात्रको अभिव्यक्तिलाई प्रस्तुत गरिएको छ । उपन्यासमा वर्णित

यस्ता घटनाक्रमले सामाजिक पर्यावरणलाई झल्काएको देखिन्छ ।

*समयको हुरी* उपन्यासमा समाज रूपान्तरणका प्रसङ्गको चर्चा गरिएको छ । अध्यात्मवाद र भौतिकवादसँग सम्बद्ध प्रसङ्ग टुपी पालेर निधारमा टीका लगाएकाले लक्ष्मीधरको पक्ष लिएको अनि टुपी फालेकाले न्यूजीको पक्ष लिएको अभिव्यक्ति उपन्यासमा यसरी गरिएको छ- “मुडुला जति न्यूजीको टोलीमा र निधारमा टीका लगाएका जति लक्ष्मीधरको टोलीमा सामेल भए” (११) । यस उद्धृतांशमा अध्यात्मवादको खोल ओडेर समाजमा बेथिति फैलाउने लक्ष्मीधरको चिन्तनलाई प्रस्तुत गरिएको छ । उपन्यासमा न्यूजी पात्रको चिन्तन यसरी प्रकट गरिएको छ- “हाम्रो सोसाइटीमा परेदेखि ओ, साँच्चिकै मान्छे बन्ने नलेज छ, ...तपाईं जस्ता केही जानकारहरू घरबाहिर निस्किदिए- ओ, समाजलाई अगि बढाउन सुगम भैजाने छ, हामी दार्जलिङ्गमा मेल और फिमेललाई- ओ, कुनै भेदभाव राख्दैनौं” (३०) । यस उद्धृतांशमा समाजमा नारी र पुरूषलाई भेद गर्न नहुने विचार व्यक्त भएको छ । प्रस्तुत उपन्यासमा नेपाली विद्याश्रमलाई प्रेमाश्रम शीर्षकमा छद्म नाम राखेर पाल्पाबाट प्रकाशित हुने पत्रिकामा प्रभाकर र न्यूजीका विरूद्ध पटकपटक समाचार प्रसारित गर्नुमा सामाजिक पर्यावरण आएको छ । उपन्यासमा कान्छो बाबुको घरमा उत्तराधिकारीका रूपमा पालिएको प्रभाकर ज्ञानीका आमाछोरीबाट तिरष्कृत हुनु, घरमा बस्न नदिनु, अरूको आश्रय लिनु, भोकै बाटोमा हिँड्नु, बाँच्न ट्युसन पढाउनु, लक्ष्मीधर धनमतीसँग अर्को विवाह गर्न तयार हुनु, न्यूजीका विरूद्ध प्रचार गर्नुजस्ता क्रियाकलापमा सामाजिक पर्यावरण व्यक्त भएको पाइन्छ ।

*समयको हुरी* उपन्यासमा समतामूलक समाजनिर्माणको चर्चा गरिएको छ । यसै प्रसङ्गको चित्रण उपन्यासमा यसरी गरिएको छ- “असक्तहरूको रक्षार्थ गरिएका सबै प्रबन्ध बिफल बनेको देखेर जर्मनीका मार्क्स नामक एक सज्जनले यो धनी-गरीब, ठूलो सानोको पर्खाल नलगाइएको समाजको कल्पना गरे” (४८) । यस उद्धृतांशमा समतामूलक समाजनिर्माण गर्न ठूलो र सानोको पर्खाल तोड्नुपर्ने विचार व्यक्त गरिएको छ । उपन्यासमा तत्कालीन समाजले अछुत मानिएकी नारी पद्मीसँग उच्चशिक्षा प्राप्त युवक न्यूजीको अन्तर्जातीय विवाहको सन्दर्भ चल्नुमा सामाजिक पर्यावरण व्यक्त भएको छ । उपन्यासमा न्यूजीले ढल्कँदो उमेरका लक्ष्मीधरजस्ता मानिसको आचरणलाई यसरी देखाइएको छ- “दिनहुँ नुहाउने, पूजा-पाठ गर्ने, जपमाला फिराउने, बोल्दा बेलाबेलामा नारायणको नाम

उच्चारण गर्ने इत्यादि पुराना नियमहरू छाडेकी थिइनन्, पालन गरेकै थिइन्" (७०) । यस उद्धृतांशमा धर्म र संस्कृतिले मानिसमा पारेको प्रभावलाई व्यक्त गरिएको छ । समतामूलक गतिशील उन्नत समाजनिर्माणको प्रसङ्ग उपन्यासमा यसरी आएको छ- "सती जलाउने, नाक चुल्ठो गर्ने, जार काट्ने, भाउज्यू राख्ने, दासदासी बनाउने इत्यादि पुराना धर्ममा गनिएका चलनहरू हराएको उपमा दिँदै- अब पनि समाजमा धर्मको रूपबाट लुकेका ओखनपाङ्ग्रो बनेका चलनहरू छाँटछुट पार्नाले नै सबको भलाइ छ भन्ने कुरो झल्काए" (९०) । यस उद्धृतांशमा समाजमा विद्यमान रहेको पुरातनवादी चिन्तनलाई हटाउन सके मात्र समतामूलक समाज स्थापित हुन सक्ने विचार प्रकट गरिएको छ । उपन्यासमा धर्मशास्त्रका सन्दर्भमा लक्ष्मीधरले दिएको अभिव्यक्ति यसरी आएको छ- "धर्मशास्त्रमा लेखिएका कुराहरू एउटा नास्तिकको निमित्तमात्र अनपत्यारको कुरो छ, आस्तिकको निमित्त त मान्य नै ठहर्छ" (९१) । यस उद्धृतांशमा धर्मशास्त्रका सन्दर्भ प्रस्तुत भएका छन् । उपन्यासमा न्यूजीको महिलालाई पुरूषसरह स्वतन्त्रता दिनुपर्ने चिन्तन, गतिशील समाजनिर्माणमा दार्जलिङ र रूसका नारीपुरूषलाई दिइएको बराबर अधिकार नेपाली नारीपुरूषलाई पनि दिनुपर्ने सन्दर्भमा सामाजिक पर्यावरण व्यक्त भएको छ ।

*समयको हुरी* उपन्यासमा जातभातका नाममा हुने गरेका विभेदको अन्त्यको चाहना प्रकट गरिएको छ । यसै प्रसङ्गमा आएको चिन्तनलाई उपन्यास यसरी व्यक्त गरिएको छ- "अनेकौं विदेशी खाद्यपदार्थ, कुनै औषधी, कुनै भुटेभटारेको, कुनै पानी नपरेको, कुनै घृतपाक्य, कुनै पयोपाक्य भनेर डकारिन्छ तर नेपालको मुख्यखाना दालभातमा मात्र नखरा गरिन्छ" (९३) । यस उद्धृतांशमा तत्कालीन समाजका खानपान र त्यसको प्रभाव मानिसमा पर्ने कुरा व्यक्त गरिएको छ । उपन्यासमा धार्मिक तथा सांस्कृतिक विषयलाई यसरी व्यक्त गरिएको छ- "घरमा संक्रान्ती पिच्छे सत्यनारायणको पूजा लगाउने चलन थियो, ती सब हटाएर मकर संक्रान्तीमा मात्र लगाउने चलन बस्यो, बडा दशैं र चैते दशैं देवीलाई पञ्चवली चढाउने चलन थियो, त्यो तोडियो र पूजापाठ मात्र बाँकी रह्यो" (१९९) । यस उद्धृतांशमा ठूला चाडपर्वमा धर्मका नाममा देवीलाई बली चढाउने संस्कृति समाजमा रहेको देखाइएको छ । उपन्यासमा प्रभाकरले कान्छी आमासँग दिएको अभिव्यक्ति यसरी प्रकट "माताजीलाई म काशी, गया लगिदिउँला, चारधाम पूरै घुमाइदिउँला, अरू अरू इच्छा लागेका ठाउँमा पुऱ्याइदिउँला" (२२१) भएको छ । यस उद्धृतांशमा त्यस समयका सन्ततिले अभिभावकलाई वृद्धावस्थामा चारधाम घुमाउने गरेको सामाजिक संस्कृतिलाई

देखाइएको छ । प्रस्तुत उपन्यासमा प्रयुक्त उल्लिखित सन्दर्भमा सामाजिक पर्यावरण आएको पाइन्छ ।

*समयको हुरी* उपन्यासमा व्यक्त नारीवेदना, शैक्षिक चेतना, जातीय विभेदको अन्त्यको चेतना र पद्मीलाई सर्किनी मान्ने चिन्तनमा सामाजिक पर्यावरण आएको पाइन्छ । यसर्थ सामाजिक पर्यावरणका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

### ३.४.५ *भुमरी* उपन्यासमा सामाजिक पर्यावरण

मोहनबहादुर मल्लको *भुमरी* (२०१६) उपन्यासमा राजनीतिक दाउपेच, कुमारी आमा, बालविधवा गङ्गा अनि जमुनाजस्ता पात्रका नारीवेदना र तिरष्कृत पात्रका मनोदशागत चित्रणमा सामाजिक पर्यावरण आएको पाइन्छ । प्रस्तुत उपन्यासमा किरणसिंह काठमाडौं लगनटोलमा डेरामा बस्दा गङ्गा र जमुनाको रूप तथा गुणबाट मोहित हुनु र गङ्गाप्रति आन्तरिक रूपमा र जमुनाप्रति बाहिरी रूपमा आकर्षित हुँदा अन्तमा दुबैलाई दार्जिलिङतिर लगेको सन्दर्भमा सामाजिक पर्यावरण आएको छ । उपन्यासमा जमुनासँग साँझको समयमा देखेको मानिसप्रति अन्तर्तहमा लुकेर बसेको गङ्गाको आकर्षण यसरी व्यक्त भएको छ- “बैह्नी बेलुका मैले भनेको नौलो मान्छे, उसको घुंघुरिएको कालो केश, कस्तो सुहाएको हगि ?” (१) । यस उद्धृतांशमा किरणसँग गङ्गाको अन्तर्तहमा लुकेर बसेको आकर्षणलाई देखाइएको छ । यसरी नारी र पुरूषका बिचमा हुने आकर्षणमा सामाजिक पर्यावरण व्यक्त भएको देखिन्छ । प्रस्तुत उपन्यासमा बालविधवा नारीले परपुरूषको अनुहार हेर्न नहुने सामाजिक सन्दर्भ व्यक्त भएको छ । यसैप्रति सङ्केत गर्दै जमुनाले गङ्गालाई विधवा भएर परपुरूषलाई हेर्न नहुने विभार प्रकट हुनुमा सामाजिक पर्यावरण आएको पाइन्छ । उपन्यासमा किरणको साथमा आएका दुईजना नोकर झ्यापी अफिमको नसामा लठि्ठने र चिपिरे रक्सी पिउने तथा किरणको काममा जानकारी नराख्नुमा सामाजिक पर्यावरण व्यक्त भएको छ ।

*भुमरी* उपन्यासमा जमुनाले दिदी गङ्गालाई विधवा भएर पनि परपुरूषलाई हेरेको विषय उठाउँदा र गङ्गाले चुरा, रातो टीका, मङ्गलसूत्र, पोते नलगाएबाट आफू विधवा भएको भावनात्मक स्मृति प्रकट भएको छ । यसै पहिचानगत अभिव्यक्ति उपन्यासमा यसरी प्रकट भएको छ- “गंगा झल्याँस्स भइन्, आफ्ना रित्ता नारी हेरिन्, रित्तो नाक, कान छामछुम

पारिन् तैपनि उनको छुट्टे मेटिएन, ऐना हातमा लिएर आफ्नो मुख सकेसम्म मन अगाउने गरेर हेरिन्" (१) । यस उद्धृतांशमा तत्कालीन समाजमा विधवा नारीले परपुरूषलाई हेर्न नहुने सामाजिक चिन्तनलाई देखाइएको छ । उपन्यासमा गङ्गाको विवाह कुन समयमा कससँग भएको ज्ञान नभएको र विधवा भएको पनि ज्ञान नभएको सन्दर्भबाट तत्कालीन समयमा सानो उमेरमा छोरीको विवाह गरिदिनु र छोरीको भविष्यप्रति बाबुआमाले कुनै जिम्मेवारी नलिनुमा सामाजिक पर्यावरण आएको देखिन्छ । उपन्यासमा किरण उमेरमा परिपक्व हुँदा पनि व्रतबन्ध नभएको र व्रतबन्ध नभएको व्यक्तिले नेपाली संस्कारअनुसार बाबुआमाको किरिया गर्न नहुने सन्दर्भमा सामाजिक पर्यावरण आएको छ । उपन्यासमा किरणका विषयमा जानकारी लिँदा गङ्गालाई झ्यापीले दिएको अभिव्यक्ति यसरी "मालिकनी कहाँ छ र आउने ? अझै मालिकको बर्तवन पनि भएको छैन" (३) आएको छ । यस उद्धृतांशमा किरणका विषयमा गङ्गालाई झ्यापीले दिएको जानकारी व्यक्त गरिएको छ । प्रस्तुत उपन्यासमा किरणलाई किरणकी आमाले बाबुको किरिया गर्नका लागि खर्च पठाएको र किरणले आफ्नो बाबुलाई जीवनमा एकपटकमात्र भेटेको भए पनि किरिया गरेको सन्दर्भमा सामाजिक पर्यावरण आएको पाइन्छ ।

*भुमरी* उपन्यासमा गङ्गाले झ्यापीबाट किरणको पारिवारिक जीवनको अवगत गरेको पाइन्छ । गङ्गा र झ्यापीको अभिव्यक्ति उपन्यासमा यसरी आएको छ- "तिम्री मालिकनी यहाँ कहिले आउने ...मालिकनी कहाँ छ र आउने ? अझै मालिकको बर्तवन पनि भएको छैन, बिहाको कुरा ...तिम्रो मालिकको आमा बाबु छैनन्, यस्तो ढिलो, ब्रतवन्ध गर्न पनि ... के जानम् हामीले ठूलाबढाको कुरा, मलाई आजसम्म केही जानखबर छैन, उहाँको आमा बाबुको" (३-४) । यस उद्धृतांशमा किरणसँग गङ्गाको अन्तर्तहमा लुकेर बसेको आकर्षणका कारण झ्यापीसँग उसको पारिवारिक जीवनको अवगत गर्नुमा सामाजिक पर्यावरण आएको छ । उपन्यासमा रातको समयमा बसेको गोप्य बैठकमा पोसाक परिवर्तन गरी गङ्गा पुग्नुमा महिला र पुरूषको समान सहभागिताका साथै बैठकमा समाज परिवर्तनमा किरणले दिएको अभिव्यक्तिले राजनीतिक चरित्रमा हुनुपर्ने गुण र समाज परिवर्तनमा लेखिएका चिठीमा सामाजिक पर्यावरण आएको पाइन्छ । प्रस्तुत उपन्यासमा किरणकी आमा अफिमको नसामा रातमा हिँड्दा अपहरणबाट विक्रमसिंहले उद्धार गर्दा कुमारीत्व हरण भई किरणको जन्म हुनु र गुपचुप राखी अन्यायलाई सहेर समाजमा कुमारी आमाका रूपमा पीडादायी जीवन बिताउनुमा सामाजिक पर्यावरण आएको छ । उपन्यासमा

समाज कुलतमा लागेको विषयमा किरणले साथी विजयसँग गरेको अभिव्यक्ति यसरी आएको छ- "हाम्रो समाज हेर ! रक्सी, गाँजा, अफीम, जुवा र झगडामा मस्त छ, उ महानिद्रामा घुरिरहेको छ, उसलाई आफ्नो वरिपरिको अवस्थाको ज्ञान छैन, यस्तो पछ्याड नभएको ठाउँमा अगुवा बन्नु आफ्नो ज्यू धन जखमी ठाउँमा लैजानु सिबाहेक दोस्रो कुरो होइन" (१६-१७) । यस उद्धृतांशमा तत्कालीन समाजका मानिस ज्ञानको अभावले रक्सी, गाँजा, अफीम, जुवा र झगडामा लिप्त रहेको सन्दर्भ आएको छ । प्रस्तुत उपन्यासमा आएका यस्ता घटनाक्रमले सामाजिक पर्यावरणलाई दर्साएको पाइन्छ ।

*भुमरी* उपन्यासमा जमुनाको डोला हेर्ने चाहना पूरा गर्ने निहुँमा समाजका मानिसले रातको समयमा बग्गी चढाएर लगेर अफिम सेवन गराई कुमारीत्व हरण भएको पीडाले कुवामा हाम फालेर जीवन अन्त्य गर्न खोज्दा किरणले बचाउनुमा सामाजिक पर्यावरण आएको छ । यसरी नै किरणकी आमा अफिम सेवन गरी रातको समयमा सडकमा हिँड्दा समाजका मानिसबाट बलत्कार हुनबाट विक्रमसिंहले जोगाउनु तर उनीबाटै कुमारीत्व हरण हुँदा किरण जन्मिनुमा सामाजिक पर्यावरण प्रकट भएको छ । सामाजिक त्रास र इज्जतका खातिर दुबैले समाजका अगाडि अत्याचारको भण्डाफोर नगर्नुमा सामाजिक पर्यावरण आएको छ । उपन्यासमा यसै सन्दर्भको अभिव्यक्ति यसरी "देवी, नामर्दसंग नै मानिस मर्द बनेको छ तर मर्दसँग उ मर्द बन्न सकेको छैन" (२४) आएको छ । यस उद्धृतांशमा जमुनाको कुमारीत्व हरण भएको पीडाले कुवामा हाम फालेर जीवन अन्त्य गर्न खोज्दा किरणले बचाएको सन्दर्भलाई देखाइएको छ । उपन्यासमा उमेरअवस्था पुग्दा छोरीको विवाह नगर्नु, कुलतमा लाग्दा सचेत नगराउनु, सामाजिक मर्यादा बचाउन गलत कामलाई दबाएर राख्नुमा किरणकी आमाले किरणलाई लेखेको पत्रात्मक अभिव्यक्ति यसरी आएको छ- "मेरो पूर्ण जवानीमा पुग्दा पनि बिहा हुनसकेको थिएन, विवाहा के कुरोबाट हुन नसकेको हो यो कुराको पत्तो मलाई एकजात छैन, हामीहरू बेलाबेलामा घोट्टाको नशा लिएर झुले बन्न खूब मन पार्दथ्यौं, यसरी घोट्टा लिएर रमाइलो गर्ने दिन छरछिमेकका साथीहरू डोलिन आउँथे" (५७) । यस उद्धृतांशमा उमेरअवस्था पुग्दा छोरीको विवाह नहुनु तथा कुलतमा लाग्दा सचेत नगराउनुजस्ता किरणकी आमाको विचारलाई देखाइएको छ । उपन्यासमा जमुनाकी आमा ठूल्नानी अफीमको नशाले कौशीबाट लडेर मरेको सन्दर्भ प्रकट गरिएको छ । यसबाट त्यस समयका नारीवर्ग अफिमको नसामा लिप्त रहेको स्पष्ट हुन्छ । उपन्यासमा आएका यिनै तथ्यले सामाजिक पर्यावरणलाई व्यक्त गरेको पाइन्छ ।

*भुमरी* उपन्यासमा सामाजिक तथा राजनीतिक दाउपेचका साथै नारीवेदना, अविवाहित आमाको विचार र विधवाका नवीनतम चिन्तन, सहरिया परिवेशका मानिसको आचरण, तिरष्कृत पात्रका मनोदशागत चित्रणमा सामाजिक पर्यावरण आएको पाइन्छ । यसर्थ सामाजिक पर्यावरणका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

### ३.४.६ *बहादुर नजर* उपन्यासमा सामाजिक पर्यावरण

मोहनबहादुर मल्लको *बहादुर नजर* (२०३६) उपन्यासमा बहादुर शाहको एकीकरणगत कार्यकौशलताबाट नेपालको सीमा पूर्वमा टिष्टा र पश्चिममा गण्डकीसम्म विस्तार गर्न सम्भव भएको, राजा रणबहादुर शाहको नायब भएर शासन चलाएको र तत्कालीन दरबारले उनीप्रति अन्याय गरेको प्रसङ्गका साथै प्रेमका नवीनतम प्रयोगमा सामाजिक पर्यावरण आएको पाइन्छ । प्रस्तुत उपन्यासमा बहादुर शाह तनहुँबाट लमजुङ हुँदै पाल्पा जाँदा नोकर चतुरका साथमा पाल्पाको जङ्गलको समाजमा केही समय बिताएको सन्दर्भमा सामाजिक पर्यावरण आएको छ । उपन्यासमा दरबारिया सुखसयलको जीवन बिताएका बहादुर शाह नोकर चतुरका साथमा जङ्गलको समाजमा रहेर राउटे र कुसुण्डाको जीवनपद्धति चलाएको पाइन्छ । प्रस्तुत उपन्यासमा राजप्रसादको जीवनपद्धति बिताएका बहादुर शाहलाई जङ्गली परिकारका विषयमा जानकारी गराउँदा नोकर चतुरले दिएको अभिव्यक्ति यसरी आएको छ- “मालिक आज हडबडमा बनेको कहाँको मीठो खाना हो र ! वन तरूलको भुंग्रे रोटी, पानी सागको तर्कारी, पद्बिनाको अचार, मृग मासुको सेकुवा, बँदेलको बाथ, कम मीठा चीज छन् जंगलमा ?” (२७) । प्रस्तुत उद्धृतांशमा बहादुर शाह एकीकरणका सन्दर्भमा पाल्पामा रहँदा जङ्गलमा प्राप्त हुने कन्दमूल खाएको विषय प्रस्तुत भएको छ । उपन्यासमा जङ्गली समाजको खानपान र गाउँले समाजका मानिसमा भएको सहयोगी भावनामा सामाजिक पर्यावरण आएको छ । बहादुर शाह पाल्पाको जङ्गलमा रहँदा गाउँका मानिसको असल व्यवहारको चित्रण उपन्यासमा यसरी गरिएको छ- “गाउँले आए रित्तो हात नगरेर, दही, दूध, घिउ ठेकामा, चामल, दाल, आलु, तर्कारी डालीमा, नून, खुर्सानी, मरमसला कागतको पुरियामा, भाँडाकुँडा डोकामा अनि खसी पटुवाको डोरीमा, गाउँले सौगात थुप्रियो बहादुर शाह बसेको थलोमा” (२८) । यस उद्धृतांशमा बहादुर शाह पाल्पाको जङ्गलमा रहँदा त्यहाँका मानिसले खानपानका विभिन्न सौगातहरू ल्याइदिएको देखाइएको छ । प्रस्तुत उपन्यासमा बहादुर शाह दरबारको मानिस भएकाले सहयोग गरेको नभई गाउँका मानिस

सामाजिक भावनाबाट अभिप्रेरित भएको सन्दर्भमा सामाजिक पर्यावरण आएको देखिन्छ ।

*बहादुर नजर* उपन्यासमा बहादुर शाहको अन्त्य दरबारिया समाजमा छलकपटपूर्ण क्रियाकलापबाट हुनु र नेपाल सतीले सरापेको देश भएको सन्दर्भ आउनुमा सामाजिक पर्यावरण व्यक्त भएको छ । उपन्यासमा दरबारको आर्थिक हिनामिनासम्बन्धी आरोपमा बहादुर शाहको अभिव्यक्ति यसरी आएको छ- "सरकार, राजाको ढुकुटी चोरेर खायो भन्ने शंका मानिबक्सिन्छ भने मेरो घर खोलेर नजर होस्, कतै लुकाएको छ भन्ने शङ्का मानिबक्सिन्छ भने मेरा समयमा काम गर्ने सबै मानिससँग बुझिबक्सियोस्" (१२५) । यस उद्धृतांशमा नेपाल एकीकरण अभियानका सन्दर्भमा बहादुर शाहलाई आर्थिक हिनामिनाको आरोप लागेको सन्दर्भमा त्यसको बचावटका लागि उनले दिएको स्पष्टीकरणलाई देखाइएको छ । प्रस्तुत उपन्यासमा तत्कालीन दरबारिया समाजले बहादुर शाहलाई गरेको अन्यायमा सामाजिक पर्यावरण व्यक्त भएको छ । उपन्यासमा बहादुर शाहलाई दरबारबाट निकाल्नुमा दरबारिया सामाजिक पर्यावरण आएको छ । उपन्यासमा बहादुर शाहले नजरलाई गहना उपहार दिएको र चतुरले रूपालाई गहना उपहार दिएको सन्दर्भमा सामाजिक पर्यावरण व्यक्त भएको छ । प्रस्तुत उपन्यासमा बहादुर शाह पाल्पामा रहँदा गाउँका मानिसले सहयोग गरेको सन्दर्भमा सामाजिक पर्यावरण आएको छ । उपन्यासमा बहादुर शाहको अन्त्य अवस्थामा नजरले टीका र माला लगाइ दिनु तथा नदीको जल मुखमा राखिदिएको सन्दर्भमा सामाजिक पर्यावरण व्यक्त भएको छ । प्रस्तुत उपन्यासमा जीवनको अन्त्य समयमा मुखमा नदीको जल राख्ने प्रचलन नेपाली समाजमा विद्यमान रहेको सन्दर्भलाई यसरी देखाइएको छ- "पहिले सुकेको माला जो बेतियामा उनले बहादुरलाई लगाइदिएकी थिइन्, लगाइदिन्छिन्, ... यो गंडकी प्रदेशको प्रसाद हो ! यो कोशी प्रदेशको प्रसाद हो ! यो कर्णाली प्रदेशको प्रसाद हो ! यो कुमाऊँ प्रदेशको प्रसाद हो ! यो गढवाल प्रदेशको प्रसाद हो, ...यो गण्डकीको जल हो ! यो कोशीको जल हो ! यो कर्णालीको जल हो ! यो महाकालीको जल हो ! यो गंगाको जल हो" (१२७) । यस उद्धृतांशमा पाल्पाको रमणीय तथा पवित्र स्थलगत चित्रण गरिएको छ । प्रस्तुत स्थलगत चित्रणमा सामाजिक पर्यावरण प्रकट भएको देखिन्छ । उपन्यासमा आएका यिनै तथ्यले सामाजिक पर्यावरणलाई पुष्टि गरेका छन् ।

*बहादुर नजर* उपन्यासमा नेपालको एकीकरण अभियानका विविध सन्दर्भ, दरबारले बहादुर शाहप्रति गरेको अन्याय, नेपालनिर्माणमा बहादुर शाहको भूमिका, बहादुरको

विचारलाई राज्यले ग्रहण नगरेको सन्दर्भ तथा प्रेमका नवीनतम प्रयोग र दरबारदेखि ग्रामीण क्षेत्रसम्मको चित्रणमा सामाजिक पर्यावरण प्रकट भएको पाइन्छ । यसर्थ सामाजिक पर्यावरणका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

### ३.४.७ *जेली* उपन्यासमा सामाजिक पर्यावरण

मोहनबहादुर मल्लको *जेली* (२०३९) उपन्यासमा धनराज साहुका गलत व्यवहार, निम्न वर्गका मानिसको जीवन जिउने कला र सामाजिक असमानता सामाजिक पर्यावरणका रूपमा प्रकट भएका छन् । प्रस्तुत उपन्यासमा सामाजिक, आर्थिक तथा धार्मिक बन्धनमा जेलिएको चित्रण र त्यसलाई तोड्न सङ्घर्ष आवश्यक रहेको अभिव्यक्तिमा सामाजिक पर्यावरण आएको पाइन्छ । यिनै प्रसङ्गसँग जोडिएका मानिसको सामाजिक क्रियाकलापमा पर्यावरणको प्रभाव परेको दखिन्छ । उपन्यासमा विश्वास जितेको दीनदासले धनराजको जुवा खेलाएर अकूत धन जम्मा गर्ने स्वार्थमा सहयोग नगर्दा असामाजिक व्यवहार प्रस्तुत गरी पसल ढिलो खोलेको आरोपमा कामबाट निकाल्नुमा सामाजिक पर्यावरण आएको छ । उपन्यासमा जुवाको खालमा पैसा लगाउँदा बढी फाइदा हुने भएकाले धनराजले दीनदासलाई काममा पठाउन खोज्दा स्वीकार नगर्नु र मालिकले दिएको आज्ञापालन नगर्दा कामबाट निकाल्नुमा सामाजिक पर्यावरण प्रकट भएको देखिन्छ । दीनदासमा छलकपटबाट धनआर्जन गर्नुभन्दा मन्दिरलाई आश्रयस्थल बनाई मानवसेवामा जीवन अर्पण गर्नु श्रेयस्कर ठानी देवदासको आश्रम पुग्नुमा सामाजिक पर्यावरण व्यक्त भएको छ । प्रस्तुत उपन्यासमा गीताले जीवन चलाउनका लागि गरेको भजन र शिक्षाको अथक प्रयासमा सामाजिक पर्यावरण आएको छ ।

*जेली* उपन्यासमा धनराज साहुले सम्पत्तिका लागि सालीलाई आफ्नो बनाउन खोज्नु र छोरो नभएको परिवारमा विवाह गर्ने समाजका मानिसले ससुरालीको जायजेथामा आँखा लगाउने चिन्तनमा सामाजिक पर्यावरण आएको छ । उपन्यासमा कसैले राज्यमा ठगी गर्ने, कसैले ससुरालीको जायजेथा ठगी गर्ने त कसैले बिहान र बेलुकाको छाक टार्न ठगी गर्ने योजना बनाउने सन्दर्भमा सामाजिक पर्यावरण व्यक्त भएको छ । प्रस्तुत उपन्यासमा घाटमा आएका मानिसको अनेक योजना बुनी खाजा चोरेर जीवन चलाउने समाजका मानिसको जीवनशैलीमा सामाजिक पर्यावरण आएको छ । उपन्यासमा तिहारको समयमा जुवा खेलाएर रातारात धनी हुने सन्दर्भमा सामाजिक पर्यावरण व्यक्त भएको छ । प्रस्तुत उपन्यासमा

धनराजले तिहारको समयमा जुवा खेलाएर अकूत सम्पति सङ्कलन गरेको चित्रण यसरी आएको छ- "खेल्ने खेल्थे, घरको पैसा लगेर पोख्थे खाल बसेको ठाउँमा, आखिर पैसा थुप्रिन आउँथ्यो खाल थाप्ने साहूको हातमा, सबै बेपारभन्दा यो खाल थाप्ने र खेलाडीहरूलाई नाफा कटाएर रिन दिने बेपार पहिलो थियो" (२७-२८) । यस उद्धृतांशमा धनराजले नेपालका मुख्य चाडपर्वमा समाजमा जुवा खेलाएर अकुत सम्पत्ति आर्जन गरेको सन्दर्भ आएको छ । प्रस्तुत उपन्यासमा आएका यिनै सन्दर्भमा सामाजिक पर्यावरण व्यक्त भएको देखिन्छ ।

*जेली* उपन्यासमा प्रचीन समयदेखि चलिआएको तिहारमा जुवा खेलाउने र खेल्ने अनि आर्थिक उपार्जन र मनोरञ्जन गर्ने सन्दर्भमा सामाजिक पर्यावरण आएको छ । उपन्यासमा साहुले तिहारको समयमा दर्जनौं ठाउँमा जुवाको खाल लगाउने तथा व्यवसायमा इमानदार मानिसलाई काममा लगाउने र वर्षको एकपटक ढुकुटी सन्दर्भमा सामाजिक पर्यावरण व्यक्त भएको छ । प्रस्तुत उपन्यासमा धनराजले पसलमा काम गर्ने विश्वासपात्र दीनदासलाई तिहारको समयमा जुवा खेलाउने काम लगाउँदा नमानेपछि पसल ढिलो खोलेको निहुँमा निकाल्नुमा सामाजिक पर्यावरण आएको छ । उपन्यासमा धनराज साहुले सामाजिक अपमान गरी कामबाट निकालेपछि दीनदास पशुपति देवपाटनमा देवदाससँग आश्रय लिन पुग्नु तथा उसका क्रियाकलाप मन नपार्नु र भिक्षुउद्धार सङ्घ खोलेर देवपाटनमा जीवनशैली चलाउनुमा सामाजिक पर्यावरण प्रस्तुत भएको छ । प्रस्तुत उपन्यासमा मानिसको ढल्कँदो उमेरसँगै तीर्थस्थलमा पुगेर जीवनशैली चलाउने देवदास र दीनदासका क्रियाकलापमा सामाजिक पर्यावरण आएको छ । उपन्यासमा मन्दिर परिसरमा देवदासजस्ता समाजका आडम्वरी मानिसबाट धार्मिक आस्थाका आडमा हुने गरेका जुवा, गाँजा, तास, चरेसजस्ता अवैध क्रियाकलापको चित्रणमा सामाजिक पर्यावरण आएको छ । समाजका धार्मिक तीर्थस्थलमा विकसित घटनाक्रमलाई उपन्यासमा यसरी देखाइएको छ- "देवपाटनको देवदासको आश्रममा आजभोलि मानिसहरूको भीड बढेको छ, उसै त उहाँ गाँजा चरेसको सदावर्त चले झैं भएको हुन्छ साथै खेलवाडको पनि उहाँ कमी हुँदैन" (६६) । यस उद्धृतांशमा पशुपति परिसरमा धर्मका नाममा जुवा र चरेसको अवैध व्यापार गर्ने त्यस समयको समाजिक अवस्थाको चित्रण गरिएको छ । उपन्यासमा मानराजलाई छोरो नजन्मदा श्रीमतीलाई दोष दिनु, साली ललिताको चढ्दो उमेर र साला जेठान नभएको ससुरालीको सम्पत्ति हत्याउन छोरो जन्माउने निहुँमा ललितासँग विवाह गर्न खोज्नुजस्ता सन्दर्भमा

सामाजिक पर्यावरण आएको छ । उपन्यासमा मानराजले छोरो पाउने आधार ललितालाई बनाउनु र नभए स्वर्ग पुग्न नसकिने चिन्तनमा सामाजिक पर्यावरण आएको पाइन्छ ।

*जेली* उपन्यासमा धनराजका गलत व्यवहार, समाजका निमुखा मानिसप्रति गर्ने व्यवहार, सामाजिक असमानता र सांसारिक समाजका सामाजिक, आर्थिक तथा धार्मिक बन्धन तोड्न सङ्घर्षको आवश्यकता महसुस गर्नुमा सामाजिक पर्यावरण प्रकट भएको पाइन्छ । यसर्थ सामाजिक पर्यावरणका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

### ३.४.८ *रामछायाँ* उपन्यासमा सामाजिक पर्यावरण

मोहनबहादुर मल्लको *रामछायाँ* (२०६२) उपन्यासमा जङ्गलको राउटीमा बस्ने राउटे र कुसुण्डाको जीवनशैली, सिञ्जा राज्यको शक्ति, राजकुमारको प्रेमप्रणय र समाजमा देखिने अनेक रोगव्याधी र औषधिमूलो सम्बद्ध चित्रणमा सामाजिक पर्यावरण आएको पाइन्छ । प्रस्तुत उपन्यासमा पश्चिम सुर्खेतको जङ्गलको राउटीमा बस्ने राउटे र ओढारमा बस्ने कुसुण्डाको समाजका निष्कपटपूर्ण क्रियाकलाप प्रस्तुत भएका छन् । उपन्यासमा राउटे र कुसुण्डाले जङ्गलमा पाइने फलफूल, साग, तरकारी, कन्दमूल, मासुजस्ता खाद्यवस्तुबाट जीवननिर्वाह गर्ने तथा समाजमा एकआपसमा मिलेर बस्ने र सामूहिक भावनामा रमाउने प्रवृत्तिमा सामाजिक पर्यावरण व्यक्त भएको छ । प्रस्तुत उपन्यासमा जङ्गलमा सिकारका क्रममा अज्ञानतावश मानुषलाई वाण लागेको अवस्थामा राउटीमा आगो लगाइएको घटना र पानी लिन गएको समयमा सामूहिक आक्रमण हुनुमा सामाजिक पर्यावरण प्रकट भएको छ । उपन्यासमा मानुषलाई वाण हानेको प्रतिशोधमा राउटीमा आगो लगाइएको चित्रण यसरी गरिएको छ- “मूली बाहिर निस्केर हेरे, घोडाहरू बाँधेको र भैंसी बाँधेको दुई गोठशालाहरू आगोले ह्वाह्र्वार्ती जलाएको छ” (१०) । यस उद्धृतांशमा मानुषलाई वाण लाग्दा अन्य मानुषहरूले राउटीमा आगो लगाइदिएको देखाइएको छ । प्रस्तुत उपन्यासमा जङ्गलको समाजमा आइलाग्ने माथि सामूहिक रूपमा जाइलाग्ने चिन्तनमा सामाजिक पर्यावरण आएको पाइन्छ ।

*रामछायाँ* उपन्यासमा जङ्गलको समाजका मानिस एउटा निश्चित क्षेत्रको समूहमा बस्ने र त्यहाँ कसैले आँखा लगाएको सहन नसक्ने चिन्तनमा सामाजिक पर्यावरण आएको देखिन्छ । उपन्यासमा जङ्गलको समाजका मानिस समूहमा बस्ने र एउटा क्षेत्रमा विचरण

गर्ने चिन्तन यसरी प्रकट भएको छ- "हाम्रा सिकारीलाई आदेश दिनु, खोला पारी नजाने भनेर मानुष बसेको भीरजरोदेखि भीरथाप्लोसम्म हेरिदिन पनि हुन्न" (१०) । यस उद्धृतांशमा हरेक समाजमा एउटा न एउटा नाइके हुन्छ । नाइके भएजस्तै राउटेमा पनि नाइके हुने र उसको आदेश सबैले पालन गर्नुपर्ने विषय प्रस्तुत भएको छ। प्रस्तुत उपन्यासमा राउटे र कुसुण्डाका छोरी रती र लटीका चिन्तनमा सामाजिक पर्यावरण प्रकट भएको छ । उपन्यासमा राउटे र कुसुण्डाका छोरीले पकाएको खाना नखाने, पोलेको मन पराउने, गहना नलगाउने, सिकारमा परिवारका सदस्यलाई सघाउने, घरमा पोलेको खाना भएमा भाङ्ग्रोमा सुरक्षित गर्ने तथा परिवारकी मुख्य महलाको आज्ञाविना कुनै सदस्य बाहिर नजाने सन्दर्भ आएको पाइन्छ । उपन्यासमा जातीय परम्पराका आधारमा राउटे र कुसुण्डाका पोसाक, खानपान तथा सामूहिक नाचगानमा सांस्कृतिक पर्यावरण आएको छ । उपन्यासमा धार्मिक चिन्तन यसरी प्रकट गरिएको छ- "राउटेहरूले महादेव मान्दछन्, महादेव नाचेझैं ताण्डवनृत्यको चालबाट राउटेहरू नाँच्दछन्, उनीहरूले आफ्ना नारीहरूलाई नाँच्न दिँदैनन् अरू जातिका आइमाई नाँचेको पनि हेर्दैनन्" (२८) । यस उद्धृतांशमा राउटेहरूका आराध्यदेव महादेव रहेको र उनीहरूका पुरूष जाति नाचगानमा रमाउने र महिला जातिले हेर्ने प्रचलन रहेको बताइएको छ। यसमा राउटेहरूले नारीलाई नाच्न नदिने र अरू नारी नाचेको पनि नहेर्ने प्रचलनलाई देखाइएको छ । प्रस्तुत उपन्यासमा राउटे र कुसुण्डामा अपरिचित मानिससित बोल्न र हेर्न नहुने पर्दाप्रथा र महिलाले पतिको नाम भन्न नहुने चिन्तन व्यक्त गरिएको छ। उपन्यासमा राउटे र कुसुण्डाका उल्लिखित क्रियाकलापमा सामाजिक पर्यावरण प्रकट भएको देखिन्छ।

*रामछायाँ* उपन्यासमा सामाजिक जीवनको चित्रण गरिएको छ। उपन्यासमा राउटे र कुसुण्डाका खानपानको चिन्तन यसरी प्रकट भएको पाइन्छ- "वनतरूल राम्रोसँग पोल्न लगाएर रामेको हात रतीलाई बुझाउन पठाउँछन्, रतीको खानेकुरो थन्काउने भण्डार त्यही भांग्राको गदो छ, त्यसलाई खालि गराउन रती र लटीले धेरै पटक मुख चलाउन पर्ने हुन्छ, ... वननारीहरू जो पायो उहीसँग देखा पर्दैनन्, उनीहरूमा पर्दाको चलन छ" (३८-३९) । यस उद्धृतांशमा राउटीको खाना वनमा पाइने कन्दमूलका साथै सिकार रहेको बताइएको छ। यसमा जङ्गलको सामाजिक जीवनशैली प्रकट भएको छ । प्रस्तुत उपन्यासमा राउटे, कुसुण्डा र सिञ्जाली समूहले एकआपसमा मिलेर गरेको सिकारको पचास भारी सुकुटी छालाको थैलोमा घोडसवारमार्फत दरबारमा पठाएको देखाइनुमा सामाजिक पर्यावरण

आएको छ । उपन्यासमा सिञ्जाली राजपरम्परामा सतीप्रथा रहेको र सती जाने समयमा गरिने क्रियाकलापलाई यसरी अभिव्यक्त गरिएको छ- "उसलाई सिंगारपटार गरिदिन लागें, हाम्रो चारैतिर राम ! राम ! राम ! राम ! भन्दै बूढीहरू चिच्याएका छन्, बाहिर जोडसाथ पञ्चबाजा बजेको छ, डोली हिँडालेपछि हामीसँग आसिक लिन बाटैभरि मानिसको धुइरो छुट्यो ... चिताको प्रदक्षिणा गर्ने काम सकियो, चितामा बस्ने बेला भयो" (६७) । यस उद्धृतांशमा तत्कालीन राजपरम्परामा सती जाने प्रचलन रहेको कुरा प्रकट गरिएको छ । उपन्यासमा वर्णित समाजमा सतीप्रथा रहेको र त्यसको बिरोध गर्दै रती र लटीका आमा चिताबाट भागेर ज्यान जोगाएको सन्दर्भमा सामाजिक पर्यावरण आएको देखिन्छ ।

*रामछायाँ* उपन्यासमा सिञ्जा राज्यको शक्ति, राजकुमारको प्रेमप्रणय, जङ्गलमा विचरण गर्ने राउटे र कुसुण्डाको सामाजिक जीवनशैलीमा सामाजिक पर्यावरण प्रकट भएको पाइन्छ । यसर्थ सामाजिक पर्यावरणका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

मोहनबहादुर मल्लका माथि विश्लेष्य उपन्यासमा सामाजिक पर्यावरणको यथोचित प्रयोग भएको पाइन्छ । उनका उपन्यासमा मानवनिर्मित संरचना, संस्कृति र विचारधारा सामाजिक पर्यावरणका रूपका उपयोग गरिएको छ । समय, स्थान र समाजका मुद्दा उनका उपन्यासमा सशक्त रूपमा उठाइएको छ । उनका उपन्यासमा मानवनिर्मित संरचना र सम्बन्धले पात्रको सोच र व्यवहारमा गहिरो प्रभाव पारेको देखिन्छ । मल्लका उपन्यासमा वर्ग, जात, लिङ्ग र धर्मका आधारमा समाजको गठन भएको देखाइएको छ । समाजका मूल्य, विश्वास र परम्पराले औपन्यासिक पात्रका व्यवहार र विचारमा प्रभाव पारेको देखिन्छ । उपन्यासभित्र प्रयुक्त सामाजिक, आर्थिक, राजनीतिक र शैक्षिक पक्षले पात्रको सोचलाई प्रभावित गरी परिवर्तनको चेतना जागृत गरेको छ । उनका उपन्यासमा ऐतिहासिक घटना, सांस्कृतिक परम्परा र सामाजिक सन्देशको सशक्त प्रस्तुति आएको पाइन्छ । यसर्थ सामाजिक पर्यावरणको यथोचित प्रयोगका दृष्टिले मल्लका उपन्यास महत्त्वपूर्ण देखिन्छन् ।

## ३.५ निष्कर्ष

मोहनबहादुर मल्लका उपन्यासमा प्राकृतिक पर्यावरणको सशक्त प्रयोग गरिएको छ । उनका उपन्यासमा भूगोल, जलवायु, वनस्पति, जीवजन्तुजस्ता प्रकृतिप्रदत्त चित्रण गरिएको पाइन्छ । उनका उपन्यासमा स्थानगत दृश्य, ध्वनि र अनुभूतिको यथोचित संयोजन गरिएको

छ । भूगोल, जलवायु, वनस्पति र जीवजन्तुको महत्त्वपूर्ण प्रभाव औपन्यासिक पात्रमा परेको देखिन्छ । त्यसै प्रभावका कारण उपन्यासमा प्रयुक्त पात्रका बाह्य र आन्तरिक पक्षमा सामाजिक परिवर्तनको चेतना जागृत भएको छ । उनका उपन्यासमा स्याङ्जाअन्तर्गत आँधीखोला आसपास, कास्कीअन्तर्गत पोखरा आसपास, काठमाडौँ आसपास, पाल्पाअन्तर्गत आसपास, सुर्खेतअन्तर्गत आसपास, त्यसमा पनि पश्चिमअन्तर्गत आसपासका भूगोल, जलवायु, वनस्पति, जीवजन्तुजस्ता प्रकृतिप्रदत्त चित्रणका साथै प्रसङ्गवश अन्तर्देशीय स्थानगत दृश्य र प्रकृतिको चित्रण गरिएको पाइन्छ । उपन्यासमा समय, स्थान, विषय, घटना र पात्रगत मान्यताको चित्रणमा प्राकृतिक पर्यावरणको प्रयोग गरिएको छ । यसर्थ मल्लका समग्र उपन्यास प्राकृतिक पर्यावरणको प्रयोगका दृष्टिले महत्त्वपूर्ण देखिन्छन् ।

मल्लका उपन्यासमा सामाजिक पर्यावरणको सशक्त प्रयोग गरिएको छ । उनका उपन्यासमा मानवनिर्मित संरचना, संस्कृति र विचारधारा सामाजिक पर्यावरणका रूपमा प्रयोग गरिएको छ । उपन्यासमा समय, स्थान र समाजका मुद्दा सामाजिक पर्यावरणका रूपमा आएका छन् । मानवनिर्मित संरचना र सम्बन्धले उपन्यासमा प्रयुक्त पात्रको सोच र व्यवहारमा प्रभाव पारेको देखिन्छ । वर्ग, जात, लिङ्ग र धर्मका आधारमा गठित समाजका मूल्य, विश्वास र परम्पराले उपन्यासमा प्रयुक्त पात्रको व्यवहारमा प्रभाव पारेको छ । समाजका सामाजिक, आर्थिक राजनीतिक, शैक्षिक र सञ्चारिक पक्षले पात्रको सोचमा परिवर्तन ल्याएको देखिन्छ । यिनै पक्षको सम्बन्धले पात्रका सोच र व्यवहारमा परेको प्रभाव उपन्यासमा प्रकट भएका छन् । उपन्यासमा कन्याअपहरण र बलात्कार,  नारीप्रति तिरस्कार र अन्यायपूर्ण क्रियाकलापबाट सिर्जित समस्यामूलक जीवनशैली तथा राउटे र कुसुण्डाको मौलिक पहिचानगत चित्रणमा सामाजिक पर्यावरण प्रस्तुत भएको पाइन्छ । उपन्यासमा समय, स्थान, विषय, घटना र पात्रका जीवनशैलीगत मान्यतामा सामाजिक पर्यावरण आएको देखिन्छ । उपन्यासमा ग्रामीण तथा सहरिया समाज शिक्षाबिना गतिशील बन्न नसक्ने सार्वभौम तथ्य प्रकट हुनुमा सामाजिक पर्यावरण आएको पाइन्छ । यसर्थ मल्लका समग्र उपन्यास सामाजिक पर्यावरणको प्रयोगका दृष्टिले महत्त्वपूर्ण देखिन्छन् ।

मल्लका उपन्यासमा राणाकाल, पञ्चायतकाल तथा प्रजातन्त्रकालका प्राकृतिक तथा समाजिक पर्यावरण अङ्कन गरिएको छ । उनका समग्र उपन्यास उक्त कालखण्डका प्राकृतिक तथा सामाजिक पक्षका अभिलेख बन्न पुगेका छन् । सामाजिक, राजनीतिक तथा

ऐतिहासिक विषय समाजबाट ग्रहण गरिनु, त्यसलाई बहन गर्नसक्ने वस्तुअनुरूपका पात्रको छनोट गरिनु तथा समयसान्दर्भिक पर्यावरण अङ्कन गरिनु उनका उपन्यासको नवीन पक्ष मानिन्छ । उनका सामाजिक यथार्थमा आधारित उपन्यास सामाजिक पर्यावरणका दृष्टिले र ऐतिहासिक यथार्थमा आधारित उपन्यास प्राकृतिक पर्यावरणका दृष्टिले बढी प्रभावकारी देखिन्छन् । यसर्थ प्राकृतिक तथा सामाजिक पर्यावरणका दृष्टिले मल्लका उपन्यास महत्त्वपूर्ण छन् ।

# चौथो परिच्छेद

# मोहनबहादुर मल्लका उपन्यासमा क्षण

## ४.१ विषयप्रवेश

मोहनबहादुर मल्लका उपन्यासमा आएका घटनासन्दर्भका समय र अवस्थामा क्षणको प्रयोग भएको पाइन्छ । उनका उपन्यासमा राणा, पञ्चायत तथा प्रजातन्त्र कालखण्डका मानिसको क्रियाकलापगत सामूहिक विचार क्षणका रूपमा प्रकट भएका छन् । क्षणअन्तर्गत यिनै कालखण्डका युगसन्दर्भ र युगचेतना उनका उपन्यासमा अभिव्यक्त भएका छन् । उनका उपन्यासमा राणाकाल, पञ्चायतकाल र प्रजातन्त्रकालका युगसन्दर्भ र युगचेतनाको प्रभाव परेको देखिन्छ । उपन्यासमा यिनै कालखण्डका सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, राजनैतिक र ऐतिहासिक घटना युगसन्दर्भ र युगचेतनाका रूपमा प्रकट भएका छन् । हिप्पोलाइट एडल्फ तेनको क्षणसम्बन्धी मान्यताअन्तर्गतका युगसन्दर्भ र युगचेतनागत सूचकका आधारमा मल्लका उपन्यासको विश्लेषण गरिएको छ ।

## ४.२ क्षणको सैद्धान्तिक परिचय

साहित्यको समाजशास्त्रीय अध्ययनमा हिप्पोलाइट एडल्फ तेनको क्षणसम्बन्धी सैद्धान्तिक मान्यता महत्त्वपूर्ण रहेको छ । उनले *द हिस्ट्री अफ इङ्लिस लिटरेचर* कृतिको भूमिकामा क्षणसम्बन्धी सैद्धान्तिक मान्यता प्रस्तुत गरेको पाइन्छ । तेनले कृति विश्लेषणका सन्दर्भमाक्षणलाई महत्त्वपूर्ण स्थान दिएको देखिन्छ । क्षणलाई सम्बोधन गर्न उनले 'इपोच' शब्दको प्रयोग गरेका छन् । उनको कृतिलाई अङ्ग्रेजी भाषामा अनुवाद गर्ने सन्दर्भमा 'इपोच' शब्दाबाट तथा 'मोमेन्ट' शब्दबाट पनि सम्बोधन गरिएको पाइन्छ । यसलाई नेपाली समानार्थी क्षण शब्दबाट सम्बोधन गर्नु उचित हुन्छ ।

साहित्यिक कृति अध्ययनमा क्षणको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । सर्जकले देखेको, भोगेको र अनुभव गरेको कालखण्डलाई युग मान्दै समयको अन्तरालमा परिवर्तन हुने र समाजमा विद्यमान संस्कृति, राजनीति र धर्मका प्रभावले गर्दा साहित्यिक अभिव्यक्तिमा परिवर्तन हुन्छ (तेन ८) । यसले साहित्यमा आउने युगीन कालखण्डका विवध क्रियाप्रतिक्रियाबाट सिर्जित प्रभाव र परिवर्तनलाई दर्साएको स्पष्ट हुन्छ । कुनै समयको

मूल्यवान् सभ्यतापछि समयान्तरमा एक प्रतीकात्मक तथा पहिचानको सानो अंशमा सीमित रहने जनाएका छन् (तेन ९) । यसबाट मानव सभ्यतामा समयअनुकूल आउने परिवर्तनको अध्ययनबाट नै मानवजीवनजगत् र सम्बद्ध इतिहासको युगीन अवस्थाबोध स्पष्ट हुन्छ । युगमा मान्छेको एउटा परिकल्पना र अवधारणा हुन्छ । कुनै एउटा युगको प्रधान विचारमा ह्रास आउँछ र नयाँ विचार प्रधान विचारका रूपमा स्थापित हुन पुग्छ भन्ने तेनको विचार देखिन्छ । राष्ट्रिय प्रतिभा र समकालीन पर्यावरणको योगबाट नयाँ चिन्तन र सिर्जनाको प्रादुर्भाव हुन्छ । उनले आफ्नो रचनाका माध्यमबाट समाज, राष्ट्र र युगको जीवनसत्यको बोध गराउने लेखक सर्जकलाई अधिक महत्त्वपूर्ण स्थान दिएका छन् (मैनेजर पाण्डेय १२७) । यसबाट युग र राष्ट्रको पहिचान गर्न लेखकको सिर्जनाको अध्ययन आवश्यक रहेको स्पष्ट हुन्छ । मान्छेमा विद्यमान रहेको धार्मिक विश्वासले क्षणलाई पुनर्निर्माणमा सघाएको हुन्छ (तेन १७) । मानवनिर्मित साहित्य, सङ्गीत, कला, दर्शन, विज्ञान, कानुनजस्ता पक्ष सिर्जनाका मूल कारण हुन्छन् र यस्ता कारण रहिरहेमा सिर्जना जीवित रहन्छन् अन्यथा हराएर जान्छन् वा कमजोर हुन्छन् (तेन १८) । तेनले क्षणलाई युग वा समयको रूपमा लिंदै साहित्यकारले कुनै अवस्थामा देखेका, भोगेका र अनुभव गरेका कुरालाई आफ्नो कृतिमा क्षणको रूपमा प्रयोग गर्ने कुरा व्यक्त गरेका छन् ।

साहित्यमा समाजको प्रतिबिम्बि आएको हुन्छ । यो ज्ञानात्मक मूल्यमा आधारित हुन्छ । साहित्यमा रचनाकालको मान्छेको भावना, विचार र जीवनदसा प्रकट भएको हुन्छ । तेनले सर्जकमा आफ्नो युगको प्रजातिगत आत्माको मनोविज्ञान प्रकट हुने चर्चा गर्दै साहित्यमा भावको अभिव्यक्तिलाई विशेष महत्त्व दिएका छन् । उनले कुनै पनि रचनाको श्रेष्ठता त्यसको भावको व्यञ्जनामा निर्भर हुने तर्क गर्दै साहित्यको मुख्यकार्य भावलाई मूर्त रूपमा प्रस्तुत गर्नु हो भनेका छन् । तेनले साहित्यमा युगीन राजनीति जीवन्त रूपमा प्रकट हुने भन्दै त्यसको अनुशीलनबाट समाजको नैतिक इतिहास बोध हुनुका साथै आम मानिसको मनोविज्ञानलाई पनि पहिचान गर्न सकिने विचार प्रस्तुत गरेका छन् (मैनेजर पाण्डेय १२७-१२८) । उनले स्तरीय रचनाको समुचित व्याख्याबाट समाजको राम्रो ज्ञान हासिल गर्न सकिने विचार अघि सारेका छन् । उनले एउटा महान् कविता र उपन्यासको समुचित अध्ययनबाट इतिहासबाट भन्दा पनि धेरै मात्रामा समाजको बारेमा जानकारी लिन सकिने कुरा बताएका छन् । मानवसभ्यताका विभिन्न युगका समाजमा विविध घटनाक्रम र मानव चेतनाले अनेक प्रकारका परिवर्तन ल्याइदिन्छ । त्यसबाट लेखकलाई नवीन क्षणले

नवीन साहित्य रचनाको लागि प्रेरणा उत्पन्न गराउँछ । तेनको क्षणसम्बन्धी सिद्धान्त विशिष्ट युगचेतनाको रूपमा प्रस्तुत भएको छ (स्विङगउड २३) । कुनै एक युगमा एउटा प्रधान विचार हुन्छ र अन्य विचार सहायक हुन्छन् भन्ने धारणा क्षण सिद्धान्तमा प्रयोग भएको छ । साहित्य समाजको दस्ताबेज बन्नुको कारण त्यसमा अन्तर्निहित सौन्दर्यता, कलात्मकता र ज्ञानबर्द्धक गुण नै हो । यसबाट साहित्यमा प्रवेश पाएको सामाजिकताले नै कृतिको श्रेष्ठता स्पष्ट हुन्छ (मैनेजर पाण्डेय १२८) । तेनले साहित्यको सम्बन्ध पाठकसँग जोडिएको हुन्छ भन्ने विचार पनि प्रस्तुत गरेका छन् । साहित्य रचनालाई मन पराउने र त्यसको मूल्यबोध गर्न सक्ने व्यक्तिको रूचि र क्षमतामा भर पर्दछ ।

साहित्यको रचना र विकासमा विचार पक्ष महत्त्पूर्ण मानिन्छ । समुदायको रूचि र मानसिकताले साहित्य सिर्जनामा पनि भिन्नता देखिन्छ । तेनले कुनै एक युगमा रहेको प्रधान विचार सदियौँ प्रभावमा रहने खालको युगचेतनाको विशेष रूप मानेका छन् (स्विङगउड २३) । उनले सिर्जना विषयको छनोट, कथ्य र शिल्पमा पाठकको रूचिको प्रभाव पर्ने कुरामा पनि जोड दिएका छन् (मैनेजर पाण्डेय १२९) । यसबाट साहित्यको मूल्यबोध र रूचिका आधारमा यसको रचना र विकास हुने कुरा स्पष्ट हुन्छ । युगीन विचारले राष्ट्रिय प्रतिभा र समकालीन परिवेशसँग जोडिएर नयाँ चिन्तन सिर्जनाको लागि प्रेरणा प्रदान गर्दछ । लेखक बाँचेको समाजका घटना, समस्या, मान्यता र विश्वासलाई पहिचान गर्न कृतिमा युगको अध्ययन गरिन्छ । कुनै निश्चित समयको सामाजिक घटनाले साहित्यकारको चेतना प्रभावित गराउँदछ । प्रत्येक समाजले संस्कृतिअनुरूप सामाजिक मूल्यनिर्धारण गरेको हुन्छ (दोषी ३१३) । यसबाट मूल्यअनुसार स्रष्टामा साहित्यिक जागरण तथा प्रेरणा उत्पन्न गराउने कुरा स्पष्ट हुन्छ । सर्जक स्रष्टा र द्रष्टा दुबै भएको समयको प्रतिबिम्ब कृतिमा परेको हुन्छ । समाजका विशेष युग तथा क्षणअनुरूप साहित्यको स्वरूप, उद्देश्य र विकासमा प्रभाव पर्दछ । यसै सन्दर्भमा युगीन सामाजिक विकाससित साहित्यमा चित्रित क्षणको गहिरो सम्बन्ध रहेको हुन्छ (मैनेजर पाण्डेय १४८) । यसबाट विविध मानव समाजका युगीन कालखण्डको प्रभाव साहित्यमा पर्ने कुरा बोध हुन्छ । साहित्यसिर्जनामा समाजका विविध समयको प्रभाव पर्ने स्पष्ट हुन्छ ।

साहित्यकार जुन समाज, युगको विशेष क्षणबाट प्रभावित हुन्छ, उसमा सोअनुसार नै चिन्तन, भाव, विचार एवम् चेतनाको विकास भएको हुन्छ । साहित्यकारको ज्ञान, ऊ

बाँचेको वा हुर्केको समाज, सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिकजस्ता परिवेशले पारेको प्रभावबाट निर्मित चेतना साहित्यिक प्रतिभाको मूल आधार बन्दछ (बच्चन सिंह ६) । लेखकको चेतनामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनामा आएका विभिन्न परिवर्तनका स्वरूपहरूले प्रभाव पार्दछ । सामाजिक गठन र विघटनसम्बन्धी व्यवस्थालाई हेर्ने दृष्टिकोणको फेरबदलले समेत स्रष्टाको सौन्दर्य चेतनामा परिवर्तनमूलक प्रभाव पारेको हुन्छ (गौतम ८४) । यसबाट समाज, साहित्यकार र सिर्जनाका बिचमा निरन्तर सम्बन्ध रहेको हुन्छ । साहित्यमा आएका पात्रले बोकेको क्षणलाई सामाजिक युगीन घटनाको प्रतीकात्मक स्वरूपमा बोध गरिन्छ । तेनले ऐतिहासिक क्षणलाई साहित्य विवेचनाको आधार मानेका छन् (दाहाल ५) । साहित्यकारको चिन्तनमा रहेको युगीन बोध पात्रका माध्यमबाट रचनामा उतारेको हुन्छ । मानिस समाजबाट अलग रहन सक्दैन किनभने यसो हुनु भनेको साहित्यकार भाषा र चिन्तनबाट समेत अलग्गिनुजस्तो हुन्छ (सांकृत्यायन ८) । भाषा र चिन्तन मानिसको अभिन्न सामाजिक विकासका लक्षण हुन् । साहित्यको सिर्जना साहित्यकारका जीवनको महत्त्वपूर्ण क्षणको प्रेरणाबाट जन्मन्छ । साहित्यकारका जीवनमा विभिन्न समयमा यस्ता विशेष क्षणहरू आउँछन् र ऊ साहित्यिक रचनाका लागि उद्वेलित र प्रेरित हुन्छ । तेनले यस्तो विशिष्ट क्षणलाई प्रेरक क्षण भनेका छन् (शर्मा र लुइटेल १२९) । यसले साहित्यकार बाँचेको युगको प्रभाव साहित्यमा पर्ने स्पष्ट हुन्छ । साहित्यकार बाँचेको युगका समस्या, मान्यता र विश्वासबाट प्रभावित भई साहित्य सिर्जना हुने देखिन्छ ।

साहित्यमा प्रयुक्त घटनासमयले क्षणलाई जनाउँछ । लक्षणलाई कालखण्ड वा समयका रूपमा लिइएको छ । यसमा दिन, महिना, ऋतु वर्ष र मौसमजस्ता विभिन्न कुरा पर्दछन् (दोषी १६०) । क्षणलाई परिवर्तन गराउने कुरामा ऐतिहासिक पक्षले प्रभाव पार्दछ । कुनै व्यक्तिको क्रियाकलापमा भूगोल र सामाजिक इतिहासले विभिन्न तत्त्वको निर्माण गर्दछ (स्पेन्सर ६३) । कृतिमा व्याप्त सिङ्गो कालखण्डका रूपमा क्षण शब्दलाई हेर्नु सान्दर्भिक हुन्छ । यसले सिङ्गो सामाजिक संरचना र जीवनपद्धतिमा प्रभावित पार्दछ । साहित्यक कृति कुनै युगविशेषको दर्पण भएकाले त्यसका माध्यमबाट सो युगको सजीव चित्र प्रस्तुत गर्न सकिन्छ । त्यसैगरी युगीन चेतनाको अभिव्यक्ति साहित्यिक कृतिमा हुने भएकाले कृति विश्लेषणका सन्दर्भमा त्यसको खोजी गर्नु आवश्यक छ (चन्द्रमान श्रेष्ठ ७४-७५) । जब एउटा महान् लेखक सिङ्गो राष्ट्र वा समग्र युगको अस्तित्वका रूपमा प्रस्तुत हुन्छ तब उसले सम्पूर्ण युग तथा राष्ट्रको सहानुभूतिको आधार

तय गर्दछ र त्यो समाजको सामूहिक अभिव्यक्ति हुन्छ र यस्तो महान् साहित्य युगचेतनाको मूर्तझैँ हुन्छ (स्विङगउड २२-२३) । यसबाट महान् लेखक सिङ्गो राष्ट्र समग्र युगको अस्तित्व भएको स्पष्ट हुन्छ । साहित्यको उपन्यास विधामा प्रयुक्त घटनामा क्षणको सशक्त प्रयोग भएको हुन्छ ।

### ४.२.१ क्षणगत युगसन्दर्भ

साहित्यिक कृतिअध्ययनमा क्षणगत युगसन्दर्भको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । युगसन्दर्भले सामाजिक परिवर्तन ल्याउन पृष्ठभूमि निर्माण गर्दछ । साहित्यमा मानवीय उपस्थिति र मानवीय व्यवहारको खोजीले क्षणगत जीवनपद्धति पहिचान गर्न सकिन्छ । कुनै उचाइबाट झरना झरेर उचाइअनुसार धारहरू गहिराइमा पुगेजस्तै क्षणगत घटनाक्रमका विविध सन्दर्भगत लप्काहरू पनि मानवसभ्यतामा निरन्तर रूपमा आइरहन्छन् र यिनीहरूले सर्जकलाई प्रभावित तुल्याएर सिर्जना गर्नमा अग्रसर गराएका हुन्छन् (तेन १४-१५) । जीवनपद्धति क्षणसापेक्ष भएमा कृतिको गरिमा जीवन्त रहन्छ । तेनका मतमा युगसन्दर्भमा संस्कृति र साहित्यिक परम्परा समावेश भएको हुन्छ । यसले परम्परा तथा समकालीनता, राष्ट्रिय प्रतिभा तथा समकालीन सामाजिक सन्दर्भका बिच देखिने सम्बन्धबाट संस्कृति, कला तथा साहित्यको विकासप्रक्रियालाई पनि सङ्केत गरेको हुन्छ (मैनेजर पाण्डेय १२५-१२६) । यसबाट लेखकीय पहिचानलाई विशेष महत्त्व दिएको र साहित्यिक कृतिमा लुकेको मान्छे लेखक भएको स्पष्ट हुन्छ ।

युगसन्दर्भले पात्रमा परिवर्तन ल्याउन सहयोग गर्दछ । यसले पात्रगत मनोविज्ञानलाई प्रकट गरेको हुन्छ । तेनले लेखकको चिन्तन, उसको आस्था, जीवनी र सामाजिक सन्दर्भलाई औँल्याउँदै उसको रचनाकार व्यक्तित्व, लेखकीय सम्वेदनशीलता, विचारशक्ति र सामाजिक अन्तर्दृष्टिलाई पनि उच्च महत्त्व दिएका छन् । तेनले आफ्नो कृतगत भूमिकामा समसामयिक आवरणको प्रतिलिपि र विशेष मानसिकताको अभिव्यक्ति साहित्यमा हुने कुरा व्यक्त गरेका छन् (स्विङगउड २०) । उनले समाज र सामाजिक मानवका सत्यतथ्यको उद्घाटन हुने एक दस्तावेज र स्मारकको रूपमा साहित्यलाई लिएका छन् । साहित्यिक कृति ज्ञानवर्द्धक हुने र यसलाई मानव समाजको स्मारक एवम् दस्तावेज मान्न सकिने कुरा व्यक्त गरिएको छ ।

साहित्यमा समाजशास्त्र खोज्न समकालीन युगको पहिचान आवश्यक हुन्छ । तेनले रचनामा प्रवेश पाएको युगलाई एउटा विशेष स्मरणीय समयका रूपमा हेरेका छन् (स्विङगउड ३५) । तेनका अनुसार कलाकार जति धेरै कलाको गहिराइमा प्रवेश गर्न सक्छ, त्यतिकै मात्रामा मानव समाजका प्रजाति र युगचेतनाभित्र प्रवेश गर्न सक्दछ (स्विङगउड २१) । यसबाट साहित्य समाजको दर्पण भएको स्पष्ट हुन्छ । सर्जकले सिर्जनामा युगसन्दर्भबाट मानवसमाजका सत्यको पहिचान गराएको हुन्छ । लेखकका युगको सङ्केत क्षणको सम्बन्ध युग, पाठक वा कुनै एउटा क्षणको चेतनासँग जोडिन्छ (स्विङगउड ३५) । तेनले एउटा निश्चित समयपछि युगचेतनाशक्ति निस्तेज हुने निष्कर्षसमेत दिएका छन् । साहित्यलाई युग तथा समयको उत्पादन एवम् समाजको प्रतिबिम्ब मानिन्छ । उनले हरेक युगमा एउटा बौद्धिक साँचोका रूपमा विचार आएको हुन्छ र जसमा सदियौँसम्म जीवित रहने क्षमता रहन्छ (स्विङगउड २५) । साहित्य समाजको यथार्थ चित्रण हो र साहित्यकार त्यसलाई चित्रण गर्ने कलाकार हो । साहित्यको अध्ययनले कुनै एक युग र त्यस युगमा बाँचेका मानिसको अवस्थाको बोध गराउँदछ ।

### ४.२.२ क्षणगत युगचेतना

साहित्यिक कृतिअध्ययनमा क्षणगत युगचेतनाको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । साहित्यिक कृतिमा युगचेतनाले परिवर्तन र परिणामलाई जनाउँछ । साहित्यलाई युगीन विचारधारा मानिन्छ । युगचेतना वा विचार नभएमा कृतिको सार्थकता रहँदैन । साहित्यमा युगचेतनाले प्रवेश पाउनु आवश्यक छ । साहित्यिक कृतिले कुनै निश्चित समयको समाजका सीमाभित्र रही युगानुकूल स्थापित मूल्यमान्यतालाई समयअनुसार प्रस्तुत गर्न सक्नुपर्दछ । मान्छेमा समयअनुसार जुन क्षणमा जस्तो मनोभाव सिर्जना भएको हुन्छ सोहीअनुसारको प्रभाव प्रजातिमा निहित हुन्छ । यसका कारणले कार्यको जन्म हुन्छ र साहित्य वा कलाको सिर्जना हुन पुग्दछ (तेन १३) । क्षणको सही मापन र टङ्कन गर्न सकेमा हिजो, आज र भोलिको मानवसभ्यताको उद्घोष गर्न सक्नुका साथै सम्भावित सभ्यताको गति निर्धारण गर्न सकिने कुरा तेनले बताएका छन् । उनले लेखक तथा कलाकार युगका विषयमा सचेत रहने र विशेष स्मरणीय समयका रूपमा युगलाई परिभाषित गरेका छन् (स्विङगउड ३५) । साहित्यकारले आफू बाँचेको समाजमा घटेका कुनै एक समयको घटनालाई पहिचान गरी त्यसलाई आफ्ना सिर्जना मार्फत व्यक्त गर्दछ । यसले मान्छेलाई प्रभाव पार्दछ र उसले

सिर्जना गर्दछ (तेन १४) । लेखकीय संवेदनशीलता, विचारशक्ति र अन्तरशक्ति कृतिमा प्रकटीकरण हुने भएकाले समीक्षकको विशेष दृष्टि रहको हुन्छ (मैनेजर पाण्डेय १२४) । साहित्यलाई समयगत चेतनाको उपज मानिन्छ । प्रत्येक मान्छे कस्तो पर्यावरणमा हुर्केको छ त्यस्तै किसिमको क्षणगत विचार उसमा निर्माण भएको हुन्छ (तेन १६) । मान्छेमा सामान्य विचार भएजस्तै धर्म, कला, साहित्य र दर्शन पनि फरकफरक हुँदै जान्छन् । समय र समाज साहित्यमा जोडिएर आएको हुन्छ । साहित्यिक कृतिमा प्रस्तुत वैचारिक चेतनागत मूल्यमान्यता युगौँयुगसम्म युगोचित रहन्छन् । क्षणगत युगीन वैचारिक चिन्तन र चेतनाको पहिचानबिना कुनै पनि साहित्यिक कृतिको समाजशास्त्रीय अध्ययन असम्भव छ । तेनले कुनै प्राणीको पहिचान गर्न शारीरिक अवशेषणको खोजी भएजस्तै कृतिको पहिचान गर्न लेखकको पहिचान गर्नुपर्ने अवधारणा अगाडि सारेका छन् । कृतिसिर्जना र विचारको गहनताबाट लेखकीय महत्त्वको पहिचान हुन्छ ।

कुनै एउटा कालखण्डको सामाजिक परिस्थिति र घटेका घट्नाक्रमले लेखकको चेतना प्रभावित हुनगई सोही कुरालाई आधार बनाई कृतिसिर्जना गर्न पुग्दछ । तेनले कुनै युगमा स्थापित मुख्य विचार कालान्तरमा गौण विचारमा रूपान्तरण हुने बताएका छन् । उनले एक युगमा एउटा विचार प्रधान हुन्छ र जसले सम्पूर्ण समाजको चिन्तनलाई प्रभावित तुल्याएको हुन्छ (मैनेजर पाण्डेय १२५) । समयक्रममा प्रधान विचार गौण बन्दै जान्छ र नयाँ विचारले प्रधान विचारको स्थान लिन्छ । तेनले युगचेतनामा विचार प्रधान हुन्छ भन्दै क्षण शब्दलाई काल, युगविशेष र युगचेतनाका अर्थमा लिएका छन् । उनले प्रत्येक युगका केही आफ्ना प्रधान विचार हुन्छन् र त्यसमा निहित बौद्धिकपनले विचारलाई युगौँसम्म जीवित राख्न मद्दत गर्दछ (स्विङगउड २५) । लेखकीय दृष्टिकोण विचार हो र यो लेखकीय चिन्तनमा प्रष्ट हुन्छ । प्रतिभा र परिवेशसँग सम्बन्ध जोड्दै नयाँनयाँ चिन्तन र लेखनमा प्रेरणादायी भूमिका निर्वाह गर्न पुग्दछ (मैनेजर पाण्डेय १२६) । यसबाट साहित्यको केन्द्रविन्दुका रूपमा युगचेतना निहित रहेको स्पष्ट हुन्छ । साहित्यमा सामाजिक चेतना प्रकट भएको हुन्छ ।

साहित्यमा आएको लेखकीय चिन्तन र विचारलाई अध्ययनको आधार बनाउनु आवश्यक छ । तेनका अनुसार कुनै युगमा कुनै विचार प्रधान हुन्छ र त्यो विचारले समाजको चिन्तनलाई प्रभावित पार्दछ (स्विङगउड ३४) । एक युगको प्रधान विचार व्यवहार

र चिन्तन सामाजिक स्तरमा व्याप्त हुन पुग्दछ र समयक्रममा उक्त विचारमा ह्रास आई गौण बन्न पुगी नयाँ विचार विकसित हुन गई प्रधान विचारको रूपमा स्थापित हुन पुग्दछ । सामाजिक चेतनाको वास्तविक रूपलाई पहिल्याउनु नै साहित्यको सही समालोचना हो (मैनेजर पाण्डेय १३६-१३७) । पुरानो पुस्ताले नयाँ पुस्तालाई आफ्नो समयगत घट्ना सिर्जनामार्फत प्रदान गरेको हुन्छ । युगीन चेतनालाई सर्जकले आफ्नो सिर्जनामार्फत समाजमा प्रस्तुत गरेको हुन्छ । साहित्य एक युगको अभिलेख हो र साहित्यसिर्जना भएको समयको युगचेतनालाई सर्जकले आफ्नो सिर्जनामार्फत पाठकसमाजमा पस्केको हुन्छ । पाठकसमाजले त्यो सिर्जनालाई बुझ्नको लागि तत्कालीन समय र युगीन चेतनालाई बुझ्नु आवश्यक छ । युगीन चेतनाले गर्दा एक युगमा एउटा र अर्को युगमा अर्कै परिस्थिति सिर्जना हुन पुग्दछ । युगीन चिन्तन र चेतनागत विचारलाई साहित्यसिर्जनाको आत्मा मानिएको छ । यसबाट युगचेतनागत विचार साहित्यसिर्जनाको आत्मा रहेको कुरा स्पष्ट हुन्छ । आधुनिक युगमा वैज्ञानिक र वर्तमानको प्रतिबिम्बनको क्षण साहित्यमा पाइनुलाई लेखकीय युगीन पहिचानको रूपमा लिइएको छ (स्विङगउड ३५) । यसबाट तत्कालीन सामाजिक वस्तुस्थिति र घटनाक्रम पहिचान हुन्छ । सर्जकले आफ्नो सिर्जनामा युगचेतनालाई समेट्नु आवश्यक हुन्छ ।

साहित्यको समाजशास्त्रीय अध्ययनमा युगसन्दर्भ र युगचेतनालाई विश्लेषणको आधार बनाउनु आवश्यक छ । युगसन्दर्भले बाह्य रूपमा सामाजिक घटनालाई समेट्छ । यसले समयविशेषको बाह्य समाज, राजनीति र इतिहाससँग सम्बन्धित सन्दर्भ र सामूहिक सोच, भावना र सांस्कृतिक पक्षलाई प्रकट गरेको हुन्छ । युगचेतनाले समाजप्रतिको सामूहिक चेतना प्रकट गर्दछ । यसले समयको समग्र भावनात्मक, नैतिक र मानसिक प्रभावलाई समेट्छ । युगचेतनाले त्यस समयका सामूहिक सोच र भावनात्मक अवस्थाको चित्रण गर्दछ । यसलाई समाजमा रहेका सामूहिक भावना, मान्यता, विश्वास र सांस्कृतिक चेतनाको प्रतिविम्ब मानिन्छ । युगचेतनाले समाजको संरचना, ऐतिहासिक घटना र बाह्य परिस्थिति तथा सामूहिक मानसिकता र नैतिक मूल्यको प्रभावलाई प्रकट गर्दछ । यसर्थ क्षणगत युगसन्दर्भ र युगचेतनालाई उपन्यास विश्लेषणको ढाँचा बनाइएको छ ।

## ४.३ मल्लका उपन्यासमा क्षणगत युगसन्दर्भ

मोहनबहादुर मल्लका *उजेली छामा, मायारानी, पञ्चायत, समयको हुरी, भुमरी, बहादुर नजर, जेली* र *रामछायाँ* उपन्यासमा राणा, पञ्चायत तथा प्रजातन्त्र कालखण्डविशेषका घटना र विद्यमान विचारधारा प्रकट भएका छन् । उनका उपन्यासमा प्रस्तुत कालखण्डका प्रभावलाई समेटिएको छ । मल्लका उपन्यासमा त्यस समयको समाजमा महिलाको स्थिति, सामाजिक वर्गीय संरचना र विवाहप्रतिको दृष्टिकोण स्पष्ट रूपमा झल्किएका छन् । उनका उपन्यासमा ऐतिहासिक, सामाजिक र सांस्कृतिक युगसन्दर्भका पृष्ठभूमि प्रस्तुत भएका छन् । उनका उपन्यासमा राणा, पञ्चायत र प्रजातन्त्र समयको बाह्य समाज, राजनीति र इतिहाससँग सम्बन्धित सन्दर्भ तथा परिवेशगत सामूहिक सोच, भावना र संस्कृति प्रतिविम्बित भएका छन् । उनका उपन्यासमा सामाजिक र ऐतिहासिक विषयलाई केन्द्रभागमा राखेर नेपाली समाजमा विद्यमान क्षणगत युगसन्दर्भको चित्रण गरिएको छ । यसर्थ क्षणगत युगसन्दर्भका आधारमा मल्लका उपन्यासको विश्लेषण गरिएको छ ।

### ४.३.१ उजेली छामा उपन्यासमा युगसन्दर्भ

मोहनबहादुर मल्लको *उजेली छामा* (२००८) उपन्यासमा सामाजिक जनजीवनका विविध सन्दर्भ आएका छन् । प्रस्तुत उपन्यासमा उजेली पात्रले गाउँका भलादमीहरूको यातना भोग्न विवश हुनुपरेको युगसन्दर्भ झल्किएको छ । उपन्यासमा नेपाली ग्रामीण समाज, त्यहाँका चालचलन, रीतिरिवाज एवम् अन्धविश्वास र अशिक्षाले गर्दा उजेलीले झेल्नुपरेका दुःख, पीर, व्यथा, जालझेल, शोषण र दमनगत सामाजिक युगसन्दर्भ आएका छन् । उपन्यासमा सौतेनी आमाले गरेको कठोर व्यवहार र आफ्नै दिदीले बहिनीलाई काममा प्रयोग गरेको सन्दर्भ व्यक्त भएको पाइन्छ । प्रस्तुत उपन्यासमा सुवर्णध्वजलाई आँधीखोलाको किनारमा खेती गर्ने कर्मठ पात्रका रूपमा चित्रण गरिएको छ । उपन्यासमा आँधीखोलाको किनारमा घटेको घटना युगसन्दर्भको रूपमा प्रकट भएको छ । उपन्यासमा राणाकालीन समयका मानिसको व्यवहारगत जीवनशैलीका साथै निर्णय प्रक्रिया युगसन्दर्भका रूपमा प्रस्तुत भएका छन् । उपन्यासमा प्रयुक्त सामाजिक घटनाक्रम र पात्रका क्रियाकलापगत युगसन्दर्भ आएको देखिन्छ । उपन्यासमा छोरी नदिएको विषयमा अन्यायपूर्ण तरिकाबाट अरूलाई फसाउन गरिएको क्रियाकलापमा युगसन्दर्भ आएको पाइन्छ । उपन्यासमा

विवाहको सन्दर्भमा उजेलीको शरीरलाई शिरदेखि पाउसम्म हेरेर पण्डितले दिएको अभिव्यक्ति यसरी प्रकट"भयो भयो त्यति भए भयो, नानी केही बोलिनन् मञ्जूर गरिन्" (१३) गरिएको छ । प्रस्तुत उद्‌धृतांशमा त्यस समयका मानिसले उजेलीले आफ्नो निर्णय तत्काल दिन नसक्दा उसको मौन स्वीकृति भएको अभिव्यक्तिलाई देखाइएको छ। उपन्यासमा विवाहका सन्दर्भमा परिवार तथा समाजका मानिसअनुकूल बनाउने प्रयत्नलाई यसरी अभिव्यक्त "ढाँटीढुँटी बिहा मारिमेटी लिया ... के हेरेकी यही बेलामा नलतारेर रात नसात हिंडाल आजै" (१४) गरिएको छ। यस उद्‌धृतांशमा त्यस समयको वैवाहिक सन्दर्भलाई व्यक्त गरिएको छ । प्रस्तुत उपन्यासमा चित्रित उल्लिखित घटनाक्रमले राणाकालीन समयको समाजमा विद्यमान क्षणगत युगसन्दर्भलाई दर्साएको पाइन्छ।

*उजेली छामा* उपन्यासमा राणाकालीन समयको तत्कालीन सन्दर्भ व्यक्त भएको छ। उपन्यासमा नेपाली समाजमा बहुविवाहको प्रचलन रहेको हुँदा सालीलाई कामको निम्ति घरमा राख्ने र अवसर मिलाएर श्रीमती बनाउने विद्यमान समाजिक प्रचलन प्रस्तुत भएको छ। उपन्यासमा साली र भिनाजुको मन मिलेको भए पनि दिदीका कारण पारिवारिक संरचना विघटनमा पुग्नुका साथै तत्कालीन नेपाली समाजको छायाँ आउनुमा युगसन्दर्भ प्रकट भएको पाइन्छ। उपन्यासमा उजेलीलाई तत्कालीन समाजका फटाहाको उस्काहटमा सौतेनी आमाले दिएको यातना यसरी प्रकट "बल्ल नानीलाई आज दनक भएको छ, मलाई हुनसम्मका दुःख दिएका पो हुन् त" (१५) भएको छ। प्रस्तुत उद्‌धृतांशमा सौतेनी आमाले उजेलीलाई दिएको पीडागत सन्दर्भ आएको छ । त्यस समाजमा अन्य मानिससँग मिलेर परिवारका सदस्यलाई दुःख दिने प्रवृत्ति विद्यमान रहेको देखिन्छ । उपन्यासमा प्रयुक्त यस्ता घटनाक्रमले क्षणगत युगसन्दर्भलाई अभिव्यक्त गरेको पाइन्छ।

*उजेली छामा* उपन्यासमा समाजका मानिसले आफ्नो स्वार्थपूर्तिका क्रियाकलाप व्यक्त भएको पाइन्छ । उपन्यासमा सुवर्णध्वज र उजेलीप्रतिको सम्बन्धमा पातलीको अभिव्यक्ति यसरी प्रकट "म लाटीलाई त यिनीहरूले थाङ्नामा पो सुताएका रहेछन्" (१८) भएको छ। प्रस्तुत उद्‌धृतांशमा पातलीले आफ्नो श्रीमान् र बहिनी उजेलीका बिचमा देखिएको आकर्षणको सन्दर्भ प्रस्तुत गरिएको छ । उपन्यासमा उजेलीलाई विवाहमा मञ्जुर गराउने सन्दर्भमा पण्डितको विचार यस्तो रूपमा आएको छ- अभिव्यक्ति यसरी आएको छ- "म विहा गर्छु भन्दै स्वास्नी मानिस को बक्छ ? बोलिनन् स्वीकार गरिन् बेसै भयो" (२६) । यस

उद्धृतांशमा त्यस समयका मानिसले विवाहका विषयमा नारीवर्गको स्वीकृति लिन नखोजेको सन्दर्भ प्रकट भएको छ । उपन्यासमा नेपाली समाजका मान्य मानिसले आफ्नो स्वार्थपूर्तिका क्रियाकलाप गरेको पाइन्छ । उपन्यासमा उजेलीलाई विवाहका लागि मञ्जुर गराउने सन्दर्भमा आएको अभिव्यक्ति यस्तो छ- "जब कौरबी सभामा आफ्नो एकमात्र हर ढाकेको वस्त्र उतारिने भन्ने निर्णय रानी द्रौपदीले सुनिथिन्, उनका ती बाह्य नयनले काम दिनछाड्यो, उनले एक कृष्ण भगवान् सिबाय दोस्रो देखिनन्, त्यही ठीक उजेलीको भयो" (२६) । प्रस्तुत उद्धृतांशमा विवाहको सन्दर्भमा उजेली सबैबाट घेराबन्दीमा पर्दा कृष्ण भगवान् सिवाय अरू आफ्नो पक्षमा कोही नभएको विचार प्रकट गरिएको छ । उपन्यासमा आएका यस्ता क्रियाकलापले क्षणगत युगसन्दर्भलाई झल्काएको देखिन्छ ।

*उजेली छामा* उपन्यासमा समाजका मानिसलाई आफू अनुकूल प्रयोग गर्न नसक्दा दुःख दिने हेतुले च्याखुरेलाई आँटीमा लुकाएर सुवर्णध्वजलाई अदालतमा नालिस दिन ल्वामेलाई प्रयोग गरेको युगसन्दर्भ आएको छ । प्रस्तुत उपन्यासमा छोरो च्याखुरेलाई आँटीमा लुकाएर आँधीखोलाले बगाएर ल्याएको टाउको विनाको लाशलाई सुवर्णध्वजको खेतको किनारमा गाडेर छोरोको लाशको मुचुल्कामा ल्वामेले दिएको अभिव्यक्ति यसरी प्रकट भएको छ- "त्यो गाउँका लाटा सुधा रैतीहरूको हालत यस्तै भयो, जब उनीहरूलाई थाहा भयो सुवर्णध्वजको त्यो हविगत उनीहरूको सहिछापको कारणबाट नै भयो, तब उनीहरूले आफूलाई धिक्कार्न र आफ्नो बेकूफी माथि खेद प्रकट गर्न लागे" (८९) । यस उद्धृतांशमा सुवर्णध्वजलाई गाउँका फटाहाहरूले अदालतमा ज्यान मुद्दा दायर गरी उसको जीवनशैली तहसनहस पारेको सन्दर्भ व्यक्त गरिएको छ । उपन्यासमा प्रकट भएका यस्ता कुटिल चालका कारणबाट सुवर्णध्वज जेल पर्नु र मुद्दाको पुनरावलोकन गर्न लगाउँदा जमदारले ल्वामेलाई तर्साउनुमा तत्कालीन क्षणगत युगसन्दर्भ व्यक्त भएको देखिन्छ ।

*उजेली छामा* उपन्यासमा समाजमा अन्याय भए पनि न्यायालयमा अन्याय नहुने सन्दर्भलाई देखाइएको छ । यसै प्रसङ्गको मान्यतालाई प्रस्तुत गर्न मुद्दाको किनारा गर्ने सन्दर्भमा ल्वामेको अभिव्यक्ति यसरी प्रकट भएको छ- "बाबैराजै त्यो पनि त मैले कहाँ हो र पण्डितले मेरै घरमा आएर बाबैराजै निस्कन नदे घरबाहिर छोरालाई भन्नु भएकोले बाबैराजै उसको आँटीकै बास छ रातदिन" (१०२) । प्रस्तुत उद्धृतांशमा त्यस समयका फटाहा मानिसले सोझो ल्यामेलाई गलत काम गर्न अग्रसर गराएर उसको जीवनशैली अस्थिर बनाई

दिएको सन्दर्भ प्रस्तुत गरिएको छ । उपन्यासमा देखाइएको अनाहकमा आरोप लगाएर अरूलाई दुःख दिने यस्ता क्रियाकलापमा राणाकालीन समयको क्षणगत युगसन्दर्भ व्यक्त भएको पाइन्छ ।

*उजेली छ्रामा* उपन्यासमा उजेलीको विवाहका विषयमा तत्कालीन नेपाली समाजका आर्थिक प्रलोभनमा परेर निर्णय लिने गाउँका भलादमीका क्रियापलापले समाजका नारीमा पार्ने असहजतालाई प्रस्तुत गरिएको छ । प्रस्तुत उपन्यासमा परिवारका मानिस तथा समाजका मान्ने व्यक्तिले बालविवाहका लागि अबोध बालिकालाई सोध्ने तर निर्णय भने आफ्नो अनुकूल गर्ने सन्दर्भ आएको छ । उपन्यासमा रातको समयमा मानिस जम्मा भएर उजेलीलाई विवाहका विषयमा सोधनी पुछनी गर्दा दिदीले के भन्नुहुन्छ भन्ने उत्तरमा समाज तथा परिवारका व्यक्तिले मञ्जुर गरेको ठान्नुमा युगसन्दर्भ झल्किएको छ । प्रस्तुत उपन्यासमा समाजका अग्रजले गरेको निर्णय अरूले मान्नपर्ने सन्दर्भ व्यक्त गरिएको छ । उपन्यासमा आएका यस्ता तथ्यहरूले क्षणगत युगसन्दर्भलाई प्रस्तुत गरेका छन् । यसर्थ क्षणगत युगसन्दर्भका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

### ४.३.२ मायारानी उपन्यासमा युगसन्दर्भ

मोहनबहादुर मल्लको *मायारानी* (२००९) उपन्यासमा मायारानीको विवाहको सन्दर्भ तथा नेपाल एकीकरण र अङ्ग्रेजको विस्तारवादी नीतिको सन्दर्भका साथै सुगौली सन्धिको ऐतिहासिक सन्दर्भ प्रकट भएका छन् । प्रस्तुत उपन्यासमा इतिहासलाई आधार मानेर तत्कालीन समयको जीवनशैलीगत युगसन्दर्भ आएका छन् । उपन्यासमा मायारानीको विवाह करिब पैंसट्ठी वर्षका उखापोखरीका चौतरियासँग हुनपुग्दा जीवनमा उत्पन्न दुःखदायी नारीका दर्दनाक सन्दर्भ आएको छ । उपन्यासमा तत्कालीन समयमा शिक्षाका क्षेत्रमा राज्यले दृष्टि पुऱ्याउन नसक्दा गत्यात्मक समाजनिर्माण हुन नसक्ने सन्दर्भ आएको पाइन्छ । प्रस्तुत उपन्यासमा नेपाली समाजमा नारी र पुरूषलाई समान शिक्षा दिलाउनु पर्ने सन्दर्भ व्यक्त भएको छ । उपन्यासमा नेपालएकीकरणदेखि सुगौलीसन्धिसम्मको ऐतिहासिक चित्रणमा क्षणगत युगसन्दर्भ प्रकट भएको देखिन्छ । उपन्यासमा नेपाली वीर योद्धाहरूले लडाइँमा गरेको योगदान र राजपूतहरू नेपाल प्रवेश गरेको सन्दर्भ व्यक्त भएको छ । उपन्यासमा बाहिरबाट नेपाल प्रवेश गरेका राजपूतहरूको चित्रण यसरी प्रकट गरिएको छ- "राजपूतहरूले यो देशमा आउँदा पालैसाथ कोही पश्चिम र कोही दक्षिनबाट यो देशमा

पसेर आफ्नो बस्ती बसाउन शुरू गरे, उनीहरूले यो देशका बासिन्दाहरूलाई आफ्नो रीतिस्थिति चाल चलनादि सिकाए पनि" (८) । यस उद्धृतांशमा तत्कालीन समयका राजपूत प्रजाति कोही पश्चिम र कोही दक्षिणबाट नेपाल प्रवेश गर्दा तिनीहरूले रीतिस्थितिसँगै लिएर आएकाले त्यसको प्रभाव जनमानसमा परेको सन्दर्भ व्यक्त गरिएको छ । उपन्यासमा भएको यस्ता चित्रणले क्षणगत युगसन्दर्भलाई झल्काएको देखिन्छ ।

*मायारानी* उपन्यासमा मायारानीलाई आफ्नो कब्जामा पार्न चौतरियाले पण्डितलाई प्रयोग गरेको देखाइएको छ । उपन्यासमा मायारानीको विवाहको प्रसङ्गमा चौतरियाले पण्डितलाई अपमानजनक रूपमा दिएको अभिव्यक्ति यसरी "यो काठोसँग कुरै गर्न सकिन्न, जे गरेपनि आफ्नै कुरा माथि पार्छ" (१७) आएको छ । यस उद्धृतांशमा मायारानीको विवाहको सन्दर्भमा चौतारियाले ब्राह्मणलाई काठाको संज्ञा दिएको कुरा व्यक्त गरिएको छ । प्रस्तुत उपन्यासमा त्यस समयका दरबारिया व्यक्तिले पण्डितप्रति गर्ने व्यवहार प्रकट भएको छ । उपन्यासमा प्राचीन समयमा प्रचलित मान्यतालाई यसरी देखाइएको छ- "जापानी राज-खलकमा मृतक मालिकको नजीकैमा उसको नोकर र घोडा ज्यूँदै टाउको मात्र देखाएर गाड्नु पर्दथ्यो, नत्र उनीहरूको इज्जत जान्थ्यो, यस्तै अनौठाको इज्जत राख्ने चलन संसारमा कैयौं चले, चलेका छन् पनि" (८७) । यस उद्धृतांशमा त्यस समयका जापानी राजखलकका मालिकको मृत्यु हुँदा सवारसाधन घोडा र सहयोगीलाई इज्जतका खातिर टाउको देखाएर जिउँदै गाड्ने गरको सन्दर्भ प्रस्तुत भएको छ । प्रस्तुत उपन्यासमा चित्रित यस्ता घटनाक्रमले क्षणगत युगसन्दर्भलाई दर्साएको देखिन्छ ।

*मायारानी* उपन्यासमा प्रयुक्त घटना नेपालको राजनीतिक इतिहासका सन्दर्भसँग जोडिएर आएका छन् । उपन्यासमा प्रयुक्त घटनाक्रमलाई यसरी देखाइएको छ- "नेपालको पूर्व सिमानादेखि पश्चिम सिमानासम्म पाँच सेनापति जिम्माका ... कप्तान बलभद्र कुँवर देहरादूनमा बस्नु भएको थियो ... अङ्ग्रेजी सेनापति जनरल जिलप्सी आफ्ना सैन्य साथमा लिएर अग्रसर भए ... कप्तान बलभद्रले ... नालापानी या कलंगा भन्ने अल्गो पहाडमा किल्ला बनाउन शुरू गर्नु भयो" (९३) । प्रस्तुत उद्धृतांशमा नेपाल र अंग्रेज युद्धमा नेपाली वीर योद्धाले देखाएको बहादुरी प्रकट गरिएको छ । उपन्यासमा चित्रित यस्ता घटनाक्रमले क्षणगत युगसन्दर्भलाई औंल्याएको पाइन्छ ।

*मायारानी* उपन्यासमा प्रयुक्त इतिहासमा स्थापित तिथिमिति, घटनाक्रम र पात्रका क्रियाकलापमा तत्कालीन ऐतिहासिक सन्दर्भ प्रकट भएको पाइन्छ । प्रस्तुत उपन्यासमा प्रयुक्त नारीपात्र शान्तीदेवी एकीकरणका समयमा तानसेनबाट भागेर काशी गएको चित्रणमा युगसन्दर्भ व्यक्त भएको छ । यस घटनाले एकीकरणका समयमा भागेर भारतका विभिन्न प्रान्तमा पुगेका नेपालीहरूको सन्दर्भलाई प्रतिनिधित्व गरेको छ । उपन्यासमा आएका यस्ता तथ्यहरूले क्षणगत युगसन्दर्भलाई अभिव्यक्त गरेका छन् । यसर्थ क्षणगत युगसन्दर्भका दृष्टिले प्रस्तुत उपन्यास उपयुक्त देखिन्छ ।

### **४.३.३ पञ्चायत उपन्यासमा युगसन्दर्भ**

मोहनबहादुर मल्लको *पञ्चायत* (२०१०) उपन्यासमा सामाजिक न्याय तथा कृषिकर्मका सन्दर्भ प्रकट भएका छन् । प्रस्तुत उपन्यासमा प्रधान, मुखिया, साहु, पण्डित र पञ्चभलादमीजस्ता समाजले प्रतिनिधि मानिएका पात्रका व्यवहारगत सन्दर्भ व्यक्त भएका छन् । उपन्यासमा गाउँका शोषकले हरेक परिस्थितिलाई अनुकूल बनाउन गरेका कुकृत्यहरू युगसन्दर्भका रूपमा आएका छन् । उपन्यासमा राणाकालीन समयको समाजमा गाउँका समस्यामा मान्यजन बसेर दिएको निर्णयको सन्दर्भगत चित्रण आएको छ । प्रस्तुत उपन्यासमा सान्नानीको लोग्नेको मृत्यपछि जेठाजु हरिहरले अंश नदिएर घरबाट निकाला गरेको सन्दर्भ आएको छ । उपन्यासमा सान्नानीले आफ्नो समस्यामा पञ्चायतमा उजुरी गर्दा बलेको आगो ताप्ने समाजका मानिसले न्याय दिलाउन नसकी कलङ्क बनेको सन्दर्भ प्रकट भएको छ । प्रस्तुत उपन्यासमा गाउँको प्रधानपञ्च बन्न नयाँसाहुले गरेका गलत क्रियाकलापका सन्दर्भ आएका छन् । उपन्यासमा गाउँका सम्पन्न मानिसले तत्समयमा मागी वा जारी जसरी भए पनि बहुविवाह गरेको सन्दर्भ व्यक्त भएको छ । प्रस्तुत उपन्यासमा नेपाली समाजका समस्यालाई निराकरण गर्न समाजले पत्याएका पाँचजना मानिस बसेर निर्णय दिने तत्कालीन समयको सन्दर्भ आएको छ । उपन्यासमा नयाँसाहु पञ्चायतको प्रमुख बन्न उप्रेत खगनाथलाई आर्थिक प्रलोभन दिनुका साथै आफू चढ्ने घोडा दिनुमा तत्समयको युगसन्दर्भ आएको छ । प्रस्तुत उपन्यासमा घोडा दिएको विषयले नेपालमा यातायातका साधनको विकास नभएको तत्कालीन युगसन्दर्भ व्यक्त भएको छ । उपन्यासमा गाउँको प्रमुख हुनका लागि आर्थिक सम्पन्नता आवश्यक पर्ने अभिव्यक्ति यसरी प्रकट भएको छ- "लपेटा देखाएर पञ्चायत हात पर्छ भने कुनै बढी बात होइन, तबन दाम, काम, नाम सबै मिल्न

सक्तछ ?" (१०) । यस उद्धृतांशमा चुनाव जित्न खर्च गर्नुपर्ने युगसन्दर्भलाई प्रस्तुत गरिएको छ । प्रस्तुत उपन्यासमा चुनाबका समयमा हुने आर्थिक चलखेलको युगसन्दर्भ प्रकट भएको देखिन्छ ।

*पञ्चायत* उपन्यासमा गाउँको प्रमुख छान्दा आर्थिक चलखेल हुने विषय प्रस्तुत गरिएको छ । यसै प्रसङ्गमा गाउँका मानिसका लागि मात्र नभएर जिल्लाबाट चुनाब गराउन आउने अड्डाका मानिसलाई समेत पैसाका भरमा आफ्नो बनाउनु पर्ने उप्रेत खगनाथको अभिव्यक्ति उपन्यासमा यसरी प्रकट भएको पाइन्छ- "आजकाल्कालाई थप्पड नदेखाइ काम लाग्दैन, फेरि अड्डाकासँग चानचुनको संघर्षले पनि हुँदैन" (१०) । यस उद्धृतांशमा त्यस समयमा पैसा र दलबल प्रयोग गरेर चुनावलाई प्रभावित पारी परिणाम आफ्नो पोल्टामा पार्ने गरेको सन्दर्भलाई व्यक्त गरिएको छ । उपन्यासमा चुनाब सम्पन्न गर्न कार्यालयबाट खटिएका कर्मचारीले गाउँका मानिसलाई सम्झाएर नयाँ साहुलाई प्रधान बनाउन गरेको प्रयत्नलाई देखाइएको छ । प्रस्तुत उपन्यासमा पैसा र पदको दुरूयोगबाट काम सम्पन्न गर्ने सामाजिक कार्यशैली झल्किएको पाइन्छ । उपन्यासमा नयाँ साहुले पैसा र पदको दुरूयोग गरी तत्कालीन नेपाली गाउँले समाजका मानिसप्रति देखाएको व्यवहारगत सन्दभलाई व्यक्त गरिएको देखिन्छ । प्रस्तुत उपन्यासमा बहुविवाह गरी धेरै श्रीमती जम्मा गर्ने मानिसलाई तत्कालीन नेपाली समाजले इज्जत दिएको सन्दर्भ प्रकट भएको छ । उपन्यासमा आएका यस्ता क्रियाकलापले क्षणगत युगसन्दर्भलाई झल्काएको देखिन्छ ।

*पञ्चायत* उपन्यासमा समाजका भद्रभलादमीले दोस्रो विवाह गरी श्रीमती घरमा भित्र्याउँदा यस्तै प्रकारका अन्य मानिस पनि विवाहका लागि तयार भएका सन्दर्भ आएका छन् । उपन्यासमा कन्या माग्दा नमिले जारी गरेर भए पनि श्रीमती ल्याउने सन्दर्भ आएको देखिन्छ । प्रस्तुत उपन्यासमा परिवारको मूल सदस्यले गर्ने व्यवहारलाई छोराले पनि निरन्तरता दिएको कुरा नयाँसाहुको छोरो चञ्चलको चारित्रिक व्यवहारबाट तत्कालीन युगसन्दर्भ पुष्टि भएको पाइन्छ । चञ्चलले भारतबाट आउँदा एउटा हाते लाइट ल्याउनु र यसैका भरमा उसले श्रीमती बटुलेको अभिव्यक्ति उपन्यासमा यसरी प्रकट भएको छ- "रात पर्नासाथ घरको पिडी पिडीमा, झ्याल झ्यालमा, मानिसहरूको मुख मुखमा टर्चलाइटको प्रकाश पुगेको हुन्थ्यो, यसैको जरियाबाट महिना दिन नपुग्दै चञ्चलले दुईवटी थप स्वास्नी जोडे, दुबै जारी, उनका पिताले गरिदिएका एक जोडी पत्नीहरू त घरमा छंदैथिए" (२०) । यस उद्धृतांशमा चञ्चलले

एउटा हाते लाइटका भरमा घरमा श्रीमती बटुलेको देखाइएको छ । यसले त्यस समयको समाजमा विद्यमान रहेको सन्दर्भलाई दर्साएको पाइन्छ । प्रस्तुत उपन्यासमा आएका यस्ता सामाजिक क्रियाकलापमा युगसन्दर्भ प्रकट भएको देखिन्छ ।

*पञ्चायत* उपन्यासमा जारी गरेर ल्याएका श्रीमतीप्रति जिम्मेवारी वहन नगर्नु तर घरमा आइपर्ने काम गर्नुपर्ने, वर्षमा एकजोडा कपडा र अड्कलेर खान दिने विषयमा तत्कालीन सन्दर्भ व्यक्त भएका छन् । उपन्यासमा अर्काको श्रीमती ल्याउँदा साहुको धाक लगाएर थोरै जारी तिर्ने तर आफ्ना श्रीमती अरूले लगेमा पर्याप्त गहना र रूपियाँ असुल्ने साहुका क्रियाकलापमा तत्कालीन युगसन्दर्भ प्रकट भएको पाइन्छ । प्रस्तुत उपन्यासमा जारी असुल्ने साहुका क्रियाकलापलाई यसरी देखाइएको छ- "स्वास्नी पोइल गएको थाहा पाउनासाथ आफ्ना दलबल सहित नयाँ साहू रातमा आफ्नो जारको घर घेर्न पुगे, ... यो जारी मार्दा एक जोडा संपूर्ण गहना उनलाई आइलागेको थियो, ...वर्ष दिन नपुग्दै उनले तीन बिहा गरे" (२१) । यस उद्धृतांशमा त्यस समाजका अगुवाहरूले घरमा श्रीमती जम्मा गर्ने र पोइल गएमा जारी असुली अर्थोपार्जन गर्ने प्रवृत्तिलाई प्रस्तुत गरिएको छ । उपन्यासमा साहुको श्रीमतीप्रतिको व्यवहार यसरी व्यक्त भएको छ- "चोलो फाट्छ भनेर घरमा बस्दा लाउन पाउँदैनथे, खालि गुन्यू र मुजेत्रोको भरमा बस्न पर्दथ्यो, खाने बेलामा आफै साहूको सामुन्नेमा अड्कलेको भाग लगाइन्थ्यो र पेट भर्नुपर्थ्यो मही र पानीले" (२२) । प्रस्तुत उद्धृतांशमा नयाँ साहुले घरमा श्रीमती जम्मा पारेर लालनपालनमा बेवास्था गरेको कुरालाई देखाइएको छ । यसले घरमा थुपारिएका श्रीमतीले सबै काम गर्नुपर्ने तर खानलाउन नदिने अत्याचारी प्रवृत्तिको सन्दर्भलाई प्रकट गरेको छ । उपन्यासमा आएका यस्ता क्रियाकलापले क्षणगत युगसन्दर्भलाई झल्काएको देखिन्छ ।

*पञ्चायत* उपन्यासमा गाउँको प्रमुखले नीतिसङ्गत रूपमा कार्यसम्पादन नगरेको चित्रण गरिएको छ । यसै प्रसङ्गमा जागिर बिक्रीमा चलेको अभिव्यक्ति उपन्यासमा यसरी प्रकट भएको छ- "त्यो समयमा जागिर बिक्रीमा चलेको थियो, इन्साफले पैसा हेर्दथ्यो, लुटेराहरूको भाग्योदयको बेला थियो" (२३) । यस उद्धृतांशमा त्यस समाजमा जागिरलाई पैसामा बिक्री गरेको सन्दभलाई प्रस्तुत गरिएको छ । प्रस्तुत उपन्यासमा हरिहरले भाइबुहारीलाई मुद्दा दिएर अंशभाग नदिएको सन्दर्भ आएको छ । नयाँ साहु र उसका भरौटेहरूका क्रियाकलापगत सन्दर्भ उपन्यासमा यसरी प्रस्तुत भएको पाइन्छ- "कसैले

देशबाट गाउमा रूपैया ल्याएको पत्तो भयो भने नयाँसाहुकहाँ गुप्त बैठक बसिहाल्दथ्यो, गाउमा लोग्ने नभएकी आइमाई गर्भ धारण गरी भने ... साहूको मानिसको घर राखिन्थ्यो र उसका नाठाहरू भित्रितवरले निचरीसकेपछि आफूहरूलाई मनलागेको मान्छेलाई पोल्न लगाइन्थ्यो" (४०-४१) । यस उद्धृतांशमा तत्कालीन समयका अगुवाले अनेक काण्ड मच्चाएर पद लिने अनि पदीय दुरूपयोग गरेर अनेक बहानामा गाउँका सोझा मानिसलाई शोषण गर्ने गरेको सन्दर्भलाई देखाइएको छ । उपन्यासमा राणाकालीन समयको समाजका शैक्षिक तथा शासकीय अवस्थालाई यसरी व्यक्त गरिएको छ- "यो पाठशालाको शिक्षाको काम भर्खरै चालु हुनलागेको बखतमा श्री ५ त्रीभुवन भारत सवारी भयो, उहांको ठाउंमा उहांको सानो नाती ज्ञानेन्द्र बिक्रम राजगद्दीमा राखिए भन्ने हल्ला यो गाउंमा बाढी आउनुभन्दा अगाडिको नदी सोसाइको आवाज झैं गरेर स्वसायो" (७४) । यस उद्धृतांशमा राणाशासनको अन्त्यका लागि त्रिभुवनको सक्रियता रहेको कुरा प्रकट गरिएको छ । प्रस्तुत उपन्यासमा आएका यस्ता घटनाले २००७ साल अघिपछिको राजनीतिक इतिहासमा आधारित क्षणगत युगसन्दर्भलाई अभिव्यक्त गरेको पाइन्छ ।

*पञ्चायत* उपन्यासमा तत्कालीन समाजका ठूलाभनाउँदा मानिसका खराव आचरण, राणाकालीन समयको समाजमा गाउँका समस्यामा मान्यजन बसेर दिने निर्णय, सान्नानीको लोग्नेको मृत्यपछि जेठाजु हरिहरले अंश नदिएर घरबाट निकाला गरेको सन्दर्भ, सान्नानीको समस्यामा पञ्चायतका मानिसले न्याय दिलाउन नसकी कलङ्क बनेको सन्दर्भ, गाउँको प्रधानपञ्च बन्न नयाँ साहुले गरेका गलत क्रियाकलाप, गाउँका मानिसले मागी वा जारी जसरी भए पनि बहुविवाह गरेको सन्दर्भका साथै कास्कीको हात्तीसुँडे डाँडामा विद्यमान सामाजिक जीवनशैलीका युगसन्दर्भ आएका छन् । उपन्यासमा आएका यस्ता तथ्यहरूले क्षणगत युगसन्दर्भलाई अभिव्यक्त गरेको पाइन्छ । यसर्थ क्षणगत युगसन्दर्भका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

### ४.३.४ समयको हुरी उपन्यासमा युगसन्दर्भ

मोहनबहादुर मल्लको *समयको हुरी* (२०१५) उपन्यासमा शैक्षिक, दार्शनिक, न्यायिक, कृषिकर्म तथा जातभातका सन्दर्भ प्रकट भएका छन् । प्रस्तुत उपन्यासमा धनमती, विद्यामती र पद्मी पात्रका माध्यमबाट नारीका वेदनाका सन्दर्भ आएका छन् । उपन्यासमा छोरीलाई पढाउनुपर्छ भन्ने चेतनागत सन्दर्भ प्रस्तुत भएका छन् । उपन्यासमा नारीका

समस्या र जातीय विभेदको अन्त्यका सामाजिक सन्दर्भ व्यक्त भएका छन् । प्रस्तुत उपन्यासमा नेपाली समाजमा अध्यात्मवादी दर्शन र भौतिकवादी दर्शनले मानिसमा पारेको प्रभावगत सन्दर्भलाई व्यक्त गरिएको छ । उपन्यासमा पद्मीलाई सर्किनी मान्ने तत्कालीन नेपाली समाजको सन्दर्भ आएको छ । उपन्यासमा नेपाली समाज सदियौँदेखि लिङ्गभेदको चपेटामा परेको सन्दर्भ आएका छन् । उपन्यासमा पुरानो पुस्ताका पात्रले नारी वर्ग लेखपढमा नभई खेतीपाती, घरगोठ र चुलोचौकोमा व्यस्त हुनुपर्ने समानता विरोधी मान्यतामा धनमतीलाई भेट्न आएका लक्ष्मीधरलाई विद्याले दिएको अभिव्यक्ति यसरी प्रकट भएको छ- "कोसँग भेट्ने हो यस्तो रातको बिचमा ? स्वास्नीमान्छे मात्र भएको घरमा ! जरूरी काम भए त्यहीँबाट ...." (१) । यस उद्धृतांशमा रातको समयमा धनमतीलाई भेट्न लक्ष्मीधर आउँदा विद्याले दिएको नकरात्मक अभिव्यक्ति प्रकट गरिएको छ । उपन्यासमा शिक्षाको सिर्जनात्मक चेतनालाई यसरी व्यक्त गरिएको छ- "भोलि तानसेन बजारको नेपाली विद्याश्रममा साहित्य सम्मेलन हुने भएको थियो" (४) । यस उद्धृतांशमा त्यस समयको समाजमा साहित्य सम्मेलनजस्तो सिर्जनात्मक काम भएको सन्दर्भलाई प्रस्तुत गरिएको छ । उपन्यासमा प्रयुक्त पात्रका यस्ता क्रियाकलापले क्षणगत युगसन्दर्भलाई दर्साएको पाइन्छ ।

*समयको हुरी* उपन्यासमा न्यूजीले दिएको उत्साहका कारण विद्या र धन शिक्षाप्रति आकर्षित हुनु तर आमालाई त्यो गतिविधि मन नपरेको सन्दर्भ प्रकट भएको छ । प्रस्तुत उपन्यासमा कानुन भएर पनि व्यवहारमा लागू हुन नसकेमा पद्मीलाई सर्किनीका रूपमा नेपाली विद्याश्रम प्रवेशमा रोक लगाउने लक्ष्मीधरप्रति गरिएको न्यूजीको अभिव्यक्ति यसरी "ओ एस, तपाई उपर नेपाल सरकारको विधान लागू हुँदैन ?" (९) आएको छ । यस उद्धृतांशमा पद्मीलाई सर्किनी ठान्ने त्यस बेलाको समाजप्रति न्यूजी पात्रले दिएको विरोधको सन्दर्भलाई देखाइएको छ । उपन्यासमा तत्कालीन समयको शासन व्यवस्था र शिक्षाका नाममा चन्दा सङ्कलन गर्ने प्रवृत्तिप्रति लक्ष्मीधरको नकरात्मक विचार यसरी प्रकट भएको छ- "हाम्रा देशमा हुकुमी शासन पार हटेपछि यो चन्दाको बहाना निकालेर बसीबसी खाने पारवृत्ति ज्यादै बढेर गएको छ" (११) । यस उद्धृतांशमा प्रभाकर, न्यूजीलगायतका मानिस मिलेर समाजमा आधुनिक शिक्षा दिलाउन चन्दा उठाएर विद्याश्रम खोल्नु तर लक्ष्मीधरले चन्दा दिनुको साटो असयोगी भावना प्रकट गरेको सन्दर्भ आएको छ । उपन्यासमा चित्रित यस्ता क्रियाकलपले क्षणगत युगसन्दर्भलाई व्यक्त गरेको पाइन्छ ।

*समयको हुरी* उपन्यासमा छोरा नभएमा धर्मपुत्र राख्ने सामाजिक प्रचलनलाई देखाइएको छ । यसै प्रसङ्गमा प्रभाकर कान्छो बाबुको छोरा नभएकाले शेषपछि सम्पूर्ण सम्पत्ति खाने र छोराको कर्तव्य पूरा गर्ने गरी धर्मपुत्र बसेको अभिव्यक्ति उपन्यासमा यसरी प्रकट भएको छ- "आफूपछि आफ्नो श्रीसम्पत्ति खाने हकदार बनाउने निर्णय गरेबमोजिम यिनी आफ्ना कान्छो बाबुको घर बसेका थिए" (१३) । प्रस्तुत उद्धृतांशमा त्यस समयका मानिसले छोरा नभएमा धर्मपुत्र राख्ने गरेको सन्दर्भलाई व्यक्त गरिएको छ । उपन्यासमा एक परिवारको सदस्य अर्को परिवारको सदस्य बन्दा ज्ञानीले प्रभारकलाई गरेको व्यवहार यसरी प्रकट "प्रभाकर जति हुर्कँदै जान लागे उति ज्ञानीसँगको झगडा पनि हुर्कँदै जान लाग्यो" (१४) भएको छ । यस उद्धृतांशमा प्रभावकर कान्छा बाबुको धर्मपुत्र बस्दा कान्छी आमा र ज्ञानीका बिचमा खटपट बढेको सन्दर्भ प्रस्तुत भएको छ । उपन्यासमा शिक्षित व्यक्ति प्रभाकर कान्छो बाबुको मृत्युमा घर परिवारका सदस्यलाई भेट्न आउँदा भेटका सट्टामा घरमा प्रवेशसमेत नपाउँदाको आत्माभिव्यक्ति यसरी प्रकट गरिएको छ- "प्रभाकर मस्याङ्डाँडाको चौतारीमा बसेर गहभरी आँसु काढेर एकटकले तानसेनलाई हेर्न लागे" (१७) । यस उद्धृतांशमा पिताको निधनले प्रभाकरको जीवनमा उत्पन्न भएको आर्थिक सङ्कटलाई औँल्याइएको छ । उपन्यासमा कान्छो बाबुको मृत्युको खवर सुनेर प्रभाकर गोरखपुरबाट घर फर्कँदाको दयनीय स्थितिको चित्रण यसरी आएको छ- "हिजो बिहान खसौलीमा आएदेखि यता मुखमा केही पनि हालेका थिएनन्" (१७) । प्रस्तुत उद्धृतांशमा अर्थाभावको कारणले प्रभावकर भोकभोकै हिँड्नुपरेको सन्दर्भ व्यक्त गरिएको छ । उपन्यासमा चित्रित यस्ता क्रियाकलापले क्षणगत युगसन्दर्भलाई देखाएको पाइन्छ ।

*समयको हुरी* उपन्यासमा अभिभावकप्रति सन्तानले देखाएको श्रद्धाभाव प्रकट गरिएको छ । श्रमका सम्बन्धमा विद्याले पिताका बारेमा श्रद्धापूर्वक दिएको अभिव्यक्ति उपन्यासमा यसरी आएको छ- "यौटा बृद्ध पितालाई गर्मीमा कुहाएर हामी दह्रा बलियाहरूले बसी खानु ? खाएको नखायै भएको छ, तपाईं एक पटक भन्नुभएको थियो- अब नारीहरूको कर्मक्षेत्रभित्र मात्र नभएर बाहिर पनि फैलियो" (२०-२१) । यस उद्धृतांशमा सन्ततिले आफ्ना पिताप्रति दर्साएको सद्भावको सन्दर्भलाई देखाइएको छ । उपन्यासमा विद्याश्रम र मठमन्दिर प्रवेश गर्दा जातभातको ख्याल गर्नुपर्ने तथा पद्मीलाई सर्किनीको संज्ञा दिने लक्ष्मीधरजस्ता ढोंगी मानिसको विचार आएको देखिन्छ । उपन्यासमा महिला र पुरूषका बिच भेद नहुने दार्जलिङको समाज उद्धृत गरी नेपाली समाजलाई समतामूलक बनाउने न्यूजीको

चाहनालाई यसरी प्रकट “हामी दार्जलिङमा मेल और फिमेललाई ओ, कुनै भेदभाव राख्दैनौ” (२६) गरिएको छ । प्रस्तुत उद्धृतांशमा फरक समाजको प्रसङ्ग जोड्दै त्यस समाजलाई नारी पुरूषमा भेदभाव राख्न नहुने सन्दर्भलाई देखाइएको छ । उपन्यासमा विदेशी मखमलभन्दा स्वदेशी गुन्द्री बेसजस्तो देशप्रेमी भावना प्रकट भएको छ । शिक्षादीक्षाको गुणस्तरीय व्यवस्थाबाट नै समाजलाई युगानुकूल बदल्न सकिने मान्यतामा प्रभाकर र न्यूजीको विचार उपन्यासमा यसरी आएको छ- “हाम्रो सोसाइटीमा परेदेखि ओ, साँच्चिकै मान्छे बन्ने नलेज छ, ...तपाईं जस्ता केही जानकारहरू घरबाहिर निस्किदिए- ओ, समाजलाई अगि बढाउन सुगम भैजाने छ, हामी दार्जलिङ्गमा मेल और फिमेललाई- ओ, कुनै भेदभाव राख्दैनौं” (३०) । यस उद्धृतांशमा समाजको विकास गर्नको लागि नारी र पुरूषका बिचमा भेदभाव नगरी समतामूलक विचार सिर्जना गर्नुपर्ने सन्दर्भ व्यक्त गरिएको छ । उपन्यासमा प्रकट भएका यस्ता विचारले क्षणगत युगसन्दर्भलाई दर्साएको देखिन्छ ।

*समयको हुरी* उपन्यासमा समतामूलक समाजनिर्माणका सन्दर्भमा आएका दार्शनिक विचारलाई देखाइएको छ । यसै प्रसङ्गमा उपन्यासभित्र आएको दार्शनिक विचारलाई यसरी प्रकट गरिएको छ- “असक्तहरूको रक्षार्थ गरिएका सबै प्रबन्ध बिफल बनेको देखेर जर्मनीका मार्क्स नामक एक सज्जनले यो धनी-गरीब, ठूलो सानोको पर्खाल नलगाइएको समाजको कल्पना गरे” (४८) । यस उद्धृतांशमा निम्नवर्गको संरक्षणको लागि उच्चवर्गमा रहेको सामन्ती चिन्तन र धनी गरिबको पर्खाललाई भत्काउनु पर्ने सन्दर्भलाई प्रस्तुत गरिएको छ । उपन्यासमा कृषिकर्मका बारेमा विद्याका पिताले दिएको अभिव्यक्ति यसरी आएको छ- “यदि नयाँ वैज्ञानिक तरिकाबाट मलसङ्ग्रह गर्ने और कुलो इनारद्वारा पानीको अभाव पूर्ति गर्ने हो भने तराईको जग्गा कमाउने किसान कुबेर बन्नेछन्” (५१) । प्रस्तुत उद्धृतांशमा त्यस बेलाको समाज वैज्ञानिक चिन्तनमा पनि आबद्ध रहेको सन्दर्भ व्यक्त गरिएको छ । उपन्यासमा सामाजिक जागरण ल्याउन नेपाली भाषामा गुणस्तरीय शिक्षाको प्रारम्भ आवश्यक रहेको अभिव्यक्ति यसरी आएको पाइन्छ- “सती जलाउने, नाक चुल्ठो गर्ने, जार काट्ने, भाउज्यू राख्ने, दासदासी बनाउने इत्यादि पुराना धर्ममा गनिएका चलनहरू हराएको उपमा दिँदै- अब पनि समाजमा धर्मको रूपबाट लुकेका ओखनपाङ्ग्रो बनेका चलनहरू छाँटछुँट पार्नाले नै सबको भलाइ छ भन्ने कुरो झल्काए” (९०) । यस उद्धृतांशमा समाजलाई शिक्षित तुल्याएर परम्परागत ओखनपाङ्ग्रे विचार छाटकाँट गर्नुपर्ने सन्दर्भलाई प्रस्तुत गरिएको छ । उपन्यासमा आएका यस्ता क्रियाकलापले क्षणगत युगसन्दर्भलाई दर्साएको पाइन्छ ।

*समयको हुरी* उपन्यासमा प्रेमका सन्दर्भलाई देखाइएको छ । यसै प्रसङ्गमा प्रेमबिनाको मानवजीवन मरूभूमितुल्य हुने न्यूजीको अभिव्यक्ति उपन्यासमा यसरी प्रकट "प्रेम एक स्वाभाविक ईश्वरीय देन मानि जान्छ" (१०४) भएको छ । प्रस्तुत उद्धृतांशमा त्यस समयका मानिसले प्रेमलाई ईश्वरीय देन ठानेको सन्दर्भलाई देखाइएको छ । उपन्यासमा ज्ञानीकी माताले प्रभाकरको बारेमा दिएको अभिव्यक्ति यसरी आएको छ- "सर्वस्व खान बसेको मोरोलाई एक पैसा नदिकन धपाइदिएँ" (११९) । यस उद्धृतांशमा कान्छो बाबुको मृत्युपछि घर त्याग्नुपरेको सन्दर्भलाई देखाइएको छ । उपन्यासमा विद्याले आफ्नो उद्योगी मानसिकताका विषयमा पितालाई दिएको अभिव्यक्ति यसरी आएको छ- "पिताजीको प्रतिज्ञा पूरा गर्ने कुरामा मैले आफ्नो कर्तव्य पूर्णपालना गर्न सकेकी छैन, मेरो अनुकूलको समय भयो र मैले भने जस्ता साथीहरू भेट्टाएको पक्षमा घरेलु वस्त्र उद्योगद्वारा म त्यसलाई पूर्ण गर्ने चेष्टा गर्ने हुँ" (१४१) । यस उद्धृतांशमा विद्याले आफूमा भएको ज्ञान र सीपका सन्दर्भमा पितासँग व्यक्त विचारलाई देखाइएको छ । उपन्यासमा विद्याका घरमा प्रभाकर र न्यूजीले धन र धर्मका बारेमा दिएको अभिव्यक्ति यसरी आएको छ- "आज वैज्ञानिकका अनेकौं साधन हवाइजहाज, आकाशवाणी, आकाश चलचित्र (टेलिभिजन) इत्यादिले गर्दा संसारलाई एक विशाल घरपरिवारमा बदल्न खोजेको छ" (१४६) । यस उद्धृतांशमा त्यस समयको समाजका यातायात र सञ्चारका सन्दर्भलाई व्यक्त गरिएको छ । उपन्यासमा आएका यस्ता क्रियाकलापमा क्षणगत युगसन्दर्भ व्यक्त भएको देखिन्छ ।

*समयको हुरी* उपन्यासमा नेपाली भाषाको स्थिति दयनीय रहेको चिन्ता प्रकट गरिएको छ । यसै प्रसङ्गमा तत्कालीन समयमा नेपाली भाषाको स्थिति दयनीय रहेको र यसलाई माथि उठाउन नेपाली विद्याश्रमले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको सन्दर्भमा प्रभाकरले दिएको अभिव्यक्ति यसरी आएको छ- "हाम्रो राष्ट्रभाषाकै उन्नतिमा हामी नेपालीको उन्नति अडेको छ, हामीले विद्याश्रम खोल्दा जो राष्ट्रभाषाको सेवाको कसम (सपथ) खाएका थियौं, तपाईंले अङ्ग्रेजीमा हात हाल्नाले सपथ तोडनुभयो" (१६३) । प्रस्तुत उद्धृतांशमा नेपाली विद्याश्रमले राष्ट्रभाषाको उन्नयन गर्ने, आधुनिक शिक्षातिर प्रवेश गर्न नहुने सन्दर्भ प्रकट गरिएको छ । उपन्यासमा राष्ट्रियतापूर्ण गुणस्तरीय शिक्षाका माध्यमबाट मात्र समाजका समग्र समस्या निराकरण सम्भव रहेको चिन्तन आएको छ । उपन्यासमा ज्ञानीका आमाछोरीले सम्पत्तिका लोभमा सेतुमार्फत गोरखपुरबाट विष झिकाई प्रभाकरलाई दूधमा राखी सेवन गराउँदा साटफेरका कारण विष ज्ञानीलाई पर्नु र सहन नसकी बाँकी

विष आमाले सेवन गरी मृत्यु हुँदा ज्ञानीले न्यायलयमा दिएको अभिव्यक्तिलाई यसरी प्रकट “औषधीलाई चाहिएकोले सेतुद्वारा गोरखपुरबाट मैले नै मगाएकी हुँ” (१७५) गरिएको छ । यस उद्‌धृतांशमा आर्थिक प्रलोभनका खातिर ज्ञानी र ज्ञानीकी आमाले प्रभाकरको जीवनलीला समाप्त पार्ने गरेका क्रियाकलापलाई देखाइएको छ । उपन्यासमा समाजका व्यथितिदेखि वाक्क भएर देहलीला समाप्त गरेकी पद्‌मीलाई सङ्केत गर्दै न्यूजीले शिक्षा र राष्ट्रियताको विषयमा दिएको अभिव्यक्ति यसरी प्रस्तुत भएको छ- “मेरो पहिलो प्रतिज्ञा छ- शराब र धुम्रपान त्याग्ने; दोस्रो प्रतिज्ञा छ- विदेशी कपडा र विदेशी फेसनको बहिष्कार; तेस्रो प्रतिज्ञा छ- हाम्रा देशका अशिक्षित ठाउँमा घुसेर शिक्षाको प्रचार गर्ने” (१८२) । प्रस्तुत उद्‌धृतांशमा मानिसका लवाइखुवाइमा परिवर्तन गर्नुपर्ने सन्दर्भलाई देखाइएको छ । उपन्यासमा चित्रण गरिएका यस्ता क्रियाकलापले क्षणगत युगसन्दर्भलाई झल्काएको देखिन्छ ।

*समयको हुरी* उपन्यासमा तत्कालीन नेपाली समाजमा विद्यमान शिक्षा र राष्ट्रियता, प्रणय र समानता, नीतिचेतना र कानुन, श्रम र व्यावसाय तथा सूचना र सञ्चार क्षेत्रका असल कार्यको समर्थन र विसङ्गतिमूलक कार्यप्रति विरोध गरी समुन्नत समाज निर्माणको अपेक्षाका सन्दर्भ आएका छन् । उपन्यासमा आएका यस्ता तथ्यहरूले युगसन्दर्भलाई प्रकट गरेको पाइन्छ । यसर्थ क्षणगत युगसन्दर्भका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

### ४.३.५ भुमरी उपन्यासमा युगसन्दर्भ

मोहनबहादुर मल्लको *भुमरी* (२०१६) उपन्यासमा राणा तथा पञ्चायत कालखण्डका वैवाहिक तथा राजनीतिक सन्दर्भ प्रकट भएका छन् । प्रस्तुत उपन्यासमा सामाजिक तथा राजनीतिक दाउपेच र नारीवेदनाका सन्दर्भ आएका छन् । उपन्यासमा अविवाहित आमाका विचार र विधवाका चिन्तनको नवीनतम प्रस्तुतिका सन्दर्भ आएको पाइन्छ । प्रस्तुत उपन्यासमा सहरिया परिवेशका मानिसमा भएको आचरणगत सन्दर्भ व्यक्त भएको छ । उपन्यासमा कुमारी आमाका व्यथा र बालविधवा गङ्गा अनि जमुनाका विभेदका सन्दर्भ आएका छन् । प्रस्तुत उपन्यासमा तिरष्कृत नारी पात्रका मनोदशागत सन्दर्भ प्रकट भएका छन् । उपन्यासमा त्यस समयको समाजमा विद्यमान रहेका सामाजिक तथा राजनीतिक क्षेत्रका पर्याप्त युगसन्दर्भ आएका छन् । उपन्यासमा विधवा महिलाले परपुरूषलाई हेर्न नहुने सामाजिक चिन्तनमा आधारित युगसन्दर्भ आएको छ । प्रस्तुत उपन्यासमा विधवा गङ्गाले परपुरूष किरणलाई यौनिक भावनका दृष्टिले साँझको समयमा देखेको किरणलाई गङ्गाले बिहान कोठाको

झ्यालबाट हेर्ने चेष्टा गरेको र बहिनी जमुनाले उपेक्षाभाव देखाएको अभिव्यक्ति यसरी प्रकट "धत् ! परपुरूषलाई यसरी विधवा भएर" (१) भएको छ । प्रस्तुत उद्धृतांशमा किरणलाई गङ्गाले अन्तर्मनबाट मायाभाव देखाउँदा बहिनी जमुनाले उपेक्षा भाव देखाएको सन्दर्भलाई देखाइएको छ । उपन्यासमा विधवा गङ्गाले परपुरूष किरणप्रति कामुक नजर लगाउँदा दुई बहिनी गङ्गा र जमुनामा द्वन्द्व तथा उपेक्षा र तिरस्कारको भाव जन्मिनुमा युगसन्दर्भ आएको छ । उपन्यासमा २००७ सालको राजनीतिक परिवर्तनपछि मानिसका चिन्तनमा परिवर्तन आएको पाइन्छ । उपन्यासमा गङ्गाले नोकर्नी झ्यापीलाई आफ्नो अनुकूल बनाई घरमा पाकेको मीठो, मसिनो दिनु अनि आफू पनि समयसमयमा किरणको घरमा जानेआउने गरेको सन्दर्भ व्यक्त भएको छ । प्रस्तुत उपन्यासमा आपसमा सम्बन्ध जोड्न दिउँसोको समयमा घरमा कोही नभएको मौका पारेर गङ्गा किरणकी सुसारे झ्यापीसँग पुग्नु र झ्यापीले किरणका विषयमा सबै कुरा जानकारी गराउनु अनि गङ्गाको मन किरणतर्फ आकर्षित भई विवाहका लागि आन्तरिक रूपमा तयार हुनुमा युगसन्दर्भ आएको छ । उपन्यासमा प्रकट भएका यस्ता क्रियाकलापले क्षणगत युगसन्दर्भलाई दर्साएको पाइन्छ ।

*भुमरी* उपन्यासमा समाजका आर्थिक सम्पन्नता भएका मानिसले घरपरिवारका काम सघाउन मान्छे राख्ने प्रचलनको युगसन्दर्भ आएको छ । उपन्यासमा कानुनमा नोकरचाकर राख्ने प्रथा हटेको तर व्यावहारिक रूपमा समाजमा विद्यमान रहेको अभिव्यक्ति यसरी आएको छ- "त्यो तपाइँले देखाउनुभएको मान्छेको यौटा नोकर र यौटी नोकर्नी पनि उसंगै आएका छन् रे" (२) । प्रस्तुत उद्धृतांशमा त्यस बेलाको समाजका आर्थिक सम्पन्न मानिसले घरमा नोकरचाकर राख्ने गरेको सन्दर्भलाई देखाइएको छ । प्रस्तुत उपन्यासमा किरणको साथमा रहेका चिपिरे र झ्यापीका क्रियाकलापमा युगसन्दर्भ प्रकट भएका छन् । उपन्यासमा झ्यापीलाई खाना पकाउन र घरभित्रको कामको जिम्मा र चिपिरेलाई बाहिरको जिम्मा दिनुबाट महिलालाई घरभित्रको काममा लगाउने र पुरूषलाई बाहिरको कामको जिम्मा दिने सामाजिक प्रचलनमा युगसन्दर्भ आएको छ । प्रस्तुत उपन्यासमा काठमाडौँका सम्पन्न मानिसले दरबारमा डोला हेरेको देख्दा जमुनामा पनि हेर्ने इच्छा जागृत हुनु तथा उसलाई समाजका सम्पन्न मानिसले बग्गी चढाएर लगी अस्तित्व लुट्नुमा युगसन्दर्भ आएको देखिन्छ । उपन्यासमा आएका यस्ता क्रियाकलापमा क्षणगत युगसन्दर्भ व्यक्त भएको पाइन्छ ।

*भुमरी* उपन्यासमा समाजमा रहेको राजनीतिक युगसन्दर्भको चित्रण गरिएको छ । यसै प्रसङ्गमा राजनीतिक सन्दर्भका क्रान्तिकारी विचारविमशलाई उपन्यासमा यसरी प्रकट गरिएको छ- “पहिले हामीले आफ्नो शक्तिको तुलना गर्नुपर्छ अनि आफ्नो पछाडि हेर्नुपर्छ, ... सशस्त्रक्रान्तिको नाम हामीले एकदम भुलौँ, हामी शान्तिपूर्वक हाम्रा साथीहरू बढाउँदै लैजाऔँ र समयको प्रतिक्षा गर्दैगरौँ” (२६) । प्रस्तुत उद्धृतांशमा त्यस समाजलाई दुःखको भुमरीमा पार्ने शासनव्यवस्थाको अन्त्यका लागि समर्पित सचेत क्रान्तिकारी युवावर्गको विचारविमर्शको सन्दर्भलाई प्रस्तुत गरिएको छ । उपन्यासमा राजनीतिक परिवर्तनमा लाग्ने युवालाई राज्यद्रोहको मुद्धा लगाउने, देशनिकाला गर्ने तथा मृत्युदण्ड दिने सन्दर्भ आएको पाइन्छ । उपन्यासमा प्रयुक्त पात्र विक्रमसिंहलाई शोभाभगवतीमा ज्यानसजाय दिन लानुका साथै गोप्यरूपमा जन्मेको छोरो किरण, गङ्गा र जमुनालाई साथमा लिएर रातको समयमा भारतको दार्जलिङतर्फ लागेको विषयले नेपालका राजनीतिज्ञ अफ्ठ्यारो परिस्थितिमा भारतमा शरण लिन जानेगरेका सन्दर्भ आएका छन् । उपन्यासमा आएका यिनै पक्षमा क्षणगत युगसन्दर्भ प्रकट भएको पाइन्छ ।

*भुमरी* उपन्यासमा नारीप्रति भएका सामाजिक विकृतिलाई देखाइएको छ । बग्गी चढेर डोला हेर्न गएकी जमुनाको अवस्थालाई उपन्यासमा यसरी चित्रित गरिएको छ- “एक दिन साँझको समयमा जमुनालाई दर्बारमा डोला हेर्न खोजेका छन् भन्ने छल गरेर बदमासहरूले बग्गीद्वारा कुनै गुप्त ठाउँमा लगेर उनमाथि बलात्कार गरेछन्” (५२) । प्रस्तुत उद्धृतांशमा खराब आचरणका मानिसले जमुनालाई दर्बारमा डोला हेर्ने छल गरी बलात्कार गरेको सन्दर्भलाई देखाइएको छ । प्रस्तुत उपन्यासमा बलात्कारका घटना बाहिर नआउनुमा तत्कालीन समाजका मानिसले नारीलाई खेलौना मान्ने सम्पन्न परिवारका चारित्रिक क्रियाकलाप र सामाजिक व्यवहारमा युगसन्दर्भ आएको पाइन्छ । उपन्यासमा किरणकी आमा अविवाहित अवस्थामा समाजका सभ्य भनाउँदा विक्रमसिंहबाट बलात्कृत भएर किरणको जन्म हुनु तथा जमुना समाजका सम्पन्न मानिसबाट बलात्कृत भएको दुबै घटना समाजमा बाहिर प्रकट नहुनुमा युगसन्दर्भ प्रकट भएको छ । उपन्यासमा भएका यस्ता क्रियाकलापमा क्षणगत युगसन्दर्भ झल्किएको देखिन्छ ।

*भुमरी* उपन्यासमा सम्पन्न परिवारका सन्तति अफिमको नशामा पर्दा सामान्य मानिसलाई प्रभावित तुल्याउनुका साथै सामाजिक मर्यादाका कारण आफूले बलात्कार गरेकी

महिलालाई समाजका अगिल्तिर स्वीकार गर्न नसक्नु र आफ्नो करतुत लुकाएर समाजका अगाडि महिलालाई दोषी बनाउने र आफू पवित्र बन्ने सामाजिक चिन्तनमा युगीन सन्दर्भ आएको पाइन्छ । उपन्यासमा अफिमको नशा लिने कुलतका कारण कुमारी आमा बनेकी किरणकी आमाले समाजका अगाडि किरणलाई आफ्नो छोरो स्वीकार नगरी कुमारी बन्नु, राजनीतिक परिवर्तनका खातिर किरण र उसका साथीले गोप्यरूपमा बैठक गरेर जनजागरणका क्रियाकलाप गर्नुमा युगसन्दर्भ प्रकट भएको पाइन्छ । उपन्यासमा आएका यस्ता तथ्यहरूले क्षणगत युगसन्दर्भलाई प्रस्तुत गरेका छन् । यसर्थ क्षणगत युगसन्दर्भका दृष्टिले प्रस्तुत उपन्यास उपयुक्त देखिन्छ ।

### ४.३.६ बहादुर नजर उपन्यासमा युगसन्दर्भ

मोहनबहादुर मल्लको *बहादुर नजर* (२०३६) उपन्यासमा नेपालको एकीकरण, न्याय तथा प्रेमका सन्दर्भ प्रकट भएका छन् । प्रस्तुत उपन्यासमा बहादुर शाहलाई नायकका रूपमा स्वीकार गरी विशाल नेपालनिर्माणको सन्दर्भ जोडिएको छ । उपन्यासमा बहादुर शाहले देखाएको कार्यकुशलताका सन्दर्भ प्रकट भएका छन् । प्रस्तुत उपन्यासमा बहादुर शाहमा रहेको चातुर्य गुणले गर्दा नेपालको सीमा पूर्वमा टिष्टा र पश्चिम गण्डकीसम्म विस्तार हुन सम्भव भएको र राजा रणबहादुर शाहको नायब भएर शासन चलाएको सन्दर्भ उल्लेख गरिएको छ । उपन्यासमा बहादुर शाहले नेपाल एकीकरणमा खेलेको भूमिका र दरबारले उनीप्रति गरेको अन्याय इतिहासका पानामा लिपिबद्ध भएको सन्दर्भ प्रस्तुत भएका छन् । प्रस्तुत उपन्यासमा समग्र नेपालको निर्माणमा बहादुर शाहको भूमिका र उनको विचारलाई राज्यले ग्रहण गर्न नसक्नु तथा प्रेमका नवीनतम प्रयोगका सन्दर्भ आएका छन् । उपन्यासमा बहादुर शाह र चतुर लमजुङबाट पाल्पातर्फ लाग्दा कोटाघाटमा लमजुङका मानिस समाउन आउँदा झटपट डुङ्गा चढेर पाल्पाको भूमिमा पुगेको सन्दर्भमा चतुरले दिएको अभिव्यक्ति यसरी प्रकट भएको छ- "डुङ्गा ख्याइरहेको माझीले यसो मुन्टो फर्काएर पछि हेरेको मात्र थियो, चतुर उठेर गुलेलीको खोरीमा मट्याङ्ग्रा राख्दै बोल्यो, खबरदार डुङ्गाको चाल बिग्र्यो भने मट्यांग्राको वर्षा चल्नेछ टाउको माथि !" (१९) । यस उद्धृतांशमा नेपालको एकीकरणका समयमा बहादुर शाह र चतुर पाल्पातर्फ लाग्दा कोटाघाटमा लमजुङका मानिसले आक्रमण गरेको सन्दर्भलाई देखाइएको छ । यसमा चतुरले गुलेली देखाउँदै खबरदारी गरेको सन्दर्भ आएको छ । प्रस्तुत उपन्यासमा पाल्पाको जङ्गलमा बहादुर शाहसँग चतुरले दिएको

अभिव्यक्ति यसरी प्रस्तुत भएको छ- "मालिक जन्मदेखि नोकरी गरेका कमाराले पनि चटक्क छोड्न कसरी सकेका ! दरबारबाट कान्छा चौतरियाको घरमा पाउलाग्ने दिनमा नेप्टे र चेप्टे केटालाई मैले बलैसँग लतारेर ल्याएको थिएँ" (२४) । यस उद्धृतांशमा असहज परिस्थितिमा नजिकका मानिसले साथ छोडको सन्दर्भलाई देखाइएको छ । उपन्यासमा आएका यस्ता अभिव्यक्तिले तत्कालीन युगसन्दर्भलाई झल्काएको पाइन्छ ।

*बहादुर नजर* उपन्यासमा पाल्पा दरबारमा बहादुर शाह बसेको समयमा नजरले त्यहाँबाट देखिने दृश्यको चित्रण गरिएको पाइन्छ । यसै प्रसङ्गमा प्रकृति, पशुपङ्क्षी र मानवका विशेषता अन्तर्सम्बन्धित हुने गरी दिएको स्थानविषेशको नजरले दिएको विचार उपन्यासमा यसरी आएको छ- "पश्चिमको सेती गाईझैं गरेर बसेको धवलागिरि हो, त्यसदेखि पूर्वको अरू सबै सेतो मुखमात्र कालो गरेको, बसेको लाखु जस्तो अन्नपूर्ण हो, त्यसदेखि पूर्वको काखमा नानी लिएको जस्तो भाइ अन्नपूर्ण हो, त्यसको पनि पूर्वका लस्करै डाला, माना र पाथी हुन्, तीदेखि पूर्व माछाको पुच्छर जस्तो कापे माछापुच्छ्रे हो" (३१) । यस उद्धृतांशमा चतुरले प्रकृति, पशुपङ्क्षी र मानवका विशेषता अन्तर्सम्बन्धित हुने सन्दर्भलाई देखाइएको पाइन्छ । उपन्यासमा चतुरले रूपालाई योगीको भेषमा छकाएर आगोको भिक्षा मागेको अभिव्यक्ति यसरी प्रकट "फुस्रे मलाई यति पटक त छलेन" (४१) भएको छ । यस उद्धृतांशमा चतुरले रूपालाई योगीको भेषमा आगोको भिक्षा मागेर छक्काएको सन्दर्भलाई देखाइएको छ । यसमा चतुर र रूपाको मायाप्रेमको सन्दर्भ गाँसिएको पाइन्छ । उपन्यासमा आएका यस्ता क्रियाकलापले युगसन्दर्भलाई प्रकट गरेको देखिन्छ ।

*बहादुर नजर* उपन्यासमा नेपालएकीकरण अभियानमा बहादुर शाहले भाइभारदारबाट सहयोग नपाएको सन्दर्भ प्रकट गरिएको छ । सुखभोगमा लिप्त भारदार उच्चमनोबलका साथ रणभूमिमा प्रस्तुत नहुँदा बहादुर शाहले दिएको अभिव्यक्ति उपन्यासमा यसरी प्रकट "सधाएको कुकुरले ऐरो खेल्छ, पुल्पुल्याएको कुकुरले मुख चाट्छ" (५८) भएको छ । यस उद्धृतांशमा भारदारले रणभूमिमा कुशलता देखाउन नसकेको सन्दर्भलाई देखाइएको छ । उपन्यासमा नेपालको एकीकरण अभियानका सिलसिलामा दरबारबाट सहयोग नभएको बहादुर शाहको अभिव्यक्ति यसरी प्रकट भएको छ- "सधाएको कुकुरले ऐरो खेल्छ, पुल्पुल्याएको कुकुरले मुखचाट्छ, आज माहिली आमाको छोरो रणसिंहले शाहवंशमा कालो दाग लगाइदियो" (५८) । यस उद्धृतांशमा बहादुर शाहलाई नेपालएकीकरण अभियानमा दरबारबाट सहयोग

नभएको सन्दर्भलाई देखाइएको छ । प्रस्तुत उपन्यासमा एकीकरण अभियानका कारण जीवन अस्तव्यस्त हुँदा सन्ततिको संरक्षणको सन्दर्भमा बहादुर शाहले नजरलाई र नजरले बहादुर शाहलाई दिएको अभिव्यक्ति यसरी आएको छ- "नजर मैले भनेको माने छोराका निमित्त तिमी माइत जाऊ, मन पर्दैन, नजरले शून्य नजरले शून्य गगनमा हेरिन्" (१२४) । यस उद्धृतांशमा सन्तानप्रतिको मायाभावको सन्दर्भलाई देखाइएको छ । उपन्यासमा आएका यस्ता कार्यले युगसन्दर्भलाई झल्काएको पाइन्छ ।

*बहादुर नजर* उपन्यासमा प्रयुक्त ऐतिहासिक पात्र, घटनाक्रममा क्षणगत युगसन्दर्भ आएको छ । उपन्यासमा नेपालको इतिहासमा प्रयुक्त विषय प्रयोग हुनुमा क्षणगत युगसन्दर्भ व्यक्त भएको छ । प्रस्तुत उपन्यासमा ऐतिहासिक पात्र बहादुर शाह तनहुँमा शरण लिन गएको चित्रणमा क्षणगत युगसन्दर्भ आएको छ । उपन्यासमा बहादुर शाहले त्रिगुटसँग सम्बन्ध स्थापित गरेको देखाइनुमा तत्कालीन क्षणगत युगसन्दर्भ प्रस्तुत भएको छ । प्रस्तुत उपन्यासमा गोरखाको आक्रमण तनहुँमा हुनुमा क्षणगत युगसन्दर्भ आएको छ । उपन्यासमा बहादुर शाह लमजुङ हुँदै पाल्पा प्रवेश गरेको र बेतियामा बसेर नेपालएकीकरण अभियान चलाएको ऐतिहासिक समयमा क्षणगत युगसन्दर्भ आएको छ । उपन्यासमा ऐतिहासिक घटनाक्रमका साथै तिथिमिति सहित नेपालको इतिहासमा वर्णित तथ्यमा आधारित विषय आउनुमा क्षणगत युगसन्दर्भ प्रस्तुत भएको पाइन्छ ।

*बहादुर नजर* उपन्यासमा बहादुर शाहले आत्मघात गरेको विषय प्रवेश हुनुमा क्षणगत युगसन्दर्भ आएको छ । उपन्यासमा बहादुर शाहको निधन हुँदा पत्नी नजर सती गएको र छोरो शत्रुभञ्जनको सुरक्षा दामोदर पाँडेले लिएको घटनाक्रममा क्षणगत युगसन्दर्भ व्यक्त भएको पाइन्छ । प्रस्तुत उपन्यासमा आएका यस्ता तथ्यहरूले क्षणगत युगसन्दर्भलाई व्यक्त गरेका छन् । यसर्थ क्षणगत युगसन्दर्भका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

### ४.३.७ जेली उपन्यासमा युगसन्दर्भ

मोहनबहादुर मल्लको *जेली* (२०३९) उपन्यासमा सांसारिक बन्धन, विवाह, धार्मिक, सांस्कृतिक, व्यापारिक तथा राणा तथा पञ्चायत कालखण्डका सन्दर्भ प्रकट भएका छन् । प्रस्तुत उपन्यासमा साहुका व्यवहार, ठगहरूले गर्ने व्यवहार, समाजमा भएका असामानताबाट

नेपाली समाज जेलिएको सन्दर्भ आएको छ। उपन्यासमा सामाजिक तथा सांसारिक बन्धनबाट मानिस निश्चित गन्तव्यमा पुग्न असम्भव रहेको सन्दर्भ प्रस्तुत भएको छ। प्रस्तुत उपन्यासमा नेपाली समाज सामाजिक, आर्थिक तथा धार्मिक प्रकृतिका बन्धनमा जेलिएको सन्दर्भ प्रकट भएका छन्। उपन्यासमा जुवा र क्यासिनो सहरी क्षेत्रमा पेसाका रूपमा रहेको सामाजिक सन्दर्भ आएको छ। उपन्यासमा जुवाको सन्दर्भलाई यसरी व्यक्त गरिएको छ- "काठमाडौंमा बराबर जुवा फुकाएर उत्सव मनाइन्थ्यो या उत्सवमा जुवा फुकाइन्थ्यो, जुवामा उन्मत्त बनेका प्रजाहरूको उलट-पलट भैराख्दथ्यो, जुवाको आखिरी समयमा रानी पोखरीमा पाले छोड्न पर्थ्यो" (१४)। यस उद्धृतांशमा त्यस बेलाको काठमाडौँको समाजका मानिस जुवातासमा लिप्त रहेको सन्दर्भलाई देखाइएको छ। यसले सहरी क्षेत्रका मानिसका कार्यशैलीका सन्दर्भलाई प्रकट गरेको छ। प्रस्तुत उपन्यासमा जुवामा हारेका कुनै मानिसले रानीपोखरीलाई विश्रामस्थल बनाउनु र कुनै मानिसले आत्महत्याको प्रयास गरेको सन्दर्भ आएको छ। उपन्यासमा जुवाको सामाजिक सन्दर्भ यसरी प्रकट भएको छ- "यो खाल थाप्नेहरू दुइ चार हजारको खेलो लिएर बसेको दश-बाह्रवर्षमा लखपति बन्दथे, सबैभन्दा नाफा हुने यो महा बेपारमा पैसा लाउन सबैले न्याल काड्दथे, मानराजका पिताले पनि यसै बेपारबाट लाखौं रूपियाँको श्रीसम्पत्ति जोडेका थिए" (१४)। प्रस्तुत उद्धृतांशमा जुवाले कसैको जीवन हर्षमा परिणत भएको त कसैको जीवन विस्मातका साथै आत्महत्यामा परिणत भएको व्यक्त गरिएको छ। उपन्यासमा त्यस समाजका मानिस जुवा खेल्ने खेलाउने क्रियाकलापमा लिप्त रहेको कुरा प्रकट भएको छ। उपन्यासभित्र आएका यस्ता चित्रणमा युगसन्दर्भ व्यक्त भएको देखिन्छ।

*जेली* उपन्यासमा प्रयुक्त पात्र मानराज मानका लागि मरिमेट्नु र धनराज समाजका युवालाई जुवा खेलाएर धनमा मरिमेट्नुमा सामाजिक युगसन्दर्भ आएको छ। उपन्यासमा प्रयुक्त पात्र दीनदास दीनदुःखीको सेवामा समर्पित रहनु र धनराजले पसलबाट निकाल्दा मानमर्दन भएको अनुभव गर्नु, गीता भक्तिभावना र गायनमा समर्पित रहनुमा युगसन्दर्भ व्यक्त भएको छ। प्रस्तुत उपन्यासमा गलत क्रियाकलापबाट धनराजले धनराशि थुपारेको अभिव्यक्ति यसरी प्रकट "यही जुवा खेलाउने खेलो गरेर धनराज साहूले असंख्य धनराशि थुपारे" (२८) भएको छ। प्रस्तुत उद्धृतांशमा त्यस बेला धनराजजस्ता व्यापारीले समाजमा जुवा खेलाएर पर्याप्त धनराशि सङ्कलन गरेको सन्दर्भलाई देखाइएको छ। उपन्यासमा जुवा खेलाएर

अकुत सम्पत्ति जम्मा गरेको धनराजमा जसरी भए पनि धनआर्जन गर्ने चिन्तन पाइन्छ । उपन्यासमा प्रकट भएका यिनै गतिविधिमा युगसन्दर्भ व्यक्त भएको देखिन्छ ।

*जेली* उपन्यासमा जुनसुकै काम पनि संस्थागत रूपमा सञ्चालन गर्दा सम्पन्न गर्न सजिलो हुने र संस्थागत काम बाहिर एउटा भित्र स्वार्थअनुकुल हुने सन्दर्भ प्रकट भएको छ । उपन्यासमा काठमाडौं नगर सफाइ तथा पशुपति परिसर सफाइको सन्दर्भ यसरी व्यक्त भएको पाइन्छ- "त्यो बेला काठमाडौंमा नगर-सफाइ आन्दोलन चलेको थियो, यसैबाट प्रोत्साहन पाएका भिक्षु उद्धार संघका कार्यकर्ताले पनि पशुपतिको सफाइमा ध्यान दिएका थिए" (४२) । यस उद्धृतांशमा त्यस बेलाको काठमाडौंको विविध स्थानका साथै पशुपति परिसरमा सरसफाइ कार्यक्रम आयोजना भएको सन्दर्भलाई देखाइएको छ । प्रस्तुत उपन्यासमा आर्थिक विपन्नताका कारण मानिसलाई जीवन चलाउन निकै असहज हुँदा छलछाम गरेर पेट पाल्न विवश भएको सन्दर्भ आएको छ । उपन्यासमा रातको समयमा मसानघाटमा मलामीको खाजा लुटेर रिठ्ठेको समूहले खाजा खाएको सन्दर्भ यसरी प्रकट भएको छ- "टेकुघाटमा बस्ने गरेका मगन्तेहरू मसान, मसान भन्दै आफ्ना थाङ्ना थरा लतार्दै दौडे पचली भैरवतिर, मलामीको पनि भागाभाग पऱ्यो, त्यहाँ कोही रहेन, चारैतिरबाट मद्दत लिएर मानिसहरू फर्के, उनीहरूको न त्यहाँ गतिलो माल नै बाँकी थियो न खाने कुरो नै" (८६) । प्रस्तुत उद्धृतांशमा मसानघाटमा मलामीको खाजा लुटेर रिठ्ठेको समूहले खाजा खाएको सन्दर्भलाई देखाइएको छ । उपन्यासमा त्यस समयको समाजका मानिसमा विद्यमान रहेको क्षणगत युगसन्दर्भलाई दर्साएको देखिन्छ । उपन्यासमा नेपालमा आएको महाभूकम्प, राजनीतिक परिवर्तनका लागि भएको क्रान्ति र आधुनिक शिक्षाको प्रभावपश्चात् सामाजिक, धार्मिक, राजनीतिक, आर्थिक क्षेत्रमा भएका क्रियाकलापमा क्षणगत युगसन्दर्भ आएको पाइन्छ । उपन्यासमा २००७ साल अघिपछिको समाजका मानिसमा देखिएको द्वन्द्व, सामाजिक मूल्यमान्यतामा ह्रास र धनमुखी चिन्तनका युगसन्दर्भ आएका छन् । प्रस्तुत उपन्यासमा नेपालको राजनीतिक परिवर्तनपछि काठमाडौंको समाजका मानिसमा जसरी भए पनि धनआर्जन गर्ने चिन्तनमा युगसन्दर्भ व्यक्त भएको देखिन्छ ।

*जेली* उपन्यासमा राणाकालीन बन्धनबाट मुक्त पञ्चायतकालीन समयका मानिसको क्रियाकलापमा आधारित युगसन्दर्भ आएका छन् । उपन्यासमा खुला समाजमा रमाएका मानिसको सामाजिक क्रियाकलाप धनमुखी रहनुमा युगसन्दर्भ व्यक्त भएको छ । प्रस्तुत

उपन्यासमा राणाकालमा प्रतिबन्धित रहेको जुवातास परिवर्तन पश्चात् खुल्ला भएको सन्दर्भ आएको छ । उपन्यासमा पर्दाबाहिर समाजको हित र पर्दाभित्र मूर्ति बेच्ने, युवती बेच्ने, मन्दिरका पुराना वस्तु विदेश निकासी गर्नेजस्ता भिक्षु उद्धारक सङ्घबाट भएका क्रियाकलापमा युगसन्दर्भ व्यक्त भएको पाइन्छ । प्रस्तुत उपन्यासमा समाजसेवाका भावमा खोलिएका सङ्घसंस्था धनमुखी चिन्तनमा लिप्त भएको सन्दर्भ आएको देखिन्छ । उपन्यासमा आएका यस्ता तथ्यहरूले क्षणगत युगसन्दर्भलाई प्रस्तुत गरेका छन् । यसर्थ क्षणगत युगसन्दर्भका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

### ४.३.८ रामछायाँ उपन्यासमा युगसन्दर्भ

मोहनबहादुर मल्लको *रामछायाँ* (२०६२) उपन्यासमा सिञ्जाराज्यको सौर्यशक्ति, राजकुमारको वीरता, प्रेमप्रणय, राउटे र कुसुण्डाका सांस्कृतिक, धार्मिक सन्दर्भ प्रकट भएका छन् । प्रस्तुत उपन्यासमा बलियो राज्यका रूपमा चित्रित सिञ्जा राज्यले काठमाडौँमा कर लगाएको सन्दर्भ आएको छ । उपन्यासमा भाषा र संस्कृति सबल रहेको सिञ्जाली राजाको शासनकालको समयसन्दर्भ आएको छ । उपन्यासमा इतिहास र प्रेमका सन्दर्भ आएका छन् । प्रस्तुत उपन्यासमा नेपालको सिञ्जा क्षेत्रको इतिहास उठान गर्दै राजकुमारको वीरता र उनको आत्मीय प्रेमको सन्दर्भ आएको छ । उपन्यासमा सुर्खेत जिल्लाको भूगोलको घटनामा केन्द्रित सन्दर्भ आएको छ । प्रस्तुत उपन्यासमा जङ्गलमा बसोवास गर्ने राउटे र कुसुण्डाको जीवनशैलीको चिनारीका सन्दर्भ आएका छन् । उपन्यासमा सिञ्जाको प्रामाणिक इतिहास र सिञ्जाली राजकुमारको सौर्यशक्तिको सन्दर्भ आएको छ । प्रस्तुत उपन्यासमा ऐतिहासिक विषयवस्तुसँग जोडिएर राउटे र कुसुण्डाको जीवनवृत्ति प्रस्तुत गर्नुमा युगसन्दर्भ आएको छ । उपन्यासमा जङ्गलमा बस्ने राउटे र कुसुण्डाको जीवनपद्धति प्रस्तुत गर्नुमा युगसन्दर्भ आएको छ । प्रस्तुत उपन्यासमा राउटीमा बस्ने र सिकारको भरमा जीवन चलाउने पद्धतिमा युगसन्दर्भ प्रस्तुत भएको छ । उपन्यासमा राउटे र कुसुण्डासँग रहेका सिकारी सरका भारीमा युगसन्दर्भ आएको छ । प्रस्तुत उपन्यासमा राउटे र कुसुण्डाले जङ्गलका जनावरलाई मार्न प्रयोग गरिने सरमा एकफाले, दुईफाले र तीनफाले विषको प्रयोग गरेको तत्कालीन सन्दर्भ आएको छ । उपन्यासमा तीनथरी सिकारीको दलले पचास भारी सुकुटी तयार गर्नुमा युगसन्दर्भ प्रकट भएको छ । प्रस्तुत उपन्यासमा राउटे र कुसुण्डाको समूह र पार्सलका लागि सिकारको चर्चा हुनुमा युगसन्दर्भ व्यक्त भएको छ ।

उपन्यासमा राउटे र कुसुण्डाले सिकारको भरमा जीवन चलाउनुमा युगसन्दर्भ प्रकट भएको देखिन्छ ।

*रामछायाँ* उपन्यासमा कार्यनीतिअनुरूप काम नहुँदा समस्या उत्पन्न भएको देखाइएको छ । यसै प्रसङ्गमा युवराजको साथमा कामका लागि यथास्थानमा खटिएको मानिसले कुशलतापूर्वक काम नगर्दा मुलीले दिएको अभिव्यक्ति यसरी प्रकट "निदाएको कुकुरले सिकार खेल्दैन" (८) भएको छ । प्रस्तुत उद्धृतांशमा सक्रियताका साथ काम नगर्दा समस्या उत्पन्न हुने सन्दर्भलाई देखाइएको पाइन्छ । उपन्यासमा जङ्गलमा सिकारका लागि गएका मानिसको थाकाइको सन्दर्भ यसरी व्यक्त "सिकार खेलेको थकाई बाबुले जान्दछ, लुगा धोएको थकाई आमाले जान्दछ" (९) भएको छ । यस उद्धृतांशमा घरका बाह्य क्रियाकलाप पुरूषलाई बोध हुने र आन्तरिक क्रियाकलाप नारीजातिलाई बोध हुने सन्दर्भ प्रकट गरिएको छ । उपन्यासमा राउटीमा बस्ने मानिसको जीवनशैलीलाई प्रस्तुत गर्ने सन्दर्भमा सिकारमा गएको मानिसले अञ्जानमा दुईफाले विष प्रयोग भएको वाण हान्दा मानुषलाई लागेको र उसकी श्रीमती सुत्केरी अवस्थामा रहेको स्थितिजन्य अभिव्यक्ति यसरी प्रकट "खौला परेकी गाई र कुना परेकी सुत्केरी" (१०) गरिएको छ । प्रस्तुत उद्धृतांशमा सिकारका सन्दर्भमा बाण प्रहार गर्दा मानुषलाई लागेको र घरमा उसकी श्रीमती सुत्केरी अवस्थामा रहेको दुःखदायी सन्दर्भलाई देखाइएको छ । उपन्यासमा दरबारको नियम सबैले पालना गर्नुपर्नेमा द्वारेले जङ्गलमा दुनाटपरी गाँस्ने मानिसको व्यवस्था नमिलाउँदाको सन्दर्भ यसरी व्यक्त "खतीको बेलामा मति आउँदैन" (१२) गरिएको छ । प्रस्तुत उद्धृतांशमा काम बिग्रने समयमा मान्छेमा होस नपुग्ने सन्दर्भलाई देखाइएको छ । उपन्यासमा आएका यस्ता कार्यले त्यस समयको समाजमा विद्यमान युगसन्दर्भलाई झल्काएको पाइन्छ ।

*रामछायाँ* उपन्यासमा जीवनशैली चलाउने आधारका बारेमा चित्रण आएको पाइन्छ । यसै प्रसङ्गमा सुर्खेतको जङ्गलमा सिकारका लागि कुसुण्डाको मुखियाको बासमा मूली पुग्दा उसले फुर्कीको बारेमा दिएको अभिव्यक्ति यसरी प्रकट गरिएको छ- "अन्न खाने त्यही फुर्की, लुगा लाउने त्यही फुर्की, कोथो गर्ने त्यही फुर्की, फुर्किरहन पाउँडछ हामीसँग ?" (१५) । प्रस्तुत उद्धृतांशमा त्यस समयको समाजको सिकार गरी जीवनयापन गर्ने सम्पूर्ण वस्तु फुर्की रहेको सन्दर्भलाई व्यक्त गरिएको छ । प्रस्तुत उपन्यासमा राउटेका सांस्कृतिक परम्पराको सन्दर्भ यसरी आएको छ- "महादेव नाच्छ, पार्वती हेर्छ, पार्वती पनि कहिँ

नाच्छ ? महादेवले नचाउँछ ? नचाउँदैन, हामी महादेवको भक्त हो, हामी पनि आइमाईलाई नचाउँदैन, अरूले नचाए पनि हेर्दैन, पाप लाग्छ" (२८) । प्रस्तुत उद्धृतांशमा राउटे प्रजातिका मानिसको धर्म, संस्कार र संस्कृतिमा नारीजातिलाई नचाउन नहुने अरू नारीजाति नाचेको हेरेमा पाप लाग्ने सन्दर्भलाई देखाइएको छ । उपन्यासमा जङ्गलमा पानी लिन जाँदा हतियारसहित जाने राउटे र कुसुण्डाको सन्दर्भ यस्तो रूपमा प्रकट भएको छ- "पानी लिन जाँदा सिञ्जाली नोकरहरू धनुवाण लिएर जान्छन्,...सिकारमा गएको या युद्धभूमिमा गएको झैं गरेर, रती र लटी भने यौटा हातमा भाला, यौटा हातमा माटाका गाग्री समातेर एक्लै पानी लिन गएका हुन्छन्" (३२) । प्रस्तुत उद्धृतांशमा त्यस समयको समाजमा पिउने पानीको व्यवस्था राम्रोसँग हुन नसकेको सन्दभलाई देखाइएको छ । उपन्यासमा रतीकी आमाले छोरीलाई विवाहका लागि स्वीकृति नदिँदा उसले आमालाई दिएको सन्दर्भ यसरी आएको छ- "झुटी ! दुइजिब्रे, कुरा फेर्छेस्, अहिले फालहाल्छु म तैंले मञ्जुरी दिइनस् भने, भीरबाट" (७८) । यस उद्धृतांशमा रतीकी आमाले उसलाई विवाहको स्वीकृति नदिँदा अभिभावकसँग घुर्काएको सन्दर्भ व्यक्त गरिएको छ । उपन्यासमा आएका यस्ता कार्यले युगसन्दर्भलाई दर्साएको देखिन्छ ।

*रामछायाँ* उपन्यासमा राउटे र कुसुण्डाका युवतीहरूले पिउने पानीको व्यवस्थापन गर्दाको स्थितिगत सन्दर्भको चित्रण आएको छ । उपन्यासमा जङ्गलका समूहमा विवाद भएमा सामूहिक आक्रम र प्रत्याक्रमण हुने सन्दर्भ आएको छ । प्रस्तुत उपन्यासमा मानुषको समूहले सङ्ग्राम मल्लको समूहमा गरेको आक्रमणको सन्दर्भ आएको छ । यसमा हुलाकको आदानप्रदान छालाको थैलोमा पचासभारी सुकुटी राखेर दरबार चलान गरेको सन्दर्भ आएको छ । उपन्यासमा सङ्ग्राम मल्लको सवारीमा बाजा बजाएको चित्रणबाट त्यस समाजमा स्वागत तथा बिदाइमा बाजा बजाउने प्रचलन रहेको युगसन्दर्भ आएको छ । उपन्यासमा घोडाको प्रयोग भएको चित्रणगत युगसन्दर्भ प्रकट गरिएको छ । प्रस्तुत उपन्यासमा जालको उपयोग गरिएको सन्दर्भ आएको छ । उपन्यासमा रती र लटीका आमाहरू भगुवा सती भएको र सतीप्रथा कानुनमा हटेको व्यवहारमा विद्यमान रहेको सन्दभलाई देखाइएको छ । प्रस्तुत उपन्यासमा समाजका मानिसले व्यक्तिको इच्छा विपरीत सती लगेको सन्दर्भ व्यक्त भएको छ । उपन्यासमा आएका यस्ता तथ्यहरूले क्षणगत युगसन्दर्भलाई प्रकट गरेको पाइन्छ । यसर्थ क्षणगत युगसन्दर्भका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

मोहनबहादुर मल्लका माथि विश्लेष्य समग्र उपन्यासमा क्षणगत युगसन्दर्भ प्रकट भएका छन् । उनका उपन्यासमा राणा, पञ्चायत तथा प्रजातन्त्र कालखण्डविशेषका घटना र विद्यमान विचारधारा व्यक्त भएका छन् । मल्लका उपन्यासमा इतिहास, राजनीति, अर्थव्यवस्था र सामाजिक संरचनाको प्रभाव परेको देखिन्छ । उनका उपन्यासमा महिलाको सामाजिक स्थिति, वर्गीय संरचना र विवाहप्रतिको दृष्टिकोण, ऐतिहासिक, सामाजिक, सांस्कृतिक र धार्मिक पृष्ठभूमिका सन्दर्भ समेटिएका छन् । उनका उपन्यासमा प्रयुक्त समाज, राजनीति र इतिहाससँग सम्बन्धित सन्दर्भ र परिवेशले पात्रमा सामूहिक सोच, भावना र सांस्कृतिक चेतनालाई प्रतिविम्बित गरेको पाइन्छ । यसर्थ क्षणगत युगसन्दर्भका दृष्टिले मल्लका समग्र उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

### ४.४ मल्लका उपन्यासमा क्षणगत युगचेतना

मोहनबहादुर मल्लका *उजेली छामा, मायारानी, पञ्चायत, समयको हुरी, भुमरी, बहादुर नजर, जेली* र *रामछायाँ* गरी आठओटा उपन्यास प्रकाशित भएका छन् । उनका उपन्यासमा प्रयुक्त पात्रका सामूहिक विचार, भावना र सोच उद्घाटन भएका छन् । उपन्यासमा प्रयुक्त पात्रका राणा, पञ्चायत र प्रजातन्त्र कालखण्डका सामूहिक चेतना प्रकट गरिएका छन् । उपन्यासमा त्यस समाजमा विद्यमान सामूहिक विचारधारा, विश्वास, मान्यता र मानसिकता समेटिएका छन् । मल्लका उपन्यासमा प्रयुक्त पात्रका भावनात्मक र मानसिक प्रवृत्तिको चित्रण गरिएको छ । उनका उपन्यासमा सामाजिक संरचना, ऐतिहासिक घटना र बाह्य परिस्थिति र समाजमा विद्यमान सामूहिक मानसिकता र नैतिक मूल्यमा प्रभाव पारेको पाइन्छ । यसर्थ क्षणगत युगचेतनाका आधारमा मल्लका उपन्यासको विश्लेषण गरिएको छ ।

#### ४.४.१ उजेली छामा उपन्यासमा युगचेतना

मोहनबहादुर मल्लको *उजेली छामा* (२००८) उपन्यासमा नेपाली समाजका मानिसमा विद्यमान रहेका युगचेतना आएका छन् । प्रस्तुत उपन्यासमा उजेलीलाई यातना भोग्न विवश तुल्याउने गाउँका भलादमीहरूको युगचेतना व्यक्त गरिएको छ । उपन्यासमा नेपाली ग्रामीण समाज, त्यहाँका चालचलन, रीतिरिवाज एवम् अन्धविश्वास र अशिक्षाले गर्दा उजेलीले झेल्नुपरेका दुःख, पीर, व्यथा, जालझेल, शोषण र दमनका सन्दर्भगत सामाजिक

युगचेतना आएका छन् । उपन्यासमा सौतेनी आमाले गरेको कठोर व्यवहार र आफ्नै दिदीले बहिनीलाई काममा प्रयोग गरेको सन्दर्भमा युगचेतना आएको पाइन्छ । प्रस्तुत उपन्यासमा सुवर्णध्वजलाई स्याङ्जा जिल्लाअन्तर्गत आँधीखोलाको किनारमा खेती गर्ने किसानका साथै त्यस समाजका विशेषता वहन गर्ने छलछाम बिहिन चेतनास्तर भएको पात्रका रूपमा चित्रण गरिएको छ । उपन्यासमा आँधीखोलाको किनारमा रहेको समाजमा घटित घटनामा त्यस समयका मानिसमा विद्यमान रहेका पर्याप्त युगचेतना आएका छन् । प्रस्तुत उपन्यासमा उजेलीको विवाहका सन्दर्भमा सानीमा दिएको ठाउँमा खुरूक्क जानपर्छ र केटो हेर्नै नपर्ने भनि केसरीले दिएको अभिव्यक्तिमा क्षणगत युगचेतना प्रकट भएको पाइन्छ । प्रस्तुत उपन्यासमा विवाहका समयमा खोजिने यावत सन्दर्भको अभिव्यक्ति यसरी आएको छ- "तारा-मण्डले छानो, सिमल पुत्ले भित्तो, आधा गोरू भित्र, आधा बाहिर, खाएको थाल बटुको दिनहुँ फ्याँक्ने, केटाको बाबु ह्याकुलो सेक्ने, आमा दूध तताउने, बुझ्नु भयो कुरो, त्यति जाती छ रे" (४) । यस उद्धृतांशमा विवाहका सन्दर्भमा केकस्तो भनि खोजिने यावत पक्षलाई प्रकट गरिएको छ । यसले तत्कालीन समाजका मानिसको युगचेतनालाई औँल्याएको पाइन्छ । उपन्यासमा विवाहका समयमा नेपाली समाजका मानिसले दिने यस्ता अभिव्यक्ति हिजो थिए, आज छन् र भोलि पनि रहने सन्दर्भमा युगचेतना प्रस्तुत भएको देखिन्छ । प्रस्तुत उपन्यासमा विवाहको सन्दर्भमा समाजका सिधा मानिसप्रति चलाख मानिसको स्वार्थी प्रवृत्ति प्रकट हुनुमा क्षणगत युगचेतना झल्किएको पाइन्छ ।

*उजेली छामा* उपन्यासमा एकजना महिलाको विवाहको विषयमा सामन्ती मनोवृत्तिका मानिसले दु:ख दिएर आत्महत्याको प्रयाससम्म पुराउनुमा क्षणगत युगचेतना आएको छ । उपन्यासमा समाजका मानिसले सामान्य शैक्षिक र आर्थिक स्तर भएका मानिसलाई शारीरिक तथा मानसिक यातना दिनुमा युगचेतना व्यक्त भएको छ । प्रस्तुत उपन्यासमा सौतेनी आमा र पण्डितले उजेलीप्रति गरेको व्यवहार यसरी प्रकट भएको छ- "बल्ल नानीलाई आज दनक भएको छ, मलाई हुनसम्मको दु:ख दिएका पो हुन् त ... किनभने उहाँ धेरै नाथ नभएका तरूनीहरू छन्" (१५) । यस उद्धृतांशमा सौतेनी आमा र पण्डितले उजेलीलाई विवाहका सन्दर्भमा दिएको तनावलाई देखाइएको छ । यसमा नारीले नारीप्रति गरेको छुद्र व्यवहार प्रकट भएको पाइन्छ । उपन्यासमा सौतेनी आमाले उजेलीप्रति गरेको हेय व्यवहार र पण्डितजीले हाँसो निकाल्दै गरेको हेपाहा प्रवृत्तिमा क्षणगत युगचेतना आएको देखिन्छ ।

*उजेली छायामा* उपन्यासमा शिक्षा, स्वास्थ्य, अर्थ, भूगोलका आधारमा समाजमा सबल र दुर्बल रूपमा मानिसलाई हेर्ने सामाजिक दृष्टिकोण बन्नुमा क्षणगत युगचेतना आएको छ । उपन्यासमा समाजका दुई प्रतिष्ठित पात्र स्वामी र रामपुरे पण्डित तत्कालीन समयमा कसैलाई मुद्दा गर्नु परेको खण्डमा समाजका अगिल्तिर उपस्थित हुने र समाजको भलो गर्ने नाममा कुटिल व्यवहार गरी समाजका सामान्य मानिसलाई दुःख दिनुमा क्षणगत युगचेतना व्यक्त भएको छ । प्रस्तुत उपन्यासमा सुवर्णध्वजको आग्रहलाई स्वामीले प्राप्तिमा स्वीकार गरेको सन्दर्भ यस्तो रूपमा प्रकट भएको छ- "तिम्रो गोठमा तीन चारवटा लैना भैँसी छन् अरे, शिव शिव दुधालु त हामी नाङ्गो पैसा दिन नसक्नेलाई कहाँबाट मिल्थ्यो, शिव शिव यौटा चोक्रासम्म पाए पनि जय जय मनाउने थिएँ" (२५) । यस उद्धृतांशमा समाजका हुनेखाने मानिसमा विद्यमान दरिद्र चेतनालाई देखाइएको छ । उपन्यासमा बहिनी गहना लगाएर आएको समयमा दिदी पातलीले दिएको अभिव्यक्ति यसरी आएको छ- "तब घरमा कामले र आपुंगी कहाँ जाँदा गहनाले शीर उठाउन नसक्ने चलन तेरो ठाउँमा कहाँबाट आयो ? के मागजुग गरेर नचाहिँदो चलन उरालेर तँ ठूली भइस् ? हातगोडा भने च्यामिनीका झैँ पटपटी फुटेका छन्, गहना झप्काएर मात्र बिबी भन्छन् कसैले ? के देख्नेका आँखा छारोले पुरिएको छ" (८३-८४) । प्रस्तुत उद्धृतांशमा तत्कालीन समाजका महिला आभुषणमा लिप्त रहेको सन्दर्भ व्यक्त गरिएको छ । उपन्यासमा प्रयुक्त पात्रका यस्ता क्रियाकलापमा क्षणगत युगचेतना प्रकट भएको देखिन्छ ।

*उजेली छायामा* उपन्यासमा नेपाली समाजका मानिसमा विद्यमान रहेका युगचेतना प्रकट भएका छन् । प्रस्तुत उपन्यासमा नेपाली ग्रामीण समाज, त्यहाँका चालचलन, रीतिरिवाज एवम् अन्धविश्वास र अशिक्षाले गर्दा उजेली, सुवर्णध्वज, पातली, साहिँलो मुखिया, ल्वामेले झेल्नुपरेका दुःख, जालझेल, शोषण र दमनका सन्दर्भमा सामाजिक युगचेतना आएका छन् । उपन्यासमा आएका यस्ता तथ्यहरूले क्षणगत युगचेतनालाई व्यक्त गरेका छन् । यसर्थ क्षणगत युगचेतनाका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

### ४.४.२ मायारानी उपन्यासमा युगचेतना

मोहनबहादुर मल्लको *मायारानी* (२००९) उपन्यासमा मायारानी, ललित, चौतरिया, कमला, शान्तिदेवीजस्ता पात्रमा विद्यमान चेतना प्रकट भएका छन् । प्रस्तुत उपन्यासमा इतिहासलाई आधार मानेर तत्कालीन समयको जीवनशैलीको खोजी गरिएको छ । उपन्यासमा

मायारानीको विवाह करिब पैंसट्ठी वर्षका उखापोखरीका चौतरियासँग हुनपुग्दा जीवन दुःखदायी बन्न पुगेको छ । उपन्यासमा तत्कालीन समयमा शिक्षाका क्षेत्रमा राज्यले दृष्टि पुऱ्याउन नसक्दा गत्यात्मक समाजनिर्माण हुन नसकेको चिन्तन आएका छन् । प्रस्तुत उपन्यासमा सबैलाई समान शिक्षा दिलाउनु पर्ने दृष्टिकोण व्यक्त भएका छन् । प्रस्तुत उपन्यासमा ऐतिहासिक घटनाक्रममा तत्कालीन क्षणगत युगचेतना प्रकट गरिएको छ । उपन्यासमा नेपालको एकीकरण अभियानदेखि सुगौलीको सन्धिसम्मका इतिहासका पानामा सुरक्षित भएका प्रसङ्गमा तत्कालीन क्षणगत युगचेतना व्यक्त भएको पाइन्छ । प्रस्तुत उपन्यासमा नेपालीले अङ्ग्रेजसँगको युद्धमा देखाएको वीरता र योगदानमा तत्कालीन क्षणगत युगचेतना आएको छ । उपन्यासमा मायारानीको विवाहपश्चात् ललित सेनामा भर्ति भएर युद्धभूमिमा देखाएको कार्यकौशलताको सन्दर्भमा युगचेतना प्रकट भएको देखिन्छ । प्रस्तुत उपन्यासमा पश्चिमकिल्ला काँगडामा भएको लडाइँको सन्दर्भमा तत्कालीन क्षणगत युगचेतना झल्किएको पाइन्छ ।

*मायारानी* उपन्यासमा नेपालको एकीकरणदेखि सुगौलीको सन्धिसम्मको ऐतिहासिक सन्दर्भ आएका छन् । उपन्यासमा नेपाली वीर योद्धाहरूले लडाइँमा गरेको योगदान र राजपूतहरू नेपाल प्रवेश गरेको सन्दर्भ प्रस्तुत भएका छन् । उपन्यासमा बाहिरबाट नेपाल प्रवेश गरेका राजपूतका विषयमा दिइएको अभिव्यक्ति यसरी आएको पाइन्छ- “राजपूतहरूले यो देशमा आउँदा पालैसाथ कोही पश्चिम र कोही दक्षिनबाट यो देशमा पसेर आफ्नो बस्ती बसाउन शुरू गरे, उनीहरूले यो देशका बासिन्दाहरूलाई आफ्नो रीतिस्थिति चाल चलनादि सिकाए पनि” (८) । यस उद्धृतांशमा तत्कालीन समयका राजपूत प्रजाति कोही पश्चिम र कोही दक्षिणबाट नेपाल प्रवेश गर्दा तिनीहरूले रीतिस्थितिसँगै लिएर आएकाले त्यसको प्रभाव जनमानसमा परेको देखाइएको छ । उपन्यासमा उखापोखरीका चौतरियाले एकसय आठ नारीलाई भोग्ने तत्कालीन दरबारिया चिन्तनमा क्षणगत युगचेतना आएको छ । उपन्यासमा प्रयुक्त पात्र धनकली, रूपकली, हसिना, भामाजस्ता सुसारेका क्रियाकलापमा तत्कालीन क्षणगत युगचेतना व्यक्त भएको छ । उपन्यासमा बूढो साहेबले चौध वर्षिया मायारानीलाई विवाह गरी दरबारमा रानी बनाएको सन्दर्भ व्यक्त गरिएको छ । उपन्यासमा चौतरियाको नारी जम्मा गरी भोगविलासमा लिप्त भएको यसरी प्रकट “मैले अझ यौटी विवाहा गर्न खोजेको छु” (१७) भएको छ । यस उद्धृतांशमा चौतारियाको घरमा नारी जम्मा गरेर भोगविलास गर्ने आकाङ्क्षालाई देखाइएको छ । उपन्यासमा मायारानीको विवाहको सन्दर्भ

यसरी प्रकट "यो काठोसँग कुरै गर्न सकिन्न, जे गरेपनि आफ्नै कुरा माथि पार्छ" (१७) भएको छ । यस उद्धृतांशमा मायारानीको विवाहको सन्दर्भमा चौतारियाले ब्राह्मणलाई काठाको संज्ञा दिएको देखाइएको छ । उपन्यासमा त्यस समयका दरबारिया व्यक्तिले पण्डितलाई गरेको अपमानजनक व्यवहार आएको पाइन्छ । उपन्यासमा आएका यस्ता सन्दर्भले क्षणगत युगचेतनालाई दर्साएको देखिन्छ ।

*मायारानी* उपन्यासमा परम्परागत मान्यताका बारेमा चर्चा गरिएको पाइन्छ । यसै प्रसङ्गमा प्राचीन समयमा प्रचलित मान्यता उपन्यासमा यसरी प्रकट भएको छ- "जापानी राज-खलकमा मृतक मालिकको नजीकैमा उसको नोकर र घोडा ज्यूँदै टाउको मात्र देखाएर गाड्नु पर्दथ्यो, नत्र उनीहरूको इज्जत जान्थ्यो, यस्तै अनौठाको इज्जत राख्ने चलन संसारमा कैयौं चले, चलेका छन् पनि" (८७) । यस उद्धृतांशमा त्यस समयका जापानी राजखलकका मालिकको मृत्यु हुँदा सवार साधन घोडा र सहयोगीलाई इज्जतका खातिर टाउको देखाएर जिउँदै गाड्ने गरेको प्रचलनलाई देखाइएको छ । नेपालको एकीकरणको समयदेखि सुगौली सन्धिसम्मका इतिहासमा वर्णित घटनाक्रमका विषयवस्तुमा लडाइँका सन्दर्भमा आएको देशभक्तिका चेतनासँग जोडिएको अभिव्यक्ति यसरी आएको छ- "त्यो ताक गोर्खाको विजयदुन्दुभी पुरा शिखरमा पुगेको थियो, ...श्री ५ पृथ्वीनारायणले चौध हजार गोर्खाबाट आफ्नो राज्य बढाएर पूर्व विजयपुरबाट पश्चिम काली, उत्तर हिमालयबाट दक्षिण मौगलान सम्म फैलाइबक्सियो, ... बाँकी गढवाल नाहान ... श्री ५ गीर्वाणयुद्धको पालमा नेपालमा जोडिन आयो" (९१) । प्रस्तुत उद्धृतांशमा नेपालको एकीकरण अभियानका गहन विषयलाई प्रकट गरिएको छ । यसले क्षणगत युगचेतनालाई प्रकट गरेको देखिन्छ । उपन्यासमा प्रयुक्त घटना नेपालको राजनीतिक इतिहासका सन्दर्भगत चेतनासँग जोडिएर आएका छन् । उपन्यासमा प्रयुक्त घटनाक्रमको चित्रण यसरी गरिएको छ- "नेपालको पूर्व सिमानादेखि पश्चिम सिमानासम्म पाँच सेनापति जिम्माका ...कप्तान बलभद्र कुँवर देहरादूनमा बस्नु भएको थियो ...अङ्ग्रेजी सेनापति जनरल जिलप्सी आफ्ना सैन्य साथमा लिएर अग्रसर भए ... कप्तान बलभद्रले ...नालापानी या कलंगा भन्ने अल्गो पहाडमा किल्ला बनाउन शुरू गर्नु भयो" (९३) । प्रस्तुत उद्धृतांशमा नेपाल र अंग्रेज युद्धमा नेपाली वीर योद्धाले देखाएको बहादुरीलाई देखाइएको छ । उपन्यासमा आएका यस्ता सन्दर्भले क्षणगत युगचेतनालाई औँल्याएको पाइन्छ ।

*मायारानी* उपन्यासमा उखापोखरीका चौतरियाको मृत्युपछि मायारानीलाई सती लान खोजेको तर अदृश्य शक्तिका माध्यमबाट मायारानीले जीवन बचाएको सन्दर्भमा तत्कालीन क्षणगत युगचेतना प्रकट भएको छ । उपन्यासमा मायारानी योगीनीको भेषमा हरिद्वार पुग्नु र ललितलाई सैनिक सेवामा सहयोग गर्नुमा तत्कालीन क्षणगत युगचेतना आएको छ । प्रस्तुत उपन्यासमा छद्‌म नाम सानो बाबाबाट परिचित मायारानी ललितलाई पछ्याउँदै युद्धभूमिमा पुगेर सघाउनुमा तत्कालीन क्षणगत युगचेतना व्यक्त भएको छ । उपन्यासमा नेपाली महिला वा पुरूष योगीको रूप धारण गरी तीर्थस्थल जानुमा क्षणगत युगचेतना आएको छ । उपन्यासमा आएका यिनै तथ्यहरूले क्षणगत युगचेतनालाई प्रकट गरेका छन् । यसर्थ क्षणगत युगचेतनाका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

### ४.४.३ पञ्चायत उपन्यासमा युगचेतना

मोहनबहादुर मल्लको *पञ्चायत* (२०१०) उपन्यासमा तत्कालीन समाजले ठूला मानेका मानिसका चेतनास्तर प्रकट भएका छन् । प्रस्तुत उपन्यासमा प्रधान, मुखिया, साहु, पण्डित र पञ्चभलादमीजस्ता त्यस समयको समाजका प्रतिनिधि मानिएका मानिसका चिन्तन आएका छन् । उपन्यासमा गाउँका शोषकले हरेक परिस्थितिलाई अनुकूल बनाउन गरेका प्रयत्नलाई देखाइएको छ । उपन्यासमा राणाकालीन समयको समाजमा गाउँका समस्यामा मान्यजन बसेर दिएको निर्णयले निर्णयकर्ताको चेतनास्तरलाई दर्साएको छ । प्रस्तुत उपन्यासमा सान्नानीको लोग्नेको मृत्यपछि जेठाजु हरिहरले अंश नदिएर घरबाट निकाला गरेको सन्दर्भले उसको चेतनास्तर प्रकट भएको छ । उपन्यासमा सान्नानीले आफ्नो समस्यामा पञ्चायतमा उजुरी गर्दा बलेको आगो ताप्ने समाजका मानिसले न्याय दिलाउन नसकी पञ्चायतका नाममा कलङ्क बनेको सन्दर्भमा युगचेतना आएको छ । प्रस्तुत उपन्यासमा गाउँको प्रधानपञ्च बन्न नयाँ साहुजस्ता पात्रले गरेका गलत क्रियाकलापले उसको चेतनास्तरलाई स्पष्ट गरेको छ । उपन्यासमा गाउँका सम्पन्न मानिसले तत्‌समयमा मागी वा जारी जसरी भए पनि बहुविवाह गरेको सन्दर्भले उनीहरूको चेतनास्तरलाई देखाएको छ । प्रस्तुत उपन्यासमा त्यस समयको कास्कीको हात्तीसुँडे डाँडाको समाजका मानिसमा विद्यमान रहेका चिन्तनमा युगचेतना आएको पाइन्छ । प्रस्तुत उपन्यासमा तत्कालीन समाजका मानिसको जीवनशैलीगत क्रियाकलापमा युगचेतना व्यक्त भएको पाइन्छ । उपन्यासमा सरलले साथी चञ्चललाई आफूले दौडमा विजय पाएको खुशीयाली यसरी प्रकट

"ऐ चञ्चल हेर हामी राजा भइम्" (३) भएको छ । यस उद्धृतांशमा सरलको चेतनालाई देखाइएको छ । प्रस्तुत उपन्यासमा सरलले खेलमा जित्दा हर्षित हुँदै चञ्चललाई दिएको अभिव्यक्तिको प्रतिउत्तर यसरी प्रकट "यी राजा हुने नाथे, उस्की आमाले ढिकीजातो नगरे मुखमा माड लाग्दैन" (३) भएको छ । यस उद्धृतांशमा खेलमा चञ्चलले सफलता हाँसिल गर्न नसक्दा देखाएको निकृष्ट व्यवहारलाई देखाइएको छ । उपन्यासमा चञ्चलको प्रत्युत्तरमा सरलले दिएको उत्तर यसरी प्रकट "बरू मैं जस्तो गरीब हुन जाति स्वास्नीहरू बेचेर तेरो बाबु झैँ साहू बन्नु भन्दा" (३) भएको छ । यस उद्धृतांशमा चञ्चलले देखाएको निकृष्ट व्यवहारको उत्तरस्वरूप आफू बरू गरिब हुने उसका अभिभावकजस्तो नारीमाथि शोषण गरेर धनी नबन्ने चिन्तनलाई देखाइएको छ । उपन्यासमा विवाहको सन्दर्भमा सरलका आमा र छोराको अभिव्यक्तिमा ग्रामीण सरल भावना मुखरित हुनुमा युगचेतना झल्किएको छ ।

*पञ्चायत* उपन्यासमा पञ्चायतको प्रमुख बनेर जनता लुट्ने चिन्तनमा सामाजिक युगचेतना आएको छ । उपन्यासमा नयाँसाहुले चुनाब जित्न उप्रेत खगनाथलाई आफू चढेर हिँड्ने घोडा दिनुका साथै अड्डाका मानिसलाई मिलाउन पाँच कोरी रूपियाँ दिने वचन दिनुमा युगचेतना प्रस्तुत भएको छ । प्रस्तुत उपन्यासमा चुनावको सन्दर्भमा आएको अभिव्यक्ति यस्तो छ- "आज म बुढाघरे मुखियासँग मिले मात्र उनले मलाई हजार रूपियाँ भन्दा कम दिँदैनन्, तपाईंसँग बाजी राख्छु यस कुरामा" (९) । प्रस्तुत उद्धृतांशमा तत्कालीन समयमा पैसा बाँडेर चुनाव जित्ने चिन्तनलाई देखाएको छ । उपन्यासमा समाजका मानिसलाई दाम, खुसामद, डर, धाक दिएर नयाँ साहुले पञ्चायत हातमा पार्नु तथा परिवारका सदस्य र समर्थकले गाउँमा मनोमानी चलाउनुमा युगचेतना झल्किएको देखिन्छ । प्रस्तुत उपन्यासमा सत्ता प्राप्तिमा राजनीतिलाई पेसा बनाउने नयाँसाहुको चिन्तनमा युगचेतना आएको छ । उपन्यासमा पञ्चायतको खिल्ली उडाउने नयाँ साहुजस्ता सामन्तको अन्त्य नगरी सुन्दर समाजको परिकल्पना गर्न नसकिने सन्दर्भमा युगचेतना प्रकट भएको देखिन्छ ।

*पञ्चायत* उपन्यासमा बाबुको सिको गर्दै चञ्चलले साहुको हैकम देखाएर कन्याका साथै जारी गरेर अर्काको श्रीमती भित्र्याउने क्रियाकलाप आएका छन् । उपन्यासमा नयाँ साहुको छोरो चञ्चलले चारजना विवाहित नारी घरमा भित्र्याउँदा जारी मिलाउने समस्याको सामाजिक सन्दर्भमा युगचेतना दर्सिएको छ । प्रस्तुत उपन्यासमा नयाँसाहुमा विद्यमान रहेको एकल महिला भित्र्याउँदा सम्पत्तिको बढोत्तरी हुने चिन्तनमा युगचेतना आएको छ ।

उपन्यासमा श्रीमती बटुल्ने तर जिम्मेवारी वहन गर्न नपर्ने केवल जारीको मात्र समस्या भएको अभिव्यक्ति यसरी आएको छ- "नयाँ साहूले आफ्नो छोराको जारी मिलाउन थुप्रै रूपियाको घाटा सहन पऱ्यो, यसरी धनको बरबाद परेको उनको यो पहिलो पटक थियो" (२३) । यस उद्धृतांशमा नयाँ साहुको छोराले अर्काको श्रीमती ल्याउँदा जारीस्वरूप थुप्रै धनराशी तिर्नुपरेकाले आर्थिक अवस्था बर्बाद भएको देखाइएको छ । उपन्यासमा आएका यस्ता सन्दर्भले क्षणगत युगचेतनालाई उजागर गरेको देखिन्छ ।

*पञ्चायत* उपन्यासमा तत्कालीन सामाजिक अवस्थाको चित्रण गरिएको छ । यसै प्रसङ्गको अभिव्यक्ति उपन्यासमा यसरी प्रकट भएको छ- "त्यो समयमा जागिर बिक्रीमा चलेको थियो, इन्साफले पैसा हेर्दथ्यो, लुटेराहरूको भाग्योदयको बेला थियो, अड्डामा दुई चार वर्ष टेकिन पाए मानिसले जन्मभरको बन्दोबस्त गर्थ्यो" (२३) । यस उद्धृतांशमा त्यस समयका सामाजिक सेवामा तल्लीन मानिसले जागिर दिएर होस् वा जनतालाई दुःख दिएर होस् आफ्नो जन्मभरलाई पुग्ने अर्थोपार्जन गरेको सन्दर्भलाई देखाइएको छ । उपन्यासमा समाजका जुनसुकै समस्या समाधान गर्न पञ्चायत बस्नुपर्ने र पञ्चायतले गरेको निर्णय सर्वमान्य हुने सन्दर्भमा क्षणगत युगचेतना आएको छ । उपन्यासमा सान्नानी र चैतीको जीवनशैलीगत क्रियाकलापमा नारीपरक युगचेतना झल्किएको छ ।

*पञ्चायत* उपन्यासमा समाजका मानिसमा रहेको चेतनास्तर प्रकट गरिएको छ । यसै प्रसङ्गको अभिव्यक्ति उपन्यासमा यसरी प्रकट "अंग्रेसी हो कि भरेसी हो पढ्नाले सासतर धरम क्यै रन्न, हाम्ले भन्या मिल्यो मिल्यान" (३३) भएको छ । यस उद्धृतांशमा त्यस समयका मानिसले आधुनिक शिक्षा लिएको मानिसलाई खिसिट्युरी गरेको देखाइएको छ । उपन्यासमा छोरो रघुले बाबुआमालाई दिएको उत्तरात्मक अभिव्यक्ति यस्तो रूपमा प्रकट भएको छ- "तपाईंको पात्रो पनि हेर्न ढंग नभएका ज्योतिषिले भनेको सोह्रै आना त म मान्दिन, तपाईं मलाई जे ठान्नुहुन्छ होस्" (३३) । यस उद्धृतांशमा त्यस समयका मानिसले अरूले आर्जन गरेको नयाँ ज्ञानलाई स्वीकार गर्न नचाहेको सन्दर्भ व्यक्त गरिएको छ । प्रस्तुत उपन्यासमा रघुको बाबु मुखियाले आमा र छोराको बिचमा परिवारको मुख्य सदस्यको हैसियतमा दिएको निर्णयात्मक अभिव्यक्ति यसरी "जैसी डाक्न पर्दैन, पुरेतहरू आउने बेला भयो सर्जाम निकालो" (३४) आएको छ । यस उद्धृतांशमा त्यस समयका मानिसहरू ज्योतिषलाई हेराउने पुरेतलाई

पूजा गराउने गरेको सन्दर्भले युगचेतनालाई प्रकट गरेको देखिन्छ । उपन्यासमा रघु, मधु, सरल र मुखियाका सामाजिक क्रियाकलापमा युगचेतना प्रकट भएको पाइन्छ ।

*पञ्चायत* उपन्यासमा समाजका ठूलाभनाउँदा मानिसका चेतना, गाउँका शोषकले हरेक परिस्थितिलाई अनुकूल बनाउन गरेका प्रयत्न, सान्नानीको लोग्नेको मृत्यपछि जेठाजु हरिहरले अंश नदिएर घरबाट निकाला गरेको सन्दर्भ, सान्नानीले आफ्नो समस्यामा पञ्चायतले न्याय दिलाउन नसकेको सन्दर्भ, प्रधानपञ्च बन्न नयाँ साहुले गरेका गलत क्रियाकलाप, गाउँका सम्पन्न मानिसले मागी वा जारी जसरी भए पनि बहुविवाह गरेको सन्दर्भ तथा कास्कीको हात्तीसुँडे डाँडाको त्यस समयमो समाजका मानिसमा विद्यमान रहेका चिन्तनमा युगचेतना आएका छन् । उपन्यासमा आएका यस्ता तथ्यहरूले क्षणगत युगचेतनालाई प्रस्तुत गरेका छन् । यसर्थ क्षणगत युगचेतनाका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

### ४.४.४ समयको हुरी उपन्यासमा युगचेतना

मोहनबहादुर मल्लको *समयको हुरी* (२०१५) उपन्यासमा धनमती, विद्यामती, पद्मीजस्ता पात्रका युगचेतना आएका छन् । प्रस्तुत उपन्यासमा छोरीलाई पढाउनुपर्छ भन्ने चेतना अभिप्रेरित भएका छन् । उपन्यासमा नारीका समस्या र जातीय विभेदको अन्त्यका सामाजिक सन्दर्भमा युगचेतना व्यक्त भएका छन् । प्रस्तुत उपन्यासमा नेपाली समाजमा अध्यात्मवादी दर्शन र भौतिकवादी दर्शनले मानिसमा पारेको प्रभावगत चेतना आएको पाइन्छ । उपन्यासमा पद्मीलाई सर्किनी मान्ने चिन्तनले तत्कालीन नेपाली समाजका मानिसमा विद्यमान रहेको चेतनास्तरलाई दर्साएको छ । प्रस्तुत उपन्यासमा नेपाली समाज सदियौंदेखि लिङ्गभेदको चपेटामा परेको सन्दर्भ आउनुमा चेतनास्तर मापन भएको छ । उपन्यासमा नेपालको पश्चिम पाल्पा जिल्ला र त्यसको आसपासमा अवस्थित गाउँले समाजका मानिसमा विद्यमान रहेका युगचेतना प्रस्तुत भएका छन् । प्रस्तुत उपन्यासमा गलत व्यवहारगत क्रियाकलाप भएको लक्ष्मीधरसँग धनमतीको विवाहको सन्दर्भ चल्दा विद्यामतिले दिएको अभिव्यक्ति यसरी प्रकट भएको छ- “आँखा, कान भएर होला लक्ष्मीधर जस्ता स्वार्थी विवेक विचार बिहिन नीच निष्ठुरीसँग सम्बन्ध जोड्न सग्सगाएकी” (मल्ल २) । यस उद्धृतांशमा धनमतीको विवाहको सन्दर्भ चल्दा विद्यामतिले लक्ष्मीधरलाई गलत मानिसको संज्ञा दिएको व्यक्त गरिएको छ । उपन्यासमा धनमतीकी आमाले छोरीका बारेमा दिएको अभिव्यक्ति यसरी

आएको छ- “मैले ...सय सय पटक भनेको हो, ए बाबा ! छोरीहरूलाई पढाएर के काम ! न देश प्रदेश गरून, न जागिर खाउन न अड्डाखाना धाउन् ...यी जगरसाँडा बनेकाहरूको डरले घरमा कुटुम्बहरू न च्याउन सक्छन्, न पस्न, आजित परें मत यी दुई बहिनीको ...अब त सिङ उम्रन्न, जुरो टुसाउँदैन त्यहाँभन्दा” (३) । प्रस्तुत उद्धृतांशमा धनमतीकी आमाको छोरीहरूप्रति चिन्तनलाई देखाइएको छ । उपन्यासमा आएका यस्ता सन्दर्भले क्षणगत युगचेतनालाई दर्साएको पाइन्छ ।

*समयको हुरी* उपन्यासमा जातीय विभेद व्यक्त भएको पाइन्छ । यसै प्रसङ्गमा पद्मीको बारेमा न्यूजीलाई लक्ष्मीधरले दिएको अभिव्यक्ति उपन्यासमा यसरी प्रकट “मास्टरजी ! यो दार्जलिङ होइन दार्जलिङ” (९) भएको छ । प्रस्तुत उद्धृतांशमा त्यस बेलाको समाजको न्यूजीजस्तो मास्टरलाई लक्ष्मीधरजस्तो पुरातन दम्भकारी मानिसले दिएको अभिव्यक्तिलाई देखाइएको छ । यसले त्यस बेलाको समाजका केही मानिसमा विद्यमान रहेको क्षणगत युगचेतनालाई प्रकट गरेको छ । उपन्यासमा छोरी माग्न जाँदा ठाँटिएर जानुका साथै समयानुकूल उपहार धनका आमाछोरीलाई लक्ष्मीधरले चुरोट दिएको चित्रण यसरी गरिएको छ- “अनि मीठो चुरोटले भरिएको चाँदीको सिगरेटकेस खोलेर धनको अगाडि सारिदिए, मीठो चुरोटको सुवासनाले धनको मन चलायमान पारिदियो, एकछिनको नाइँनास्तिपछि उनले सिकरेटकेसबाट यौटा चुरोट झिकिन र त्यहाँबाट एकातिर पन्छिन्” (१३) । यस उद्धृतांशमा त्यस बेलाको समाजमा छोरी माग्न जाँदा ठाँटिएर समयानुकूल उपहार लिएर जानेगरेको कुरालाई देखाइएको छ । उपन्यासमा कान्छो बाबुको घरमा धर्मपुत्र बसेको प्रभाकरलाई ज्ञानीका आमा छोरीले अनेक षडयन्त्र गरी दुःख दिएको अभिव्यक्ति यसरी आएको छ- “जब स्कूल जान प्रभाकरलाई अबेला भएको दिन पथ्यो, त्यो बेला उनको एउटा जुत्ता गायब भएको हुन्थ्यो, जब जाँचको बेलामा चापाचापको पढाइ पर्दथ्यो, त्यो बेला पाठ्यपुस्तक बेपत्ता भएको हुन्थ्यो” (१४) । यस उद्धृतांशमा प्रभाकरलाई ज्ञानीका आमाछोरीले अर्थमोहमा अनेक षडयन्त्र गरी दुःख दिएको कुरा देखाइएको छ । उपन्यासमा आएका यस्ता सन्दर्भमा युगचेतना प्रकट भएको पाइन्छ ।

*समयको हुरी* उपन्यासमा छोरा नहुनेले धर्मपुत्र राख्ने सामाजिक संस्कार प्रकट गरिएको छ । यसै प्रसङ्गमा छोराको भूमिका निर्वाह गरी शेषपछि सम्पत्ति उपभोग गर्ने सर्तमा प्रभाकर कान्छो बुबाको घरमा धर्मपुत्र बस्नु र कान्छो बुबाको मृत्यु हुँदा

काजक्रियामा सहभागी नगराई ज्ञानीका आमाछोरीले सम्पत्तिको लोभमा अनेक दुःख दिएको कुरा उपन्यासमा यसरी प्रकट भएको छ- "उनी ज्यादै चिन्तित बने, दौडादौड गरेर घरमा गए तर उनलाई उहाँ न बस्न ठाउँ मिल्यो, न खाने, उनको कोठामा याँमानको भोटेताल्चा मारिएको छ, घरका जहान कोही पनि उनको अगाडि पर्दैनन् र परे पनि बोल्दैनन्, उनले बाहिरै घरको बलेसिमा टुक्रुक्क बसेर रात बिताए" (१९) । यस उद्धृतांशमा ज्ञानीका आमाछोरीले सम्पत्तिको लोभमा प्रभाकरलाई दिएको अनेक दुःखलाई देखाइएको छ । यसले त्यस बेलाको समाजमा विद्यमान रहेको क्षणगत युगचेतनालाई स्पष्ट पारेको छ । उपन्यासमा कान्छो बुबाको मृत्युपछि प्रभाकरले खेप्नुपरेको आर्थिक समस्यालाई यस्तो रूपमा प्रस्तुत गरिएको छ- "हिजो बिहान खसौलीमा खाएदेखि यता मुखमा केही पनि हालेका थिएनन्, बेलुका त्यस्तै भयो, बिहान भयो के खाउँन साथमा फुटेको कौडी थिएन" (२०) । प्रस्तुत उद्धृतांशमा प्रभाकरले कान्छो बुबाको मृत्युपछि खेप्नुपरेको आर्थिक समस्यालाई प्रकट गरिएको छ । उपन्यासमा आएका यस्ता सन्दर्भले त्यस बेलाको समाजका मानिसमा विद्यमान रहेको युगचेतनालाई झल्काएको पाइन्छ ।

*समयको हुरी* उपन्यासमा परिवारका सदस्यमा पनि भिन्नभिन्न दृष्टिकोण रहने कुरालाई देखाइएको छ । यसै प्रसङ्गमा पितामा छोरीलाई पढाउनु पर्ने सरल विचार तथा मातामा अहम विचारका बिचमा सन्तुलन आवश्यक देख्ने विद्याका पिताको विचार उपन्यासमा यस्तो रूपमा प्रकट "समयअनुसारको चलन चल्नमा सबैको निम्ति श्रेयस्कर छ र चल्न बाध्य पनि हुनु पर्ने छ" (२५) भएको छ । यस उद्धृतांशमा विद्याका पितामा छोरीलाई पढाउनु पर्ने सरल विचार तथा मातामा छोरीलाई पढाउन नहुने अहम विचारका बिचमा सन्तुलनको आवश्यकता रहेको देखाइएको छ । उपन्यासमा शैक्षिक क्षेत्रमा राज्यव्यवस्था उदासिन रहँदा जनस्तरबाट खोलिएको पाठशालामा पठनपाठनमा संलग्न न्यूजीले पारिश्रमिक नपाउँदा खिन्नतामा दिएको अभिव्यक्ति यसरी आएको छ- "भैहाल्यो, आजसम्म तपाईंको मुख हेरेर बसियो, अब मलाई नरोक्नोस्, खानसम्म पनि पुग्दैन भने के को ट्यूसन चलाउनु" (२९) । प्रस्तुत उद्धृतांशमा त्यस बेलाको शैक्षिक क्षेत्रमा लागेको न्यूजी पात्रको दयनीय आर्थिक अवस्थाको चित्रण गरिएको छ । उपन्यासमा शिक्षा प्रचारमा लागेकी विद्यामतीको क्रियाकलापलाई गलत किसिमले धनमतीले आमालाई सुनाएपछि आमाले दिएको अभिव्यक्ति यस्तो रूपमा प्रकट भएको छ- "नाठोसँग त्यसरी कुरा गर्न लाज लाग्दैन ? हिजो दिउँसो कहाँ मरी भनेको, उनको नाठोसँग सान गर्न गाडिएकी" (३३) । यस

उद्धृतांशमा वास्तविकता नबुझी अरूको लहैलहैमा लाएर अनाहकमा सन्ततिलाई दुःख दिएको कुरालाई देखाइएको छ । उपन्यासमा आएका यस्ता सन्दर्भले युगचेतनालाई उजागर गरेको देखिन्छ ।

*समयको हुरी* उपन्यासमा राष्ट्रवादी भावना र समाजवादी चिन्तन प्रस्तुत भएका छन् । उपन्यासमा समतामूलक समाजनिर्माणको सन्दर्भ यस्तो रूपमा प्रकट भएको छ- "असक्तहरूको रक्षार्थ गरिएका सबै प्रबन्ध बिफल बनेको देखेर जर्मनीका मार्क्स नामक एक सज्जनले यो धनी-गरीब, ठूलो सानोको पर्खाल नलगाइएको समाजको कल्पना गरे, यसैलाई साम्यवाद भन्दछन्" (४२) । यस उद्धृतांशमा धनी र गरिबका बिचको पर्खाल हटाउनुपर्ने विचार प्रकट गरिएको छ । उपन्यासमा समाजका मानिसको अवैध कार्यबाट सालनाल सहित बाटोमा फालिएकी अबोधशिशु धनको सार्की थरको हलीले भेटेर विद्याको घरमा पालिएकी पद्मीलाई अछुत मान्ने समाजका अगाडि विद्याश्रम प्रवेश गराउने तथा वीरे सार्कीले जवरजस्ती गरी लैजान खोज्दा रोक्ने न्यूजीका समतामूलक क्रियाकलापका विपक्षमा पत्रिकामा नेपाली विद्याश्रम प्रेमाश्रममा परिणत शीर्षकमा अर्नगल समाचार प्रकाशन गरेको कुरा यसरी प्रकट भएको छ- "तानसेन नेपाली विद्याश्रमका न्यूजी नामक मास्टरले स्कुलका विद्यार्थीको सामुन्नेमा कुनै एक प्रेमपत्र लिएर आएकी पद्मी नामक अछुत युवतीलाई बलजफत अङ्कमाल गर्ने र गालाको चुम्बन समेत लिए भन्ने एक प्रत्यक्ष दर्शकको भनाइ छ" (५९) । यस उद्धृतांशमा त्यस समाजले अछुत मानिएकी पद्मीलाई विद्याश्रम प्रवेश राउने तथा वीरे सार्कीले जवरजस्ती गरी लैजान खोज्दा रोक्ने न्यूजीको समतामूलक क्रियाकलापमा अर्नगल प्रचार गरेर दुबैलाई दुःख दिएको देखाइएको छ । उपन्यासमा आएका यस्ता सन्दर्भले युगचेतनालाई व्यक्त गरेको पाइन्छ ।

*समयको हुरी* उपन्यासमा सामाजिक आचरणका बारेमा चित्रण गरिएको छ । यसै प्रसङ्गमा खराव आचरण तथा विदेशी कपडा बहिष्कार र शिक्षाको प्रचारका माध्यमबाट समाजमा परिवर्तन ल्याउने प्रतिज्ञाका सन्दर्भमा न्युजीले दिएको अभिव्यक्ति उपन्यासमा यसरी प्रकट भएको छ- "मेरो पहिलो प्रतिज्ञा छ- सराब र धुम्रपान त्याग्ने, दोस्रो प्रतिज्ञा छ- विदेशी कपडा र विदेशी फेसनको बहिष्कार, तेस्रो प्रतिज्ञा छ- हाम्रो देशको अशिक्षित ठाउँमा घुमेर शिक्षाको प्रचार गर्ने" (११६) । प्रस्तुत उद्धृतांशमा न्यूजी पात्रका विगतका कमीकमजोरीबाट शिक्षा लिएर नवीन गतिका साथ जीवनलाई अगाडि बढाउने प्रतिज्ञालाई

देखाइएको छ । उपन्यासमा दशैंजस्ता चाडपर्वमा परिवारसँग रमाउन विदेशबाट घर फर्केरका मानिसको क्रियाकलापका अभिव्यक्ति यसरी आएको पाइन्छ- "दशैं मान्न छुटेका भारत मलायामा नोकरी गरेका नेपालीहरू फूर्तिसँग घरतिर लागेका देखिन लागे, दशैंलाई मालसामान लत्ताकपडा ल्याउन हाट बजारतिर ...घर घरमा लिपपोत सफा सुग्घरको मेलो चल्यो, हुनेखाने घरका ...पोशाकहरू दर्जी सूजिकार कहाँ फर्माउन लागे तथा नहुनेले मागी ढाँटी ...बन्दोबस्त गर्न लागे" (१९१) । यस उद्धृतांशमा नोकरीको लागि बाहिर गएका नेपालीहरू दशैंजस्ता ठूला चाडपर्वमा परिवारसँग रमाउन प्रदेशबाट स्वदेश फर्केर चाडपर्व मनाउन गरेका क्रियाकलापलाई देखाइएको छ । यसमा दशैंलाई मालसामान, लत्ताकपडा ल्याउन हाट बजारतिर लागेको, घर लिपपोत गरेर सफा सुग्घर गरेको, हुनेखानेले अनेक पोशाकहरू सूजिकार कहाँ सिलाउन लगाएको तथा नहुनेले मागीढाँटी एक जोर नयाँ कपडाको बन्दोबस्त गरेको सन्दर्भमा युगचेतना झल्किएको पाइन्छ ।

*समयको हुरी* उपन्यासमा समाजले अछुत मानिएकी पद्‌मीलाई विद्याश्रममा प्रवेश गराउनु, अन्तर्जातीय विवाहको प्रयास गर्नु, महिला र पुरूष एउटै आसनमा बस्दा बात लाग्ने सन्दर्भलाई चिर्नु, झुट्टा प्रचारवाजी पत्रकारिता जगत्‌का प्रवृत्ति प्रकट गर्नु, प्रभाकरले चन्दा सङ्कलन गरी नेपाली विद्याश्रम खोली दार्जीलिङबाट न्यूजीलाई झिकाइ समाजमा शिक्षा प्रदान गर्नु, ज्ञानीले प्रभाकरलाई बेलुकाको खाना खान बोलाइ दुधमा विष मिलाएर मार्ने योजना बनाउनु, षडयन्त्रलाई शान्तमतीले थाहा पाई दूध अदलबदल गर्दा ज्ञानीले प्रभाकरलाई खुवाउन खोजेको विष आफै खानु, ज्ञानीकी आमाले विषको बाँकी अंश आफै खाइ जीवनलीला समाप्त गर्नु तथा ज्ञानीलाई दुई वर्ष र सेतुलाई एक वर्ष न्यायालयले जेल सजाय दिनु तथा गलत कामको परिणाम गलत नै निस्किने सन्दर्भ प्रस्तुत हुनुमा क्षणगत युगचेतना आएको पाइन्छ । उपन्यासमा आएका यस्ता तथ्यहरूले क्षणगत युगचेतनालाई प्रकट गरेका छन् । यसर्थ क्षणगत युगचेतनाका दृष्टिले प्रस्तुत उपन्यास उपयुक्त देखिन्छ ।

### ४.४.५ भुमरी उपन्यासमा युगचेतना

मोहनबहादुर मल्लको *भुमरी* (२०१६) उपन्यासमा सामाजिक तथा राजनीतिक दाउपेच र नारीचेतना प्रकट भएका छन् । प्रस्तुत उपन्यासमा अविवाहित आमाका विचार र विधवाका चिन्तनको नवीनतम प्रस्तुतिमा युगचेतना झल्किएको छ । उपन्यासमा सहरिया परिवेशका मानिसमा विद्यमान रहेको आचरणगत सन्दर्भमा युगचेतना व्यक्त भएको छ ।

उपन्यासमा कुमारी आमाका व्यथा तथा बालविधवा गङ्गा अनि जमुनाका व्यथाका साथै दुबैमा देखिएका विभेदगत सन्दर्भमा युगचेतना आएका छन् । प्रस्तुत उपन्यासमा प्रयुक्त पात्रगत दृष्टिले नारी बहुलता हुनुका साथै तिरष्कृत नारीमनको विचरण हुनुमा युगचेतना दर्सिएको छ । उपन्यासमा नारी मनोदशागत चित्रणमा युगचेतना प्रकट भएको छ । प्रस्तुत उपन्यासमा गङ्गाले झ्यालबाट किरणलाई हेरेको सन्दर्भमा बहिनी जमुनाले दिदीलाई सामाजिक मर्यादा विपरीत भएको कुरालाई यसरी प्रकट "धत् ! परपुरूषलाई यसरी विधवा भएर" (१) गरिएको छ । यस उद्धृतांशमा विधुवा गङ्गाको  किरणप्रतिको आकर्षणमा बहिनी जमुनाले दिदीलाई सामाजिक मर्यादा विपरीत जान नहुने कुरा व्यक्त भएको छ । उपन्यासमा आएका यस्ता सन्दर्भले त्यस समाजका मानिसमा विद्यमान रहेको युगचेतना झल्काएको देखिन्छ । उपन्यासमा आएको यस्तो अभिव्यक्तिमा बहिनीको दिदीप्रति उपेक्षा भाव, विधवा नारीलाई परपुरूषको अनुहार हेर्ने अधिकार नरहेको सामाजिक सन्दर्भ आएको छ । उपन्यासमा गङ्गाले किरणको जानकारी लिन सहयोगी झ्यापीलाई तिम्री मालिक्नी कहिले आउँछिन् भन्दा उत्तरमा दिएको अभिव्यक्ति यसरी प्रकट भएको छ- "मालिकनी कहाँ छ र आउने ? अझै मालिकको बर्तवन पनि भएको छैन, बिहाको कुरा" (३) । यस उद्धृतांशमा किरणप्रति आकर्षित गङ्गाले झ्यापीसँग मालिक्नीको बारेमा जानकारी लिन खोज्दा दिएको उत्तरलाई प्रकट गरिएको छ । उपन्यासमा झ्यापीबाट लिइएको सूचनामूलक सङ्केतबाट गङ्गाले किरणको परिवारमा आवतजावत बढाएको सन्दर्भमा युगचेतना व्यक्त भएको पाइन्छ ।

*भुमरी* उपन्यासमा सामाजिक सद्भावका बारेमा वर्णन गरिएको छ । यसै प्रसङ्गमा गङ्गा किरणसित नजिक हुन एकआपसमा आगो, पानी, साग, तरकारी, अचारआदि सरनतरन गरेको कुरा यस्तो रूपमा आएको छ- "जब कुनै दिन गंगाले पठाइदिएको चोखो मीठो खानाको तारीफ, किरण गर्दथे तब झ्यापी अगाडि सरेर गंगाको खूब तारीफ गर्दथी र साथै यो कुरा पनि भन्थी- यस्ती मालिकनी पाए पो घर उज्यालो हुन्छ" (४) । प्रस्तुत उद्धृतांशमा गङ्गाले  किरणप्रति नजिकिन एकआपसमा आगो, पानी, सागसब्जीआदि सरनतरन गरेको देखाइएको छ । यसले त्यस समाजका मानिसमा विद्यमान रहेको युगचेतनालाई दर्साएको देखिन्छ । उपन्यासमा गङ्गाले किरणसँग नजिक हुन र आन्तरिक अवस्था अवगत गर्न खानालाई माध्यम बनाउनुमा युगचेतना व्यक्त भएको छ ।

*भुमरी* उपन्यासमा त्यस समयको समाजका मानिसले विविध वाहनामा कन्यालाई अपहरण गरेर बलात्कार गर्ने यौनजन्य अपराधका घटनामा युगचेतना प्रकट भएका छन् । उपन्यासमा यौनजन्य अपराधमूलक घटनालाई कुमारी आमाले इज्जत जोगाउन आफैमा दबाएर राख्नुमा क्षणगत युगचेतना व्यक्त भएको छ । प्रस्तुत उपन्यासमा बलात्कृत कुमारी आमाको सन्तान किरणले जमुना बलात्कृत हुँदा दिएको अभिव्यक्ति यसरी आएको छ- “एक दिन साँझको समयमा जमुनालाई दर्बारमा डोला हेर्न खोजेका छन् भन्ने छल गरेर बदमासहरूले बग्गीद्वारा कुनै गुप्त ठाउँमा लगेर उनमाथि बलात्कार गरेछन्, मध्य राततिर उनलाई ...संयोगले यो कुरो मैले देखें, जमुना त्यही नजीकैको इनारमा गएर आत्महत्या गर्न हाम्फालिन्” (५२) । यस उद्धृतांशमा किरणले त्यस समयको समाजका खराब मानिसबाट जमुना बलात्कृत भएर त्यसको पीडामा आत्महत्या गर्न खोज्दा बचाएको कुरालाई देखाइएको छ । उपन्यासमा त्यस समयको समाजका मानिसको छलमा परी बलात्कृत हुन पुग्दाको पीडा सहन नसकेर जमुनाले जीवनलीला विसर्जन गर्न खोज्नुमा क्षणगत युगचेतना प्रस्तुत भएको पाइन्छ ।

*भुमरी* उपन्यासमा राणाकालीन दर्बारिया षड्यन्त्र, शोषण र अत्याचारका भुमरीबाट पिल्सिएका मानिसलाई मुक्ति दिलाउन गरिएका सामाजिक एवम् राजनीतिक क्रियाकलापमा क्षणगत युगचेतना आएको पाइन्छ । उपन्यासमा राजनीतिक परिवर्तनबाट मात्र सामाजिक परिवर्तन सम्भव रहेकाले युवावर्गको अहम भूमिका भएको सन्दर्भमा क्षणगत युगचेतना आएको छ । उपन्यासमा अविवाहित कन्याबाट जन्मेको किरणलाई नेपाली राजनीतिमा परिवर्तन ल्याउन सक्ने पात्रका रूपमा देखाउनुमा क्षणगत युगचेतना प्रकट भएको छ । उपन्यासमा विधवा नारी गङ्गाप्रति सहानुभूति, बलात्कृत जमुनाप्रति सम्मान र बलात्कृत कुमारी आमाबाट जन्मेको किरणले समाजमा स्थान पाउनुमा क्षणगत युगचेतना व्यक्त भएको पाइन्छ । प्रस्तुत उपन्यासमा बाल्यकालमा छोरीको विवाह गरिदिनु, कारणवश बालविधवा भएमा परपुरूषमा नजर पार्न नहुनुजस्ता सामाजिक परम्परामा युगचेतना प्रकट भएको पाइन्छ । उपन्यासमा आएका यिनै तथ्यहरूले क्षणगत युगचेतनालाई प्रस्तुत गरेका छन् । यसर्थ क्षणगत युगचेतनाका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

### ४.४.६ बहादुर नजर उपन्यासमा युगचेतना

मोहनबहादुर मल्लको *बहादुर नजर* (२०३६) उपन्यासमा बहादुर शाह, नजर, चतुर, रूपाजस्ता पात्रका क्रियाकलापमा युगचेतना प्रकट भएका छन् । प्रस्तुत उपन्यासमा विशाल नेपालनिर्माणको युगचेतना जोडिएको छ । उपन्यासमा बहादुर शाहको कार्यकुशलता प्रकट भएको छ । प्रस्तुत उपन्यासमा बहादुर शाहमा रहेको चातुर्य गुणले गर्दा नेपालको सीमा पूर्वमा टिष्टा र पश्चिम गण्डकीसम्म विस्तार हुन सम्भव भएको र राजा रणबहादुर शाहको नायब भएर शासन चलाएको सन्दर्भमा युगचेतना आएको छ । उपन्यासमा बहादुर शाहले नेपाल एकीकरणमा खेलेको भूमिका र दरबारले उनीप्रति गरेको अन्याय इतिहासका पानामा लिपिबद्ध भएको सन्दर्भमा युगचेतना प्रस्तुत भएका छन् । प्रस्तुत उपन्यासमा समग्र नेपालको निर्माणमा बहादुर शाहको भूमिका, उनको विचारलाई राज्यले ग्रहण गर्न नसक्नु तथा प्रेमका नवीनतम प्रयोगमा युगचेतना आएका छन् । उपन्यासमा बहादुर शाह र चतुर लमजुङबाट पाल्पातर्फ लाग्दा कोटाघाटमा लमजुङका मानिस समाउन आउँदा झटपट डुङ्गा चढेर चतुरले देखाएको चातुर्यतालाई यसरी देखाइएको छ- “डुङ्गा ख्याइरहेको माझीले यसो मुन्टो फर्काएर पछि हेरेको मात्र थियो, चतुर उठेर गुलेलीको खोरीमा मट्याङ्ग्रा राख्दै बोल्यो, खबरदार डुङ्गाको चाल बिग्र्यो भने मट्यांग्राको वर्षा चल्नेछ टाउको माथि !” (१९) । यस उद्धृतांशमा नेपालको एकीकरणको समयमा बहादुर शाह र नजर पाल्पातर्फ लाग्दा कोटाघाटमा लमजुङका मानिसले आक्रमण गर्दा जोगाएको कुरा प्रकट गरिएको छ । यसमा चतुरले गुलेली देखाउँदै खबरदारी गरेको सन्दर्भ आएको छ । प्रस्तुत उपन्यासमा पाल्पाको जङ्गलमा बहादुर शाहसँग चतुरले दिएको अभिव्यक्ति यसरी प्रस्तुत गरिएको छ- “मालिक जन्मदेखि नोकरी गरेका कमाराले पनि चटक्क छोड्न कसरी सकेका ! दरबारबाट कान्छा चौतरियाको घरमा पाउलाग्ने दिनमा नेप्टे र चेप्टे केटालाई मैले बलैसँग लतारेर ल्याएको थिएँ” (२४) । यस उद्धृतांशमा असहज परिस्थितिमा नजिकका भन्नेले पनि साथ छोड्ने कुरा व्यक्त गरिएको छ । उपन्यासमा प्रयुक्त पात्रका यस्ता क्रियाकलापले युगचेतनालाई झल्काएको देखिन्छ ।

*बहादुर नजर* उपन्यासमा नेपालको एकीकरण अभियानको समयका सन्दर्भमा क्षणगत युगचेतना आएको छ । उपन्यासमा गोरखा राज्यबाट निकालिएर तनहुँमा शरण लिएका बहादुर शाह लमजुङ, पाल्पा हुँदै बेतियामा पुगेर अभियानको नेतृत्व गरेको सन्दर्भमा क्षणगत

युगचेतना व्यक्त भएको छ । प्रस्तुत उपन्यासमा बहादुर शाहले विविध समयमा गरेका ऐतिहासिक क्रियाकलापका सन्दर्भमा युगचेतना आएको देखिन्छ । उपन्यासमा बहादुर शाहले निर्माण गरेको सैन्य योजनामा नदीपार गरेर पाल्पाको जङ्गलमा बस्दाको सन्दर्भमा क्षणगत युगचेतना आएको छ । उपन्यासमा जङ्गलमा बस्दाको अवस्थामा चतुरले बहादुर शाहसँग गरेको अभिव्यक्ति यसरी आएको छ- "हामीलाई केहीको डर छैन, आगोदेखि सब तर्सन्छन् ! बस, दिनमा गर्मी प्रदेशका जंगलमा हिंड्दा अजिंगरको डर हुन्छ, विषालु सर्पको डर हुन्छ" (२६) । प्रस्तुत उद्धृतांशमा नेपालएकीकरण अभियानमा बहादुर शाह पाल्पाको जङ्गलमा बस्दा विषालु सर्प र अजिंगर बाहेक अरू केहीको डर नरहेको चतुरको विचार प्रकट गरिएको छ । उपन्यासमा नेपालको ऐतिहासिक घटनाक्रम र बहादुर शाहको जीवनशैलीमा क्षणगत युगचेतना मुखरित भएको देखिन्छ ।

*बहादुर नजर* उपन्यासमा स्थानगत चित्रण आएको पाइन्छ । यसै प्रसङ्गमा पाल्पा दरबारमा बहादुर शाह बसेको समयमा नजरले प्रकृति, पशुपङ्क्षी र मानवका विशेषता अन्तर्सम्बन्धित हुने गरी नजरले दिएको चित्रण उपन्यासमा यसरी प्रकट भएको छ- "पश्चिमको सेती गाईझैं गरेर बसेको धवलागिरि हो, त्यसदेखि पूर्वको अरू सबै सेतो मुखमात्र कालो गरेको, बसेको लाखु जस्तो अन्नपूर्ण हो, त्यसदेखि पूर्वको काखमा नानी लिएको जस्तो भाइ अन्नपूर्ण हो, त्यसको पनि पूर्वका लस्करै डाला, माना र पाथी हुन्, तीदेखि पूर्व माछाको पुच्छर जस्तो कापे माछापुच्छ्रे हो" (३१) । यस उद्धृतांशमा प्रकृति, पशुपङ्क्षी र मानवका विशेषता अन्तर्सम्बन्धित भएको चतुरको विचारलाई देखाइएको छ । उपन्यासमा चतुरले रूपालाई योगीको भेषमा छकाएर आगोको भिक्षा मागेको रूपाको कुरालाई यसरी प्रकट "फुस्रे मलाई यति पटक त छलेन" (४१) गरिएको छ । यस उद्धृतांशमा चतुरले रूपालाई योगीको भेषमा आगोको भिक्षा मागेर छक्काएको सन्दर्भलाई देखाइएको छ । यसमा चतुर र रूपाको मायाप्रेमको सन्दर्भ प्रकट भएको छ । उपन्यासमा आएका यस्ता सन्दर्भले युगचेतनालाई व्यक्त गरेको देखिन्छ ।

*बहादुर नजर* उपन्यासमा मानवीय जीवनशैलीका बारेमा चर्चा गरिएको छ । सुखभोगमा लिप्त भारदार उच्चमनोबलका साथ रणभूमिमा प्रस्तुत नहुँदा बहादुर शाहले दिएको अभिव्यक्ति यसरी प्रकट "सधाएको कुकुरले ऐरो खेल्छ, पुल्पुल्याएको कुकुरले मुख चाट्छ" (५८) भएको छ । यस उद्धृतांशमा भारदारले रणभूमिमा कुशलता देखाउन नसकेको

सन्दर्भलाई देखाइएको छ । उपन्यासमा नेपालको एकीकरण अभियानका सिलसिलामा दरबारबाट सहयोग नभएको सन्दर्भमा बहादुर शाहले दिएको अभिव्यक्ति यसरी व्यक्त भएको छ- “सधाएको कुकुरले ऐरो खेल्छ, पुल्पुल्याएको कुकुरले मुखचाट्छ, आज माहिली आमाको छोरो रणसिंहले शाहवंशमा कालो दाग लगाइदियो” (५८) । यस उद्धृतांशमा बहादुर शाहलाई नेपालको एकीकरण अभियानमा दरबारबाट सहयोग नभएको कुरा देखाइएको छ । यसमा एकीकरण अभियानजस्तो पवित्र कार्यमा अवरोध सिर्जना गर्ने दरबारिया मानिसको प्रवृत्ति प्रकट भएको पाइन्छ । प्रस्तुत उपन्यासमा एकीकरण अभियानका कारण जीवन अस्तव्यस्त हुँदा सन्ततिको संरक्षणको सन्दर्भमा बहादुर शाहले नजरलाई र नजरले बहादुर शाहलाई दिएको अभिव्यक्ति यसरी प्रकट “नजर मैले भनेको माने छोराका निमित्त तिमी माइत जाऊ, मन पर्दैन, नजरले शून्य नजरले शून्य गगनमा हेरिन्” (१२४) भएको छ । यस उद्धृतांशमा सन्तानप्रतिको मायाभाव व्यक्त गरिएको छ । उपन्यासमा आएका यस्ता सन्दर्भले युगचेतनालाई झल्काएको पाइन्छ ।

*बहादुर नजर* उपन्यासमा तत्कालीन राजा प्रतापसिंह शाहका भाइ बहादुर शाहको जीवनशैलीमा क्षणगत युगचेतना आएको छ । उपन्यासमा १८३२ साल जेठदेखि १८५४ असारसम्मको समयसीमा निर्धारित हुनुमा क्षणगत युगचेतना व्यक्त भएको पाइन्छ । प्रस्तुत उपन्यासका ऐतिहासिक घटनाक्रम तथा बहादुर शाहको जीवनशैलीमा क्षणगत युगचेतना प्रकट भएको छ । उपन्यासमा आएका यस्ता तथ्यहरूले क्षणगत युगचेतनालाई व्यक्त गरेका छन् । यसर्थ क्षणगत युगचेतनाका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

### ४.४.७ जेली उपन्यासमा युगचेतना

मोहनबहादुर मल्लको *जेली* (२०३९) उपन्यासमा नेपाली समाज सामाजिक, आर्थिक तथा धार्मिक प्रकृतिका बन्धनमा जेलिएको युगचेतना प्रकट भएको पाइन्छ । प्रस्तुत उपन्यासमा जुवा र क्यासिनो सहरी क्षेत्रमा पेसाका रूपमा रहेको सामाजिक सन्दर्भमा क्षणगत युगचेतना आएको छ । उपन्यासमा जुवाको सन्दर्भमा प्रस्तुत अभिव्यक्ति यस्तो रूपमा प्रकट भएको छ- “काठमाडौंमा बराबर जुवा फुकाएर उत्सव मनाइन्थ्यो या उत्सवमा जुवा फुकाइन्थ्यो, जुवामा उन्मत्त बनेका प्रजाहरूको उलट-पलट भैराख्दथ्यो, जुवाको आखिरी समयमा रानी पोखरीमा पाले छोड्न पर्थ्यो” (१४) । यस उद्धृतांशमा त्यस बेलाको काठमाडौँको समाजका मानिस जुवातासमा लिप्त रहेको देखाइएको छ । यसले सहरी क्षेत्रका

मानिसमा रहेको चेतनास्तरलाई प्रकट गरेको छ । प्रस्तुत उपन्यासमा जुवामा हारेका कुनै मानिसले रानीपोखरीलाई विश्रामस्थल बनाउनु र कुनै मानिसले आत्महत्याको प्रयास गर्नुमा क्षणगत युगचेतना आएको छ । उपन्यासमा जुवाको सामाजिक सन्दर्भको अभिव्यक्ति यसरी प्रस्तुत भएको छ- "यो खाल थाप्नेहरू दुइ चार हजारको खेलो लिएर बसेको दश-बाह्रवर्षमा लखपति बन्दथे, सबैभन्दा नाफा हुने यो महा बेपारमा पैसा लाउन सबैले ऱ्याल काड्दथे, मानराजका पिताले पनि यसै बेपारबाट लाखौँ रूपियाँको श्रीसम्पत्ति जोडेका थिए" (१४) । प्रस्तुत उद्धृतांशमा जुवाले कसैको जीवन हर्षमा परिणत भएको त कसैको जीवन विस्मातका साथै आत्महत्यामा परिणत भएको देखाइएको छ । उपन्यासमा त्यस समाजमा विद्यमान रहेको जुवा खेल्ने खेलाउने क्रियाकलापमा क्षणगत युगचेतना आएको पाइन्छ ।

*जेली* उपन्यासमा जुनसुकै काम पनि संस्थागत रूपमा सञ्चालन गर्दा सम्पन्न गर्न सजिलो हुने र संस्थागत काम बाहिर एउटा भित्र स्वार्थअनुकुल हुने सन्दर्भमा क्षणगत युगचेतना प्रकट भएको छ । उपन्यासमा काठमाडौँ नगर सफाइ तथा पशुपति परिसर सफाइको सन्दर्भलाई यसरी प्रकट गरिएको छ- "त्यो बेला काठमाडौंमा नगर-सफाइ आन्दोलन चलेको थियो, यसैबाट प्रोत्साहन पाएका भिक्षु उद्धार संघका कार्यकर्ताले पनि पशुपतिको सफाइमा ध्यान दिएका थिए" (४२) । यस उद्धृतांशमा त्यस बेलाको काठमाडौँको विविध स्थानका साथै पशुपति परिसरमा सरसफाइ कार्यक्रम आयोजना भएको देखाइएको छ । प्रस्तुत उपन्यासमा आर्थिक विपन्नताका कारण मानिसलाई जीवन चलाउन निकै असहज हुँदा छलछाम गरेर पेट पाल्न विवश भएको सन्दर्भमा क्षणगत युगचेतना प्रकट भएको छ । उपन्यासमा रातको समयमा मसानघाटमा मलामीको खाजा लुटेर रिठ्ठेको समूहले पेटभरि खाजा खाएको अभिव्यक्ति यसरी प्रकट भएको छ- "टेकुघाटमा बस्ने गरेका मगन्तेहरू मसान, मसान भन्दै आफ्ना थाङ्ना थरा लतार्दै दौडे पचली भैरवतिर, मलामीको पनि भागाभाग पऱ्यो, त्यहाँ कोही रहेन, चारैतिरबाट मद्दत लिएर मानिसहरू फर्के, उनीहरूको न त्यहाँ गतिलो माल नै बाँकी थियो न खाने कुरो नै" (८६) । प्रस्तुत उद्धृतांशमा मसानघाटमा मलामीको खाजा लुटेर रिठ्ठेको समूहले पेटभरि खाजा खाएको सन्दर्भ प्रकट गरिएको छ । उपन्यासमा मानिसले जीवन बचाउन खाजाका लागि मसान बनेर मलामीलाई तर्साएको सन्दर्भमा क्षणगत युगचेतना आएको पाइन्छ ।

*जेली* उपन्यासमा नेपालमा राजनीतिक परिवर्तनपश्चात् पनि सत्तासीन व्यक्ति कुकृत्यको जालोमा जेलिएको सामाजिक सन्दर्भमा क्षणगत युगचेतना व्यक्त भएको छ । प्रस्तुत उपन्यासमा समाजमा हुनेखाने मानिसले हुँदा खाने मानिसलाई घरमा कामदारको रूपमा राख्ने अनि अनेक आरोप लगाएर कामबाट निकाल्ने तत्कालीन सन्दर्भमा क्षणगत युगचेतना प्रकट गरिएको छ । उपन्यासमा जसरी भए पनि धनआर्जनमा केन्द्रित मनोवृत्ति भएको धनराज साहुले दीनदासमार्फत तास खेलाएर अकुत सम्पत्ति जम्मा गर्ने चिन्तनलाई अस्वीकार गर्दा जागीरबाट निकालिनु पर्दाको पीडामा क्षणगत युगचेतना व्यक्त भएको छ । उपन्यासमा आएका यस्ता तथ्यहरूले क्षणगत युगचेतनालाई प्रकट गरेका छन् । यसर्थ क्षणगत युगचेतनाका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

### ४.४.८ रामछायाँ उपन्यासमा युगचेतना

मोहनबहादुर मल्लको *रामछायाँ* (२०६२) उपन्यासमा सिञ्जा राज्यले काठमाडौंमा कर उठउनु, सिञ्जाली राज्य भाषा र संस्कृतिमा सबल रहनु, राजकुमारले वीरता प्रदर्शन गर्नु, आत्मीय प्रेमभाव दर्साउनु तथा राउटे र कुसुण्डाका जीवनशैलीगत सामाजिक, सांस्कृतिक र धार्मिक प्रकृतिका युगचेतना प्रकट भएको पाइन्छ । प्रस्तुत उपन्यासमा युवराजको साथमा कामका लागि यथास्थानमा खटिएको मानिसले कुशलतापूर्वक काम नगर्दा मुलीले दिएको अभिव्यक्ति यसरी "निदाएको कुकुरले सिकार खेल्दैन" (८) आएको छ । प्रस्तुत उद्‌धृतांशमा सक्रियताका साथ काम नगर्दा समस्या उत्पन्न हुने कुरालाई देखाइएको छ । उपन्यासमा जङ्गलमा सिकारका लागि गएका मानिसको थाकाइगत अभिव्यक्ति यसरी आएको छ- "सिकार खेलेको थकाई बाबुले जान्दछ, लुगा धोएको थकाई आमाले जान्दछ" (९) । यस उद्‌धृतांशमा घरका बाह्य क्रियाकलाप पुरूषलाई बोध हुने र आन्तरिक क्रियाकलाप नारीलाई बोध हुने कुरा व्यक्त गरिएको छ । उपन्यासमा राउटीमा बस्ने मानिसको जीवनशैलीलाई प्रस्तुत गर्ने सन्दर्भमा सिकारमा गएको मानिसले अञ्जानमा दुईफाले विष प्रयोग भएको वाण हान्दा मानुषको मृत्यु हुनु र उसकी श्रीमती सुत्केरी अवस्थामा रहेको स्थिति यसरी प्रकट "खौला परेकी गाई र कुना परेकी सुत्केरी" (१०) भएको छ । प्रस्तुत उद्‌धृतांशमा सिकारका सन्दर्भमा बाण प्रहार गर्दा मानुषको मृत्यु हुनु र घरमा उसकी श्रीमती सुत्केरी अवस्थामा रहेको दुखदायी पीडालाई देखाइएको छ । उपन्यासमा दरबारको नियम सबैले मान्नुपर्ने सन्दर्भ यसरी "खतीको बेलामा मति आउँदैन"

(१२) आएको छ । प्रस्तुत उद्धृतांशमा काम बिग्रने समयमा मान्छेमा होस नपुग्ने सन्दर्भगत प्रस्तुति आएको छ । उपन्यासमा तत्कालीन समयमा सिञ्जाराज्य बलियो भएको सन्दर्भ यस्तो रूपमा प्रकट भएको छ- "राजा साहेब सिञ्जापतिलाई भोटले मान्दछ, मदेशले मान्दछ, नेपालले मान्दछ, कुमाउले मान्दछ, ...नेपाल तेत्रो धनैधन भएको देश, जहाँ चाँदीका मन्दिर छन्, सुनका छाना छन्, सुनैका गजुर छन् ...हाम्रो राजाको पाऊ परेर सुवर्णको थालमा असुरूपीका रास पारेर चढाउँछन्" (१४) । प्रस्तुत उद्धृतांशमा काठमाडौँ, भोट र कुमाउले मानेको हुँदा सिञ्जाराज्य बलियो भएको प्रकट गरिएको छ । उपन्यासमा सिञ्जाराज्य बलियो भएको सन्दर्भ प्रकट हुनुमा क्षणगत युगचेतना झल्किएको देखिन्छ ।

*रामछायाँ* उपन्यासमा जङ्गलमा बसोवास गर्ने राउटे र कुसुण्डाको जीवनशैली र सिकार गर्ने कला तथा खानपानका सन्दर्भमा क्षणगत युगचेतना व्यक्त गरिएको छ । उपन्यासमा पोलेको तरूल र पोलेको मासु जङ्गलको खाना रहेको सन्दर्भमा क्षणगत युगचेतना आएको छ । प्रस्तुत उपन्यासमा जङ्गलका गिठा, भ्याकुर, तरूलमा रमाउने कुसुण्डा र मासु तथा अन्नमा रमाउने राउटेको जीवनशैलीमा युगचेतना प्रकट भएको छ । उपन्यासमा प्रयुक्त एकफाले, दुईफाले, तीनफाले र सामान्य वाणको प्रयोगबाट सिकार गरिएको सन्दर्भमा क्षणगत युगचेतना आएको देखिन्छ । प्रस्तुत उपन्यासमा जङ्गलका बँदेल, चित्तल, जरायो, गोहोरो, स्याल, भालुजस्ता सिकारजन्य पशुपंक्षीका भरमा जीवन चलाउने राउटे र कुसुण्डाका सन्दर्भमा युगचेतना आएको पाइन्छ । उपन्यासमा राउटे र कुसुण्डा एकआपसमा मिलेर बसेको चित्रण यसरी गरिएको छ- "सबैभन्दा माथि उक्लेको समाज हामीले राउटेलाई गन्नपर्छ, राउटे आफ्नो समाजमा झै-झगडा गर्दैनन्, काम गर्ने उमेर भएकाले कसैले पनि हात खालि राख्दैनन्, राउटे आफ्ना वचनका पक्का हुन्छन्, अर्काको चोर्ने ठग्ने गर्दैनन्" (४६) । यस उद्धृतांशमा राउटे प्रजाति कसैसँग झै-झगडा नगर्ने, अर्काको नचोर्ने, नठग्ने, काममा लगनशील र वचनका पक्का भएको हुँदा सबैभन्दा माथि उठेको समाज मानिएको देखाइएको छ । यसले राउटे समाजका मानिसमा विद्यमान रहेका चेतनास्तरलाई दर्साएको देखिन्छ ।

*रामछायाँ* उपन्यासमा ऐतिहासिक घटनाका साथै जितारी मल्ल र सङ्ग्राम मल्लको नाम आउनु तथा सिञ्जाको परिवेश चित्रण हुनुमा क्षणगत युगचेतना आएको पाइन्छ । उपन्यासमा १३७० सालतिरको ऐतिहासिक घटनाक्रमका साथै तत्कालीन सिञ्जा राज्यको

विषयसँग मिश्रित भएर आएका प्रेमप्रणयका सन्दर्भमा क्षणगत युगचेतना आएको छ । उपन्यासमा सिञ्जाधिपतिले काठमाडौँमा कर असुल गर्न दलबलसहित गएको चित्रण यसरी गरिएको छ- "जितारीका समयदेखि काठमाडौं उपत्यकाले पनि सिञ्जालाई मान्न परेको थियो, यसभित्र धेरै भुरे राजाहरू थिए जसले सिञ्जालाई कर तिर्दथे" (७६) । यस उद्धृतांशमा सिञ्जाधिपतिको उच्च चेतनास्तरले गर्दा काठमाडौँलगायतका भुरे राजाहरूले सिञ्जालाई कर तिर्नुपर्ने स्थिति सिर्जना गरेको चित्रण गरिएको छ । यसले त्यस समाजका मानिसमा विद्यमान रहेको क्षणगत युगचेतनालाई प्रकट गरेको पाइन्छ ।

*रामछायाँ* उपन्यासमा काठमाडौँबाट फिर्ता हुने समयमा सङ्ग्राम मल्ललाई कालज्वरले सताएको अवस्थामा राउटीको जङ्गलमा जङ्गली जडीबुटी र त्यहाँको पानीले रोग समन भएको सन्दर्भमा क्षणगत युगचेतना आएको छ । प्रस्तुत उपन्यासमा युवराज सङ्ग्राम मल्ल जङ्गलको राउटीमा बस्दा राउटे र कुसुण्डाका छोरी रती र लटीसँग प्रेमप्रणयमा परेको सन्दर्भ आएका छन् । उपन्यासमा प्रयुक्त पात्रका हरेक क्रियाकलापमा क्षणगत युगचेतना झल्किएको पाइन्छ । यसर्थ क्षणगत युगचेतनाका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण छ ।

मोहनबहादुर मल्लका माथि विश्लेष्य उपन्यासमा क्षणगत युगचेतनाको सशक्त प्रयोग गरिएको पाइन्छ । उनका उपन्यासमा प्रयोग भएका पात्रका क्रियाकलापले त्यस समयको समाजका मानिसको सामूहिक सोच, विचार, भावना र मान्यतालाई प्रतिनिधित्व गरेका छन् । मल्लका उपन्यासमा प्रयुक्त पात्रका समग्र भावनात्मक, नैतिक र मानसिक प्रभाव प्रकट भएका छन् । उनका उपन्यासमा त्यस समयको समाजका विद्यमान सामूहिक विचारधारा, मानवीय विश्वास, मान्यता, धार्मिक दृष्टिकोण, नैतिक मापदण्ड र मानसिकता समेटिएका छन् । उनका उपन्यासमा त्यस समयको सामाजिक संरचना, ऐतिहासिक घटना र बाह्य परिस्थितिले पात्रका सामूहिक मानसिकता र नैतिक मूल्यमा प्रभाव पारेको देखिन्छ । उनका सामाजिक तथा ऐतिहासिक यथार्थमा आधारित समग्र उपन्यासमा युगचेतना सशक्त रूपमा आएका छन् । यसर्थ क्षणगत युगचेतनाका दृष्टिले मल्लका समग्र उपन्यास महत्त्वपूर्ण देखिन्छन् ।

## ४.५ निष्कर्ष

मोहनबहादुर मल्लका समग्र उपन्यासमा क्षणगत युगसन्दर्भ र युगचेतना सशक्त रूपमा आएका छन् । उनका उपन्यासमा सामाजिक, ऐतिहासिक, राजनीतिक, सांस्कृतिक, धार्मिक, शैक्षिक र आर्थिक पक्षका युगसन्दर्भको चित्रण गरिएको पाइन्छ । उपन्यासमा गरिएको प्रस्तुत चित्रणले पात्रका गतिविधिमा प्रभाव पारी परिवर्तनका लागि पृष्ठभूमि निर्माण गरेका छन् । मल्लका उपन्यासमा राणा, पञ्चायत र प्रजातन्त्र कालखण्डका घटना र विचारधाराको प्रभाव परेको देखिन्छ । उनका उपन्यासमा त्यस समयको समाजका सामाजिक संरचना, महिलाको स्थिति, विवाहप्रतिका दृष्टिकोण, धार्मिक, सांस्कृतिक, राजनीतिक र ऐतिहासिक पक्षका सन्दर्भले सामाजिक परिवर्तनको पृष्ठभूमि निर्माण गरेका छन् । उपन्यासमा राणा, पञ्चायत र प्रजातन्त्र कालखण्डका बाह्य परिवेशले पात्रमा सामूहिक सोच, भावना र परिवर्तित चेतना सिर्जना गरेको पाइन्छ । उनका उपन्यासमा तत्कालीन नेपाली समाजको सामाजिक, राजनीतिक र ऐतिहासिक पक्ष दासप्रथा, नारीशोषण, सामाजिक समस्यामूलक जीवनशैलीबाट पात्रमा सङ्घर्षको चेतना जागृत गरेको देखिन्छ । उनका उपन्यासमा राणा, पञ्चायत र प्रजातन्त्र कालखण्डका शासनव्यवस्थाबाट सिर्जित सामाजिक, सांस्कृतिक, धार्मिक, राजनीतिक, शैक्षिक, ऐतिहासिक तथा राष्ट्रियताका घटनाले पात्रका मनोदशामा परिवर्तनको लागि सामूहिक रूपमा सङ्घर्षमा समर्पित हुन पृष्ठभूमि तय गरिदिएको पाइन्छ ।

मल्लका उपन्यासमा क्षणगत युगचेतना सशक्त रूपमा प्रकट भएका छन् । उनका उपन्यासमा त्यस समयका मानिसको सामूहिक विचार, भावना र सोच पात्रका माध्यमबाट प्रकट भएका छन् । मल्लका उपन्यासमा प्रयुक्त पात्रले त्यस समयका मानिसको सामूहिक भावना, नैतिक र मानसिक प्रभावगत अवस्थालाई चित्रण गरेको पाइन्छ । उनका उपन्यासमा राणा, पञ्चायत र प्रजातन्त्र कालखण्डका मानिसको सामूहिक सोच, भावना, विचारधारा, विश्वास, मान्यता र मानसिकतालाई समेटेको देखिन्छ । मल्लका उपन्यासमा राणा, पञ्चायत र प्रजातन्त्र शासनव्यवस्थाबाट सिर्जित सामाजिक संरचना, ऐतिहासिक घटना र बाह्य परिस्थितिको पात्रका सामूहिक मानसिकता र नैतिक मूल्यमा प्रभाव परेको पाइन्छ । उनका उपन्यासमा राणा, पञ्चायत र प्रजातन्त्र कालका शासनव्यवस्थाबाट सिर्जित शोषण र दमनका गतिविधिले आक्रान्त बनेको समुदायका मानिसमा सामूहिक चेतना जागृत

भई शासनव्यवस्था परिवर्तनको परिणाम ल्याउन पात्र सङ्घर्षको मैदानमा उत्रेका छन् । उपन्यासमा ग्रामीण र सहरिया समाजका सामाजिक, ऐतिहासिक, राजनीतिक, सांस्कृतिक, धार्मिक र शैक्षिक पक्षका घटना र समस्यामूलक जीवनशैली, तिरस्कार एवम् अन्यायपूर्ण क्रियाकलाप युगचेतनाका रूपमा प्रस्तुत भएका छन् । उपन्यासमा मालिक, नोकर, सासू, बुहारी, प्रधानपञ्च, मुखिया, जिम्मावालजस्ता पात्रका चिठी, वाचापत्र, तिथिमितिसहितका प्रमाण क्षणगत युगचेतनाका रूपमा आएका छन् ।

मल्लका सामाजिक तथा ऐतिहासिक यथार्थमा आधारित उपन्यासमा राणा, पञ्चायत तथा प्रजातन्त्र शासनव्यवस्था समयको सामाजिक र ऐतिहासिक वस्तुग्रहण, वस्तुअनुरूप पात्रछनोट र समयसान्दर्भिक घटनाक्षण अङ्कन गरिएको छ । यसै कारणबाट उनका उपन्यास राणा, पञ्चायत र प्रजातन्त्र कालखण्डविशेषका वैचारिक अभिलेख बन्न पुगेका छन् । उनका सामाजिक यथार्थमा आधारित उपन्यासका तुलनामा तिथिमितिसहिता ऐतिहासिक यथार्थमा आधारित उपन्यास क्षणगत युगसन्दर्भ र युगचेतनाका दृष्टिले बढी प्रभावकारी पाइन्छन् । यसर्थ क्षणगत युगसन्दर्भ र युगचेतनाको प्रयोगका दृष्टिले मल्लका समग्र उपन्यास महत्त्वपूर्ण देखिन्छन् ।

## पाँचौं परिच्छेद

# मोहनबहादुर मल्लका उपन्यासमा प्रजाति, पर्यावरण र क्षणगत अन्तःसम्बन्ध

### ५.१ विषयप्रवेश

मोहनबहादुर मल्लका उपन्यासमा आएका घटना कुनै निश्चित समय र समाजका स्थापित मान्यतामा आधारित रहेका छन् । राणाकाल, पञ्चायतकाल र प्रजातन्त्रकालखण्डका घटना र मल्लका उपन्यासमा प्रयुक्त समय र समाजका घटनाबिच अन्तःसम्बन्ध देखिन्छ । उनका उपन्यासमा आएका आर्य र अनार्य प्रजातिगत पात्रका वैशिष्ट्य र मानसिकता राणा, पञ्चायत र प्रजातन्त्र कालखण्डका मानिस र समाजसँग अन्तर्सम्बन्धित रहेका छन् । प्रस्तुत कालखण्डमा व्याप्त पर्यावरण र उनका उपन्यासमा प्रयुक्त पर्यावरणका बिचमा पनि अन्तःसम्बन्ध छ । मल्लका उपन्यासमा आएका युगसन्दर्भ र युगचेतना तथा त्यस कालखण्डका युगसन्दर्भ र चेतनाका बिच पनि अन्तःसम्बन्ध देखिन्छ । उनका उपन्यासमा पाइने सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक, राजनैतिक पक्षका घटनाक्रम, पात्र र विषयवस्तु तत्कालीन समयको समाजसँग अन्तःसम्बन्धित रहेका छन् । यसर्थ प्रस्तुत शोधकार्यमा प्रजाति र पर्यावरण तथा प्रजाति र क्षणगत अन्तःसम्बन्धलाई आधार बनाएर मल्लका उपन्यासको विश्लेषण गरिएको छ ।

### ५.२ प्रजाति, पर्यावरण र क्षणगत अन्तःसम्बन्धको सैद्धान्तिक परिचय

साहित्यको समाजशास्त्रीय अध्ययनमा हिप्पोलाइट एडल्फ तेनका प्रजाति, पर्यावरण र क्षणसम्बन्धी सैद्धान्तिक मान्यता महत्त्वपूर्ण रहेका छन् । उनले साहित्यिक कृतिअध्ययनमा प्रजाति र पर्यावरण तथा प्रजाति र क्षणगत अन्तःसम्बन्धको खोजीलाई महत्त्वपूर्ण स्थान दिएका छन् । साहित्यमा कुनै समय र समाजका सीमाभित्र स्थापित मान्यताका बिचमा कार्यकारण अन्तःसम्बन्ध हुन्छ । साहित्यिक कृतिमा आएका विषय, घटनाक्रम र पात्रका बिचमा कुनै निश्चित समय र समाजका सीमाभित्र स्थापित मान्यताको तालमेललाई अन्तःसम्बन्ध मानिन्छ । साहित्यमा युगौँयुगसम्म झल्किने अन्तःसम्बन्धले स्थान पाएको हुन्छ । तेनले साहित्यमा समाज र मानव जीवनको प्रतिबिम्वन देख्छन् । उनले लेखक,

समाज र साहित्यका बिच कार्यकारण अन्तःसम्बन्ध रहने मान्यता स्थापित गरेका छन् । प्रजाति, पर्यावरण र क्षणगत अन्तःसम्बन्धको सही मापन र टङ्कन गर्न सकेमा हिजो, आज र भोलिको मानवसभ्यताको उद्घोष र गति निर्धारण गर्न सकिन्छ । यसले मान्छेलाई प्रभाव पार्दछ र उसले सिर्जना गर्दछ (तेन १४) । कुनै उचाइबाट झरना झरेर उचाइअनुसार धारहरू गहिराइमा पुगेजस्तै प्रजाति, पर्यावरण र क्षणका लप्काहरू मानवसभ्यतामा निरन्तर रूपमा आइरहन्छन् र यिनीहरू एकअर्कामा अन्तर्सम्बन्धित पनि हुन्छन् (तेन १४-१५) । यसबाट प्रजाति, पर्यावरण र क्षणका लप्काहरू मानवसभ्यतामा निरन्तर रूपमा एकअर्कामा अन्तर्सम्बन्धित भएर आउने कुरा स्पष्ट हुन्छ ।

समाजको विशिष्ट नैतिक अवस्थाले कला, साहित्य र दर्शनको निर्माण गर्दछ । यसले प्रजाति, पर्यावरण र क्षणलाई बल पुऱ्याएको हुन्छ । इतिहास र कानुनले पनि सिर्जना गर्न उत्प्रेरित गर्दछ । राष्ट्रिय, पर्यावरण र मानवीय स्वभाव एकअर्काका परिपूरक हुन्छन् (तेन १८-१९) । तेनले प्रजाति, पर्यावरण र क्षणगत अन्तःसम्बन्धलाई अन्योन्याश्रित गरेमा कृतिको अध्ययन पूर्ण हुने देख्छन् । उनले प्रजाति र पर्यावरणका बिचमा रहेको अन्तःसम्बन्धका बारेमा चर्चा गरेका छन् । आर्यन प्रजातिका मानिसहरूजस्तै गरी अन्य प्रजातिका मानिसहरू पनि एक स्थानबाट अर्को स्थानमा बसाइ सर्दै जाने क्रममा समाजका मानिसमा विद्यमान रहेका बौद्धिक, सामाजिक, आर्थिक, राजनीतिक र नैतिक रूपमा नयाँ स्थानगत पर्यावरणको प्रभावले प्रजातिमा परिवर्तन आउँछ (तेन ९) । यसले मानवस्वभाव र पर्यावरणका बिच कार्यकारण सम्बन्ध स्थापित हुने कुरा स्पष्ट हुन्छ । तेनले सर्जक, सिर्जना, पात्र र समाजका बिचमा प्रजातिगत अन्तःसम्बन्ध रहने कुरा बताएका छन् । उनले मान्छेको मानसिकता प्राकृतिक र सामाजिक पर्यावरणले निर्धारण गर्ने र भौतिक र सामाजिक परिस्थिति मानसिकताले नै निर्धारण गर्ने विचार राख्दछन् (मैनेजर पाण्डेय १२६) । यसले मान्छेको मानसिकतामा पर्यावरणले र पर्यावरणमा मान्छेले प्रभाव पर्ने स्पष्ट हुन्छ । वातावरण प्रतिविम्बका कारण साहित्य र परिवेशका बिचमा पारस्परिक सम्बन्ध रहेको हुन्छ (स्विङगउड २३) । साहित्यसिर्जनामा परिवेशले प्रभाव पार्ने हुनाले यसको मूल्याङ्कनसँग सम्बन्ध जोडिएको हुन्छ ।

मानवसभ्यतामा परिवार र राज्य हुन्छ । परिवार र राज्य दुई स्तम्भ एकअर्कामा परिपूरक हुन्छन् । परिवारमा प्रमुख र राज्यमा प्रमुखप्रति उत्तरदायी हुनु दुबै सङ्गठनको

साझा विन्दु मानिन्छ । परिवार प्राकृतिक राज्य हो भने राज्य कृतिम परिवार हो (तेन १५) । तेनले मानिस समाजमा एक्लो नहुने उसको चारैतिर प्रकृति र समाज रहने देख्छन् । उनले साहित्यकार बाँचेको युगको प्राकृतिक र सामाजिक समस्या, मान्यता तथा विश्वासको समग्र रूपलाई पर्यावरण मानेका छन् । उनले उत्तरको प्राकृतिक स्थिति प्रतिकूल हुनाका कारण त्यहाँको साहित्यमा दुख, कष्ट, पीडा र भोकमरी देख्छन् । यस्तैगरी उनले दक्षिणको प्राकृतिक स्थिति अनुकूल हुनुका कारण त्यहाँको साहित्यमा खुस, शान्ति र हर्षोल्लास देख्छन् । तेनले पर्यावरणलाई साहित्यको कार्यकारण सम्बन्धको व्याख्या गर्ने सिद्धान्तका रूपमा लिएका छन् । प्रकृति र मानवसमाजका बिचमा सम्बन्ध हुन्छ । पर्यावरणअन्तर्गत प्राकृतिक र सामाजिक पर्यावरण पर्दछ । यसलाई प्रजातिको मनोवैज्ञानिक पक्षले पनि प्रभाव पारेको हुन्छ (मैनेजर पाण्डेय १२५) । यसले कृतिलार्य प्रकृति र मनोविज्ञानसँग जोड्न पुगेको देखिन्छ । कुनै पनि प्राणीको खोलको अध्ययनले त्यस जीवलाई सङ्केत गरेझैं प्राचीन ग्रन्थको अध्ययनले मान्छेको पहिचान गर्न सकिने देख्छन् । सजीव शरीरका अङ्गहरू एकअर्कामा अन्तःसम्बन्धित भएजस्तै मानव सभ्यताका अङ्गहरू धर्म, दर्शन, कलासाहित्य, परिवार र राज्य पनि एकअर्कामा अन्तःसम्बन्धित हुन्छन् । कुनै प्राणीको आनुवंशिक गुण दाँत, हातखुट्टा, शारीरिक बनावट, मांशपेशीय संरचना अन्तःसम्बन्धित हुन्छन् । यस्तो अन्तःसम्बन्धमा हरेक गुण शक्तिशाली रहेका हुन्छन् (तेन १७) । यसबाट साहित्य, कला, सङ्गीत, दर्शन, विज्ञानजस्ता मानव उत्पादनलाई  कार्यकारण शृङ्खलासँग दाँजेर हेर्नु आवश्यक छ । यसबाट साहित्य र पर्यावरणका बिचमा पारस्परिक अन्तःसम्बन्ध रहने कुरा स्पष्ट हुन्छ ।

साहित्यको समयसँगको सम्बन्धलाई क्षणले जनाउँछ । कृतिको मूल कारण नै क्षण हो । मान्छेमा समयअनुसार जुन क्षणमा जस्तो मनोभाव सिर्जना भएको हुन्छ त्यसको प्रभावका कारणले कार्यको जन्म हुन्छ (तेन १३) । यसबाट क्षणलाई कृतिमा निहित कालखण्ड, विचारधारा तथा जीवनपद्धति मान्न सकिन्छ । यसले क्षणलाई निश्चित समय, युग र युगचेतनाका रूपमा चिनाएको छ । तेनले एक युगमा कुनै प्रधान विचार रहने र समयको अन्तरालमा त्यसमा गिरावट आई नयाँ मान्यता प्रधान विचार बन्ने देख्छन् । उनले कृतिरचनाका रूपमा स्थापित हुने कारणलाई नै प्रेरक क्षण मानेका छन् । भौतिक सामाजिक आधारलाई कारण र साहित्यको जन्मलाई कार्य मानिन्छ । साहित्यमा कालखण्डविशेष तथा प्रतिभाका बिच एक सुसङ्गत सम्बन्ध स्थापित रहेको हुन्छ । तेनले घट्ना, तथ्य र विचारको

समष्टिगत रूपलाई साहित्य मान्दै यसका बिचमा अन्तःसम्बन्ध हुने कुरा बताएका छन् । उनले महान रचनामा आत्मा, प्रतिभा र मानसिकताको निर्णायक भूमिका हुने र यसका बिचमा अन्तःसम्बन्ध रहने कुरा व्यक्त गरेका छन् । यसै सन्दर्भमा साहित्यिक कृतिभित्र घटना र चरित्र विन्यासमा कार्यकारण सम्बन्ध हुने र यसको विश्लेषण गर्न सकिने कुरा बताएका छन् (मैनेजर पाण्डेय १२४) । यसबाट कृतिमा आएको कार्यगत घटनाको आदि, मध्ये र अन्त्यको सिलसिला मिलेको हुनुपर्ने कुरा स्पष्ट हुन्छ । तेनले युग र राष्ट्रको पहिचान गर्न लेखकको सिर्जनाको अध्ययन आवश्यक रहेको बताएका छन् । उनले दार्शनिक र चित्रकार आदिको चर्चा गर्ने क्रममा कार्यकारण सिद्धान्तलाई व्यक्तिको प्रतिभासँग संयोजन गर्ने प्रयत्न गरेका छन् (मैनेजर पाण्डेय १२७) । यसबाट कार्यकारण अन्तःसम्बन्धलाई कृतिअध्ययनको महत्त्वपूर्ण आधार मान्न सकिन्छ । यसै सन्दर्भमा कृति, वस्तु र लेखकका बिच अन्विति र व्यतिरेक हुन्छ र त्यसको संघटन र विघटनको नतिजामा कार्यकारण अन्तःसम्बन्ध रहन्छ (घिमिरे ९१) । यसमा कार्यकारण सम्बन्ध कृति अध्ययनको आधार विन्दु हो र कृतिका सबै घटनामा कार्यकारण सम्बन्ध नभेटिएमा मूलभावबाट भए पनि अन्तःसम्बन्ध खोज्नु आवश्यक हुने कुरा प्रकट गरिएको छ ।

### ५.२.१ प्रजाति र पर्यावरणगत अन्तःसम्बन्ध

अन्तःसम्वन्धले कृतिमा आएको घटनागत कारण र प्रभावलाई बुझाउँछ । कृतिमा आएका पात्र र घटना सामाजिक संरचना र राजनीतिक परिवेशसँग सम्बन्धित हुन्छन् । कृतिमा पात्रको निर्णयले घटनालाई प्रभावित गर्दछ । कुनै पात्रको निर्णयले सकरात्मक वा नकारात्मक परिणाम दिएमा अन्तःसम्बन्ध प्रकट हुन्छ । प्रजातिका विशेषता र मानसिकताले कृतिमा प्रभाव पार्दछ । प्रजातिका बाह्य र आन्तरिक संरचना हुन्छन् । प्रजातिमा कृतिलेखन समय र स्थानगत प्रभाव पर्दछ । भौगोलिक र ऐतिहासिक सन्दर्भले कृतिमा प्रयुक्त प्रजातिमा प्रभाव पार्दछ । प्रजाति एकअर्कासँग अन्तरक्रिया गर्छन् । एक प्रजातिको विशेषताले अर्को प्रजातिमा प्रभाव पार्दछ । कुनै प्राणीको आनुवंशिक गुण दाँत, हातखुट्टा, शारीरिक बनावट, मांशपेशीय संरचना अन्तःसम्बन्धित हुन्छन् (तेन १७) । यसबाट कृतिको प्रभाव र मूल्यको पहिचान गर्न मद्दत पुग्ने कुरा स्पष्ट हुन्छ । यसले सामाजिक धारणा र प्रजातिको संरचना एकअर्कामा घुलमिल गर्दछ । प्रजातिका विशेषता र मानसिकताले विचार र सन्देशमा प्रभाव पार्दछ । पर्यावरणले कुनै कृतिमा प्रस्तुत गरिएका प्राकृतिक र सामाजिक समूहलाई

जनाउँछ । यसमा प्रकृतिप्रदत्त र मानव निर्मित संरचना हुन्छन् । कृतिमा प्रयुक्त पर्यावरणले पात्र र घटनामा प्रभाव पार्दछ । मान्छेको मानसिकता प्राकृतिक र सामाजिक पर्यावरणले निर्धारण गर्दछ भन्दै भौतिक र सामाजिक परिस्थिति मानसिकताले नै निर्धारण गर्दछ (मैनेजर पाण्डेय १२६) । यसले कृतिमा पात्रको सोचमा पर्यावरणको प्रभावलाई देखाउँछ । प्राकृतिक प्रकोपका घटनाले कथानकमा प्रभाव पार्दछ । कृतिमा आएका पात्रले पर्यावरणसँग अन्तरक्रिया गर्दछन् । पर्यावरणले पात्रको दृष्टिकोण र व्यवहारमा प्रभाव पार्दछ । यसर्थ प्रजाति र पर्यावरणगत अन्तःसम्बन्धलाई उपन्यास विश्लेषणको आधार बनाइएको छ ।

### ५.२.२ प्रजाति र क्षणगत अन्तःसम्बन्ध

प्रजाति र क्षणगत अन्तःसम्वन्धले कृतिमा प्रयुक्त पात्रको समयसँगको सम्बन्धलाई जनाउँछ । कृतिमा कुनै कारणबाट घटना र प्रभावबाट परिणाम उत्पन्न हुन्छ । कृतिको विचार, समय र सन्दर्भसँग सम्बन्ध रहन्छ । यसले विशेष घटनाको कारण र प्रभावलाई स्पष्ट पार्दछ । कृतिमा आएका पात्र र घटना समाजको संरचना र परिवेशसँग सम्बन्धित हुन्छन् । कृतिको लेखन समय र त्यस समयमा भएका घटनाको सम्बन्ध रहन्छ । यसले कृतिको समग्र मूल्य र प्रभावलाई प्रकट गर्दछ । कृतिमा पात्रको निर्णयले घटनालाई प्रभावित गर्दछ । क्षणले कृतिमा विशेष घटनाको सन्दर्भ समय र अवस्थालाई प्रकट गर्दछ । कृतिमा घटनाको समयानुसार पात्रले गरेका निर्णय र त्यसको परिणामको विश्लेषण गर्नुपर्दछ । एक पात्रको क्षणिक निर्णयले अर्को पात्रमा पारेको प्रभावलाई हेर्नुपर्दछ । पात्रको मनोविज्ञान र स्वभाव पहिचान गर्नुपर्दछ । इतिहासका आधारमा कृतिमा निहित गुण र नियमको खोजी गर्नु आवश्यक छ । राष्ट्रियता, पर्यावरण र मानवीय स्वभाव एकअर्काका परिपूरक हुन्छन् (तेन १८-१९) । यसले प्रजातिका दृष्टिकोणसँगै अन्योन्याश्रित भएर आउने पर्यावरण र क्षणलाई कृतिमा हेर्नुपर्ने देखाउँछ । कृतिमा प्रयुक्त घटनाले पात्रको मानसिकतालाई परिवर्तन गर्दछ । कृतिमा प्रयुक्त समय र स्थान बुझ्न आवश्यक छ । घटना युद्धको क्षणमा वा शान्तिको क्षणमा घटेको हो पहिचान गर्नुपर्दछ । यसै सन्दर्भमा साहित्यिक कृतिभित्र घटना र चरित्र विन्यासमा सम्बन्ध हुने र यसको विश्लेषण गर्न आवश्यक छ (मैनेजर पाण्डेय १२४) । यसबाट कृतिमा आएको कार्यगत घटनाको आदि, मध्य र अन्त्यको सिलसिला मिलेको हुनुपर्ने कुरा स्पष्ट हुन्छ । कृतिमा क्षणगत घटनाले समाज र संस्कृतिसँग अन्तरक्रिया गर्छन् र यसलाई बुझ्न आवश्यक छ । क्षणको प्रभाव, पात्रको मनोविज्ञान र

सांस्कृतिक पक्षको अध्ययनले कृतिमा रहेको विचार र सन्देशलाई बुझ्न सकिन्छ । साहित्यिक कृतिको विश्लेषण गर्दा घटना, पात्रको प्रतिक्रिया र त्यसको क्षणिक अवस्थामा केन्द्रित हुनुपर्छ ।

साहित्यको समाजशास्त्रीय अध्ययनमा प्रजाति र पर्यावरण तथा प्रजाति र क्षणगत अन्तःसम्बन्धलाई विश्लेषणको आधार बनाउनु आवश्यक छ । उपन्यासमा पात्रका माध्यमबाट मानवसमाजसँग सम्बन्धित सत्य प्रस्तुत भएको हुन्छ । औपन्यासिक कलाको प्रस्तुतिमा पात्रको भूमिका रहन्छ । मानवसमाजसँग पात्रको घनिष्ट अन्तःसम्बन्ध रहेको हुन्छ । उपन्यासमा प्रजातिगत विशेषता र मानसिक स्वभाव, प्राकृतिक र सामाजिक पर्यावरणका साथै क्षणगत युगसन्दर्भ र युगचेतनाका बिच अन्तःसम्बन्ध स्थापित रहेको हुन्छ । मानवजगत्मा बाहिरी जगत्को प्रभाव र घटनागत परिस्थितिको परिपूरक सम्बन्ध रहेको हुन्छ । भौतिक तथा सामाजिक आधारलाई कारण र उपन्यास सिर्जनालाई कार्य मानिन्छ । उपन्यासमा समाज र मानवजीवनको प्रतिविम्बन हुन्छ र यसैको खोजी अन्तःसम्बन्धमा गरिन्छ । यसर्थ प्रजाति र पर्यावरण तथा प्रजाति र क्षणगत अन्तःसम्बन्धलाई उपन्यास विश्लेषणको ढाँचा बनाइएको छ ।

### ५.३ मल्लका उपन्यासमा प्रजाति र पर्यावरणगत अन्तःसम्बन्ध

मोहनबहादुर मल्लका *उजेली छामा, मायारानी, पञ्चायत, समयको हुरी, भुमरी, बहादुर नजर, जेली* र *रामछायाँ* उपन्यासमा कारणबाट घटना उत्पन्न भएर त्यसको प्रभावबाट परिणाम निसृत भएको देखिन्छ । उपन्यासमा आएका पात्रहरू र घटनाहरू समाजको संरचना र राजनीतिक परिवेशसँग सम्बन्धित रहेका छन् । उपन्यासमा पात्रको निर्णयले घटनालाई प्रभावित पार्दछ । उपन्यासमा प्रयुक्त एक घटनाले अर्को घटनामा प्रभाव पार्दछ । उपन्यासमा कुनै पात्रको निर्णयले सकरात्मक वा नकारात्मक परिणाम दिएमा अन्तःसम्बन्ध प्रकट हुन्छ । उपन्यासमा प्रयुक्त प्रजातिगत पात्रमा बाह्य र आन्तरिक संरचना तथा सामूहिक भावना हुन्छ । औपन्यासिक पात्रलाई प्राकृतिक र सामाजिक पर्यावरणले प्रभावित पार्दछ । उपन्यासमा प्रयुक्त पर्यावरणलाई प्राकृतिक र सामाजिक समूह मानिन्छ । यसअन्तर्गत प्रकृतिप्रदत्त र मानव निर्मित संरचना पर्दछन् । उपन्यासमा घटनाले पात्रको मानसिकतामा परिवर्तन ल्याउँछ । यिनै पक्षमा केन्द्रित भएर मल्लका सामाजिक तथा ऐतिहासिक यथार्थमा आधारित उपन्यासको अध्ययन गरिएको छ ।

### ५.३.१ *उजेली छाया* उपन्यासमा प्रजाति र पर्यावरणगत अन्तःसम्बन्ध

मोहनबहादुर मल्लको *उजेली छाया* (२००८) उपन्यासमा उजेली, पातली, सुवर्ण, सौतेनी आमा, पण्डित, मुखिया, ल्वामेजस्ता बाह्य रूपाकृतिगत र आन्तरिक मनोभावनागत सामूहिक विशेषताको बहन गर्ने पात्रलाई प्रजातिको रूपमा प्रयोग गरिएको छ । यसमा आँधीखोलाको किनार आसपासको भौगोलिक प्राकृतिक विशेषता र सामाजिक जीवनशैली सामाजिक पर्यावरणको रूपमा आएको पाइन्छ । यस्तैगरी उपन्यासमा उजेलीले गाउँका भलादमीबाट भोगेको यातना, वर्णित रीतिरिवाज, अन्धविश्वास, जालझेल, शोषणजस्ता सन्दर्भ र त्यसबाट उत्पन्न युगीन विचार प्रकट भएका छन् । प्रस्तुत उपन्यासमा प्रयुक्त प्रजाति र पर्यावरणका बिच अन्तःसम्बन्ध रहेको छ ।

*उजेली छाया* उपन्यासमा प्रजातिगत वैशिष्ट्य र मानसिकता तथा प्राकृतिक र सामाजिक पर्यावरणका बिच अन्तःसम्बन्ध देखिन्छ । प्रस्तुत उपन्यासमा उजेली, सुर्वण र पातलीले परिवारिक जिम्मेवारी बहन गरेको पाइन्छ । यसले प्रजाति शारीरिक रूपसँग मात्र सम्बन्धित नभई सामाजिक भूमिकामा पनि रहने कुरा स्पष्ट हुन्छ । उजेलीको घर, आँगन र वरपरको पर्यावरणबाट उसको मानसिकतालाई प्रभावित गरेको छ । उपन्यासमा घोडाको तवेला र घाँसदानाको कामले उसको जीवनशैलीमा सोझोपनको प्रभाव देखिन्छ । उपन्यासमा उजेली अशिक्षित भएको कारण पत्रवाचन गराउन नन्दलाई साथमा लिएर छिमेकीको घरमा गएको सामाजिक परिवेश आएको छ । उपन्यासमा प्रयुक्त चिठीको व्यहोरा यसरी यसरी आएको छ- “स्वस्ति श्री इतिश्री बाबूज्यूकै मालुम होस् कि अति गरीब नाम गरेको आफूको छोराको तरफबाट साँज सबेर गंगाजल स्नान गरी, गीता पाठ गरी पुष्पाञ्जली समाती पाउसम्म निहुरी सास्टाङ्ग प्रणाम छ ...बहुत लेखी भेज्नालाई फुर्सद मिलेन सो बाँची मालुम गर्नुहोला जी इति” (६३-६४) । प्रस्तुत उद्धृतांशले उजेली अशिक्षित भएको र पत्रलेख्ने व्यक्ति सामान्य साक्षर रहेको देखाइएको छ । यसले तत्कालीन समाज अशिक्षित परिवेशबाट ग्रसित बनेको पाइन्छ । यसबाट प्रजाति र पर्यावरणका बिच अन्तःसम्बन्ध प्रकट भएको देखिन्छ ।

*उजेली छाया* उपन्यासमा उजेलीलाई सौतेनी आमाले ल्वामेको छोरो च्याखुरेसँग विवाह गर्न खोज्नु, सुवर्णध्वजले सालीलाई मन पराउनु र पातलीले बहिनीलाई आफ्नै घरमा राख्न पाए सुवर्णध्वजलाई छोरो जन्मने र विवाहको किचलो नहुने भाव सिर्जित हुनुमा

सामाजिक पर्यावरण आएको पाइन्छ । उपन्यासमा पातलीको जीवनशैली यसरी आएको छ- “त्यस्तो रिसानी किन ? मैले नै यहाँको अर्को बिहाको जरूरत देखें, यहाँको चुपचापसँग थन्को लागेको मनलाई मैले नै घच्घचाइदिएँ र उजेलीसँगको प्रेम संबन्ध मैले नै जगाइदिएं, ...उसलाई सौतामा बदल्न पर्दा मेरो अन्तरात्मामा अशान्ति मचिन्थ्यो” (७७) । प्रस्तुत उद्धृतांशले पातलीको जीवनशैली र मनमा सिर्जित भावनालाई प्रकट गरेको छ । प्रस्तुत उपन्यासमा दिदीको घरमा पनि बस्न नसक्ने र विवाह भएको घरबाट पनि निकाला हुँदा उजेलीले आँधीखोलामा हामफालेर जीवनलीला बिसर्जन गर्न खोज्नुमा सामाजिक पर्यावरण देखिन्छ । उपन्यासमा समाजका फटाहा मानिसका कारण साहिँलो मुखियाको जीवनमा चोरीको लाञ्छना लाग्नुमा सामाजिक परिवेश प्रकट भएको छ । यसलाई उपन्यासमा यसरी व्यक्त गरिएको छ- “धनुमानु लगाउने दातालाई घर छाडा गरियो, ऊ नाङ्गै मुडुलो भएर घरभित्र पस्यो, पसेको एकछिन नहुँदै साहिंली मुखेनीको दिल खुस पारेको कसौंडी हातमा लिएर निस्क्यो, सब जिल्लाराम परे, साहिँलो मुखिया मरे तुल्य बने” (७९-८०) । यस उद्धृतांशमा समाजका फटाहा मानिसको स्वार्थपूर्ति नहुँदा सज्जन साहिँलो मुखियाले चोरीको लाञ्छना खेप्नुपरेको देखिन्छ । यसमा प्रजाति र पर्यावरणगत अन्तःसम्बन्ध पाइन्छ ।

*उजेली छामा* उपन्यासमा प्रयुक्त पात्रको सोच र व्यवहारमा प्राकृतिक पर्यावरणको देखिन्छ । उजेली पात्र नदीकिनारमा उभिएको दृश्यले प्राकृतिक पर्यावरणको प्रभाव र यसको महत्त्वलाई प्रकट गरेको छ । उजेली पात्रको मलाई पानी छुनाले आत्मिक शान्ति मिन्छ तर समाजले रोक्न खोज्छ, म पानीको शान्तिमा हराइरहें भन्ने अभिव्यक्तिले प्राकृतिक र सामाजिक पर्यावरणको प्रभावलाई देखाएको छ । यसले उजेलीको आन्तरिक मनोभावनामा गहिरो प्रभाव पारेको छ । यसले प्राकृतिक सौन्दर्य र जीवनको शान्तिलाई बुझाउँछ । उपन्यासमा पातलीले दिएको कागज छोरीले सुवर्णध्वजलाई बुझाउँदाको अभिव्यक्ति यसरी व्यक्त भएको छ- “यो कगत का बा, आमाले का बा, छामालाई दिनुभएको रहेछ का बा, छामाले का बा, पठाउनु भएको हो का बा” (१०५) । यस उद्धृतांशले पात्रमा परेको शैक्षिक प्रभाव प्रस्तुत भएको छ । प्रस्तुत उपन्यासमा प्राकृतिक र सामाजिक पर्यावरणको प्रभाव प्रकट भएको देखिन्छ । प्रस्तुत उपन्यासमा उजेलीको उजेली र बिन्दा पात्रबाट आएका समाजले हामीलाई रोक्न खोज्छ तर हामीले लड्नुपर्छ र समाजले महिलालाई सधैं घरमा सीमित गर्न चाहन्छजस्ता अभिव्यक्तिमा सामाजिक परिवेश निर्माणको सोंच प्रकट भएको देखिन्छ । उपन्यासमा उजेलीलाई घरमा राख्दा उत्पन्न समस्याका कारण निर्दोष श्रीमान् जेल

चलान हुँदा पातलीको जीवनशैली परेको प्रभाव यसरी प्रकट भएको छ- “अरू डिङ्गाको हकमा पनि त्यही चाल छ, भैँसीका टाउका मात्र ठूलो हुन लागे, गाई गोरूका पेट दावा लाग्न लागे र पाडा बाच्छा भ्याँडा बने” (१२२) । प्रस्तुत उद्धृतांशमा उजेलीका कारण निर्दोष सुवर्ण जेल पर्दा पातलीको घर तहसनहस भएको पाइन्छ । उपन्यासमा प्राकृतिक र सामाजिक पर्यावरणले पात्रको मानसिकतामा गहिरो प्रभाव परेको देखिन्छ । यिनै प्रभावका कारण पातलीको जीवनलीलानै समाप्त भएको छ भने साहिँलो मुखियाले चोरीको आरोप खेप्नु परेको छ । यस्तैगरी सुवर्णध्वजले जेल खानुपरेको छ भने उजेलीले आत्महत्याको प्रयास गर्नु परेको छ । उपन्यासमा प्रयुक्त पर्यावरणले पात्रको क्रियाकलापमा गहिरो प्रभाव पारेको देखिन्छ । यसर्थ प्रस्तुत उपन्यासमा प्रजाति र पर्यावरणका बिचमा अन्तःसम्बन्ध रहेको स्पष्ट हुन्छ ।

### ५.३.२ *मायारानी* उपन्यासमा प्रजाति र पर्यावरणगत अन्तःसम्बन्ध

मोहनबहादुर मल्लको *मायारानी* (२००९) उपन्यासमा मायारानी, ललित, शान्ति, कमला, चौतरिया, पण्डितका बाह्य रूपाकृतिगत र आन्तरिक मनोभावनागत सामूहिक विशेषता बहन गर्ने पात्रलाई प्रजातिको रूपमा प्रयोग गरिएको छ । यसमा काठमाडौं, पाल्पा, पोखरा, प्युठान, रिडी, हरिद्वार, गोरखपुरछको स्थानगत वर्णनमा प्राकृतिक पर्यावरण र उपन्यासमा प्रयुक्त पात्रका जीवनशैलीमा सामाजिक पर्यावरण आएको पाइन्छ । उपन्यासमा प्रजातिगत वैशिष्ट्य र मानसिकता तथा प्राकृतिक र सामाजिक पर्यावरणका बिचमा गहिरो सम्बन्ध देखिन्छ । प्रस्तुत उपन्यासमा पात्र र प्रकृति एकअर्कामा निर्भर रहेकाले एकको निर्णयले अर्कोमा प्रभाव पारेको पाइन्छ । उपन्यासमा प्रयुक्त प्रजातिका आफ्नै समूहगत विशेषता, विचारधारा र आस्था प्रकट भएका छन् । प्रस्तुत उपन्यासमा प्रयुक्त प्रजातिका सामूहिक भावना तथा प्राकृतिक र मानव निर्मित पर्यावरणको प्रयोग गरिएको छ । उपन्यासमा प्राकृतिक घटना र सामाजिक परिघटनाले प्रजातिका मानसिकता र सोंचमा परिवर्तन ल्याएको देखिन्छ । प्रस्तुत उपन्यासमा प्रयुक्त ललित र अन्य पात्रहरूको जीवनमा प्राकृतिक प्रभावका कारण निर्णय र क्रियाकलापमा परिवर्तन आएको छ । उपन्यासमा एकआपसमा खेल्ने तथा बगैँचामा घण्टौं वर्तालाप गर्ने बालदौंतरीको उमेर बढ्दै जाँदा विवाह गर्ने अभिलाषामा बगैँचामा माला लगाउनु र मायारानीले विवाहको समयमा ललितलाई कुनै उपाय गर्न आग्रह गरी पत्र पठाउनुमा सामाजिक पर्यावरणगत अन्तःसम्बन्ध

दर्सिएको छ । प्रस्तुत उपन्यासमा ललित र मायारानीका बिच विवाह हुन नसक्नु र किशोर उमेरमा बूढो मानिस उखापोखरीका चौतरियासँग विवाह हुनुमा सामाजिक पर्यावरण पाइन्छ । उपन्यासमा परिवारको करकापमा विवाह भएको पुरूषलाई पतिका रूपमा स्वीकार नगर्नु तथा पतिको मृत्यु हुँदाको समयमा घरबाट भागेर निस्कदा नगर वधुको जालमा पर्नु र त्यो समस्याबाट उम्केर हरिद्वारमा नयाँ बाबा बनेर जीवनशैली चलाउनुमा सामाजिक पर्यावरण देखिन्छ ।

*मायारानी* उपन्यासमा बालदौंतरी ललित र मायारानीको उमेर बढ्दै जाँदा एकअर्कामा विवाहको अभिलाषा राख्नु तर समाज बाधक बनेको प्रस्तुति आएको छ । प्रस्तुत उपन्यासमा मायारानीले उपहारको चिनो औंठी चिम्सीलाई दिनु तथा पत्ररूपी मायाको चिनो ललितकै हातमा दिने अर्थगत अभिव्यक्ति यसरी आएको छ- “दिदी ! लौ यो मेरो चिन्हु, चिम्सीले हात थापेर औंठी खुसी हुंदै लिई ...चिम्सीको हातमा यौटा बन्द गरेको चिठी दिइन् र भनिन् ललितकै हातमा दिनु” (३४) । यस उद्धृतांशमा औपन्यासिक केन्द्रीय पात्र मायारानीले ललितलाई मायाभावमा लेखेको चिठी चिम्सीले उसका हातमा थमाएको देखाइएको छ । यसले बालदौंतरी ललित र मायारानीको सम्बन्ध निकै नजिक रहेको देखाउँछ । प्रस्तुत उपन्यासमा ललितले मायारानीलाई चिम्सीको हात पठाएको पत्रको व्यहोरा यस्तो छ- “माया बैह्नी, तिम्रो पत्र त्यसमा झन् तिम्रो असीम कृपा पाउँदा मेरो ह्दय खुशीले गद्गद् भएको छ, मेरो निमित्त कोही किसिमको चिन्ता नगर, मैले विवाह नगर्ने नै निश्चय गरेको छु यसमा प्रतिज्ञासमेत भएको छ, त्यसमा तिमीले दुःख नमान” (७१) । यस उद्धृतांशमा ललित र मायारानीका आकर्षण र वैवाहिक कुरा आउँदा समाज तगारो बनेको सङ्केत गरिएको छ । उपन्यासमा ललितको मायारानीसँग आन्तरिक मन नजिक हुँदा पनि आर्थिक परिवेश बाधक बन्न पुगेको छ । यसले उपन्यासमा आन्तरिक द्वन्द्व सिर्जना गरेको देखिन्छ । उपन्यासमा यसले प्रजाति र पर्यावरणगत अन्तःसम्बन्धलाई देखाएको छ ।

*मायारानी* उपन्यासमा मायारानीले चौतरियालाई पति स्वीकार नगर्नु र विवाहित पत्नी मायारानीलाई चौतरियाले पत्नीका रूपमा साथमा राख्न नपाउनुले बेमेलको परिवेश प्रकट गरेको छ । उपन्यासमा नेपाल एकीकरणका समयमा भागेर प्रवासमा पुगेका मानिसको दैनिक जीवनशैली समस्यामूलक हुनु तथा शान्तिदेवीको जीवनशैलीमा आर्थिक तथा पारिवारिक समस्या सिर्जना हुनुमा पर्यावरणगत अन्तःसम्बन्ध देखिन्छ । प्रस्तुत उपन्यासमा मायारानीसँग

ललितको विवाह हुन नसक्दा दुबैको जीवनशैली समस्यामा पर्नुमा सामाजिक सम्बन्ध पाइन्छ। उपन्यासमा मायारानीको जीवनको अन्त्य अवस्थामा रिडीमा ललितसँग भेट हुनुमा राजनीतिक पर्यावरण देखिन्छ। उपन्यासमा महिला भक्त भएर पुरूष भक्तको साथमा बस्नु पर्दा मायारानीको जीवनमा एकपछि अर्को समस्या उत्पन्न हुनुमा सामाजिक अन्तःसम्बन्ध पाइन्छ। प्रस्तुत उपन्यासमा नेपालमा एकीकरण अभियान चलिरहेको समयमा नेपाललाई अहित हुनेगरी सुगौलीसन्धि हुनुमा राजनीतिक पर्यावरणगत अन्तःसम्बन्ध प्रकट भएको पाइन्छ। उपन्यासमा प्रयुक्त पर्यावरणले प्रजातिगत पात्रमा गहिरो प्रभाव पारेको छ। यसर्थ प्रजाति र पर्यावरणका बिचको अन्तःसम्बन्धका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ।

### ५.३.३ *पञ्चायत* उपन्यासमा प्रजाति र पर्यावरणगत अन्तःसम्बन्ध

मोहनबहादुर मल्लको *पञ्चायत* (२०१०) उपन्यासमा समाजका प्रतिनिधि मानिएका प्रधान, मुखिया, साहु, पण्डित हरिहर, सान्नानी, मधु, रघु, चन्द्री, चैतीजस्ता बाह्य रूपाकृतिगत र आन्तरिक मनोभावनागत सामूहिक विशेषता बहन गर्ने पात्र प्रजातिका रूपमा आएका छन्। यस्तैगरी यसमा पोखरा र त्यसको आसपास हात्तीसुँडे डाँडाको प्राकृतिक एवम् सामाजिक जीवनशैली पर्यावरणका रूपमा आएका छन्। प्रस्तुत उपन्यासमा प्रजातिगत वैशिष्ट्य र मानसिकता तथा प्राकृतिक र सामाजिक पर्यावरणका बिच गहिरो सम्बन्ध देखिन्छ। प्रस्तुत उपन्यासमा किसान वर्गको आर्थिक स्थिति र पञ्चायतको नीतिका बिच सम्बन्ध देख्न सकिन्छ। उपन्यासमा किसानका संघर्ष र आर्थिक असमानताले समाजमा विद्रोहको भावना पैदा गरेको छ। यसले प्रजाति र पर्यावरणको सामाजिक संरचनालाई प्रकट गरेको छ। औपन्यासिक पात्र रघु र मधुका बिचको प्रेमले समाजमा समस्या सिर्जना गरेको छ। यसले प्रेमको प्रतिरोध र सामाजिक मान्यतासँग संघर्ष आवश्यक रहेको स्पष्ट हुन्छ। उपन्यासमा उच्च प्रजातिका मानिसमा रहेको परम्परागत सोंच र सामाजिक मान्यतामा परिवर्तनको आवश्यकता देखिन्छ। उपन्यासमा मधुको यौवनको वर्णमा प्रकृतिसँगको गहिरो सम्बन्ध रहेको पाइन्छ। उपन्यासमा रघु र मधुको प्रेम प्रसङ्गमा मधुको रूप र आकर्षणलाई यसरी चित्रण गरिएको छ- "सेतो निधारमा लगाएको जडौरी टीका, झिल्के किलिप, कानमा हल्लने यार्लिङ, ...गाउनको घांघर, ...टानिकको पातलो पछ्यौरा, बाटुलो नाडीमा टम्म मिलेको रेशमी चुरा,...हावादार औंठी" (४)। प्रस्तुत उद्धृतांशमा मधुको यौवन र सौन्दर्यले समाजमा आकर्षण ल्याएको कुरा देखाइएको छ। यसमा रघुले मधुको पुरानो स्वरूप

सम्झाउँदा मधुलाई समयको परिवर्तनले प्रभावित गरेको प्रष्ट हुन्छ । मधुको व्यक्तित्व र बाह्य स्वरूप देखिएको परिवर्तनले ग्रामीण समाजका नारीको स्थिति र समाजको स्वीकार्यतालाई झल्काउँछ । उपन्यासमा चन्द्रीले मधुलाई ज्योति कात्न, दुना, टपरी गाँस्न लगाएर कन्याको लक्षण परीक्षण गर्नुमा अन्तःसम्बन्ध प्रकट भएको छ । यस्तैगरी प्रस्तुत उपन्यासमा रघुको सहरिया फेसनता र रहनसहनलाई प्रकट गरिएको छ । उपन्यासमा रघुका लवाइखुवाइका बारेमा गरिएको अभिव्यक्ति यसरी प्रकट भएको छ- "आज रघु सहरिया फेसनता कसिकसाउ बनेर आफ्नो गाउँमा आएका छन्," (६) । प्रस्तुत उद्धृतांशमा रघु सहरिया फेसनले कसिकसाउ बन्नुले उसमा आएको परिवर्तनलाई देखाइएको छ । उपन्यासमा मधुको यौवन र सौन्दर्य तथा रघुको कसिकसाउ सहरिया फेसनले समाजलाई प्रभावित तुल्याएको देखिन्छ ।

*पञ्चायत* उपन्यासमा नयाँ साहुको छोरोले समाजमा देखाएको व्यवहार प्रकट भएको छ । चञ्चलले घरमा धेरै श्रीमती ल्याएर जारी मिलाउनु पर्दा थुप्रै घाटा भएको अभिव्यक्ति यसरी आएको छ- "नयाँ साहूले आफ्नो छोराको जारी मिलाउन थुप्रै रूपियाको घाटा सहन पऱ्यो, यसरी धनको बरबाद परेको उनको यो पहिलो पटक थियो" (२३) । प्रस्तुत उद्धृतांशमा वस्तुको लोभ देखाएर चञ्चलले घरमा धेरै श्रीमती जम्मा गरेको देखाइएको छ । जसका कारण जारी तिर्दा थुप्रै आर्थिक घाटा व्यहोर्नु परेको पारिवारिक समस्या प्रकट भएको छ । यस्तैगरी उपन्यासमा मानिसका जीवनशैलीगत समस्यामा पर्यावरणसँग जोडिएका छन् । उपन्यासमा पण्डित हरिहरले भाइबुहारी सान्नानीलाई विदेशमा कमाएको धन लुकाएको विषयमा पञ्चायतमा मुद्दा दिँदा समाजका मानिस एकमुख भएर हरिहरकै पक्षमा फैसला सुनाएर सान्नानी र मधुलाई अनाहकमा दुःख दिएर घरनिकाला गरिनुमा सामाजिक पर्यावरणगत सम्बन्ध देखिन्छ । प्रस्तुत उपन्यासमा घरनिकाला भएकी सान्नानीका जीवनमा आर्थिक सङ्कट आउँदा गाउँका मानिसको पाखोपखेरो कमाएर जीवनशैली चलाउँदाको चित्रण यसरी आएको छ- "के गर्नु पेटपुजाको काम दिनहौं नचलाई सुख पाइएन, पञ्चायतको इन्साफ तेस्तै भयो, लाज मानेर काम चलेन" (२६) । यस उद्धृतांशमा घरबाट निकालिएकी सान्नानीले अरूको पाखोपखेरो कमाएर जीवनशैली चलाएको दयनीय स्थितिलाई देखाइएको छ । उपन्यासमा परिवारबाट अंशभाग नपाउँदा सान्नानी एकान्त ठाउँमा स्याउलाको छाप्रोमा बस्न विवश हुनुमा सामाजिक पर्यावरणगत सम्बन्ध देखिन्छ ।

*पञ्चायत* उपन्यासमा रोगको महामारीबाट उत्पन्न सामाजिक समस्या प्रकट भएको छ । उपन्यासमा गाउँमा हैजा फैलिँदा सामूहिक स्वास्थ्य समस्या उत्पन्न भएको छ । उपन्यासमा हैजाको चपेटाको चित्रण यसरी गरिएको छ- “हिजो पण्डितका लोग्ने स्वास्नी चारै घण्टको फेर परेर हैजाले मरे, उनीहरूलाई घाटमा लगिदिने कोही निस्केन” (७३) । यस उद्धृतांशमा गाउँमा हैजा फैलिँदा सबै मानिस चपेटामा परेको देखाइएको छ । उपन्यासमा समाजका मानिस बलेको आगो ताप्न प्रवृत्त हुनु, चैतीका कारण मधु र रघुको मिलन हुन नसक्नु, चैतीले रूप परिवर्तन गर्नु र श्रीमानलाई योगीको भेष पहिरन लगाई बाँच्ने आधार सिर्जना गर्नुमा अन्तःसम्बन्ध प्रकट हुन्छ । उपन्यासमा प्रयुक्त पर्यावरणले पात्रका बाह्य र आन्तरिक पक्षमा गहिरो प्रभाव छोडेको पाइन्छ । यसर्थ प्रजाति र पर्यावरणका बिचको अन्तःसम्बन्धका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

### ५.३.४ *समयको हुरी* उपन्यासमा प्रजाति र पर्यावरणगत अन्तःसम्बन्ध

मोहनबहादुर मल्लको *समयको हुरी* (२०१५) उपन्यासमा प्रभाकर, न्यूजी, धनमती, विद्यामती, पद्‌मी, ज्ञानी, लक्ष्मीधरजस्ता बाह्य रूपाकृतिगत र आन्तरिक मनोभावनागत सामूहिक विशेषता बहन गरेका पात्र प्रजातिका रूपमा आएका छन् । यसरीनै उपन्यासमा पाल्पा जिल्लाअन्तर्गत आसपासको स्थानगत प्राकृतिक वर्णनका साथै सामाजिक जीवनशैली पर्यावरणका रूपमा आएका छन् । उपन्यासमा प्रजातिगत वैशिष्ट्य र मानसिकता तथा प्राकृतिक र सामाजिक पर्यावरणका बिचमा गहिरो सम्बन्ध देखिन्छ । उपन्यासमा प्राकृतिक पर्यावरण र सामाजिक संरचनाका क्षणिक घटना आएका छन् । प्रकृतिसँग जोडिएका क्षणिक घटना विपत्तिहरू, खराब मौसम र गरिबीले समाजमा निराशा र अशान्तिको भावना पैदा गरेको छ । प्राकृतिक समस्याहरूले निम्न वर्गका मानिसलाई थप दुःखको सिकार बन्छ र उच्च वर्गका मानिस सम्पत्तिको उपयोग गरेर सुरक्षित रहन्छन् । प्राकृतिक समस्याहरूले समाजमा निम्न वर्ग र उच्च वर्गबिचको अन्तरलाई गहिरो बनाएको छ । प्रस्तुत उपन्यासमा प्रजातिगत पात्रको मानसिकताले कार्यकलापलाई प्रभावित पारेको छ । उपन्यासका पात्रहरू विशेष गरी महिला पात्रहरू परम्परागत समाजका नियम र प्रत्यक्ष रूपमा उनीहरूमाथि गरिने अन्याय र विभेदसँग जुध्न बाध्य छन् । उपन्यासमा प्रयुक्त सामाजिक पर्यावरणले पात्रको सोचमा परिवर्तन ल्याएको छ । प्रस्तुत उपन्यासमा पारिवारिक दबाब, सामाजिक प्रतिकूलता र परम्परागत नियमहरूको कारणले उनीहरूको व्यवहार र भावना प्रभावित

भएको देखिन्छ । उपन्यासमा धन र विद्या बिचमा भएको संवादबाट समाजमा आर्थिक र सामाजिक असमानता रहेको स्पष्ट हुन्छ । विद्याले लक्ष्मीधरलाई लुटेराको उपमा दिँदा धनको असहमतिमा रहेको देखिन्छ । यसले समाजमा विद्यमान भ्रष्टाचार र सामाजिक अत्याचारको सङ्केत गर्दछ । विद्याले आफ्नो जीवन र भविष्यलाई सुधार्ने प्रयास गर्दा सामाजिक संरचना बाधक बनेको छ । प्रभाकरलाई आर्थिक समस्याले मानसिक तनाव उत्पन्न गरी गोरखपुर फर्कन बाध्य बनाउँछ । विद्याको पत्रलेखन र त्यसको प्रत्युत्तरले परिवारका बिचको भावनात्मक सम्बन्धलाई प्रकट गरेको छ । यसले समाजमा पारिवारिक एकता र समर्थनको महत्त्वलाई देखाएको छ । उपन्यासमा शिक्षा साक्षरताको माध्यम मात्र नभई सामाजिक परिवर्तनको वाहक मानिएको छ । विद्याले शिक्षा प्राप्त गर्नका लागि सङ्घर्ष गर्नु तर माताले अवरोध सिर्जना गरेको देखिन्छ । यसले समाजमा नारीको अधिकार र शिक्षामा पहुँचको आवश्यकतालाई प्रकट गरेको छ ।

*समयको हुरी* उपन्यासमा प्रभाकर छोराको भूमिका निर्वाह गरी सम्पत्तिसमेत उपभोग गर्ने गरी कान्छो बाबुको घरमा बस्नु, ज्ञानीका आमाछोरीबाट तिरस्कार भोग्नु, कान्छो बाबुले गोरखपुरमा पढ्न पठाउनु र कान्छो बाबुको मृत्युको खवर नपाउँदा किरिया गर्न नपाउनुमा आर्थिक पर्यावरण देखिन्छ । उपन्यासमा छोरोको रूपमा पालिएको प्रभाकर घर आउँदा एकरात बास नपाएर बाहिर रात बिताएर घर न घाटको बनी मनमा आघात बोकेर गोरखपुर फर्कन बाद्य गराउने ज्ञानीका आमाछोरीको क्रियाकलाप यसरी प्रस्तुत भएको छ- "उनी ज्यादै चिन्तित बने, दौडादौड गरेर घरमा गए तर उनलाई उहाँ न बस्ने ठाउँ मिल्यो न खाने, उनको कोठामा याँमानको भोटेताल्चा मारिएको छ, घरका जहान कोही पनि उनको अगाडि पर्दैनन्, परे पनि बोल्दैनन्, उनले बाहिरै घरको बलेसिमा टुक्रुक्क बसेर रात बिताए" (१९) । यस उद्धृतांशमा पिताको मृत्युपछि ज्ञानीका आमाछोरीले प्रभाकर घर आउँदा एकरात बास पनि नदिएर बाहिर रात बिताउन परेको देखाइएको छ । प्रस्तुत उपन्यासमा कान्छो बाबुको मृत्यु भएपछि ज्ञानीका आमा-छोरीको क्रियाकलापबाट प्रभाकरमा आर्थिक समस्या उत्पन्न भई जीवन लथालिङ्ग भएको चित्रण यसरी आएको छ- "हिजो बिहान खसौलीमा आएदेखि यता मुखमा केही पनि हालेका थिएनन्, बेलुका त्यस्तै भयो, बिहान भयो खाऊँ साथमा फुटेको कौडी थिएन" (२०) । प्रस्तुत उद्धृतांशमा कान्छो बाबुको मृत्युपछि प्रभाकरमा उत्पन्न आर्थिक समस्या प्रकट गरिएको छ । यसरी आर्थिक परिवेशले औपन्यासिक पात्रमा गहिरो प्रभाव पारेको देखिन्छ । यसले पात्रलाई

जीवनका बारेमा सोच्न भूमिका खेलेको छ । यसले प्रजाति र पर्यावरणका बिचमा अन्तःसम्बन्धलाई प्रकट गरेको पाइन्छ ।

*समयको हुरी* उपन्यासमा विद्याले भैरहवामा रहेका आफ्ना बाबुलाई घरको समाचार दिएर लेखेको पत्र र उक्त पत्रको बाबुले छोरीलाई लेखेको प्रत्युत्तर यसरी आएको छ- "किन हामीलाई यसरी माया मार्नु भयो ? न यहाँ आउनुहुन्छ ...अनुभव र अभ्यास गर्न राम्रो होला जस्तो लाग्छ ... विद्या तिमीले लेखेको पत्र पाउँदा मलाई ज्यादै खुशी लाग्यो...माताजीको विषयमा मेरो भन्नुपर्ने केही छैन, स्वभाव इश्वरीय देन हो यसलाई अदल-बदल पार्ने शक्ति मनुष्यशक्तिदेखि बाहिरको छ, आज यत्ति !" (२३-२४) । प्रस्तुत उद्धृतांशमा विद्याका बाबु घरमा नआउँदा स्थिति बिग्रदै गएको र आमाको विचारमा खिया लागेको त्यसलाई बदल्ने शक्ति आफुमा नरहेको देखाइएको छ । उपन्यासमा बाबुछोरीका बिचमा भएको चिठी आदानप्रदानबाट सामाजिक तथा पारिवारिक क्रियाकलाप अवगत गराउनुमा प्रजातिगत अन्तःसम्बन्ध व्यक्त भएको छ । उपन्यासमा न्यूजीको पोसाक कोट, पत्लुङ, कमिज, चश्मा, हातको घडी, कलमजस्ता पहिरन दार्जलिङ्गको समाजसँग सम्बन्धित रहनुमा अन्तर्देशीय प्रजातिगत अन्तःसम्बन्ध आएको छ । उपन्यासमा तत्कालीन समाजका मानिस र पत्रकारका मनोवृत्ति झल्किने गरी नेपाली विद्याश्रम तथा पद्मी र न्यूजीका बारेमा प्रसारित समाचार र प्रतिवादमा प्रजातिगत अन्तःसम्बन्ध आएको छ । उपन्यासमा सालनालसहित बाटोमा भेटिएकी पद्मीलाई पालनपोषण गर्न नसक्ने भएर हलीले लगी धनमतीको घरमा पालिएकी र सार्की थरको मानिसले भेटेकै आधारमा सर्किनी थर रहनु तथा नेपाली विद्याश्रम प्रवेशमा निषेध गर्नुमा जातीय विभेदको परिवेशलाई देखाएको छ । उपन्यासमा वीरे सार्कीको छोरोले बाटोमा अपहरण गरी लैजान खोज्दा विद्याले विरोध जनाउनु तथा न्यूजीले रोक्दा नेपाली विद्याश्रम प्रेमाश्रममा परिणत शीर्षकमा न्यूजी र पद्मीको बदनाम गर्ने नियतले पत्रिकामा समाचार छापिनु परिवेशकै परिणाम हो । उपन्यासमा यसलाई यसरी प्रस्तुत गरिएको छ- "तानसेन नेपाली विद्याश्रमका न्यूजी नामक मास्टरले स्कूलका छात्रछात्राहरूको सामुन्नेमा कुनै एक प्रेमपत्र लिएर आएकी पद्मी नामक अछूत युवतीलाई बलजफत अङ्कमाल गर्ने र गालाको चुम्बनसमेत लिए भन्ने एक प्रत्यक्ष दर्शकको भनाइ छ" (५९) । यस उद्धृतांशमा पद्मीलाई अपहरणबाट जोगाउँदा न्यूजीको बदनाम गर्ने नियतले पत्रिकामा समाचार छापिएको देखाइएको छ । प्रस्तुत उपन्यासमा यस्ता गलत प्रचारले पद्मीका मनमा आघात परी समाजमा बाँच्न मुस्किल हुनु तथा नेपाली विद्याश्रममा शिक्षा दिने न्यूजीको जीवनमा

नैतिक सङ्कट उत्पन्न गरेको छ । उपन्यासमा यसको परिणाम समाजले अछुत मानेकी पद्मीसँग न्यूजीले विवाह गर्ने सोच बनाउनु क्रान्तिकारी कदम देखिन्छ ।

*समयको हुरी* उपन्यासमा विद्याले भैरहवामा रहेका बाबुलाई लेखेका पत्र र बाबुले छोरीलाई लेखेका प्रत्युत्तरपत्र, विद्याश्रमका विषयमा छापिएका समाचार अनि प्रत्युत्तरमा प्रजातिगत अन्तःसम्बन्ध प्रस्तुत भएको पाइन्छ । उपन्यासमा विद्याले नारीका विषयमा र आफ्ना विषयमा बाबुलाई लेखेको पत्रको व्यहोरा यसरी प्रकट भएको छ- “पिताजी ! मलाई किन आफूसँग राख्न मनाही गर्नुहुन्छ ? किन मलाई त्यहाँ आउन ...परालको आगोले खरानी बन्न नपावस्, यो बखत पिताजीले यहाँ घरमा पदार्पण गर्न ज्यादै जररूत छ” (९९-१०१) । यस उद्धृतांशमा विद्याले नारीका विषयमा र आफ्ना विषयमा बाबुलाई लेखेको पत्रात्मक अभिव्यक्तिलाई देखाइएको छ । यसले प्रजातिगत अन्तःसम्बन्धलाई झल्काएको पाइन्छ । प्रस्तुत उपन्यासमा विद्याका बाबु पाल्पा आउन नमान्ने र आमा भैरहवा जान नमान्ने अवस्थामा विद्याले बाबुलाई लेखेको पत्रात्मक व्यहोरा यसरी आएको छ- “पिताजी ! मैले पहिले नै आमा दिदीको बारेमा सूचित गरेर एक पत्र पठाएकी हुँ, आज पनि त्यसै बारेमा लेख्दैछु, आज तीन दिन भैसक्यो, ...पिताजीको मनसाय के छ, औं ज्यादै जरूरत छ एक पटक, म धेरै निवेदन के गरूँ ...छोरी तिम्रो अघिल्लो र पछिल्लो पत्र प्राप्त भयो ...घरको खबर दिँदै गरे” (१४९) । प्रस्तुत उद्धृतांशमा विद्याका बाबु पाल्पा आउन नमान्ने र आमा भैरहवा जान नमान्ने अवस्थालाई देखाइएको छ । यसले प्रजाति र पर्यावरणगत अन्तःसम्बन्ध प्रकट गरेको छ ।

*समयको हुरी* उपन्यासमा सार्कीबाट अपहरणमा पर्दा न्यूजीले अपहरणबाट मुक्त गरेकी पद्मीलाई समाजका अगाडि अनुहार देखाउन समस्यामा हुँदा रानीघाटमा फाल हालेर आत्महत्या गर्नुमा पर्यावरणगत अन्तःसम्बन्ध आएको छ । उपन्यासमा पद्मीले सामाजिक समस्याका कारण रानीघाटमा फाल हालेर आत्महत्या गरेको समाचारमूलक सन्देश यसरी आएको छ- “नवयुवती गंडकीको गोदमा बिलिन ...सुन्दरी युवती रानी घाटको पुरानो दर्बार छेउ कालीको किनारमा एकलै बसेको ...माझीहरूले पारी तर्ने हो ?, ...डुङ्गा बिच नदीमा पुगेको बखत ती सुन्दरी ... नदीमा हाम्फालिछन्, यो कुरो डुङ्गामा चढेका धेरैले देखे, एउटा पाको माझीले उनलाई चिनेको पनि रहेछ, ....” (२०८) । यस उद्धृतांशमा त्यसबेलाको सामाजिक समस्याका कारण पद्मीले रानीघाटमा फाल हालेर

आत्महत्या गरेको देखाइएको छ । उपन्यासमा प्रयुक्त पर्यावरणको प्रभावले पद्मी पात्रको जीवनलीलानै समाप्त भएको छ । यसर्थ प्रस्तुत उपन्यासमा प्रजाति र पर्यावरणका बिच स्पष्ट अन्तःसम्बन्ध देखिन्छ ।

### ५.३.५ *भुमरी* उपन्यासमा प्रजाति र पर्यावरणगत अन्तःसम्बन्ध

मोहनबहादुर मल्लको *भुमरी* (२०१६) उपन्यासमा किरण, कुमारी आमा, गङ्गा, जमुना, ठुल्नानी, चिपिरे, झ्यापीजस्ता बाह्य रूपाकृतिगत र आन्तरिक मनोभावनागत सामूहिक विशेषता बहन गर्ने पात्र प्रजातिका रूपमा आएका छन् । यसमा काठमाडौँअन्तर्गत आसपासका स्थानगत प्राकृतिक चित्रण आएको पाइन्छ । उपन्यासमा सहरिया मानिसको आचरण, नारीपात्रका मनोदशागत र सामाजिक जीवनशैली पर्यावरणका रूपमा प्रकट भएका छन् । उपन्यासमा प्रजातिगत वैशिष्ट्य र मानसिकता तथा प्राकृतिक र सामाजिक पर्यावरणका बिचमा गहिरो सम्बन्ध देखिन्छ । उपन्यासमा जमुनाले गङ्गालाई विधवाका रूपमा हेर्दै परपुरूषतिर ध्यान दिन नहुने सामाजिक मान्यता प्रकट गरेको पाइन्छ । यसमा सामाजिक मूल्य र प्रथा प्रस्तुत भएको छ । उपन्यासमा किरणकी आमाले सन्तानप्रति जिम्मेवारी र कर्तव्य सामाजिक कारणले पूरा गर्न नसक्दा गुनासो प्रकट गर्नु तथा आमा पात्र छोरी जमुनाको विवाह नहुँदा र गङ्गाको विधवापन देख्दा दुःखी बन्नुमा प्रजातिमा पर्यावरणले प्रभाव पारेको देखिन्छ । यस्तैगरी उपन्यासमा बाढी, सूखा तथा अन्य प्राकृतिक विपदहरूले मानवीय जीवनयापनमा प्रत्यक्ष असर पार्दा पात्रमा आर्थिक तथा मानसिक क्षति पुगेको छ । यसले पात्रको आन्तरिक तथा बाह्य अवस्थामा प्रभाव पारेको देखिन्छ ।

*भुमरी* उपन्यासका पात्र गङ्गा र जमुना समान उमेरका दुई दिदीबहिनी हुन् । उपन्यासमा सानो उमेरमा विधवा बनेकी गङ्गाले परपुरूष किरणप्रति हेर्न नहुने सामाजिक विचार व्यक्त भएको छ । यसै सम्बन्धमा गङ्गाकी बहिनी जमुनाको विचार यसरी प्रकट "धत् ! परपुरूषलाई यसरी विधवा भएर" (१) भएको छ । यस उद्धृतांशमा विधवा गङ्गाले किरणप्रति नजर लाउन नहुने बहिनी जमुनाको विचारलाई देखाइएको छ । उपन्यासमा जमुनाको गङ्गाप्रति लक्षित अभिव्यक्तिमा विधवाका आचरण समाजबाट निर्मित भएको देखिन्छ । उपन्यासमा नेपाली समाजका विधवाले नाडीमा चुरा लगाउन नहुने, रातो कपडा शरीरमा लगाउन नहुने, शृङ्गारका वस्तु प्रयोग गर्न नहुने सामाजिक मान्यता लक्षित अभिव्यक्ति यसरी प्रकट भएको छ- "तपाईंले हिजो मात्र आमा र उहाँका साथीहरूले दिएको

अर्ती बिर्सनुभयो ? मन निर्मल पार्नू, रामकृष्णमा भक्ति र प्रेम गर्नू, मनमा सदा वैराग्य धारण गर्नू, पर-पुरूषतिर पटक्कै दृष्टि नदिनू, रंगीचंगी रसरंगतिरबाट तर्कनू, के यो सब आजै पोलेर खानुभयो ?" (२) । प्रस्तुत उद्धृतांशमा नेपाली समाजका विधवाले नाडीमा चुरा, पोते, सिन्दुर, रातो कपडा तथा शृङ्गारका वस्तु प्रयोग गर्न नहुने चिन्तनलाई देखाइएको छ । प्रस्तुत उपन्यासमा समाजका सधवा महिलाले विधवा महिलालाई सदाचारका नियम सिकाउने नेपाली प्रचलन प्रकट भएको देखिन्छ । उपन्यासमा विधवा भएर परपुरूष किरणलाई गङ्गाले घरको झ्यालबाट हेर्ने गरेको अभिव्यक्ति यसरी आएको छ- "किरण बाहिर निस्कन्थे या कतैबाट आएर घरभित्र पस्थे त्यो बेला गंगा आफ्नो कोठाको आँखेझ्यालबाट उता हेर्न भुल्दैनथिन्" (४) । प्रस्तुत उद्धृतांशमा विधवा गङ्गामा किरणप्रतिको आशक्तिलाई देखाइएको छ । उपन्यासमा किरणकी आमा अफिम सेवन गरी रातको समयमा सडकमा हिंड्दा अपहरणमा परी सामूहिक बलात्कारबाट बचाएको विक्रमसिंहले चौतारीमा कुमारीत्व हरण गर्दा गर्भमा किरण बस्नुले अविवाहित कन्याको जीवन समस्याग्रस्त बनेको छ । प्रस्तुत उपन्यासमा बलात्कारका कारण कुमारी आमाबाट जन्मेको हुँदा किरणले बाबु र आमालाई चिन्न नपाउँदा दुबैको जीवन समस्याग्रस्त बनेको देखिन्छ ।

*भुमरी* उपन्यासमा आमा र बाबुको ठेगान नभएको र भौतिक सुविधामा धाईका काखमा हुर्केको किरणले आमाको चिठीका माध्यमबाट जीवन अवगत गरेको सन्दर्भले प्रजाति र पर्यावरणगत अन्तःसम्बन्धलाई दर्साएको छ । उपन्यासमा किरणकी आमाले किरणलाई लेखेको पत्रको व्यहोरा यसरी प्रकट भएको छ- "मैले आजसम्म तिमीलाई तिम्रो पितासँग भेट गराउन सकिनँ, न तिमीलाई नै तिम्रो पिताको परिचय दिन सकें, यसका कारण धेरै छन् ...आफ्नो पितालाई खुशी पार्ने काममा तिमी पछि नहट्नू यो पनि मेरो तिमीलाई सल्लाह छ" (५-६) । यस उद्धृतांशमा आमाले किरणलाई पितासँग भेट गराएर परिचय दिन नसक्नुका कारण तत्कालीन समाज बाधक रहनुका साथै पितालाई खुशी पार्ने सल्लाह दिइएको छ । उपन्यासमा आमाको पितासँग अन्तिम पटकको दर्शन गर्न किरणलाई शोभाभगवतीमा जान आग्रह गरेको पत्रात्मक अभिव्यक्ति जसले जन्म दियो आमा उनै हुन् र बाबु आमाका अधीनमा रहने हुँदा चिनाउने दायित्त्व आमाको भएको सन्दर्भमा प्रजातिगत अन्तःसम्बन्ध झल्किएको छ । उपन्यासमा सन्तानप्रति कर्तव्य निर्वाह गर्न नसकेको विषयगत सन्दर्भमा किरणकी आमाले दिएको अभिव्यक्ति यसरी आएको छ- "आफ्नो छोरा छोरीको प्रति माताको जो कर्तव्य हुन्छ, सो मैले पालन गर्न सकेकी छैन" (८) । यस उद्धृतांशमा

सन्तानप्रति अभिभावकीय कर्तव्य निर्वाह हुन नसकेको सन्दर्भलाई देखाइएको छ । उपन्यासमा व्रतबन्ध नभएको छोरो किरणलाई बाबुको संस्कारअनुरूप ठाडो क्रिया गर्न आमाले खर्च पठाएको सन्दर्भ यसरी प्रकट "आजैदेखि तिमीले ठाडो क्रिया गर्न शुरू गर्नुपर्छ किनकि तिम्रो व्रतबन्ध भएको छैन" (८-९) भएको छ । यस उद्धृतांशमा आमाले किरणलाई बाबुको अन्तिम संस्कार गर्न खर्च पठाएको देखाइएको छ । प्रस्तुत उपन्यासमा किरणकी आमालाई घरको अगाडि रहेको पाटीमा विक्रमसिंहले बलात्कार गरेको अनैतिक क्रियाकलापलाई लुकाउन खोज्दा जीवनमा समस्या उत्पन्न भएको चित्रणमा प्रजाति र पर्यावरणगत अन्तःसम्बन्ध पाइन्छ ।

*भुमरी* उपन्यासमा अविवाहित अवस्थामा सामूहिक बलात्कार भएकी जमुनाकी आमाले विवाहका सन्दर्भ यसरी प्रकट भएको छ- "मेरी कान्छी छोरीको बिहा गर्न नसक्नाले मनमा भुटो भएको छ, त्यस्तो कुनै घर वर तपाईंलाई थाहा थियो कि ? ... बग्गी चढ्न पल्केका छन् रे यहाँका त, यो कुरो जहाँतहीं गनाएको छ, ...जमुना, एकसुरसँग बसेको मान्छेलाई आगोको फिलिंगोले पोल्दा जसरी झस्कन्छ झस्किन् ...कान दिन लागिन्" (४०) । प्रस्तुत उद्धृतांशमा अविवाहित छोरी जमुनाको विवाहको विषयमा आमाको अभिव्यक्तिलाई देखाइएको छ । उपन्यासमा बग्गी चढ्न पल्केका छन् भन्ने अभिव्यक्तिमा समाजमा जमुनाको सामूहिक बलात्कार भएको घटना जोडिएको देखिन्छ । प्रस्तुत उपन्यासमा छोरी मागेर विवाह गर्नुपर्ने समयमा छोरीको विवाह हुन नसक्नु र विवाह भएकी गङ्गा विधवा बन्नुले आमालाई सामाजिक समस्यालाई यसरी प्रकट "कस्ता अभागिनी छोरीहरू घरमा जन्म लिन आएछन्, यौटीले पोइ खप्लक्क टोक्नु, अर्कीलाई पोइ पाइँदै नपाइनु" (४१) गरिएको छ । यस उद्धृतांशमा अविवाहित छोरीको विवाह नहुनु तथा विवाहित छोरी विधवा बन्नुले आमामा समस्या उत्पन्न भएको छ । उपन्यासमा किरणको राजनीतिक क्रियाकलापको  निगरानीमा राज्यले गुप्तचर छाड्नु तथा आमाबाबुको पहिचान नहुँदाबाट उत्पन्न पीडामा पर्यावरणगत अन्तःसम्बन्ध झल्किएको छ । उपन्यासमा कुमारी कन्यामाथि भएको अन्याय समाजका अगाडि नभनी किरण र हजुरआमालाई मात्र भन्दा आमामा सामाजिक नैतिक समस्या उत्पन्न हुनु र किरणकी आमाले आफूलाई शङ्का लागेको मानिसका बारेमा लेखेको पत्रात्मक अभिव्यक्ति यसरी व्यक्त "ती सज्जनले असज्जन काम गरेछन् ... आफ्नो कुल इज्जत धर्मको निमित्त उनले बिषपान गरून् ?" (५९) गरिएको छ । यस उद्धृतांशमा कुमारी कन्यामाथि भएको अन्यायलाई सामाजिक तथा नैतिक समस्याका कारण ढाकछोप

गर्ने किरणकी आमाको मानसिकतालाई देखाइएको छ । उपन्यासमा प्रयुक्त परिवेशले पात्रमा सकरात्मक तथा नकरात्मक प्रभाव पारेको छ । यसर्थ प्रजाति र पर्यावरणका बिचको अन्तःसम्बन्धका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

### ५.३.६ *बहादुर नजर* उपन्यासमा प्रजाति र पर्यावरणगत अन्तःसम्बन्ध

मोहनबहादुर मल्लको *बहादुर नजर* (२०३६) उपन्यासमा बहादुर शाह, नजर, चतुरजस्ता बाह्य रूपाकृतिगत र आन्तरिक मनोभावनागत सामूहिक विशेषता बहन गर्ने पात्र प्रजातिका रूपमा प्रयोग भएका छन् । यसमा नेपालको पूर्वमा टिष्टा र पश्चिममा गण्डकी तथा त्यसका आसपासका पाल्पा, तनहुँ, लमजुङ, बेतीयाजस्ता स्थानगत वर्णन र सामाजिक जीवनशैली पर्यावरणका रूपमा आएका छन् । उपन्यासमा प्रजातिगत वैशिष्ट्य र मानसिकता तथा प्राकृतिक र सामाजिक पर्यावरणका बिचमा गहिरो सम्बन्ध रहेको देखिन्छ । प्रस्तुत उपन्यासमा प्रजातिको स्थान र समयसँग सम्बन्ध रहेको पाइन्छ । उपन्यासमा वर्णित प्रमुख पात्र बहादुर शाह र उनका समकालीन नेपाली समाजका जाति र वर्गका प्रतिनिधि हुन् । उपन्यासमा बहादुर शाहको स्थिति र रानी नजरको सती अवस्थाले मानवअधिकारलाई सङ्केत गर्दछ । उपन्यासमा नेपाली संस्कृतिका अभिन्न भाग गण्डकीको सतीघाट र देवीघाटको चित्रण आएको छ । उपन्यासमा प्रस्तुत स्थानलाई सामाजिक र धार्मिक स्थलको रूपमा चिनाइएको छ । यहाँको प्राकृतिक परिवेशले बहादुरको अनुभव र भावनामा महत्त्वपूर्ण प्रभाव पारेको छ । यसमा बहादुरप्रति भएको अन्याय र भेदभाव प्रकट गरिएको छ । उपन्यासमा पोखराको रमणीयता र त्यहाँको प्राकृतिक सौन्दर्य परिवेशका रूपमा आएका छन् । उपन्यासमा प्रयुक्त सामाजिक र प्राकृतिक पर्यावरणले पात्रको जीवनमा गहिरो प्रभाव पारेको छ । यसमा प्राकृतिक विपत्तिले बहादुरजस्ता पात्रलाई कठोर परिश्रम गर्न बाध्य बनाएको छ । उपन्यासमा पञ्चायतकालीन नियमको प्रभाव समाजमा परेको देखिन्छ ।

*बहादुर नजर* उपन्यासमा सामाजिक, आर्थिक तथा राजनीतिक समस्या पर्यावरणका रूपमा आएका छन् । उपन्यासमा बहादुर शाह दरबारबाट तनहुँ र लमजुङमा प्रवेशपछि सामान्य जीवनशैली अपनाउन बाद्य हुनुमा आर्थिक पर्यावरण देखिन्छ । प्रस्तुत उपन्यासमा बहादुर शाह चतुरसहित पाल्पा प्रवेश गर्दा नजरले सहयोग गरेको पाइन्छ । उपन्यासमा चतुरले रूपालाई गहना उपहार दिएको, बहादुरलाई नजरले उपहार दिएको र गाउँका मानिसले बहादुरलाई उपहार दिएको सामाजिक परिवेश प्रकट भएको छ । यस्तैगरी बहादुर

शाहलाई बेतियामा नजरले चाँदीका मोहोर दिएर सहयोग गरेको यसरी व्यक्त "देशनिकाला भएको, साथमा काने कौडी नभएको" (३३) गरिएको छ । प्रस्तुत उद्धृतांशमा आर्थिक अभावका कारण बहादुर शाहलाई नजरले चाँदीका मोहोर दिएको देखाइएको छ । उपन्यासमा दरबारका मानिस आर्थिक अभावका कारण साधारण जीवन व्यतीत गर्नु, बहादुर शाह पाल्पामा रहँदा नजरले सहयोग गर्नुजस्ता सन्दर्भमा अन्तःसम्बन्ध प्रस्तुत भएको छ । उपन्यासमा नेपालको पश्चिमतिरका राज्य आक्रमणका समयमा बहादुर शाहमा देखिएको आर्थिक अभावगत चित्रणमा प्रजाति र पर्यावरणगत अन्तःसम्बन्ध देखिन्छ ।

*बहादुर नजर* बहादुर शाहको पोसाक, खानपान तथा जीवनशैली आर्थिक अभावका कारण साधारण रहेको पाइन्छ । उपन्यासमा बहादुर शाहले पुराण भन्ने पण्डितलाई मा आर्थिक अभावका कारण दक्षिणा दिन नसकेको चित्रण आएको छ । प्रस्तुत उपन्यासमा बहादुर शाहको आर्थिक अभावग्रस्त स्थितिको चित्रण यसरी गरिएको छ- "पैसाको के उपाय गर्ने हो, पैसा नमिलेर पुराण भन्ने पंडितलाई बिदाई गर्न पाइएको छैन, बेतियाका साहूहरूको रिन तिर्न पाइएको छैन, ...आजतक उनलाई पैसाको यति ठूलो हर्जा भएको थिएन, पैसा माग्न विदेशको ठाउँमा कहाँ जाउन्, उनलाई कसले पत्याउने ? बहादुरलाई पैसाले चिल्न लागेको छ, कुनै अभागीलाई कालो अरिंगालको बथानले चिले झैं" (४९) । यस उद्धृतांशमा नेपाल एकीकरण अभियानमा सक्रिय बहादुर शाहको आर्थिक अभावलाई प्रकट गरिएको छ । उपन्यासमा बहादुर शाहका जीवनमा आर्थिक समस्या उत्पन्न हुनु र आर्थिक विषयका कारणबाट ज्यान जानुमा सामाजिक कारणको प्रभाव देखिन्छ । उपन्यासमा आर्थिक सङ्कटमा गुज्रिदै नेपालएकीकरण अभियानमा सक्रिय भएका बहादुर शाहलाई राजा रणबहादुरले आर्थिक हिनामिनाको लाञ्छना लगाउँदा आत्मघात गरेको चित्रणमा पर्यावरणको प्रभाव परेको छ । प्रस्तुत उपन्यासमा बहादुर शाहको अन्त्य हुँदा नजर सती जानु र पारिवारिक समस्या उत्पन्न हुनुमा पर्यावरणकै प्रभाव देखिन्छ । उपन्यासमा एकीकरण अभियानको समयमा बहादुर शाहले राज्यको ढुकुटी हिनामिना गरेको आरोप लाग्नुमा अन्तःसम्बन्ध आएको छ । उपन्यासमा उनलाई खर्चको फाँटवारी पेस गर्न राजा रणबहादुरबाट जारी भएको आदेशात्मक अभिव्यक्ति यसरी प्रकट भएको छ- "माहिला काका तपाईंको पालामा भएको लडाइँ खर्चको फाँटवारी राम्रो देखिन्न नि ?" (१२५) । यस उद्धृतांशमा एकीकरण अभियानको समयमा बहादुर शाहले राज्यको ढुकुटी हिनामिना गरेको

देखाइएको छ । यसले तत्कालीन दरबारले झुटो लाञ्छना लगाएर देशभक्त मानिसको जीवनलीला समाप्त पारेको देखिन्छ ।

*बहादुर नजर* उपन्यासमा कास्की, लमजुङ र तनहुँले आफूलाई 'त्रिगुट' मानेको राजनीतिक सम्बन्धका साथै शिष्टमण्डल र बहादुर शाह तनहुँमा पुगेको आन्तरिक सम्बन्ध प्रकट भएको छ । उपन्यासमा चतुरले रूपाका माध्यमबाट दरबारको आन्तरिक व्यवस्थापन बुझेको, दरबारका खरखजाना, हतियार र बारूद राख्ने ठाउँको अनुगमन गरेको, चतुरको निर्देशनमा रूपाले ढिकीमा आगो लगाई दरबारको खरखजाना र हतियार नष्ट गर्नुमा अन्तःसम्बन्ध प्रस्तुत भएको छ । यसर्थ प्रजाति र पर्यावरणका बिचको अन्तःसम्बन्धका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

### ५.३.७ *जेली* उपन्यासमा प्रजाति र पर्यावरणगत अन्तःसम्बन्ध

मोहनबहादुर मल्लको *जेली* (२०३९) उपन्यासमा धनराज, मानराज, देवदास, दीनदास, लता, ललिता, गीताजस्ता बाह्य रूपाकृतिगत र आन्तरिक मनोभावनागत सामूहिक भावनाको बहन गर्ने पात्र प्रजातिको रूपमा प्रयोग भएका छन् । यसमा काठमाडौँ आसपासका शोभाभगवती, पशुपति, सडक, घाटजस्ता स्थानगत वर्णन र सामाजिक जीवनशैली पर्यावरणका रूपमा आएका छन् । उपन्यासमा प्रजातिगत वैशिष्ट्य र मानसिकता तथा प्राकृतिक र सामाजिक पर्यावरणका बिचमा गहिरो सम्बन्ध देखिन्छ । उपन्यासमा मानिस र प्रकृतिका बिचको अन्तर्सम्बन्धले पात्रको सोचमा प्रभाव पारेको छ । उपन्यासमा स्थानीय जडीबुटी, औषधिजन्य वनस्पति र जीवजन्तुको संरक्षणले समाजको स्वास्थ्यसम्बन्धी परिपाटीमा परिवर्तन ल्याएको छ । दीनदास र उसका साथीले जडीबुटीको प्रयोग गर्दा गाउँका वैद्यहरू चिन्तित हुन्छन् । यसले स्थानीय मान्यतामा गहिरो प्रभाव परी समाजमा परिवर्तन ल्याएको देखिन्छ ।

*जेली* उपन्यासमा दीनदासप्रति धनराजको अमानवीय व्यवहार प्रकट भएको छ । बाबुको कागजका आधारमा काममा बस्दा धनराज साहुले कागज च्यात्दै उसप्रति देखाएको हेलत्त्वपूर्ण अभिव्यक्ति यसरी प्रकट भएको छ- "पट्याएको यौटा कागत झिकेर दीनदासतिर बढाउँदै उनी फेरि बोले बाह्र वर्ष घरमा पालें, थाप् थाप् अब सक्दिन" (५) । प्रस्तुत उद्धृतांशमा दीनदासको बाबुले बिगारेको व्यवहार सच्चाउन काममा बस्दा धनराज साहुले

कागज च्यात्दै उसलाई गरेको अपमानलाई देखाइएको छ । यसले दासप्रथा समाजमा रहेको जनाउँछ । उपन्यासमा त्यस समाजका मानिसमा बहुविवाह गर्ने प्रचलन रहेको पाइन्छ । यसै प्रसङ्गमा उपन्यासमा मानराजले सालीलाई मनाउन सकेमा विवाह गर्न पाउने गरी ससुराको स्वीकृति पाएको जेलीपत्रको सन्दर्भ यसरी प्रकट "म ले ...लेखिदिन्छु स स ससुराज्यू न नरिसाउने ग गरेर" (१३) भएको छ । यस उद्धृतांशमा मानराजले सालीलाई मनाउन सकेमा विवाह गर्न पाउने गरी ससुराको स्वीकृतिलाई देखाइएको छ । उपन्यासमा जेठी छोरीबाट एक वर्षभित्र छोरो नभएमा सालीलाई मञ्जुर गराई विवाह गर्न पाउने विषयको जेलीपत्र मानराज आफैले तयार गर्नुमा यसको चातुर्यता प्रकट भएको छ । उपन्यासमा प्रयुक्त यस्त सन्दर्भमा प्रजाति र पर्यावरणगत अन्तःसम्बन्ध देखिन्छ ।

*जेली* उपन्यासमा विपन्न वर्गको जीवनशैली सामाजिक प्रकट भएको पाइन्छ । उपन्यासमा पात्रका जीवनशैली यसरी आएको छ- "बेश्याको दलाली गर्ने, मान्छेलाई मीत लगाएर टक्टकाउने, सर्पो बनेर पस्ने बाघ बनेर निस्कने" (३३) । प्रस्तुत उद्धृतांशमा त्यस समाजमा जीवनशैली सञ्चालनका सन्दर्भमा देखिएका सामाजिक समस्यालाई देखाइएको छ । उपन्यासमा जीवनशैली चलाउन समाजमा अवैध क्रियाकलाप सञ्चालन गर्दा देवदासका साथी प्रहरीबाट समातिनु तथा लुठेको नेतृत्व आर्थिक समस्यामा परेको देखिन्छ । प्रस्तुत उपन्यासमा लुठेको समुहले बाँच्न मलामीको खाजा लुट्नु, मानराजले सालीसँग विवाह गरी छोरो जन्माउन र ससुराको सम्पत्ति हात पार्न खोज्नु, यसमा सफल नहुँदा आर्थिक र नैतिक समस्यामा पर्नु तथा ललिता भिनाजुको गलत प्रवृत्तिबाट दिक्क मान्नुजस्ता घटनामा प्रजाति र पर्यावरणगत अन्तःसम्बन्ध आएको छ । उपन्यासमा नारीमाथि भएका अपमान र तिरस्कारबाट सिर्जित परिस्थितिका कारण बूढी बज्यैलाई साँचो दिँदा गीताले दिएको प्रस्तुति यस्तो रूपमा प्रकट भएको छ- "गीताले आफूलाई संचो नभएको बताएर बूढी बज्यैलाई आफ्नो बाकसको साँचो दिँदै यति भनिन्-बज्यै म बिरामी भएको खबर कसैलाई पनि नदिनुहोला" (६२) । यस उद्धृतांशमा त्यस समाजले नारीमाथि गरेका अपमान र तिरस्कारबाट सिर्जित परिस्थितिलाई व्यक्त गरिएको छ । उपन्यासमा विरामी भएको अवस्थामा बाकसको साँचो बूढीबज्यैलाई बुझाउँदा गीताले म मरें भने बाकसमा केही रूपियाँ छ अन्तिम संस्कार गर्दिन गरेको आग्रहमा अन्तःसम्बन्ध झल्किएको छ ।

*जेली* उपन्यासमा देवदासले पशुपति मन्दिर परिसरमा अवैध व्यवसाय सञ्चालन गर्नुमा पुर्खाको गुण सरेको देखिन्छ । उपन्यासमा देवदासले कतिलाई जुवाको खालमा पठाएर पैसा लुट्न लगाउने, कतिलाई साहुको धनमाल लुट्न लगाउने, कतिलाई पित्तलमा सुनको जलप लगाएर धितो राख्न लगाउने र कतिलाई घाटमा मानिसलाई लुट्न लगाउनेजस्ता कार्य त्यस समाजमा विद्यमान रहेको पाइन्छ । उपन्यासमा काठमाडौँबाट देवदासले गीतालाई पठाएको पत्र र विराटनगरबाट गीताले देवदासलाई पठाएको पत्र मालुम गर्दा भाइको सम्बन्ध विग्रन लागेको देखेर दाजु चिन्तित बनेको भाव प्रकट भएको छ । उपन्यासमा प्राकृतिक स्रोतको गहिरो प्रभाव पात्रमा पर्नु, दोधारे मानसिकता आउनु, दीनदास आर्थिक समस्यामा पर्नु, देवदासले पशुपति मन्दिर परिसरमा अवैध धन्दा चलाउनुजस्ता पात्रका कार्यमा प्रजातिमा पर्यावरणको गहिरो प्रभाव पाइन्छ । यसर्थ प्रस्तुत उपन्यासमा प्रजाति र पर्यावरणका बिच स्पष्ट अन्तःसम्बन्ध देखिन्छ ।

### ५.३.८ *रामछायाँ* उपन्यासमा प्रजाति र पर्यावरणगत अन्तःसम्बन्ध

मोहनबहादुर मल्लको *रामछायाँ* (२०६२) उपन्यासमा राजकुमार, राउटे र कुसुण्डाका मुखिया, मुखिनी, रामे, रती, लटीजस्ता बाह्य रूपाकृतिगत र आन्तरिक मनोभावनागत सामूहिक विशेषता बहन गर्ने पात्र प्रजातिका रूपमा प्रयोग भएका छन् । यसमा नेपालको पश्चिम सुर्खेत जिल्लाअन्तर्गत आसपास, सिञ्जाको प्राकृतिक वर्णनका साथै जङ्गलमा विचरण गर्ने राउटे र कुसुण्डाका सामाजिक जीवनशैली पर्यावरणका रूपमा आएका छन् । उपन्यासमा प्रजातिगत वैशिष्ट्य र मानसिकता तथा प्राकृतिक र सामाजिक पर्यावरणका बिचमा सम्बन्ध रहेको छ । प्राकृतिक पर्यावरणको सुन्दरता र चाडपर्वको सामूहिक अनुभवले मानवजीवनको खुश र दुःखलाई समेटेको हुन्छ । जब समाजमा परिवर्तन आउँछ, तब प्रजातिको संरचना र मानसिकतामा प्रभाव पर्दछ । ग्रामीण कठिनाइको सामना गर्दा पात्रमा नयाँ सोच उत्पन्न भई सामाजिक जीवनशैलीमा परिवर्तन आउँछ । उपन्यासमा प्राकृतिक सौन्दर्यको वर्णनमा पहाड, नदी र वन्यजीवनमा डुबाएर पात्रहरूको मनोभाव र मानसिक अवस्थामा परेको प्रभावलाई प्रकट गरिएको छ । प्रस्तुत उपन्यासमा पहाडको हरियाली, नदीको शान्त प्रवाह र वातावरणको सौन्दर्यले पात्रहरूको मनोभावमा परेको प्रभावलाई देखाइएको छ । उपन्यासमा प्रकृतिमा आएको सन्ध्याकालीन परिवर्तनले मानिसमा भ्रम सिर्जना भई भालु भनेर मानुषमाथि वाण छोड्नुले सामाजिक जीवनशैलीमा असर पुगेको छ । यस उपन्यासमा

यसै सन्दर्भलाई लिएर मदौरू र रामेबिच भएको अभिव्यक्ति यसरी व्यक्त भएको छ- “हाम्रा सिकारीले मानुषमाथि वाण छोडेछन्” (४) । प्रस्तुत उद्धृतांशमा प्रजातिमाथि पर्यावरणको नकरात्मक प्रभाव परेको देखाइएको छ । प्रकृतिका कारण मानिसबाट भ्रमपूर्ण काम हुँदा समाजमा संकट उत्पन्न भएका छन् । यसले मानवीय प्रवृत्ति र प्रकृतिका बिचको सम्बन्धलाई प्रकट गरेको छ । यसबाट प्राकृतिक र सामाजिक पर्यावरणका बिचको सम्बन्धले सामाजिक जीवनशैलीमा महत्वपूर्ण प्रभाव पार्ने स्पष्ट हुन्छ । उपन्यासमा प्राकृतिक सौन्दर्य र मानवका बिचको सम्बन्धमा पात्रले आफूलाई प्रकृतिको एक भाग र आफ्नो अस्तित्वको महत्त्व प्रकट गर्नुले भावनामा गहिरो प्रभाव पारेको देखिन्छ ।

*रामछायाँ* उपन्यासमा सुर्खेत आसपासको जङ्गलको समाजमा बस्ने मानिसका सामाजिक समस्यामा पर्यावरणसँग जोडिएर प्रस्तुत भएका छन् । यसमा समाजका समूहमा मनमुटाव हुँदा उत्पन्न समस्यालाई यसरी प्रस्तुत गरिएको छ- “महाराज, मानुषहरूले उत्पात मच्चाउन लागे, यिनीसँग लडेर सकिँदैन, यिनलाई जिस्काउन हुँदैन” (११) । प्रस्तुत उद्धृतांशमा समाजमा अज्ञानतावश भएको कमजोरीमा समुह नै प्रतिकारमा उत्रिनुले प्रजातिमा रहेको एकतालाई देखाइएको छ । जसको कारण सामाजिक जीवनमा समस्या उत्पन्न भई प्रजातिमा थप सोंचको विकास भएको देखिन्छ । उपन्यासमा सिञ्जा राज्यको मान र आर्थिक अवस्था सबल भएको अभिव्यक्ति यसरी आएको छ- “राजा साहेब, सिञ्जापतिलाई भोटले मान्दछ, मदेशले मान्दछ, कुमाउले मान्दछ, भर्खर हामी नेपाल मदेश भएर आयौं, हाम्रा राजा देख्दा सब थरहरी पर्दछन्, हाम्रो लस्कर देख्दा सब जिब्रो काड्छन्” (१४) । प्रस्तुत उद्धृतांशमा सिञ्जापतिमा रहेको शक्तिलाई चारैतिरबाट मानसम्मान प्राप्त भएको देखाइएको छ । जसका कारण राउटे र कुसुण्डाको समूहमा प्रभाव परी जङ्गलको राउटीमा उनीहरूले राजकुमारको समूहलाई आफ्नो परिवेशअनुरूप खुल्ला हृदयले सघाएको पाइन्छ । प्रस्तुत उपन्यासमा बिरामी भएको अवस्थामा युवराजलाई राउटे र कुसुण्डाका मुखियाले स्याहारसंभार तथा जडीबुटीबाट औषधोपचार गर्नुमा सहयोगको भावना प्रकट भएको छ । उपन्यासमा युवराज रती र लटीको सहयोग तथा यौवनावस्थाबाट प्रभावित भई पोसाक उपहार दिएको चित्रण यसरी गरिएको छ- “पोशाक भनेको के हो ? भनेर भनेकी थिइस्, लाउने लुगालाई पोशाक भन्दछन्, जोर भनेको दुइटा, तँलाई र मलाई दुईजोर लुगा भोलि मिल्ने भएको छ, म अब गादो पार्दिनँ, घलेक र गुन्यू चाहिन्छ” (२८) । यस उद्धृतांशमा युवराजले रती र लटीलाई पोसाक उपहार दिने वचन दिंदा उनीहरूमा छाएको हर्षको

परिवेशलाई देखाइएको छ । जसले प्रजातिमा परिवेशले सहयोगको भावना जागृत गराएको स्पष्ट हुन्छ ।

*रामछायाँ* उपन्यासमा युवराज सङ्ग्राम मल्ल, रती र लटी तिनैजनामा गहिरो मायाप्रेममा बस्नुमा पर्यावरणको प्रभाव मुख्य बनेको देखिन्छ । उपन्यासमा युवराजसँग कसिएको मायाप्रेमका सम्बन्धमा लटीको अभिव्यक्ति यसरी आएको छ- "राजाले माया मारे पनि सधैं कुमारी रहेर राजालाई सम्भिरहने छौं, हामीले चिठी लेख्न जान्दैनौ, हाम्रो चिठी तिमी हौ, नभुलीकन हाम्रो बिन्ती राजामा पुराइदिए, रूँदैरूँदै रतीले यति भन्न सकिन्, हिक्हिकाउँदै लटी भुइमा घोप्टो परेर रोइरही" (७९) । प्रस्तुत उद्धृतांशमा युवराजसँग रती र लटीको मायाप्रेम प्रकट गरिएको छ । यसबाट प्रजातिमा पर्यावरणले भावनात्क परिवर्तन ल्याएको स्पष्ट हुन्छ । उपन्यासमा प्रयुक्त मायाप्रेमका परिवेशगत घटनाबाट रती र लटीमा मात्र होइन समाजका अधिकांश युवायुवतीमा भावनात्क परिवर्तन उत्पन्न हुनेसक्ने सार्वभौमिक विषय प्रकट भएको छ । यसर्थ प्रस्तुत उपन्यासमा प्रजाति र पर्यावरणका बिचमा गहिरो सम्बन्ध रहेको देखिन्छ ।

मोहनबहादुर मल्लका माथि विश्लेष्य आठओटै उपन्यासमा प्रयुक्त प्रजातिगत पात्रका बाह्य रूपाकृतिगत र आन्तरिक मनोभावनागत सामूहिक वैशिष्ट्य र मानसिकतामा अन्तःसम्वन्ध देखिन्छ । उपन्यासमा प्राकृतिक र सामाजिक पर्यावरणले प्रजातिगत पात्रका वैशिष्ट्य र मानसिकतामा प्रभाव पारेको पाइन्छ । उनका उपन्यासमा प्रजातिगत वैशिष्ट्य र मानसिकता तथा प्राकृतिक र समाजिक पर्यावरणका बिचमा रहेको सम्बन्धलाई हेर्दा एकको अभावमा अर्काको अस्तित्व रहन नसक्ने देखिन्छ । यिनमा देखिएको आपसी प्रभावलाई हेर्दा मानवजातिभित्रको प्रजाति, प्रकृतिप्रदत्त र मानवनिर्मित पर्यावरणका बिचमा अन्तःसम्बन्ध रहेको स्पष्ट हुन्छ । यसर्थ मल्लका समग्र उपन्यास प्रजाति र पर्यावरणगत अन्तःसम्बन्धका आधारमा उपयुक्त छन् ।

### ५.४ मल्लका उपन्यासमा प्रजाति र क्षणगत अन्तःसम्बन्ध

मोहनबहादुर मल्लका *उजेली छामा, मायारानी, पञ्चायत, समयको हुरी, भुमरी, बहादुर नजर, जेली* र *रामछायाँ* उपन्यासका पात्र, स्थान, समय र घटनासँग सम्बन्ध रहेको पाइन्छ । उपन्यासमा आएका पात्रहरू र घटनाहरू समाजको संरचना र राजनीतिक

परिवेशसँग सम्बन्धित हुन्छन् । उपन्यासमा पात्रको निर्णयले घटनालाई प्रभावित पार्दछ । उपन्यासमा प्रयुक्त एक घटनाले अर्को घटनामा प्रभाव पार्दछ । उपन्यासमा कुनै पात्रको निर्णयले सकरात्मक वा नकारात्मक परिणाम दिएमा अन्तःसम्बन्ध प्रकट हुन्छ । उपन्यासमा प्रयुक्त प्रजातिगत पात्रमा बाह्य र आन्तरिक संरचना तथा सामूहिक भावना हुन्छ । उपन्यासलेखनको विशेष घटनाको समयगत अवस्थाले क्षणलाई जनाउँछ । उपन्यासमा पात्रले घटनासमयानुसार गरेका निर्णय र परिणाममा अन्तःसम्बन्ध रहन्छ । उपन्यासमा प्रयुक्त घटनासमय, प्रभाव, पात्रको मनोविज्ञानजस्ता पक्षको अध्ययन अन्तःसम्बन्धअन्तर्गत गरिन्छ । यिनै पक्षमा केन्द्रित भएर मल्लका सामाजिक तथा ऐतिहासिक यथार्थमा आधारित उपन्यासको अध्ययन गरिएको छ ।

### ५.४.१ उजेली छ्यामा उपन्यासमा प्रजाति र क्षणगत अन्तःसम्बन्ध

मोहनबहादुर मल्लको *उजेली छ्यामा* (२००८) उपन्यासमा प्रजातिगत वैशिष्ट्य र मानसिकता तथा क्षणगत युगसन्दर्भ र युगचेतनाका बिचमा गहिरो सम्बन्ध रहेको देखिन्छ । उपन्यासमा प्रयुक्त युगसन्दर्भ र युगचेतनाले सामाजिक परिवर्तनलाई सङ्केत गरेको पाइन्छ । उपन्यासमा उजेली पात्रको युगीन आवश्यकता बुझेर समाज परिवर्तन गर्नुपर्ने अभिव्यक्तिले समय र युगको महत्त्वलाई दर्साइएको छ । यस्तैगरी उपन्यासमा उजेली र बिन्दा पात्रले हामी परिवर्तनको युगमा छौं भन्ने अभिव्यक्ति दिनुले युगीन आवश्यकता र सोंचमा परिवर्तन अपरिहार्य रहको देखिन्छ । उपन्यासमा उजेलीले पातलीसँग मन खोल्न नसक्नु तथा सुवर्णध्वज समाजमा प्रकट हुन नसक्नुमा स्थान र समयको प्रभाव देखिन्छ । प्रस्तुत उपन्यासमा जीवननिर्वाहका लागि आर्थिक उपार्जनमा लाग्नु पर्ने सन्दर्भ यसरी प्रकट गरिएको छ- "त्यतातिरका अरू जोगिले झैं मकै, कोदो, धान र गहुँहरूको बाली तयार हुने बेलामा तयार भएको फसलको भिक्षाको लागि दैलो दैलो फिर्न पर्दैनथ्यो" (२५) । प्रस्तुत उद्धृतांशमा सामाजिक जीवनशैली सहज बनाउन आर्थिक परिवर्तन आवश्यक रहेको दृष्टिकोण प्रकट गरिएको छ । यसले प्रजाति र क्षणगत अन्तःसम्बन्धलाई देखाएको पाइन्छ ।

*उजेली छ्यामा* उपन्यासमा उजुरवाजुरका सन्दर्भ प्रकट भएका छन् । ल्वामेले सुवर्णध्वजलाई च्याखुरे मारेको सन्दर्भको उजुरीगत व्यहोरा यसरी प्रकट भएको छ- "म बिरामी भै तारिखमा हाजिर हुन नसक्दा अर्जी चढाउन पठाएको मेरो छोरो च्याखुरेलाई ... खोज तलास गर्दा टाउको नभएको उसको गिड पत्तो पाएकाले दर्खास्त दिन आएको छु ऐन

बमोजिम गरि पाऊ" (५९-६०) । यस उद्धृतांशमा सुवर्णध्वजले छोरो च्याखुरेलाई मारेको सन्दर्भमा ल्वामेले अदालतमा दर्ता गरेको नालेसको व्यहोरालाई देखाइएको छ । समाजका स्वार्थमा लिप्त मानिसले आफ्नो स्वार्थपूर्ति गर्न नपाउँदा सुवर्णध्वलाई अनाहकमा दुःख दिएको देखिन्छ । उपन्यासमा अदालतमा अर्जी गरेको सन्दर्भलाई पुष्टि गर्न ल्वामेले अदालतका मानिस र समाजका अगाडि आँधीखोलाको किनारमा रहेको सुवर्णध्वजको खेतबाट टाउको नभएको अर्केको लाश निकालेर नक्कली प्रमाण देखाउनु र समाजका स्वार्थी मानिसले ल्वामेलाई माध्यम बनाई सुवर्णध्वजलाई प्रहरी हिरासतमा पुऱ्याउनुजस्ता युगीन सन्दर्भ प्रकट भएका छन् । यसले सामाजिक गलत कार्यप्रति परिवर्तनको आवश्यकतालाई सङ्केत गरेको देखिन्छ । यसमा प्रजाति र क्षणका बिच अन्तःसम्बन्ध प्रकट भएको छ ।

*उजेली छामा* उपन्यासमा अदालतमा दिएको नालिसको टुङ्गो लगाउने मुचुल्कामा गाउँका सोझा मानिसलाई सहिछाप गर्न लगाएर निर्दोष सुवर्णध्वजलाई जेल पठाउने फटाहका रणनीतिलाई प्रकट गरिएको छ । उपन्यासमा सामाजिक सम्बन्धबाट सिर्जित जालमा गाउँका सामान्य मानिस परेको मुचुल्काको समयको कर्मचारीको अभिव्यक्ति यसरी आएको छ- "अबेर भएका जति काम सकेर गए पनि हुन्छ, यो कुरो हाकीमजीको मुखबाट फुत्केको मात्र थियो, त्यहां बसेकाहरूले हुल गरिहाले, सबले आफ्नो-आफ्नो नाउँ भन्दै बुढी औंलो अगि सार्नलागे" (५८) । प्रस्तुत उद्धृतांशमा समाजका स्वार्थी मानिसबाट सिर्जित जालमा गाउँका सामान्य मानिस परेको देखाइएको छ । उपन्यासमा पात्रको मनोदशा र भावनात्मक अवस्थाले निर्णय र व्यवहारमा प्रभाव पार्दछ । उजेलीको आँसु र पातलीको जीवनको कठिनाइले मानवीय भावनालाई दर्शाउँछ । क्षणगत अनुभव र सामाजिक सम्बन्ध एकआपसमा जडित हुन्छन् । प्रस्तुत उपन्यासले प्रजाति र समाजको सम्बन्धलाई उजागर गरेको छ । उपन्यासले उजेलीजस्ता नारी पात्रको भूमिका र अधिकारको खोजीलाई प्रस्तुत गरेको छ । उपन्यासले उजेली पात्रमार्फत महिला सशक्तिकरणमा जोड दिएको छ । उपन्यासले परम्परा र आधुनिकताको द्वन्द्वलाई प्रस्तुत गरेको छ । उजेली पात्रले अधिकार र स्वतन्त्रता खोज्नुले प्रजातिगत मानसिकताको प्रभावलाई सङ्केत गरेको छ । यसले समाजमा नारीअस्तित्वको लागि सङ्घर्ष गर्नुपर्ने र परिवर्तित युगीन समाजको निर्माणमा जोड दिएको छ । यसबाट प्रस्तुत उपन्यासमा प्रजाति र क्षणका बिच अन्तःसम्बन्ध रहेको स्पष्ट हुन्छ ।

*उजेली छ्यामा* उपन्यासमा प्रजाति र पर्यावरण तथा प्रजाति र क्षणका बिच अन्तःसम्बन्ध देखिन्छ । उपन्यासमा पात्रका सामाजिक र पारिस्थितिक कार्य एकअर्कामा निर्भर छन् । त्यसबाट उत्पन्न भावनात्मक अवस्थाले पात्रमा प्रभाव पार्दछ । उपन्यासमा प्रयुक्त सुवर्णध्वज, पातली, उजेली, सौतेनी आमा, ल्वामे, च्याखुरे, पण्डित, स्वामी, साहिँलो मुखिया, रैमटेजस्ता पात्र एकआपसमा जोडिएको भए पनि विवाहको सन्दर्भले वैमनस्यता सिर्जित भएको देखिन्छ । उपन्यासमा प्रयुक्त पात्र र घटनाबाट युगीन परिवर्तनको अपरिहार्यतालाई सङ्केत गरिएको छ । यसर्थ प्रजाति र क्षणका बिचको अन्तःसम्बन्धका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

### ५.४.२ मायारानी उपन्यासमा प्रजाति र क्षणगत अन्तःसम्बन्ध

मोहनबहादुर मल्लको *मायारानी* (२००९) उपन्यासमा प्रजातिगत वैशिष्ट्य र मानसिकता तथा क्षणगत युगसन्दर्भ र युगचेतनाका बिचमा गहिरो सम्बन्ध देखिन्छ । उपन्यासमा शान्तिदेवी र ललितजस्ता पात्रको जीवनशैली र त्यस समयको सामाजिक परिवर्तन र व्यक्तिगत संघर्ष प्रस्तुत भएको छ । यसमा शान्तिदेवीको जीवनशैलीगत दुःख र जीवनयापनको प्रयास प्रकट भएको छ । उपन्यासमा प्रयुक्त पात्रहरूले आफ्नो स्थिति सुधार्न र जीवनलाई अनुकुल बनाउन निरन्तर प्रयास गरिरहेका छन् । प्रस्तुत कार्यले पात्रको सोंच र मान्यतामा परिवर्तनको सङ्केत गरेको छ । उपन्यासमा प्रयुक्त घटनाले प्रजातिका सोच र व्यवहारमा समयको प्रभावलाई स्पष्ट गरको छ । समाजमा जब नयाँ विचार र परिवर्तन देखिन्छ तब प्रजाति र क्षणको सम्बन्धमा पनि परिवर्तन आउँछ । सतिप्रथा, नेपाल र अङ्ग्रेज युद्ध, सन्धिजस्ता ऐतिहासिक सन्दर्भ र गत्यात्मक समाजनिर्माण र नारीपुरूषलाई समान शिक्षाजस्ता चिन्तनमा युगचेतना आएको छ । प्रस्तुत उपन्यासमा प्रयुक्त उक्त पक्षका बिच अन्तःसम्बन्ध देखिन्छ ।

*मायारानी* उपन्यासमा मोगल साम्राज्य अन्तिम अवस्थामा रहेको र अङ्ग्रेज शक्तिको उदय भएको आरम्भमा वि.सं १८६९ तिरको समय उल्लेख भएको छ । उपन्यासमा वर्णित ऐतिहासिक विषय, तिथिमिति, पात्र, एकआपसमा आदानप्रदान गरिएका पत्र र उपहारका वस्तु औंठीका सन्दर्भमा अन्तःसम्बन्ध आएको पाइन्छ । उपन्यासमा इतिहासले पुष्टि गरेका तिथिमिति र घटनाक्रम नेपालएकीकरण र सुगौलीको सन्धिसम्मका सन्दर्भ यसरी व्यक्त भएको छ- “विक्रम संवत १८६९ को लगभग, ...त्यो बेलामा मोगल साम्राज्यले

अन्तिम सास फेरिसकेको थियो र अङ्ग्रेजहरूको सौभाग्य, दिन द्विगुणा र रात चौगुणा गरेर चम्केको थियो" (८) । यस उद्धृतांशमा अङ्ग्रेजको साम्राज्यवादी चिन्तन र नेपालीमा रहेको वीरताको चिन्तनका बिचमा रहेको अन्तःसम्बन्धलाई देखाइएको छ । उपन्यासमा इतिहासमा वर्णित अङ्ग्रेजको जताततै उपनिवेश फैलिंदै गएको र नेपालका विविध भूभागबाट युद्धको थालनी भएको सन्दर्भलाई यसरी व्यक्त गरिएको छ- "नेपालको शक्ति चूर्ण पार्ने अभिप्रायले उनीहरूले निहु खोज्न लागे र सन् १८१४ नभेम्बर १ तारीखको दिन भारतका त्यसबेलाका गभर्नर लर्ड हास्टिङ्ले कलकत्ताबाट नेपालको विरूद्ध लडाईको घोषणा गरे" (९२-९३) । प्रस्तुत उद्धृतांशमा अङ्ग्रेजको विस्तारवादी चिन्तन र नेपालीको वीरतावादी चिन्तनलाई देखाइएको छ । यसले दुबै प्रजातिको विशेषतालाई उजागर गरेको पाइन्छ । यसमा अङ्ग्रेजको जताततै उपनिवेश फैलिंदै गएको र नेपालका विविध भूभागबाट युद्धको थालनी भएको चेतना प्रस्तुत भएको छ । उपन्यासमा वर्णित यस्ता कुराबाट अन्तःसम्बन्ध रहेको स्पष्ट हुन्छ ।

*मायारानी उपन्यासमा* प्रयुक्त पात्र र घटनाले इतिहास र समाजलाई परस्पर सम्बद्ध गरेको पाइन्छ । प्रस्तुत उपन्यासमा आन्तरिक तथा बाह्य तहमा प्रजाति र पर्यावरण तथा प्रजाति र क्षणका बिच अन्तःसम्बन्ध रहेको छ । उपन्यासमा आमाको काखमा व्यतीत मायारानीको जीवन उखापोखरीका चौतरियासँग विवाह हुँदा बाह्य तहमा पति स्वीकार तर आन्तरिक तहमा अस्वीकार देखिन्छ । उपन्यासमा चौतरियाले बाह्य तहमा मायारानीलाई प्रभावित खोज्नु तर आन्तरिक तहमा असफल भएको पाइन्छ । प्रस्तुत उपन्यासमा मायारानीको सुझाबमा ललितको बहादुरी र दुबैको तीर्थस्थल रिडीमा अन्त्य हुनुमा अन्तःसम्बन्ध आएको छ । यसर्थ प्रजाति र क्षणगत अन्तःसम्बन्धका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

### ५.४.३ पञ्चायत उपन्यासमा प्रजाति र क्षणगत अन्तःसम्बन्ध

मोहनबहादुर मल्लको *पञ्चायत* (२०१०) उपन्यासमा प्रजातिगत वैशिष्ट्य र मानसिकता तथा क्षणगत युगसन्दर्भ र युगचेतनाका बिचमा गहिरो सम्बन्ध देखिन्छ । उपन्यासमा राणाकालीन समयसन्दर्भ, पञ्चभलादमीका व्यवहार, गाउँका समस्यामा मान्यजनको निर्णय प्रक्रिया, सान्नानीको उजुरी र बिद्रोहजस्ता पक्ष युगचेतनाका रूपमा आएका छन् । उपन्यासमा पञ्चायतका मानिसको कार्यशैली, मानवमूल्य र असमान न्याय

सम्पादनले समाजमा समस्या उत्पन्न भएको छ । उपन्यासमा जातीय भेदभाव हुँदा सामाजिक जीवनशैलीमा प्रभाव पारेको छ । उपन्यासमा वर्णित राजनीतिक निर्णय र घटनाले सामाजिक क्रान्तिबाट परिवर्तन ल्याउन आवश्यक देखिन्छ । यसले सामाजिक भेदभाव र अन्यायविरूद्धको संघर्ष प्रस्तुत गरेको छ ।

*पञ्चायत* उपन्यासमा चुनाबमा समाजका चतुर मानिसले मौका मिलाएर कमाएको सामाजिक सन्दर्भमा क्षणगत अन्तःसम्बन्ध आएको छ । उपन्यासमा गाउँको प्रमुख हुन खोज्ने मानिस समाजसेवाबाट अभिप्रेरित नभई कमाउने भावनाबाट प्रेरित भएको राजनीतिक सन्दर्भमा क्षणगत अन्तःसम्बन्ध व्यक्त भएको छ । प्रस्तुत उपन्यासमा समाजको प्रमुख छान्ने चुनाबमा हुनेगरेका क्रियाकलापलाई यसरी गत देखाइएको छ- "पञ्चायत हो पञ्चायत, लपेटा देखाएर पञ्चायत हात पर्छ भने कुनै बढी बात होइन, मौकामा हिरा फोड्न सक्नुपर्छ, तबन दाम, काम, नाम सबै मिल्न सक्तछ" (१०) । यस उद्धृतांशमा समाजको प्रमुख छान्ने चुनाबमा हुनेगरेका क्रियाकलापको चित्रण गरिएको छ । उपन्यासमा पण्डित हरिहरले भाइबुहारीलाई सम्पत्तिबाट बञ्चित गर्नका लागि पञ्चायतमा नालिस दिएको घटनामा क्षणगत अन्तःसम्बन्ध देखिन्छ । उपन्यासमा विधवा भाइबुहारीलाई हरिहरले नालेस दिँदा आर्थिक र राजनीतिक प्रभावबाट ग्रसित भई प्रमुखले दिएको निर्णयलाई यसरी प्रस्तुत गरिएको छ- "जेठाजु पण्डित हरिहरको मुद्दामा बहस चल्दा, धेरै जसोले उप्रेतकै पक्ष लिएर पण्डितलाई जिताउने फैसला उठाए" (१२) । यस उद्धृतांशमा त्यस समयको समाजमा शक्तिबाट प्रभावित भई निर्णय दिने प्रचलन विद्यमान रहेको कुरालाई देखाइएको छ । प्रस्तुत उपन्यासमा पञ्चायतको प्रमुख नयाँ साहुले सान्नानीप्रति गरेको अन्यायपूर्ण व्यवहारमा पञ्चायती प्रणालीको क्रूरता प्रकट भएको छ । यसले प्रजाति र क्षणगत अन्तःसम्बन्धलाई प्रकट गरेको पाइन्छ ।

*पञ्चायत* उपन्यासमा पदिय दुरूपयोगको सन्दर्भ प्रकट गरिएको छ । प्रस्तुत उपन्यासमा पदिय सन्दर्भसँग जोडिएको अभिव्यक्ति यसरी प्रकट भएको छ- "त्यो समयमा जागिर बिक्रीमा चलेको थियो, इन्साफले पैसा हेर्दथ्यो, लुटेराहरूको भाग्योदयको बेला थियो" (२३) । यस उद्धृतांशमा पदको दुरूपयोग गरी समाजको प्रमुखले जागिर बिक्री गर्ने तथा न्याय दिँदा आर्थिक प्रलोभन र शक्तिमा निर्भर रहेको देखाइएको छ । उपन्यासमा पञ्चायतमा भएका अन्यायका विरूद्ध आवाज उठाउन दीननाथ र बूढाघरे मुखियाले

तत्काल राजीनामा दिनु र नयाँ साहुले आफ्ना मानिसलाई खाली भएको पदमा राख्नुमा अन्तःसम्बन्ध देखिन्छ । यस्तैगरी उपन्यासमा समाजका खवर आदानप्रदान गरिएको छ । उपन्यासमा काठमाडौँ पढ्न बसेको रघुलाई पिताले लेखेको चिठीको व्यहोरामा गाउँको खबर यसरी दिइएको छ- "नानी ...हामीहरूको गाउँको खबर एकदम नराम्रो छ ...हामीहरू भन्दा-भन्दा थाकिसक्यौं, पुनश्च तिमी चाँडैन आऊ" (६५-६६) । प्रस्तुत उद्धृतांशमा काठमाडौंमा पढ्न बसेको रघुलाई पिताले गाउँको परिस्थिति बिग्रेको बोध गराइएको छ । उपन्यासमा चञ्चलले रघु र मधुको जीवनमा खेलबाड गरी प्रेमसम्बन्ध चुँडाल्न नक्कली चिठी पठाएको छ । उसको पत्रको व्यहोरा उपन्यासमा यसरी प्रस्तुत गरिएको छ- "भैया म आज देशतिर जाँदैछु, यहाँको ताजा खबरमा मधू चञ्चलसंग पोइल गइन्, उनी आजकाल उनैको घरमा बसेकी छन्, तिमीले उनलाई विहा गर्न एक कबुलियत पत्र लेखिदिएका रहेछौ मैले यो उनीसँग मागी यसैसाथ पठाइ दिएको छु" (६६-६७) । यस उद्धृतांशमा चञ्चलले रघु र मधुको जीवनमा खेलबाड गरी प्रेमसम्बन्ध चुँडाल्न गरेको प्रयत्नलाई देखाइएको छ । उपन्यासमा पञ्चायतको षडयन्त्रमूलक क्रियाकलापका कारण सान्नानी र मधुले पाएको पीडा व्यक्त गरिएको छ । यसमा समाजका बिपन्न मानिसका जीवनयापनका पद्धति प्रकट भएका छन् । उपन्यासमा समाजका बिपन्न मानिसको जीवनसञ्चालन प्रक्रिया यसरी प्रस्तुत भएको छ- "चैतीको काम कसकाहाँ, कुन ठाउँमा धन छ, सो पत्ता लगाउने र उसको पोइलाई खबर दिने" (६८) । यस उद्धृतांशमा तत्कालीन समाजका मानिसको जीवनसञ्चालन प्रक्रियालाई प्रकट गरिएको छ । यसमा अन्तःसम्बन्ध व्यक्त भएको पाइन्छ ।

*पञ्चायत* उपन्यासमा प्रयुक्त प्रजातिगत संरचना र क्षणगत घटनाले एकअर्कालाई प्रभावित गरी सामाजिक परिवर्तन र न्यायका लागि संघर्ष गर्न सन्देश प्रवाह गरेका छन् । उपन्यासमा आएका समग्र परिप्रेक्ष्य सामाजिक सन्देश र न्यायको खोजीमा प्रवृत्त छन् । उपन्यासमा नयाँ साहुले समाजमा गलत कार्य गर्नु, चञ्चलले श्रीमती जम्मा गर्नु, दीननाथले न्यायमा सान्नानीलाई साथ दिनुजस्ता राजनीतिक र आर्थिक पक्षसँग जोडिएर आएका तथ्यमा अन्तःसम्बन्ध पाइन्छ । यसर्थ प्रजाति र क्षणका बिचको अन्तःसम्बन्धका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

## ५.४.४ *समयको हुरी* उपन्यासमा प्रजाति र क्षणगत अन्तःसम्बन्ध

मोहनबहादुर मल्लको *समयको हुरी* (२०१५) उपन्यासमा राणाकालीन, अध्यात्मवादी तथा भौतिकवादी दर्शनका सन्दर्भ र शिक्षागत चेतना तथा नारीचेतना क्षणका रूपमा आएका छन् । प्रस्तुत उपन्यासमा प्रजातिगत वैशिष्ट्य र मानसिकता तथा क्षणगत युगसन्दर्भ र युगचेतनाका बिचमा गहिरो सम्बन्ध देखिन्छ । उपन्यासमा राजनीतिक अस्थिरता र पञ्चायत शासनको कठोरताले निम्त्याएका अन्यायपूर्ण घटना र दमनको प्रभावले पात्रहरूको सोच र भावनामा ठूलो प्रभाव पारेको छ । पञ्चायत शासनले निम्त्याएको अव्यवस्था र दबाबले विशेष रूपमा युवापुस्तालाई प्रेरित गररे विद्रोह र स्वतन्त्रताको खोजी गरिरहेको छ । यसले युगचेतनाको भावनालाई जगाएको छ । उपन्यासमा समाजमा भएका परिवर्तन, राजनीतिक अस्थिरता र आर्थिक संकटले पात्रको आन्तरिक जीवनलाई प्रभाव पारेको छ । पञ्चायत व्यवस्थाको दमनकारी नीति र समाजमा भएका सामाजिक असमानता एवं विभेदले पात्रहरूमा विद्रोहको भावना पैदा गरेको छ । उपन्यासका पात्र समाजमा सुधार ल्याउने सोच राख्छन् तर सामाजिक परिस्थितिले सोचाइमा अवरोध गरेको छ । प्रस्तुत संघर्षको भावना नै उपन्यासको मुख्य आकर्षण हो । उपन्यासमा प्रयुक्त पात्रको क्रियाकलाप र सोचाइले समाजविकासको चेतना जागृत गरेको छ । उपन्यासमा गरिबीले सामाजिक सम्बन्धमा असर पारेको छ । गरीब पात्रले समाजमा अन्याय र विभेदको सामनाका लागि संघर्ष गरेको प्रष्ट हुन्छ ।

*समयको हुरी* उपन्यासमा छोरोको रूपमा पालिएको प्रभाकर घर आउँदा एकरात बास नपाएर बाहिर रात बिताएको पाइन्छ । उसलाई घर न घाटको बनी मनमा आघात बोकेर गोरखपुर फर्कन बाद्य गराउने ज्ञानीका आमाछोरीको क्रियाकलाप उपन्यासमा यसरी प्रकट भएको छ- "उनी ज्यादै चिन्तित बने, दौडादौड गरेर घरमा गए तर उनलाई उहाँ न बस्ने ठाउँ मिल्यो न खाने, उनको कोठामा याँमानको भोटेताल्चा मारिएको छ, घरका जहान कोही पनि उनको अगाडि पर्दैनन्, परे पनि बोल्दैनन्, उनले बाहिरै घरको बलेसिमा टुक्रुक्क बसेर रात बिताए" (१९) । प्रस्तुत उद्धृतांशमा कान्छो बाबुको मृत्यु भएपछि ज्ञानीका आमा-छोरीले प्रभाकरप्रति देखाएको क्रियाकलापलाई देखाइएको छ । यिनै व्यवहारबाट प्रभाकरमा आर्थिक समस्या उत्पन्न भई जीवन लथालिङ्ग भएको अभिव्यक्ति यसरी आएको छ- "हिजो बिहान खसौलीमा आएदेखि यता मुखमा केही पनि हालेका

थिएनन्, बेलुका त्यस्तै भयो, बिहान भयो खाऊँ साथमा फुटेको कौडी थिएन" (२०) । प्रस्तुत उद्धृतांशमा कान्छो बाबुको मृत्युपछि प्रभाकरको जीवनशैलीमा परेको प्रभावलाई प्रकट गरिएको छ । उपन्यासमा विद्याले भैरहवामा रहेका आफ्ना बाबुलाई घरको समाचार दिएर लेखेको पत्र र उक्त पत्रको बाबुले छोरीलाई लेखेको प्रत्युत्तरपत्र यसरी व्यक्त गरिएको छ- "किन हामीलाई यसरी माया मार्नु भयो ? न यहाँ आउनुहुन्छ ...अनुभव र अभ्यास गर्न राम्रो होला जस्तो लाग्छ ...विद्या तिमीले लेखेको पत्र पाउँदा मलाई ज्यादै खुशी लाग्यो...माताजीको विषयमा मेरो भन्नुपर्ने केही छैन, स्वभाव इश्वरीय देन हो यसलाई अदल-बदल पार्ने शक्ति मनुष्यशक्तिदेखि बाहिरको छ, आज यत्ति !" (२३-२४) । यस उद्धृतांशमा विद्याका घरको पारिवारिक सम्बन्धलाई देखाइएको छ । यसले घरकलहबाट कसैको पनि उत्थान नहुने युगचेतना प्रकट भएको देखिन्छ । यसले अन्तःसम्बन्धलाई प्रकट गरेको छ ।

*समयको हुरी* उपन्यासमा शैक्षिक चन्दाको चित्रण गरिएको छ । लक्ष्मीधरले वीरेका साथमा नेपाली विद्याश्रमलाई चन्दा पठाउँदा चिठीसहित एक सय रूपियाँ पठाएको कुरालाई यसरी प्रस्तुत गरिएको छ- "चन्दा पठाएको छ, आफ्नो खुस गर्नुहोला, नयाँ आलुप्याज आइपुगेको छ, तरकारीलाई चाहिए पत्रवालाहस्ते खबर मिले सोही बमोजिम गर्नेछु" (४६-४७) । यस उद्धृतांशमा नेपाली विद्याश्रम खोल्ने समयमा बिरोधी बनेका लक्ष्मीधरको मानसिकतामा परिवर्तन आएर वीरेका साथमा चिठीसहित एक सय रूपियाँ चन्दा पठाएको प्रस्तुति पाइन्छ । प्रस्तुत उपन्यासमा प्रेमका विषयलाई सहज स्वीकार नगर्ने सामाजिक प्रचलनलाई यसरी प्रकट गरिएको छ- "तानसेन नेपाली विद्याश्रमका न्यूजी नामक मास्टरले स्कूलका छात्र-छात्राहरूको सामुन्नेमा कुनै एक प्रेमपत्र लिएर आएकी पद्मी नामक अछूत युवतीलाई बलजफत अङ्कमाल गर्ने, गालाको चुम्बनसमेत लिए भन्ने एक प्रत्यक्ष दर्शकको भनाइ छ" (५९) । यस उद्धृतांशमा प्रेमका विषयलाई सहज रूपमा स्वीकार नगर्ने चिन्तन प्रकट गरिएको छ । प्रस्तुत उपन्यासमा पुराना संस्कार र नयाँ संस्कारका बिचमा द्वन्द्व देखाइ युगान्तकारी चेतना पुर्नरोपण गर्नुका साथै शिक्षादीक्षाको राम्रो व्यवस्थाबाट नै समाजलाई युगानुकूल बदल्न सकिने मान्यता प्रकट भएको छ । उपन्यासमा देखिएको परिवर्तनमुखी र युगान्तकारी चिन्तनमा प्रजाति र क्षणगत अन्तःसम्बन्ध देखिन्छ ।

*समयको हुरी* उपन्यासमा उपन्यासमा विद्याले नारीका विषयमा व्यक्त विचार आएको छ । उपन्यासमा विद्याले नारीका बारेमा बाबुलाई लेखेको पत्रको व्यहोरा यसरी प्रकट भएको छ- "पिताजी ! मलाई किन आफूसँग राख्न मनाही गर्नुहुन्छ ? किन मलाई त्यहाँ आउन ... परालको आगोले खरानी बन्न नपावस्, यो बखत पिताजीले यहाँ घरमा पदार्पण गर्न ज्यादै जररूत छ" (९९-१०१) । यस उद्धृतांशमा विद्याले पिताजीलाई घरको हालत खराब भएको जानकारी दिइएको पाइन्छ । उपन्यासमा बाबु पाल्पा आउन नमान्ने र आमा भैरहवा जान नमान्ने अवस्थामा विद्याले बाबुलाई लेखेको पत्रात्मक व्यहोरा यसरी व्यक्त भएको छ- "पिताजी ! मैले पहिले नै आमा दिदीको बारेमा सूचित गरेर एक पत्र पठाएकी हुँ, आज पनि त्यसै बारेमा लेख्दैछु, आज तीन दिन भैसक्यो, ...पिताजीको मनसाय के छ, औं ज्यादै जरूरत छ एक पटक, म धेरै निवेदन के गरूँ ...छोरी तिम्रो अघिल्लो र पछिल्लो पत्र प्राप्त भयो ...घरको खबर दिँदै गरे" (१४९) । प्रस्तुत उद्धृतांशमा विद्या र पिताका आन्तरिक मनोभावलाई प्रकट गरिएको छ । यसमा पारिवारिक सम्बन्धलाई देखाउन पत्र र प्रतिउत्तरपत्रको प्रयोग गरी सामाजिक चेतना जागृत गर्नुका साथै आधुनिक सञ्चार प्रविधिको विकास आवश्यक रहेको सचेतना दर्साइएको छ । उपन्यासमा सामाजिक असमानता, पारिवारिक सम्बन्ध, शिक्षा र नारीको स्थिति प्रस्तुत भएको छ । उपन्यासमा प्रभाकर धर्मपुत्र बस्नु, ज्ञानीका आमाछोरीबाट अनेक दुःख पाउनु, न्यूजीले समाजबाट अछुत मानिएकी पद्मीलाई विवाह गर्न स्वीकार गर्नु, न्युजीले युवती पद्मीप्रति आत्मिय भाव देखाउनु, शान्तमतीले प्रभाकरलाई विषबाट जोगाउनु र सम्पत्ति प्राप्तिमा जेपनि हुने सर्वकालिक सन्दर्भ आउनुमा प्रजातिमा क्षणको प्रभाव परेको पाइन्छ । यसर्थ प्रजाति र क्षणगत अन्तःसम्बन्धका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

### ५.४.५ *भुमरी* उपन्यासमा प्रजाति र क्षणगत अन्तःसम्बन्ध

मोहनबहादुर मल्लको *भुमरी* (२०१६) उपन्यासमा ऐतिहासिक, सामाजिक र राजनीतिक सन्दर्भ र नारीका विचार र विधवाका नवीनतम चिन्तन क्षणका रूपमा आएका छन् । उपन्यासमा प्रजातिगत वैशिष्ट्य र मानसिकता तथा क्षणगत युगसन्दर्भ र युगचेतनाका बिचमा गहिरो सम्बन्ध देखिन्छ । उपन्यासमा किरण र उसका साथीले हक र अधिकारका लागि संघर्ष गर्न बाध्य छन् । यसमा जातीय भेदभाव, वर्गीय संघर्ष र अन्यायका विषय आएका छन् । उच्च वर्गका व्यक्तिसँग निम्न वर्गका पात्रको संघर्ष प्रकट भएको छ ।

उपन्यासमा किरण तथा गङ्गा र जमुनाका सम्बन्धले प्रेम, संघर्ष र दवाब सन्तुलनमा आधारित छन् । उपन्यासमा जमुना स्वास्थ्य र सामाजिक समस्यामा पर्दा किरणको समर्थन प्राप्त भएको छ । प्रस्तुत उपन्यासमा पात्रको अस्तित्व खोजी गरिएको छ ।

*भुमरी* उपन्यासमा नारीसमस्या प्रकट भएको छ । दरबारमा डोला देखाउने निहुँमा जमुनालाई लगेर सामूहिक बलात्कार गरी घरअगाडि आगनमा ल्याएर छोड्दा पीडाबोध सहन गर्न नसकी कुवामा फाल हालेर जीवन अन्त्य गर्न लाग्दा किरणले जमुनाको उद्धार गरेको विषय उपन्यासमा यसरी आएको छ- "महाशय, तपाईंले मलाई मर्न छेकेर पाप लिनुभयो, तपाईंको यो उपकार होइन, अपकार हो मेरो निमित्त" (२४) । यस उद्धृतांशमा जमुना सामूहिक बलात्कार परी पीडाबोध हुँदा कुवामा हामफाल्नु र किरणले उद्धार गर्दा उसले दिएको विचार प्रकट गरिएको छ । किरणको गङ्गा र जमुनामा प्रेम बस्नु, किरणलाई गङ्गा र जमुना दुई दिदीबहिनी भएको ज्ञान नहुनु र दुबैको अनुहार समान भएको तथा जमुनालाई गङ्गा देख्नुमा प्रजातिगत गुण प्रकट भएको छ । उपन्यासमा दरबारमा डोला हेर्ने निहुमा भद्र मानिसले बग्गीमा चढाएर लगेर सामूहिक बलात्कार गरी रातको समयमा घरअगाडि छाड्नु र पीडाबोध गरेकी जमुनाले कुवामा हाम फालेर आत्महत्या गर्ने प्रयास गर्दा किरणले बचाउनुमा प्रजाति र परिवेशगत सम्बन्ध देखिन्छ ।

*भुमरी* उपन्यासमा नारीका विवाहको प्रसङ्ग व्यक्त भएको छ । उपन्यासमा यसै प्रसङ्गमा ठुल्नानीले दिएको अभिव्यक्ति यसरी आएको छ- "कस्ता अभागिनी छोरीहरू घरमा जन्मलिन आएछन्, यौटीले पोइ खप्लक्क टोक्नु, अर्कीलाई पोइ पाइँदै नपाइनु" (४१) । यस उद्धृतांशमा गङ्गालाई पोइटोकुवा र जमुनालाई पोइपाउन नसक्ने अलच्छिनाको संज्ञा दिइएको छ । प्रस्तुत उपन्यासमा कुमारी बलात्कृत भई आमा बन्दाको छटपटी प्रकट भएको छ । यसै प्रसङ्गमा किरणकी आमाले उपन्यासमा दिएको अभिव्यक्ति यसरी प्रकट "मेरो पूर्ण जवानीमा पुग्दा पनि बिहा हुन सकेको थिएन" (५७) भएको छ । प्रस्तुत उद्धृतांशमा किरणकी आमाको पूर्ण जवानी हुँदा पनि विवाह हुन नसकेको पीडा आएको छ । उपन्यासमा समयमा विवाह नहुँदा पनि छोरो जन्मनुमा सामाजिक अन्तर्सम्बन्ध आएको छ । प्रस्तुत उपन्यासमा गङ्गाका दिदीबहिनीले बग्गी चढ्ने इच्छा राख्दा उत्पन्न सामाजिक समस्या उत्पन्न भएको छ । नारीप्रति गरिने अपराधजन्य सामाजिक क्रियाकलापलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ- "युवती नारीहरू उपर बलजफत गरिन्थ्यो तर यो कुरो

समाजमा ढाकछोप पारेर राखिन्थ्यो, यसको नियम बलियोसंग बाँधेको केही देखिँदैन तापनि यसलाई समाजले भवितव्यमा गनेको जस्तो देखिन्छ" (७०) । यस उद्धृतांशमा नारीप्रति गरिने अपराधजन्य क्रियाकलापलाई छिपाएर राख्ने सामाजिक प्रचलनलाई देखाइएको छ । यसले प्रस्तुत उपन्यासमा प्रजाति र क्षणगत अन्तःसम्बन्धलाई दर्साएको पाइन्छ ।

*भुमरी* उपन्यासमा लगनटोलमा कोठा लिएको युवक किरण र उसका सहयोगीसँग गङ्गा र जमुनाको आपसी सद्भाव रहनु, किरणलाई गङ्गाले हृदयमा राख्नु र जमुनाले असल मानिसका रूपमा लिनु, अविवाहित अवस्थामा किरण गर्भमा रहनु, कुमारी आमाले संरक्षण गर्नु, अविवाहिता कन्याबाट जन्मनु, समाजका अगाडि बाबुआमा नचिनाउनु, आमाले भित्रितवरले सहयोग गर्नु, विक्रमसिंहले एकपटक छोरोको अनुहार हेर्नु, किरणले साथीसँग मिलेर परिवर्तनको योजना बनाउनु, राज्यले नियन्त्रण गर्न गुप्तचर छोड्नु, समाज परिवर्तनमा पारिवारिक अवस्था भुल्नुजस्ता क्रियाकलापमा अन्तःसम्बन्ध पाइन्छ । यसर्थ प्रजाति र क्षणका बिचको अन्तःसम्बन्धका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

### ५.४.६ *बहादुर नजर* उपन्यासमा प्रजाति र क्षणगत अन्तःसम्बन्ध

मोहनबहादुर मल्लको *बहादुर नजर* (२०३६) उपन्यासमा प्रजातिगत वैशिष्ट्य र मानसिकता तथा क्षणगत युगसन्दर्भ र युगचेतनाका बिचमा गहिरो सम्बन्ध पाइन्छ । उपन्यासा नेपालएकीकरणको ऐतिहासिक, राजनीतिक, सामाजिकजस्ता पक्ष युगसन्दर्भ र नायवी शासन, चातुर्यता र नवीनतम प्रेमप्रणयका स्वरूप युगचेतनाका रूपमा आएका छन् । उपन्यासमा प्रयुक्त घटना र निर्णयले पात्रको जीवनमा गहिरो प्रभाव पारेको छ । उपन्यासमा समय र स्थानमा प्रजाति र परिवेशको परस्पर सम्बन्धले पात्रको क्रियाकलाप र निर्णयलाई प्रभावित गरेको छ । उपन्यासमा बहादुर शाहको राजनीतिक संघर्ष र अन्य पात्रको व्यक्तिगत जीवनका घटना एकैचोटि बुनिएका छन् । यसले उपन्यासमा क्षणगत घटनाको महत्त्वलाई प्रकट गरेको छ । उपन्यासमा बहादुर शाह बेतिया जानु र त्यहाँका साहूसँग अन्तरक्रिया गर्नुले ऐतिहासिक र सामाजिक परिवर्तनको सङ्केत गरेको छ । उपन्यासमा राजनीतिक घटनाक्रमले निम्न वर्गका मानिसको चेतनामा प्रभाव पारेको छ । पञ्चायती शासनकालको प्रभावले उपन्यासमा बहादुरजस्ता पात्रमा राजनीतिक चेतना र समानताको मानसिकता विकास गराएको छ । यसले उपन्यासमा निम्न वर्गलाई आफ्नो हक अधिकारका लागि परिवर्तनमा जुट्न उत्प्रेरित गरेको छ । उपन्यासमा देखिएका यिनै सन्दर्भको

पृष्टभूमिले पात्रमा परिवर्तनको चेतना जागृत गरेको छ । यसले प्रजाति र क्षणगत अन्तःसम्बन्धलाई सङ्केत गरेको देखिन्छ ।

*बहादुर नजर* उपन्यासमा तिथिमितिसहितका घटना र ऐतिहासिक पात्रको प्रयोग भएको पाइन्छ । उपन्यासमा नेपाल एकीकरण अभियानका पर्याप्त सन्दर्भ आएका छन् । यसै प्रसङ्गमा एकीकरण अभियानका क्रममा दरबार र सैन्यका बिचमा विश्वसनीयताको कमी रहेको अभिव्यक्ति यसरी प्रकट भएको छ- "वि.सं. १८२७ फागुनमा गोरखाको तनहूँमा आक्रमण भयो, सूर घेरामा पऱ्यो, ...सतौं र पर्वतसँगको सतौं सिरूबारीको युद्ध १८२८ पौष २७ मा गोरखाले नराम्रोसँग हार खायो" (११) । यस उद्धृतांशमा दरबार र सैन्यका बिचमा विश्वासको अभावका कारणले पराजय खेप्नु परेको सन्दर्भलाई देखाइएको छ । उपन्यासमा दरबारबाट पठाइएका पत्र र बहादुर शाहले लेखेका पत्रमा तत्कालीन समयको स्थितिगत सन्दर्भ प्रकट भएको छ । उपन्यासमा कान्तिपुरबाट मिति १८३३ श्रावण १० मा प्रेषित पत्रको व्यहोरा यसरी आएको छ- "उप्रान्त तपाईंका जियपर राज्यपर हामीले सोझै गऱ्याको थियो, आफूले असव्य ढुंगामहाँ पठाउनु भयो, तनहूँको निमक षायाको छ, ज्या गरावनन्, सो गरौंला परन्तु आफुले भलो गऱ्या वांगो गर्नुछैन" (१४) । प्रस्तुत उद्धृतांशमा बहादुर शाह र उनको सैन्यबललाई कमजोर बनाइएको अभिव्यक्तिलाई देखाइएको छ । यसले तत्कालीन समयमा दरबारमा रहेका मानिसको प्रजातिगत चिन्तनलाई प्रकट गरेको छ । प्रस्तुत उपन्यासमा बहादुर शाहले तनहुँसँग युद्ध गर्न मर्स्याङ्दीको कुर्दीघाट र मऱ्याङघाटमा सैन्यतैनाथ गरेको पत्रात्मक जानकारी कान्तिपुरलाई दिनुमा दरबारसँगको सम्बन्ध स्थापित गर्न खोजेको देखिन्छ । यसैगरी उपन्यासमा गोरखा राज्यको शक्ति कमजोर हुन लागेको समयमा बहादुर शाहले राजा प्रतापसिंहका पालामा १८३२ जेठ महिनामा तनहुँतर्फ राजनीतिक सम्बन्ध बढाउन लागेको ऐतिहासिक समय क्षणका रूपमा प्रकट भएको छ । त्यस समयमा गोरखाले लमजुङमा आक्रमण गरेको ऐतिहासिक सन्दर्भ उपन्यासमा यसरी प्रकट भएको पाइन्छ- "हिजो बेलुका एकाएक सूर दरबारमा खबर आयो गोरखालीको चढाइ चित्रवनको धुरीमा बसेको उपर्दाङ गढीउपर भयो" (१८) । प्रस्तुत उद्धृतांशमा हिजो बेलुका गोरखाले लमजुङमा आक्रमण गरेको सन्दर्भलाई देखाइएको छ । यसले प्रजाति र क्षणगत अन्तःसम्बन्धलाई दर्साएको छ ।

*बहादुर नजर* उपन्यासमा पात्रले सम्पादन गरेका कार्यको सूचना प्रदान गर्ने सन्दर्भमा प्रेषित पत्र र प्रतिउत्तरपत्रको वर्णन आएको पाइन्छ । यसै सन्दर्भमा बहादुर शाहले प्रेषित गरेको पत्रको विषयमा कान्तिपुरबाट आएको प्रतित्त्युत्तरपत्रको व्यहोरा यस्तो रूपमा प्रकट भएको छ- "उप्रान्त माघको दिन २१ जाँदा आदित्यबार घरी बाह्र बिताई मर्स्याङदीको ढुकुर्दीघाट मऱ्याङ घाटबाट हाम्रो फउज तऱ्यो, ढुंगा काँडका जुभ्क पनि भयो" (४३) । यस उद्धृतांशमा बहादुर शाहले कान्तिपुरलाई प्रेषित गरेको पत्रात्मक अभिव्यक्तिलाई देखाइएको छ । उपन्यासमा चतुरले रूपालाई गहना उपहार दिनु, बहादुर शाहले नजरलाई उपहार दिनु, नजरले बहादुर शाहलाई असर्फी उपहार दिनु तथा गाउँका मानिसले बहादुर शाहलाई उपहारका वस्तु दिनुमा त्यस समयको समाजमा रहेको प्रजातिगत सद्भाव प्रकट भएको छ । उपन्यासमा तत्कालीन समयमा नेपाललाई परेको समस्यालाई यसरी प्रस्तुत गरिएको छ- "त्यो बेला नेपालमा भूगोलको शिक्षा थिएन यसैले नक्साको चलन पनि थिएन, वि.सं. १८२१ मा बक्सरको युद्धपछि भारतमा अङ्ग्रेजको पाउ जम्छ, १८३० मा अवधका नवाफलाई तर्साई कम्पनीको फौज अवधमा रहन लागेपछि अङ्ग्रेजको शक्ति बढेर गयो, यसै समयदेखि बेतियामा अङ्ग्रेजको भ्कन् आवतजावत बढेर गयो" (१०१) । प्रस्तुत उद्धृतांशमा नेपालीलाई एकीकरण अभियानमा परेको समस्यालाई देखाइएको छ । यसको प्रभाव नेपालमा पनि पर्नसक्ने सम्भावना बहादुरले देख्नुमा प्रजाति र क्षणका बिच सम्बन्ध छ । उपन्यासमा सूचना सम्प्रेषणको एकमात्र माध्यम चिठी रहेको पाइनुमा समाजमा सञ्चारको अवस्था कमजोर रहेको र यसको विकासमा लाग्नुपर्ने चेतना जागृत गरेको पाइन्छ ।

*बहादुर नजर* उपन्यासमा प्रजातिगत सोच, पर्यावरणको प्रभाव र क्षणगत परिवर्तनको सजीव संयोजनले उपन्यासलाई गहिरो समाजशास्त्रीय दृष्टिकोण प्रदान गरेको पाइन्छ । उपन्यासमा ऐतिहासिक र सामाजिक सम्बन्धको चित्रण गरिएको छ । यसमा बहादुर शाह पाल्पामा रहँदा नजरले सहयोग गर्नु र दरबारमा बहादुर शाहप्रति नकारात्मक धारणा सिर्जित हुनु तथा अन्य पात्रमा त्यस समयको प्रभावले चेतनामा परिवर्तन देखिनुमा प्रजाति र क्षणगत अन्तःसम्बन्ध आएको पाइन्छ । यसर्थ प्रजाति र क्षणगत अन्तःसम्बन्धका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

### ५.४.७ *जेली* उपन्यासमा प्रजाति र क्षणगत अन्तःसम्बन्ध

मोहनबहादुर मल्लको *जेली* (२०३९) उपन्यासमा सामाजिक, आर्थिक, धार्मिक, ऐतिहासिक, राजनीतिकजस्ता क्षेत्रका सन्दर्भ र ठग्नेकला, निमुखाप्रतिको व्यवहार, नारीप्रतिको चिन्तन, असमानता, सांसारिक बन्धन बिरूद्धका सङ्घर्ष युगचेतनाका रूपमा प्रस्तुत भएका छन् । उपन्यासमा प्रजातिगत वैशिष्ट्य र मानसिकता तथा क्षणगत युगसन्दर्भ र युगचेतनाका बिचमा गहिरो सम्बन्ध देखिन्छ । उपन्यासमा धनराजले आफ्नो स्वार्थपूर्ति दीनदासबाट नहुने देखेर काबाट निकाल्नु, ललिताले पिताको स्याहार गर्दा पढाइमा ध्यान दिन नसक्नु, गीताले आफू बिरामी पर्दा बूढी बज्यैलाई बाकसको साँचो दिनु, देवदास र गीताको प्रेमसम्बन्ध सफल नहुनु, गीतालाई दीनदासले सघाउँदा देवदासको मानसिकता बिग्रनु, ललिताले मानराजको जेलीपत्र च्यात्नु, मानसिक अवस्थतालाई शान्त पर्न ललिता दिनदासलाई लिएर सिनेमा हेर्न जानुजस्ता समकालीन सांस्कृतिक मूल्य र पात्रका मानसिकता आएका छन् । यसले उपन्यासमा प्रजाति र क्षणगत सम्बन्धलाई प्रकट गरेको देखिन्छ ।

*जेली* उपन्यासमा धनराजले दीनदासलाई गरेको व्यवहार प्रस्तुत भएको छ । उपन्यासमा दीनदास कामबाट निकालिँदा प्रकट गरेको सामूहिक भावनाको अभिव्यक्ति यसरी आएको छ- “हिजो पूजा गरेकोलाई आज निन्दा गर्नु, आज निन्दा गरेकोलाई भोली काँधमा चढाएर हिँड्नु यो त दूध-भात भयो नेपालेलाई” (४) । प्रस्तुत उद्धृतांशमा हिजो पूजा आज निन्दा, हिजो निन्दा आज पूजा गर्ने आम नेपाली प्रवृत्ति धनराजले दीनदासप्रति गरिएको व्यवहारलाई देखाइएको छ । उपन्यासमा काममा राखेका मानिसलाई प्रयोग गरी अर्थ सङ्कलन गर्ने मनसायको धनराज र काममा बसेर आज्ञापालन नगर्ने दीनदासजस्ता मानिसको मालिक र नोकरको सम्बन्ध व्यक्त भएको छ । उपन्यासमा धनराजले दीनदासको कार्य सम्पादन निरीक्षण गरेको थाह नपाउँदा पसलमा किनमेल गर्न आएका नगरवधुले उसलाई याद गर्नु है भनि दिएको सुझाव र धनराजले पसलमा किनमेल गर्न आएका नगरवधुलाई नाठा खोज्न हिंडेका बेतालहरू भन्नुमा त्यस समयका मानिसको चेतनास्तर प्रकट भएको छ । उपन्यासमा दीनदासले धनराज साहुलाई पसलको साँचो बुझाएर निस्कँदाको चित्रण यसरी व्यक्त भएको छ- “उनले दोकानको साँचो साहूलाई बुझाएपछि त्यहाँ कसैका मुखमा नहेरेर सरासर बाहिर निस्के” (५) । यस उद्धृतांशमा दीनदासले धनराजको अपमान

सहन नसकेर पसलको साँचो बुझाएर निस्कँदाको दुःखी मानसिकतालाई देखाइएको पाइन्छ । यसले दीनदासमा नयाँ जीवनशैली सञ्चालनको चेतना जागृत गरेको देखिन्छ ।

*जेली* उपन्यासमा प्रयुक्त पात्र गीताको जीवनशैलीले सदियौँदेखि चलिआएको सामाजिक सम्बन्धलाई प्रकट गरिएको छ । प्रस्तुत उपन्यासमा बाबुले लगाएको ऋण तिर्न गीताले सानो जागिर गरेर महिनाको पाँच रूपियाँ कटाउँदै गएको अवस्था र बाबुआमाले लगाएको ऋण छोराछोरीले तिर्नुपर्ने सामाजिक सन्दर्भमा सम्बन्ध देखिन्छ । यसै प्रसङ्गमा उपन्यासमा उच्च वर्गीय सामाजिक जालोबाट सिर्जित कारणले पिताको अन्त्यलाई गीताले यसरी प्रकट गरेको पाइन्छ- “आफ्नो पितालाई बिजुलीको तारमा समातेर मरेको भेट्टाइन्” (५६) । प्रस्तुत उद्धृतांशमा साहुको ऋण तिर्न नसकेर गीताका पिताले आत्महत्या गरेको सन्दर्भलाई देखाइएको छ । यसैका कारण गीता अरूको घरमा काम गर्न बाध्य हुनुमा क्षणगत अन्तःसम्बन्ध देखिन्छ । प्रस्तुत उपन्यासमा सामाजिक जीवनशैली सञ्चालनमा दम्पतीको भूमिका समान हुनुपर्ने, धनराजले दीनदासलाई निकाल्दा बनेपाबाट कपडा लिन आएका समूहबाट ठगिन पुग्नु, गीतालाई देवदासले धोका दिनु तथा पिताले जुवामा बाह्र सय रूपियाँ हारेर तिर्न नसक्दा आत्महत्या गर्नु, गीता पिताको रिन तिर्न साहुको घरमा कामदार बन्नुजस्ता सन्दर्भमा प्रजाति र क्षणगत अन्तःसम्बन्ध देखिन्छ। उपन्यासमा सबैतिरबाट निरास बनेकी गीतामा झुण्डिएर आत्महत्याको भावना पलाउँदाको अभिव्यक्ति यसरी आएको छ- “उनी चारैतिरबाट हताश, निराश बनिन्, उनलाई पनि उनकै पिताझैँ बिजुलीको तारमा झुण्डिएर मर्न मनलाग्यो” (५६) । प्रस्तुत उद्धृतांशमा सामाजिक समस्याबाट ग्रस्त बनेकी गीतामा पलाएको अन्त्यको भावनालाई देखाइएको छ । यसले गीतामा भावनात्मक परिवर्तन सिर्जना गरेको पाइन्छ ।

*जेली* उपन्यासमा दीनदास, देवदास, मानराज, धनराज, ललिता, गीताजस्ता पात्रका बाह्य र आन्तरिक विशेषतामा स्थान र समयको प्रभाव परेको छ । उपन्यासमा पात्रको जीवनमा परिवर्तन, सोचको विविधता, तत्कालीन निर्णयको क्षणिक लाभ र त्यसले भविष्यमा पार्ने परिणाम प्रकट भएका छन् । उपन्यासमा देवदासको पशुपति परिसरमा अवैध धन्दा, देवदासले गीतालाई र गीताले देवदासलाई पठाएको पत्र पढ्दा भाइको सम्बन्ध बिग्रन लागेको देखेर दाजु चिन्तित र ललिताले काठमाडौँमा जय नेपाल चलचित्र घरमा सिनेमा हेर्न जाँदा टिकट नमिलेर दोब्बर पैसा तिरेर सिनेमा हेरेको सन्दर्भमा प्रजाति र पर्यावरण तथा प्रजाति

र क्षणगत अन्तःसम्बन्ध पाइन्छ । यसर्थ प्रस्तुत उपन्यास प्रजाति र क्षणगत अन्तःसम्बन्धका दृष्टिमा महत्त्वपूर्ण देखिन्छ ।

### ५.४.८ *रामछायाँ* उपन्यासमा प्रजाति र क्षणगत अन्तःसम्बन्ध

मोहनबहादुर मल्लको *रामछायाँ* (२०६२) उपन्यासमा नेपालको प्राचीन इतिहास, सिञ्जाको इतिहास, राजकुमारको वीरता, आत्मीय प्रेमजस्ता सन्दर्भ र सुर्खेत जिल्लाअन्तर्गत घटित घटनामा केन्द्रित पक्ष क्षणका रूपमा आएका छन् । उपन्यासमा प्रजातिगत वैशिष्ट्य र मानसिकता तथा क्षणगत युगसन्दर्भ र युगचेतनाका बिचमा गहिरो सम्बन्ध रहेको छ । उपन्यासमा युगसन्दर्भको प्रयोगले समाजको विकास र परिवर्तनका लहरको पृष्ठभूमि निर्माण गरेको देखिन्छ । उपन्यासमा सामाजिक, ऐतिहासिक, राजनीतिक, सांस्कृतिकजस्ता क्षत्रमा घटित घटनागत सन्दर्भले प्रजातिमा परिवर्तनको पृष्ठभूमि निर्माण गर्दछ । प्रस्तुत उपन्यासमा वर्णित ऐतिहासिक घटना र तिथिमितिले नेपालको सामाजिक संरचना र राजनीतिक अवस्था प्रकट गरेका छन् । उपन्यासमा आएको 'सिञ्जापति कल्याण मल्लको रजाइँ' जस्तो ऐतिहासिक सन्दर्भले प्रजातिमा परिवर्तनको आवश्यकतालाई सङ्केत गरेको छ । उपन्यासमा तत्कालीन सामाजिक इतिहाससँग सम्बद्ध तिथिमितिसहितका घटनाक्रम विषयवस्तुसँग जोडिएर आएको अभिव्यक्ति यसरी प्रकट भएको छ- "वि.सं. १३७० श्रावण महिना, ठाउँ हो माल र हिमाल देखिने सुर्खेत नजिकको महाभारतको डाँडो, त्यो बेला यो क्षेत्र सिञ्जाको राज्यमा पर्दथ्यो, त्यतिखेर सिञ्जापति कल्याण मल्लको रजाइँ सिञ्जामा चलिरहेको थियो, सिञ्जापतिले उनका काका राजा रिपु मल्ललाई वि.सं. १३६९ फागुनमा काठमाडौं उपत्यकामा सिर्तो उठाउन पठाएका थिए" (११) । यस उद्धृतांशमा सिञ्जाराज्य बलियो रहेकाले काठमाडौँमा सिर्तो उठाएको सन्दर्भलाई देखाइएको छ । यसले प्रजातिमा परिवर्तनको पृष्ठभूमि निर्माण गरेको छ । प्रस्तुत सन्दर्भले आर्थिक परिवेशले पात्रमा पारेको प्रभाव र परिवर्तनको लागि सामूहिक चेतना निर्माणमा पृष्ठभूमिको कार्य गरेको छ । यसले समाजको आर्थिक असमानतालाई प्रकट गरेको देखिन्छ ।

*रामछायाँ* उपन्यासमा उपन्यासमा युगसन्दर्भ र युगचेतनाको प्रयोग भएको पाइन्छ । यसले उपन्यासमा समाजको विकास र परिवर्तनका लहरलाई सङ्केत गरेको देखिन्छ । उपन्यासमा प्रयुक्त यस्ता विषयले सामाजिक परिवर्तनका लागि प्रजातिमा आवश्यक नयाँ सोंचको विकास गरी युवापुस्तालाई सकारात्मक परिवर्तनको प्रेरणा दिएका छन् । उपन्यासमा

प्राकृतिक र सामाजिक परिवेशको असरले पात्रहरूको व्यवहार र विचारमा गहिरो प्रभाव पार्दछ । यसले प्रजातिको संरचना र मानसिकतामा प्रभाव पारी समाजमा परिवर्तन आउँछ । उपन्यासमा पात्रहरूको संघर्षलाई चित्रित गर्दै सामाजिक परिवर्तन र प्रजातिको गतिशीलतालाई समेटिएको छ । यसै प्रसङ्गमा परम्परागत सोचलाई छोडेर नयाँ विचार र प्रविधिलाई अपनाउनुपर्ने औपन्यासिक अभिव्यक्तिले समयगत गतिलाई प्रकट गरेको छ । उपन्यासभित्र आएका यिनै प्रसङ्गले प्रजातिको संरचनामा परिवर्तन ल्याउने प्रक्रियालाई दर्शाउँछ । प्रस्तुत उपन्यासमा नेपालको इतिहासमा वर्णित तिथिमितिसहितको घटनालाई यसरी प्रकट गरिएको छ- "नागराजका छैठौं टोपीमा क्राचल्लदेव राजा बन्दछन् ...यिनका नाती जीतारी मल्लले वि.सं. १३४४ र १३४५ दुई हिउँदमा नेपाल उपत्यकामा हमला गरेर त्यहाँका राजाले सिञ्जालाई कर तिर्ने गराउँछन् ... सिञ्जापती कल्याण मल्लको समयमा राजा रिपु मल्ल राजकर उठाउन काठमाडौं उपत्यका जान्छन्" (३१-३२) । यस उद्धृतांशमा नागराज, क्राचल्लदेव, जीतारी मल्ल, कल्याण मल्ल, रिपु मल्लजस्ता मल्ल राजामा क्रमिक रूपमा पूर्वजका पैतृक गुण सर्दै आएका कारण काठमाडौँ उपत्यकामा राजकर उठाएको अभिव्यक्तिलाई देखाइएको छ । यसले एकातिर युगसन्दर्भलाई र अर्कोतिर सङ्घर्षबाट परिवर्तन हुने विषयलाई प्रकट गरेको छ । प्रस्तुत अभिव्यक्तिले युगसन्दर्भ र युगचेतनालाई एकसाथ जोडेको छ ।

रामछायाँ उपन्यासमा गाउँको सांस्कृतिक गतिविधि, चाडपर्व र परम्परागत मूल्यको चित्रण गरिएको छ । उपन्यासमा राउटे र कुसुण्डा प्रजातिको चाडपर्व मनाउने तरिका र परम्परागत मूल्यलाई देखाइएको छ । यसले प्रजातिमा विद्यमान रहेका चाडपर्व मनाउने पद्धति, सामाजिक एकता र सद्भावका भावनालाई प्रकट गरेका छन् । प्रस्तुत उपन्यासमा चाडपर्वका अवसरमा गरिने पूजा, सामूहिक उत्सव र परम्परागत संस्कारले गाउँको सामूहिक जीवनमा प्रभाव पारेको देखिन्छ । उपन्यासमा परम्परागत ढङ्गबाट चाडपर्व मनाएको प्रसङ्गले सांस्कृतिक महत्त्वलाई बोध गराएको छ । उपन्यासमा पात्रको युगीन सोंचमा परिवर्तन आएको छ । उपन्यासमा युगसन्दर्भको प्रभावलाई पात्रगत अनुभव र संघर्षबाट सामाजिक परिवर्तनलाई देखाइएको छ । उपन्यासमा पात्रले परम्परागत सोचलाई छोडेर आधुनिक सोंचलाई अवलम्बन गर्नुबाट परिवर्तनगत युगचेतना प्रकट भएको पाइन्छ । उपन्यासमा प्रजाति परिवेशबाट प्रभावित भई युगसन्दर्भको पृष्ठभूमि निर्माण भएर युगचेतना

सिर्जित भई सामाजिक परिवर्तन सम्भव भएको देखाइएको छ । यसले प्रजाति र क्षणका बिच अन्तःसम्बन्ध रहेको कुरा स्प्रष्ट हुन्छ ।

रामछायाँ उपन्यासमा प्रजाति र क्षणका बिचमा स्पष्ट अन्तःसम्बन्ध रहेको पाइन्छ । प्रस्तुत उपन्यासले समाजको समृद्धि र परिवर्तनको अवस्थालाई प्रकट गरेको छ । यस उपन्यासमा प्रयुक्त पात्रका विचार, वार्तालाप र घटनाले सामाजिक र ऐतिहासिक दृष्टिकोण प्रस्तुत गरेका छन् । प्रस्तुत उपन्यासमा सिञ्जाबाट प्रेषित पत्रको प्रतिउत्तरपत्र राउटीबाट सिञ्जातर्फ प्रेषित हुनु, सङ्ग्राम मल्लले पानी पिउने तामाको भाँडो, रती र लटीलाई युवराजको उपहार, प्रेमप्रणय, रती र लटी दुबैका आमा दरबारबाट भागेका सती भएको र रगतको सम्बन्ध रहेकाले युवराजसँग विवाह हुन नसक्नेजस्ता चित्रणमा प्रजाति र क्षणगत अन्तःसम्बन्ध रहेको पाइन्छ । यसर्थ प्रजाति र क्षणगत अन्तःसम्बन्धका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

मोहनबहादुर मल्लका माथि विश्लेष्य उपन्यासमा प्रयुक्त प्रजाति र क्षणमा बाह्य र आन्तरिक सामूहिक भावनामा एकअर्काका बिचमा अन्तःसम्वन्ध रहेको देखिन्छ । उनका उपन्यासमा प्रयुक्त प्रजातिगत पात्रका वैशिष्ट्य र मानसिकता तथा क्षणगत युगसन्दर्भ र युगचेतना एकअर्कामा प्रभावित भएको पाइन्छ । उपन्यासमा प्रयुक्त सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक, ऐतिहासिकजस्ता घटनासन्दर्भले प्रजातिगत पात्रका मनोभावना परिवर्तनमा पृष्ठभूमि निर्माण गरेको भेटिन्छ । त्यही पृष्ठभूमिमा आधारित भई परिवर्तित प्रजातिगत पात्रका सोंचबाट घटना घटित भई परिबर्तन आएको देखिन्छ । मल्लका उपन्यासमा प्रयुक्त प्रजातिगत पात्रका कार्यगत घटनाले कारण र प्रभावलाई प्रकट गरेका छन् । उपन्यासमा आएका प्रजातिगत पात्रबाट घटित घटनामा सामाजिक संरचना र राजनीतिक परिवेशका बिच अन्तःसम्वन्ध रहेको भेटिन्छ । उनका उपन्यासमा स्थान र घटनागत समयको सम्बन्ध रहेको पाइन्छ । यसर्थ प्रजाति र क्षणका बिचको अन्तःसम्बन्धका दृष्टिले मल्लका उपन्यास महत्त्वपूर्ण छन् ।

### ५.५ निष्कर्ष

मोहनबहादुर मल्लका उपन्यासमा ग्रामीण तथा सहरिया समाजका आर्य र अनार्यगत पहिचान भएका प्रजातिगत पात्रका बाह्य र आन्तरिक मनोभाव प्रकट भएका छन् । राणाकालीन समाजमा व्याप्त अत्याचारबाट निर्मित समतामूलक मानसिकता भएका

प्रजातिगत पात्रको प्रयोग उनका विश्लेष्य उपन्यासमा गरिएको देखिन्छ । मल्लका उपन्यासमा प्रयुक्त पात्र र समाजका बिचमा अन्तःसम्बन्ध रहेको पाइन्छ । उनका उपन्यासमा समाजबाट अपहेलित विधवा र दलित महिलाप्रति पात्रको मनोभावनामा परिवर्तन आएको देखिन्छ । मल्लका उपन्यासमा समाजका अन्यायपूर्ण व्यवहार, आर्थिक विभेद र विभेदकारी विधानले प्रजातिमा पारेको प्रभाव प्रस्तुत भएका छन् । उनका समग्र उपन्यासमा प्रयुक्त प्रजातिगत पात्रका बाह्य रूपाकृतिगत र आन्तरिक मनोभावगत वैशिष्ट्यमा स्थान र समयले प्रभाव पारेको स्पष्ट हुन्छ । उपन्यासमा प्रयुक्त पात्रका बाह्य र आन्तरिक वैशिष्ट्यमा प्रर्यावरणको प्रभाव परेको पाइन्छ । उनका उपन्यासमा स्याङ्जा र आँधीखोला आसपास, काठमाडौँ र आसपास, भारतका केही स्थान, कास्की र पोखरा आसपास, पाल्पा र आसपास, पूर्व टिष्टा, पश्चिम गण्डकी र आसपास, सिञ्जा, सुर्खेत र आसपासका प्रकृतिप्रदत्त र मानवनिर्मित पर्यावरणको प्रयोग गरिएको छ । त्यसले पात्रका सामाजिक जीवनशैलीमा पारेको प्रभाव र त्यसबाट निर्मित मानसिकता प्रकट भएका छन् ।

मल्लका उपन्यासमा प्रयुक्त पात्रमा सामाजिक अन्यायबाट उत्पन्न दुःख, राउटे र कुसुण्डाको मौलिक पहिचान, शैक्षिक अभाव, गतिशीलतामा अड्चन, सामाजिक-सांस्कृतिक जीवनशैलीमा स्थान र समयको प्रभाव परेको देखिन्छ । सामाजिक, राजनीतिक तथा ऐतिहासिक मितिसहितका सन्दर्भ र घटनाक्रम मल्लका उपन्यासमा आएका छन् । उनका उपन्यासमा प्रयुक्त राणाकाल तथा पञ्चायतकालका युगसन्दर्भबाट निर्मित पृष्ठभूमिबाट सिर्जित परिवर्तनका युगचेतनाका बिचमा अन्तःसम्बन्ध पाइन्छ । मल्लका उपन्यासमा तत्कालीन समाजमा विद्यमान दासप्रथा, सतीप्रथा, नारीशोषण र ऐतिहासिक सन्दर्भका बिच अन्तःसम्बन्ध देखिन्छ । उनका उपन्यासमा शासनकालका निरंकुशताबाट उत्पन्न पात्रगत मनोदशाको चित्रण भेटिन्छ । मल्लका उपन्यासमा प्रयुक्त पात्रमा पर्यावरणले पारेको प्रभावबाट निर्मित पृष्ठभूमि र त्यसबाट उत्पन्न परिवर्तनको चेतनामा अन्तःसम्बन्ध प्रकट भएको पाइन्छ ।

मल्लका उपन्यासमा प्रजाति र पर्यावरण तथा प्रजाति र क्षणका बिचमा अन्तःसम्वन्ध देखिन्छ । उनका विश्लेष्य उपन्यासमा प्रयुक्त घटनाका कारण र प्रभाव प्रकट भएका छन् । प्रस्तुत उपन्यासमा आएका प्रजातिगत पात्र र घटना सामाजिक संरचना र राजनीतिक परिवेशसँग सम्बद्ध रहेका छन् । उपन्यासलेखन स्थान र घटनागत समयको

अन्तःसम्बन्धले मल्लका समग्र उपन्यासको मूल्य र प्रभावलाई स्थापित गरेका छन् । उनका उपन्यासमा राणा, पञ्चायत हुँदै प्रजातन्त्र कालखण्डको समाजबाट ग्रहण गरिएका सामाजिक तथा ऐतिहासिक यथार्थमा आधारित वस्तुअनुरूपका प्रजातिगत पात्र, त्यससँग मिल्दो पर्यावरण र समय सान्दर्भिक क्षणको अङ्कन गरिएका छन् । उनका समग्र उपन्यास राणा, पञ्चायत र प्रजातन्त्र कालखण्डविशेषका वैचारिक अभिलेख बन्न पुगेका छन् । माथि विश्लेष्य सामाजिक तथा ऐतिहासिक यथार्थमा आधारित उपन्यास प्रजाति, पर्यावरण र क्षणगत अन्तःसम्बन्धका दृष्टिले प्रभावकारी देखिन्छन् । यसर्थ प्रजाति, पर्यावरण र क्षणको सफल प्रयोगका साथै तिनका बिचको अन्तःसम्बन्धका दृष्टिले मल्लका उपन्यास महत्त्वपूर्ण रहेका छन् ।

# छैटौँ परिच्छेद
# सारांश तथा निष्कर्ष

## ६.१ सारांश

*मोहनबहादुर मल्लका उपन्यासमा प्रजाति, पर्यावरण र क्षण* शीर्षकमा आधारित शोधप्रबन्धको पहिलो परिच्छेद *शोधपरिचय* रहेको छ । प्रस्तुत शीर्षकअन्तर्गत विषयपरिचय, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य र महत्त्व, शोधको सीमाङ्कन, शोधविधिमा सामग्री सङ्कलनविधि र विश्लेषणविधि तथा शोधप्रबन्धको परिच्छेदगत रूपरेखा समावेश गरिएको छ । प्रस्तुत अध्ययनको विषयपरिचयमा मल्लका उपन्यास र सैद्धान्तिक मान्यताको परिचय दिइएको छ । तेनको साहित्यको समाजशास्त्रीय सैद्धान्तिक मान्यता प्रजाति, पर्यावरण र क्षणका आधारमा मल्लका उपन्यासको अनुसन्धानमूलक अध्ययन नहुनु मुख्य समस्या हो । प्रस्तुत मूल समस्याको समाधानार्थ मल्लका उपन्यासमा प्रजाति, पर्यावरण र क्षण के, कसरी र कस्तो रूपमा आएको छ र यसको अन्तःसम्बन्ध कस्तो छ ? भन्ने प्राज्ञिक जिज्ञासाको उत्तरका लागि मल्लका उपन्यासमा प्रजाति, पर्यावरण र क्षणको विवेचना, विश्लेषणका साथै तिनका बिचको अन्तःसम्बन्धको मूल्याङ्कन गरी समस्यागत रिक्तताको परिपूर्ति गर्ने कार्य यसमा गरिएको छ ।

मल्लका उपन्यास र साहित्यको समाजशात्रीय मान्यतामा आधारित पूर्वकार्यको समीक्षा गरी अध्ययनको समस्यागत रिक्तताको खोजी गर्ने काम प्रस्तुत शोधकार्यमा गरिएको छ । तेनको मान्यताका आधारमा आजसम्म अध्ययन नभएको समस्यागत रिक्तताको परिपूर्तिका लागि मल्लका उपन्यासमा प्रयुक्त प्रजाति, पर्यावरण र क्षणको विवेचना, विश्लेषणका साथै तिनका बिचको अन्तःसम्बन्धको मूल्याङ्कन प्रस्तुत शोधकार्यको औचित्य र महत्त्व रहन गएको छ । प्रस्तुत शोधकार्यमा पुस्तकालयीय अध्ययनकार्यबाट सङ्कलित प्राथमिक तथा द्वितीयक स्रोतका सामग्रीको गुणात्मक पद्धतिमा रही विषयवस्तुको विश्लेषण गरिएको छ । प्रजातिगत वैशिष्ट्य र मानसिकता, प्राकृतिक र सामाजिक पर्यावरण तथा क्षणगत युगसन्दर्भ र युगचेतनाका साथै तिनका बिचको अन्तःसम्बन्धका आधारमा मल्लका

उपन्यासको विवेचना, विश्लेषण तथा मूल्याङ्कनसहितको परिच्छेदगत ढाँचा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धको दोस्रो परिच्छेदमा *मोहनबहादुर मल्लका उपन्यासमा प्रजाति* शीर्षक रहेको छ । तेनले साहित्यमा प्रजातिको उपस्थितिलाई सहज रूपमा आउने वंशानुगत गुण मानेका छन् । उनले यस्ता गुण आनुवंशिक रूपमा लिएर आउने तथ्य प्रस्तुत गर्दछन् । तेनले प्रजातिको व्याख्या सहज वंशानुगत विशेषता, स्वभाव, शरीर संरचनाका रूपमा गर्दछन् । उनले प्रजातिअन्तर्गत प्रजातिगत वैशिष्ट्य र मानसिकताको चर्चा गरेका छन् । तेनले प्रजातिको विशिष्ट चेतनागत सौन्दर्यानुभूति चरित्रमा देखापर्ने बताएका छन् । उनले लेखकमा आफ्नो प्रजातिगत विशेषता विद्यमान रहेको हुन्छ र साहित्य सिर्जनाका सन्दर्भमा त्यसको प्रभाव पर्दछ । तेनले लेखक आफ्ना रचनाको सामग्री आफ्नो प्रजातिबाट नै ग्रहण गर्ने बताएका छन् । प्रस्तुत परिच्छेदमा प्रजातिगत वैशिष्ट्य र मानसिकताका आधारमा मल्लका उपन्यासको अध्ययन गरिएको छ ।

*उजेली छामा* उपन्यासमा विवाहका सन्दर्भमा उजेलीलाई दिएको यातना र सुवर्णध्वजले खेप्नु परेको झुट्टा मुद्दाबाट सिर्जित दुःखलाई देखाइएको छ । *मायारानी* उपन्यासमा मायाप्रेम बसेको ललितसँग नभई मायारानीको विवाह चौतरियासँग हुँदा उत्पन्न पीडालाई प्रकट गरिएको छ । *पञ्चायत* उपन्यासमा सान्नानीलाई जेठाजु अंशभाग नदिएर घरबाट निकाल्दा पञ्चायतले न्याय दिन नसकेको र नयाँ साहुले प्रमुखका नाममा निमुखा मानिसलाई दिएको दुःखलाई उद्घाटन गरिएको छ । *समयको हुरी* उपन्यासमा विभेदअन्त्य र समतामूलक समाजनिर्माणमा सक्रिय प्रभाकर, न्यूजी पद्मी, विद्याआदिलाई आमा, लक्ष्मीधर, र ज्ञानीका आमाछोरीले दिएको पीडालाई व्यक्त गरिएको छ । *भुमरी* उपन्यासमा किरण, कुमारी आमा, बालविधवा गङ्गा अनि जमुनाका पीडालाई प्रस्तुत गरिएको छ । *बहादुर नजर* उपन्यासमा बहादुर शाहलाई दरबारले गरेको अन्यायको चित्रण गरिएको छ । *जेली* उपन्यासमा धनराजले दीनदासलाई मानराजले ललितालाई र देवदासले गीतालाई गरेको अपमान तथा रिठ्ठे, लुठेजस्ताका गास, बास र कपासबिहिन मानिसको दयनीय स्थितिको चित्रण गरिएको छ । *रामछायाँ* उपन्यासमा सिञ्जा राज्यको शक्ति, राजकुमारको वीरता, आत्मीय प्रेम तथा राउटे र कुसुण्डाका जीवनशैलीलाई देखाइएको छ । प्रस्तुत चित्रणमा प्रजातिगत वैशिष्ट्य र मानसिकता उद्घाटन गएिको छ ।

मल्लका उपन्यासमा आएका आर्य र अनार्य प्रजातिका पात्रहरू समाज परिवर्तनको दिशातर्फ उन्मुख भएका छन् । उनका उपन्यासमा आएका पात्रको शारीरिक तथा मानसिक क्रियाकलापले उनीहरूको लवाइखवाइ, चिन्तन, सामाजिक र धार्मिक संस्कृतिको पहिचान दिएका छन् । उपन्यासमा आएका केही पात्रको नाम र थर तथा केहीको नाम वा थर मात्र खुलाइएको छ । उनका कतिपय उपन्यासमा विदेशी नामका पात्र आएको हुँदा तिनको थर स्पष्ट हुन सकेको छैन । मल्ल स्वयम खसआर्य ठकुरी प्रजातिअन्तर्गतको रहेकाले उनका उपन्यासमा पनि यसै प्रजातिअन्तर्गतका पात्रको बाहुल्यता रहेको पाइन्छ । उनका उपन्यासमा तत्कालीन समाजको जीवनशैली झल्किने प्रजातिका पात्रको प्रयोग भएको भेटिन्छ । उपन्यासमा सामाजिक अन्धविश्वास एवम् रूढिवादी गुणका पात्रबाट जातभात र छुवाछुतका व्यवहार प्रस्तुत भएका छन् । उनका उपन्यासमा आएका पात्रमा आ-आफ्नै स्वभावगत गुणका समान तथा असमान पक्षले प्रभाव पारेको देखिन्छ । उपन्यासमा आएका पात्रमध्ये अधिकांश प्रजातिले हिन्दू धर्म र केहीले मात्र क्रिश्चियन तथा बौद्ध धर्म अपनाएको पाइन्छ । उनका उपन्यासमा आएका विविध प्रजातिमा आ-आफ्नै किसिमका मौलिक एवम् स्वभावगत विशेषता झल्किएको छ । उपन्यासमा आएका पात्रमा विद्यमान समाजका चिन्तन, मानवीय स्वतन्त्रता तथा स्वाभिमानको प्रभाव परेको देखिन्छ । उनका उपन्यासमा आएका केही पात्रमा पलाएको प्रेमप्रणय, विवाह तथा यौनलिप्सामा प्रजातिगत वैशिष्ट्य झल्किएको पाइन्छ । मल्लका उपन्यासमा राणा, पञ्चायत र प्रजातन्त्र कालखण्डको शासनव्यवस्थाका विभेद र निरंकुशताबाट घटित घटनाले परिवर्तनका लागि प्रजातिगत पात्रमा क्रान्तिकारी चेतना निर्माण गरेको देखिन्छ ।

प्रस्तुत शोधप्रबन्धको तेस्रो परिच्छेदमा *मोहनबहादुर मल्लका उपन्यासमा पर्यावरण* शीर्षक रहेको छ । तेनले साहित्यिक कृतिमा प्राकृतिक पर्यावरणका साथमा सामाजिक पर्यावरण आउने कुरा बताएका छन् । उनले प्राकृतिक पर्यावरणबाट मानवीय स्वभाव बन्ने र त्यही स्वभावको अभिव्यक्ति साहित्यमा प्रकट हुने विचार प्रस्तुत गरेका छन् । यिनी समाजमा मान्छे एक्लो नहुने र प्राकृतिक तथा सामाजिक पर्यावरणद्वारा चारैतिरबाट घेरिने कुरा गर्छन् । साहित्यिक कृतिमा प्रकृतिप्रदत्त पक्ष प्राकृतिक पर्यावरणका रूपमा र मानवनिर्मित पक्ष सामाजिक पर्यावरणका रूपमा आएका हुन्छन् । प्रस्तुत परिच्छेदमा प्राकृतिक र सामाजिक पर्यावरणका आधारमा मल्लका उपन्यासको विश्लेषण गरिएको छ ।

*उजेली छ्यामा* उपन्यासमा स्याङ्जा आसपासको प्रकृति र सुवर्णध्वजलाई त्यहाँको भौगोलिक विशेषता वहन गर्ने पात्र, उजेलीलाई विवाहका सन्दर्भमा समाजले दिएको पीडा र झुट्टा मुद्दामा सुवर्णध्वजलाई दिएको दुःख प्रकट गरिएको छ । *मायारानी* उपन्यासमा काठमाडौँ आसपासको प्रकृति र माया बसेको ललितसँग मायारानीको विवाह नभई चौतरियासँग हुँदा उत्पन्न मनोदशा व्यक्त गरिएको छ । *पञ्चायत* उपन्यासमा कास्की हात्तीसुँडे डाँडा आसपासको प्रकृति र सान्नानीलाई जेठाजुले अंशभाग नदिएर घरबाट निकाल्दा पञ्चायतले न्याय नदिएको तथा नयाँ साहुले अनेक बहानमा निमुखा मानिसलाई दुःख दिएको उद्‌बोध गरिएको छ । *समयको हुरी* उपन्यासमा पाल्पा आसपासको प्रकृति र विद्यामती, पद्‌मी, प्रभाकर र न्यूजीलाई आमा, लक्ष्मीधर र ज्ञानीका आमाछोरीले दिएको दुःखलाई प्रकट गरिएको छ । *भुमरी* उपन्यासमा काठमाडौँ आसपासको प्रकृति र किरण, आमा, गङ्गा र जमुनाका सामाजिक व्यवधानलाई व्यक्त गरिएको छ । *बहादुर नजर* उपन्यासमा गण्डकी आसपासको प्रकृति र बहादुर शाहलाई दरबारले गरेको अन्याय प्रस्तुत गरिएको छ । *जेली* उपन्यासमा काठमाडौँ आसपासको प्रकृति र धनराजले दीनदासलाई, मानराजले ललितालाई देवदासले गीतालाई गरेको अपमान तथा रिठ्ठे र लुठेका जीवनयापनशैली प्रकट गरिएको छ । *रामछायाँ* उपन्यासमा सुर्खेतको जङ्गल आसपासको प्रकृति र सिञ्जाको शक्ति, राजकुमारको वीरता, आत्मीय प्रेम तथा राउटे र कुसुण्डाका जीवनयापनशैली उद्‌बोधन गरिएको छ ।

मल्लका उपन्यासमा धामीझाँक्री र जडिबुटीबाट जीवनरक्षा, फूलबारी, समथर भूभाग, खोँच, पर्वत, चुचुरा, हिमाल, नदी, चन्द्रमा, सूर्योदयजस्ता प्रकृतिप्रदत्त चित्रण, अड्‌डाका कर्मचारीको कार्यशैली, अन्तर्जातीय प्रेम, समाजका मूल्यमान्यता, रीतिरिवाज र रहनसहन, ढिँकीजाँतो, घाँसदाउरा, गाईवस्तु, अँगेनोजस्ता सामाजिक चित्रण, विविध चाडपर्व मनाउनु, विवाहमा जातभातको ख्याल गर्नु, विवाहमा नौमती बाजा बजाउनु, दियो बाल्नु, कलश भर्नु, सिलोक हाल्नु, जन्तीलाई टिकोटालो गर्नु, वरलाई दहीको सगुन खुवाएर वधुको घरतर्फ पठाउनु, ज्योतिषीसँग चिना हेराउनुजस्ता धार्मिक चित्रण, पुरूषले कमिज, पाइन्ट, लुङ्गी र कछारजस्ता कपडा लगाउनु, महिलाले गुन्यू, चोलो र पटुकाजस्ता चित्रण, श्रृङ्गारमा ढुङ्ग्री, बुलाकी, शिरफूल, कण्ठहार तथा हातमा सुनका बाला, गोडामा सुनको कल्ली लगाउनु एवम् ऐना, चुरा, सिंदूर, पोते, काइँयोजस्ता भेषभूषागत चित्रणमा प्राकृतिक तथा सामाजिक पर्यावरण उद्‌घाटन गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धको चौथो परिच्छेदमा *मोहनबहादुर मल्लका उपन्यासमा क्षण* शीर्षक रहेको छ । तेनले साहित्यिक कृति रचनाको मूल कारण नै क्षणलाई मानेका छन् । उनले कृतिमा व्याप्त सिङ्गो कालखण्डलाई क्षणका रूपमा लिएका छन् । यिनी साहित्यकारलाई युगको सत्यलाई साक्षात्कार गराउने मध्यस्थकर्ता मान्दछन् । कुनै पनि कृतिको रचना वा जन्म निश्चित समय वा कालमा हुन्छ । कृतिकार बाँचेको समयको सान्दर्भिक अनुभूति कृतिमार्फत् प्रस्तुत हुन्छ । स्रष्टालाई कृतिरचनामा प्रेरित गर्ने समयको सानो विन्दु क्षण हो । क्षणले कृतिकारलाई उत्प्रेरणा जगाइदिन्छ र कृति सामाजिक विचारका रूपमा प्रकट हुन्छ । कृतिरचना कार्यका रूपमा स्थापित हुने कारणलाई नै कृतिरचनाको प्रेरक क्षण मानिन्छ । सामाजिक आधार कारण हो भने साहित्यको जन्म कार्य हो । प्रस्तुत परिच्छेदमा क्षणगत युगसन्दर्भ र युगचेतनाका आधार मल्लका उपन्यासको विश्लेषण गरिएको छ ।

*उजेली छाामा* उपन्यासमा सौतेनी आमा र पण्डितका स्वार्थी क्रियाकलापका कारणबाट उजेली, पातली, सुवर्णध्वज, साहिँलो मुखियाजस्तामा उत्पन्न दुःखलाई प्रकट गरिएको छ । *मायारानी* उपन्यासमा माया बसेको ललितसँग मायारानीको विवाह नभई चौतरियासँग हुँदा उत्पन्न दुःखलाई व्यक्त गरिएको छ । *पञ्चायत* उपन्यासमा सान्नानीलाई हरिहरले अंशभाग नदिएर घरबाट निकाल्दा पञ्चायतले न्याय दिलाउन नसकेको तथा नयाँ साहुले निमुखालाई दुःख दिएको देखाइएको छ । *समयको हुरी* उपन्यासमा विद्यामती, प्रभाकर र न्यूजी समतामूलक शिक्षित समाजनिर्माण सक्रिय र आमा, लक्ष्मीधर र ज्ञानीका आमाछोरी विरोधमा लागेको उद्घाटन गरिएको छ । *भुमरी* उपन्यासमा किरण, आमा, बालविधवा गङ्गा अनि जमुनाका चिन्तन प्रकट गरिएको छ । *बहादुर नजर* उपन्यासमा बहादुर शाहलाई दरबारले अन्याय गरेको देखाइएको छ । *जेली* उपन्यासमा धनराज, मानराज, दीनदास, देवदास, ललिता, गीता, रिठ्ठे र लुठेका जीवनशैलीगत चिन्तन प्रस्तुत गरिएको छ । *रामछायाँ* उपन्यासमा राजकुमारको वीरता, आत्मीय प्रेम तथा राउटे र कुसुण्डाका जीवनशैलीगत चिन्तन व्यक्त गरिएको छ । प्रस्तुत उपन्यासभित्रका यिनै क्रियाकलापमा युगसन्दर्भ र युगचेतना उद्घाटन गरिएको छ ।

मल्लका उपन्यासमा राणा, पञ्चायत र प्रजातन्त्र कालखण्डका घटनालाई क्षणका रूपमा प्रकट गरिएको छ । उनका उपन्यासमा तत्कालीन सामाजिक जनजीवनमा घटेका

घटना, युगीन पीडा, नारीशोषण, गुरूकुलीन शिक्षाका सन्दर्भ क्षणका रूपमा आएका छन् । उपन्यासमा राणा, पञ्चायत र प्रजातन्त्र कालखण्डको शासनव्यवस्थाबाट सिर्जित जनहित बिरोधी क्रियाकलाप र जनमानसमा उत्पन्न परिवर्तनरूपी क्रान्तिचेतना क्षणका रूपमा अभिव्यक्त गरिएको छ । मल्लका उपन्यासमा २००७ सालअगाडि र पछाडि घटेका आर्थिक, सामाजिक, राजनीतिक तथा ऐतिहासिक घटनामा क्षणगत युगसन्दर्भ र युगचेतना उद्घाटन गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धको पाँचौं परिच्छेदमा *मोहनबहादुर मल्लका उपन्यासमा प्रजाति, पर्यावरण र क्षणगत अन्तःसम्बन्ध* शीर्षक रहेको छ । साहित्यिक कृतिमा विषय, घटनाक्रम र पात्रका बिचमा कुनै निश्चित समय र समाजका सीमाभित्र स्थापित मूल्यमान्यतागत तालमेल रहेको हुन्छ । तेनले साहित्यमा समाज र मानवजीवनको प्रतिबिम्वन हुने कुरा बताएका छन् । उनले लेखक, समाज र साहित्यका बिचमा कार्यकारण अन्तःसम्बन्ध रहने कुरा व्यक्त गरेका छन् । यिनी प्रजाति, पर्यावरण र क्षण एकअर्कासँग अन्तःसम्बन्धित हुने कुरा बताउँछन् । उनले जसरी कुनै उचाइबाट झरना झरेर उचाइअनुसार धारहरू गहिराइमा पुगेजस्तै प्रजाति, पर्यावरण र क्षणका लप्काहरू मानव सभ्यतामा निरन्तर रूपमा आइरहने र तिनका बिचमा अन्तःसम्बन्ध रहने कुरा व्यक्त गरेका छन् । प्रस्तुत परिच्छेदमा प्रजाति र पर्यावरण तथा प्रजाति र क्षणगत अन्तःसम्बन्धका आधारमा मल्लका उपन्यासको मूल्याङ्कन गरिएको छ ।

मल्लको *उजेली छ्यामा* उपन्यासमा स्याङ्जा आसपास, *मायारानी* उपन्यासमा काठमाडौं आसपास, *पञ्चायत* उपन्यासमा कास्की आसपास, *समयको हुरी* उपन्यासमा पाल्पा आसपास, *भुमरी* उपन्यासमा काठमाडौं आसपास, *बहादुर नजर* उपन्यासमा गण्डकी आसपास, *जेली* उपन्यासमा काठमाडौं आसपास र *रामछायाँ* उपन्यासमा सुर्खेत आसपासको प्राकृतिक र सामाजिक जीवनशैलीगत चित्रणमा प्रजाति र पर्यावरण तथा प्रजाति र क्षणगत अन्तःसम्बन्ध प्रकट गरिएको छ । *उजेली छ्यामा, पञ्चायत* र *समयको हुरी* उपन्यासमा ग्रामीण समाजको सामाजिक सन्दर्भ, *भुमरी* र *जेली* उपन्यासमा काठमाडौंको सहरिया समाजको सामाजिक सन्दर्भ तथा *मायारानी, बहादुर नजर* र *रामछायाँ* उपन्यासमा ग्रामीण र सहरिया समाजको चित्रणमा प्रजाति र पर्यावरण तथा प्रजाति र क्षणगत अन्तःसम्बन्ध व्यक्त गरिएको छ । उपन्यासमा महिलाप्रति तिरस्कार, अन्यायबाट उत्पन्न दुःख, राउटे र कुसुण्डाका मौलिक

पहिचान खुलेका छन् । उपन्यासमा समाज र पात्रका बिचमा तथा प्रजाति, पर्यावरण र क्षणका बिचमा अन्तःसम्बन्ध प्रकट भएको छ ।

मल्लका उपन्यासमा ग्रामीण तथा सहरिया समाजका आर्य र अनार्य प्रजातिको पहिचान बाकेका पात्रको उपस्थिति, तिनका मनोभावगत जीवनछायाँ, प्रजातिमा एकआपसमा दोहोरो सम्बन्ध एवम् मिश्रित प्रजातिगत स्वभाव र विशेषता आएका छन् । उपन्यासमा राणा, पञ्चायत र प्रजातन्त्र कालखण्डको समाजमा व्याप्त अत्याचारपूर्ण व्यवहारमा सुधार ल्याउन प्रयत्न गर्ने पात्रका समतामूलक मानसिकतामा अन्तःसम्बन्ध प्रकट गरिएको छ । उपन्यासमा समाजबाट अपहेलित विधवा र दलित महिलाप्रतिको सहानुभूतिमा अन्तःसम्बन्ध देखिन्छ । उपन्यासमा मानवसमाजका आर्थिक विभेद र राज्य तहबाट बनेका विभेदकारी विधान तथा त्यसले मानवजातिमा पारेको प्रभावमा अन्तःसम्बन्ध व्यक्त गरिएको छ । उनका उपन्यासमा महिला पात्रका वेदना र विधवाप्रतिको अपमानका घटना समाजसँग अन्तःसम्बन्धित देखिन्छन् । उनका उपन्यासमा सामाजिक, सांस्कृतिक, राजनीतिक, शैक्षिक, ऐतिहासिकआदि क्षेत्रका मितिसहितका घटना, राष्ट्रियताका घटना तथा दासप्रथाको चित्रणमा क्षणगत अन्तःसम्बन्ध भेटिन्छ । उपन्यासमा दोषपूर्ण समाजका कारण सङ्कटपूर्ण जीवनशैली सिर्जना हुनु र नारीपात्रले भोग्नुपरेका अन्यायपूर्ण क्रियाकलापमा क्षणगत अन्तर्सम्बन्ध प्रकट गरिएको छ । उपन्यासमा चिठीपत्र, मिति खुलेका प्रमाण, आँधीखोला, पाल्पा, पोखरा, काठमाडौँ, सुर्खेत, बेतिया र पात्रको जीवनशैलीगत चित्रणमा प्रजाति र पर्यावरण तथा प्रजाति र क्षणगत अन्तःसम्बन्ध देखिन्छ ।

प्रस्तुत शोधप्रबन्धको छैटौँ परिच्छेद *सारांश तथा निष्कर्ष* रहेको छ । यसमा प्रस्तुत शोधप्रबन्धमा सङ्गठित रहेका परिच्छेदलाई क्रमशः राखिएको छ । मल्लका उपन्यासमा ग्रामीण तथा सहरिया स्थानका प्रकृतिप्रदत्त तथा सामाजिक र ऐतिहासिक यथार्थमा आधारित विषयवस्तुमा राणा, पञ्चायत तथा प्रजातन्त्र कालखण्डको समाजमा विद्यमान रहेका प्रजाति, पर्यावरण र क्षणको पर्याप्त प्रयोग पाइनुका साथै तिनका बिचमा अन्तःसम्बन्ध रहेको देखिन्छ । प्रस्तुत शोधकार्यको अध्यायगत विश्लेषणका सन्दर्भमा प्रयोग गरिएका सामाजिक, राजनीतिक तथा ऐतिहासिक क्षेत्रका सन्दर्भगत उदाहरणहरूका साथै औपन्यासिक विषयवस्तु त्यस समयको समाजबाट ग्रहण गर्नु तथा त्यसलाई बहन गर्न सक्ने वस्तुअनुरूपका प्रजातिगत पात्र, त्यससँग मिल्दो पर्यावरण र समयसान्दर्भिक क्षणको अङ्कनमा

उपन्यासकार मल्ल सचेत रहेको पाइन्छ । उनका सामाजिक, राजनीतिक तथा ऐतिहासिक यथार्थका विषयवस्तुमा आधारित समग्र उपन्यास राणा, पञ्चायत तथा प्रजातन्त्र कालखण्डको वैचारिक अभिलेख बन्न सफल रहेका छन् । यसर्थ प्रजाति, पर्यावरण र क्षणको सफल प्रयोगका साथै तिनका बिचको अन्तःसम्बन्धका दृष्टिले मल्लका उपन्यास महत्त्वपूर्ण रहेका छन् ।

## ६.२ प्राप्ति

मोहनबहादुर मल्लका उपन्यासमा आएको समाज र बाह्य समाजलाई प्रजाति, पर्यावरण र क्षणका साथै तिनका बिचको अन्तःसम्बन्धसँग जोडेर अध्ययन गरिएको छ । उनका उपन्यासमा आर्य तथा अनार्य प्रजातिअन्तर्गतका पात्र आएका छन् । यसमा मल्लका उपन्यासमा प्रयुक्त पात्रमा देखिएका प्रजातिगत वैशिष्ट्य र मानसिकता, प्राकृतिक र सामाजिक पर्यावरण, युगसन्दर्भ र युगचेतनाका साथै तिनका बिचको अन्तःसम्बन्ध प्रस्तुत गरिएको छ । शोध्य उपन्यासमा चित्रित समाज र त्यसबेलाको बाह्य समाजका बिच तादात्म्यता रहेको छ । मल्लका उपन्यासको प्रजाति, पर्यावरण र क्षणगत मान्यताअनुरूपका अवधारणात्मक ढाँचाका आधारमा भएको विश्लेषणबाट प्राप्त परिणामलाई शोधप्रश्नगत रूपमा तल प्रस्तुत गरिएको छ :

**(१) पहिलो शोधप्रश्नको समाधानगत प्राप्ति निम्नानुसार रहेको छ :**

(क) मल्लका उपन्यासमा राणा, पञ्चायत र प्रजातन्त्र कालखण्डको समाजका नेपाली र नेपालीइतर प्रजातिलाई चिनाउन कतै नाम र थर दुबै र कतै नाम वा थर मात्र उल्लेख गरिनु, मानवीय मूल्यमान्यता, व्यवहार, स्वभाव, अन्धविश्वास, रूढिवाद, लैङ्गिक तथा जातीय भेदभावजस्ता चित्रण उद्घाटन गरिएको छ ।

(ख) मल्लका उपन्यासमा सामन्तवादी पुरूषसत्ताले नारीलाई भोग्यवस्तुको रूपमा हेर्ने राणा, पञ्चायत र प्रजातन्त्र कालखण्डका हैकमवादी सोंचका कारण उजेली र उसकी नन्द, धनमति, विद्यामति र पद्मी, किरणकी आमा, गङ्गा र जमुना, ललिता र गीताप्रति गरिएको जातीय तथा लैङ्गिक विभेदमा कतिपयमा प्रतिरोधचेतना र कतिपय पात्रमा अत्याचारको समन गर्न नसकि आत्महत्याको प्रयास गर्नुमा प्रजातिगत वैशिष्ट्य र मानसिकता प्रकट गरिएको छ ।

(ग) मल्लका उपन्यासमा राणा, पञ्चायत र प्रजातन्त्र कालखण्डका मानिसमा विद्यमान रहेका चाकरी प्रथा, नातेदार पोष्ने प्रवृत्ति र भनसुनबाट लाभ लिने संस्कृति प्रकट भएका छन् । उनका उपन्यासमा व्यवस्थाभन्दा व्यक्तिकेन्द्रित प्रवृत्तिले देखिनुमा प्रजातिगत वैशिष्ट्य र मानसिकता उद्घाटन गरिएको छ ।

(घ ) मल्लका उपन्यासमा जागरूक पात्रहरू शैक्षिक संस्था स्थापना गरी सामाजिक चेतना अभिवृद्धिमा लाग्नु, नारीयातना सिर्जित गरी देहव्यापारमा लाग्न बाध्य बनाउनु, औषधीको अभाव सिर्जित हुनु, ऋणबाट तनाव उत्पन्न हुनु, मदिरा सेवनबाट समस्या उत्पन्न हुनु, नेपाली समाज शिक्षा, स्वास्थ्य र न्यायबाट बञ्चित हुनुजस्ता चित्रणमा प्रजातिगत वैशिष्ट्य र मानसिकता प्रकट गरिएको छ ।

(ङ) मल्लका उपन्यासमा प्रस्तुत भएका नेपाल र भारतका विविध स्थानका पात्रगत प्रयोगका साथै तिथिमितिसहितका घटनाबाट प्रजातिगत पहिचान खुल्नु र तिनको तादात्म्य रहनु तथा जातिप्रेम, देशप्रेम, परोपकार र सहानुभूतिका गुण देखिनुमा प्रजातिगत वैशिष्ट्य र मानसिकता व्यक्त गरिएको छ ।

(च) मल्लका उपन्यासमा राणा, पञ्चायत र प्रजातन्त्र कालखण्डको समाजमा परापूर्वदेखि बस्दै आएका आर्य तथा अनार्य प्रजातिमा विद्यमान धामीझाँक्री, अन्धविश्वास, रूढिवादी चिन्तन, हिन्दू, बौद्ध, मुस्लिम तथा क्रिस्चियन धर्म मान्ने प्रजातिका व्यवहार, मूल्यमान्यता, विश्वास, नैतिकता, रीतिरिवाज र भेषभूषागत पहिचानमा प्रजातिगत वैशिष्ट्य र मानसिकता प्रकट गरिएको छ ।

(छ) मल्लका उपन्यासमा राणा, पञ्चायत र प्रजातन्त्र कालखण्डको समाजमा विद्यमान सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक विभेद, र साहु, प्रधानपञ्च, जिम्मावाल, मुखिया, पण्डित, स्वामीजस्ता मानिसका व्यवहार, आचरण, भूमिका, दुराशयपूर्ण अन्याय तथा त्यसबाट सिर्जित अवस्थाका कारण तिरस्कृत जीवन बिताउन बाध्य नारी, विधवा र कुमारी आमाको अवस्थामा प्रजातिगत वैशिष्ट्य र मानसिकताका व्यक्त गरिएको छ ।

(ज) मल्लका उपन्यासमा प्रयुक्त प्रजातिमा बिरामी पर्दा जडिबुटीबाट उपचार गर्नु, शासकीय विकृतिको सामना गर्नु, सरकारी अड्डाका कर्मचारीको कार्यशैलीप्रति

असन्तुष्ट बन्नु, ढिँकीजाँतो गर्नु, घाँसदाउरा गर्नु, गाईवस्तु पाल्नु, भैँसी दुहुनु, अँगेनामा आगो ताप्नु, हुक्का तान्नु, बिरामी पर्दा धामीझाँक्री राख्नुजस्ता सन्दर्भमा प्रजातिगत वैशिष्ट्य र मानसिकता प्रस्तुत गरिएको छ।

(झ) मल्लका उपन्यासमा आएका प्रजातिमा नारीलाई नपढाउनु, विवाहमा जातभातको ख्याल गर्नु, विवाहमा नौमती बाजा बजाउनु, दियो बाल्नु, कलश भर्नु, सिलोक हाल्नु, जन्तीलाई टिकोटालो गर्नु, वरलाई दहीको सगुन खुवाएर वधुको घरतर्फ पठाउनु, ज्योतिषीसँग चिना हेराउनुजस्ता चित्रणमा प्रजातिगत विशेषता र मानसिकता प्रकट गरिएको छ।

(ञ) मल्लका उपन्यासमा आएका प्रजातिमा अन्तर्जातीय प्रेम हुनु, भेषभूषामा पुरूषले कमिज, पाइन्ट, लुङ्गी, कछाड लगाउनु तथा महिलाले गुन्यू, चोलो र पटुकाका साथै ढुङ्ग्री, बुलाकी, शिरफूल, कण्ठहार, सुनका बाला, कल्लीलगाउनुजस्ता सामाजिक भेषभूषामा प्रजातिगत वैशिष्ट्य र मानसिकता व्यक्त गरिएको छ।

(ट) मल्लका उपन्यासमा बागलुङ, पर्वत, म्याग्दी, कास्की, पाल्पा, भैरहवाका साथै काठमाडौँ, सिञ्जा र भारतका विविध स्थानमा रहेका वनजङ्गल, जडिबुटी, फूलबारी, समथर भूभाग, खोँच, पर्वत, चुचुरा, हिमाल, नदी, ताल, चन्द्रमा, सूर्योदय, डोला, वग्गी, स्टेसन, विद्यालयजस्ता प्रकृतिप्रदत्त तथा मानवनिर्मित पक्षको चित्रणमा प्रजातिगत वैशिष्ट्य र मानसिकता प्रकट गरिएको छ।

**(२) दोस्रो शोधप्रश्नको समाधानगत प्राप्ति निम्नानुसार रहेको छ :**

(क) मल्लका उपन्यासमा ग्रामीण र सहरिया क्षेत्रका तराई, पहाड र हिमाली भेगका मनमोहक चित्रणमा सुखानुभूति र अतिवृष्टि तथा अनावृष्टिका कारण गास, बास र कपासबिहिन हुनु र कतिपयले मृत्युवरण गर्न बाध्य हुनुमा दुःखानुभूति प्रकट हुनुका साथै सामाजिक उत्पीडन, विद्रोह, असमानताजस्ता चित्रणमा प्राकृतिक र सामाजिक पर्यावरण प्रकट गरिएको छ।

(ख) मल्लका उपन्यासमा राणा, पञ्चायत र प्रजातन्त्र कालखण्डको समाजमा विद्यमान रहेका धामीझाँक्री, अन्धविश्वास र रूढिवादी पुरातन चिन्तन तथा गास, बास र

कपासका लागि प्रदेसिएका मानिस चाडपर्वमा स्वदेश आउँदा सुखानुभूति प्रकट हुनुमा प्राकृतिक र सामाजिक पर्यावरण व्यक्त गरिएको छ ।

(ग) मल्लका उपन्यासमा राणा, पञ्चायत र प्रजातान्त्र कालखण्डका ग्रामीण र सहरिया समाजको शासनव्यवस्थाबाट सिर्जित जनमानसका उत्पीडन, भेदभाव र नारीलाई भोग्यवस्तुका रूपमा हेर्ने तथा शासनसत्ताको आडमा गलत व्यवहार दर्साएको चित्रणमा प्राकृतिक र सामाजिक पर्यावरण प्रकट गरिएको छ ।

(घ) मल्लका उपन्यासमा राणा, पञ्चायत र प्रजातान्त्र कालखण्डका भेदभावपूर्ण सामाजिक संस्कृति, छुवाछुत, जातीय भेदभाव, भातभान्छाको भेदभाव र ठूलो सानो जातीको भेदभावको चित्रणमा प्राकृतिक र सामाजिक पर्यावरण व्यक्त गरिएको छ ।

(ङ) मल्लका उपन्यासमा सामाजिक विभेद, स्थानगत विभेद, जातीय विभेद, हीनताबोध, पुस्तान्तरण, चाकरीप्रथा, पहाडी, हिमाली र तराई क्षेत्रमा देखिएका भेदभावजन्य चित्रणमा प्राकृतिक र सामाजिक पर्यावरण प्रकट गरिएको छ ।

(च) मल्लका उपन्यासमा राणा, पञ्चायत र प्रजातन्त्र कालखण्डसँग जोडिएका चाकरी प्रथा, नातेदार पोष्ने प्रवृत्ति, भनसुनबाट लाभ लिने संस्कृति, सामाजिक विकृति, व्यवस्थाभन्दा व्यक्तिकेन्द्रित प्रवृत्तिको चित्रणमा प्राकृतिक र सामाजिक पर्यावरण व्यक्त गरिएको छ ।

(छ) मल्लका उपन्यासमा जागरूक पात्रले शैक्षिक संस्थामार्फत सामाजिक चेतना अभिवृद्धि गर्नु, विधवा नारीका यातना प्रकट हुनु, औषधीको अभाव देखिनु, ऋणबाट तनाव उत्पन्न हुनु र मदिरा सेवनबाट समस्या उत्पन्न हुनुजस्ता चित्रणमा प्राकृतिक र सामाजिक पर्यावरण प्रकट गरिएको छ ।

(ज) मल्लका उपन्यासमा नेपालको पश्चिम भेगका साथै काठमाडौँ र भारतका विविध स्थान, विविध समाज, मितिसहितका घटना र प्राकृतिक जगत्का प्रतीकात्मक पक्ष, विषयवस्तु र घटनागत तादात्म्यताको चित्रणमा प्राकृतिक र सामाजिक पर्यावरण व्यक्त गरिएको छ ।

(झ) मल्लका उपन्यासमा सामाजिक, सांस्कृतिक, ऐतिहासिक, प्राकृतिक, मठमन्दिर, विद्यालय, हिमाल, रेडियो स्टेशनका परिदृश्य, शिक्षित मानिसप्रति तिरस्कार, आर्थिक अभाव, शिक्षाबाट वञ्चित, यौनजन्य क्रियाकलाप, ग्रामीण र सहरिया समाजको चित्रणमा प्राकृतिक र सामाजिक पर्यावरण प्रकट गरिएको छ ।

(ञ) मल्लका उपन्यासमा सामाजिक पक्ष, अड्डाका कर्मचारीको मनोभाव, अन्तर्जातीय प्रेम, सामाजिक मूल्यमान्यता, रीतिरिवाज, भेषभूषा, रहनसहन, ढिँकीजाँतो, घाँसदाउरा, गाईवस्तु, आगो, हुक्काजस्ता चित्रणमा प्राकृतिक र सामाजिक पर्यावरण व्यक्त गरिएको छ ।

(ट) मल्लका उपन्यासमा बिरामी पर्दा धामीझाँक्री राख्नु, विविध चाडपर्व मनाउनु, विवाहमा नौमती बाजा बजाउनु, जन्तीलाई टिकोटालो गर्नु, वरलाई दहीको सगुन खुवाएर वधुको घरतर्फ पठाउनु, ज्योतिषीसँग चिना हेराउनुजस्ता चित्रणमा प्राकृतिक र सामाजिक पर्यावरण प्रकट गरिएको छ ।

**(३) तेस्रो शोधप्रश्नको समाधानगत प्राप्ति निम्नानुसार रहेको छ :**

(क) मल्लका उपन्यासमा राणा, पञ्चायत र प्रजातन्त्र कालखण्डका सङ्कीर्ण सामाजिक परिपाटी, शासनव्यवस्थाका असमान पक्ष र अकर्मण्यतामा आमूल परिवर्तनको क्रान्तिचेतना बोध हुनुमा क्षणगत युगसन्दर्भ र युगचेतना प्रकट गरिएको छ ।

(ख) मल्लका उपन्यासमा युवावर्गले शिक्षाको उज्यालो छर्नु समाजका खराब पक्षको अन्त्यका लागि जागृत गर्नु, अत्याचारका विरूद्ध आवाज उठाउनु, समानतामूलक समाजको वकालत गर्नु, समाजकेन्द्रित भावना, न्यायीक गतिविधि, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति, मूल्यमान्यताजस्ता सामाजिक तथा ऐतिहासिक चित्रणमा युगसन्दर्भ र युगचेतना व्यक्त गरिएको छ ।

(ग) मल्लका उपन्यासमा प्रयुक्त न्यूजी, प्रभाकर, विद्या र विद्याका बाबुमा भौतिकवादी तथा लक्ष्मीधर र विद्याकी आमामा अध्यात्मवादी चिन्तन प्रकट भएका छन् । उपन्यासमा अध्यात्मवादी पुरातन चेतना र भौतिकवादी समाजपरिवर्तनका चेतनाको चित्रणमा युगसन्दर्भ र युगचेतना उद्घाटन गरिएको छ ।

(घ) मल्लका उपन्यासमा सामाजिक जनजीवनका व्यवहार तथा क्रियाकलापबाट पात्रका मनमा उत्पन्न भएका प्रेम, सहानुभूति, आवेग, संवेग, आत्महत्याका घटनामा क्षणगत युगसन्दर्भ र युगचेतना प्रकट भएका छन् । उनका उपन्यासमा स्वजातीप्रेम तथा स्वदेशप्रेम जागृत गराउने सामाजिक संस्कृतिको चित्रणमा युगसन्दर्भ र युगचेतना व्यक्त गरिएको छ ।

(ङ) मल्लका उपन्यासमा राणा, पञ्चायत र प्रजातन्त्र कालखण्डसँग जोडिएका चाकरी प्रथा, नातेदार पोष्ने प्रवृत्ति, भनसुनबाट लाभ लिने संस्कृति, व्यवस्थाभन्दा व्यक्तिकेन्द्रित प्रवृत्ति, सामाजिक तथा ऐतिहासिक विकृतिको चित्रणमा युगसन्दर्भ र युगचेतना उद्‌घाटन गरिएको छ ।

(च) मल्लका उपन्यासमा जागरूक पात्रहरू शैक्षिक संस्था स्थापना गरी सामाजिक चेतना अभिवृद्धिमा लाग्नु, विधवा नारीका यातना प्रकट हुनु, जीवननिर्वाहका लागि देहव्यापारमा लाग्नु, औषधीको अभाव देखिनु, ऋणबाट तनाव उत्पन्न हुनु, मदिरा सेवनबाट समस्या उत्पन्न हुनुजस्ता चित्रणमा युगसन्दर्भ र युगचेतना उद्‌बोध गरिएको छ ।

(छ) मल्लका उपन्यासमा राणा, पञ्चायत र प्रजातन्त्र कालखण्डका सामाजिक जनजीवनका मार्मिक चित्रण, मितिसहितका घटनाक्रम र विषयवस्तुमा तादात्म्यता रहेका सामाजिक तथा ऐतिहासिक यथार्थको चित्रणमा युगसन्दर्भ र युगचेतना प्रकट गरिएको छ ।

(ज) मल्लका उपन्यासमा राणा कालखण्डका घटनाक्रम, २००७ सालपछिका पञ्चायत तथा प्रजातन्त्र कालखण्डका घटनाक्रम, क्षणीक यौनजन्य भावना, ऐतिहासिक, सामाजिक, आर्थिक, धार्मिक, पौराणिक, राजनीतिक, भौगोलिक, प्राकृतिक, सांस्कृतिकजस्ता क्षेत्रका घटनाक्रममा क्षणगत युगसन्दर्भ र युगचेतना प्रकट गरिएको छ ।

(झ) मल्लका उपन्यासमा बागलुङ, पर्वत, कास्की, पाल्पा, भैरहवा, काठमाडौँ र सिञ्जाको प्राकृतिक तथा सामाजिक क्षेत्रका फूलबारी, समथर भूभाग, खोँच, पर्वत,

चुचुरा, हिमाल, नदी, चन्द्रमा, सूर्योदय, डोला, वग्गी, जडिबुटीजस्ता चित्रणमा युगसन्दर्भ र युगचेतना उद्‌घाटन गरिएको छ ।

(ञ) मल्लका उपन्यासमा मानिसहरू बिरामी पर्दा धामीझाँक्री राख्नु, नारीलाई नपढाउनु, विवाहमा जातभातको ख्याल गर्नु, विवाहमा नौमती बाजा बजाउनु, जन्तीलाई टिकोटालो गर्नु, वरलाई दहीको सगुन खुवाएर वधुको घरतर्फ पठाउनु, ज्योतिषीसँग चिना हेराउनुजस्ता चित्रणमा युगसन्दर्भ र युगचेतना व्यक्त गरिएको छ ।

(ट) मल्लका उपन्यासमा पुरूषले कमिज, पाइन्ट, लुङ्गी, कछाड लगाउनु तथा महिलाले गुन्यू, चोलो र पटुकाका साथै ढुङ्ग्री, बुलाकी, शिरफूल, कण्ठहार तथा हातमा सुनका सुनका बाला र कल्ली लगाउनुजस्ता चित्रणमा युगसन्दर्भ र युगचेतना प्रकट गरिएको छ ।

**(४) चौथो शोधप्रश्नको समाधानगत प्राप्ति निम्नानुसार रहेको छ :**

(क) मल्लका उपन्यासमा राणा, पञ्चायत र प्रजातन्त्र कालखण्डका मानिसले उजेलीलाई दिएको पीड, सुवर्णध्वजलाई दिएको दुःख, मायारानीको विवाह चौतरियासँग हुँदा उत्पन्न मनोदशा, सान्नानीलाई हरिहरले घरबाट निकाल्दाको पीडा, नयाँ साहुले निमुखा मानिसलाई दिएको दुःख, पद्‌मी र न्यूजीलाई लक्ष्मीधरले दिएको दुःख, ज्ञानीका आमाछोरीले प्रभाकरलाई दिएको पीडा, समाजका मानिसले जमुनालाई दिएको दुःख, बहादुरलाई दरबारले गरेको अन्याय, धनराजले दीनदासलाई गरेको अपमान, देवदासले गीतालाई गरेको तिरष्कार, राजकुमारको रती र लटीप्रतिको आत्मीयप्रेमजस्ता चित्रणमा प्रजाति, पर्यावरण र क्षणगत अन्तःसम्बन्ध उद्‌घाटन गरिएको छ ।

(ख) मल्लका उपन्यासमा सुवर्णध्वजको दुःखमा साहिँलो मुखियाको सद्‌भाव, ललित र मायारानीमा देखिएको मायाप्रेम-देशप्रेम, सान्नानीलाई घरबाट जेठाजुले निकाल्दा नयाँ साहुको तिरस्कार, प्रभाकर, न्यूजी, विद्याका बाबुको स्वजातीप्रेम-देशप्रेम, किरणको गङ्गा र जमुनाप्रतिको प्रेम-देशप्रेम, बहादुर शाहको देशप्रेम र नजरको स्वजातीप्रेम, दीनदासको गीताप्रतिको सद्‌भाव, राजकुमारको रती र लटीप्रतिको आत्मीय प्रेम, राउटे र कुसुण्डाको स्वजातीप्रेमजस्ता सन्दर्भमा प्रजाति, पर्यावरण र

क्षणगत अन्तःसम्बन्ध व्यक्त गरिएको छ ।

(ग) मल्लका उपन्यासमा राणा, पञ्चायत र प्रजातन्त्र कालखण्डका प्रजातिगत पात्र प्रभाकर, न्यूजी र विद्याका बाबुमा सामन्तवादी भेदभावअन्त्यको आकाङ्क्षा, किरणमा सामाजिक परिवर्तनको चिन्तन, बहादुर शाहमा नेपालएकीकरणको चिन्तन, धनराज, मानराज र देवदासमा धनमुखी चिन्तन, रिठ्ठे र लुठेका जीवननिर्वाहको चिन्तन, राजकुमारको वीरता, रती र लटीप्रतिको आत्मीय प्रेमको चिन्तन, राउटे र कुसुण्डाका सामाजिक जीवनशैलीगत चिन्तनजस्ता चित्रणमा प्रजाति, पर्यावरण र क्षणगत अन्तःसम्बन्ध उद्घाटन गरिएको छ ।

(घ) मल्लका उपन्यासमा प्रभाकर, न्यूजी, विद्या र बाबुमा समतामूलक समाजनिर्माणको चेतना, विद्याकी आमा, लक्ष्मीधर र ज्ञानीका आमाछोरीमा पुरातनवादी चेतना, किरणमा सामन्तवादी शासनव्यवस्थाअन्त्यको क्रान्तिचेतना, किरणकी आमा, गङ्गा र जमुनामा यथास्थितिवादी चेतना, राउटे र कुसुण्डाका यथास्थितिमा रमाउने चेतनाजस्ता चित्रणमा प्रजाति, पर्यावरण र क्षणगत अन्तःसम्बन्ध प्रकट गरिएको छ ।

(ङ) मल्लका उपन्यासमा राणा, पञ्चायत र प्रजातन्त्र कालखण्डका आर्य र अनार्य प्रजातिका चाकरी प्रथा, नातेदार पोष्ने प्रवृत्ति, भनसुनबाट लाभ लिने संस्कृति, व्यवस्थाभन्दा व्यक्तिमा केन्द्रित प्रवृत्तिजस्ता चित्रणमा प्रजाति, पर्यावरण र क्षणगत अन्तःसम्बन्ध उद्घाटन गरिएको छ ।

(च) मल्लका उपन्यासमा जागरूक पात्रहरू शैक्षिक संस्थामार्फत चेतना अभिवृद्धिमा लाग्नु, नारीयातनाको अन्त्य चाहनु, औषधीको अभाव, ऋणबाट उत्पन्न तनाव, मदिरा सेवनबाट उत्पन्न समस्याको अन्त्यजस्ता चित्रणमा प्रजाति, पर्यावरण र क्षणगत अन्तःसम्बन्ध व्यक्त गरिएको छ ।

(छ) मल्लका उपन्यासमा नेपाल र नेपालइतर स्थानका प्राकृतिक जगत्का प्रतीकात्मक पक्ष, तिथिमितिसहित घटना र विषयवस्तुको सामाजिक तादात्म्यताजस्ता चित्रणमा प्रजातिगत वैशिष्ट्य र मानसिकता, प्राकृतिक र सामाजिक पर्यावरण, क्षणगत युगसन्दर्भ र युगचेतनाका बिचमा अन्तःसम्बन्ध उद्घाटन गरिएको छ ।

(ज) मल्लका उपन्यासमा स्याङ्जा आँधीखोला आसपास, कास्की हात्तीसुँडे डाँडा आसपास, पाल्पा आसपास, काठमाडौँ आसपास, गण्डकी आसपास, सुर्खेतको जङ्गल आसपास र सिञ्जाको ग्रामीण र सहरिया समाजका आर्य र अनार्यमूलका प्रजाति, उक्त स्थानको पर्यावरण र राणा, पञ्चायत र प्रजातन्त्र कालखण्डको क्षणका बिचमा अन्तःसम्बन्ध प्रकट गरिएको छ ।

(झ) मल्लका उपन्यासमा फूलबारी, समथर भूभाग, खोँच, पर्वत, चुचुरा, हिमाल, नदी, चन्द्रमा, सूर्योदय, डोला, वग्गीजस्ता प्राकृतिक चित्रण, राणा र पञ्चायत र प्रजातन्त्र कालखण्डको शासनव्यवस्थाका विकृति, अड्डाका कर्मचारीको मनोभाव, अन्तर्जातीय प्रेम, सामाजिक मूल्यमान्यता, रीतिरिवाज र रहनसहन, ग्रामीण क्षेत्रका ढिँकीजाँतो, घाँसदाउरा, गाईवस्तुजस्ता चित्रणमा प्रजाति, पर्यावरण र क्षणगत अन्तःसम्बन्ध उद्घाटन गरिएको छ ।

(ञ) मल्लका उपन्यासमा बिरामी पर्दा धामीझाँक्री राख्नु, नारीलाई नपढाउनु, विवाहमा जातभातको ख्याल गर्नु, विविध चाडपर्व मनाउनु, विवाहमा नौमती बाजा बजाउनु, जन्तीलाई टिकोटालो गर्नु, वरलाई दहीको सगुन खुवाएर वधुको घरतर्फ पठाउनु, ज्योतिषीसँग चिना हेराउनुजस्ता चित्रणमा प्रजाति, पर्यावरण र क्षणगत अन्तःसम्बन्ध प्रकट गरिएको छ ।

(ट) मल्लका उपन्यासमा पुरूषले कमिज, पाइन्ट, लुङ्गी र कछाड लगाउनु तथा महिलाले गुन्यू, चोलो र पटुकाका साथै ढुङ्ग्री, बुलाकी, शिरफूल, कण्ठहार, बाला, कल्ली लगाउनुजस्ता भेषभूषागत चित्रणमा प्रजाति, पर्यावरण र क्षणगत अन्तःसम्बन्ध व्यक्त गरिएको छ ।

## ६.३ निष्कर्ष

मोहनबहादुर मल्लका सामाजिक तथा ऐतिहासिक यथार्थमा आधारित समग्र उपन्यासको प्रजाति, पर्यावरण र क्षण तथा तिनका बिचको अन्तःसम्बन्धका बारेमा गरिएको अध्ययनलाई एक ठाउँमा राखेर हेर्दा राणा, पञ्चायत तथा प्रजातन्त्र कालखण्डको नेपाली समाज वास्तविक स्वरूप समान्तवादी, लैङ्गिक तथा जातीय विभेदग्रस्त बनेको तथ्य प्राप्त भएको छ । उनका उपन्यासमा अन्धविश्वास, रूढिवाद, चाकरीवाद र अध्यात्मवाद तथा

भौतिकवाद, सामाजिक र राजनीतिक क्रान्तिचेतना प्रकट गरिएको छ । उपन्यासमा उक्त कालखण्डको नेपाली समाजमा रहेका सामन्तवादी भेदभावलाई संरक्षण गर्ने शासनव्यवस्थाको अन्त्य गरी जनमुखी शासनव्यवस्था स्थापनामा जुटेको देखाइएको छ । उनका उपन्यासमा उक्त कालखण्डका सामन्तवादी शासकीय क्रियाकलापप्रति नेपाली जनमानसमा प्रतिरोधात्मक सचेतना प्रखर बन्दै गएको देखिन्छ । प्रस्तुत अध्ययनबाट नेपाली जनमानस यथास्थितिमा रहन नचाहेर परिवर्तका लागि गति बढाएको पाइन्छ भने सामाजिक स्थितिमा परिवर्तन आवश्यक देख्ने लेखकीय चिन्तनसमेत उद्‌बोधन गरिएको पाइन्छ । यसर्थ मल्लका समग्र उपन्यास राणा, पञ्चायत तथा प्रजातन्त्र कालखण्डका सामाजिक तथा ऐतिहासिक क्षेत्रका जीवन्त अभिलेख बन्न पुगेका छन् ।

मल्लका सामाजिक तथा ऐतिहासिक यथार्थमा आधारित समग्र उपन्यासको विषयवस्तु राणा, पञ्चायत तथा प्रजातन्त्र कालखण्डको समाजबाट ग्रहण गर्नु तथा आर्य र अनार्य प्रजातिका पात्र, वस्तुअनुरूपको पर्यावरण र समयसान्दर्भिक क्षणको अङ्कनमा लेखक सचेत रहेको पाइन्छ । उनका सामाजिक तथा ऐतिहासिक यथार्थका विषयवस्तुमा आधारित उपन्यास राणा, पञ्चायत तथा प्रजातन्त्र कालखण्डको वैचारिक अभिलेख बन्न पुगेका छन् । उनका उपन्यासमा ग्रामीण तथा सहरिया प्रकृतिप्रदत्त चित्रण र सामाजिक तथा ऐतिहासिक यथार्थका विषयवस्तुमा प्रजाति, पर्यावरण र क्षणको पर्याप्त प्रयोग हुनुका साथै तिनका बिचमा अन्तःसम्बन्ध देखिन्छ । उपन्यासमा व्यक्त चाकरी प्रथा, नातेदार पोष्ने प्रवृत्ति, भनसुनबाट लाभ लिने संस्कृति र व्यवस्थाभन्दा व्यक्तिकेन्द्रित प्रवृत्तिले सामाजिक तथा ऐतिहासिक क्षेत्रका विसङ्गतिलाई प्रकट गरेका छन् । मल्लका उपन्यासमा व्यक्त भएका प्रस्तुत सन्दर्भमा प्रजाति, पर्यावरण र क्षण उद्‌बोध हुनुका साथै तिनका बिचमा अन्तःसम्बन्ध रहेको देखिन्छ ।

मल्लका उपन्यासमा समाजका अन्यायपूर्ण व्यवहार, आर्थिक विभेद र विभेदकारी विधानले प्रजातिमा पारेको प्रभावलाई प्रकट गरिएको छ । उपन्यासमा प्रयुक्त प्रजातिगत पात्रका बाह्य रूपाकृतिगत र आन्तरिक मनोभावगत वैशिष्ट्यमा स्थान र समयले प्रभाव पारेको छ । उनका उपन्यासमा प्रयुक्त पात्रमा सामाजिक अन्यायबाट उत्पन्न दुःख, राउटे र कुसुण्डाको मौलिक पहिचान, शैक्षिक अभाव, गतिशीलतामा अड्चन, सामाजिक जीवनशैलीमा स्थान र समयको प्रभाव परेको देखिन्छ । उपन्यासमा सामाजिक तथा

ऐतिहासिक मितिसहितका सन्दर्भ र घटनाक्रम आएका छन् । उनका उपन्यासमा राणा, पञ्चायत तथा प्रजातन्त्र कालखण्डबाट निर्मित पृष्ठभूमिले जनमानसमा सिर्जित परिवर्तनको युगचेतना प्रकट भएको छ । उपन्यासमा उक्त कालखण्डमा विद्यमान दासप्रथा, सतीप्रथा र नारीशोषणको प्रभावबाट निर्मित पृष्ठभूमिले प्रजातिमा परिवर्तनको चेतना जागृत गरेको प्रकट गरिएको छ ।

मल्लका उपन्यासमा जागरूक पात्रहरू शैक्षिक संस्था स्थापना गरी सामाजिक चेतना अभिवृद्धिमा लाग्नु, नारीयातना, देहव्यापार, औषधीको अभावग्रस्त अस्वस्थ, ऋणबाट उत्पन्न तनावग्रस्त अस्वस्थ र मदिरासेवनबाट उत्पन्न समस्याग्रस्त चित्रण राणा, पञ्चायत तथा प्रजातन्त्र कालखण्डसँग जोडिएर आएका छन् । उनका उपन्यासमा आएका पात्रगत प्रयोगबाट प्रजातिगत पहिचान, नेपाल र भारतका विविध स्थानगत तथा समाजगत चित्रणबाट पर्यावरणगत पहिचान तथा तिथिमितिसहित आएका घटनाबाट क्षणगत पहिचान खुलेका छन् । उपन्यासमा प्राकृतिक जगत्का प्रतीकात्मक पक्ष सफल रूपमा प्रकट भएका छन् । मल्लका उपन्यासमा आएका विषयवस्तु र घटनाक्रम तत्कालीन समाजसँग तादात्म्य रहनुका साथै समाजशास्त्रीय प्रयोग प्रभावकारी र सम्प्रेष्य छन् ।

मल्लका प्रकाशित आठओटै उपन्यास प्रजाति, पर्यावरण र क्षणका दृष्टिले सशक्त छन् । यी सैद्धान्तिक मान्यता घटित हुनेगरी उपयोग गर्नु उनको औपन्यासिक योगदान हो । उनका उपन्यासमा मानवजातिभित्रका विविध प्रजाति र तिनका परिवर्तनशील विशेषता प्रकट भएका छन् । उपन्यासमा प्रकृतिप्रदत्त र मानवनिर्मित पर्यावरणले प्रजातिगत पात्रमा प्रभाव पार्नुका साथै राणा, पञ्चायत र प्रजातन्त्र कालखण्डविशेष क्षणका रूपमा आएका छन् । मल्लका उपन्यासमा मानवजातिभित्र देखिने भिन्न समूह प्रजातिका रूपमा, तिनका अभिन्न अङ्ग पर्यावरणका रूपमा तथा तिनलाई प्रभाव पार्ने चलायमान एकाइ राणा, पञ्चायत र प्रजातन्त्र कालखण्डका तिथिमिति क्षणका रूपमा प्रकट भएका छन् । उनका उपन्यासमा प्रजाति, पर्यावरण र क्षणका साथै तिनका बिचको अन्तःसम्बन्ध घटित भएकाले त्यस कालखण्डविशेषेका अभिलेख बन्न पुगेका छन् । उनका उपन्यासमा पात्रका मानसिकतामा समतामूलक विचार जागरित गराएर प्रजातिगत वैशिष्ट्य र मानसिकताको सिर्जना गरिएको छ । उपन्यासमा प्रजातिगत पात्रमा देखिएका अस्वीकार्य क्रियाकलापलाई प्रभावमा पारेर परिष्कृत मानसिकता क्रियाशील गराई सामाजिक शिष्ट मूल्यमान्यतालाई जोगाइएको छ । यसले प्रजातिगत पात्रका विशेषता र मानसिकतामा गहिरो प्रभाव पारेको

छ । उपन्यासमा पात्रका इच्छा विपरीतका क्रियाकलापका विरुद्धमा नैतिक मर्यादालाई उत्साहित तुल्याइएको छ । उपन्यासमा प्रजातिगत पात्रका मानसिकता परिवर्तन गराउन पर्यावरणले भूमिका खेलेको छ । मल्लका उपन्यासमा सम्पत्ति, शक्ति र प्रतिष्ठाबाट सिर्जित असन्तुष्टिले प्रजातिगत पात्रमा परिवर्तन ल्याउन भूमिका खेलेको छ । उनका उपन्यासमा प्रजाति र पर्यावरणलाई क्षणले प्रभावित तुल्याएको छ । मल्लका उपन्यासमा राणा, पञ्चायत तथा प्रजातन्त्र कालखण्डविशेषको क्षणका प्रजातिगत पात्रका मानसिक मनोदशाको यथार्थ उद्घाटन गरिएको छ । उनका उपन्यासमा प्रजातिगत पात्रका व्यवहारमा देखिने स्वभाव र मनोवैज्ञानिक यथार्थलाई देखाउन र तिनमा परिवर्तन ल्याउन क्षणगत युगसन्दर्भ र युगचेतनाको उपयोग गरिएको छ । मल्लका उपन्यासमा लैङ्गिक, जातीय र वर्गीय विभेदमा केन्द्रित भएर प्रजातिगत पात्रमा देखिने असन्तुष्टिप्रति गरिएको प्रतिकारलाई उद्घाटन गरिएको छ । उनका उपन्यासमा शक्तिका कारण कोही सुखी र कोही हेपिएर बस्नुपरेको असन्तुष्टिमा सामाजिक तथा ऐतिहासिक यथार्थ प्रकट गरिएको छ । मल्लका उपन्यासमा उच्च वर्गका प्रजातिगत पात्र प्रतिष्ठित जीवन बिताइरहँदा निम्न वर्गका प्रजातिगत पात्र विभेदको शिकार बन्न पुगेको सामाजिक तथा ऐतिहासिक यथार्थ उद्घाटन गरिएको छ । उनका उपन्यासमा यिनै सन्दर्भमा प्रजाति र पर्यावरण तथा प्रजाति र क्षणगत अन्तःसम्बन्ध स्पष्ट रूपमा प्रकट गरिएको छ । मल्लका उपन्यासमा कौतूहलता र औपन्यासिक कलासौन्दर्य सिर्जना गर्न प्रजाति, पर्यावरण र क्षण तथा तिनका बिचको अन्तःसम्बन्धले प्रभावकारी भूमिका खेलेका छन् ।

निष्कर्षतः विश्लेष्य उपन्यासमध्ये सामाजिक यथार्थमा आधारित *उजेली छामा, पञ्चायत, समयको हुरी, भुमरी* र *जेली* गरी पाँचओटा उपन्यास प्रजाति र पर्यावरणका दृष्टिले बढी प्रभावकारी छन् भने ऐतिहासिक यथार्थमा आधारित *मायारानी, बहादुर नजर* र *रामछायाँ* गरी तीनओटा उपन्यास क्षणका दृष्टिले बढी प्रभावकारी छन् । प्रजाति, पर्यावरण र क्षणगत अन्तःसम्बन्धका दृष्टिले सामाजिक तथा ऐतिहासिक यथार्थमा आधारित शोध्य आठओटै उपन्यास प्रभावकारी छन् । यसर्थ प्रजाति, पर्यावरण र क्षणको सफल प्रयोगका साथै तिनका बिचमा देखिएको अन्तःसम्बन्धका दृष्टिले मल्लका समग्र उपन्यास महत्त्वपूर्ण छन् ।

# परिशिष्ट

## केही पारिभाषिक शब्द र शब्दावलीको नेपाली-अङ्ग्रेजी रूप

| | |
|---|---|
| अनुभूतिको संरचना | structure of feeling |
| क्षण | moment |
| पर्यावरण | milieu |
| प्रजाति | race |
| प्रभुत्त्व | hegemony |
| मीमांसा | critique |
| रूपवाद | formalism |
| विश्वदृष्टि | world view |
| विधेयवाद | positivism |
| संरचनावाद | structuralism |
| समग्रता | totality |
| समाजशास्त्र | sociology |
| समुदाय | community |
| साहित्यको समाजशास्त्र | sociology of literature |
| साहित्यिक रूप | literary forms |

## सन्दर्भ सामग्रीसूची


अधिकारी, गङ्गाधर, "ओझेलमा परेका स्रष्टा र उनको भुमरी उपन्यास", *कालञ्जर,* २/२-३, २०६२, पृ. ९३-९६ ।

अधिकारी, बाबुराम, *अलिमियाँका गीतको गीति तात्त्विक एवम् समाजशास्त्रीय अध्ययन,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय, २०७० ।

अधिकारी, शिवराज, *समयको हुरी उपन्यासको कृतिपरक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, २०६० ।

आचार्य, कमलनयन, *समयको हुरी उपन्यासको कृतिपरक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, धवलागिरि बहुमुखी क्याम्पस, नेपाली विभाग, त्रिभुवन विश्वविद्यालय, २०६६ ।

क्षत्री, उदय, *समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका आख्यानको अध्ययन,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय, २०६४ ।

खत्री, इन्द्रमान, "पढ्नैपर्ने, मनन गर्नैपर्ने जेलीको मर्म", *कालञ्जर,* २/२-३, २०६२, पृ. १०३-१०५ ।

गडतौला, नारायणप्रसाद, *समकालीन नेपाली कविताको समाजशास्त्र,* नेपाल प्रज्ञाप्रतिष्ठान, २०७४ ।

गिन्सवर्ग, मोरिस, *समाजशास्त्र,* अनु., अर्जुनदेव शर्मा, विश्वविद्यालय प्रकाशन, सन् १९६६ ।

गुप्ता, अरविन्द, *समाज पर्यावरण और अभियात्री की,* राजकमल प्रकाशन, सन् १९९९ ।

गुप्ता, विश्वम्भर, *साहित्य का समाजशास्त्र,* दोस्रो संस्क., सीता प्रकाशन, सन् १९८९ ।

गौतम, दीपकप्रसाद, *लीलबहादुर क्षेत्रीका उपन्यासको समाजशास्त्र,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, अनुसन्धान केन्द्र, नेपाल संस्कृत विश्वविद्यालय, २०७० ।

घताने, दामोदर, "समयको हुरी उपन्यासको अनुशीलनःबितेका पाँच दशकको पृष्ठभूमिमा", *कालञ्जर,* २/३, २०६२, पृ. २५-३६ ।

घर्ती, दुर्गाबहादुर, "साहित्यको समाजशास्त्रका प्रमुख मान्यता", *पर्सपेक्टिभ अन हाइयर एजुकेशन,* ६, २०६८, पृ. २३२-२४० ।

--- *केही दृष्टिकोण केही विश्लेषण,* ओरिएन्टल पब्लिकेसन हाउस प्रा.लि., २०७९ ।

घिमिरे, मुकुन्द, "साहित्यको समाजशास्त्र : सिद्धान्त र मान्यता", *कुञ्जिनी,* ९/६, २०५८, पृ. ८६-९१ ।

चापागाईं, नरेन्द्र, *केही कृति : केही प्रतिकृति,* साझा प्रकाशन, २०२८ ।

चौहान, ईश्वर, *हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा जाति, क्षण र पर्यावरण,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, २०७४ ।

जोनसन, हेरी.एम., *समाजशास्त्रः एक विधिवत विवेचन,* अनु. योगेश आतल, कल्याणी पब्लिसर्स, सन् २०११ ।

जोशी, रत्नध्वज, *आधुनिक नेपाली साहित्यको झलक,* साझा प्रकाशन, २०३९ ।

जोशी, सिद्धि, *अमृतलाल नागरके उपन्यासों मे सामाजिक चेतना,* क्लासिक पब्लिकेसन्स, सन् १९९८ ।

ज्ञवाली, विष्णु, "मोहनबहादुर मल्लको पञ्चायतलाई हेर्दा", *कालञ्जर,* २/२-३, २०६२, पृ. ९८-९९ ।

तिवारी, दयानन्द, *साहित्य का समाजशास्त्र,* प्रकाशन संस्थान, सन् २०१३ ।

त्रिपाठी, वासुदेव, *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग २,* पाँचौं संस्क., साझा प्रकाशन, २०६५ ।

दाहाल, खेम, *आधुनिक नेपाली उपन्यासको समाजशास्त्र,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय, २०५९ ।

--- "साहित्यको समाजशास्त्रः एक अवधारणा", *प्रज्ञा,* नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, ३४/९९, २०६०, पृ. १-२३ ।

दुलाल, गोविन्दप्रसाद, *दमिनी भीर उपन्यासको समाजशास्त्र,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, २०७२ ।

दोषी, शम्भुलाल, *समाजशास्त्र सिद्धान्त र विश्लेषण,* चौथो संस्क., रामप्रसाद एन्ड सन्स, सन् १९७० ।

नगेन्द्र, *साहित्यका समाजशास्त्र,* नेशनल पब्लिसिंग हाउस, सन् १९८२ ।

पराजुली, ठाकुरप्रसाद, "मोहनबहादुर मल्लका उपन्यासहरूको संक्षिप्त विवेचना", *बुकी,* २०२६, पृ. २२७-२४० ।

पाण्डे, खुमराज, *लीलबहादुर क्षत्रीका रचनामा यथार्थवादको स्वरूप,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, काशी हिन्दू विश्वविद्यालय, सन् २००६ ।

पाण्डेय, ताराकान्त, *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* साझा प्रकाशन, २०७३ ।

पाण्डेय, मधुसूदन, *भारतका जनजातिहरू,* पैरवी प्रकाशन, २०६२ ।

पाण्डेय, मैनेजर, *साहित्य के समाजशास्त्र की भूमिका,* तेस्रो संस्क., हरियाणा साहित्य अकादमी, सन् १९८९ ।

पौडेल, यदुनाथ, *मोहनबहादुर मल्ल र उनका प्रतिनिधि उपन्यासहरूको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, २०४८ ।

पौडेल, युवराज, *लैनसिंह बाङ्देलका उपन्यासमा प्रजाति, परिवेश र युग,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, २०७२ ।

पौड्याल, षडानन्द, "बहादुर नजरभित्र आलोडित हुँदा", *कालञ्जर,* १/१, २०६१, पृ.२३-२६ ।

--- "ऐतिहासिक आधारभूमिमा समाहित रामछायाँ उपन्यासलाई विहङ्गावलोकन गर्दा", *कालञ्जर.* ३/४, २०६३, पृ. १७-२६ ।

--- "मोहनबहादुर मल्लका उपन्यासमा सामाजिक यथार्थवाद", अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, अनुसन्धान केन्द्र, नेपाल संस्कृत विश्वविद्यालय, २०७१ ।

--- *मोहनबहादुर मल्लका उपन्यासमा सामाजिक यथार्थवाद,* दीअ प्रकाशन, रत्न श्रेष्ठ पुरस्कार गुठी, २०७२ ।

प्रधान, कृष्णचन्द्रसिंह, सम्पा. *साझा समालोचना,* साझा प्रकाशन, २०२५ ।

--- *नेपाली उपन्यास र उपन्यासकार,* दोस्रो संस्क., साझा प्रकाशन, २०४३ ।

--- "साहित्यको समाजशास्त्र, सामकालिक बोध र नेपाली उपन्यास", *नेपाली उपन्यास शतवार्षिकी* स्मारिका, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०६०, पृ. ३८-४९ ।

फ्रोलोभ, आइ.टी., *दर्शनकोश,* हिन्दी अनुवाद, प्रगति प्रकाशन, सन् १९८८ ।

बराल, ईश्वर, "नेपाली उपन्यास : मङ्गली र समयको हुरी", *नेपाली,* १४, २०१९, पृ. ३६-४२ ।

बराल, ऋषिराज, *उपन्यासको सौन्दर्यशास्त्र,* साझा प्रकाशन, २०५६ ।

--- *साहित्य र समाज,* साझा प्रकाशन, २०६४ ।

बराल, कृष्णहरि र नेत्र एटम, *उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* पहिलो र दोस्रो संस्क., साझा प्रकाशन, २०५६/२०५८ ।

भट्टराई, गोविन्दराज, *उत्तर आधुनिक विमर्श,* मोडर्न बुक्स, २०६४ ।

भट्टराई, घटराज, *प्रतिभै प्रतिभा र नेपाली साहित्य,* नेपाल रिसर्च एसोसियसन, २०४० ।

मल्ल, मोहनबहादुर, *उजेली छामा,* जोरगणेश छापाखाना, २००८ ।

--- *मायारानी,* जोरगणेश छापाखाना, २००९ ।

--- *पञ्चायत,* जोरगणेश छापाखाना, २०१० ।

--- *समयको हुरी,* साझा प्रकाशन, २०१५ ।

--- *भुमरी,* जोरगणेश छापाखाना, २०१६ ।

--- *बहादुर नजर,* नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०३६ ।

--- *जेली,* नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०३९ ।

--- *राम छायाँ,* मोहनबहादुर मल्ल साहित्य प्रतिष्ठान, २०६२ ।

माथुर, एस.एस., *शिक्षा मनोविज्ञान,* विनोद पुस्तक मन्दिर, सन् १९७३ ।

राई, इन्द्रबहादुर, *नेपाली उपन्यासका आधारहरू,* दोस्रो संस्क., साझा प्रकाशन, २०५० ।

राधाकृष्णन, सर्वेपल्लि, *भारतीय दर्शन,* राजपाल एन्ड सन्स, सन् २००९ ।

राव, विजयबहादुर, *उत्तरवैदिक समाज र संस्कृति,* भारतीय विद्या प्रकाशन, सन् १९६६ ।

रेग्मी, नारायणप्रसाद, "मोहनबहादुर मल्लको उजेली छामाः एक विश्लेषणात्मक अध्ययन", *कालञ्जर,* २/२-३, २०६२, पृ. ६६-७४ ।

लम्साल, बाबुराम, *प्रेतकल्प उपन्यासको समाजशास्त्र,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, २०६९ ।

लुइटेल, खगेन्द्रप्रसाद, *नेपाली उपन्यासको इतिहास,* नेपाल प्रज्ञाप्रतिष्ठान, २०६९ ।

वाग्ले, सावित्री, *ध्रुव सापकोटाका कथामा प्रजाति, पर्यावरण र क्षण,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, २०७६ ।

शर्मा, जनकलाल, *हाम्रो समाजः एक अध्ययन,* चौथो संस्क., साझा प्रकाशन, २०६७।

शर्मा, तारानाथ, *नेपाली साहित्यको ऐतिहासिक परिचय,* तेस्रो संस्क., साझा प्रकाशन, २०६३ ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* विद्यार्थी पुस्तक भण्डार, २०६७।

शर्मा, राधा, *रूपनारायण सिंहका कथा र उपन्यासको समाजशास्त्रीय अध्ययन,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, उत्तरबङ्ग विश्वविद्यालय, सन् १९९९ ।

शर्मा, हरिप्रसाद, *मोहनबहादुर मल्लको उजेली छामा उपन्यासको कृतिपरक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली विभाग, धवलागिरि बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय, २०६८ ।

शुक्ल, बीआरके र सुधा रस्तोगी, *मानव उद्विकास,* सुलभ प्रकाशन, सन् १९६३ ।

श्रेष्ठ, चन्द्रमान, *पारिजातका उपन्यासको समाजशास्त्र,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय, २०७१ ।

श्रेष्ठ, दयाराम, "केही प्रमुख नेपाली उपन्यासहरूको समाजशास्त्र", *नेपाली उपन्यास शतवार्षिकी स्मारिका,* नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०६०, पृ. ५०-५८ ।

सापकोटा, धनराज, "उपन्यासकार मोहनबहादुर मल्ल र उनको समयको हुरी उपन्यासः एक अध्ययन", *कालञ्जर,* २/२-३, २०६२, पृ. ४५-५२ ।

सिलवाल, आनन्दराज, "चिन्तन र चेतनाका दृष्टिमा समयको हुरी उपन्यास", *अनुसन्धानमूलक लेखसङ्ग्रह,* २०७४, पृ. ४४-५६ ।

--- "युगीन सन्दर्भका दृष्टिमा समयको हुरी उपन्यास", *प्रज्ञासारथि,* १७/१६, २०७४, पृ. २७-३५ ।

--- "शैलीशिल्पगत दृष्टिमा समयको हुरी उपन्यास", *शैक्षिक अनुशीलन,* ३, २०७४, पृ. २२-२८ ।

--- "समयको हुरी उपन्यासमा प्रयुक्त कार्यकारण अन्तःसम्बन्ध", *म्याग्दी गुरू अ इन्टरडिसिपिनरी जर्नल,* १/१, २०७५, पृ. ७४-७८ ।

सिलवाल, हरिप्रसाद, *मदनमणि दीक्षितका उपन्यासको समाजशास्त्र,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय, २०७४ ।

सिंह, कुँवरपाल, "मार्क्सवाद र साहित्य", *मार्क्सवादी साहित्य चिन्तन,* अनु., निनु चापागाई, साझा प्रकाशन, २०६७, पृ. १३१-१४५ ।

सिंह, बच्चन, *साहित्य का समाजशास्त्र,* लोकभारती प्रकाशन, सन् २००७ ।

सुवेदी, राजेन्द्र, *नेपाली उपन्यास : परम्परा र प्रवृत्ति,* दोस्रो संस्क., भूमिका प्रकाशन, २०६४ ।

--- "पहिरो कथामा प्रयुक्त क्षण, जाति र पर्यावरण", *प्राज्ञिक संसार,* १/४, २०६९, पृ. ४५-४७ ।

--- "एलेन स्विङ्उडका मान्यता र साहित्यको समाजशास्त्र", *प्राज्ञिक संसार,* १/६, २०६९, पृ. ९-१३ ।

स्विङगउड, एलेन, "साहित्य के समाजशास्त्रीय सिद्धान्त", अनु. निर्मला जैन, *साहित्य का समाजशास्त्रीय चिन्तन,* सम्पा. निर्मला जैन, दोस्रो संस्क., हिन्दी माध्यम कार्यान्वयन निर्देशनालय, सन् १९९२ ।

सांकृत्यायन, राहुल, *मानव समाज,* अनु. युवराज पन्थी, निरन्तर प्रकाशन, २०५७ ।

--- *ऋग्वैदिक आर्य : ऐतिहासिक और सांस्कृतिक अध्ययन,* इलाहाबाद किताब महल, सन् २००७ ।

Abrams, M.H., *A Glossary of Literary Terms*, Akash press, 2007.

Adams, Hazard, *Critical Theory Since Plato*, University of Washington, 1992.

Berkeley, George, *Treatise Concerning the Principles of Human Knowledge*, Jeremy Pepyat, 1710.

Boas, Franz, *The Mind of Primitive Man*, Macmillan Company, 1911.

Caudwell, Christopher, *Illusion and Reality*, Peoples Pub. House, 1956.

Darwin, Charles, *The Origin of Species*, Wordsworth Classics of Literature, 1998.

Guerard, Albert, *Literature And Society*, Lothrop Lee and Shepard, 1935.

Hume, David, *An Enquiry Concerning Human Understanding*, 2nd ed, A. Millar, 1758.

Laurenson, Diana and Swingewood. *The Sociology of Literature,* Granada Publishing Limited, 1972.

Montesquieu, *The Spirit of Laws*, Translated by Thomas Nugent, Barrillot et. Fils, Barrillot et Fils, 1748.

Paper, David, *Understanding Contemporary Society*, SAGE Publication India Ltd., 2000.

Rao, C.N., Shankar, *Sociology*, H. Chand and Company Ltd., 2010.

Rousseau, Jean-Jacques, *The Social Contract*, Translated by Maurice Cranston, Marc-MichelRey, 1762.

Spencer, Herbert, *The Study of Sociology*, Henry S.King and Co., 1873.

--- *Sociological Thought*, Macmilan India Ltd., 2000.

Taine, Hippolyte Adolphe, *History of English Literature*, Translated by H. Van Laun. Vol. 1., Holt & Williams, 1871.

Tylor, Edward B., *Primitive Culture* : *Researches into the Development of Mythology, Philosophy, Religion, Art and Custom, Vol. 1*, John Murray, 1871.

Zola, Emile, *The Experimental Novel and Other Essays*, Translated by Belle M. Sherman, Charpentier, 1880.